ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक

## रुरुक्षेत्र विशेषाङ्क



**किरण पुस्तकालय**

तम्घास, गुल्मी


हृषीकेशको मूर्ति (रुरुक्षेत्र)


हृषीकेश मन्दिर परिसर (रुरुक्षेत्र)


ऐतिहासिक बम्घाकोट


रानीले काटेको ढुङ्गा (बम्घा)


रुरुकन्याले मृगको दुग्धपान गरिरहेको मूर्ति


शृङ्गेश्वरधाम, शृङ्गा

# हाम्रो पुरुषार्थ

(त्रैमासिक) रुरुक्षेत्र विशेषाङ्क

❑ वर्ष : ५० ❑ अङ्क : ३ ❑ सम्पूर्णाङ्क : ९८ ❑ वैशाख-असार, २०८०



**सम्पादक**

शशि पन्थी

**सह-सम्पादक**

दीन पन्थी

**सहायक सम्पादक**

भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

ईश्वर वि.क.



## किरण पुस्तकालय

तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)

सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)

मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८

E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com

Website : www.kiranpustakalaya.com

मूल्य : रु.५००/-

*कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क.*

*मुद्रक : सुशिला प्रिण्टर्स, गुल्मी ०७९-५२०४५०*

*E-mail : spgulmi 33@gmail.com*


आवरण : काली गण्डकी र रिडीको संगमस्थल रुरुक्षेत्र

*काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७
**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ०१-४८२०२२१
**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६
**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६
**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१
**डा. कृष्ण भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

*पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

*रुपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८
**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११
**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४
**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

*चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

*दाङ प्रतिनिधि*

**प्रा.डा. अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

*पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

*विदेश प्रतिनिधि*

**महेश आचार्य**
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
**फोन नं. +१७०२-४२८-५५४०**

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**सम्पादकीय**

# रुरुक्षेत्रं ततः परम्

- एउटा पावन धाम हो- रुरुक्षेत्र । रुरुकन्याको इच्छाले यहाँ बस्छन् - भगवान् हृषीकेश सधैंभरि । पतितपावनी काली गण्डकीको धर्मक्षेत्र हो यो । भगवान् हृषीकेशलाई भेट्न हिमालबाट हतार-हतार झर्छिन् काली गङ्गा यहाँ । उनी कतै विशाल बगरहरूमा बग्छिन् कतै साँघुरा गल्छी र खोंचहरूमा बग्छिन् । बग्नु नै जीवन हो भन्ने संघर्षका कथाहरू सुसेल्दै बग्छिन् उनी ।

- जहाँ महर्षि, भृगु, और्व र देवदत्तका कठोर तपस्याका कथा छन् । जहाँ सुन्दरीका कटाक्षले पराजित तपस्वी र दूधमुखे बालिकालाई जंगलमै छोडेर हिड्ने ममताहीन माताका कथा छन् । जहाँ मान्छेका आस्था, प्रथा र संस्कृतिका आँखीझ्याल छन् । त्यो रुरुक्षेत्र हाम्रो धर्म, संस्कृति, कला, इतिहास र सभ्यताको केन्द्र पनि हो ।

- जहाँ सरित्प्रवरा गण्डकी छन् । जहाँ साक्षात् भगवान् हृषीकेश छन् । जहाँ गण्डकी र रिडी भेट हुन्छन् - आमाछोरी झैं । जहाँ गण्डकी र हृषीकेश भेट हुन्छन् - आमाछोरा झैं । जहाँ गण्डकीको आवाज सुनेर हृषीकेश गद्गद् हुन्छन् ममताले । जहाँ माघे सङ्क्रान्तिमा आफन्तहरू भेट हुन्छन् - मेलामा । जहाँ मधेश र पहाड भेट हुन्छन् - तीर्थमा । जहाँ हिमालको पाखी र मधेशको ढकियाको भेट हुन्छ । हो त्यो हाम्रो रुरुक्षेत्र हो ।

- यहाँका यी घाटहरू मान्छेका जीवनका आदि र अन्त नियालिरहेछन् । यी जलिरहेका चिताहरू जीवनको अनित्यताका कथाहरू भनिरहेछन् । नदीका यी छालहरू जीवनका गति र यतिका याद दिलाइरहेछन् । अलि पर बसेर भगवान् हृषीकेश जगत्को कल्याणखातिर तपोरत छन् । यता गण्डकी पलभर पनि नसकेर समय झैं तलतलै झरिरहिछन्, झरिरहिछन् ।

- मुक्तिक्षेत्र हुँदै बगेकी गण्डकी निर्बाध यहाँ बग्दै आऊन् । घाटहरू "सुन्दर बनून् । गण्डकी तटमा वर, पीपल र स्वामीका बोटहरू उभिएर शीतलता छरून् । यस महातीर्थमा देशदेशान्तरका असङ्ख्य तीर्थयात्रीहरू भरियून् । विश्वास, आस्था र इतिहासका भव्यताहरू विकास, निर्माण र नूतन शिल्पले सिंगारिऊन् ।

–०००–

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| **अन्तर्वार्ता** | | | |
| १. | नेपाल कहिले बन्ला भन्ने ... | आदित्यमान श्रेष्ठ | १ |
| २. | शिक्षकमा गुरुत्व भयो भने मात्रै ... | देवेश्वर सरस्वती | ३३१ |
| **लेख/निबन्ध/समीक्षा/टिप्पणी** | | | |
| १. | पौराणिक रुरुक्षेत्र र पाल्पाका... | प्रा.डा. वेणीमाधव ढकाल | १२ |
| २. | रुरुक्षेत्र : पाना नपल्टाइएका ... | नारायण ज्ञवाली | १८ |
| ३. | रिडी र काली गण्डकी नदी ... | युवराज पाण्डे | २९ |
| ४. | रुरुक्षेत्रका लोकसम्पदाहरू | सह-प्रा.डा. मोहनीलाल नेपाल | ३६ |
| ५. | रुरुक्षेत्र-परिचय | प्रा. नवराज पाण्डेय | ५२ |
| ६. | रिडीक्षेत्र र यसको महत्त्व | युवराज भुसाल | ७३ |
| ७. | विशिष्ट धाम रुरुक्षेत्रको संक्षिप्त... | वेदप्रसाद पन्थ | ८० |
| ८. | धार्मिक र व्यापारिक केन्द्र बनेको ... | तुलसीदास गौतम | ८७ |
| ९. | तीन जिल्लाको सङ्गम : रुरुक्षेत्रको... | ठाकुर शर्मा भण्डारी | ९१ |
| १०. | ग्रामीण जनजीवनमा रिडी : रुरुधाम | भट्टराई बन्धु | १११ |
| ११. | रुरुक्षेत्रको महिमा | उपप्रा. ज्ञाननिष्ठ ज्ञवाली | १२० |
| १२. | रुरुधामको बहुआयामिक महत्त्व र ... | शारदा भट्टराई | १२५ |
| १३. | रुरुक्षेत्र धाम (रिडी)को पौराणिक ... | साधक दुर्गादत्त पौडेल (तपोनिष्ठ) | १४८ |
| १४. | बम्घाकोट | घनश्याम भण्डारी | १५४ |
| १५. | रुरुक्षेत्रको सांस्कृतिक परिचय | मीनप्रसाद ज्ञवाली | १७३ |
| १६. | रुरुक्षेत्र र भगवान् हृषीकेशको महिमा | कृष्ण ज्ञवाली | १८० |
| १७. | रुरुक्षेत्रको धार्मिक महत्त्व | शंकरप्रसाद गौतम | २०० |
| १८. | नेपाली साहित्यमा रुरुक्षेत्रको ... | डा. हिरण्यलाल ज्ञवाली | २०५ |
| १९. | रिडीको संस्कृत पाठशालामा पं. | डा. रामराज पन्थी | २२० |
| २०. | दर्शनीय रुरुक्षेत्र | परशुराम भट्टराई | २२५ |
| २१. | नेपालकै गौरवगाथा गाउने रुरुक्षेत्र | प्रा.डा. ध्रुवप्रसाद भट्टराई | २३२ |
| २२. | रुरुक्षेत्र : पर्यटकीय महत्त्व | कमलराज श्रेष्ठ | २३५ |
| २३. | रुरुक्षेत्र, शालग्राम शिला र यसको... | राजु भुसाल | २३८ |
| २४. | च्यारिटेवल सोसाइटी नावालख ... | डा. भवेश्वर पंगेनी | २४२ |
| २५. | रुरुक्षेत्र माहात्म्य र विकासको गति | कृष्णबहादुर कुँवर | २५७ |

| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| २५. | गण्डकीका कविता एवं काव्यहरूका... | डा. लक्ष्मीकान्त पन्थी | २७६ |
| २६. | गण्डकी-गाथा | दीन पन्थी | ३११ |
| २७. | रुरुक्षेत्र (रिडीधाम) | तेजनिधि पौडेल | ३१९ |
| २८. | रुरुक्षेत्र गाउँपालिकाको परिचय | चन्द्रप्रकाश उपाध्याय | ३२१ |
| **गीत/कविता/गजल/मुक्तक** | | | |
| १. | घुमूँ तीर्थ घरी घरी | प्रह्लाद पोखेल | ५० |
| २. | हामी द्यौता खेज्न पाऊँ यतै बगरमा | गणेश ज्ञवाली | ५९ |
| ३. | काली गण्डकी | मुकुन्द शर्मा चालिसे | १३३ |
| ४. | रुरुक्षेत्र धाम | पन्थी रामप्रसाद | १७७ |
| ५. | रुरुक्षेत्रको गीत | नारद गौतम | १९९ |
| ६. | सम्झन्छु प्यारो थलो | भरतराज पौडेल | २१९ |
| ७. | रुरुका गन्तव्य ! | काशीनाथ मिश्रित | २२३ |
| ८. | म मेरै रुरुमा झरी | प्रा.डा. रामप्रसाद ज्ञवाली | २७४ |
| **संस्मरण** | | | |
| १. | रिडी पहिले र अहिले | चन्द्रकान्त आचार्य | ६१ |
| २. | मेरो जन्मभूमि रिडी : मीठा ... | भागीरथी श्रेष्ठ | ६७ |
| ३. | रिडीधामबाट आर्जन गरेको ज्ञान | हेमराज पाण्डे | १०१ |
| **स्थायी स्तम्भहरू** | | | |
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | शशि पन्थी | १ |
| ३. | अनुभव/अनुभूति | शशि पन्थी | ३३१ |
| ४. | पुस्तकालय परिचय | भैरवप्रसाद सापकोटा | ३४५ |
| ५. | किरण पुस्तकालयको पातो | सचिव | ३४८ |
| ६. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | ३४९ |
| ७. | यताउताबाट | पुस्तकालयसँगको जीवनयात्रा/ अर्पण साप्ताहिक | ३५६ |
| ८. | पाठक-प्रतिक्रिया | झवीन्द्र पन्थी/मुरारिविनोद पोखरेल | ३५७ |
| ९. | किरण पुस्तकालयका संरक्षक सदस्यको परिचय | | ३६१ |


ooo

# स्वास्थ्यसम्बन्धी सूचना !!!

इस्मा गाउँपालिकाभित्र बसोबास गर्ने नागरिकहरूको स्वास्थ्यलाई मध्यनजर राख्दै टोलटोलमा स्वास्थ्यकर्मी परिचालन गरी नियमित रूपमा ज्येष्ठ नागरिकको मधुमेह, प्रेसरसम्बन्धी स्वास्थ्य परीक्षण गर्नुको साथै आँखा, कान, दाँत, ग्याष्ट्रिक, झाडापखाला दुखाइजस्ता रोगहरूको औषधि निःशुल्क रूपमा वितरण गरिन्छ । स्वास्थ्यकर्मीद्वारा नागरिकको असल खानपान, आनीबानी र व्यवहार परिवर्तनसम्बन्धी निम्न परामर्श दिइन्छ ।

१. हरेक दिन थरीथरीका पौष्टिक खानेकुराहरू खाने ।
२. पर्याप्त मात्रामा हरियो सागपात एवम् फलफूलहरू खाने ।
३. स्वास्थ्यलाई हानी पुऱ्याउने खानपानसम्बन्धी अन्धविश्वासबाट सजग रहने ।
४. माछा, मासुजन्य खानाको कम प्रयोग गर्ने ।
५. नुनको प्रयोग कम मात्रामा गर्ने ।
६. नियमित रूपमा शारीरिक व्यायाम गर्ने ।
७. मदिराजन्य पेय पदार्थ प्रयोग नगर्ने ।
८. समय–समयमा आफ्नो स्वास्थ्य परीक्षण गराउने
९. सकभर जङ्कफूड (पत्रु खाना)को प्रयोग नगर्ने ।

# शिक्षासम्बन्धी सूचना !

१. 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान' ।
२. 'सानै छु बढ्न देऊ, बालविवाह होइन पढ्न देऊ ।'
३. 'बालमैत्री समाजको आधार : जिम्मेवार परिवार, उत्तरदायी सरकार ।'

# इस्मा गाउँपालिका

## गुल्मी


**फोन नं.: ९८५७०६७९१४**

E-mail : ismaruralmunicipality@gmail.com, info@ismamun.gov.np

Website : ismamun.gov.np

# नेपाल कहिले बन्ला भन्ने चिन्ताले सताउन लागेको छ ।

## (अतीत र वर्तमानका केही कुराहरू)



✍ **आदित्यमान श्रेष्ठ**

*(वरिष्ठ पत्रकार आदित्यमान श्रेष्ठसँग टेलिफोन संवाद गरी सम्पादक शशि पन्थीले लिखित रूपमा लिएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ । -सम्पादक)*

आदित्यमानज्यू, यहाँसँग गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा अवस्थित किरण पुस्तकालयको प्रकाशकत्वमा निस्कने राष्ट्रिय त्रैमासिक साहित्यिक पत्रिकाको सम्पूर्णाङ्क ९८ यहीं असारमा रुरुक्षेत्र विशेषाङ्कको रूपमा प्रकाशन गर्न थालिएको छ । यहाँ यसै रुरुक्षेत्रबाट उठेर राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रको चर्चित पत्रकार र विभिन्न कृतिहरूका लेखक पनि हुनुहुन्छ । पछिल्लो पुस्ताका पत्रकार र पाठकहरूका लागि यहाँका विचारहरू र अनुभव प्रेरणादायी हुनेछन् भन्ने हाम्रो विश्वास छ। कृपया हाम्रा प्रश्नहरूको उत्तर फर्को नमानीकन दिनुहुन अनुरोध छ।

**१. यहाँको पारिवारिक परिवेश, जन्मकाल र बाल्यकालका कुराहरू संक्षेपमा उल्लेख गरिदिनुहुन अनुरोध छ ।**

❑ म सन् १९३७ (विक्रम सम्बत् १९९४) मा जन्में । म जुन बेला जन्मिएँ त्यो शिक्षाको लागि सारै निराशात्मक बेला थियो । राणा शासन थियो । जनता निरक्षर नै रहून् भन्ने नीति थियो । त्यसैले स्कूल थिएन, खोल्न पनि दिंदैन थियो । कसैले स्कूल खोल्न कोशिस गऱ्यो भने उसलाई बागीको रूपमा हेरिन्थ्यो । उसमाथि प्रशासनको कडा निगरानी पर्दथ्यो । राणाहरूले गाउँ तहसम्म यस्तो निगरानी राख्ने व्यवस्था मिलाएर राखेका थिए । रिडी बजारमा यो काम एक जना कृष्णलाल जसलाई सबैले साहूको नाउँले जान्दथे ले गर्ने गरेका थिए । त्यसैकारण राणाकाल हुँदासम्म मेरो गाउँमा कुनै स्कूल खुलेन ।

२. **यहाँको जन्मस्थान रिडीबजार तात्कालिक अवस्थामा के-कस्तो थियो ? यसको अलि विस्तृत जानकारी दिनुहुन्छ कि ?**

❑ रिडी एउटा बजार भएको र त्यहाँ नेवार व्यापारीहरूको बस्ती भएकोले त्यहाँका बच्चाहरूलाई साक्षर बनाउनु आवश्यक पर्दथ्यो । म पनि त्यस्तै व्यापारी परिवारमा जन्मेको हुंनाले मैले पनि नेपालीमा पढ्न, लेख्न र हिसाब गर्न सिक्नु पर्ने जरूरी थियो । मेरो घरमा बहिखाता हुन्थ्यो र त्यसमा लेनदेन, उधारो दिएको, असुल उपर गरिएको आदि सारा विवरण राखिन्थ्यो । कमसेकम त्यति काम गर्न म सिपालु हुनुपर्छ भन्ने बाबु बाजेको धारणा रहेको थियो । त्यसै धारणाअनुसार मेरो पढाइ शुरू भएको थियो । मेरो पाठ आफ्नै घरको दलान र पेटीमा हुने गर्दथ्यो । टोल छिमेकका मेरा दौतरीहरूको पनि यही गति थियो । हामीहरू प्रत्येक बिहान आआफ्नो घरको पेटीमा बसी ठूलो स्वरले कराई पाठ घोक्ने गर्दथ्यौं । अ, आ, इ, ई क, ख, ग, घ देखि १,२,३,४ का पाठहरू सबैले सुन्ने गरी चिच्याउँदै पढ्ने गरेका थियौं ।

त्यसबेला कापी किताबको चलन थिएन । सबै बच्चाहरूले काठको एउटा पाटी पाउँथे । त्यसमा कोइलाको धुलोको लेप लगाइन्थ्यो र त्यसमाथि सेतो ढुंगा (आधुनिक चक जस्तो) ले लेखिन्थ्यो । पढ्ने लेख्ने सबै अभ्यास त्यसैमा गर्नुपर्दथ्यो । त्यसमा सिपालु भएपछि नेपाली कागजमा बाँसको कलमले कालो मसीमा चोब्दै लेख्नु पर्दथ्यो । पहिलो पाठ सिकाउनु अगाडि केटाकेटीहरूलाई सरस्वतीको मन्दिरमा लगिन्थ्यो र विद्या आओस् बुद्धि आओस् भनेर प्रार्थना गर्न लगाइन्थ्यो । अनि हरेक वर्ष सरस्वती पूजाको दिनमा चामल, पैसा र धूप राखेर सो मन्दिरमा गएर प्रार्थना गर्न लगाइन्थ्यो । मलाई एकिन सम्झना त छैन तर त्यस बखत मैले अवश्य पवित्र मनले इमान्दारीसाथ सरस्वतीको आराधना गरेको हुनुपर्दछ किनभने मैले जीवनमा धेरै कठिनाइ हुँदा पनि शिक्षाको धोको पूरा गर्न पाएँ ।

३. **यहाँको जन्मकालतिर नेपालमा शिक्षा दिने प्रचलन खासै थिएन । त्यस्तो समयमा पनि यहाँले के-कसरी कहाँबाट एम्.ए.सम्मको उपाधि लिनुभयो ?**

❑ दोस्रो विश्व युद्धमा अंग्रेजको विजय भयो तर यसको एउटा उपनिवेश देश भारतमा स्वतन्त्रताको आन्दोलन जोडतोडले चल्न थाल्यो । त्यस आन्दोलनमा भारतमा बसोबास गरेका नेपालीहरू पनि संलग्न भए । तिनमा नेपालका प्रजातान्त्रिक नेताहरू थिए । उनीहरूले नेपालमा पनि राणाहरूको विरोधमा आन्दोलन गर्नुपर्छ भनेर संगठन, प्रचार-प्रसार गरिरहेका थिए । त्यसको हावा गाउँघरतिर पनि आउन थालेको थियो । त्यस काममा गुल्मीमा प्रयागलाल श्रेष्ठ अग्रणी रहेका थिए । त्यस हावाको पहिलो प्रभाव शिक्षाको क्षेत्रमा पर्न लागेको थियो । सन् १९५० को राजनीतिक परिवर्तन

हुनु केही वर्ष अगाडिदेखि केटाकेटीहरूलाई पढाउनुपर्दछ त्यसको लागि स्कूल खोल्नुपर्दछ भन्ने गाइँगुइँ चल्न थालेको थियो ।

स्कूलको खोजी खासगरी अंग्रेजी पढाउनको लागि गरिएको रैछ । मेरो गाउँमा स्कूल खोल्न त सकेनन् तर अंग्रेजी पढाउने व्यवस्थासम्म मिलाएछन् । सो व्यवस्था रिडीमा आउने जोगीहरूबाट हुन सकेको रैछ । सो ठाउँ काली नदीको किनारमा अवस्थित भएको र यहाँ भएका मठ मन्दिरहरूको कारणले पवित्र तीर्थस्थल मानिने हुनाले यहाँ जोगी र ध्यानीहरू आउने गर्दथे । यस्ता धर्मात्माहरू मुख्यतः भारतबाट आउने हुनाले प्रायः उनीहरू पढेलेखेका हुने गर्दथे । उनीहरू त्यहाँ बस्दासम्म केटाकेटीहरूलाई दुईचार अक्षर पढाइदिनुपर्‍यो भनेर मनाउन लागेछन् । त्यसैको फलस्वरूप मैले अंग्रेजी सिक्न पाएँ ।

म आठ दस वर्ष हुँदासम्म यस्तै साधु जोगीहरूले संचालन गरेको कक्षामा पढेको थिएँ । एक जना साधुले दुईचार महिना पढाउन नपाउँदै त्यसको विरोधमा शिकायत हुने गर्दथ्यो । यसै बखत जुद्ध शम्सेर रिडी नजिक अर्गलीमा आए । त्यसताका शिक्षकलाई सिधा धम्काएर अथवा बजारियालाई दवाव दिएर त्यस ठाउँबाट भगाइन्थ्यो । त्यस्तै अर्को साधु नआउँदासम्म हाम्रो पढाइ बन्द हुन्थ्यो । यसरी आउने जाने क्रम वर्षौंसम्म चल्दै गयो । यस दौरानमा मलाई पढाइमा काफी रुचि बढेछ र मिहिनेत पनि गरेको देखिएछ । कतै स्कूलमा पढ्न जान पाए हुन्थ्यो भन्ने मेरो मनमा इच्छा जागेछ ।

मेरो बाबु बाजेलाई पनि यो केटाले पढ्नमा सारै मन लगाउँछ । यसलाई अलि धेरै पढाउन पाए हुँदो हो भन्ने मनमा लागेको रहेछ । छरछमेकीसित कुराकानी हुँदा नौतनवामा राम्रो स्कूल छ त्यहाँ पठाइदिए हुन्छ, टाढा पनि पर्दैन, खर्च पनि धेरै लाग्दैन भनेर भन्थे । त्यो सुनेर मेरो मनमा ठूलो उत्साह जाग्दथ्यो र त्यो ठाउँ कस्तो होला भनेर अनेक परिकल्पना आउँथ्यो । नौतनवा भनेको भारतको सबभन्दा नजीकको शहर रहेछ जुन नेपालको भैरहवा बजारको पारिपट्टि पर्दछ । मेरो बाबुले पठाउन त हुन्थ्यो तर खर्च भर्न गाहारो हुन्छ, खै एक दुई सालपछि हेरूँला भन्नुभएको सम्झना छ । तर त्यो दिन कहिल्यै आएन ।

रिडीमा तत्काल स्कूल खुल्ने कुनै सङ्केत नदेखेपछि म बाहिर पढ्न जान्छु भन्ने मेरो कचकच झन्झन् बढ्न थाल्यो । मेरा केही साथीहरू स्कूलमा भर्ना हुनको लागि बाहिर जान थाले । त्यसले मलाई झन् छटपटी बढ्न थाल्यो । यस कुराले गर्दा घरमा दिनदिनै जस्तो तनाव हुने गर्दथ्यो तर आर्थिक अभावको कारणले कुनै निकास निस्किरहेको थिएन । यसै गतिमा म १२ वर्ष पुगिसकेको थिएँ । तर कुनै उपाय देखिएको थिएन ।

यस्तो अवस्थामा तानसेनबाट मेरो कान्छा मामा दशरथमान सिंह आइपुग्नुभयो । उहाँ कविराज डाक्टर हुनुहुन्छ । रिडीमा कोही नराम्ररी बिरामी पर्दा उहाँलाई बोलाउने चलन थियो । उहाँ प्रायः आएकै दिन बिरामीको उपचार गरी फर्कने गर्नुहुन्थ्यो । तर यस पटक उहाँ अबेला आइपुग्नु भएकोले हामीकहाँ नै बस्नुभयो । मेरो आमा उहाँको दिदी पर्नुहुन्छ । आमाले मेरो बारेमा कुरा निकाल्नुभएछ । यसले पढ्न जान्छु भनेर निकै कराइराख्छ खर्च कम लाग्ने ठाउँ कहाँ होला भनी सल्लाह लिनुभएछ ।

मामाले अरू ठाउँमा किन पठाउनुपर्‍यो, तानसेनमा राम्रो स्कूल छ, घरमा बसेर पढे भैहाल्छ नि भनेर भन्नुभएछ । आमाले तिमीहरूले त्यति विचार गरिदिए यसको ठूलो उद्धार हुने थियो भनेर भन्नुभएछ । त्यसै सल्लाह अनुसार म तानसेन मावलीमा बस्न गएँ र पद्‌मोदय हाई स्कूल, पाल्पामा पाँच कक्षामा भर्ना हुन पुगें । त्यसै स्कूलमा सचिव हितसिंह श्रेष्ठ, इञ्जिनियर सत्यमान श्रेष्ठ, राजदूत जयप्रताप राणा र प्रो. नारायणप्रसाद श्रेष्ठ ९ कक्षाका विद्यार्थी थिए । हितसिंह माहिला मामाका जेठा छोरा हुन् । उनी तानसेनमा पढ्दासम्म उनैसित बसेको थिएँ । उनी मेरै उमेरका हुन् तर मभन्दा ठूलो कक्षामा पुगेका थिए । दुबैले पढाइमा मिहिनेत गरिरहेका थियौं - एक जना ठूलो कक्षामा भएकोले र अर्को ठूलो कक्षामा जाने हतारो भएकोले ।

मेरो कक्षामा म सबभन्दा ठूलो केटा भएको मैले पाएँ । सो कक्षामा प्रायः ९, १० वर्षका केटाहरू थिए जबकि म १२, १३ वर्षको भइसकेको थिएँ । त्यसमा पनि म सबै विषयमा अरूको तुलनामा कमजोर थिएँ । अरू सबै केही वर्षदेखि स्कूलमा पढिरहेका थिए भने मेरो कुनै स्कूलको पृष्ठभूमि थिएन । तर मेरो उमेरलाई ख्याल राखेर शिक्षकहरूले पाँच कक्षामा राम्रो नम्बर ल्यायो भने डबल प्रोमोसन दिने आश्वासन दिएका थिए । नभन्दै मैले वार्षिक परीक्षामा राम्रो नम्बर ल्याउन सफल भएँ किनभने मैले धेरै मिहिनत गरेको थिएँ । तर मैले डबल प्रोमोसन भने पाइन । कारण मभन्दा सानो उमेरको राजेन्द्र अधिकारीले मभन्दा धेरै अङ्क ल्याइदियो र उसलाई डबल प्रोमोसन दिने कुरा गर्दा पनि ऊ मानेन । उमेरको कारण मलाई जस्तो उसलाई ठूलो कक्षामा चढ्न हतारो थिएन । पहिलो हुने विद्यार्थीले डबल प्रोमोसन लिन नमानेपछि दोस्रो हुनेलाई सो दिनु तर्कसंगत देखिएन । त्यसैकारण मलाई अर्को वर्ष ६ क्लासमा बस्न कर लाग्यो । म निराश भएँ किनभने त्यसपछि स्कूलमा डबल प्रोमोसन दिने नियम थिएन ।

यसै बीच २००७ सालको क्रान्ति भयो । राणा शासन ढल्यो । देश स्वतन्त्र भयो । प्रजातन्त्रको उदय भयो । मानिसहरू खुलेर बोल्न थाले । नयाँ

विचार आउन थाले । नयाँ-नयाँ काम गर्न मानिसहरू उत्सुक भए, प्रोत्साहित भए । म पढिरहेको हाई स्कूलमा केही शिक्षकहरू असन्तुष्ट थिए । उनीहरू प्रगतिशील र वामपन्थी विचारधाराका थिए । स्कूलको व्यवस्थापनमा पुराना परंपरागत विचारधाराका मानिसहरूको वर्चस्व थियो । त्यस द्वन्द्वको कारण प्रगतिशील पक्षका शिक्षकहरू निस्केर नयाँ स्कूल खोले । त्यसमा मुख्यरूपमा जगतबहादुर जोशी र गुणाकर भट्टराई थिए । स्कूलको नाउँ जनता विद्यालय राखे । उनीहरूले हाई स्कूलका विद्यार्थीहरूलाई नयाँ स्कूलमा सर्न भने, कति सरे तर धेरै सरेनन् । मलाई विशेष गरेर सर्न आग्रह गरे । पुनः डबल प्रोमोसनको आकर्षण देखाए । त्यसबाट प्रेरित भएर म जनता विद्यालयमा भर्ना भएँ । त्यतिबेलासम्म कक्षा ६ को अर्धवार्षिक परीक्षा सिद्धिइसकेको थियो । नभन्दै सो कक्षाको वार्षिक परीक्षापछि मलाई आठ क्लासमा राखियो । ६ क्लासका मेरा सहपाठीहरू ७ क्लासमा बसे । ८ क्लासमा म एक्लो विद्यार्थी भएँ ।

दुई चार महिनापछि म एक्लैको लागि अर्को वर्ष कक्षा ९ चलाउन आर्थिक कारणले सम्भव हुँदैन । त्यसैले मलाई त्यसै साल मेट्रिकको परीक्षा दिने सल्लाह दिए । नेपालको एसएलसीको परीक्षा दिने सम्भव थिएन किनभने त्यसको लागि दश कक्षासम्म सुचारुरूपले पढ्नुपर्थ्यो सो मैले गरेको थिइन । प्राइभेट विद्यार्थीको हैसियतमा परीक्षा दिने अनुमति थिएन । त्यसैकारण मलाई भारतको यूपी बोर्डको हाई स्कूल परीक्षामा सामेल हुन भनियो । त्यसअनुसार कक्षा ८ को अर्धवार्षिक परीक्षा लगत्तै सो बोर्डको परीक्षाको तैयारीमा लाग्न थालें । सोही परीक्षामा सामेल हुन नीरकुमार क्षत्री पनि जनता विद्यालयमा भर्ना हुन आए । हामीले दैनिक करीब १६ देखि १८ घण्टा पढ्ने गर्‍यौं । हाम्रो जीवनको त्यो सबभन्दा ठूलो परिश्रम थियो ।

यसरी बीचैमा हाम फाल्दै हामीले दिनलागेको मेट्रिकको परीक्षा एउटा सार्वजनिक चासो र विवादको विषय बन्न गयो । कक्षा ६ बाट कक्षा ८ मा जाने र त्यहींबाट एकै फड्कोमा कक्षा १० को परीक्षा दिन पुग्ने देखेर म पास हुन सक्छु भन्ने कुरामा शंका थियो । खासगरी म जस्तो जेहेनदार विद्यार्थीको भविष्य बिगार्दिन लाग्यो भन्ने आलोचना भइरहेको सुनिन्थ्यो । हुन पनि म आफैलाई पूरा विश्वास भइरहेको थिएन । तर शिक्षकहरूले पूरा उत्साह बढाइरहेका थिए र त्यसै किसिमले विशेष ध्यान दिएर पढाइरहेका थिए । खासगरी जगतबहादुर जोशी र श्रीमती मालती भट्टराईले हाम्रो पढाइमा सहयोग दिनुभयो ।

हाम्रो परीक्षाफलमा जनता विद्यालय र त्यहाँका शिक्षकहरूको इज्जत जोडिन पुगेको थियो । त्यसैले गुणाकर भट्टराईले मलाई परीक्षामा सफल

भयो भने तानसेन पस्नू, होइन भने ऊ त्यो मस्याम डाँडाबाट रिडीतिर लाग्नू भनेर भन्नुभएको थियो । नीरकुमार र म बनारस गएर फाराम भऱ्यौं र त्यहीं परीक्षा दिन पनि गयौं । दुबै जना दोश्रो दर्जामा पास भयौं । त्यसैले तानसेन जान आउन कुनै हिच्किचाहट भएन । हामी पास भएको खबर पाएपछि गुणाकरले तानसेनको श्रीनगर डाँडाबाट टुंडीखेलसम्म सो समाचार सुनाउँदै हिंड्नु भएछ । हाम्रोलागि भन्दा उनको लागि यो खुसी र गौरवको कुरा हुन पुगेको थियो । हाम्रो सफलतापछि हाम्रो बाटोमा हिंड्ने त्यस क्षेत्रका विद्यार्थीहरूको ओइरो लाग्यो ।

मेट्रिक पास त गरियो, त्यसपछि के गर्ने भन्ने थाहा थिएन । मेरो बुबाले रिडीमा आधुनिक चिकित्साको ठूलो भविष्य देख्नुभएको रहेछ । त्यहाँ त्यतिबेला कुनै चिकित्सक नभएकोले कम्पाउन्डरी पढ्ने सल्लाह दिनुभयो । म पनि फलानो विषय पढ्छु भनी स्पष्ट नभएकोले उहाँको सल्लाहअनुसार सो कोर्स लिन बनारस गएँ । तर बनारसमा त्यसको पढाइ हुन छाडिसकेको रहेछ । त्यसको पढाइ काठमाडौंमा छ भनेर थाहा भयो र त्यहाँबाट काठमाडौंतिर लागें ।

वीर अस्पतालमा कम्पाउन्डरीको पढाइ हुँदो रहेछ । त्यहाँ भर्ना लिएँ र क्लासमा जान पनि थालें । तर दिनमा एउटा दुईवटा क्लास हुने र त्यो पनि प्रायः नहुने गर्दथ्यो । त्यसैले क्लासमा जान अल्छी लाग्ने, बस्न पनि अल्छी लाग्ने र पढाइ पनि अल्छीलाग्दो थियो । त्यसै बीचमा एकदुई महिना क्लासै बन्द भयो । अरू साथीहरू त्रिचन्द्र कलेजमा भर्ना भए र विज्ञान, कला आदिमा अध्ययन शुरू गरे । मलाई पनि सो कलेजमा भर्ना हुन उक्साए र कला विभागमा भर्ना भएँ । विज्ञान विभागमा भर्ना खोज्दा गणितको पढाइ पुग्दैन भनेर दिएनन् । एकवर्ष गणितको अध्ययन पूरा गरें अर्को वर्ष विज्ञान पढ्न दिने आश्वासन पाएकोले आई.ए.मा गणित विषय लिएँ । तर त्यो विषय सारै कठिन लाग्न थालेकोले छाडिदिएँ । कम्पाउन्डरको कोर्स छाडेर आईएको पढाइ गर्न थालेको समाचार सुनेर मेरो घरका मानिसहरू दुःखित भए तर पढाइ खर्च भने पठाउँदै गरे ।

सो पढाइ पूरा गर्न अरू अवरोध आइपऱ्यो । जुन दिन आईएको परीक्षा दिन गएँ त्यसै दिन राजा त्रिभुवनको स्विट्जरलैण्डमा स्वर्गारोहण भएको घोषणा गरियो र त्यसै दिन युवराज महेन्द्रको गद्दी आरोहण भयो । हाम्रो परीक्षा रोकियो । त्यस बेला नेपालमा विश्वविद्यालय थिएन । कलेज तहका सबै परीक्षाहरू पटना विश्वविद्यालयले लिने गर्दथ्यो । नेपालको राजा मरेको ठूलो घटनालाई दृष्टिगत गरी केही महिनापछि नेपालका विद्यार्थीहरूको लागि मात्र अलग्गै पूरक परीक्षा लिइयो । सो परीक्षा समाप्त हुँदासम्म नयाँ सेसन खुलिसकेको थियो र पढाइ पनि हुन थालिसकेको थियो । हाम्रो

परीक्षाफल आउने ठेगान थिएन । त्यसैले बीए पढ्न भर्ना हुने कुनै सम्भावना थिएन । त्यसकारण म घरतिर लागें र कामको खोजी गर्न थालें ।

त्यस बखत गाउँ गाउँमा स्कूलहरू खुल्दै गएका थिए तर योग्य शिक्षकको कमी हुने गर्दथ्यो । बाग्लुङको हाई स्कूलमा पनि यही गति भएको रहेछ । मेरा मामाहरूलाई सो कुरा थाहा रहेछ । त्यसै सम्पर्कबाट म बाग्लुङमा पढाउन गएँ । यो सन् १९५५ ताका हो । करीब ६ महिनापछि सो स्कूल दुई महिनाको लागि वार्षिक गर्मी बिदामा बन्द भयो । देवबहादुर थापा जो पछि ईंटा टायल कारखानाको जनरल मैनेजर भए मसँगै थिए । हामीलाई बिदाको तलब स्कूल खुलेपछि दिने भनेर भनियो जबकि नियमअनुसार पहिले नै दिनुपर्ने थियो । त्यस कुरालाई लिएर स्कूल व्यवस्थापकहरूसित झगडा नै भयो । सो झगडा भएपछि हामी दुबैले सो स्कूलमा नफर्कने निर्णय गऱ्यौं ।

बीए पढ्न उनी काठमाडौं र म बनारस जाने भयौं । रिडी भएर जानु थियो हामीलाई । मैले पुनः पढ्न जाने कुरा घरमा गरेको थिइन । गरेको भए पनि जान दिने सम्भावना थिएन । त्यसैले नभनीकन जाने हाम्रो योजना थियो । स्कूलको झगडाबारे शिकायत गर्न कपिलवस्तु शिक्षा कार्यालयमा जाने बहाना बनाएर रिडीबाट दुबै हिड्यौं । हामी योजना अनुसार गोरखपुरमा छुट्टियौं, देव काठमाडौंतिर लागे म बनारसतिर । त्यसबेला काठमाडौं जान मोटरको बाटो नभएकोले भारतको बाटो भएर जानुपर्दथ्यो ।

सन् १९५६ देखि १९५८ सम्म बनारस हिन्दु युनिभर्सिटीमा पढेर बीए पास गरें । त्यसबेला दाइ डाक्टर लोकेन्द्रमान सिंह बनारसमै काम गर्नुहुन्थ्यो । मलाई गाहारो पर्दा उहाँले धेरै मद्दत गर्नुभयो । बीए पास भएपछि एमए पढ्ने धोको थियो । तर अबदेखि घरबाट आर्थिक सहयोग हुन नसक्ने भएकोले अरू नै उपाय खोज्नु जरूरी थियो । त्यो बेलासम्म नेपालमा विश्वविद्यालय खुलेको थिएन । त्यसैले एमए पढ्नको लागि भारतमा नै जानुपर्दथ्यो । त्यसको एउटै उपाय थियो - कोलोम्बो प्लानअन्तर्गत छात्रवृत्ति । मलाई अर्थशास्त्रमा एमए गर्ने इच्छा थियो । त्यसको विज्ञापन पर्खेर काठमाडौंमा बसेको थिएँ । निस्क्यो राजनीतिशास्त्रको । त्यो पनि निवेदन दिने अन्तिम दिनको एक दिन अगाडि थाहा भयो । प्रोफेसर सुरेन्द्रबहादुर श्रेष्ठ अचानक असनमा भेट हुँदा सो कुरा थाहा लाग्यो । आवेदन दिन पाएँ, अन्तर्वार्तामा बोलाइयो र नाम निस्कँदा मेरो नाउँ सबभन्दा माथि राखिएको पाएँ । सो छात्रवृत्तिको व्यवस्था मिलाउने इन्डियन कोअपरेसन मिसनले मलाई र खगेन्द्रनाथ शर्मालाई मध्यप्रदेशको सागर

युनिभर्सिटीमा पठाइदियो । सो युनिभर्सिटीमा पढ्न जाने पहिला नेपाली हामी नै थियौं । त्यहाँबाट हामी दुबैले सन् १९६० मा एमए पास गर्‍यौं । आफूले खोजेको शिक्षा हासिल गर्न पाएकोमा गहिरो सन्तोष प्राप्त भयो ।

त्यसबेला काठमाडौंमा पढेलेखेका मानिसहरू कम थिए । शिक्षक पेशा, सरकारी नोकरी अथवा अरू कुनै ठाउँमा काम पाइन्थ्यो । मैले केही महिनासम्म पढाउने काम गरें । तर त्यसबाट सन्तोष लागेन । सात दिनसम्म कोठामा बसेर सोचें अब के गर्ने ? मलाई आफ्नो जिल्लावासीको सारै चिन्ता लाग्यो । म जस्तो पढेलेखेको मानिसबाट उनीहरूले धेरै आशा लिएका होलान् भन्ने कुराले गाउँ फर्कने कुरा मनमा खेल्न लाग्यो । त्यसपछि म साँच्चि गाउँ फर्कें । यो राजा महेन्द्रले गाउँ फर्क भन्ने अभियान शुरू गर्नु ३,४ वर्ष अगाडिको कुरा हो ।

हामी पाँच भाइहरूमा म जेठो हुं । त्यतिबेला भाइबहिनीहरूको पढाइको जिम्मेवारी मेरो काँधमा आइपर्‍यो । म सागर विश्वविद्यालयमा एमए पढिरहेकै बेला मेरो भाइ कलेजमा पढ्न काठमाडौं गइसकेको थियो र उसलाई मैले मेरो छात्रवृत्तिबाट केही रकम बचाएर पठाउनुपर्थ्यो । मलाई त्यसमा कुनै दुःख लागेन किनभने यसबाट मलाई जिम्मेवारी बोक्न सक्ने भएकोमा सन्तोष लिएको थिएँ । ऊ त्रिभुवन विश्वविद्यालयवाट एमएस्सी पास गरेर जर्मनीमा पढ्न गयो र त्यहाँबाट फर्केपछि सोही संस्थामा प्राध्यापक भयो ।

त्यो परिवारप्रतिको मेरो जिम्मेवारीको शुरूवात थियो । त्यसपछि करीब १०, १२ वर्षसम्म यो क्रम चलिरह्‍यो । म काठमाडौंमा सन् १९६३ देखि निरन्तर बस्न थालें । यसै दौरानमा दुई जना अरू भाइहरू र दुई जना बहिनीहरू पढ्नको लागि गाउँबाट आए । चौथो भाइले बीएस्सी पास गरेर आफ्नै गाउँको स्कूलमा शिक्षक हुन गयो र त्यहाँको हाई स्कूलको प्रधानाध्यापक भएर बस्यो । कान्छो भाइले आईएस्सी पास गरेर सरकारी छात्रवृति पायो र वन विज्ञान पढ्न देहरादून गयो । पछि फर्केर वन्यजन्तु विभागको डाइरेक्टर जनरलसम्म भयो । ठूली बहिनीले आईएडसम्म पढिन् र बुटवलमा वसन्त जोशीसित विवाह गरिन् । कान्छी बहिनीले आईएको पढाइ सिद्ध्याएर धरान गइन् । त्यहाँ बीए पढिन् र त्यहीं विवाह गरिन् ।

## ४. यहाँले पत्रकारिता कहिले शुरू गर्नुभयो ?

❑ सन् १९६३ (वि.सं. २०२०)मा गोरखापत्रमा मैले रिपोर्टरको काम पाएको थिएँ । मेरा श्रीमती शोभाले आईए पास गरेकी थिइन् र तिनले त्रिचन्द्र कलेजमा बीए पढ्न थालेकी थिइन् । मेरो आम्दानीले सबैको खर्च पुर्‍याउन

गाहारो थियो । एउटा छोरा पनि भइसकेको थियो । बच्चाको राम्रो लालन पालन होस् भनेर छोरा ९ महिनाको हुँदा उसको मावली तानसेनमा पठाइदियौं । त्यतिले पनि नपुगेर बुटवलमा काम गरिरहेको मेरो पुरानो साथीसित बराबर सापटी लिने गरेको थिएँ ।

**५. यहाँले पढेर आफ्नो गाउँ-ठाउँका लागि के-के गर्नुभयो ?**

❑ विक्रम सम्वत् ०१८ साल (सन् १९६१) भाद्र महीनामा रिडीमा ठूलो बाढी आयो । यहाँको बजार काली गण्डकी र रिडी खोलाको संगम स्थलमा अवस्थित थियो । सो बाढीले पूरै बजार ध्वस्त पारिदियो । एकदुई परिवार छाडेर कसैले पनि घर र व्यापारी सामान जोगाउन सकेनन् । त्यसमा मेरो घर पनि डुबानमा पऱ्यो । म त्यस बखत रिडीमै थिएँ ।

एमएको पढाइ सिद्धिसकेको थियो । काठमाडौंमा केही महिना कलेजमा पढाइसकेको पनि थिएँ । त्यसैबेला यो दुर्घटना हुन गयो । बजारका अरू मानिसहरूको जस्तै मेरो परिवारको बास हराएको थियो । बाढीपीडितहरूको खाने बस्ने व्यवस्था मिलाउनु पर्ने भयो । यसको लागि रिडी बाढीपीडित सहयोग समिति बन्यो । त्यसको अध्यक्ष गुल्मी जिल्लाका बडाहाकिम चन्द्रमान थकाली भए र मलाई सचिव बनाइयो ।

हुन त मैले आफ्नो परिवारको व्यवस्था मिलाउन लाग्नु पर्ने थियो तर गाउँको दुर्गतिले गर्दा त्यसको उद्धार कार्यमा लाग्नु पर्ने भयो । म नै सबभन्दा धेरै पढेलेखेको मानिस थिएँ, त्यसैले मबाट सहयोगको आशा गर्नु स्वाभाविक थियो । यस सिलसिलामा म, आनन्दप्रसाद श्रेष्ठ र गोकर्णराज शास्त्री तानसेन र पछि काठमाडौं गयौं । शास्त्रीजी नेपाली कांग्रेसका कार्यकर्ता र २००७ सालको क्रान्तिका सहभागी थिए । उनी राष्ट्रिय पञ्चायतको धेरै वर्षसम्म सदस्य रहे । हामीले काठमाडौंमा राजा महेन्द्रसित भेट गऱ्यौं र केही सरकारी सहयोग ल्याउन सफल भयौं । मैले यस विपत्तिमा आफ्नो परिवारको सहायता गर्न सकिन तर आफ्नो गाउँको सहयोग र सेवा गर्ने मौका पाएँ ।

बाढीले नोक्सान पार्नु अगाडि मैले रिडीको स्कूल चलाइदिने व्यवस्था भएको थियो । सो स्कूल मिडिल स्तरको भए पनि आफ्नो गाउँको सेवाको नाउँमा मैले मञ्जुर गरेको थिएँ । बाढीपीडितहरूको उद्धारकार्यको सिलसिलामा बडाहाकिम चन्द्रमान थकालीसित धेरै उठबस हुन गयो र उनले मलाई सो कार्य समाप्त भएपछि तम्घासको हाई स्कूल सम्हालिदिनुस् भनेर आग्रह गरे । अब म दुविधामा परें । रिडी बस्ने कि तम्घास जाने ? मिडिल स्कूलमा एमए पढेको शिक्षकको खाँचो हुँदैन, बरू हाई स्कूलमा धेरै

उपयोगी हुन्छ, त्यसमा पनि यो आफ्नै जिल्ला हो, गाउँको भन्दा जिल्लाको आवश्यकता ठूलो छ भन्ने विचार राखें । त्यो तर्कसंगत नै लाग्यो र म तम्घासको महेन्द्र हाई स्कूलको प्रधानाध्यापक हुन पुगें ।

करीब वर्ष दिन जिल्लाको सेवामा संलग्न भएँ । त्यसै बेला बुटवलमा नयाँ कलेज स्थापना गर्ने कुरा चलेछ । त्यहाँका मानिसहरूलाई म तम्घासमा काम गरिरहेको थाहा थियो । म स्कूल बिदामा बुटवल गएको थिएँ । उनीहरूले एमए पढेको मानिस स्कूलमा बसिराख्नु ठीक होइन, हामीले खोल्न लागेको कलेजको प्रिंन्सिपल भई सहयोग गरिदिनुपर्‍यो भनेर अनुरोध गरे । बुटवल लुम्बिनी अञ्चलको सदरमुकाम हो जसमा गुल्मी जिल्ला पनि पर्दछ, त्यसैले तपाईंमाथि हाम्रो झन् ठूलो हक लाग्दछ भन्न थाले । त्यो तर्क पनि चित्तबुझ्दो लाग्यो । मैले तम्घास स्कूलबाट राजीनामा दिएँ र बुटवल आएँ । त्यहाँ कलेज नखुल्दासम्म स्थानीय हाई स्कूलको प्रधानाध्यापकको जिम्मेदारी निभाउने जिम्मेदारी लिएँ । हुन त समझदारीअनुसार समयमा कलेज खुलेन र स्कूल नै चलाएर बसें ।

**६. बुटवलमा कति बस्नुभयो र काठमाडौं कहिले जानुभयो ? काठमाडौंमा बसेर के–के गर्नुभयो ?**

❑ बुटवलको बसाई लामो भएन । कलेज खुल्ने काम पनि भएन । वर्ष दिन पुग्दा नपुग्दै म काठमाडौंतिर लागें र गोरखापत्र संस्थानमा प्रवेश गरें । त्यस संस्थानमा करीब १९,२० वर्ष सेवा गरें । सबभन्दा पहिले सन् १९६३ मा गोरखापत्र दैनिकको रिपोर्टर भएँ । अर्को वर्ष दी पर्स्पेक्टिभ भन्ने अंग्रेजीको साप्ताहिक पत्रिका प्रकाशित भयो । म त्यसमा सहायक सम्पादकको रूपमा नियुक्त भएँ । अर्को वर्ष अंग्रेजी भाषामै द राइजिङ् नेपाल दैनिक निस्क्यो । म नयाँ पत्रिकामा सरूवा भएँ । त्यसै पत्रिकाको कार्यकारी सम्पादकको पदसम्म पुग्न सकें । म कहिले पनि सम्पादकको पदमा पुगिन । सन् १९८३ मा सो संस्थान छाड्नु अगाडि त्यसको व्यवस्थापनमा संलग्न हुनु पर्‍यो । डेपुटी जनरल मैनेजर र कार्यकारी जनरल मैनेजरको रूपमा २,३ वर्ष काम गर्ने मौका पाएँ । यस दौरानमा त्यस संस्थानको चौतर्फी विकासमा केही देन दिन सफल भएँ । तर यो सफलताले विवाद पनि ल्यायो । सो विवादको निर्क्योल भएपछि म सउदी अरब गएको हो ।

**७. साउदी अरबमा गएर के गर्नुभयो ?**

❑ सन् १९८३ मा गोरखापत्रबाट बाहिर निस्केपछि मेरो सेवाको क्षेत्र झन् झन् व्यापक हुँदै गयो । त्यसै वर्ष म सउदी अरबमा एक पत्रकारको रूपमा

काम गर्न गएँ । अरब न्यूज भन्ने अंग्रेजी दैनिक समाचारपत्रमा दुई वर्ष सेवा गरें । सो पत्रिका मध्यपूर्वका सबै देशहरूमा वितरित हुन्छ । त्यहाँबाट सन् १९८५ मा फर्केपछि मेरो सेवाक्षेत्र अरू फैलियो ।

सन् १९८६ मा नेपाल वातावरण फोरम गठन भयो । म माहासचिव बनें । सन् १९८८ मा बैंककमा म एएफ्ईजे (एसिएन् फोरम अफ् एन्भायोरन्मेन्टल जर्नलिष्ट) को अध्यक्ष निर्वाचित भएँ । यो एसिया माहाद्वीपव्यापी संस्था हो र यसको औपचारिक स्थापना पनि त्यसै वर्ष भएको थियो । यसको स्थापनामा बैंकक स्थित संयुक्त राष्ट्रिय संस्था एस्क्याप (इकोनोमिक एण्ड सोसल काउन्सिल फर एसिया एण्ड पैसिफिक) ले ठूलो भूमिका खेलेको थियो ।

## ८. एस्क्यापको मुख्य उद्देश्य के हो ?

❑ यसको मुख्य उद्देश्य यस माहाद्वीपका देशहरूमा वातावरणीय चेतना जगाउनु हो । यस कार्यमा विभिन्न मुलुकका पत्रकारहरूलाई उचित तालिम, भ्रमण, भेटघाट आदिको व्यवस्था मिलाई वातावरण विषयमा उनीहरूको ज्ञान, बुझाइ र व्याख्या गर्ने सीपको विकास गर्ने हो । मेरो अध्यक्षतामा यससम्बन्धी १६ वटा अन्तर्राष्ट्रिय कार्यक्रमहरू भए । ती गतिविधिहरू न्यू दिल्ली, बेजिङ्, जर्मनी, संयुक्त राज्य अमेरिका, मलेसिया, थाइलैंड, चीन र नेपालमा सम्पन्न भएका थिए । यस सम्बन्धमा मलाई प्रायः देशविदेशको भ्रमण गरिराख्नुपर्थ्यो । सन् १९८९ र १९९० का वर्षहरूमा मेरो धेरै समय नेपालमा भन्दा विदेशमै बित्यो ।

## ९. वर्तमान नेपाललाई कसरी हेरिरहनुभएको छ ?

❑ अहिले म ८८ वर्ष पुगेछु । जीवनभर पत्रकारको रूपमा नेपालबारे लेख्दै आएको छु । नेपालमा भएका उतार चढाव पनि हेर्दै आएको छु । त्यसमा पनि आफ्नो विचार दिंदै आएको छु । तर नेपाल कहिले बन्ला भन्ने चिन्ताले सताउन लागेको छ । मलाई मन नपरेका कति कामकुराहरू भएका छन् । तर आफ्नो सीमित शक्तिले त्यस्ता कामकुराहरू सुधार गर्न नसकेपछि निराश भएर बस्नु परेको छ । हुन सक्ने कुरा पनि नभएको देख्दा जीवन व्यर्थ लाग्न थालेको छ ।

ooo

**किरण पुस्तकालय, गुल्मीलाई जिल्लाका सबै प्रकाशनहरूको सङ्ग्रहस्थलका रूपमा विकास गरौं । त्यसका लागि तपाईंहरूका सबै प्रकाशनहरू दिई सहयोग गर्न नबिर्सनुहोस् ।**

# पौराणिक रुरुक्षेत्र र पाल्पाका मणि–मुकुट भगवान् हृषीकेश

✍ प्रा.डा. वेणीमाधव ढकाल
पूर्व अध्यक्ष, सेवा आयोग
नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डी, दाङ

## १. उपक्रम

नेपालको मध्यभूभागमा रहेको रुरुक्षेत्र भगवान् हृषीकेश र कालीगङ्गाको उपस्थिति, अनेक प्राचीन मठ–मन्दिरको अवस्थिति, वेदव्यासविरचित पुराणहरूमा गरिएको सश्रद्ध वर्णनजस्ता विशेषताका कारण विश्वमा नै प्रसिद्ध छ । तपस्वी देवदत्त, सुन्दरी प्रम्लोचा अप्सरा, तपस्विनी रुरुकन्या र उनकै नामबाट नामकरण गरिएको विशिष्ट धाम रुरुक्षेत्रका पौराणिक र सांस्कृतिक अलङ्कार हुन् । यस आलेखमा उक्त सबै विषयका साथै अतीतका गौरवमय सम्पदाको दृष्टिले पाल्पालीहरूको पहिलो परिचय बनेका, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक तथा ऐतिहासिक महिमा–मण्डित पाल्पाको काञ्चन–कलेवरमा मणि–मुकुटस्वरूप रहेका भगवान् हृषीकेशका बारेमा संक्षेपमा प्रकाश पारिनेछ ।

## २. देवदत्तको तपस्या र हृषीकेश आश्रमको सौन्दर्य

हिमालयको समीपवर्ती महारण्यको बीचमा भगवान् हृषीकेशको आश्रममा आश्रय लिएर तपस्या गर्ने महाभाग्यशाली, कर्मयोग, भक्तियोग र ज्ञानयोगमा निष्णात र वेदवेदाङ्गमा पारङ्गत भृगुवंशीमुनि देवदत्त कठोर तपस्या गरिरहेका थिए –

**हिमशैले महारण्ये हृषीकेशाश्रितो मुनिः ।**
**देवदत्त इति ख्यातस्तपस्यति महत्तपः ॥**

**आसीत् पुरा महाभागो देवदत्त इति द्विजः ।**
**भृगुवंशे समुत्पन्ने वेदवेदाङ्गपारगः ॥**

*(वराहपुराण १४६ अध्याय, श्लो. १३, १५)*

देवदत्तले तपस्या गर्ने पौराणिक समयमा हृषीकेश आश्रमको प्राकृतिक सौन्दर्य चित्रण गर्दै वराहपुराणमा भनिएको छ –

**तत्राश्रमपदं पुण्यं पुण्यद्रुमलतान्वितम् ।**
**शान्तैर्मृगगणैः कीर्णं कन्दमूलफलान्वितम् ॥**

*(वराहपुराण १४६ अध्याय, श्लो. १६)*

अर्थात् हृषीकेश भगवान्को आश्रम परिसरमा बेल, रुद्राक्ष आदि पुण्यवृक्ष र लताहरूले सुहाएको यो हृषीकेश आश्रम शान्त स्वभावका मृगहरूले चारैतिरबाट घेरिएको थियो । यो आश्रम कन्दमूल र फलका कारण रमणीय थियो । स्वर्गका अधिपति इन्द्रमहाराज कृष्णा गण्डकीको तट पवित्र हृषीकेश आश्रममा तप गरिरहेका देवदत्तको तपस्याबाट डराइरहेका थिए । उनले देवदत्तको तपस्या भङ्ग गर्न कामदेवलाई आज्ञा दिए ।

कामदेव हृषीकेश आश्रमको परिसरमा जाँदा त्यो परिसर अत्यन्त रमणीय देखिन्थ्यो । मुनि देवदत्तको तपस्या भङ्ग गर्न आएका कामदेवले वासन्तिक वातावरण हृदयंगम गरे । मुनिको हृदयलाई काम सन्तप्त तुल्याउन प्रम्लोचा अप्सरा त्यसैबेला त्यहाँ टुप्लुक्क आइपुगिन् । प्रम्लोचा आउँदा हृषीकेश आश्रम परिसरको भूभाग रमणीय र रोमाञ्चक प्रकृति सौन्दर्यले आप्लावित थियो । त्यस सम्मोदमय अवसरमा प्रम्लोचा अप्सराले आएर प्रकृतिप्रेमीहरूका मानसलाई प्रसन्न तुल्याएकी थिइन् । त्यस अवसरको निसर्ग सौन्दर्यको चित्रण गर्दै भनिएको छ –

**समीपोपवने रम्ये नानाद्रुमलताकुले ।**
**मधुरालापबहुले कोकिलानां कुलाकुले ॥**

**रसालमञ्जरीव्याप्तरसामोदालिसङ्कुले ।**
**गुञ्जन्मत्तालिसन्नादस्त्रुतिश्रुतिधरान्विते ॥**

**गन्धर्वगीतसम्मिश्रे मलयानिलशीलते ।**
**सम्फुल्लपङ्कजवने सुनिर्मलजलाशये ॥**

**मुनिप्रभावसन्त्यक्तक्रौर्यस्थलजलाशये ।**
**मधुरामोदमधुरे चित्तक्षोभविधायिनि ।**

**प्रविश्य सा वरारोहा गीतं सुमधुरं जगौ ॥**
***(वाराहपुराण, १४६ अध्याय, श्लो. १८–२२)***

अर्थात् अनेकौं वृक्षलताले भरिभराउ हृषीकेश आश्रम परिसरको रमणीय उद्यान कोइलीहरूको झुण्डले भरिएको र उनीहरूको श्रुतिमधुर पञ्चमनादद्वारा निनादित थियो । आम्रमञ्जरीहरूलाई छ्याप्छ्याप्ती ढाकेर रसपान गर्दा आनन्द मानिरहेका मत्तभँवराहरूको गुञ्जनलाई आनन्द मानेर सुनिरहने प्रकृतिप्रेमीहरूले भरिएको त्यस उद्यानमा गन्धर्वहरूको संगीतको धुन व्याप्त थियो । त्यहाँ मलयपवन झैं शीतल मन्दपवनको सञ्चार थियो । निरतिशय निर्मल जलाशयहरूमा कमल पुष्पका कलिकाहरू आह्लादक शोभा फैलाउँदै पुष्पित थिए । देवदत्त मुनिको तपस्या जनित सत्त्वगुणको प्रभाव चारैतिर फैलिनाले त्यहाँका जल–स्थलमा रहने

हिंस्रक स्वभावका पशुपंक्षीहरूले आफ्नो जातीय स्वभाव परित्याग गरेका थिए । मनमा मीठो गुद्‌गुदी पैदा गर्ने र वसन्तजन्य पुष्पसाम्राज्यको मधुर सुगन्धद्वारा सुगन्धित हृषीकेश आश्रमको उपवनमा एक्कासि प्रवेश गरेकी सुन्दरी प्रम्लोचाले सुमधुर गीत गाएकी थिइन् ।

## ३. प्रम्लोचाको आगमन र देवदत्तको तपस्या भङ्ग

संगीतमय मीठो गीत सुनेर देवदत्तले ध्यानमा चिम्लिएका आफ्ना आँखा खोले । चित्त चञ्चल भयो, उपवनमा आई कन्दूकक्रीडा गरिरहेकी सुन्दरी अप्सराको हाव–भाव र कटाक्षका कारण देवदत्तले झनै कामवेदना अनुभव गरे । दुबैमा मीठो संवाद भयो र पूर्वाङ्ग क्रीडा पनि । रमण र अनुपम सुखभोगको सिलसिला जारी रह्यो । अगणित दिन एवं मास बिते र प्रम्लोचामा देवदत्तले कति बेला गर्भाधान गरे, पत्तै भएन । अकस्मात् देवदत्तको मनमा विवेक जागृत हुँदा झल्याँस्स भए । मनमनै भने के हो मेरो तपस्याको लक्ष्य ?, कहाँ म डुबेँ, अनि मनमनै गुनगुनाए –

**अहो भगवती माया यथाऽहं भृशमोहितः ।**
**जानन्नपि तपोभ्रंशं प्राप्तो देवबलात्कृतः ॥** *(पूर्ववत् श्लो. ३७)*

अर्थात् अहो ! भगवती महामायाको महिमा अपरम्पार छ । उहाँद्वारा नै म गहिरो सम्मोहमा परेँ । शास्त्र र अनुभवबाट माया–मोहमा पर्न हुँदैन भन्ने तथ्य जान्दाजान्दै पनि दैवको अगाडि मेरो केही लागेन, आज मेरो तपस्या भङ्ग भयो । म आफै इन्द्रियको दास बन्दा यो घटना घटेको हो । यसमा प्रम्लोचा अप्सराको कुनै दोष छैन । म अब कठोर तपस्या गर्न जान्छु । भृगु ऋषिको आश्रम नजिकै एकान्त ठाउँमा गई मैले शरीर सुकाउँछु । यसरी अठोट गरी काली गण्डकीको पूर्वतर्फ रहेको भृगुतुङ्गमा जानका लागि हृषीकेश आश्रमबाट प्रस्थान गरे ।

## ४. रुरुकन्याको तपस्या र भगवान् हृषीकेशको दर्शन

उता देवदत्तबाट गर्भ धारण गरेकी प्रम्लोचा हृषीकेश आश्रम परिसरमा एउटी कन्या पैदा गरी स्वर्गतर्फ लागिन् । प्रम्लोचाबाट पैदा भएकी कन्याको पालनपोषण रुरुजातिका मृगहरूले गरे । रुरुहरूद्वारा पोषित हुनाले ती कन्या रुरुकन्याको नामले विख्यात भई देवदत्तकै आश्रममा रहिन् । भनिएको छ –

**साऽपिकन्या मृगैस्तत्र रुरुभिवर्धिता सती ।**
**रुरुरित्येव विख्याता पितुरेवाश्रमे स्थिता ।**

**युवभिःप्रार्थ्यमानापि चित्ते कञ्चन नाध्यगात् ।**
*(वराहपुराण अध्याय १४६, श्लो. ५५)*

रुरुहरूद्वारा पालन-पोषण गरिएकी रुरुकन्या बढ्दै गइन् र एउटी आकर्षक सुन्दरीका रूपमा देखा परिन् । अनेक युवाहरूले आफ्नी प्रेयसी बनाउन प्रार्थना गरे तर उनी कसैलाई पनि मनमा ठाउँ नदिएर भगवान्को भक्ति गर्दै तपस्यामा लीन भइन् ।

रुरुकन्याले जगत्का स्वामी भगवान् रमापति विष्णुलाई चिन्तन गर्दै पहिलो महिनादेखि सातौँ महिनासम्म फलाहार गरिन् र आठौँ महिनामा सुकेका पात खाएर तपस्या गरिन् । यसरी सय वर्षसम्म ध्यानस्थ भई तपस्या गर्दा उनी समाधिमा पुगिन् र स्थाणु भैँ अर्थात् ठुटोभैँ निश्चल भइन् । उनी प्राकृतिक द्वन्द्वबाट मुक्त भइन् । सर्वत्र परमात्माको दर्शन गरिरहेकी महातपस्विनी रुरुकन्या तपस्याको अत्यधिक तेजका कारण तेजपुञ्जकै रूपमा प्रकाशमान भइन् । उनको तेजले संसार ढाकियो । त्यसबेला इन्द्रिय समूहलाई नियमन गरी ध्यानमग्न भएकी रुरुकन्याका सामु भगवान् विष्णु अर्थात् हृषीकेश प्रत्यक्ष हुनुभयो । इन्द्रिय दमन गरिएको हुँदा रुरुकन्याले आफ्नै आँखाले भगवान्लाई नजर गर्न सकिनन् । भगवान्ले उनको हृदयबाट बाहिर आई उनकै इन्द्रियहरूमा प्रवेश गरेर आँखा खोलिदिनुभयो र उनले आफ्नै आँखाबाट भगवान्को दिव्यरूपदर्शन गरिन् । भगवान् पनि हृषीक अर्थात् इन्द्रियहरूका स्वामीका रूपमा हृषीकेश नाम लिएर त्यहाँ प्रत्यक्ष रूपमा विराजमान हुनुभयो । जब रुरुकन्याले आफ्नो हृदयमा दर्शन पाइनन् र आँखा खोलिन् त्यसबेला उनले भगवान्को पूर्ण रूपमा दर्शन पाइन् । अनि गद्गद भएर आँखाभरि हर्षका आँसुका साथ भगवान्लाई प्रणाम गरिन् । भनिएको छ -

**सन्निरुद्धेन्द्रियग्रामा नाचक्षत बहिःस्थितम् ।**
**तदा हृषीकमाविश्य संहृत्य स्वं गतो बहिः ॥**

**स्थितोऽहं वसुधे विष्णुः क्षणे प्रत्यक्षतां गतः ।**
**हृषीकेश इति ख्यातो नाम्ना तत्रैव संस्थितः ॥**

**सा मां यदा च नापश्यदुन्मील्य नयने तदा ।**
**बहिःस्थितं च मां दृष्ट्वा प्रणामाय कृताञ्जलिः ॥**

**गद्गदस्वरसंयुक्ता साश्रुक्लिन्नविलोचना ॥**
***(गण्डकीमाहात्म्य अध्याय ३, श्लो. ८०-८३)***

त्यस अवसरमा भगवान्ले भन्नुभयो - हे बाला ! म तिम्रो तपस्याबाट प्रसन्न भएको छु । तिमीले वर माग । भगवान्का वचन सुनेर रुरुकन्याले भनिन् -

**ददासि चेद् वरं मह्यं देवदेव जगत्पते ।**
**अनेनैव स्वरूपेण भगवन् स्थातुमर्हसि ॥**
***(वराहपुराण पूर्ववत् श्लो. ६०)***

हे जगन्नाथ ! देवदेव ! हजुर ममाथि प्रसन्न हुनुभएको छ भने अहिले मलाई जुन स्वरूपले दर्शन दिनुभएको छ, त्यही स्वरूप लिएर उस पुण्यधाममा हजुर सर्वदा विराजमान हुनुहोस् । उनको प्रार्थना सुनेर भगवान्ले भन्नुभयो- 'लौ नानी ! अब उप्रान्त म यहीँ यसै स्वरूपले यहाँ बस्ने भएँ, अरू वर माग । मैले तिमीले चिताएको दिनेछु, किनकि तिमीले ठूलो तपस्या गरेकी छौ ।' उनले भनिन् - 'हे प्रभो ! मलाई पवित्र तुल्याउनुहोस् र यस क्षेत्रलाई मेरै नामबाट अर्थात् रुरुक्षेत्रको नामबाट विख्यात तुल्याउनुहोस् ।' भगवान्ले भन्नुभयो - 'हे देवी ! तिम्रो शरीर तीर्थसमान पवित्र हुनेछ, यो रुरुक्षेत्र तिम्रै शरीर मानिनेछ र तिम्रै नामबाट संसारमा विख्यात हुनेछ ।' भनिएको छ -

**तीर्थानां परमं तीर्थं तव देहो भवत्वयम् ।**
**तव नाम्ना च विख्यातं क्षेत्रमेतद् भविष्यति ॥**

*(पूर्ववत् श्लो. ७६)*

## ५. रुरुक्षेत्रको अप्रतिम महिमा

रुरुक्षेत्रमा आई काली गण्डकीमा स्नान गरेर हृषीकेश भगवान्को दर्शन गरेपछि तीन रातसम्म उपवास बस्ने भक्त तत्काल पवित्र हुनेछ, कुनै व्यक्तिले जानी-नजानी ब्रह्महत्या आदि पाप गरेको छ भने पनि त्यो पाप मुक्त हुनेछ । यसरी वर दिएर भगवान् अन्तर्धान हुनुभयो र रुरुकन्या पनि रुरुक्षेत्रको रूपमा परिणत भइन् । त्यस दिनदेखि गण्डकीपारि, गण्डकीवारि र रिडी गङ्गापारिको सम्पूर्ण भूभाग अर्थात् पाल्पा, गुल्मी र स्याङ्जा जिल्लाहरूका बीचको गण्डकी प्रवाह क्षेत्र रुरुक्षेत्रको नामबाट महान् तीर्थको रूपमा विश्वविख्यात भई त्यहाँका मन्दिर, मठ, गुफा, आश्रम र घाटहरूका कारण आस्थाको केन्द्र बनेर रहेको छ ।

यो रुरुक्षेत्र नेपालका चार धाम - मुक्तिक्षेत्र, पाशुपतक्षेत्र, वराहक्षेत्र र रुरुक्षेत्रमध्ये एक धाम हो । नेपालको प्रदेश विभाजन अनुसार ४ र ५ नम्बर प्रदेशमा रहेका मुक्तिक्षेत्र, त्रिवेणीक्षेत्र र रुरुक्षेत्रमध्ये एउटा विशिष्ट क्षेत्र हो । भगवान् वेदव्यासबाट रचिएका महापुराणहरूमध्ये स्कन्दपुराण, वराहपुराण एवं श्रीमद्भागवतमहापुराणमा समेत यसको उल्लेख हुनाले यो अतीतकालिक नेपालको गौरव उजागर गर्ने ऐतिहासिक धाम पनि हो ।

## ६. पाल्पाका मणि-मुकुट भगवान् हृषीकेश

रुरुकन्याको कठोर तपस्याबाट साक्षात्कार भएका, हातमा शङ्ख, चक्र, गदा, पद्म धारण गरेका, प्रसन्न मुद्रामा रहेका हृषीकेशस्वरूपका भगवान् विष्णु रुरुकन्याको अगाडि प्रकट हुँदा जस्ता थिए त्यही आकृति, मुद्रा र स्वरूपमा रहेको, पाल्पाली राजा मणिमुकुन्द सेनद्वारा काली गण्डकीको गर्भ-गृहबाट बाहिर

निकाली सुन्दर कलात्मक मन्दिर बनाएर प्रतिष्ठापित गरिएको विश्वको एक मात्र शालग्राममय दिव्यहृषीकेश-मूर्ति र मठको कारणले नै यो क्षेत्र महिमा-मण्डित र गौरवान्वित बनेको छ । पाल्पालीले यसको महत्त्व नबुझ्नु भनेको आफ्नै शिरोभागमा रहेको अमूल्य रत्न जडित प्रकाश-पुञ्जलाई नचिनेर अन्यत्र चहार्नु जस्तै हो । हृषीकेशविनाको पाल्पाको परिचयले पूर्णता पाउन सक्तैन । हृषीकेश पाल्पाका मणि-मुकुट हुन् ।

वैदिक सनातन धर्म र नेपालभूमिको सांस्कृतिक अलङ्कार रुरुक्षेत्र एवं हृषीकेश मठको संरक्षण, संवर्धन गर्ने पुण्यकार्यमा सम्पूर्ण नेपाली नर-नारीहरूको अभिरुचि बढ्दै जाओस् भन्ने कामनाका साथ भगवान् श्री हृषीकेशको वन्दना गर्दै कलम बिसाउँछु । जय हृषीकेश !

ooo


**सम्पूर्ण गाउँवासीहरूलाई घरमै बसीबसी स्वस्थ भइरहन तल लेखिएका उपायहरू अवलम्बन गर्नुहुन अनुरोध छ :-**

- ◆ दैनिक ८ गिलास पानी पिउने ।
- ◆ रेसायुक्त तरकारी खाने ।
- ◆ रक्सी, चुरोट र सुर्ती सेवन नगर्ने ।
- ◆ खानामा सलाद समावेश गर्ने ।
- ◆ नुन कम खाने र बढी गुलियो नखाने ।
- ◆ बिहान कम्तीमा ३० मिनेट हिड्ने वा व्यायाम गर्ने।
- ◆ टुँसा उम्रेका अनाज खाने ।
- ◆ तारेको र डढेको नखाने ।
- ◆ प्रार्थना, ध्यान र पूजापाठ गर्ने ।
- ◆ जङ्कफुड, फास्टफुड सेवन नगर्ने ।
- ◆ मौसमअनुसारका फलफूल खाने ।
- ◆ भुटेको भटमास, मकै, चना खाने ।
- ◆ समय समयमा शरीर चेक अप गराउने ।
- ◆ खाना खानेबित्तिकै नसुत्ने ।
- ◆ शाकाहारी खानपान शैली अपाउने ।
- ◆ सकारात्मक सोचाइ राख्ने ।
- ◆ चिया कफी धेरै नपिउने ।
- ◆ चाँडै सुत्ने र चाँडै उठ्ने ।
- ◆ असल र जिम्मेवार नागरिक बन्ने ।
- ◆ स्थानीय उत्पादनलाई प्राथमिकता दिई आफ्नै गाउँठाउँका खाने कुरा खाने ।

**गुल्मीदरबार गाउँपालिका, गुल्मी**

# रुरुक्षेत्र : पाना नपल्टाइएका पौराणिक प्रकरण

✍ **नारायण ज्ञवाली**
**तानसेन-१४, कुसेनी, पाल्पा**
**हाल-काठमाडौं-३२, सुविधानगर**

अलिअलि जान्ने भएको बाल्यकाल (चार-पाँच वर्ष उमेर) को घुर्मैलो सम्झनामा यस पङ्क्तिकारका मावली हजुरबा (मातामह) पं. विश्वनाथ उपाध्याय खनाल पाल्पा रानीठाँटीबाट श्राद्ध गर्नको लागि वर्षको दुई-तीन पटक काली गण्डकी र कुरूङ्खोलाको सङ्गम गाईघाट भन्ने ठाउँमा आउने गर्नुहुन्थ्यो । निनधाराको उकालो चढेर सकससित रानीठाँटी पुग्नुको सट्टा रिडीबाट एक घन्टा तेर्सै हिंडे पुगिने ठाउँमा सराद्धमा जुट्नु त्यस भेगका हामी नातागोता कुल-कुटुम्बको लागि सजिलो थियो, त्यसभन्दा अगाडि म जान्ने नहुँदै आमाको बुई चढेर कति पटक त्यहाँ पुगे हुँला अहिले अनुमान गर्न सक्तिनँ । २०२९ साल चैत्रमा स्वर्गारोहण हुनुअघिसम्म पितृकार्यको निम्ति गाईघाट जाने हजुरबाको क्रम भङ्ग भएन, घरमा भएको र अनुकूल परेका बेला हामी पनि त्यहाँ सामेल हुँदै गयौँ ।

बाह्रै महिना एकादशी व्रत बस्ने पिताजी (स्वर्गीय पं. लेखनाथ ज्ञवाली) एक पटक जेठ महिनामा निर्जला एकादशी र त्यसको भोलिपल्ट पनि दुई दिन लगातार उपवास बस्नुभएको थियो । पाँच-छ वर्षको हुँदो हुँ, त्यसबेला पिताजीको साथमा द्वादशीको राति गाईघाट गएर म पनि एक रात ओडारमा बसेको कुरा सम्झनामा हिंजो-अस्ति जस्तै ताजा छ ।

मावली हजुरबाले तीर्थमै श्राद्ध गर्नु थियो भने रिडीमा नगरी गाईघाटमै किन गर्नुभएको ? पिताजी भोकै बसेर राति ओडारमा जाग्राम बस्न जानुको अर्थ के हो ? यसबारेमा मेरो मनमा उब्जिएका प्रश्नहरू अनुत्तरित नै थिए । कुनै दिन जिज्ञासा राखेपछि वराह पुराण १४६ औँ अध्याय रुरु हृषीकेश महिमा वर्णनको नेपालीमा पद्यानुवादसमेत गर्नुभएका यस विषयका जानकार श्रद्धेय दाजी (स्वर्गीय विष्णु ज्ञवाली) ले वराहपुराणमा वर्णित गाईघाट क्षेत्रको महिमाबारे छर्लङ्ग पारिदिनुभएको थियो । त्यो पुराणको किताब कहाँ पाइएला आफै पढेर जानकारी लिने उत्कण्ठा मेरो मनमा तुरून्तै नजागेको होइन तर व्यस्त जागिरे जीवनले गर्दा त्यतिबेला पुराण खोजी पल्टाएर अध्ययन गर्ने फुर्सद मैले नपाएकै हो ।

सरकारी सेवाबाट निवृत्त भएपछि वराह पुराण खोज्न धेरै पुस्तकालय र पसलहरूमा धाएँ तर मैले खोजे जस्तो मूल संस्कृतको पुस्तक भेटिनँ । २०७०

सालमा हरिद्वार गएको बेला खोजी गर्दा हिमवत् खण्डका पावनभूमिको माहात्म्यको शृङ्खलामा नेपाली माटो र भूगोलसँग सम्बद्ध बीच-बीचका अध्यायहरू छुटाएर छापिएका अपूरा नयाँ संस्करणहरू मात्र भेटेँ, पछि गोरखपुर गीता प्रेसमा जाँदा पनि त्यस्तै मात्र फेला परे । पुरातन धार्मिक सम्पदामा यस्तो रहस्यमय विडम्बना हुन सक्छ भन्ने कुरा मैले कल्पनासम्म पनि गरेको थिइनँ अचम्म लाग्यो । महर्षि वेदव्यासले रचेका पुराणहरू भौगोलिक सीमाको पूर्वाग्रह राखेर यस्तो किन गरिएको होला ? मनमनै भुटभुटिएँ । काठमाडौँ आएपछि मेरा हितैषी एक जना साहित्यकार मित्रसँग भेट भएको बेला प्रसङ्गवश कुरा उठ्दा उहाँको सौजन्यमा मैले मूल संस्कृत मात्र भएको वराह पुराण पाएँ, पढ्दै जाँदा १४४ देखि १४७ सम्मका अध्यायहरूमा आफू जन्मे-हुर्केको र घुमेको थलोबारेको पाँच हजार वर्षभन्दा पुरानो विवरणको बेली बिस्तार पाउँदा गौरव बोधले गद्गद नहुने कुरै भएन ।

छिमेकी मित्रराष्ट्र भारतले प्राचीन ऋषि-मुनिद्वारा रचित पुराणहरूमा बताइएका विषयलाई बङ्ग्याएर/बटारेर वा हटाएर के कसरी हुन्छ धार्मिक महत्त्व बोकेका हिमवत् खण्ड नेपालमाहात्म्य तथा कतिपय पुराणहरूमा वर्णित नेपालका पावनतम धार्मिक धामसँग सम्बन्धित प्रसङ्गका कुरा आंशिक वा पूरै हटाएर तत्तत् पुराणका नयाँ पुस्तक छाप्ने लहर नै चलाएको र पौराणिक महिमाका क्षेत्रहरू आफूपट्टि पारेर बढीभन्दा बढी नेपाली तीर्थालुहरू कालान्तरसम्म त्यतैतिर तान्ने नीति लिएर अधिकांश भारतीय पण्डितहरू यसै धुनमा लागेका रहेछन् ।

यता हामी भने आफ्नै नाभिमा रहेको सुगन्धित बिनापट्टि हेक्का नराखेर कस्तूरी मृग बास्नाको खोजीमा वन-वन भौँतारिए जस्तै अनेक काम बिताएर, ठूलो धनराशि खर्च गरी, जिउ-ज्यानको जोखिम खेप्दै धर्म-कर्म गर्न र पितृलाई तार्न भनी भारततर्फ लाग्ने गर्छौँ, तर आफ्नै रस्तीबस्तीको सेरोफेरोमा तीभन्दा बढी धार्मिक/पौराणिक महत्त्वका पवित्र तीर्थस्थल छन् भन्ने कुराको सुद्धिबुद्धि हराएर दैलामुनि रहेका पावनधामहरूको ख्याल नगरी लहैलहैमा बहकिने गरेका छौँ ।

हाम्रो मुलुकको राज्यपक्षलाई आफ्नो सत्ता जोगाउनु र स्वार्थसिद्धि गर्नुबाहेक पुरातन सांस्कृतिक सम्पदाको संरक्षण गर्ने कुरामा कुनै चासो र चिन्ता छैन, नेताहरूको दृष्टिमा यस्ता थोत्रा-पुराना कुरा अनुत्पादक र प्रतिगामी हुन् । भारतीय पण्डित र प्रकाशनहरूको कुटिल एवं कपटपूर्ण रहस्य थाहा पाउँदापाउँदै पनि लाचार भएर भित्रभित्रै मुर्मुरिनुबाहेक यसको निराकरणका लागि म वा हामीले गर्न सक्ने अरू उपायके नै रह्यो र ?

पाल्पा, गुल्मी र स्याङ्जा तीन जिल्लाको सङ्गम, पौराणिक, सांस्कृतिक र ऐतिहासिक गौरवगाथा बोकेको वैदिक सनातनी र बुद्धधर्मावलम्बीहरूको समेत

चर्चित पावनभूमि तथा अहिले पनि नेपाली जनजीवनका आर्थिक, सामाजिक, राजनैतिक र व्यावसायिक गतिविधिमा पश्चिम नेपालकै महत्त्वपूर्ण केन्द्रबिन्दुमा रहेको 'नेपालको बनारस' भनिने रुरुक्षेत्रको पर्यायजस्तै रहेको रिडी स्वयंमा अत्यन्तै गरिमामय गुणगानले भरिएको सुपरिचित थलो हो । वराह पुराणमा वर्णित भृगुवंशशिरोमणि देवदत्तऋषि र उनको साधना, गलफूल ओडार वा हृषीकेशाश्रम, अप्सरा आमा प्रम्लोचाले अलपत्र छोडी गए पनि मृगिणीले दूध खुवाएर हुर्काइएकी तपस्विनी रुरुकन्या र उनको कठिन साधना, शालिग्राम शिलामा संसारकै अनन्य कुशल कारिगरीमा मुस्कुराएका भगवान् हृषीकेश, धर्मनिष्ठ पाल्पाली राजा मणिमुकुन्द सेनका विविध योगदान आदि धेरैले सुनेका/जानेका विषय हुन्, तिनै कुरालाई पुनरावृत्ति वा पृष्ठपेषण गरिरहनुको सट्टा रुरुक्षेत्रकै अन्य पुनीत पौराणिक धामको पनि परिचर्चा गर्नु र सर्वसाधारण जिज्ञासुहरूलाई यसको चिनारी दिनु सर्वथा आवश्यक र औचित्यपूर्ण देखिन्छ ।

आफ्नो धर्म, संस्कृति, भाषा, साहित्य र कलाकौशलपूर्ण स्वाभिमानका साथसाथै पुरातात्त्विक महत्त्वका अनमोल सम्पदा अलप हुँदै जान लागेको देश, काल र परिस्थितिजन्य यस कठिनपूर्ण परिवेशमा रुरुक्षेत्रमै रहेका पौराणिक महिमाले मण्डित पावनधाम भएर पनि प्रचार-प्रसारको अभाव र सम्बद्ध निकायको समुचित ध्यान नपुगेर ओझेलमा परेका र स्पष्ट भाषामा भन्नु पर्दा अध्ययन गर्ने अभिप्रायले पाना नपल्टाइएका किन्तु यस विषयमा खुलदुली राख्नेका लागि चासो र चिन्ताको विषय रहेका रुरुक्षेत्रमा अवस्थित और्वाश्रम, गोनिष्क्रमण तीर्थ र भृगुतुङ्गेश्वरजस्ता केही पौराणिक प्रकरणको सङ्क्षिप्त चर्चा गर्नुका साथै यिनैलाई मध्य दृष्टिमा राखेर अचम्मेश्वर महादेव गुफा एवं संस्कृत व्याकरणका मूलआधार माहेश्वर सूत्रको उद्भवस्थल मानिएको सहस्रलिङ्ग गुफाको परिचय दिनुका अतिरिक्त वराह पुराणमा वर्णित गोनिष्क्रमण तीर्थको बीस कोस परिधिभित्रका विभिन्न स्थानहरूको प्राचीन नाम र दूरी उल्लेख गरी वर्तमान अवस्थामा संभाव्य ती पौराणिक स्थलहरू कुन-कुन हुन सक्छन् र के कस्तो अवस्थामा छन् प्रस्तुत आलेखमा यस बारेमा आवश्यक प्रचार-प्रसार र संरक्षण-संवर्धनको लागि सम्बन्धित थलोका निवासी सचेत नागरिक समाज एवं विद्वत्वर्गको ध्यानाकर्षण गर्ने प्रयास गरिएको छ ।

## (क) महर्षि और्वको आश्रम

वराह पुराणमा भनिएको छ - [१]"उहिल्यै यहाँ (गोनिष्क्रमण तीर्थको नजिकै) निष्काम भावले तपस्या गरी बस्ने 'और्व' नामका प्रसिद्ध प्रजापतिको आश्रम थियो, जहाँ उनले लामो समयसम्म कठिन तपस्या गरेथे । कालान्तरमा और्वले तपस्या गरेको त्यो पर्वत शिखर नानाकिसिमका फलफूलले भरिपूर्ण भई चारैतिर समृद्धिले

छाएथ्यो । पछि त्यहाँ केही तपस्वी ब्राह्मणहरू पनि आए र कतैबाट घुम्दै फिर्दै महान् तेजस्वी भगवान् शङ्कर पनि त्यहीँ आए ।

[२]कुनै दिन औंर्व मुनि कमलका फूल लिन भनेर गङ्गाद्वार गएको बेला महादेवले आफ्नो उग्र तेजले औंर्व मुनिको त्यो प्यारो आश्रम जलाएर भस्म पारी आफ्नो वासस्थान हिमालयतिर लागे । ठीक त्यसै समयमा मुनिवर औंर्व डालीभरि कमलका फूल लिएर आश्रममा आए । यद्यपि मुनि शान्त एवं मृदु स्वभावका क्षमाशील तथा सत्यव्रतमा तत्पर थिए तापनि प्रशस्त फलफूल र हरियालीले समृद्ध आफ्नो आश्रमलाई दग्ध अवस्थामा देखेर रिसले चूर भए । भारी मानसिक सन्तापका कारण आँखा टलपलाए । क्रोधलाई थाम्न नसकेर उनले श्रापदिए - 'मेरो आश्रमलाई जसले जलाएर यस्तो अवस्थामा पुऱ्यायो ऊ पनि सन्तप्त भएर संसारमा भौँतारियोस् । ' फलस्वरूप भगवान् शङ्कर समस्त संसारका स्वामी भएर पनि तुरुन्तै व्याकुल हुन पुगे र पार्वतीसित भने - प्रिये ! औंर्व मुनिको तपस्या देखेर देवसमुदायको हृदयमा आतङ्क छाएको थियो । त्यसैले उनीहरूले मसँग आई प्रार्थना गरे - 'भगवन् ! सारा संसार जलिरहेको छ तर पनि तपोरत औंर्व ऋषि यसलाई साम्य पार्न कुनै चेष्टा गर्दैनन् । हाम्रो बिन्ती छ समस्याको समाधानका लागि हजुरले कुनै उपाय गर्नुहोस् जसबाट सबैको सुरक्षा हुन सकोस्' । देवताहरूले यस्तो प्रर्थना गरेपछि मैले औंर्वको आश्रममा तेस्रो दृष्टि लगाएँ । त्यसै कारण त्यो आश्रम भस्म भयो । हामी त त्यहाँबाट बाहिर निस्क्यौं तर आश्रम जलेपछि औंर्व ऋषिलाई निकै ठूलो सन्ताप पऱ्यो । उनको रोषयुक्त श्रापले मेरो मनमा पनि निकै ठूलो चोट परेको छ र व्यथाले छटपटिएको छु । "

रुरुक्षेत्र (रिडी) हृषीकेश मन्दिरदेखि २-३ किलोमीटर पूर्व पाल्पा जिल्लामा पर्ने अर्गली फाँटमा अवस्थित मुस्लुक पर्वतको टाकुरो नै वराह पुराणमा वर्णित औंर्व ऋषिको तपस्या-स्थल (आश्रम) हो र स्थानीय जन-विश्वास अनुसार यसै स्थानमा तपस्या गरी औंर्व ऋषिले मुक्ति पाएका थिए । अहिले यस स्थानमा औंर्वाश्रम सिद्ध मन्दिरको निर्माण गरी औंर्व ऋषिको मूर्ति स्थापित गरिएको छ । यस मन्दिर परिसरबाट विभिन्न स्थानको दृश्यावलोकन गर्न सकिने हुनाले धार्मिक मात्र नभएर अन्य प्रयोजनले आउने पर्यटकहरूको लागि पनि यो ठाउँ आकर्षणको केन्द्र बनेको छ ।

उत्तरतिरबाट आएकी काली गण्डकीले फन्को मारेर पूर्वतर्फ मोडिने हुँदा यस ठाउँलाई गङ्गाद्वार भनिएको हुनुपर्छ, 'गङ्गाद्वार'को अर्थ भारतीय पण्डितहरूले भनेजस्तो हरिद्वार नभएर काली गण्डकी पूर्वतर्फ मोडिने भुँवरीमुनिको भाग हो ।

औंर्व ऋषि नित्य बिहानै काली गण्डकीमा स्नान गर्न जान्थे । आफ्नो आश्रमको मनोरम फूलबारीमा अरू नानाथरी फूल फुल्ने भए तापनि त्यहाँ जल-कमलको पोखरी नभएको हुँदा नुहाएर फर्कँदा कमलका फूल लिएर आउने गर्थे ।

रिडीदेखि अलि तल बङ्गला, पहैंली पौवा र साउने पानी मुनि रहेको गण्डकीको बगर वा पाखो जसलाई अहिले पनि **कमलपोखरी** नै भनिन्छ । औंर्व ऋषि कमलकाफूल टिप्न गएको थलो अन्यत्र कहीँ नभएर यही कमलपोखरी र यसको आसपास हुनुपर्छ ।

## (ख) गोनिष्क्रमण तीर्थ (गाईघाट)

त्यस्तै आफ्नै वरिपरि रहेको तर राज्यको तर्फबाट समुचित प्रचार-प्रसारको अभावले भेउ नपाइएको परम-पावनतीर्थ हो 'गोनिष्क्रमण तीर्थ'अर्थात् जन-भाषामा गाईघाट । वराह-पुराणमा मुक्तिक्षेत्र, शालग्रामक्षेत्र, रुरुहृषीकेशमहिमाको लगत्तै पछि औंर्व आश्रम र गोनिष्क्रमण तीर्थको महत्त्वका बारेमा वर्णन गरिएको छ । समुद्रबाट पौडिंदै आएका सुरभिप्रभृति स्वर्गका गाईहरू जहाँको ओडारबाट बाहिर निस्केका थिए । भारतका टीकाकारहरूले भने काली गण्डकीको तट र शालग्राम क्षेत्रकै क्रमबद्ध शृङ्खलामा वर्णित यस पुनीत धामलाई भागीरथीको किनार र उत्तराखण्डको ऋषिकेशनजिकैको 'प्रयागघाट'सँग जोड्ने प्रयास गरेका छन्, यस अवस्थामा भारतीय पण्डितहरूका कपोलकल्पित अनर्गल कुरालाई खण्डन गरेर वराह पुराणको वर्णनसँग सर्वथा मेल खाने नेपाली भूभागहरूको पुष्ट्याइँ दिई प्रत्यक्ष प्रमाण स्थापित गर्नु नेपाली धार्मिक/सांस्कृतिक सम्पदाका अध्येता एवं अन्वेषकहरूको परम दायित्व हुन आएको छ ।

तानसेन-रिडी-तम्घास राजमार्गदेखि करिब २ किलोमिटर उत्तरतर्फ अर्गली रविदास/फोस्रानको पुछारलाई दाहिने पार्दै आएकी काली गण्डकी र उत्तरवाहिनी भएर आएको कुरूङ्खोला (कतै ऋग्वेदमा वर्णित क्रुमू नदी यही त होइन?) को सङ्गम (दोभान)मा अवस्थित गाईघाट नै वराह-पुराणको १४७ औँ अध्यायमा वर्णन गरिएको 'गोनिष्क्रमण तीर्थ'हो । यहाँ परापूर्वकालदेखि काली गण्डकीको दाहिने किनारमा रहेको पौराणिक ठूलो ओडार २०३८ सालमा आएको विनाशकारी बाढीले बगाएर/पुरेर लगे पनि त्यसको क्षत-विक्षत अवशेष अहिले पनि बाँकी छ । ज्येष्ठ शुक्ल द्वादशीका दिन उपवास बसी त्यही ओडारमा रातभरि जागा रहने प्रचलन यस भेगमा बस्ने र देश-देशान्तरबाट आउने वैदिक सनातनीहरूका बाजे-बराजुदेखि चलिआएको धार्मिक परम्परा हो । त्यहाँ राति गाई कराएको आवाज सुनिने गरेको कुरा भुक्तभोगीहरू बताउँछन् । पितृ-कार्यको निम्ति पनि अत्युत्तम मानिएको गाईघाटमा निश्चित तीथिहरूमा स्नान, दान, तर्पण तथा श्राद्ध-कर्म पनि गर्ने गरिन्छ ।

वराह पुराणको १४७ औँ अध्यायमा उल्लेख भएअनुसार [२]"हिमवत्खण्डको शैलोच्चय (पहाडी भूभाग) मा 'गोनिष्क्रमण' नामको एउटा यस्तो क्षेत्र छ जहाँ परापूर्वकालमा सुरभि आदि गाईहरू समुद्रबाट पौडिंदै बाहिर निस्केका थिए" ।

माथि खण्ड (क) को पहिलो अनुच्छेदमा उल्लेख गरिएको प्रसङ्गकै क्रममा बताइए अनुसार [३]"और्व ऋषिको श्रापले असह्य छटपटी भएर घरी यता र घरी उता घुम्दा पनि महादेवलाई शान्ति मिलेन । पार्वतीको सल्लाहअनुसार सबै देवगण र भगवान् विष्णुसहित और्वकहाँ गई श्राप फिर्ता लिन आग्रह गर्दा महर्षि और्वले भने - 'मेरो श्राप कदापि मिथ्या हुन सक्तैन तर पनि एउटा उपाय बताउन सक्छु । सुरभि गाईहरू लिएर तपाईंहरू त्यस ओडारमा जानुहोस् अनि ती गाईहरूले आफ्नो दूधद्वारा रुद्रलाई स्नान गराए भने अवश्य नै तपाईं यस श्रापबाट मुक्त हुनुहुनेछ यसमा कुनै सन्देह छैन ।' त्यसपछि महान् शक्तिशाली सतहत्तर सुरभि गाईहरू त्यहाँ उतारेर दूधले अभिषेक गरेपछि शिवको जलन सदाको लागि शान्त भयो । त्यसै बेलादेखि त्यस थलोको नाम 'गोनिष्क्रमण तीर्थ' हुन गयो । जो मान्छे त्यहाँ एक रात मात्रै भए पनि बसेर स्नान गर्छ ऊ गोलोकमा गएर आनन्दको उपभोग गर्छ । उत्तम धर्मको आचरण गर्दागर्दै कसैको त्यहाँ मृत्यु भयो भने ऊ शङ्ख चक्र एवं गदाले सम्पन्न भई वैकुण्ठमा रही प्रतिष्ठित हुनेछ" ।

वराह-पुराणअनुसार [४]जेठ महिनाको शुक्ल पक्ष द्वादशी तिथिमा गाईको मुखबाट निस्केको श्रुति-सुखद शब्द सुन्न सकिने ओडार भएको गोनिष्क्रमण तीर्थ (गाईघाट) लाई [५]'गोस्थलक' पनि भनिन्छ र यस पुण्यक्षेत्रले सबै प्रकारका शान्ति प्रदान गर्दछ । यसका साथै यस (१४७औं) अध्यायको [६]पाठको महिमा र [७]गोनिष्क्रमण तीर्थको पाँच योजन (बीस कोस) मण्डल (Around)लाई भगवान् विष्णुको पावनतम धामको रूपमा वर्णन गरिएको छ । उक्त अध्यायमा गोनिष्क्रमण तीर्थ हुँदै पूर्वतर्फ प्रवाहित हुने काली गण्डकीको धार पश्चिमतर्फ अर्थात् विपरीत दिशातिर फर्की बग्ने गरेको कुरा पनि उल्लेख छ । पुराणमा वर्णन गरिए अनुसारको गोनिष्क्रमण तीर्थ (गाईघाट)देखि (बीस कोस परिधिभित्र रहेको) गण्डकी पश्चिमतिर फर्केको त्यस्तो ठाउँ संभवतः पाल्पाको रामपुर नगरपालिका र सप्तगण्डकीको सङ्गम पावनतम धार्मिक धाम देवघाटको बीचमा पर्ने हालको नवलपुर र तनहूँ जिल्ला छुट्याउने काली गण्डकीबाट परिवेष्ठित बुलिनटार नजिकैको रकुवा/भारतीपुरमा देख्न सकिने **घुमाउरी घाट** हो ।

## (ग) भृगुतुङ्गेश्वर महादेव

प्राचीन भृगु ऋषिको आश्रम रहेको र परापूर्व कालदेखि काली गण्डकीको पूर्वी तटमा पर्ने प्राकृतिक रूपले अति रमणीय भृगुतुङ्ग (भृगु थुम्को)को मुनि ठूलो प्राकृतिक गुफामा अवस्थित चतुर्मुखी शिवलिङ्गको नामबाट यस थलोलाई 'भृगुतुङ्गेश्वर' भनिएको हो । रुरुक्षेत्रको स्याङ्जातिरको भाग साबिक चण्डी भन्ज्याङ्ग गाविस क्षेत्रमा रहेको भृगुतुङ्गेश्वरले विशेष धार्मिक र पौराणिक महत्त्व राख्दछ ।

स्कन्दपुराणको केदार खण्ड माघमाहात्म्य श्रीस्वस्थानी व्रतकथामा भनिए अनुसार यहाँ सतीदेवीको उपल्लो दाँत पतन भएको थियो । त्यसैले यो शक्तिपीठको रूपमा पनि प्रख्यात छ । २०३८/२०४२ सालको विनाशकारी बाढी सँगैको पहिरोले यहाँको प्राकृतिक गुफा भू-गर्भमा विलीन गराइदिएपछि स्थानीय दाताको सहयोगमा अहिले त्यहाँ नयाँ मन्दिरको निर्माण गरिएको छ । मन्दिरको नाममा करीब ८७ रोपनी गुठीको जग्गा रहेको छ । प्रत्येक सोमबार स्थानीय भक्तजनहरू मन्दिरमा गई पूजा-उपासना गर्ने गर्छन् । शिवरात्रिको दिनमा यहाँ दर्शनार्थीहरूको विशेष घुइँचो लाग्ने गर्छ ।

वाराह पुराणअनुसार "हृषीकेशाश्रम (गलफूल क्षेत्र) मा गरेको तपस्या भङ्ग भएपछि ऋषि देवदत्तले सोच्न थाले - 'यो ठाउँमा विघ्न भयो । त्यसकारण अब म यस आश्रमलाई परित्याग गरेर अन्यत्र कहीँ जान्छु र त्यहाँ तीब्र तपस्याको आश्रय लिएर शरीरलाई सुकाइदिन्छु । यस्तो निर्णय गरेर भृगु मुनिको आश्रमतिर लागे र त्यहाँ गण्डकी नदीको सङ्गममा नुहाएर देवता तथा पितृहरूलाई तर्पण दिए । भगवान् विष्णु र शिवको राम्ररी (विधिपूर्वक) पूजा गरे । त्यसपछि उनी भगवान् शङ्करको दर्शन पाउने अभिलाषाले गण्डकीतटमा अवस्थित भृगुतुङ्गमा कठोर तपस्या गर्न लागे । यसरी धेरै दिन बितेपछि भगवान् शङ्कर ऋषि देवदत्तसँग सन्तुष्ट भए, उनी लिङ्गरूपमा प्रकट हुँदा एक्कासि माथि र तलबाट जलका धारा निस्कन थाले अनि शङ्करले भने - 'मुने ! यता मलाई हेर, म शिव हुँ । अबदेखि तिमीले जान्नुपर्दछ कि - विष्णु पनि मै हुँ । हामी दुईमा तत्त्वतः कुनै भेद छैन । यसअघिको तपस्यामा तिमीमा म र विष्णुबीच भेददृष्टि थियो अतः तिमीले विघ्नहरूको सामना गर्नुपर्‍यो र तिम्रो महान् साधना क्षीण (भङ्ग) हुन गयो । अब तिमीले हामी दुबैलाई समानभावले हेर्ने गर । यसबाट तिमीलाई फेरि चाँडै नै सिद्धि सुलभ हुनेछ । जहाँ तिमीले तपस्या गर्‍यौ र अनेक शिवलिङ्गको प्राकट्य भयो यो स्थान 'सङ्गम'नामले प्रसिद्ध हुनेछ । यस गण्डकी-तीर्थमा स्नान गरेर जसले मेरा यी लिङ्गको पूजा गर्ला उसलाई सम्यक् प्रकारले योगको उत्तम फल प्राप्त हुनेछ यसमा कुनै सन्देह छैन । तपोरत मुनिलाई वर दिएर भगवान् शङ्कर त्यसै ठाउँमा अन्तर्धान भए, देवदत्तले शिवले बताएको मार्गको अनुसरण गर्न थालेपछि परम सायुज्य पद प्राप्त गरे ।"

भृगुतुङ्गेश्वरसँग अर्को जनश्रुति पनि जोडिएको छ । (कतै न कतै यसको पौराणिक आधार पनि अवश्य हुनुपर्दछ) जसअनुसार आफू अपराजेय बनेर सिङ्गो पृथ्वीमा राज गर्नको लागि यसै थलोमा तपस्यारत शकुनिपुत्र वृकासुरको कठोर साधनाबाट खुसी भएका भगवान् शिवले वरदान माग्न आग्रह गरेपछि 'आफू कहिल्यै पनि मर्न नपरोस्' भन्ने वरदान माग्दा शिव अप्ठेरोमा परे, उनले 'तिमीले मागेको वर सृष्टिको नियम विपरीत हुने हुँदा अर्को कुरा माग' भने । कपटी स्वभावको वृकासुरले 'आफूले जसको शिरमा हात राख्यो ऊ भस्म हुने' शक्ति

माग्यो । अन्ततः 'जसको शिरमा वृकासुरको हात पर्ला त्यो व्यक्ति तुरून्तै भस्म होला' भन्ने वर दिन शिव बाध्य भए ।

शक्ति हातमा आएपछि वृकासुरको उन्माद चुलिँदै गयो । हुँदाहुँदा उसले आफैलाई वरदान दिने भगवान् शङ्करलाई समेत चुनौती दिन थाल्यो । शिवजीलाई भस्म गराएर पार्वतीलाई भोग गर्ने दुराशयले वृकासुरले शिवजीबाट प्राप्त वरदानको पहिलो परीक्षण उनैको टाउकोबाट गर्ने कुत्सित मनसायले शिवजीतिर हात लम्कायो । आफूले दिएको वरदानले आफैलाई आपत्तिमा पारेपछि शिवजी दौडेर भागे । वृकासुर उनको पछिपछि लाग्यो । शिव काली गण्डकी किनारको ओडारभित्र लुके । वृकासुर एकछिन अल्मलियो । यो कुरा थाहा पाएका विष्णु शिवजीलाई खोजिरहेको वृकासुरको अगाडि साधु ब्राह्मणको भेषमा टुप्लुक्क आइपुगे । वृकासुरलाई भेटेर ब्राह्मण भेषधारी विष्णुले तिमीले कसलाई खोजिरहेका छौ भनेर सोधे । विष्णुको मोहजालमा परेको वृकासुरले आफूले गर्न लागेको सबै कुरा नढाँटीकन भन्यो अनि विष्णुले 'गाँजा, भाङ, धतुरो खाने मसानमा बस्ने त्यस्ता बौलाहाजस्ता शिवले दिएको वरदान पनि लाग्छ त ?, नपत्याए एकपटक आफ्नै टाउकोमा हात राखेर विचार गर न !' भन्दा मोहजालमा परेको वृकासुरले आफ्नै टाउकोमा हात राख्यो र ऊ तुरून्तै भस्म भयो । अर्को किंवदन्तीअनुसार वृकासुरले लखेटेका शिवजी भाग्दै भाग्दै विष्णुको सहारा माग्न पुगे । भगवान् विष्णु वृकासुरलाई सिध्याउने उपाय रचेर एउटी सुन्दरीको भेषमा उसको अगाडि प्रकट भए । आफ्नो अगाडि नृत्य गरिरहेकी सुन्दरीप्रति वृकासुर मोहित भयो । सुन्दरीरूपी विष्णु नाच्दै गए । वृकासुर पनि सुन्दरीको नक्कल गर्दै नाच्न थाल्यो । नाच्ने क्रममा एकपटक सुन्दरी रूपी विष्णुले आफ्नै शिरमा हात राखे । उनको नक्कल गरेर नाचिरहेको र वरदानबाट प्राप्त शक्तिको विषयमा हेक्का नराखेको वृकासुरले पनि आफ्नै टाउकोमा हात राख्यो । शिरमा हात पर्नासाथ वृकासुर भस्म भयो अनि बल्ल शिवले छुट्कारा पाए । त्यसै बेलादेखि वृकासुर भस्मासुरको नामबाट प्रख्यात भएको हो ।

## (घ) अचम्मेश्वर महादेव गुफा

रिडी बजारदेखि अनुमानित ३ किलोमीटर उत्तर 'याङुङ' गाउँको पुछार र काली गण्डकीको दाहिने (पश्चिमी) किनारमा परापूर्व कालदेखिका दुईवटा अनौठा प्राकृतिक ओडारहरू छन्, स्थानीय बूढा-पाकाको भनाइमा दुईमध्ये एउटा सहस्रलिङ्ग र अर्को अचम्मेश्वर गुफा हो । रुरुक्षेत्रको परिचय-पुस्तिका (Brochure) लगायत गोष्ठी मेला-महोत्सवहरूमा आजभोलि बढी मात्रामा अचम्मेश्वरको नाम आउने गरेको छ, सहस्रलिङ्गको भने कतै चर्चा भएको सुनिँदैन । पन्ध्र-बीस वर्ष यता खासगरी युवा पुस्ताको आकर्षण केन्द्र बनेको छ अचम्मेश्वर । शिवरात्रि मेलामा यहाँ आबाल वृद्ध वनिता सबै भेला हुने गरेका

छन् । माथि खण्ड (ग) को अन्तिम अनुच्छेदमा बताइएअनुसार भृगुतुङ्गेश्वरबाट वृकासुरले पिछा गर्न नछाडेपछि आत्तिएर ओडारमा गई लुकेका बेला त्रस्त र भयग्रस्त अवस्थाले विरूप देखिएका महादेव त्यही स्वरूप र मुद्रामा शिलामा परिणत भई रहेको गुफा हो अचम्मेश्वर । यस गुफाभित्र शिवलिङ्ग, गाईका थुन र अन्य विविध आकृतिका शिलाहरू देख्न सकिन्छ । अचम्मेश्वर महादेवगुफा विशेषतः भगवान् शिव र भस्मासुर दैत्यको कथासँग जोडिएको मानिन्छ ।

## (ङ) सहस्रलिङ्ग गुफा

अचम्मेश्वर महादेव गुफाकै सन्निकटमा रहेको शिवलिङ्गको आकृतिमा प्राकृतिक रूपले कुँदिएका हजारौँ शिलाहरूले भरिएको र माथिपट्टि गाईका थुनजस्ता देखिने ढुङ्गाबाट तपतप पानी चुहिरहने अनौठो ओडारलाई सहस्रलिङ्ग गुफा भनिन्छ । श्रुतिपरम्पराअनुसार सनकादि तथा अन्य ऋषिगणको उपस्थितिमा यसै ओडारमा ताण्डव नृत्य गरिरहेका नटराज शिवले नाचको अन्तमा आफ्नो साङ्गीतिक बाजा डमरू चौध पटक बजाए, त्यसै दिव्यध्वनिको मूल स्रोतबाट महामुनि पाणिनिले संस्कृत वर्णमाला, भाषा र व्याकरणका चौध सूत्रको रचना गरेको भन्ने कथासँग सम्बद्ध छ सहस्रलिङ्ग गुफा । सहस्रलिङ्ग गुफाको कुरा उठ्दा संसारको सबैभन्दा पुरानो र अधिकांश भाषाको जननीस्वरूप रहेको संस्कृत भाषा र यसको वैज्ञानिक ध्वन्यात्मकता बारे अलिकति चर्चा गर्नु प्रासङ्गिक देख्दछु ।

संस्कृत विशुद्ध ध्वन्यात्मक भाषा हो । यस भाषाको लागि जुन लिपि विकसित गरिएको छ त्यसको मूल (मर्म) मा यस कुरालाई महत्त्व दिइएको छ कि - प्रत्येक ध्वनिको लागि यस्तो चिह्न होस् जसले असन्दिग्ध रूपमा (एउटा अर्को मात्र) ध्वनिलाई निरूपित गरोस् । (आज यो देवनागरी लिपि छ, जो कदाचित् कुनै मूल ब्राह्मी अथवा त्यसभन्दा पनि पुरानो लिपिको निरन्तर परिवर्तनपछि अन्ततः प्रतिष्ठित लिपि हो । ) संस्कृत भाषाको व्याकरण आफ्नै ध्वनिहरूलाई केन्द्रबिन्दुमा राखेर विकसित भएको हो । महर्षि पाणिनिले तयार गरेको संस्कृतको मानक व्याकरण तल उल्लेख गरिएका १४ सूत्रबद्ध नियमहरूमा आधारित छ । विभिन्न स्वर एवं व्यञ्जन ध्वनिहरूलाई सूत्रको रूपमा छोटकरीमा इङ्गित गर्नको लागि महर्षि पाणिनिले यी ध्वनिहरूलाई वर्गीकृत गर्दै १४ मौलिक सूत्रहरूको रचना गरेका छन्, जसलाई माहेश्वर सूत्र भनिन्छ । सूत्रहरूमा व्याकरणका सूक्ष्मता/गूढताजस्ता कुराहरू संक्षिप्त रूपमा निहित छन् ।

**१- अइउण् । २- ऋऌक् । ३- एओङ् । ४- ऐऔच् । ५- हयवरट् । ६- लण् । ७- ञमङणनम् । ८- झभञ् । ९- घढधष् । १०- जबगडदश् । ११- खफछठथचटतव् । १२- कपय् । १३- शषसर् । १४- हल् ।**

प्रचलित किंवदन्तीअनुसार सहस्रलिङ्ग गुफामा सनकादि तथा पाणिनि प्रभृति ऋषिहरूका सामु ताण्डव नृत्यरत महादेवले नृत्यको समाप्तिको बेला बजाएको डिबडिबेबाट उपर्युल्लिखित सूत्रहरूको ध्वनि निस्केको हो । चौध किसिमका ती ध्वनि नै सूत्रबद्ध संस्कृत व्याकरणका मूल आधार बने । यस बारेमा निम्न श्लोक प्रचलित छ :

**नृत्यावसाने नटराजराजो ननाद ढक्कां नवपञ्चवारम् ।**
**उद्धर्तुकामः सनकादिसिद्धानेतद्विमर्शे शिवसूत्रजालम् ॥**

(सनक आदि ऋषिहरूको कल्याणको लागि नर्तक-शिरोमणि 'नटराज'ले डमरूलाई नौ+पाँच पटक बजाए जसबाट शिवसूत्र-समुच्चय (Collection)उपलब्ध भयो । )

गीता प्रेस गोरखपुरसँग सम्बद्ध भारतीय व्याकरणविद् श्री योगेन्द्र जोशीका अनुसार यी चौध सूत्रको अन्तमा क्रमशः विद्यमान 'ण्, क्, ङ्, ......' लाई 'इत्' भनिन्छ । यी स्वयं ती ध्वनिमा सामेल हुँदैनन् । यसरी 'अइउण्' तीन स्वर ध्वनिहरू - 'अ' 'इ' 'उ' को लागि प्रयुक्त सामूहिक सङ्केत हुन् । 'इत्' को महत्त्व आफ्नो ठाउँमा छुट्टै छ । उल्लिखित सूत्रहरूको पहिलो पङ्क्तिमा स्वर र बाँकी तीनमा व्यञ्जन ध्वनि समाहित छन् । व्यञ्जनको स्वतन्त्र तथा शुद्ध उच्चारण असम्भव जस्तै हुन्छ । त्यसैले यी सूत्रमा ती स्वर वर्णहरू उच्चारणको सजिलोको निम्ति 'अ' सँग संयोजित रूपमा रहेका छन् । सूत्रहरूको प्रयोजन व्यञ्जनहरूको शुद्ध उच्चारण देखाउनु हो ।

## (च) अनुसन्धानको गर्भमा रहेका अन्य पौराणिक स्थलहरू

वाराह पुराणको १४४ औँ अध्यायमा एक पटक देख्दैमा मुक्ति पाइने मुक्तिक्षेत्र, सोमेश्वर शिवलिङ्ग, पुलस्त्य-पुलहाश्रमतिरबाट झर्ने एउटा र अर्को तिरबाट झरेकी 'देविका' नामकी नदी काली गण्डकीमा मिसिएर बनेको त्रिवेणी आदि धार्मिक धाम, १४५ औँ अध्यायमा शालग्राम क्षेत्र, त्रिजलेश्वर महालिङ्ग (म्याग्दीको बेनी बजारमाथि पर्ने गलेश्वर ?) का साथै १४६ औँ अध्यायमा रुरुक्षेत्र र हृषीकेशको महिमाका बारेमा विशद वर्णन गरिएको छ । मुक्तिक्षेत्रदेखि रुरुक्षेत्रसम्मका काली गण्डकी वारिपारिका पावनतम तीर्थहरूको क्रमबद्ध वर्णन गर्दै जाने सिलसिलामा १४७ औँ अध्यायमा स्वाभाविक रूपले गोनिष्क्रमण तीर्थ र और्वाश्रम परेका छन् । वर्णनको यही क्रमबद्ध शृङ्खला र त्यहाँ वर्णित कुराहरू भौगोलिक/स्थलगत अवस्थितिसँग मेल खानु नै उत्तरतिर बग्ने कुरुङ्खोला (ऋगवेदमा वर्णित **क्रुमू** नदी ?) काली गण्डकीमा मिसिएको सङ्गम अर्गलीमुनिको गाईघाट नै गोनिष्क्रमण तीर्थ र अर्गली फाँटमा उठेको शैलोच्चय (थुम्को) मुस्लुक् नै और्वाश्रम हो भन्ने कुराको यहाँभन्दा बलियो र भरपर्दो प्रमाण अरू के हुन सक्ला र ? ।

वाराह पुराणका उल्लिखित अध्यायहरूमा वर्णन गरिएअनुसार रुरुक्षेत्रदेखि [९]'वायव्य कोणतिर पाँच कोसको दूरीमा '**कोटिवट**' भन्ने स्थान र सरोवरसमेत रहेको, और्वाश्रम र गोनिष्क्रमण तीर्थनजिकै बरको फेदमा पाँचधारा रहेको **पञ्चपद**, पूर्वी भागमा **पाँच महाशिला**, **ब्रह्मपद कुण्ड**, **विष्णुपद**, त्यहाँबाट पाँच कोस पूर्वोत्तरमा **विष्णुसर**समेतको उल्लेख छ । लामो कालान्तर बितेकोले यिनको नाम अहिले परिवर्तित हुन सक्छ तर यी स्थलहरू रुरुक्षेत्रकै यही भेगमा छन् भन्ने कुरामा कुनै सन्देह छैन । अन्तमा रुरुक्षेत्रको मात्रै नभएर उत्तर दामोदर कुण्डदेखि दक्षिण त्रिवेणी सुस्तासम्मका सबै पावनतम पौराणिक स्थलहरूको अध्ययन/अनुसन्धान गरी प्रामाणिक पुष्ट्याइँसमेत दिएर परिचय-पुस्तिका एवं अन्य विद्युतीय सञ्चार माध्यमद्वारा ती सबैको आमप्रचार-प्रसार गरी काली गण्डकी करीडोरलाई नेपाल, भारत र चीनका वैदिक सनातनी एवं बौद्धमार्गीहरूको पवित्र तीर्थस्थलका साथै विश्वकै पर्यटकीय गन्तव्यस्थल बनाउने र विश्वव्यापी रूपमा बढीभन्दा बढी जन-समुदायलाई यतातिर आकर्षित गराउने दायित्व लुम्बिनी र गण्डकी क्षेत्रका आम सचेत नागरिकको काँधमा आएको छ, पौराणिक/ऐतिहासिक सांस्कृतिक सम्पदाको संरक्षण/संवर्धनमा सबैको ध्यान जाओस् । भवतु सर्वमङ्गलम् !!! ।

*(प्रकाशनाधीन 'पौराणिक रुरुक्षेत्र : पञ्चकोशी परिक्रमा'बाट)*

**सन्दर्भ-स्रोत**

१-वाराह पुराण अध्याय १४७, श्लोक ५ देखि २२ सम्म ।

२-वराह पुराण अध्याय १४७, श्लोक ३-४ ।

३-वराह पुराण अध्याय १४७, श्लोक २२ देखि २७ सम्म ।

४-वराह पुराण अध्याय १४७, श्लोक ४८-४९ ।

५-वराह पुराण अध्याय १४७, श्लोक ५०-५१ ।

६-वराह पुराण अध्याय १४७, श्लोक ५३-५८ ।

७- वराह पुराण अध्याय १४७, श्लोक ५९ देखि ६२ सम्म ।

८- वराह पुराण अध्याय १४६, श्लोक ४२ देखि ५३सम्म ।

९- वराह पुराण अध्याय १४७, श्लोक २९ देखि ४७सम्म ।

ooo

// निबन्ध //

# रिडी र काली गण्डकी नदी सभ्यता र यसको सेरोफेरो

✍ **युवराज पाण्डे**
**छत्रदेव-४, केरुङ्गा, अर्घाखाँची**

काली गण्डकी नदी अर्थात् शालिग्रामी नदीको तटमा रहेको रिडी अर्थात् रुरुक्षेत्र विश्वभरिका हिन्दु धर्मालम्बीहरूको एउटा पवित्र तीर्थस्थल हो र गुल्मी जिल्लाकै एउटा प्रमुख व्यापारिक केन्द्र पनि हो । मनोरम प्राकृतिक दृश्य र धार्मिक तथा पौराणिक महत्त्वको कारणले रिडी नेपालको एउटा प्रमुख पर्यटन केन्द्र पनि हो । काठमाडौंबाट बुटवल र तानसेन भएर गुल्मी जिल्लाको सदरमुकाम तम्घास र अर्घाखाँची जिल्लाका उत्तर पूर्वी भेगका चिदिका, बल्कोट, केरुङ्गा, छत्रदेव र अर्घातोससमेतका स्थानमा जाने र ती स्थानबाट तानसेन, बुटवल र काठमाडौं आदि स्थानतिर लाग्ने सार्वजनिक तथा निजी सवारी साधनहरू पनि रिडी भएर नै आवतजावत गर्ने हुनाले रिडी यस क्षेत्रको आवागमनको एउटा महत्त्वपूर्ण केन्द्र समेत हो । नेपालको उत्तरी सिमानादेखि दक्षिणी सिमानासम्म जाने उत्तर दक्षिण राजमार्गको सम्भाव्यता बोकेको यो स्थल अन्तर्राष्ट्रिय व्यापार र परिवहन मार्गमा पर्ने सम्भाव्यता बोकेको क्षेत्र पनि हो । पहिले अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कदेखि गोरुसिंगेसम्मको मोटरबाटो नबनेको समयमा प्यूठानदेखि अर्घाखाँचीसम्मका मानिसहरू तानसेन, बुटवल, काठमाडौंतिर जानुपर्दा तानसेनसम्म पैदल नै हिड्नुपर्दथ्यो । म आफै पनि काठमाडौंमा स्नातक तहको अध्ययन गर्ने बेला २०३७/०३८ सम्म काठमाडौं पढ्न जाँदा केरुङ्गाबाट बल्कोट, चिदिका, खर्ज्याङ्, गैरीखुट्टा, मनभाग, अँघाहा र सातमुरे हुँदै रिडीसम्म र रिडीबाट अर्गली, जोर्ते, भुल्के र चण्डीभञ्ज्याङ् हुँदै तानसेनसम्म पैदलै ओहोरदोहोर गरेको थिएँ । रिडीसम्मको मोटर बाटो चल्न थालेपछि पनि २०४८/०४९ सम्म म आफू तानसेनबाट घर अर्घाखाँचीतिर लाग्दा रिडीसम्म पैदलै हिड्ने गर्दथें । नौ कक्षामा पढ्दा हो सायद, २०२८ सालतिर म ६/७ कक्षामा पढ्ने गाउँकै एक जना भाइ नवराज खनालसँग किताब किन्नको निम्ति तानसेन पुगेको थिएँ । त्यसबेला किताब किन्नको लागि हामीहरू तानसेनसम्म पुग्नुपर्दथ्यो ।

म पहिलो पटक जिल्लाभन्दा बाहिरको महत्त्वपूर्ण र चर्चित स्थानमा तम्घासपछि रिडी नै पुगेको थिएँ । म अलिअलि जान्ने हुन थालेपछि मैले आफ्ना बुबाआमा, हजुरबुबा, हजुरआमा (बुढीआमा, बा, आबोई) र अरू छरछिमेकीहरूबाट बारम्बार नै रिडी र काली गण्डकीको विषयमा सुन्ने गर्दथें । ठूली एकादशी (हरिशयनी

एकादशी र हरिबोधनी एकादशी), माघे संक्रान्ति, माघे औसी, वैशाख संक्रान्ति, ग्रहण आदिको अवसरमा हाम्रो गाउँघरबाट धेरै मानिसहरू काली गण्डकीमा स्नान गर्न रिडी पुग्दथे । त्यसैगरी गाउँका कोही कसैको मृत्यु भयो भने अन्तिम संस्कारको निम्ति मृतकलाई बोकेर रिडी काली गण्डकीको किनारमा लैजाने चलन थियो र अहिले मोटरबाट लैजाने अवस्था बनेको भए पनि रिडीमा काली गण्डकी नदीकै किनारमा लगेर सद्गत गर्ने चलन कायमै रहेको छ । माघे सङ्क्रान्ति, माघे औंसी र ठुली एकादशी आदिका अवसरमा रिडीमा ठूलो मेला पनि लाग्छ । माघे सङ्क्रान्तिमा लगातार तीन दिन मेला लाग्ने गर्दछ । त्यसबेला माघे सङ्क्रान्तिमा काली गण्डकीमा स्नान गर्न जाने तीर्थयात्रीहरूले आवस्यकताअनुसार राडीपाखी र अरू लत्ता कपडा र नुन चामल, गुँड (सख्खर) आदि सामान किनेर फर्कने गर्दछन् । अहिले अर्घाखाँचीका केरुङ्गा, बल्कोट आदि स्थानमा बस्ने मानिसहरू नुन, चामल आदि खरिद गर्न डोको बोकेर पैदल अर्घाखाँची र कपिलवस्तुको सिमानामा रहेको पत्थरकोट बजारसम्म पुग्ने गर्दथे । पत्थरकोट अलि टाढा भएकोले पत्थरकोटसम्म पुग्न नसक्ने मानिसहरू नुन चामल किन्न रिडी पनि आउने गर्दथे । २०५२ सालमा बहिनीको विवाहको निम्ति आवश्यक सामान खरिद गर्नको निम्ति म आफै पनि सिरिङ्गासम्म पैदल गएर त्यहाँबाट गाडीमा चढेर रिडी पुगेको थिएँ । यसरी रिडी वा रुरुक्षेत्रसँगको हाम्रो क्षेत्रको धार्मिक साँस्कृतिक र व्यापारिक सामीप्यको कारणले गर्दा मलाई म ५/६ वर्षको हुन थालेपछि नै रिडी र काली गण्डकी नदी कस्ता होलान् भन्ने खुल्दुली लाग्थ्यो । काली गण्डकी नदीको आकार कस्तो होला भन्ने विषयमा मैले गरेको कल्पनाअनुसारको काली गण्डकीको चित्र मैले एक दिन सपनामा देखेको थिएँ । सपनामा भए पनि काली गण्डकी देख्न पाएँ भन्ने अनुभूतिले मलाई एक प्रकारको गर्व नै लागेको थियो ।

'मैले पनि काली गण्डकी देखें नि आमा' भनेर अर्को दिन ओछ्यानबाट उठेर आमालाई सुनाएको थिएँ ।

कस्तो रहेछ त बाबू ? आमाले आश्चर्य मिश्रित स्वरले सोध्नुभएको थियो ।

केरुङ्गा तिलाहारको हाम्रो घरको नजिकमा ३/४ सय मिटर जतिको दूरीमा एउटा सार्वजनिक पोखरी थियो । अहिले पनि छ । वर्षाको समयमा वर्षाको पानी भलको रूपमा जम्मा भएर त्यो पोखरीमा जान्छ र पोखरी भरिएपछि फेरि पोखरीको एउटा छेंउबाट पानी निस्केर तलतिर बग्न थाल्छ । हामीहरू केटाकेटी छँदा कहिलेकाहीं त्यही पोखरीमा लगेर आमाले लुगा धुनुहुन्थ्यो र हामीहरूलाई नुहाइदिनु पनि हुन्थ्यो । अरू छरछिमेकीहरूले पनि पोखरीमा नुहाउने र लुगा धुने गर्दथे । काली गण्डकीमा पानी बगिरहन्छ भन्ने सुनेको बालमस्तिष्कले काली

गण्डकी पनि ढुंग्यान भन्ने स्थानमा रहेको त्यही पोखरी जस्तै होला भन्ने कल्पना गरेछ । वर्षाको पानी भलको रूपमा बगेर पोखरीमा जम्मा भएको र पोखरी भरिएपछि त्यो पोखरीबाट पानी बगेर तलतिर झरेको दृश्य देखिरहेको हुनाले मेरो मनमस्तिष्कले काली गण्डकीको पनि त्यस्तै प्रकारको चित्रको कल्पना गरेको हुनुपर्दछ ।

'ढुंग्यानको पोखरी जस्तै त रहेछ नि ?' मैले खूबै जाने जस्तो गरेर आमालाई सुनाएको थिएँ । आमा हाँस्नुभएको थियो र मलाई नदी र पोखरीको फरक देखाउनका लागि घरको नजिकको मैले देखेका चौवा र मथुरा खोलाको उदाहरण दिनु भएको थियो । काली गण्डकी नदीमा ती खोलामा भन्दा धेरै बढी पानी रहेकोले काली गण्डकी डुंगाबाट मात्र तरेर जान सकिन्छ भन्ने कुरा आमाले बताउनुभएको थियो । आमाले आफ्नो विवाह नहुँदै आफ्ना बुबा आमासित रिडीमा घुम्न गएर काली गण्डकी नदीको किनारमा पुगेर नुहाएको कुरासमेत मलाई बताउनुभएको थियो । त्यसबेला आमा आफ्नी आमासँग डुंगामा बसेर काली गण्डकीपारि पुग्नुभएको रहेछ र डुंगाबाट फेरि फर्कनुभएको पनि रहेछ । वि.सं को २००० भन्दा अगाडिकै समय थियो त्यो । त्यसको धेरै पछिसम्म पनि काली गण्डकी नदीमा पुल बनेको अवस्था थिएन होला । त्यसबेला आमाले नदीको किनारमा एउटी बुढी आमाको मुखबाट आफ्ना बच्चासित डुंगामा चढेर नदी तर्न लागेकी एउटी महिला चढेको डुंगा नदीको बीचमा पुगेपछि धेरै ढल्फलाएको र बच्चा नदीमा खसेर बेपत्ता भएको कुरासमेत सुन्नु भएको रहेछ । ती बुढी आमाले ती महिलाले नदी नतर्दै झगडा गरिरहेको आफ्नो बच्चालाई 'धेरै झगडा नगर, अहिले तँलाई बगाइदिएर जाउँला नि' भनेर गाली गरेकी पनि रहिछिन् । नदीको किनारमा उभिएर त्यसरी गाली गरेपछि नदीलाई चढाँउला भनेर भाकल गरेजस्तो हुने भएकोले नदीको किनारमा उभिएर कसैलाई पनि तँलाई यही बगाइदिएर जाउँला वा जान्छु भनेर गाली गर्नु हुदैंन भनेर ती बुढी आमाले बताएकी रहिछिन् । ती बुढीआमाको कुरा सुनेर आमा र मावलकी हजुरआमा धेरै नै डराउनु भएको हुँदो हो जस्तो मलाई लागेको थियो । धार्मिक आस्था राख्ने मानिसहरूले नदीलाई देवताको रूपमा, आमाको रूपमा श्रद्धा गर्छन् र फूल तथा भेटी चढाएर सम्मानसमेत प्रकट गर्दछन् भन्ने कुरासमेत आमाले मलाई बताउनुभएको थियो । पछि अध्ययन गर्दै गएपछि म आफैले पनि मानिसहरूले काली गण्डकी र अन्य नदीहरूलाई माता अर्थात् आमा भनेर सम्बोधन गर्दछन् र नमस्कार गर्दछन् भन्ने कुरा थाहा पाएको थिएँ । यसरी रिडी वा रुरुक्षेत्रदेखि २०/३० किलोमिटर टाढा रहेको स्थानमा बसोबास गर्ने मानिसहरूको परम्परा, विश्वास, सामाजिक संस्कृतिमा समेत काली गण्डकी

सभ्यताको वा रिडी वा रुरुक्षेत्रको सभ्यता र संस्कृतिको गहिरो प्रभाव परेको रहेछ भन्ने कुराको प्रारम्भिक ज्ञान मलाई बालककालदेखि नै हुन थालेको थियो ।

२०५०/६० सालसम्म नै अर्घाखाँचीको केरुङ्गा, बल्कोट आदि जस्ता ठाउँहरूबाट रिडी जाँदा रिडीको बाटो तानसेन आदि स्थानतिर जाँदा र फर्कदा पैदल हिड्नु पर्थ्यो । मनभाग भन्ने ठाउँदेखि रिडीसम्मको पैदल मार्ग रिडी खोलाको किनारै किनार भएर गएको थियो । काली गण्डकीमा गएर मिसिने रिडी खोलाको विस्तार र निर्माण अर्घाखाँची जिल्ला भएर बगेका खाँची खोला, मथुरा वा चौवा खोला (ठूला खोला), सिस्ने खोला र दुर्गा खोलासमेतका खोलाहरू र अर्घाखाँची र गुल्मीको सीमा क्षेत्रबाट बग्दै खर्ज्याङ् भन्ने स्थानमा पुगेर खर्ज्याङ् खोलाको रूपमा परिचित हुन पुगेको खर्ज्याङ् खोला तथा बाटामा पर्ने अरू स-साना ठाडा खोलाहरू मिसिएर भएको देखिन्छ । मनभागमा मनभाग खोला र सातमुरेमा सातमुरे खोला पनि त्यही रिडी खोलामा मिसिन्छन् ।

वर्षाको समयमा मानिसहरूलाई ती खोलाहरू तर्न हम्मेहम्मे पर्दथ्यो । कतिपय मानिसहरूले खोलाले बगाएर ज्यान गुमाएका घट्नाहरूसमेत घटिरहन्थे । प्रमाण-पत्र तह (अहिलेको ११, १२ कक्षा सरह) अध्ययन गर्दा दशैंपछि घरबाट काठमाडौंतिर फर्कदा सातमुरे र खर्ज्याङ् खोला तर्दा निकै सकस परेको कुरा सम्झँदा अहिले पनि मेरो आङ सिरिङ्ग हुन्छ । त्यसबेला सँगै पढ्ने साथी कृष्ण पन्थी र प्यूठानबाट काठमाडौं जान हिडेका एक जना आदरणीय व्यक्ति हुकुम बहादुर सिंहसमेत हामीहरू तीन जना सँगसँगै थियौं । खर्ज्याङ् खोला अलि फराकिलो र समतल ठाउँबाट एक जना स्थानीय मानिसको सहयोग लिएर पार गरेका थियौं तर सातमुरे खोला तर्न त्यस्तो सहयोग गर्न पनि कोही तत्पर थिएन । खोला ठाडो भएकोले पानीमा पसेर तर्न सक्ने संभावना नदेखेपछि हामीहरू बाटाको अलिकति माथिपट्टि खोलाको किनारमा रहेको एउटा अग्लो ढुङ्गामा चढेर खोलापारिसम्म फट्कन सकिन्छ कि भन्ने टुंगोमा पुग्यौं । पहिले सबैले आ-आफ्ना झोलाहरू मुख बन्द गरेर खोलाको पारिपट्टि फ्याँक्यौं र हामीहरू ढुंगामाथि चढेर खोलापारि हाम फाल्न तयार भयौं । अरू दुई जना सहयात्रीहरू सहजै खोलापारि पुग्नुभयो । पछिल्लो पटक म पनि ढुंगामाथि चढेर खोलाको अर्कोपट्टि पुग्ने लक्ष्य राखेर हाम फालें । मेरो दाहिने खुट्टा अलिकति खोलामा परेर भिजे पनि म बल्ल बल्ल पारि पुगें । यसरी हामीहरू तीनैजना स-कुशल पारि पुग्यौं र रिडी हुँदै जोर्ते भन्ने स्थानमा पुगेर बास बस्यौं । अहिले त्यस ठाउँमा मोटरबाटो रहेको र मोटर हिड्ने पुलहरूसमेत ठाउँ-ठाउँमा बनेकाले त्यसबेला खोला तर्नका निम्ति हामीहरूले उठाएको जस्तो जोखिम उठाउनु पर्ने अवस्था रहेको छैन । तर २०६२ सालसम्म पनि खर्ज्याङ्लगायतका त्यस भेगका खोलाहरू पार गर्न यात्रीहरूलाई अहिले जस्तो सजिलो थिएन । २०६२ साल

कार्तिक महिनामा मैले तत्कालीन स्थानीय विकास मन्त्रालयको सचिव पदमा नियुक्ति पाएपछि सातमुरे खोला र खर्ज्याङ् खोलासमेतका रिडीबाट अर्घाखाँचीका बल्कोट, केरुङ्गा आदि स्थानमा आउँदा जाँदा तर्नुपर्ने खोलाहरूमा पुल बनाउने काममा मन्त्रालयबाट लगानी गर्न सकिन्छ कि भन्ने विषयमा मन्त्रालयमा छलफल गरेको थिएँ । छलफलपश्चात् हामीहरूले मन्त्रालयबाट प्राविधिकहरूको एउटा टोली सातमुरे खोला र खर्ज्याङ् खोलाको साथसाथै अर्घाखाँची जिल्लाका मथुरा खोला, खाँची खोला, सिस्ने खोला र दुर्गा खोलासमेतका सबै क्षेत्रका खोलाहरूमा पुल चाहिने ठाउँमा पुल निर्माणको निम्ति लाग्ने खर्चको अनुमानसमेत पेश गर्ने जिम्मा दिएर सो क्षेत्रको भ्रमणमा खटाएका थियौं । उक्त टोलीले अरू खोलामा पुल राख्न २०/२५ लाखसम्म भए पनि पुग्ने र खर्ज्याङ् खोलामा पुल बनाउन एक करोड रूपैयाँभन्दा बढी रकम लगानी गर्नुपर्ने भन्ने प्रतिवेदन पेश गरेको थियो । ठूलो रकम लगानी गरेर बनाउनु पर्ने पुल बनाउन सकियो भने अरू ठाउँमा पुल बनाउन त्यति गाह्रो पर्दैन भन्ने निर्क्योल गरेर मैले शुरूमा खर्ज्याङ्मा पक्की पुल बनाउने प्रक्रिया अघि बढाउने प्रस्ताव राखेको थिएँ । मन्त्रालयका अरू सहकर्मी साथीहरू र प्राविधिकहरूसमेतको अनुकूल सल्लाह प्राप्त भएपछि खर्ज्याङ्मा पुल निर्माण गर्नको निम्ति बजेट छुट्ट्याउने निर्णय भएको थियो र निर्माण कार्य पनि शुरू भएको थियो । पुल निर्माण गर्दै जाँदा रकम निकासा आदिको समस्या पर्दा जि.वि.स. अर्घाखाँचीका मित्रहरूले मसँग सम्पर्क गर्नुहुन्थ्यो र हामीहरूले समस्या समाधान गर्न पहल गर्दथ्यौं । ३/४ वर्षपछि सो पुलको निर्माण कार्य सम्पन्न भएको थियो । पुलको उद्घाटनको समयमा मन्त्रालयको कार्य व्यस्तताले गर्दा म आफै भौतिक रूपले उपस्थित हुन नसके पनि सो पुलको निर्माण गर्ने आफ्नो पहल सार्थक भएको कुराले मलाई निक्कै खुसी लागेको थियो र अहिले पनि मलाई त्यति नै खुसी र गौरवको अनुभव भइरहेको छ । त्यसको झण्डै तीन चार वर्षअघि २०५९ तिर शिक्षा तथा खेलकुद मन्त्रालयको सहसचिव पदमा कार्यरत रहँदा मलाई आफूले पाँच कक्षासम्म पढेको शारदा प्राथमिक विद्यालयलाई एउटा माध्यमिक तहको शिक्षक दरबन्दी उपलब्ध गराउने काममा सफलता प्राप्त भएको कुराले पनि त्यतिकै खुसी प्रदान गरेको थियो । स्थानीय विकास मन्त्रालयको सचिव पदमा कार्यरत रहेको बेलामा हामीहरूले देशभरिका ७५ जिल्लाहरूमा जुन जिल्लामा स्थानीय विकास मन्त्रालयले सञ्चालन गरेको कुनै पनि विकास परियोजना छैन ती जिल्लाहरूमा कम्तीमा पनि एउटा परियोजनाको विस्तार गर्ने कार्यक्रमसमेत अघि बढाएका थियौं र खोलामा पुल नभएको कारणले आवागमनमा असजिलो पर्ने अवस्था केही वर्षभित्रैमा अन्त्य गर्ने कार्यक्रमसमेत बनाएका थियौं । यसरी पुलपुलेसा र सडकको निर्माण र सुधार भएपछि रिडी वा रुरुक्षेत्र जस्ता धार्मिक र व्यापारिक केन्द्रहरूको प्रचार-प्रसार र विकासमा समेत मद्दत पुग्छ भन्ने हाम्रो

सोच रहेको थियो । गत वर्ष २०७८ मा मात्र रिडीमा गुल्मी, पाल्पा र स्याङ्जा तीनवटै जिल्ला जोड्ने तीनमुखे पुलको निर्माण भएपछि त्यस क्षेत्रको सुन्दरतामा चारचाँद लागेको अनुभव स्थानीय बासीहरूले गरेका छन् ।

रिडी र रुरुक्षेत्रको धार्मिक महत्त्वको विषयमा हुनुपर्ने जति प्रचार-प्रसार भएन जस्तो मलाई पहिले नै लागिरहन्थ्यो । २०५४ सालमा सूचना विभागको माहानिर्देशक भएपछि हामीहरूले सूचना विभागबाट नियमित रूपमा प्रकाशित हुने नेपाल पत्रिकामा नेपालका विभिन्न ठाउँका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक आदिका हिसाबले महत्त्वपूर्ण स्थल, मठ मन्दिर आदिको चिनारी दिने सूचनाहरू प्रकाशित गर्ने नीति बनाएका थियौं । म २०५८ सालसम्म चार वर्षे सूचना विभागमा कार्यररत रहेको बेलामा रिडी वा रुरुक्षेत्र नेपालका पवित्र चारधाममध्येको एउटा धाम हो भन्ने कुरालाई सरकारी दस्तावेजमा औपचारिक रूपले लिपिबद्ध गराएका थियौं । नेपाल पत्रिकाको वर्ष ३१, पूर्णाङ्क १३५, असोज कार्तिक अङ्कमा नेपालमा आफ्नै चार धाम खोजौं भन्ने अर्जुनमणि आ.दी.को लेख प्रकाशित भएको थियो ।

काली गण्डकी नदीको धार्मिक महत्त्वका विषयमा वराह पुराणलगायतका पौराणिक ग्रन्थहरूमा समेत उल्लेख भएको पाइन्छ । वराह पुराणको अध्याय १४६ मा रुरुक्षेत्र एवं हृषीकेशको महिमाको वर्णन रहेको छ । भृगुवंशी देवदत्त नामक ऋषिले अनेकौं वर्षसम्म तपस्या गरेको देखी विचलित भएका इन्द्रले प्रम्लोचा नाम गरेकी अप्सरालाई देवदत्तको तपस्या भङ्ग गर्न पठाएको र प्रम्लोचासंग मोहित भएका देवदत्तले प्रम्लोचालाई आफूसँग बस्ने प्रस्ताव गरेको कुरा सो अध्यायमा उल्लेख भएको पाइन्छ । केही समयपछि देवदत्तलाई आफू मोहमा परेको बोध भयो र उनले प्रम्लोचालाई बिदा गरेर भृगु मुनिको आश्रममा गई गण्डकी नदीको सङ्गममा स्नान गरेर गण्डकी तटमा रहेको भृगुतुङ्गमा शिवको तपस्या गर्न थाले भन्ने कुरा वराह पुराणमा उल्लेख छ । उनको तपस्याबाट प्रकट भएका शिवले उनलाई गण्डकीतीर्थमा स्नान गरेर सङ्गम नामक स्थानमा शिवलिङ्गको पूजा गरेमा योगको उत्तम फल प्राप्त हुने आशीर्वाद दिन्छन् । देवदत्तले शिवले बताएको मार्गको अनुसरण गरेर मुक्ति प्राप्त गर्छन् । अर्कातिर मुनिसँगको सम्पर्कबाट गर्भवती भएकी प्रम्लोचाले आश्रमकै नजीकमा एउटी कन्यालाई जन्म दिन्छिन् र कन्यालाई त्यही छाडेर स्वर्ग जान्छिन् । ती कन्यालाई रुरु नामक मृगले पालेकी हुनाले उनको नाम रुरु हुन गयो । उनी पिता देवदत्तकै आश्रममा बस्थिन् । त्यही उनले भगवान् विष्णुको तपस्या गरिन् । उनको तपस्याले विष्णु हृषीकेशको रूपमा प्रकट भए र विष्णु हृषीकेशको रूपमा त्यही ठाउँमा रहने र सो क्षेत्र रुरुक्षेत्रको नामले विख्यात हुने तथा ३ रातसम्म सो स्थानमा बसेर स्नान गरी हृषीकेशको दर्शन गर्ने मानिसका सबै पाप नष्ट हुने र पवित्र हुने

वरदान दिएर विष्णु त्यहीं अन्तरधान भएको कुरा वराह पुराणमा उल्लेख छ । यस स्थानमा स्नान गरेर हृषीकेशको दर्शन गरेमा मानिस देवऋण, पितृऋण र ऋषिऋणबाट मुक्त र निस्पाप हुने विश्वास रहेको हुनाले नै यस स्थानको नाम रिडी रहेको हो भन्ने मान्यता छ । यसरी रिडी नामले मानिस तीन प्रकारका ऋणबाट मुक्त हुने कुरालाई जनाउँछ भन्ने श्रद्धालुहरूको विश्वास रहेको पाइन्छ ।

काली गण्डकीको पानी कालो देखिने भएको वा मगर भाषामा रि भन्नाले कालो र डी भन्नाले पानी भन्ने बुझिने भएकोले रुरुक्षेत्रलाई रिडी भनिएको हो भन्ने अर्को मान्यता पनि रहेको पाइन्छ ।

मुक्तिक्षेत्रमा विष्णु भगवान्को गण्डस्थलबाट काली गण्डकी उत्पन्न भएको पौराणिक मान्यता छ । काली गण्डकीको उद्‌गमस्थल मुक्तिनाथक्षेत्र, मध्य खण्ड-रुरुक्षेत्र, काली गण्डकी र त्रिशूली अर्थात् त्रिशूल गङ्गाको सङ्गम भएको स्थान देवघाट तीनवटै प्रसिद्ध धार्मिक धामलाई काली गण्डकीको स्पर्शले गरिमापूर्ण बनाएको कुरा पनि स्पष्ट छ । तसर्थ उत्तर दक्षिण काली गण्डकी कोरिडोरको निर्माण र सुधारले यी तीनोटै धार्मिक तथा पर्यटन स्थलको आवागमनलाई थप सहज बनाउने देखिन्छ र त्यसबाट रुरुक्षेत्रको प्रचार-प्रसार र विकासमा समेत थप योगदान पुग्ने विश्वास गर्न सकिन्छ ।

पाणिनि ऋषिले यसै रुरुक्षेत्रमा नटराज महेश्वरको आराधाना गरी महेश्वरले बनाएका आद्य विवर्त माहेश्वर व्याकरण पढेर १४ सूत्र आदि त्यसैको सारस्वरूप पाणिनीय व्याकरण अष्टाध्यायीको अर्घाखाँचीको पणेनामा बसेर रचना गरेको कुरा नरहरिनाथ योगीले उल्लेख गरेका छन् (हाम्रो देशदर्शन, २०७७) । यस कुराले पाणिनीले अध्ययन गरेको ठाउँको हिसाबले पनि रुरुक्षेत्रको महत्त्व रहेको मान्न सकिन्छ ।

रिडीको विषयमा थप अध्ययन अनुसन्धान हुनु र रिडीको धार्मिक तथा पर्यटकीय महत्त्वका विषयमा थप प्रचारप्रसार हुनु जरूरी छ । यस विषयमा भविष्यमा थप अध्ययन अनुसन्धान हुँदै जाने र त्यस्ता अध्ययन अनुसन्धानबाट रिडी वा रुरुक्षेत्रको महत्त्वका विषयमा अरूअरू नयाँ कुराहरू थाहा हुँदै जाने विश्वास पनि लिन सकिन्छ । यसको धार्मिक, सांस्कृतिक र पर्यटकीय महत्त्व र विशिष्टताको प्रचारप्रसार हुँदै जाँदा संसारकै एउटा महत्त्वपूर्ण स्थलको रूपमा यस स्थानको प्रतिष्ठामा वृद्धि हुँदै जाने अथाह संभावनाहरू रहेका छन् । नेपालीहरूले र त्यसमा पनि लुम्बिनी, धौलागिरि र गण्डकी अञ्चलका बासिन्दाहरूले यसको निम्ति बढी प्रयत्न गर्नु जरूरी छ ।

ooo

// आलेख //

# रुरुक्षेत्रका लोकसम्पदाहरू

✍ **सह-प्रा.डा. मोहनीलाल नेपाल**
**रुरु संस्कृत विद्यापीठ**
**रुरुक्षेत्र-१, गुल्मी**

## सारसङ्क्षेप

पौराणिक कालदेखि नै हरिक्षेत्रको मध्यभागमा अवस्थित रुरुक्षेत्र वर्तमानमा गुल्मी, पाल्पा र स्याङ्जाका केही भूभागमा पर्दछ । ऋषि महर्षिहरूको कर्मभूमि तपस्विनी देवदत्तकन्या रुरुकन्याको नामले प्रख्यात यस रुरुक्षेत्रलाई वराहपुराणअनुसार अति नै पावनक्षेत्रका रूपमा लिन सकिन्छ । पतित-पावनी श्रीकृष्णा गण्डकीको पावन जलकणले अभिषिक्त यस क्षेत्रमा रुरुकन्याको तपोबलबाट प्रभावित भई विष्णुस्वरूपी भगवान् हृषीकेश प्रकट हुनु भएकोले पवित्रता, उच्चता र दिव्यताको त्रिवेणी अनुभव गर्न सकिन्छ । नेपालका चारधाम मुक्तिक्षेत्र, रुरुक्षेत्र, पाशुपतक्षेत्र र वराहक्षेत्र मध्ये एक यस रुरुक्षेत्रमा वैदिक, संस्कृति एवं संस्कारलाई अक्षुण्ण राख्नका लागि गायत्रीबह्मचर्याश्रममा सञ्चालित गुरुकुल, संस्कृत उ.मा.वि., रुरु-संस्कृत-विद्यापीठ आदि संस्थाले महत्त्वपूर्ण भूमिका खेलेका छन् । विभिन्न जातजाति एवं भाषाभाषी तथा सांस्कृतिक पहिचान बोकेको यस क्षेत्रमा पौराणिक सम्पदाहरू जस्तैः- हृषीकेश मन्दिर, भृगुतुङ्गेशवर मन्दिर र और्वाश्रम सिद्धमन्दिर आदि रहेका छन् । यस आलेखमा रुरुक्षेत्रमा रहेका धार्मिक, पौराणिक एवं ऐतिहासिक सम्पदाहरूको परिचय दिदै यस क्षेत्रमा बसोबास गर्ने जातजाति तथा उनीहरूका मनाउने चाडपर्व, भाषा, संस्कति एवं धार्मिक क्रियाकलापहरूको चर्चा गरिएको छ ।

## १. रुरुक्षेत्रको परिचय

सत्य युगमा सत्यवती, त्रेतायुगमा तपोवन, द्वापरयुगमा मुक्तिसोपान र वर्तमान कलियुगमा नेपाल नामले प्रसिद्ध यो पावन भूभाग सृष्टिको उषाकालदेखि नै विद्यमान रहेको तथ्य **सत्ये सत्यवती प्रोक्ता त्रेतायान्तु तपोवनम् । द्वापरे मुक्तिसोपानं कलौ नेपालिका पुरी ।।** यस पौराणिक वचनअनुसार सिद्ध हुन्छ (रुरुप्रभा २०७२, वर्ष १, अङ्क १ पृ.१४) । मानवमात्रलाई स्वच्छता, स्थिरता, सहनशीलता, स्वाभिमान एवं परोपकारको भावना प्रदान गर्ने विश्वरूपी विराट् पुरुषको शिरस्थानीय सर्वोच्चशिखर सरगमाथाको काखमा रहेको सप्तगण्डकी र सप्तकोशीका अपार जलसम्पदाले सिञ्चित एवं स्वकीय भू-संरचना र रमणीय प्राकृतिक सम्पदाले सम्पन्न बनेको नेपाल, वैदिक सनातन मानव धर्मको उद्‌गमस्थल, मानवधर्मका उपासक एवं प्रणेता आदि मनु, महर्षि याज्ञवल्क्य एवं विदेह जनक जस्ता महापुरुषहरूको तपोभूमि बन्ने सौभाग्य प्राप्त गरेकाले

पौरस्त्य परम्पराका उपासनाका तीन सूत्र- कर्म, ज्ञान एवं भक्तिको संगमस्थल त्रिवेणीको रूपमा प्रसिद्ध छ ।

हरिक्षेत्रअन्तर्गतको मध्यभागमा पर्ने रुरुक्षेत्रको महिमा पौराणिक कालदेखि नै प्रसिद्ध छ । वराह पुराणमा हरिक्षेत्र भन्नाले गण्डकी र भागीरथीको संगमबाट उत्तरतर्फको गण्डकी नदीको उद्‌गमविन्दुसम्मको शतयोजन विस्तारित क्षेत्रलाई मानिएको छ :

**गण्डक्याश्चोत्तरे तीरे गिरीराजस्य दक्षिणे,**
**शतयोजनविस्तीर्णा मम क्षेत्रं वसुन्धरे,**
**गङ्गाया मिलिता यत्र भागीरथ्यामहाफला**
**अपरं तन्महत्क्षेत्रं हरिक्षेत्र इतिस्मृतम्-**

*(वराहपुराण- १४५-१०६)*

यस अर्थबाट हेर्दा भागीरथी भन्दा उत्तरतर्फको गण्डकक्षेत्र सबै हरिक्षेत्रअन्तर्गत पर्न गएको देखिन्छ । रुरुक्षेत्र हरिक्षेत्रको लगभग मध्यभागमा अवस्थित छ । रुरु जातको मृगले पालिएकी कन्याले तपस्या गरी भगवान् विष्णुको साक्षात्कार गरेको हुनाले उनै कन्याको नामबाट यस क्षेत्रको नाम रुरुक्षेत्र रहन गएको हो :

**साऽपि कन्या मृगैस्तत्र रुरुभिर्बर्धिता सति**
**रुरुरित्येव विख्याता पितुरेवाश्रमस्थिता-**

*(वराहपुराण- १४६-५५) ।*

पौराणिक कालदेखि नै यस क्षेत्रमा अनेकौ महर्षिहरूले तपस्या गरी मोक्षप्राप्त गरेको कुरा पुराणमा उल्लेख गरिएको छ । रुरुक्षेत्रको सीमा निर्धारण पौराणिक दृष्टिले यसरी गरिएको छ :

**भाद्रकृष्णचतुर्दश्यां यावत् आक्रमते जलम्**
**तावत्तीरं विजानीयात् तदन्यत् क्षेत्रमुच्यते**
**तीरात् गव्यूतिमात्रं तु तत्क्षेत्रं इति उच्यते ।**

*(वराहपुराण- १४७-५५) ।*

अर्थात् भाद्रकृष्णचतुर्दशीका दिनमा गण्डकीको जलले जति भागलाई छोप्दछ । त्यो भागलाई तीर भनिन्छ भने तीरबाट दुई कोशसम्मलाई क्षेत्र भनिन्छ । उपर्युक्त पौराणिक आधारलाई प्रमाण मान्दा गण्डकीको किनारमा रहेका रुरु खण्डअन्तर्गतका सम्पूर्ण तीर्थहरू समावेश हुन्छन् । रुरुक्षेत्रका आसपासमा रहेका अर्गली और्वाश्रम, गोनिष्क्रणघाट (गाईघाट) देखि यता रुरु आश्रम, हृषीकेश मन्दिरक्षेत्र, भृगुतुङ्गआश्रम, अचम्मेश्वर गुफा र ईशानतर्फको रुद्रावती गण्डकी संगमस्थलसम्मको क्षेत्रलाई रुरुक्षेत्र मान्न सकिन्छ ।

## १.१. कृष्णा गण्डकी र शालग्राम

गण्डकी नदीको उत्पत्तिका सम्बन्धमा विभिन्न पुराणहरूमा विभिन्न प्रसङ्गहरू भेटिएका छन् । वाराहपुराणअनुसार विष्णुले धेरै वर्षसम्म हिमालयको शिखरमा बसी तपस्या गरे । त्यस तपस्याबाट आश्चर्यमय तेज उत्पन्न भई त्यही तेजका प्रभावले भगवान् विष्णुको गण्ड (गाला) बाट पसिनाको प्रवाह छुट्न थाल्यो । त्यही पसिनाको प्रवाह नै गण्डकीको उत्पत्तिको स्रोत हो । अन्य पुराणमा गण्डिका नामकी सुन्दरीले तपस्या गरी भगवान् विष्णुबाट वरदान पाई स्वयं गण्डकी नदीका रूपमा बग्न थालिन् । उनकै प्रार्थनालाई स्वीकार गरी भगवान् विष्णु चक्राङ्कित शालग्राम शिला भई गण्डकीको गर्भमा प्रवेश गर्नुभयो भन्ने उल्लेख पाइन्छ ( रुरुप्रभा, वर्ष १, अङ्क १ २०७२ पृ. १६) । स्कन्दपुराणको आधारमा रचित स्वस्थानीमा वृन्दाको श्रापबाट भगवान्ले पाएको शिला हुनुपर्ने श्रापलाई स्वीकार गरी शालग्रामको रूपमा गण्डकी नदीमा रहेको कुरा प्रसिद्ध छ । अर्को प्रसङ्गमा ग्राह र गजेन्द्रको गण्डकी क्षेत्रमा युद्धमा हुँदा गजेन्द्रले गरेको स्तुतिबाट प्रसन्न भई हरि भगवान्ले चक्रद्वारा ग्राहको वध गर्दा सुदर्शनचक्रको घर्षणबाट नदीमा रहेका शिलाहरू रेखाङ्कित्त भई शालग्रामको प्रादुर्भाव भएको कुरा पाइन्छ ( रुरुप्रभा, वर्ष १, अङ्क १ २०७२ पृ. १६-१७) । चक्राङ्कित्त शिलामा भगवान्को नित्य बास हुने आख्यान अनेकौं ग्रन्थहरूमा पाइन्छ । शालग्राम शिलाको अर्चन पूजन गर्नाले नैमिषारण्य, प्रयाग, गङ्गासागर, कुरुक्षेत्रमा गई पूजा गरेभन्दा सय गुणा बढी पुण्य मिल्ने कुरा जैमिनीय अश्वमेघपर्वमा वर्णन गरिएको छ :

**नैमिषाच्च प्रयागाच्च गङ्गासागर सङ्गमात्**
**कुरूक्षेत्रात् शतगुणं शालग्रामशिलार्चनम् ।**

*(जैमिनीय अश्वमेधपर्व-५८, ८७)*

शालग्राम शिलालाई साक्षात् हरि भगवान्को चर विग्रह (मूर्ति) र सच्चा संन्यासीलाई भगवान्को चर विग्रह (द्वे रूपे देवदेवस्य चरं चाचरमेव च) मानिन्छ भन्ने कुरा जैमिनीय अश्वमेघपर्वबाट स्पष्ट हुन्छ ।

शालग्रामलाई अर्पण गरिएको प्रसाद ग्रहण गर्नाले कपिला गाईदान गरेको फल प्राप्त हुन्छ । जसका घरमा शालग्राम शिलाको बास हुन्छ त्यस घरमा सम्पूर्ण तीर्थहरू, देवताहरू एवं यज्ञहरूको बास हुने गर्दछ ।

**शालग्रामशिला यस्य नित्यं तिष्ठति वेश्मनि**
**तत्र सर्वाणि तीर्थानि सन्ति सर्वे सुरामदा- ।**

*(जैमिनीय, अश्वमेधपर्व, - ५८)*

गण्डकी नदीमा स्नान गरेको पुण्यलाई शास्त्रमा यसरी वर्णन गरिएको छ :

**एवं सा गण्डकी देवी नदीनां उत्तमा नदी** भन्दै नदीहरूमा सर्वश्रेष्ठ नदीका रूपमा गण्डकीलाई लिइएको छ । जसले कार्तिक महिनाभरि वा अन्य कुनै महिनामा पनि रुरुक्षेत्रअन्तर्गतको गण्डकी नदीमा स्नान गर्दछ त्यो व्यक्ति सबै पापबाट मुक्त हुन्छ । तीर्थहरूमध्येको परम् तीर्थ गण्डकी नदी र रुरुक्षेत्र हो भन्ने तथ्य वाराहपुराणको यस श्लोकबाट स्पष्ट हुन्छ :

**कार्तिक सकलं मासं यः स्नास्यति नर प्रभुः**
**सर्वपापविनिर्मुक्तो मुक्तिभागी न संशय**
**तीर्थानां परमं तीर्थं मङ्गलानां च मङ्गलम् ।**

***(वाराहपराण- १४४-१०९-१०)***

यसरी यी दुबै काली गण्डकी र शालग्राम रुरुक्षेत्रमै समाविष्ट भएको हुँदा पनि रुरुक्षेत्रको महत्त्व पौराणिक कालदेखि नै बढ्न गएको हो । रुद्रावती नदी र गण्डकी सङ्गमदेखि गोनिष्क्रमणघाटसम्म बग्दै जाँदा गण्डकीको लगभग अर्धवृत्ताकार हुने हुँदा गण्डकीको प्रवाह मध्यम प्रकृतिको हुने गर्दछ । मध्यम प्रकृतिको प्रवाहका कारणले यस क्षेत्रमा सजिलैसँग स्नान गर्न र शालग्राम खोज्न सहज हुने तथ्यले पनि पौराणिक कालदेखि नै ऋषिमुनिहरूले यस क्षेत्रलाई आफ्नो तपस्थली बनाएको हुनुपर्दछ ।

## १.२. नेपालका प्रसिद्ध चार धार्मिक क्षेत्रहरू

नेपालका प्रसिद्ध चार धार्मिक क्षेत्रमा मुक्तिक्षेत्र, रुरुक्षेत्र, पाशुपतक्षेत्र र वांराहक्षेत्र पर्दछन् । तीमध्ये मुक्तिक्षेत्र र रुरुक्षेत्र कृष्णा गण्डकी नदीकै किनारमा रहेका छन् । रुरुकन्याले तपस्या गरी भगवान् विष्णुलाई प्रसन्न गराई यही क्षेत्रमा बस्न अनुरोध गरेकाले भगवान् हृषीकेश यसै स्थानमा बस्नुभएको हुनाले यो क्षेत्र रुरुकन्याकै नामबाट रुरुक्षेत्र नामले प्रसिद्ध छ । पौराणिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, आर्थिक र पर्यटकीय दृष्टिकोणले रुरुक्षेत्र र यहाँको हृषीकेश मन्दिर निकै महत्त्वपूर्ण छ । (यसै क्रममा रुरुक्षेत्र र हृषीकेश मन्दिरलाई युनेस्कोको सम्बन्धित विभागले विश्व सम्पदा सूचीमा समावेश गर्न प्रस्ताव गरिसकेको छ ।) विश्वविख्यात पुण्यवती नदीहरूमा कृष्णा गण्डकी नदी नै त्यस्ती नदी छन् जहाँ शालग्राम प्रकट हुन्छन् । यसरी प्राकृतिक र धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेको यस क्षेत्रको यात्रा, निवास, स्नान, देवदर्शन सत्संग आदिमा भाग लिने कार्य परापूर्वकालदेखि चलिआएको छ । रुरुक्षेत्र धार्मिक पर्यटनको केन्द्रविन्दुको रूपमा रहेको कुरालाई अठार पुराण मध्येको एक वराह पुराणमा यसरी उल्लेख गरिएको छ :

**मुक्तिक्षेत्र प्रथमतो रुरुखण्डं ततः परम्**
**संभेदो देवनद्योश्च त्रिवेणी च ततः परम् ।**

अर्थात् सर्वप्रथम मुक्तिक्षेत्रको यात्रा त्यसपछि रुरुक्षेत्रको अनि देवघाट र त्रिवेणीको यात्रा गर्नाले सम्पूर्ण पापहरूबाट मुक्त भइन्छ ।

पौरस्त्य सभ्यताको उद्गमस्थल हिमाली क्षेत्र नेपालमा अनेक तीर्थहरू छन् । तीर्थ शब्दका अर्थ अनेक भए तापनि मुख्यरूपमा **तारयति इति तीर्थम् तीर्थते अनेन इति वा तीर्थम्** यस व्युत्पत्तिअनुसार तारनेवाला अर्थात् पारि तर्ने साधन तीर्थ हुन्छ । तारक आचार्यलाई पनि तीर्थ भनिन्छ । तीर्थहरूमध्ये रुरुक्षेत्र महत्त्वपूर्ण तीर्थ हो ।

रुरुक्षेत्र पवित्र काली गण्डकी नदीको तटमा लुम्बिनी प्रदेशका पाल्पा, गुल्मी एवं गण्डकी प्रदेशको स्याङ्जा गरी तीन जिल्लाको संगममा अवस्थित छ । यो क्षेत्र पौराणिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले अति नै महत्त्वपूर्ण छ । यसै स्थानमा रुरुकन्याको तपोबलबाट प्रादुर्भाव भई भगवान् हृषीकेश शालग्राम विग्रहको रूपमा विराजमान हुनुहुन्छ । रुरुक्षेत्र भगवान् विष्णुका गण्डस्थल -गालाबाट) उद्भूत भएकी काली गण्डकीको पवित्र तट र रुरुकन्याको तपोभूमि हो ।

रुरुकन्याको कठोर तपस्याबाट प्रभावित भई भगवान् विष्णु स्वयं प्रकट भएर कन्यालाई भन्नुभएका उद्गारहरू पुराणमा यसरी उल्लेख भएका छन् - हे बाले ! तिम्रो तपस्यादेखि म सारै सन्तुष्ट भएको छु, तिमीले के चाहन्छ्यौ ? इच्छित वर माग, भनेर भगवान् विष्णुबाट आज्ञा भएपछि बालिकाले शङ्ख, चक्र, गदा र पद्मधारी चतुर्बाहु हृषीकेश भगवान्को रूपमा यसै ठाउँमा हजुर विराजमान हुनुहोस् र यस तीर्थलाई मेरो नामबाट रुरुक्षेत्र भन्ने प्रख्यात धाम बनाउनुहोस् भन्ने माग गर्दै अनुरोध गरिन् । भगवान् विष्णुले कन्याको प्रार्थनाबमोजिम तथास्तु भनेर वरदान दिनुभएको थियो । यसरी यो रुरुक्षेत्र प्रख्यात हुन गएको हो ।

कालान्तरमा रुरुकन्यालाई वरदान दिएबमोजिम भगवान् विष्णु हृषीकेश (इन्द्रियका अधिष्ठाता) भगवान्को रूपमा काली गङ्गाको जलबाट प्रकट भई यसै क्षेत्रमा चतुर्बाहु भव्य शालग्राम शिला मूर्तिको रूपमा रहनुभएको हो । रुरुकन्यालाई वरदान दिने क्रममा भगवान् विष्णुले अन्तमा यसरी भन्नुभएको थियो । हे सुभगेदेवि ! तिमीलाई म यो कुरा पुनः दोहोर्‍याएर भन्दछु कि 'रुरुक्षेत्र' एक प्रख्यात तीर्थस्थल हुनेछ । यहाँ गण्डकीमा स्नान गरी उपवास बसेर ३ दिनसम्म भक्तिभावले मेरो पूजा-दर्शन गरेमा त्यो व्यक्तिले सम्पूर्ण पापबाट मुक्त भई अन्तमा ईश्वरसायुज्य हुन गई मोक्ष पाउनेछ' भनी स्वयं भगवान्बाट व्यक्त भएका कुरा स्कन्दपुराण, हिमवत्खण्डमा उल्लेख भएको पाइन्छ । वाराहपुराण र श्रीमद्भागवत आदि धर्मग्रन्थमा पनि प्रस्तुत क्षेत्रबारे विशद चर्चा गरिएको छ र महिमाहरू बताइएका छन् ।

नेपालको मध्यभूभागमा रहेको यस रुरुक्षेत्र भगवान् हृषीकेश र कालीगङ्गाको उपस्थिति, अनेक प्राचीन मठ मन्दिरको अवस्थिति, वेदव्यासविरचित पुराणहरूमा गरिएको सश्रद्ध वर्णनजस्ता विशेषताका कारण विश्वमा नै प्रसिद्ध छ । तपस्वी

देवदत्त, सुन्दरी प्रम्लोचा अप्सरा, तपस्विनी रुरुकन्या र उनकै नामबाट नामकरण गरिएको विशिष्ट धाम रुरुक्षेत्रका पौराणिक र सांस्कृतिक अलंकार हुन् । त्यसैले यो रुरुक्षेत्र नेपालका प्रसिद्ध चारक्षेत्रहरू पाशुपत, वराह, मुक्ति र रुरुक्षेत्रमध्ये एक प्रमुख तीर्थक्षेत्र हो । रुरुक्षेत्रका समस्त पौराणिक र सांस्कृतिक अलंकारहरूको जगमा नै यस रुरु संस्कृत विद्यापीठको स्थापना यसै क्षेत्रमा हुन गएको हो ।

## २. शैक्षिक धरोहरहरू

### २.१. गायत्री ब्रह्मचर्याश्रम गुरुकुलम्

सनातन वैदिक धर्मको संरक्षण गर्ने उद्देश्यले मौनी महाराज श्री १०८ स्वामीकृष्णबोधाश्रमले २००६ सालमा गुल्मी जिल्लाको तात्कालिक रुरु गाविसको लामाचौपारीमा स्थापना गरेको ब्रह्मचर्याश्रम २०१८सालमा आएको बाढीमा परी क्षतिग्रस्त भएको सो आश्रमलाई पाल्पा जिल्लाको साविक अर्गली गा .वि .स.अन्तर्गत हृषीकेश मन्दिर परिसरमा २०२० मा स्थानान्तरण गरियो । साथै, गायत्री माताको मन्दिर स्थापना गरी विद्यार्थी वटुद्वारा पूजा सञ्चालन एवं वेद, व्याकरण, काव्य आदिको अध्ययन अध्यापनसमेत गर्न थालियो ।

नेपाल सरकारको गुरुकुलीय अनुदानका साथै मन्दिरको भेटी र श्रद्धालु भक्तजनको चन्दा सहयोगबाट गुरुकुल सञ्चालन हुँदै आएको छ । हाल यस संस्थामा २५ जना वटुहरूले आवासीय रूपमा रही अध्ययन गर्दै आइरहेका छन् । यस गुरुकुलमा शिक्षणभवन र छात्रावासको अभाव छ । शिक्षणभवनको अभावले मन्दिरकै हलमा अध्ययन अध्यापन कार्य भैरहेको छ । गायत्री ब्रह्मचर्याश्रम गुरुकुलम्का छात्रहरू संस्कृत तथा साधारण मा.वि. मा ६-१२ कक्षासम्म अध्ययन गर्दछन् । रुरु संस्कृत विद्यापीठको आधार जग नै यो गुरुकुल हो । संस्कृत माविबाट १२ कक्षा उत्तीर्ण विद्यार्थी वटुहरू रुरु संस्कृत विद्यापीठमा अध्ययन गर्दै आइरहेका छन् । अतः यस गुरुकुलको संरक्षण र संवर्धन गर्नु अपरिहार्य छ ।

### २.२. संस्कृत तथा साधारण माध्यमिक विद्यालय

तत्कालीन समयमा विश्वकै एकमात्र हिन्दु राष्ट्र नेपाल भएको हुनाले आफ्नो धर्म, संस्कृति, सभ्यता, परम्परा एवं रीतिरिवाजलाई अनन्तकालसम्म जीवित राख्न एवं भावी पुस्तालाई पनि ती कुराहरू उत्तिकै र गम्भीररूपमा जानकारी गराउन प्राचीन कालदेखि नै संस्कृत शिक्षाको पठनपाठन एवं ग्रन्थलेखनको सुदीर्घ परम्परा रहेको हो । लिच्छिवीकालमा राजकीय भाषा संस्कृत नै थियो भने मल्लकालमा पनि राजा स्वयं प्रतापमल्ल, जगज्जय मल्ल आदिले संस्कृत भाषाका ग्रन्थहरू लेखेका थिए । आधुनिक नेपालको इतिहास हेर्ने हो भने पृथ्वीनारायण शाह, गीर्वाणयुद्ध वीर विक्रम शाहका लेख रचनाहरू पनि संस्कृत भाषामा नै पाइन्छन् । प्रारम्भमा घरमा अक्षर चिनिसकेपछि गुरुकुलमा गई चण्डी, रुद्री, वेद,

कौमुदी, अमरकोश आदि पढ्ने परम्परा प्राचीनकालदेखि नै थियो । यो चलन नेपालका कतिपय आश्रममा अद्यापि कायमै छ । संस्कृत वाङ्मयमा निहित ज्ञान-विज्ञानका प्रशाखालाई प्रकाशमा ल्याउन र संस्कृत शिक्षालाई विस्तार गर्नका लागि वि.सं. १९५९ सालमा श्री ५ पृथ्वी वीरविक्रम शाहदेव सरकारबाट निर्देशन बक्स भई गुल्मी जिल्लाको पवित्र भूमि यस रुरुक्षेत्र रिडीमा संस्कृत पाठशालाको स्थापना भएको हो । यस कुराको यथेष्ट विवरण डा. टीकाराम पन्थीको संस्कृत भाषाको लघुशोध निबन्धमा उल्लेख गरिएको छ ।

## २.३. रुरु संस्कृत विद्यापीठ

नेपालको वर्तमान राज्य संरचनाअनुसारको ७ प्रदेशहरूमध्ये लुम्बिनी प्रदेशअन्तर्गत पहाडी क्षेत्रको भूभाग समेटिएका गुल्मी, पाल्पा तथा गण्डकी प्रदेशको स्याङ्जा जिल्लाको संगमस्थलमा रुरुक्षेत्र पर्दछ । गुल्मी, पाल्पा तथा स्याङ्जा जिल्लाको साविकका रुरु, थानपति, ग्वादी, बलेटक्सार, बम्घा, रिमुवा, दिगाम, सिद्धेश्वर, ख्याहा, अर्गली, चण्डिभञ्ज्याङ्, कोटाकोट तथा अस्लेवा आदि गाविसहरूसम्म फैलिएको वृहत् क्षेत्र नै रुरुक्षेत्र हो । हालको राज्यसंरचनाअनुसार तानसेन न.पा., रिब्दीकोट गा.पा., रैनादेवी छहरा गा.पा., छत्रकोट गा.पा., सत्यवती गा.पा., काली गण्डकी गा.पा.को केही भूभागहरू तथा रुरुक्षेत्र गा.पा.को सम्पूर्ण भूभागहरू यस रुरुक्षेत्रमा पर्दछन् । नेपालको वर्तमान राज्य संरचनाअनुसार गुल्मी जिल्लाको पूर्वी क्षेत्रमा पर्ने रुरुक्षेत्र गाउँपालिकाको रिडीमा रुरु संस्कृत विद्यापीठ अवस्थित छ । शैक्षिक जगत्मा आफ्नो स्थापनाकालदेखि वर्तमान अवस्थासम्म आइपुग्दा थुप्रै आयामहरू थप्न सफल यस रुरु संस्कृत विद्यापीठ (क्याम्पस) गुल्मी जिल्लाको रुरुक्षेत्र गाउँपालिकाअन्तर्गत वडा नं. १ को केन्द्रविन्दुमा रहेको छ ।

## ३. भाषा संस्कृति आदि विविध पक्षहरू

## ३.१. जातजाति र भाषा

यस रुरुक्षेत्रको परिधिमा ब्राह्मण, क्षत्री, मगर, कुमाल, नेवार र अन्य जातजातिहरूको बसोबास रहेको छ । रुरुक्षेत्रअन्तर्गतका गुल्मीको थोर्गा, दिगाम, बम्घा, भट्कुवा, रिमुवा, पाल्पाका अर्गली, ख्याहामा ब्राह्मण र क्षत्रीको बसोबास अधिक मात्रामा रहेको देखिन्छ भने स्याङ्जा जिल्लाको काली गण्डकी, गुल्मी जिल्लाको रिमुवा क्षेत्रमा मगरजातिको बसोबास अधिकांश रहेको छ । नेवार जातिको मुख्य बसोबास भने गुल्मीको रिडी, बलेटक्सार, बम्घा एवम् स्याङ्जाको कारीकोट हटिया क्षेत्रमा रहेको छ । त्यस्तै पाल्पा जिल्लाको जोगिथुम र सिद्धेश्वरमा कुमाल जातिको बाहुल्य रहेको छ । यस क्षेत्रमा मुख्य रूपमा नेपाली भाषा बोलिन्छ भने मगर बाहुल्य स्थानमा मगर, नेवारको बस्ती भएको स्थानमा नेवारी र कुमाल जातिको बाहुल्य भएको स्थानमा कुमालभाषा पनि प्रचलनमा रहेको छ ।

### ३.२. संस्कृति

यस रुरुक्षेत्रमा विभिन्न जातजातिका व्यक्तिहरूको बसोबास रहेको हुनाले यहाँको संस्कृतिमा पनि केही विविधता देखिन्छ । विशेष गरी यहाँ हिन्दूपरम्परामा आस्थावान् व्यक्तिहरूको बाहुल्य भएकाले संस्कृतिमा पनि त्यसको प्रभाव देखिन्छ । यस देशमा हिन्दूहरूले वर्षभरिमा मनाउने विभिन्न सांस्कृतिक क्रियाकलापहरू यहाँ पनि प्रायः सबै जातजातिले उत्साहका साथ मनाइरहेको देख्न पाइन्छ । अद्यापि मगर एवम् नेवार जातिका केही विशेष सांस्कृतिक गतिविधिहरू पनि यहाँ देख्न सकिन्छ ।

### ३.३. पर्व र जात्राहरू

यस क्षेत्रमा वर्षैभरि विभिन्न पर्व मनाउने र जात्रा निकाल्ने कार्यहरू भइरहन्छन् । जसमध्ये नागपञ्चमी, जनैपूर्णिमा, दशैं, तिहार, माघेसङ्क्रान्ति, महाशिवरात्रि र फागुपूर्णिमा सबै जातजातिले मनाउने प्रमुख पर्वहरू हुन् भने गठेमङ्गल, लाखेजात्रा, गाईजात्रा, म्हपूजा, इहि आदि पर्वहरू नेवारजातिले मनाउँछन् ।

## ४. रुरुक्षेत्रको धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय महत्त्व

नेपालका चार क्षेत्रमध्ये एक विशिष्ट क्षेत्रका रूपमा परिचित यस रुरुक्षेत्रको धार्मिक दृष्टिकोणले पनि निकै महत्त्व रहेको छ । काशीमा प्राण त्याग्नाले जसरी उत्तम गति हुने भनाइ छ त्यसै गरी यस क्षेत्रको पनि विशेष धार्मिक महत्त्व रहेको छ । अहिले धर्मप्रति विश्वास राख्ने धेरै आस्तिक जनहरू घरगृहस्थी त्यागी जीवनलाई धर्ममय बनाउँदै यहाँ रमाइरहेको देख्न सकिन्छ । पुराणप्रसिद्ध चक्रवर्ती राजा भरत पनि यही क्षेत्र हुदै बग्ने कृष्णा गण्डकीको तटमा रही विशेष साधना गरेको हुनाले यसको धार्मिक महत्त्व विश्वभरि नै फैलिएको छ । यहाँ विभिन्न जातजाति र तत्सम्बद्ध व्यक्तिहरूको बसोवास रहेको हुनाले सांस्कृतिक पक्षको अध्ययन गर्ने अनुसन्धाताका लागि पनि रोजाइको ठाउँ बन्न सक्छ । साथै धार्मिक एवम् सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण यस क्षेत्रमा तत्सम्बद्ध अत्यधिक पर्यटक भित्र्याएर प्रशस्त आयआर्जन गर्न सकिने सम्भावना पनि रहेको छ ।

## ५. रुरुक्षेत्रका प्रमुख सांस्कृतिक सम्पदाहरू

रुरुक्षेत्रका प्रमुख सांस्कृतिक सम्पदाहरू देहायबमोजिम रहेका छन् -

### ५.१. भगवान् हृषीकेश मन्दिर

रुरुक्षेत्रको प्रमुख केन्द्रविन्दुको रूपमा रहेको भगवान् हृषीकेशको मन्दिर पाल्पा जिल्ला तानसेन नगरपालिका-१४ मा रहेको छ । यो मन्दिर धार्मिक, सांस्कृतिक,

पुरातात्त्विक, ऐतिहासिक, पौराणिक एवं गुरुकुलीय परम्पराका दृष्टिकोणबाट ज्यादै महत्त्वपूर्ण रहेको छ । तत्कालीन पाल्पाली सेनवंशीय राजा मणिमुकुन्द सेन (वि.सं. १५७५-१६१०) द्वारा स्थापित यो मन्दिरभित्र भगवान् हृषीकेशको सपरिकर (जय विजय आदि पार्षद र शंख चक्र आयुध आदि सहित) चतुर्बाहु कृष्णवर्णको ३ फुट ९ इन्च अग्लो अति मनोहर मूर्ति रहेको छ । यो मन्दिरमा भगवान् हृषीकेशको दैनिक पूजाअर्चना हुने गर्दछ । यस मन्दिरको पर्यटकीय संभावनालाई उजागर गर्ने काम वराहपुराणको यस श्लोकबाट स्पष्ट हुन्छ :

**'मुक्तिक्षेत्रं प्रथमतो रुरुखण्डं ततःपरम् ।**
**सभेदो देवनद्योश्च त्रिवेणी च ततः परम् ॥ '**

*वराहपुराण (१४६-५५)*

जानकारहरूका अनुसार हृषीकेश मन्दिरपरिसरमा रहेको स्वयं प्रकट यस्तो सुन्दर अद्वितीय मूर्ति नेपालमा मात्र रहेको छ । हृषीकेश भगवान्को प्राप्तिको अर्वाचीन ऐतिहासिक तथ्यलाई हेर्दा पाल्पाली सेन वंशीय राजा मणिमुकुन्द सेनले गण्डकी स्नान गर्न आउँदा जलभित्र भगवान् हृषीकेशको अदभुत र भव्य मूर्ति फेला पारेका छन् । आफ्नो दरबार नजिक स्थापना गर्ने इच्छाअनुसार सेवकहरूलाई उक्त मूर्ति बोकी लैजाने निर्देशन दिए । सेवकहरूले मूर्तिलाई बोक्न नसकेको हुँदा र स्वप्नमा मुकुन्दसेन राजालाई भगवान्ले मूर्ति त्यही स्थापना गर भन्ने दृष्टान्त दिएकोले उनले सो मूर्तिलाई गण्डकी किनारमै स्थापना गरी मन्दिर बनाएको देखिन्छ । हृषीकेशको मूर्ति गण्डकीमा कहाँबाट प्रवेश ग-यो भन्ने तथ्यलाई पौराणिक कथालाई आधार लिनुपर्ने हुन्छ । उक्त मूर्ति रुरुकन्याको प्रार्थनामा भगवान् स्वयं प्रकट हुनुभएको र कालान्तरमा भूस्खलन भई पुनः गण्डकीमा प्रवेश गरेको हुनुपर्दछ जसलाई हजारौं वर्षपछि सेन राजाले प्राप्त गरेका हुन् (रुरुप्रभा वर्ष १, अङ्क १, २०७२, पृ.१७) ।

यस मन्दिरको दर्शन र पूजाअर्चना ३ दिन ३ रात उपवास बसी गरेमा मानवजीवनमा सम्पूर्ण पापहरूबाट मुक्ति मिल्दछ भन्ने कुरा वराहपुराणमा उल्लेख गरेको पाइन्छ । यस मन्दिर परिसरमा रहेका रुरुकन्याको मन्दिर, गायत्री मन्दिर र राधाकृष्णको मन्दिर पनि पर्यटकीय आकर्षणका प्रमुख केन्द्रविन्दुका रूपमा रहेका छन् । हाल यो मन्दिर नेपाल सरकारको गुठीअनुसार संचालित छ । यस मन्दिरको उचित संरक्षण व्यवस्थापन हुन सकेमा समग्र रुरुक्षेत्रकै विकासमा कोसे ढुङ्गा सावित हुने कुरामा दुईमत देखिदैन ।

### ५.२. भृगुतुङ्गेश्वर महादेव/ गुफा

स्याङ्जा जिल्लाको काली गण्डकी गा.पा.-१, भृगुतुंगमा काली गण्डकी नदीको किनारमा रहेका भृगुतुङ्गेश्वर महादेव गुफा अत्यन्तै प्राचीन स्थलको रूपमा रहेको

छ । भृगुकुलमा उत्पन्न देवदत्तको तपस्याबाट प्रसन्न भएर शिवजी लिङ्गरूपमा रहनुभएको भन्ने प्राचीन किम्वदन्ती रहेको यो गुफाभित्र शिवलिङ्ग जलधारा रहेका छन् । हृषीकेश भगवान्को दर्शन गर्न आउने श्रद्धालु भक्तजनले रुरुकन्या, भृगुतुङ्गेश्वर महादेवको दर्शन नगरेमा पूर्ण पुण्य प्राप्त गर्न सकिदैन भन्ने प्रचलनअनुसार यो स्थानको महत्त्व अझै बढेको छ । अत्यन्तै जोखिम स्थानमा रहेको यो गुफा आफैमा पौराणिक/ऐतिहासिक महत्त्व बोकेको छ । रुरुक्षेत्र घुम्न आउने अर्को ऐतिहासिक स्थल बन्न सक्ने यो गुफा वर्षायाममा कृष्णा गण्डकी नदीमा आउने बाढीले क्षति पु-याउने गरेको छ । उचित संरक्षण भएमा पर्यटकीय विकासमा उल्लेख्य योगदान हुने देखिन्छ ।

## ५.३. देवदत्त पार्क/गलफुले गुफा

भृगुवंशमा उत्पन्न भएका यज्ञविद्यामा कुशल देवदत्त नामका मुनिले दशहजार वर्षसम्म यस क्षेत्रमा कठोर तपस्या गरे । उनको तपस्याबाट इन्द्र डराई तपस्या भङ्ग गर्नको लागि कामदेव र वसन्तऋतुका साथमा स्वर्गकी अप्सरा प्रम्लोचालाई यहाँ पठाए । प्रम्लोचाको सौन्दर्यबाट मोहित भएका मुनि देवदत्तले उनीसँग रमण गर्दै बस्न थाले । रमणको परिणामस्वरूप एक कन्याको जन्म भयो । पछि देवदत्तलाई आफ्नो तपस्या भङ्ग भएको ज्ञान भई उनी आफ्ना पूर्वजको आश्रय भृगुतुङ्गमा गएर तपस्या गरी आशुतोष भगवान् शिवको साक्षात्कार गरेर मुक्त भए । यता प्रम्लोचाबाट जन्मिएकी नवकन्यालाई उनले यहीं छोडी स्वर्गतर्फ प्रस्थान गरिन् । ती असहाय एक्ली कन्यालाई रुरु जातका मृगले पालन पोषण गरी हुर्काए । त्यसैले यो क्षेत्रको नाम रुरुक्षेत्र र देवदत्त गुफाले चिनिन्छ ।

ऐतिहासिक धार्मिक तीर्थस्थल रुरुक्षेत्रको रिडीअर्न्तगत गलफुले गुफाभित्र देवदत्त ऋषिको मूर्ति स्थापित छ । बाहिर रुरुकन्याको सुन्दर मूर्ति र मन्दिर, देवदत्त ऋषिको १३ फिट अग्लो विशाल सुन्दर मूर्ति यस देवदत्त पार्कका मुख्य आकर्षण बनेका छन् । रिडीबाट तम्घाससम्मको यात्रा गर्दा बाटोमै पर्ने यो क्षेत्रले यात्रीहरूको मनै लोभ्याउने गर्दछ ।

पर्यटकीय हिसाबले अत्यन्तै महत्त्व बोकेको यो पार्कमा रहेको गुफा, मृगका आकृतिहरू, आदि दृश्यहरूले घुम्न आउने मानिसको मन आनन्दित तुल्याउँदछ ।

## ५.४. अचम्मेश्वर गुफा

रुरुक्षेत्रको रिडीबजारदेखि ३ कि.मि. उत्तरपूर्व साँघुरे क्षेत्रमा रहेको यो गुफा अत्यन्तै मनमोहक छ । दुबैतिर चट्टानले घेरिएको र बीचमा साँघुरो भागबाट कृष्णा गण्डकी नदी बगेकी हुनाले यस ठाउँलाई साँघुरे भनिएको हो । यो गुफाभित्र विभिन्न आकृतिका मूर्तिहरू तथा शिवलिङ्ग रहेका छन् । यो शिवलिङ्ग,

तथा मूर्ति स्वयं उत्पत्ति भएको र ऋषिमुनिहरूले सोही स्थानमा बसेर तपस्या गरेका हुनाले यो गुफाको ऐतिहासिक महत्त्व रहेको छ । अत्यन्त कठिन र जोखिम यात्रा गरेर यो स्थानमा जानुपर्ने बाध्यता रहेको कारण यो गुफा अलि ओझेलमा परेको देखिन्छ ।

### ५.५. हनुमान् स्थान

रुरुक्षेत्रमा अवस्थित यो शिला स्याङ्जा जिल्लाको काली गण्डकी गा.पा. वडा नं. १, धगौती काली गण्डकी किनार रिडी बजारको सम्मुखमा रहेको छ ।

धार्मिक मान्यताअनुसार भगवान् हृषीकेशको दर्शन गर्नको लागि हनुमान् यो स्थानमा आएर बसेको भन्ने भनाइ रहेकोले यो स्थान अत्यन्त पर्यटकीय संभावना बोकेको ठाउँको रूपमा रहेको छ । प्रत्येक वर्ष माघेसङ्क्रान्तिको मेला लाग्दा भक्तजनहरू हनुमान्को दर्शन गर्न यो ठाउँमा आउने गर्दछन् ।

### ५.६. भीमसेन पौवा

यो पनि रुरुक्षेत्रको परिचायक सम्पदा हो । यो पौवा, तत्कालीन मुख्तियार भीमसेन थापाले बनाएको हुनाले यो पौवाको नाम भीमसेन पौवा राखिएको हो । यस पौवाको छेउमा रहेको सत्येश्वर महादेवको मन्दिर ऐतिहासिक कलाकृतिले भरिपूर्ण छ । यो पौवा तथा मन्दिरको अवलोकनबाट तत्कालीन कला, संस्कृतिको जानकारी लिन सकिन्छ । हाल यो पौवाको जीर्णोद्धार भइरहेको छ ।

### ५.७. अर्गली दरबार

तत्कालीन श्री ३ प्रधानमन्त्री जुद्धशमशेर राणाद्वारा निर्माण गरिएको अर्गली दरबार ऐतिहासिक र पूरातात्त्विक हिसाबले अत्यन्तै महत्त्वपूर्ण रहेको छ । रुरुक्षेत्रको इतिहास र पहिचान बनेको यस दरबारको ऐतिहासिक हिसाबले मर्मत तथा संरक्षण भएमा पर्यटन क्षेत्रको महत्त्वपूर्ण पाटो बन्ने संभावना देखिन्छ ।

### ५.८. गाईघाट

वराह पुराणमा गोनिष्क्रमणघाट नामले प्रसिद्ध यो स्थानमा और्व ऋषिलाई शान्त पार्न भगवान् शिवद्वारा ल्याइएका गाईहरू लोप भएको हुनाले अहिले यो लोकमा गाईघाटका नाममा प्रसिद्ध छ ।

### ५.९. और्वाश्रम सिद्धमन्दिर

यो ऐतिहासिक, धार्मिक मन्दिर अर्गली गाउँको बीच सुमेरू पर्वत आकारको शैलोच्च गिरि पर्वत जसलाई मुस्लुक पर्वत पनि भनिन्छ । पौराणिक

कथनअनुसार भृगुवंशीय और्व ऋषिको तपस्थल यही और्वाश्रम नै हो भन्ने जनश्रुति रहेको छ । यस मन्दिरमा प्राचीन संस्कृति झल्काउने विभिन्न देवीदेवताका मूर्तिहरू स्थापना गरिएका छन् । पर्यटकीय हिसाबले यो क्षेत्र ज्यादै उपयुक्त छ । यहाँबाट रिडी बजारलगायत रुरुक्षेत्रका सम्पूर्ण मठमन्दिर, स्याङ्जाको आलमदेवी मन्दिरलगायत अन्य स्थलहरू पाल्पाको रानीघाट, गुम्हा, छेर्लुङ्ग तथा काली गण्डकी ए परियोजनासमेत सामान्य अवलोकन गर्न सकिन्छ ।

### ५.१०. सत्यवती मन्दिर तथा पोखरी

ऐतिहासिक तथा धार्मिक स्थल रुरुक्षेत्रको कुँडापानीमा रहेको सत्यवती मन्दिरमा श्रावण महिनामा पुष्करिणी स्नान मेला लाग्दछ । सुन्दर बगैचा बीचमा रहेको पोखरीमा शिवपर्वत बनाई शिवजीको जटाबाट जलधारा वर्षाको सुन्दर आकृति निर्माण गरिएको छ । यहाँ हरेक वर्ष चैत्रशुल्क पक्षमा नवदुर्गा उपासना, रामनवमी र शिवरात्रिमा विशेष मेला लाग्दछ ।

### ५.११. रुद्रवेणी

बाग्लुङ जिल्लाको ढोरपाटन स्थित रुद्रतालबाट निस्केको रुद्रगङ्गा नदी र कृष्णा गण्डकी नदीको संगमस्थललाई रुद्रवेणी भनिएको हो । रुद्रवेणीको पौराणिक महत्त्वलाई दर्शाउन वराह पुराणको यो श्लोक लिन सकिन्छ :

**'तेपू रुद्रा रुद्रवेण्यां पुलहः पुलहाश्रमे ।<br>पुलस्त्यवेणिकायान्तु पुलस्त्योऽपि ततापं च ॥ '**

यसअनुसार रुद्रवेणी रुद्रहरूको तपः स्थल हो । त्यहाँ एकादश रुद्रले तप गरेका थिए । रुद्रहरूले तप गरेको हुनाले त्यस नदीको नाम रुद्रगङ्गा रहन गयो । रुद्रगंङ्गा र काली गण्डकीको संगमको नाम रुद्रवेणी भएको हो । हाल यो धार्मिक स्थलमा राम मन्दिरको निर्माण गरिएको छ । केही नयाँ पाटी पौवा, आश्रम तथा देवस्थलहरूले रुद्रवेणीको पर्यटकीय संभावनालाई अझ बढाएको पाइन्छ । उचित संरक्षण तथा व्यवस्थापन भएमा रुद्रवेणी तपोभूमि पनि पर्यटक आकर्षणको केन्द्र बन्न सक्दछ ।

### ५.१२. अन्य मठमन्दिर/गुफा

| | | |
|---|---|---|
| १. | विष्णुमन्दिर | लामाचौपारी |
| २. | भगवतीमन्दिर | रातामाटा |
| ३. | रामजानकीमन्दिर | रिडी |
| ४. | बुद्धमन्दिर | रिडी |
| ५. | भगवतीस्थान | रिडी |

| | | |
|---|---|---|
| ६. | भीमसेनस्थान | रिडी |
| ७. | गणेशस्थान | रिडी |
| ८. | भैरवस्थान | रिडी |
| ९. | मणिमुकुन्देश्वर महादेव | रिडी |
| १०. | पशुपतिनाथमूर्ति | रिडी |
| ११. | महाविष्णुमन्दिर | रिडी |
| १२. | गोपेश्वरमहादेव | रिडी |
| १३. | कालिकामन्दिर | च्यूरेक |
| १४. | सिद्धबाबामन्दिर | भट्कुवा |
| १५. | शिवालयमन्दिर | भट्कुवा |
| १६. | दुर्गाभगवतीमन्दिर | च्यूरेक |
| १७. | बद्रीनारायणमन्दिर | अर्गली |
| १८. | सिद्धेश्वर शिवमन्दिर | अर्गली |
| १९. | अमरावती भगवतीमन्दिर | अर्गली |
| २०. | देउरालीमन्दिर | अर्गली |
| २१. | राधाकृष्णमन्दिर | अर्गली |
| २२. | गणेश गुफा | स्याङ्जा |
| २३. | तालदोमाई गुफा | थोर्गा |
| २४. | कमलपोखरी गुफा | अर्गली |
| २५. | हनुमान गुफा | कारिकोट |
| २६. | ढुङ्गे ओडार | कारिकोट |
| २७. | तीनतले ओडार | रिडी |
| २८. | आनन्द कुटी | रिडी |
| २९. | राज कुलो | अर्गली |
| ३०. | कञ्चनेश्वर महादेव | रिडी |
| ३१. | खोपामन्दिर | पुलक्याम्प |
| ३२. | शिव-पार्वतीमन्दिर | थोर्गा |
| ३३. | गोपेश्वरमन्दिर | विष्णुपञ्जर |
| ३४. | विष्णुमन्दिर | विष्णुपञ्जर |
| ३५. | सत्येश्वरमन्दिर | ता.न.पा.१४ |

## ६. निष्कर्ष

नेपाल धार्मिक एवं सांस्कृतिक रूपमा विश्वमा नै उदाहरणीय राष्ट्र हो । यहाँको विविधताबाट प्रभावित भई विश्वका धर्मप्रेमी एवं संस्कृतिप्रेमी व्यक्तिहरूको रोजाइमा यो पर्न गइरहेको छ । यसरी सबैको माया पाइरहेको बहुमूल्य सम्पदाले भरिपूर्ण रुरुक्षेत्रको विश्वमा अझै प्रचार-प्रसार गर्नुपर्ने देखिन्छ । पौराणिक कालदेखि नै हरिक्षेत्रको मध्यभागमा पर्ने रुरुक्षेत्रलाई महत्त्वपूर्ण तीर्थस्थल मान्दै आइएको छ । यस भूमिलाई पौराणिक ऋषिमहर्षिहरूले आफ्नो कर्मभूमि बनाएका थिए । यो क्षेत्र ऋषिहरूको कर्मभूमि भएकाले पनि यसको महत्त्व अहिलेसम्म अक्षुण्ण रही आएको छ । तीर्थस्थलहरूमा पवित्रता एवं स्वच्छता नराखेसम्म धार्मिक पर्यटकीय लाभ लिन सकिदैंन । यसको गरिमालाई बचाइ राख्नका लागि रुरुक्षेत्रका विभिन्न मन्दिर, देवालय, पौवा, धर्मशाला, पैदल मार्गहरूको संरक्षण संवर्धन र विकास गर्न जरूरी देखिन्छ । रुरुक्षेत्र धार्मिक, सांस्कृतिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण रहेको छ । यहाँका आराध्यदेवका विभिन्न मठ मन्दिर एवं गुफाहरूले यसको थप शोभा बढाइरहेका छन् । विभिन्न जातजातिमा प्रचलित भिन्न-भिन्न संस्कृति यस क्षेत्रका प्रमुख विषय हुन् । यस क्षेत्रको मुख्य आकर्षणको केन्द्र आराध्यदेव हृषीकेशको मन्दिर हो ।

## सन्दर्भग्रन्थ-सूची


जैमिनी (सन् १९८१) **जैमिनीय आश्वमेघर्व**, गोरखपुर : गीताप्रेस ।

ज्ञवाली, ज्ञानेश्वर (२०७५) (देवेश्वर सरस्वती) **रुरुक्षेत्र महात्म्य**, (चौ.सं. बुटवल : प्रतीक अफसेट प्रेस ।

पन्थी, उमानाथ (२०५४) **गण्डकी गौरवम्**, दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय

पन्थी, टीकाराम, (२०४२ ) **केही जनश्रुतिहरू**, गुल्मी : किरण पुस्तकालय ।

वेदव्यास, (२०१२) **वाराहपुराण**, गोरखपुर : गीताप्रेस ।

व्यास, (२०४५) **स्कन्दपुराण**, (सम्पा.) कृष्णप्रसाद भट्टराई, गोरखपुर : गीताप्रेस ।

**रुरुप्रभा** वर्ष -१, अङ्क- १, २०७२, नेपाल संस्कृत विश्वविद्यालय, गुल्मी : रुरु संस्कृत विद्यापीठ रिडी ।

धार्मिक, ऐतिहासिक धरोहरहरूको स्थलगत अवलोकनबाट समेत सामग्री सङ्कलन गरिएको ।


ooo

# घुमूँ तीर्थ घरी घरी

✍ **प्रह्लाद पोखेल**
**काठमाडौं-६, बौद्ध, रामहिटी**

१

रुरुक्षेत्र रिडी हाम्रो नेपाली चारधामको
महत्त्वपूर्ण गन्तव्य हृषीकेश स्वधाम हो
बग्दछिन् गण्डकी काली अँगाली जल निर्मल
तीर्थयात्री जहाँ रम्छन् पखाली चित्तको मल !

२

मुक्तिक्षेत्र घुमी झर्ने जलको स्पर्शले पनि
आनन्दमय सन्तुष्ट रिडीको जनजीवनी
पाल्पाको स्नेहले सिक्त गुल्मी-स्याङ्जा सखा बनी
मुकुन्द सेनको कीर्ति जग्मगाई भयो धनी !

३

आस्थाको धनको खानी त्यस्तै प्रकृतिको पनि
गुणगौरव गाम्भीर्य सृष्टि-सौन्दर्यले धनी !
लुम्बिनी क्षेत्रको तीर्थ उच्च संस्कृतिको जग
श्रद्धा-संस्कार-आस्थाले पार्नै पर्दछ जग्मग !

४

घुमियोस् लुम्बिनी क्षेत्र बुद्ध-वाणी गुनीगुनी
झुलून् संस्कारका राम्रा झल्झलाकार इन्द्रिनी
सातै रङ्ग समेटेर सुहाओस् सिर्जनाकला
जता हेर्‍यो त्यतै राम्रा हाम्रा गन्तव्यका थला !

५

शालिग्राम-शिला बन्छन् विष्णुका भव्यआकृति
नैसर्गिक नयाँ लाग्ने मनमोहक छन् कृति !
ऋष्यशृङ्ग जहाँ रम्थे रेसुङ्गा धरणी चुमी
चुली तम्घासको रम्य महापावन यो जिमी !

६

अर्घाखाँची घुमी आऊन् सुपा भगवती पुगी
स्वर्गद्वारी छिचोलेर पारून् सफल जिन्दगी
हेरून् समाजको चित्र यात्री संस्कृति-मित्र भै
अनौठा दृश्यका मर्म चुमून् प्रकृतिका सबै !

७

पणेना पाणिनि क्षेत्र तपोभूमि पुगे पनि
ठाडा दह कुभिण्डे भै सोमतीर्थ घुमे पनि
दुर्वासाको गुफा पुग्दा उस्तै आनन्द आउँछ
नृत्याञ्चल पुगी घुम्दा जिन्दगी मुस्कुराउँछ !

८

पुगियोस् अर्गली पाल्पा जुद्धका दरबारमा
जहाँ पाइन टल्किन्थ्यो युद्धका तरबारमा
देउले अर्चले ताकी स्थानेश्वर पुगे पनि
यात्री-हृदय ब्यूँझिन्छ बनी संस्कृतिले धनी !

९

यिनै प्राकृत पाखामा जग्मगाउँछ जीवन
समेटी दृश्य आँखामा मुस्कुराउँछ जोबन
लिई जीवनको जोस यात्री आऊन् थरी थरी
आस्था सामल बोकेर घुमूँ तीर्थ घरी घरी !

ooo

**किरण पुस्तकालय, गुल्मीलाई जिल्लाका सबै प्रकाशनहरूको सङ्ग्रहस्थलका रूपमा विकास गर्नका लागि आफूसँग भएका सबै प्रकाशनहरू दिई सहयोग गर्न अरूलाई पनि भन्नुहोस् ।**

# रुरुक्षेत्र-परिचय

✍ **प्रा. नवराज पाण्डेय**
**देवघाटधाम**
**तनहूँ**

**हिमालयादुत्तरतःशालग्रामोदरानदी ।**
**वहन्तीहन्तिपापानिजन्तूनामिहमज्जताम् ॥**

भारतवर्षअन्तर्गत विश्वको सर्वोच्च शिखर सगरमाथाले अलंकृत गरेको पवित्रतम राष्ट्र नेपालको भूमध्यखण्डमा रहेको पुण्यतोया शालग्रामगर्भा सरित्प्रवरा श्रीकृष्णा गण्डकी दामोदरकुण्ड र मुक्तिनाथबाट प्रकट भई प्रवाहित हुँदै कागविनी, गलेश्वर, सेतिविनी, रुद्रविनी, रिडी, राम्दी, देवघाट, त्रिवेणी भई भागीरथीगंगामा मिसिन पुगेकी छिन् । कृष्णा गण्डकीको महिमा गाउँदै भगवान् शंकराचार्यले गण्डकी स्तोत्रमा भन्नुहुन्छ–

**अहो देवि धन्यासि वैकुण्ठनाथस्त्वदन्तर्गतो यच्छिलाचक्ररूपः ।**
**शिलाचक्ररूपो मुरारिर्हि साक्षात् न वातत्रकार्या नृभिर्ग्रावबुद्धिः ।५।**
**त्वदन्या सुधन्याधुनीकाऽस्ति पुण्या ? विना विष्णुपादोद्भवां जह्नुकन्याम् ।**
**उभे पुण्यतोये तटिन्यौ हि धन्यौ शुभा गण्डकी वैष्णवी चापिगङ्गा ।७।**

यसैगरी यस्तै आशय प्रकट गर्दै संस्कृतका मूर्धन्य विद्वान् कवि उमानाथ पन्थीले 'श्रीगण्डकीगौरवम्' काव्यमा भन्नुहुन्छ–

**जय गण्डकि ! पापनाशिनि ! जय नारायणि मोक्षदायिनि !**
**जय देवकदम्बधारिणि ! जय मातर्विमले ! नमोऽस्तु ते ।१।**
**हरिगण्डसमुद्भवे भवाऽऽकुलितानामवनाय गण्डकि !**
**जगतीतलमागता सती सततं स्वर्गनदीव राजसे ।२।**

यसरी धेरै पुराण र काव्यहरूद्वारा उच्च महिमा गाइएकी काली गण्डकीको तटमा अवस्थित पवित्र रुरुक्षेत्र लुम्बिनी अञ्चलका गुल्मी र पाल्पा जिल्ला एवं गण्डकी अञ्चलको स्याङ्जा गरी तीन जिल्लाको संगममा रहेको छ । रुरुक्षेत्र पौराणिक, ऐतिहासिक, धार्मिक र पर्यटकीय दृष्टिले अति नै महत्त्वपूर्ण छ ।

वराहपुराणअनुसार अघि त्रेतायुगमा भृगुवंशी देवदत्त ऋषि तपस्याको लागि उपयुक्त पुण्य स्थल खोज्दै जाँदा यिनै काली गण्डकीको तटमा आइपुगे जहाँ पश्चिमबाट आएकी ऋणी नदी र काली गण्डकीको पवित्र संगम छ, त्यहाँ तपस्या गर्न थाले ।

**आसीत् पुरा महाभागो देवदत्तइतिद्विजः ।**
**भृगुवंशे समुत्पन्नः वेदवेदाङ्गपारगः ॥**

***(वराहपु.अ.१४६, श्लो.५)***

उनको कठोर तपस्याबाट इन्द्रासन डगमगाउन लाग्दा इन्द्रले उनको तपस्या भङ्ग गर्न वसन्त ऋतु, कामदेव, गन्धर्वहरूसहित प्रम्लोचा नाम गरेकी अप्सरा पठाए । उनको दिव्य मोहनी जादू टुनाबाट देवदत्त लट्ठिए । यसै प्रसंगमा "रिडीक्षेत्र माहात्म्य" पुस्तकमा ज्ञानेश्वर सरस्वती लेख्नुहुन्छ - "यसरी जब देवदत्त आफ्नो स्थितिबाट विचलित भएर यताउति घुम्न थाले तब उनले टाढैबाट भकुण्डो खेलिरहेकी अत्यन्त सुन्दरी प्रम्लोचा अप्सरालाई देखे । देवदत्त पनि नजीकमा पुगे । दुबैका आँखा जुधे । अप्सराको हावभाव कटाक्षले मुनि मोहित भए । नजिकै गएर उनले भने- 'सुन्दरी ! तिमी को हौ ? यो वनमा के गर्न चाहन्छ्यौ ? हामी जस्ता मृगलाई आफ्नो कटाक्ष वाणले प्रहार गरेर शिकार खेल्न चाहन्छ्यौ कि ? रमणि ! म तिम्रो अधीनमा छु । ' अप्सरा हाँस्दै नजिक आइन् । महात्माजी सिद्ध थिए । आफ्नो संकल्पबाट नाना किसिमका भोग्य सामग्रीहरू संग्रह गरेर धेरै कालसम्म अप्सराका साथ रमण गरे । "(रिडीक्षेत्र माहात्म्य, पृ.१३)

**'रममाणस्तया सार्धं भुञ्जन् भोगान् मनोरमान् ।**
**तपःप्रभावोपनतान् दिवारात्रिमतन्द्रितः ।**
**बहूनहर्गणानेवं रममाणो यदृच्छया' ।**

***(वराह.पु.अ.१४६, श्लो.३५ / ३६)***

प्रम्लोचामा गर्भधारण भएपछि ऋषि पश्चात्ताप गर्दै भृगुतुङ्गेश्वरतिर लागे । अप्सराले आफ्नो गर्भबाट एक सुन्दरी कन्यालाई जन्माएर त्यही जंगलमा छोडी आफू स्वर्ग गइन् ।

**प्रम्लोचापिमुनेर्गर्भं संप्राप्याश्रममन्तिकात् ।**
**प्रसूतां कन्यकां त्यक्त्वा स्वर्गमेव जगाम ह ।**

***(वराह.पु.अ.१४६, श्लो.५४)***

त्यस जंगलमा मृग आदि वन्यजन्तु प्रशस्त थिए । एउटी नवप्रसूता मृगी जसको बच्चा मरेर भौंतारिइरहेकी थिई । उसले ती कन्या रोएको सुनेर नजीकै गई आफ्नै बच्चा जस्तै ठानी वात्सल्यतावश दूध पिलाई ।

**'रोएको शिशुको शब्द वनबीच सुनेपछि ।**
**आएछ करुणायुक्त हरिणी दौडदै त्यहीं ।**
**प्रसूतिको अवस्थामै जसको शाव मारियो ।**

**वात्सल्य भरिलो चोट आलो ह्वदयमा थियो ।**
**उसमा उब्जियो गाढा वात्सल्य ममतामय ।**
**आफ्नै बच्चा सरी ठानी पिलायो दूध नित्यशः । '**
***(काली गण्डकी महाकाव्य, सर्ग.१, श्लो.३, ४, ५) ।***

संस्कृतका अर्वाचीन मूर्धन्य विद्वान् कवि डा. टीकाराम पन्थीले "रुरुवृत्तम्" काव्यमा रुरुकन्याको इतिवृत्त लेख्नुभएको छ । उहाँले अत्यन्त मीठो काव्यात्मक शैलीमा रुरुक्षेत्रको प्राचीन इतिहास प्रकट गर्नुभएको छ । उपर्युक्त आशयलाई उहाँले यसरी वर्णन गर्नुभएको छ-

**तमद्भुतं शब्दमतर्कितश्रुतं दवीयसं बालसुलभ्यमञ्जुलम् ।**
**निशामयन्तो रुरवःकुतूहलात् किमेतदित्याकुलिताः समाययुः ।**
***(रुरुवृत्तम्-२/२)***

संस्कृतमा मृगको एक जातिलाई रुरु भनिन्छ-

'कृष्णसाररुरुन्यङ्कुरंकुशंवररौहिषाः' (अमरकोश, सिंहादि.१०) ।

(रुरुर्दैत्ये मृगेऽपिच, इति हैमः) ।

ती कन्या रुरु जातिका मृगद्वारा पालिएकी हुनाले उनको नाम रुरु रहनगयो ।

रुरुको विषयमा कवि माधवप्रसाद देवकोटाले "रुरुगौरव" काव्यमा विशद वर्णन गर्नुभएको छ । माथिको प्रसंगमा उहाँको आशय-

**वनमा पशु-पक्षि भिन्नका शिशुका सन्तत त्यो रुवाइले ।**
**अनुमान गरी अनाथता पिरिएछन् रुरु जातका मृग ।**
***(रुरुगौरव-२/१०)***

**रुरु एक त लौ प्रवृत्त भै जिउ होच्याइ पछाडि भागको ।**
**मुखमा स्तन चट्ट जोडिदी सहसा दूध पनी खुवाउन ।**
***(रुरुगौरव-२/३०)***

**साऽपिकन्या मृगैस्तत्र रुरुभिर्वर्धिता सती ।**
**रुरुरित्येव विख्यातापितुरेवाश्रमे स्थिता ।**
***(वराह.पु.अ.१४६, श्लो.५५)***

**रुरु हो मृगको नाम दूधको नै प्रभाव हो ।**
**स्वातीको पहिलो पाऊ मातृसत्ता छचल्कियो ।**
***(काली गण्डकी, महा.सर्ग १ । श्लो. ८)***

ती कन्या मृगद्वारा पालिएर बढ्दै गए तापनि तपस्वी पिताको संस्कार उनमा बढ्दै गएर त्यहीं ओढारमा तपस्या गर्न थालिन्, त्यो ओढार आज पनि गोल्फुले गुफाको नामले प्रसिद्ध छ । यस सम्बन्धमा' इतिहास अध्ययनको खोजी' नामक पुस्तकमा सूब सेनको विचार-"गलफुले मुख्य गुफामा देवदत्त ऋषि तथा रुरुकन्याले तपस्या गरेका थिए । यहाँ अरू पाँचवटा ससाना गुफा पनि छन् । रिडी पवित्र तीर्थ रुरुक्षेत्र यसको महिमा र गरिमाको उत्पत्ति स्थल हो यो गलफुले गुफा । " (पृ.१३७)

रुरुकन्याले भगवान् विष्णुको ध्यान गरी शय वर्ष तपस्या गरिन् ।

**सैव वर्षशतं स्थित्वा हरावेकाग्रमानसा,** ***(वराह.पु.अ.१४६, श्लो.६०)*** **।**

उनको इन्द्रियजयी कठोर तपस्याबाट प्रभावित भएर भगवान् विष्णु इन्द्रियका स्वामी हृषीकेश नामले चतुर्बाहु रूपमा उनको सामु प्रकट भएर दर्शन दिनुभयो । उनलाई वर दिदै भन्नुभयो-

**तवनाम्ना च विख्यातमेतत् क्षेत्रं भविष्यति,** ***(वराह.पु.अ.१४६, श्लो.७३)*** **।**

'तिम्रो नामबाट यो क्षेत्र प्रसिद्ध हुनेछ'भन्ने वर दिएपछि यो स्थान रुरुक्षेत्र नामले प्रसिद्ध भयो ।

रुरुकन्याले **-अनेनैव स्वरूपेण भगवन् स्थातुमर्हसि**, (वराह.पु.अ.१४६, श्लो.७०) अर्थात् यही चतुर्बाहु रूपमा हजुर यहाँ रहनुहोस् भनी आग्रह गरेपछि त्यही रूपमा त्यहाँ रहनका लागि भगवान्ले विश्वकर्मालाई बोलाई गण्डकीमा रहेको शालग्राम शिला ल्याई आफूजस्तो मूर्ति बनाउन आज्ञा गर्नुभयो । विश्वकर्माले तुरून्तै आज्ञा अनुसार दुरूस्तै मूर्ति बनाएपछि आफू त्यही शालग्राम मूर्तिमा तेजोमय सूक्ष्म रूप धारण गरी प्रवेश गर्नुभयो, जसको पूजा रुरुकन्याले आजीवन गरिरहिन् ।

रुरुकन्याले आजीवन पूजाआराधना गरेको त्यो दिव्यमूर्ति आफ्नो शरीर त्याग्ने बेलामा काखमा राखी गण्डकीमा प्रवेश गरिन् । त्यसपछि त्यो मूर्ति गण्डकीभित्रै रहिरह्यो ।

यसै विषयको चिन्तन प्रसंगमा "चार तीर्थराज प्रयाग" नामक पुस्तकमा विद्वान् चिन्तक नलराजशास्त्री नेपालको ठम्याइ छ - 'मुकुन्दसेन प्रथमद्वारा करोडौं वर्षसम्म पुरिएर रहेको चतुर्बाहु शालग्राममूर्ति प्राप्त गरी स्थापना' उपशीर्षकमा - 'एक मन्वन्तरमा मानव वर्ष तीस करोड सतसट्ठी लाख बीस हजार हुन्छ । अहिले सातौं वैवश्वतमन्वन्तर चलिरहेको छ । योभन्दा पहिले स्वायंभुव, स्वारोचिस, उत्तम, तामस, रैवत, चाक्षुषसमेत गरी ६ मन्वन्तर बितिसकेका छन् । ती सबैको मानव वर्ष गणना गर्दा एक अरब चौरासी करोड तीन लाख बीस

हजार वर्ष हुन आउँछ । रुरुक्षेत्रीय घटना स्वायंभुव मनुको कार्यकालको पनि शुरू-शुरूको हुनाले समयको इयत्ता प्राप्त गर्न धौ धौ पर्दछ । '(पृ.१३७, १३८)

पश्चिम दिशाबाट ऋणी नाम गरेकी नदी आएर उत्तर दिशाबाट आएकी शालग्राम गर्भा कृष्णा गण्डकीसंग मिली पवित्र संगम बनेको यो रिडीक्षेत्र मानवमात्रले जन्मदाखेरि लिएर आएका देवऋण, ऋषिऋण र पितृऋणबाट उद्धार गरी जन्मजन्मान्तरका पाप नाश गर्न सक्षम छ । यसको प्रचीन नाम ऋणी क्षेत्र थियो ।

**ऋणानां सहजातानां त्रयाणां मार्जनादियम् ।**
**ऋणीति नाम तटिनी प्रतीच्याचागताखलु ।**

*(रिडीक्षेत्र माहात्म्य, पृ.१०)*

प्राचीन ऋणी शब्दको अपभ्रंश नै आजको रिडी शब्द हो र यो क्षेत्र अहिले यही नामले प्रसिद्ध छ ।

**उभयोः संगमे वेण्यां हृषीकेश इतिप्रभुः ।**
**कलौ मुक्तिप्रदानाय राजते ध्यायतां सताम् ।**

*(पूर्ववत्)*

यस पवित्र क्षेत्रमा त्रेतायुगदेखि भगवान् विष्णु हृषीकेश नामले कलियुगका पापी जनलाई दुःखसागरबाट उद्धार गरी मुक्ति प्रदान गर्न विराजमान हुनुहुन्छ ।

हृषीकेश भगवान्को यही दिव्य चतुर्बाहु मूर्तिलाई स्वप्नामा दर्शन पाई गण्डकीमा खोजी फेला पारेर पाल्पाका राजा मणिमुकुन्द सेन प्रथमले विक्रमको सोह्रौं शताब्दीको उत्तरतिर अहिलेको वर्तमान स्थानमा स्थापना गरी नित्य पूजाअर्चनाको लागि गुठीको समेत व्यवस्था मिलाए ।

अर्वाचीन मूर्धन्य विद्वान् डा. टीकाराम पन्थीले "केही जनश्रुतिहरू" नामक पुस्तकमा यससम्बन्धमा भन्नुहुन्छ– "लगभग ५०० वर्षअघि प्रसिद्ध पाल्पाली राजा मणिमुकुन्द सेनले रिडी र काली गण्डकी संगम (रुरुक्षेत्र)मा नुहाउन लाग्दा जलभित्र कृष्णा गण्डकीका पेटमा अकस्मात् हृषीकेश भगवान्को मूर्ति भेट्टाएछन् । सो मूर्ति चार बाहुमा शंख, चक्र, गदा, पद्म लिएको सुस्निग्ध, मनोरम आकृतिवाला प्राकृतिक थियो । मुकुन्द सेनले त्यो मूर्ति अन्यत्र कतै लैजान भनी हिंडालेछन्, रिडी खोलापारि पुर्‍याएर बिसाएछन्, शायद उनी आफ्नो राजधानी तानसेनतिरै त्यो मूर्ति पुर्‍याउन चाहन्थे । भोलिपल्ट बिहान उठाउन खोज्दा त्यो मूर्ति यति गह्रुंगो भयो कि बलवान् मानिसहरूले ठूलो जोड बल लगाउँदा पनि उठाउन सकिएन, चल्दै चलेन । त्यसपछि "भगवान्को त यहीं नै रहने इच्छा रहेछ" भन्ने कल्पना (अड्कल) गरियो । अनि ती राजा मणिमुकुन्द सेनले भगवान्को त्यस दिव्य भव्य

अलौकिक मूर्तिलाई त्यहीं नै स्थापित गरिदिए, (जुन ठाउँमा हाल विद्यमान छ, मन्दिरभित्र) । अनि त्यहाँ मन्दिर बनाइयो, शनैः शनैः गुठीको व्यवस्था भयो, प्रतिदिन प्रातः सायं पूजा चल्यो ।

त्यो मूर्ति शालग्राममय, अकृत्रिम, अपौरुषेय, अमानवीय, दिव्य छ । भारतवर्षका कुनै पनि मन्दिरमा, कुनै पनि हिन्दूपूज्य देवी देवताको त्यति सुन्दर प्राकृतिक मूर्ति पाइंदैन । "(केही जनश्रुतिहरू, पृ.११७, ११८)

वर्तमान अवस्थामा रहेको कमलको फूलको आकारको मन्दिर भने वि.सं.१८१९मा रणदल पाण्डेयले निर्माण गरेको इतिहास पाइन्छ ।

विश्वमै सबैभन्दा पुरानो (अर्थात् पौराणिक दृष्टिले लाखौं वर्ष र नलराज शास्त्रीको विवेचनाअनुसार एक अरब चौरासी करोड तीन लाख बीस हजार वर्ष पुरानो) अङ्गप्रत्यङ्ग आयुध एवं पार्षदले युक्त दिव्य मूर्ति यसबाहेक अन्यत्र कहीं छैन ।

अघि सत्य युगमा सतीदेवीले पिताको यज्ञमा प्राण त्याग गरेपछि सतीदेवीको मृत शरीर भगवान् शिवले काँधमा बोकी हिडेका बेला अङ्ग पतन हुँदै जाँदा यही रुरुक्षेत्रअन्तर्गत गण्डकी किनार स्याङ्जा जिल्लामा रहेको भृगुतुंगमा उपल्ला दाँत पतन भई भृगुतुंगेश्वर शिव शक्तिपीठ बन्यो । देवदत्त ऋषिले आफ्नो तपस्या भंग भएको बोध भएपछि त्यहीं शैवी गुफामा गई तपस्या गरी भगवान् शिवको दर्शन पाउनुभएको चर्चा वाराह पुराणमा यसरी उल्लेख गरिएको छ–

**भृगुतुंगं समासाद्यशंकराराधने रतः ।**
**अतप्यततपो घोरं शिवदर्शनलालसः ।**

*(वा.पु.अ.१४६ श्लो.४६)*

यसको उत्तरमा गण्डकी किनारमा साँगुरे भन्ने ठाउँमा अचम्मेश्वर महादेवको गुफा छ । त्यहाँ अचम्मकै शिवलिंग आदि छन् ।

वर्तमानमा रुरुक्षेत्रमा पाल्पातर्फ भगवान् हृषीकेशको प्राचीन मन्दिर छ, त्यसको परिसरमा गायत्री मन्दिर, गुरुकुल विद्यापीठ छ, जहाँ वेद कर्मकाण्ड आदिको पठनपाठन हुन्छ । त्यस परिसरमा विभिन्न मन्दिर रहेका छन् ।

रुरुक्षेत्रको समीप अर्गलीमा भृगुवंशी और्व ऋषिले तपस्या गर्दा गाईघाट निर्माण भएको वृत्तान्त पुराणहरूमा वर्णन गरिएको छ ।

रुरुक्षेत्रदेखि पश्चिममा रहेको त्रेतायुगीन ऋष्यशृङ्गको तपस्थली रेसुङ्गा अति पवित्र क्षेत्रको रूपमा पुराणहरूमा प्रसिद्ध छ, जहाँ कलियुगमा पनि शशिधर,

लक्ष्मीनारायण, यदुकानन्द, परमानन्द आदि धेरै तपस्वीहरूले तपस्या गरेको इतिहास पाइन्छ ।

**कियत्कालं तपस्तेपे रेसुङ्गाख्ये तपःस्थले ।**
**ऋष्यशृङ्गोमहायोगी यत्र त्रेतायुगेऽतपत् ।**
**लक्ष्मीनारायणः कश्चित् तथाशशिधराऽभिधः ।**
**यदुकानन्दनामा च तपस्तेपुःकियत्पुरा ।**
***(परमानन्दचरितामृतम्-६/१२, १५)***

आज पनि त्यहाँ साधुहरू निवास गर्छन् ।

रुरुक्षेत्रको उत्तरमा रुद्रावती र काली गण्डकीको संगम रुद्रवेणीधाम छ, जहाँ दण्डीस्वामी तारकेश्वरले श्रीराम मन्दिरको स्थापना गरेको, योगी नरहरिनाथले कोटि होम गरेको र पछि परमानन्द स्वामीले आश्रम निर्माण गरी शिवलिंग एवं भव्य मूर्तिहरूको प्रतिष्ठापन गरी वर्तमानमा भक्तभक्तिनीहरूद्वारा पूजा-आजा गरी सञ्चालनमा रहेको छ ।

रुरुक्षेत्रमा अहिले धेरै संघ-संस्था, मठ-मन्दिर, पाटीपौवा, विद्यालय, क्याम्पस, औषधालय आदि रहेका छन् । रुरुक्षेत्रमा अघि व्याकरणशास्त्रका प्रवर्तक पाणिनि मुनिले तपस्या गरेको र त्यहीं गण्डकी किनारमा ध्यान गर्दा बाघले खाएको भन्ने किंवदन्ती छ । त्यसैले पनि होला यो स्थान संस्कृत विद्याको प्राचीन स्थल मानिन्छ । यहाँ अहिले पनि संस्कृत विद्याको धरोहरको रूपमा संस्कृत पाठशाला र रुरु संस्कृत विद्यापीठसमेत सञ्चालित छन् ।

वर्तमानमा भने काली गण्डकी जलविद्युत् आयोजनाले मिर्मीबाट काली गण्डकीको जल सुरुङ्मार्गबाट लगेकोले वर्षाकालमा त्यति असर नपरे पनि हिउँदमा रुरुक्षेत्रमा जलको अभावले गर्दा तीर्थको स्वरूप सौन्दर्य र महिमामा नकारात्मक प्रभाव पारिरहेको छ ।

प्राचीन कालदेखि पौराणिक, ऐतिहासिक, धार्मिक, प्राकृतिक, सांस्कृतिक र पर्यटकीय दृष्टिकोणले महनीय र गौरवशाली रहेको रुरुक्षेत्रमा अहिले तीन जिल्ला जोड्ने तीनमुखे पुलले थप आकर्षण बढाएको छ ।

निचोडमा भन्दा रुरुक्षेत्र अतीतको आँखाले हेर्दा अत्यन्त सुन्दर, पवित्र र महिमान्वित छ, जसको दाँजोमा अरू स्थान पुग्न सकेनन् भन्दा पनि अत्युक्ति नहोला, वर्तमानमा रुरुक्षेत्र अतीतको त्यान्द्रोले जेनतेन बाँचेको छ । भविष्यमा स्मशान घाटको रूपमा मात्र रहने हो कि ?.. । अस्तु ।

ooo

*// गीति कविता //*

# हामी द्यौता खोज्न पाऊँ यतै बगरमा

✍ **गणेश ज्ञवाली**
**वसन्तपोखरी, थोर्गा, गुल्मी**
**हाल : मीनभवन, काठमाडौं**

सानो छँदा काली तर्थ्यौं बल्लबल्ल पौडी
शालिग्राम खोज्थ्यौँ त्यहीँ बगरमा दौडी
अहिले त सुकिन् कठै पौडी खेल्नु कहाँ
बोटे दाइले डुङ्गा तार्थे केही माथि त्यहाँ

(१)

धर्यैँरोको रस चुस्न काली तरी गा'को
बेल टिपी कम्मरमा जतनले ल्या'को
उ बेलाका सम्झना ती हिजै जस्तो लाग्छ
बुढ्यौलीले छोए पनि बैँस त्यसै जाग्छ

(२)

दश हात बढ्ने गर्थिन् दशहरातिर
बगरकै कुनो छुन्थ्यो गण्डकीको तीर
धर्मसँग जोडिएर लाग्ने ठूला मेला
बेपारकै लागि पनि मान्छे हुन्थे भेला

(३)

किन लुक्यो कालीगङ्गा तिम्रो विराट् चित्र ?
भेटिएथे हृषीकेश तिम्रै गर्भभित्र
वारिपारि बगरमा जति खोजे पनि
शालिग्राम भेटिदैनन् कतै यौटा पनि

(४)

मिर्मीमुनि काली थुन्दा बाटै थुनियो कि
रिडी आई उतै जान्छिन् भन्ने भुलियो कि
हामी द्यौता खोज्न पाऊँ यतै बगरमा
उपहार नबनून् भो सस्तो लहडमा

(५)

रिडी तल जल छेक्ने यौटा बाँध बन्दा
काली अझै ठूली होलिन् पहिलेकी भन्दा
त्यसैमाथि चरा खेल्लान् हामी डुङ्गामाथि
त्यहीँ तल माछा मक्ख बनी सबै साथी

(६)

तीन मुखे पुल चढी हेरौं जताततै
देवदत्त ऋषि कतै हृषीकेश कतै
वरिपरि हरियाली उता हनुमान
थरी थरी भाषा भेष आफ्नै स्वाभिमान

(७)

चारधाममध्ये यौटा हाम्रो रुरुक्षेत्र
अमूल्य छन् सम्पदा यी नहून् अलपत्र
व्यापार र आतिथ्यमा छँदैछ यो सभ्य
सडकको सञ्जालले अझै बनोस् भव्य

(८)

ooo

**किरण पुस्तकालयको त्रैमासिक प्रकाशन 'हाम्रो पुरुषार्थ'को शताङ्क २०८० कार्तिकमा स्वर्णजयन्ती विशेषाङ्कको रुपमा प्रकाशनमा ल्याइँदै छ । उक्त अङ्कमा हाम्रो पुरुषार्थले ५० वर्षमा नेपाली भाषा र साहित्यको क्षेत्रमा गरेको योगदानसम्बन्धी लेखरचना पठाई सहयोग गर्नुहोस् ।**

# रिडी पहिले र अहिले

✍ चन्द्रकान्त आचार्य
मसिना कन्टिनेन्टल एसोसिएट्स प्रा. लि.
नयाँ बानेश्वर, काठमाडौं

**त्यस्ता राम्रा हरित कणझैं लाम लागी बसेका**
**डाँडा पाखा अति चहकिला दृश्य ज्यादै खुलेका**
**भञ्ज्याङ्बाटै तलतल भने मूल पानी रहेका**
**छङ्छङ् गर्दै हिमकण लिई चम्कदै गर्जिएका । १/१०**

**ती खोला तल गै मिलेर सँगमा ठूलो नदी गण्डकी**
**हाम्रो क्षेत्र भयो पवित्र अति नै त्यै हो रुरुको रिडी**
**काली पावन गण्डकी जगतमा पानी लिई बग्दछिन्**
**शालिग्राम फिँजाउँदै सतहमा मुस्ताङ् हुँदै आउँछिन् । १/११**

रुरुक्षेत्र रिडीको सुन्दर प्राकृतिक दृश्यलाई पंक्तिकार चन्द्रकान्त आचार्यको महाकाव्य दर्पणका दुई श्लोकबाट दर्शाउँदै पौराणिक तथ्यबाट यस क्षेत्रको महिमा वर्णन गर्न उपयुक्त लागेर स्कन्द महापुराणअन्तर्गत हिमवत्खण्डबाट केही श्लोक उद्धृत गरिन्छ ।

**स्कन्द उवाच**

**माहात्म्यन्ते प्रवक्षामि कृष्णाभायाः श्रृणु ध्रुवम्**
**श्रावणात्पूयते गात्रं बहुपापैर्युतञ्च तत् । ५५/१**
**कुरूते विष्णुरद्यापि वासं तस्याञ्च सन्ततम्**
**स्थावरत्वेन हेतोश्च कृष्णाभायां. घटोद्भव । ५५/२**

कार्तिक स्वामीले भन्नुभयो – हे अगस्त्यमुनि, अब म तपाइँलाई कृष्णा गण्डकीको माहात्म्य बताउँछु सुन्नुहोस् । अनेक पापकर्मले युक्त भएको व्यक्तिको शरीर पनि काली गण्डकीको माहात्म्य सुन्नाले पवित्र हुन्छ किनभने स्वयं विष्णु भगवान् शालग्राम शिला भएर आज पनि तिनै काली गण्डकीको नदीमा बास गरिरहनुभएको छ ।

**यावत्योऽद्रिदरीभवाः सुललिता नद्यो हिमाद्रेरधः–**
**शैलानाञ्च समन्ततो घटज ताः पूतप्रवाहाः सदा ।**
**सप्तानाञ्च तटेषु सङ्गमशुभैः श्रीगण्डकीनां जलै–**
**रन्यासां सलिलैः समं शिवकरैस्तीर्थानि पुण्यानि वै ॥ ५६/२५**

हिमालयको गुफाबाट निस्किएका कञ्चन जल भएका जति पनि सुन्दर नदीहरू छन्, पर्वतका चारैतर्फ फैलिएका ती नदीहरूको प्रवाह पवित्र छ । सप्तगण्डकीलाई पूर्णता दिन तटमा मिल्न आउने कल्याणदायक अरू नदीहरू पनि पवित्र हुन्छन् । ती सबै पुण्यदायक तीर्थ हुन् ।

ग्रन्थसम्पादक/अनुवादक प्रा.डा. वेणीमाधव ढकालको नेपाली रूपान्तरणसहित विद्यार्थी पुस्तक भण्डारबाट प्रकाशित हिमवत्खण्डको ५५ र ५६ अध्यायमा भगवान् विष्णुलाई पतिव्रता नारी वृन्दाको श्राप परेर शालग्राम शीला भएर काली गण्डकीमा रहनु परेको कुरा र हिमालयबाट निस्केका विभिन्न नदीहरूका साथै मुक्तिक्षेत्रको विस्तारमा वर्णन गरिएकाले ती सबै पवित्र नदीहरूमध्ये रुरुक्षेत्रमा मिसिने रिडी नदी पनि त्यत्तिकै पवित्र भएको र रिडी र काली गण्डकीको सङ्गम नै पवित्र क्षेत्र भएकाले यस पवित्र क्षेत्रको बारेमा रचना तयार गर्न पाउनु नै अहो भाग्य संझेको छु र बाल्यावस्थादेखि अहिलेसम्म यस रुरुक्षेत्रको समीपमा रहने र यात्रा गर्ने अवसर पाएका आफ्ना अनुभव प्रस्तुत गर्ने प्रयास गर्दछु ।

## पहिलेको रिडी

आजभन्दा साठी वर्षपहिले २०१८/१९ सालसम्मका कुरा संझने हो भने दाङ्ग, प्यूठानदेखि अर्घाखाँचीका चुत्रावेसी, वाङ्ला, बल्कोट हुँदै गुल्मीका खर्ज्याङ्, गैरीखुट्टाबाट रिडी जाने मूल बाटो अति रमणीय लाग्दथ्यो । हाल मोटर चल्ने सडकमा परिणत भएको सो मूल बाटो जुम्लादेखि पाल्पा तानसेन र पोखरा हुँदै काठमाडौं पुग्ने हुलाकी मार्ग हुँदा त्यस बाटोमा पर्ने गाउँ बस्ती अलि प्रसिद्ध नै हुन्थे र बाटोमा पर्ने धेरै ठाउँमा ठाँटी पौवा आदि भएका र ठाउँठाउँमा पसल राख्ने बजार बस्ती भएकाले मानिस जमघट हुने रमाइला ठाउँ पनि हुन्थे । प्यूठानको बिजुवार र सदरमुकाम खलङ्गा, अर्घाखाँचीका वाङ्ला, बल्कोट र गुल्मीका खर्ज्याङ्, अँघाहा आदि हुदै रिडी बजार त्यति बेलाका प्रसिद्ध ठाउँ मानिन्थे । धेरै जसो मानिसहरू कार्तिकमा पर्ने हरिशयनी एकादशी, माघे संक्रान्ति र ग्रहण लाग्ने समयमा काली गण्डकी नुहाउन रिडी जाने प्रचलन हुँदा यस्ता बजार बस्तीहरू र अलि हुनेखाने कहलिएका व्यक्तिहरूका घरमा बास बस्दै यात्रा गर्ने चलन थियो । साँझका पाहुनालाई सत्कार गर्नुपर्छ भन्ने सामाजिक मान्यता हुँदा त्यसरी यात्रा गर्ने धार्मिक व्यक्तिहरूले प्रायः जसो अतिथिसत्कार पाउने गर्थे । कहिलेकाहीं ठाँटी पौवामा बासको गुजारा गरी आफ्नै खर्च खाएर हिड्ने पनि गरेको सुनिन्थ्यो ।

हाम्रो गाउँ वाङ्ला पहिलेदेखि प्रसिद्ध ठाउँ हो । पश्चिम चुत्राबेसीदेखि उकालो लागेर पटुवाथुम आएपछि पौवा, पसल, मीयागाउँ, टुनीपोखरा, नाङ्गेठाँटी, माझ हटिया हुदै तीर्थथुमसम्म समतल तेर्सो बाटो र बाटोको छेउँछाउँमा रमणीय बस्ती भएकाले सहरबजारको झझल्को आउँथ्यो । यस्तो रमणीय ठाउँमा सजिलो बाटो हिडेर आउने प्यूठानतिरका यात्रीहरू हाम्रो घरमा समय समयमा बास बस्ने र तिनीहरूका रमाइला कुरा सुन्दा हामी केटाकेटीहरूलाई पनि आनन्द आउँथ्यो । रिडीबाट फर्कने समयमा यस्ता परिचित यात्रीहरूले गुँड ल्याइदिने हुँदा त्यस्ता पाहुना घरमा आइरहेहुन्थ्यो भनेर हामी रमाउँथ्यौं । कालान्तरमा हामीले पनि घरका आमाबाबाहरूसँग माघे संक्रान्तिमा रिडी जाने अवसर पाउन थाल्यौं । मेरो

लागि पहिलो पटक रिडी जान हिड्नु नै जीवनको पहिलो यात्रा थियो । घरबाट हजुरआमा, आमा र बाबा मात्र नभै गाउँका पनि धेरै जनाको समूहमा हामी हिडेका थियौं । त्यसरी धेरै ठूला मानिससँग हिड्न पाउँदा नै आफ्नो मन खुशीले दङ्ग थियो, त्यसमा अझ नयाँनयाँ ठाउँहरू हेर्दै ठाउँठाउँका चियापसलमा चिया नास्ता खान पाउँदा यात्राको रमाइलो थपिएको अनुभव हुन्थ्यो । बल्कोटको उकालो, चिदिका खनियाबासको लामो बाटो र ओरालो सिद्धिएपछि खर्ज्याङ् खोला र केही उकालो चढेपछि सानो बजार जस्तो भञ्ज्याङ् गैरीखुट्टा पुगिन्थ्यो । त्यही मिल्थ्यो चिया खाने अवसर र कहिलेकाहीं बास बस्ने तारतम्य पनि ।

त्यसरी हिड्दा र बास बस्ने ठाउँमा वल्तिर पल्तिर अरू यात्रीहरू पनि रमाएर हिड्ने, बस्ने हुँदा त्यस्तो यात्रा अति नै मनोरञ्जक लाग्दथ्यो । दोस्रो दिन केही ओरालो हिडेर मनभाग, अँगाहा, सातमुरे हुँदै अलि सबेरै रिडी बजार पुग्दा संसारकै ठूलो र रमाइलो ठाउँ लाग्दथ्यो त्यो बजार । मनभागदेखि नै भेटिने रिडी खोलाको किनाराको तेर्सो बाटो हिडेर अँघाहा बजार पुगिन्थ्यो । त्यहाँ एकातिर गुँडको बजार लागेको देखिन्थ्यो भने रिडी खोलासँग जम्का भेट हुनलागेजस्तो हुन्थ्यो । त्यसरी भेटाएको रिडी खोलासँगै वारि सातमुरे आदि ठाउँ हुदै निकै लामो बाटो हिडेर आइपुगिने रिडीको ठूलो बजार रिडी खोलावारि नै गुल्मी जिल्लामा पर्दथ्यो भने पुल तरेर पारि जाने क्षेत्र पाल्पा जिल्लामा पर्दथ्यो जहाँ प्रसिद्ध हृषीकेश भगवान्को मन्दिर थियो । तीर्थयात्रीहरू आआफ्ना परिचित अथवा पहिलेदेखि बस्ने गरेका ठाउँमा बस्ने गर्दथे । हामी पनि आफ्नी नजीककी भक्तिनी दिदीकहाँ बास बस्थ्यौँ र बजार घुम्ने अवसर मिल्थ्यो ।

वारि बजारको रमाइलोको साथै तल रिडी खोलाको बगरभरि पाल टाँगेर बनाएको बजार क्षेत्रमा समेत झकिझकाउ रमाइलो पुगेको थियो । गुँड, जेरी, पुरी र अन्य मिठाइकासाथ खाने कुराका विभिन्न परिकारले पूरै बजार क्षेत्र वासनायुक्त हुन्थ्यो भने राडी पाखी काम्लाको व्यापार त्यत्तिकै चलेको थियो । मीठा कुरा खाने र घरको लागि सामान किन्ने उपयुक्त थलो नै रिडी बजार हुन्थ्यो । नेपालका र भारतबाट समेत आएका विभिन्न व्यवसायीले रमाइला खेल पनि प्रदर्शन गर्दथे । यसरी धेरै टाढादेखि आएका तीर्थयात्रीहरू रातिसम्म बजारमा सामान किन्न र रमाइलो हेर्न व्यस्त हुन्थे । अर्को दिन बिहान तीन चार बजेदेखि नै तीर्थयात्रीहरूको लर्को काली गण्डकी किनारातिर लाग्दथ्यो । पारि स्याङ्जा जिल्लाको बिर्घाको फेंदी एकातिर देखिन्थ्यो भने अर्कोतिर पाल्पा जिल्लाका मनोरम पहाडी क्षेत्र हेर्दै गुल्मी जिल्लाको किनाराबाट यो विशाल जलराशि हेर्दा संसारमा यति विशाल नदी अन्यत्र कतै छैन होला जस्तो लाग्थ्यो । त्यति विशाल काली गण्डकीको तीरमा पुगेर माघ १ गतेको बिहानको चिसोमा ठूला मानिसहरू पहिले नुहाउँथे र हामी केटाकेटीलाई पनि गण्डकीमा

चोपलिदिन्थे । काली गण्डकीमा स्नान गरेपछि पारि पाल्पा जिल्लामा पर्ने सानो बजार क्षेत्रमा रहेको भगवान् हृषीकेशको मन्दिरमा दर्शन गर्न तीर्थालुहरू लामबद्ध हुन्थे । त्यसरी हृषीकेशको दर्शन गरेपछि यस रिडी भ्रमणको कार्य पूरा हुन्थ्यो र केही सामान किन्न छुटेको भए त्यस्ता सामान किनेर खाना खाइवरि तीर्थालुहरू आफ्ना घरतिर फर्कन्थे । फर्कने बेला अँघाहामा बसेर गुँड किन्ने प्रचलन जस्तै थियो । यसरी गरिएको पहिलो रिडी यात्राले मन मस्तिष्कमा ठूलो छाप छाडेको छ ।

## अहिलेको रिडी

अहिले काली गण्डकी पारि पुगेकी छन् अर्थात् मिर्मीमा बाँध बाँधेर काली गण्डकी ए जल विद्युत् परियाजनाको लागि पानी लगिएपछि गण्डकी सुकेर बगरमा परिणत भएको हो । तल आएर अरू खोलाहरू र बडीगाड खोला मिसिएपछि केही मात्रामा नदीमा पानी थपिएको हो । तथापि पुरानो गण्डकीको तुलनामा यो सानो खोला हो र त्यहाँ स्नान गर्नको लागि धेरै बेर बगरमा हिडेर मात्र नदी बगेको ठाउँमा पुगिन्छ । पहिलेको रिडी बजार अर्कै थियो । बगैंचाबाट तल काली गण्डकीको किनारसम्म बजार अवलोकन गर्दै भक्तिनी टोल पुगिन्थ्यो र तुरुन्तै गण्डकीको किनारा भेटिन्थ्यो । त्यहाँ नजिकै रिडी खोलामा अस्थायी पुल हुन्थ्यो । त्यो तरेर पारि गइन्थ्यो । वारिपारि गण्डकीको किनारामा नै बजार बसेका हुन्थे, तर अहिले त गण्डकी कालीपार पुगेकी छन् भने पहिले देखेको रिडी बजार हराएर माथि बगैंचामा यौटा ठूलो बस पार्क र त्यसका वरिपरि केही होटलहरू मात्र देखिन्छन् । अहिले यहाँ ठूलो पुल छ । त्यो तरेर गाडीहरू पाल्पातिर लाग्दछन् । काली गण्डकीको सम्झनामा एक दिनको यात्रा यहाँ प्रस्तुत गर्न उपयुक्त लाग्यो ।

२०६६ माघ १० गते म स्याङ्जा जिल्लाको मिर्मीस्थित काली गण्डकी जलविद्युत् परियोजनाको ड्याम साइटमा उभिएको छु । मेरो अगाडि विशाल जलभण्डार छ । सामुन्ने गुल्मी जिल्लाको हर्मिचौर र माथिमाथि अर्बेनीका डाँडा देखिन्छन्, पछाडि स्याङ्जा जिल्लाको सुन्दर बस्ती मिर्मी र दायाँतिर आँधीखोलाको पारिपट्टि स्याङ्जा जिल्लाकै अग्लो डाँडा छ । त्यहाँबाट दायाँ फर्केर हेर्दै जाँदा सेती बेनी हुँदै आएको काली गण्डकीको साँघुरो भाग र त्यसपछि काली र आँधीखोलाको दोभानमा जम्मा भएको निर्मल स्वच्छ पानीको अथाह भण्डारले अनौठो दृश्य निर्माण गरेको देखिन्छ । त्यसरी ताल परेको विशाल नीलो जलभण्डारबाट आँखा हटाएर बायाँतिर तल फर्किंदा काली गण्डकी बग्ने त्यस चौडा नदी खण्डमा सानोसानो खहरे बगेजस्तै देखिन्छ र त्यस सुखा क्षेत्रले यो विशाल नदी मात्र होइन जम्मा भएको त्यो अथाह जलभण्डार कतै हराएको जस्तो लाग्छ । हो, त्यो पानी हराएकै रहेछ अर्थात् जमीनभित्र पसेर नजानिदो गरी सुरूङको बाटो स्याङ्जाको कृष्णा गण्डकी गाविसको अग्लो पहाडलाई छेडेर

बेल्टारीमा खसेको रहेछ । यसरी प्रविधिको विकासले एक ठाउँको ठूलो जलराशिलाई अर्को ठाउँमा ल्याई खसाउने र त्यसबाट विद्युत् उत्पादन गरी देशभरि विद्युत् फिजाउन सम्भव भएको कुराले मलाई सन्तुष्टि प्रदान गरे पनि मिर्मीबाट तलपट्टि काली गण्डकीको त्यो सुखापन र त्यसैको परिणामस्वरूप रिडीमा काली गण्डकी सानो भएर पारिपट्टि देखिने दारूण दृश्यको सम्झनाले दुःखित तुल्यायो । तर पनि काली गण्डकी र आँधीखोलाको संगममा प्रकृति र प्रविधिको त्यो संयोग अत्यन्त रमणीय लाग्दथ्यो र त्यस सुन्दर दृश्यबाट आँखा हटाउन मन लाग्दैनथ्यो ।

केही समयपछि हामी मिर्मीबाट फर्केर गल्याङनजिकै बटुवा भन्ने ठाउँबाट राम्दीतिर झर्दछौं र त्यहाँ पुलको छेउमा उभिएर म काली गण्डकीतिर दृष्टि फर्काउँछु । हो, काली गण्डकी त्यसैगरी अविरल बगिरहेकी छन् जसरी पचास वर्षपहिले मैले रिडीमा देख्दा बगिरहेकी थिइन् । त्यतिबेला मेरो बालमस्तिष्कमा त्यो नीलो जलराशि कसरी एकीकृत भएको होला र अविरल गतिमा कुन प्रयोजनले बगेर कहाँ पुग्ने होला भन्ने अनेक प्रश्न उठेका थिए ।

मेरो बालमस्तिष्कमा काली गण्डकी रिडीमा मात्र छन् भन्ने छाप परेको थियो र गण्डकी क्षेत्र भनेको रिडी मात्र हो भन्ने लागेको थियो । पछि म विद्यार्थी जीवनमा धेरै पटक रिडी, अर्गली हुँदै पाल्पाको हार्थोक, मस्याम र दोभानको बाटो गरी बुटवल पुग्ने र त्यहाँबाट पुराना थोत्रा बस चढेर भैरहवा हुँदै भारत प्रवेश गरी गोरखपुरको बाटो दाइहरूसँग बनारस जाने गर्दथें । बनारसमा ठूली गंगा भागीरथी देख्ने र तिनमा धेरै पटक चोपलिएको भए पनि बाल्यकालमा देखेको काली गण्डकीको विशालताजस्तो आश्चर्य मलाई लागेन । पछि इन्जिनियरिङ विषय पढ्न सोभियत संघमा ६ वर्ष रहँदा गर्मी याममा धेरै पटक ब्ल्याक सीको किनारमा रहेका आरामगृहहरूमा जाने अवसर पाएको हुँ र काली गण्डकीको विशालताको छाप परेको मेरो मनले ब्ल्याक सी अर्थात् कालो समुद्रमा तैरिन पाउँदा औधि आनन्दको अनुभव गरेको हो र कतै तिनी काली यति टाढा आइपुगेर कालो समुद्रमा परिणत भएकी रहिछन् कि जस्तो लागेको हो ।

६ वर्षको मास्को प्रवासबाट २०३० सालमा म नेपाल फर्किंदा सिद्धार्थ र पृथ्वी राजमार्ग बनेका थिए तर पनि घर जाने बेलामा जहाजबाट भैरहवा पुगी रिडीको बाटो नै यात्रा गर्ने सौभाग्य पाएकाले फर्कने बेला मात्र बस चढ्न पाएँ । म अर्घाखाँचीदेखि काठमाडौं पुग्न रिडीमा तिनै काली गण्डकीको क्षेत्र हुँदै तानसेन पुगेर बस चढेको हुँ र स्याङ्जा, पोखरातिर पहिलोपटक बस चढ्दा राम्दीमा पुनः काली गण्डकीलाई भेटाएको हुँ ।

काली गण्डकीमा धेरै पानी बग्यो र मेरो मस्तिष्कको सानो घेरा पनि बृहत् बन्दै गयो । त्यसपछि मैले कालीलाई म्याग्दी र मुस्ताङ जिल्लाहरूमा सानो रूप हुँदै

गएकी भेटाएँ भने देवघाटमा नारायणीमा समाविष्ट हुने बेलाकी बृहत् गंगाको रूपमा पनि भेटाएँ । यसरी काली गण्डकी कहाँबाट कहाँ पुगेकी छन् भन्ने मेरो बाल मस्तिष्कको प्रश्नमा जीवनका घटनाक्रमका आरोह–अवरोहमा आफैंले उत्तर भेटाएँ ।

विश्वप्रसिद्ध रूसी साहित्यकार लियो टल्सटायले आफ्नो उपन्यास अन्ना करेनिनाको अन्ततिर लेभिन भन्ने पात्रमार्फत भनेका छन्, "मेरो जीवन महासागरमा उठ्ने पानीको फोकासरी अनित्य छ । " हो, यस अनित्य जीवनका चक्रहरूमा रुमल्लिँदै हामी यी विशाल जलराशिअगाडि उभिन पुगेका हुन्छौं र आफ्नो जीवनको सार्थकता सिद्ध गर्न यिनकै गतिको समीक्षा गर्न तत्पर हुन्छौं । म पनि आठ वर्षको उमेरमा आफूले देखेको रिडीको त्यस विशाल जलराशिलाई यही मिर्मीमा नै थुनेर के गर्न लागिएको छ भनेर अहिले पचास वर्षपछि अनुसन्धान गर्न पुगेको छु र भन्दैछु – प्रकृतिको यस वरदानलाई प्रविधिले साथ दिएको छ । हामीले कालीलाई मिर्मीमा थुनेर रिडीलाई रित्तो गराए पनि गाउँगाउँका अँध्यारामा प्रकाश छर्दै हाम्रा सन्ततिहरूलाई क्यासेट र टीभीका पर्दाबाट मनोरञ्जन दिने मात्र होइन विश्वसामु नजिक पुऱ्याउन इन्टरनेटको सुविधा घरघर भित्र्याउन त्यसै थुनिएको पानीलाई प्रयोग गरिरहेका छौं । त्यो पानी कालीकै किनारामा बेल्टारीमा झरेपछि विद्युत् उत्पादन गरेर राम्दीमा पुग्दा पुनः पुरानै रूपमा काली गण्डकीमा परिणत भएको कुराले यस नदीको नित्यता र आठवर्षे मेरो बालमस्तिष्कलाई साठीवर्षे प्रौढताले गिज्याइरहेको अवस्थामा काली गण्डकीको पानीको एक फोकासरी हाम्रा जीवनहरूको अनित्यता प्रतिविम्बित हुन्छ र त्यसरी पानीको फोकासरी अनित्य जीवनको परिभाषा दिने महान् विश्व साहित्यकार लियो टल्सटायको नाम अमर रहेको यथार्थले हामीलाई पनि केही गरौं भन्ने प्रेरणा दिन्छ र म पनि भविष्यका सन्ततिहरूलाई लोडसेडिङको अवस्था झेल्न नपरोस् भन्ने कामना गर्दै काली गण्डकीका विभिन्न ठाउँमा उत्पादन गरिने जलविद्युत्लाई केन्द्रीय प्रसारण लाइनसम्म पुऱ्याउन काली गण्डकी करिडोर प्रसारण योजनाअन्तर्गत प्रसारण लाइनहरूको रेखांकनतिर लाग्दै त्यस अथाह जलभण्डारबाट दृष्टि हटाएर स्याङ्जा, गुल्मी र पाल्पातिरका पर्वत शृंखलाहरूतिर दृष्टि पुऱ्याउन सुरू गर्छु । म काली गण्डकीको अविरल गतिसँगै आफ्नो जीवनलाई पनि अविरल बनाउने प्रयास गर्दै कामना गर्दछु– जन्मजन्मान्तरहरूमा यिनकै तटका हरियालीमा रमाइरहने अवसर मिलोस् र यिनको नित्यतालाई सदैव स्वागत गर्न पाइयोस् ।

महिमामयी काली गण्डकीले पवित्र तुल्याएको र भगवान् हृषीकेशको पावन मन्दिर भएको रुरुक्षेत्र रिडीको संस्मरण लेख लेख्ने अवसर पाएकोमा 'हाम्रो पुरुषार्थ'को व्यवस्थापनप्रति कृतज्ञताले शिर निहुरेको छ । अस्तु ! ।

ooo

// संस्मरण //

# मेरो जन्मभूमि रिडी : मीठा सम्झनाहरू

✍ **भागीरथी श्रेष्ठ**
**रिडी, गुल्मी**
**हाल : काठमाडौं**

मेरो जन्मभूमि "रिडी" शब्द मेरो लागि अत्यन्त प्यारो मीठो र आत्मीय शब्द हो । जुन शब्दले मलाई यति मोहित र हर्षित बनाउँछ कि रिडीको बारेमा कसैले लेखेको पढ्न पाउँदा, कसैले रिडी गएको सन्दर्भ सुनाउँदा, टीभी, यू-ट्युवमा रिडीको महत्त्वपूर्ण दृश्यहरू देखाउँदा मनमा उत्साह भरिन्छ । श्रद्धा र खुशीको प्रवाह नै बहन्छ मनमा ।

आफू जन्मेको त्यो प्यारो भूमि, पहिलो पल्ट त्यो धरामा आँखा खुलेको, आफ्ना समस्त बाल्यकाल र युवाकालले बयली खेलेको पवित्र स्थान, साहित्यको "क" चिनाएको त्यो ऊर्जास्थललाई कहाँ बिर्सन सक्छु र ?

चाहे त्यो स्थान अनकण्टार होस्, अविकसित होस्, आकारमा सानो होस्, जस्तोसुकै विकट होस् त्यसले यो मनभित्रको भावनात्मक सम्बन्धलाई कहाँ छोपिदिन सक्छ र ? मेरो जन्मभूमि रिडी मात्र होइन सारा गुल्मी जिल्लाप्रति नै मेरो मनमा अथाह स्नेह छ, आदर छ, सद्भाव छ ।

जन्मभूमिप्रतिको अगाध श्रद्धा र प्रेमलाई कसैले खोस्न सक्तैन जास्तो सुकै महान् व्यक्ति किन नहोस् - उसको श्रद्धाको पहिलो केन्द्र आफ्ना आमाबुबा र जन्मभूमि हुन्छ ।

रिडी निवासी आफन्तहरू, शुभचिन्तकहरू, साथीभाइहरू, इष्टमित्रहरू काली गण्डकीको तिख्खर मीठो पानी, हृषीकेश भगवान्, भृगुतुङ्गेश्वर, अचम्मेश्वर (महादेव) विभिन्न मठमन्दिरहरू, रिडी खोला, भक्तिनी आमाहरू, पूर्वको डाँडामा अवस्थित ढुँगाको ठूलो हनुमान्को मूर्ति, बगरका ढुँगाहरू, काली गण्डकीमा पाइने शालिग्राम, आँपको बगैंचा, ख्याहा गाउँको दही, थोर्गाको रायोको साग, सालघारी वन, रातमाटा गाउँको रातो माटो, बडेमानका वरपिपलका रुख, पश्चिम भटकुवा गाउँको दलित जातिले बोकेर ल्याएको दाउरा र फलामका भाँडा कुँडाहरू, रिडीको लामो वरपिपलको चौतारी (२०१८ सालको बाढीले नष्ट गरेको) गल्फुल ओढारको गुफा, अर्गली कालीपार ख्याहा, कुसेनी, भटकुवा, थोर्गा गाउँहरूलाई संधै सम्झन्छु । भटकुवाका कामी जातिहरू जसले रिडीमा आएर दाउरा बेचेर

जीवन गुजारा गर्थे, तिनीहरूको दयनीय अवस्था, मैले पढेको हाइ स्कूल पाठशाला, बुद्धबिहार, अर्गलीमा अवस्थित जुद्धशम्शेरको दरबार, अर्गलीको खेतमा झुलेका धानका बालाहरू, रिडी खोलामा पौडेको, लुगा धोएको, सानोमा गोंरो भन्ने काठको फल्याक जस्तो बोर्डमा अंगारले कालो बनाएर क, ख, लेखेको क्षण, यस्तै अनगिन्ती अविस्मरणिय स्मृतिहरू आज पनि ताजा भएर सबैसबै मेरा लागि प्रिय छन् ।

मेरो जन्मभूमि मेरो लागि कहिल्यै ननिभ्ने अमर दीप हो । मेरो हृदयको गुफामा सँधै बलिरहने मेरो प्रिय भूमि । मेरो लेखनको खजाना ती सबैसबै मेरा लेखनका आधार स्तम्भहरू हुन् । जसलाई मैले आफनो लेखनमा जीवन्त बनाएकी छु ।

बाल्यकालमा काली गण्डकीको माथिपट्टि लामो टहरो भएको पाठशालामा पढ्थें । कति वर्षकी थिएँ, कुन क्लासमा हो, कति सालको कुरा हो – मलाई यकिन थाहा त छैन । शायद दुई तीन कक्षामा पढ्दा ताका हो कि जस्तो लाग्छ । बाँसको कप्टेराले बारेर निकालिएका साना साना कोठाहरू । काठका बेन्च, एउटा क्लासबाट अर्को क्लासमा जाँदा त्यही कक्षा कोठाको ढोकाबाट जान सकिने । त्यो प्राइमरी स्कूल थियो । त्यहाँ पढाउने सर मध्ये कमलपोखरीबाट आउने विजय शाह सरलाई बिर्सन सक्तिनँ । पछाडि ढाड अलि उक्सिएको कारण कुप्रिएर हिड्ने भएकोले उनको पछाडि 'कुप्रे सर' भनेर सम्बोधन गर्थ्यौं । उनी साह्रै रिसाहा र कडा । विद्यार्थीहरूले पाठ बुझाउन नसक्दा बाल्टीभरि पानी राखेर एक बडेमानको मुठा सिस्नो पानीमा चोबल्दै विद्यार्थीलाई झ्याम् झ्याम् हानेर तिनीहरू कंकला शब्द गरेर रोएको दृश्य आज पनि सम्झँदा मन दुख्छ । अझ तिनीहरूको हातखुट्टा डोरीले बाँधेर भुईंमा लडाइएको हुन्थ्यो । त्यो सरको हातमा सँधै एउटा मोटो लठ्ठी हुन्थ्यो । हामी सबै त्यो सरसँग र मोटो लठ्ठीसँग सँधै डराउँथ्यौं । खै त्यतिबेला पढाइप्रति ध्यानै जान्नथ्यो । बरू पिटाइ खाइन्थ्यो ।

चोर औंला देखाएर पिसाप र दुई औला देखाएर दिसा गर्न जाने चलन त्यही सरले चलाउनुभएको थियो । दिसा र पिसाप गर्ने समय पनि तोकिएको थियो । दिसापिसाब गर्न विद्यार्थी गएपछि सरले घडि हेरेर बस्थे । समयमा नआएमा लठ्ठीको हिकाई खानुपर्थ्यो । म पनि एक दिन समयमा आउन नसक्दा सरको लठ्ठीको जोडको हिर्काइले मेरो देब्रे हातको हत्केला सुन्निएर रातै भएको थियो । त्यो दुखाइ र रातो भएको हतकेला मेरो आँखामा झलझली आउँछ । त्यति मात्र कहाँ हो र, पाठ बुझाउन नसक्ता कुखुरा बनाएर ढाड माथि ईंटा राख्दा कक्षाका साथीहरू हाँसेको र आफूलाई पनि हाँसो खप्न नसकेर हाँस्दाहाँस्दा आफैं भुईंमा ढलेको याद आउँछ ।

स्कूलको अलि तल उत्तर मुक्तिनाथबाट बग्दै आएकी काली गण्डकी हिउँदमा शान्त देखिने, वर्षामा रौद्र रूप धारणा गर्ने । प्यास लाग्दा सबैजना पालै-पालो पानी खान जन्थ्यौ । सबै गंगाजीको पानी पिउँ जस्तो हुने चर्को प्यास लागेको बेलामा । दुई हातको अंजुलीले पानी ओबाएर पिउथ्यौं जति सक्दो त्यतिसम्म ।

हाफ छुट्टीमा भट्टराई बाजेको दुकानबाट २५ पैसाको बम्बैसन किनेर बैदार्नी अजीकहाँबाट पाँच पैसा ढ्याकबाट काब्रो, कोइरालो, केरा, केराउ राखेर बनाएको मिक्स अचार दुनाभरि किनेर, गंगाजीको किनारामा स्थित ठूलो ढुङ्गामा अडेस लगाउँदै सिन्काले अचार खान्थ्यौं साथीहरूसँग मिलेर । कहिले काहीं सानेदाइको प्रसिद्ध क्वेंचाकू (दूध, मिश्री, बदाम, घ्यू राखेर बनाएको रोटी जस्तो भुरुमभुरुम हुने) बलबहादुर के.सी. को चुकाउनी अचार पनि हाम्रा प्रिय खान्की थिए ।

रिडीको स्कूलमा चर्पीको व्यवस्था थिएन । सबै जना गंगाजीको छेउछाउको बगरमा दिसापिसाब गर्थे । फोहोरको सीमा नै थिएन । तर खै किन हो, बानी भएर हो कि बाध्य भएर हो घिनै लाग्दैनथ्यो । बाध्यता र बानी भएर होला ।

रिडीमा पिउने पानीको लागि काली गण्डकीकै भर थियो । कुनै धारा, कुवा, पंधेरा केही थिएनन् । हिउँदमा गंगाजीको पानी संग्लै हुन्थ्यो । वर्षाको त्यो फोहोर हिलो पानीमा नुहाउने र गाग्रीमा भरेर ल्याउनु पर्थ्यो । मलमलको कपडाले छानेर भात पकाउँदा अर्गलीको त्यस्तो सेतो चामल रातै हुन्थ्यो । गाग्रीको पिंधमा हिलो थिग्रिन्थ्यो । काली गण्डकीले भएभरको फोहोर मलमूत्र बगाएर ल्याएको पानी खाँदा पनि फोहोर र सिकसिक लाग्दैन्थ्यो । अचम्म ! त्यस्तो फोहोर पानी पनि काली गण्डकीको पवित्र जल भनेर श्रद्धाले नै पिउँथ्यौं । तीर्थस्थल भएको हुनाले चारैतिका टाढाटाढाका गाउँहरूबाट लास ल्याउने र काली गण्डकीको तीरमा जलाउँथे । धेरै जस्तो लास पोलेको अंगार र लासको चिल्लेपन तैरदैं बगेर किनारामा आउँथ्यो । हामीले गाग्रीमा पानी भर्दा त्यो सबै पन्छाएर भर्थ्यौं । यो पनि हाम्रो लागि बाध्यता नै थियो ।

पोले पनि घामै जाती पिटे पनि आमै जाती भने झैं आफ्नो जन्मभूमिमा भएको कुनै कमीकमजोरीको त्यति बेला कुनै गुनासो थिएन । बरू आजभोलि भन्ने गर्छु कस्तो फोहोर पानी खाएर हुर्केका हामी ।

वर्षको हरेक महिना जस्तो हुने धार्मिक अनुष्ठान, जात्राहरू, कार्तिक हरिबोधनी एकादशीमा सम्पन्न हुने हृषीकेश भगवान्को भव्यजात्रा, माघे सङ्क्रान्तिमा गाउँहरूबाट काली गण्डकीमा स्नान गर्न आउने तीर्थ यात्रुहरू, सत्बीज छर्ने शुभदिन, शिवरात्रिजस्ता अनेकौं धार्मिक कार्यक्रमहरू बडो धुमधामसँगै सम्पन्न हुन्थ्यो । माघे सङ्क्रान्तिको बेला पाल्पा र तानसेनबाट चुरा पोते, मिठाइ र

अन्य व्यवसायका सामाग्रीहरू लिएर व्यापार गर्न आउँथे । ढोर पाटन, जुम्ला, र अन्य गाउँहरूबाट राडी पाखी, घाँजी, डोको, नाम्लो, कुचो, माटाका भाँडाकुँडाहरूले खोला किनाराको बगर ढाकिन्थ्यो । रातभरि मादल बजाउँदै नाचगान गर्थे ।

रिडी नेवार जातिको बाहुल्य भए पनि अन्य जातिहरूसँग त्यतिकै सद्भावका साथ मिलेर बसेका थिए । नेवार जाति भएको हुँदा आफ्नो परम्पराअनुसार गुठी पूजा, कुलपूजा, सिठ्ठी नखा, बिस्कानखा, गाईजात्रा, रामायण, लाखेनाच, गठेमंगल इत्यादि कार्यक्रमहरू बडो धुमधाम र रमाइललोसँग सम्पन्न हुन्थ्यो ।

धार्मिक महोत्सव भइरहने हुँदा मलाई पनि पूजा अनुष्ठानमा रुचि लाग्थ्यो । कार्तिक महिनाभरी हामी दशपन्ध्र जना साथीहरू बिहानै गंगाजीमा स्नान गरेर आफैंले बडो कलात्मक तरिकाले फूलले थाली सजाएर विभिन्न देवी देवताहरूको मन्दिरहरूमा पूजा गरेपछि अन्तिममा काली गण्डकीको किनारमा बालुवाका शिवलिङ्ग बनाएर पूजा गरेपछि विहानको पूजा विसर्जन हुन्थ्यो । साँझमा आरती गर्न पनि तामाको छाप्री भरी बत्ती राखेर बालेको दियो राखेर बिहानझैं विभिन्न मन्दिरहरूमा आरती गरेपछि अन्त्यमा काली गण्डकीलाई आरती गर्थ्यौं र बालुवामाथि साथीहरूसँग कवर्डी, लुकामारी खेलेर घर फर्कन्थ्यौं झमक्क साँझ परेपछि । कस्तो रमाइलो हुन्थ्यो । विडम्बना के हुन्थ्यो भने महिना पुग्दानपुग्दै हामी साथीहरू बीच लुछाचुँडी, धारे हात लगाएर गालीगलौज भएपछि हामी छिन्नभिन्न भएर बोलिचाली नै बन्द हुन्थ्यो । धारे हात लगाउँदै "मर......मर..." भनेर जोशले एक अर्कालाई गाली गर्दा लाग्थ्यो अहिले नै त्यो शत्रु साथीको मृत्यु हुनेछ । हरे ! कस्तो जोशले धारे हात लगाइन्थ्यो एक अर्कालाई । हामी साथीहरूबीच बोलचाल बन्द भएको थाहा पाएपछि स्कूलमा सरले नबोल्ने साथीहरूलाई बोलाएर एक अर्काको नामले सम्बोधन गरेर हात मिलाउन लगाएपछि हाम्रो बोल्ने बाटो खुल्थ्यो । पहिले जस्तो सहज तरिकाले बोल्न कम्ती लाज लाग्दैनथ्यो । पछि पछि पहिले झैं साथ हुन्थ्यौं । हाम्रो मनमुटाव कपूरझैं उडेर जान्थ्यो ।

जीवनको प्रौढावस्थामा आएपछि बुटवल, रिडीतिर भएको बेला भेट भएका साथीहरूसँग बाल्यकालको अगाडिका सन्दर्भहरू निकाल्दा हामी मरीमरी हाँस्ने गर्थ्यौं ।

हामीबीच झगडा हुने कारण के थियो भने ठूलो कारण कुनै थिएन । केही साथीले बाटो काटेर नबोलाईकन नुहाउन जाँदा, पूजा गर्न जाँदा, एक अर्काले कानेखुशी गर्दा, हिंडदा हिंड्दै छोडेर जाँदा, एक अर्कालाई छुल्याउँदा हाम्रो

झगडाले उग्ररूप लिन्थ्यो । हाम्रो पूजाआरधना त झगडाले खाइदिन्थ्यो । आज सम्झँदा अचम्म लाग्छ ।

काली गण्डकी जस्तै रिडी खोलासँग पनि मेरो गहिरो सम्बन्ध छ । प्रेम छ । खोलामा नुहाउने जाडो महिनामा पानी तताएर लुगाधुने, पौडी खेल्ने बिहानदेखि साँझसम्म पालो गरेर लुगा धुने । खोला किनारामा नुहाउने र लुगाधुने खालि हुँदैनथ्यो । बिचरा भक्तिनी आमाहरूले साबुन किन्न कहाँ सक्नु ? पातको मुठा, बत्ती बिक्री गरेर आफ्नो जीविका चलाउने भक्तिनी आमाहरूसँग साबुन किन्न पैसा हुँदैनथ्यो । खरानीमा लुगा उमाल्ने र हामीसँग लुगा धोएको साबुनको फिँज मागेर मैलो लुगा बडो बलले धेरैबेरसम्म मिचेको दृश्य आज पनि सम्झन्छु ।

बिहानै खोलाको तिरमा बजारका युवा, बूढाहरू दिसा गर्न जान्थे । पिसाब त जहाँ कुना पायो त्यहीं फेर्ने चलन थियो । हामीले लुगा धोएर सुकाउँदा 'गु'लाई ढुंगाले छोपेर त्यसमाथि लुगा सुकाइन्थ्यो ।

जात्राहरूमा आमाबुबाहरूलाई व्यापार गर्न फुर्सद नभएर पाहुनाहरू आउलान् भनेर डराउने, मैले भने रमाइलो हुन्छ भनेर पाहुनाहरू आवस् भनेर भगवान्सँग प्रार्थना गर्ने, 'आमाको दुःख नबुझ्ने', किनभने आखिर भात आमाले पकाउनुपर्थ्यो । कसरी भ्याउनु ? तर पनि पाल्पाबाट, गाउँहरूबाट पाहुनाहरू त आइहाल्थे । आमालाई भ्याई नभ्याई हुन्थ्यो ।

मेरो माइतीघर सँगै बुद्धविहार थियो । जसको नामाकरण 'सुगन्धविहार' मेरो बुबाले नामकरण गर्नुभएको थियो । आफ्नै घरको तल दलानमा हुलाक थियो । बुबा त्यो हुलाकको हाकिम हुनुहुन्थ्यो । मेरो बुबा शान्तिप्रिय, उदार र स्वतन्त्र स्वभावको हुनुहुन्थ्यो भने साहसी हिम्मती जाँगरिलो र मिहेनती हुनुहुन्थ्यो । बजारमा कहीं कसैको झै-झगडा हुँदा बुबा मध्यस्थकर्ता भएर मिलाउनुहुन्थ्यो ।

बिहारमा भिक्षुणी गुरुमा तान्सेनबाट बस्न आउनु भएपछि हरेक पूर्णिमा र अष्टमीमा शीलप्रार्थना गर्ने, पञ्चशील लिने, बुद्धभजन गर्ने परम्परा बस्यो । सानैदेखि बुद्ध धर्ममा लागें । हरेक वैशाख पूर्णिमामा भगवान् बुद्धको जात्रा हुन्थ्यो । बजारभरि बुद्ध भजन गर्दै परिक्रमा गर्थ्यौं । आफैंले बुद्ध भजन लेखेर बुद्ध जयन्तीमा गाउने गरिन्थ्यो । सबै धर्मप्रति मेरो आस्था थियो ।

सबै कुराहरूका सम्झनाहरूले मलाई घच्घच्याउँदा भटकुवाका गरिब कामीकमिनीहरूले झुत्राझात्री टालेका, मैलो धोती लगाएर दाउरा बेच्न आएका ती मैली धैली कमिनी दिदीबहिनीहरूलाई कति बाँड्थैं हुँला । दुख्छ मेरो मन अझै पनि । गर्भवती कमिनी दिदीबहिनीहरूको ढाडमा बडेमानको ठूलो दाउराको

भारी, अगाडिपट्टि सानो दुधे बच्चा, कहिल्यै तेल, साबुन र काईंयो नदेखेको जगल्टे, झ्यामलाङ्ग लिखाजुम्रा टल्केको धुलो मैलो कपाल, ठाउँठाउँमा प्वाल परेको या टालटुल गरेको झुत्रे मैलो साडी, त्यो पनि शरीरलाई पूरा नढाकेको फरिया काखीमा च्यातिएको थोत्रो चोलो, खाली खुट्टा चोलोको तुनामा झुण्डिएको मैलो थैली । सानो रूमालमा पोको पारेको रित्तो टिनको बट्टा र रित्तो बोतल, चिरा परेको कुर्कुच्चा उनीहरूका शरीरबाट प्रष्ट देखिने गरीबीका चरम दृश्य थिए । त्यतिबेला बजारका महिलाहरूले आफूले लगाएर थोत्रो बनाएका लुगाहरू टालेर लगाउन दिन्थे । तिनीहरूले सद्दे र नयाँ लुगा कहाँ लगाउन पाउनु ? कहिलेकाहीं ती गर्भवती महिलाहरू दाउरा लिएर बजारमा बिक्री गर्न आउँदा बाटोमा सुत्केरी भएको पनि सुनेकी थिएँ । दुई रूपैयाँमा दाउराको भारी बिक्री गरेर जीविका चलाउँथे ।

यस्ता अनगिन्ती घटनाहरूको साक्षी भएकीले लेखनमा आफ्नो जन्मभूमिबाट कथाहरूका धेरै विषयवस्तुहरू पाएकी छु । आज पनि कथा लेख्दा उतैको वातावरण परिवेश मानिसका दुःखहरूले उनीहरूको चरित्रहरूले त्यहाँको घटनाहरूले मलाई प्रभावित पारिरहेका हुन्छन् । ती सबै मेरा लेखनका खुराकहरू हुन् । त्यही मेरो जन्मभूमिको माटोले म कथाकार हुन सकेको गर्वसँग भन्छु ।

मेरी जन्मभूमि, मेरो माइतीदेश रिडीलाई शतशः प्रणाम ।

मेरो लेखनका प्रेरणाका अजस्र सोत मेरा जन्मभूमिका सम्पूर्ण चलअचलप्रति हार्दिक नमन ।

ooo

बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

*// लेख //*

# रिडीक्षेत्र र यसको महत्त्व

✍ **युवराज भुसाल**
**मदाने–२, बाँझकटेरी, गुल्मी**

## १. परिचय

मध्यनेपालको गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको सङ्गमस्थल नै रिडीक्षेत्र हो । यहाँ रिडी खोला र काली गण्डकी[1] नदी आपसमा मिसिन्छन् । इतिहासकार डा. राजाराम सुवेदीले रुरु नाम गरेकी देवकन्याले रिडी र कालीको दोभानमा तपस्या गर्दा रुरुक्षेत्र भएको बताएका छन् (सुवेदी, २०५५:५, ३३, सूचना विभाग, २०३१:७२६) । पौराणिक कालमा रिडीक्षेत्रको नाम रुरु थियो । कालान्तरमा यसलाई रिडी भनिएको हो । यसको नामकरणका बारेमा विद्वान् पं. ज्ञानेश्वर सरस्वती शास्त्रीले लेख्नुहुन्छ,

**"ऋणानां सहजातानां त्रयाणां मार्जनादियम् ।**
**ऋणीति नाम तटिनी प्रतिच्या आगताखलु ।**

**हिमालयादुत्तरतःशालग्रामोदरानदी ।**
**वहन्ती हन्ति पापानिजन्तुनामिह मज्जताम् ॥**

**उभयोः संगमे वेण्यां हृषीकेश इतिप्रभु ।**
**कलौ मुक्ति प्रदानाय राजते ध्यायतां सतम् ।"**

(अर्थात्, मानिस जन्मदा लिएर आउने तीन ऋण (देवऋण, पितृऋण र ऋषिऋण) लाई हटाइदिने हुनाले ऋणी भन्ने नाम भएकी नदी पश्चिमतिरबाट आएकी छन् । उत्तर दिशा हिमालयदेखि शालिग्रामी गण्डकी नदी बग्दै आएकी छन् । यी दुई नदीको संगम (वेणी) मा स्नान गर्नेहरूको पाप पखाली दिन्छिन् । मानिस ती तीन ऋणबाट मुक्त हुन्छ । ध्यानशील सज्जनहरूलाई कलियुगमा मोक्ष दिनका लागि भगवान् हृषीकेश प्रकट हुनुभएको छ) । यही ऋणीको अपभ्रंश रिडी हो (शास्त्री, २०३०:१०) ।

रिडीक्षेत्रका बारेमा गुल्मी, थोर्गा निवासी पं. चेतनारायण ज्ञवालीद्वारा रचित रिडीक्षेत्रको महिमा, माष्टर मित्रसेन रचित हृषीकेश माहात्म्य (अप्रकाशित नाटक), पं. उमानाथ पन्थी रचित श्रीगण्डकी गौरवम्, पं. ज्ञानेश्वर ज्ञवाली (सरस्वती) रचित संक्षिप्त हृषीकेश माहात्म्य (अप्रकाशित नाटक), पं. दीनानाथ शर्मा रचित सम्झना, डा. टीकाराम पन्थी रचित रुरुवृत्तम् तथा पं. माधवप्रसाद देवकोटा आदि

---

[1] *भगवान् विष्णुको गाडस्थल -गाला)बाट छुटेको पसिना भएकोले गण्डिकी नामकरण भएको र काली रङको देखिने हुनाले यस नदीलाई काली गण्डकी भनिएको हो ।*

विद्वान्‌हरूबाट संस्कृत र नेपाली भाषामा अनेक काव्यकृतिहरू रचना गरिएका छन् । कतिपय पत्र-पत्रिकाहरूमा पनि रिडीक्षेत्रको महिमाको व्याख्या गरिएको छ । किरण पुस्तकालय, तम्घासबाट केशवप्रसाद पौडेलद्वारा लिखित रुरुक्षेत्र नामक परिचयात्मक र विवरणात्मक पुस्तक पनि प्रकाशित गरिएको छ (सुवेदी, २०५५:३३, शास्त्री, २०३०:९) । डा. जगमान गुरुङ्को गण्डकी प्रश्रवणक्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन (२०६०)मा पनि रिडीक्षेत्र र काली गण्डकीको प्रसङ्ग समावेश भएको पाइन्छ ।

## २. रिडीक्षेत्रको पौराणिक प्रसङ्ग

वराह पुराणअनुसार भृगुकुलका देवदत्त नामका एक विद्वान् ब्राह्मण वर्तमान रिडीक्षेत्रको काली गण्डकी नदी किनारको एक आश्रम (गलफुले) मा बसी भगवान् विष्णुको तपस्या गर्दथे । उनी स्थानीय मृगहरूसँग घुमफिर गर्ने र फलफूलको आहार गर्दथे । उनको हजारौं वर्षको कठोर तपस्याबाट डराई स्वर्गका राजा इन्द्रले उनलाई इन्द्र पद प्राप्त गर्न खोजेको शंका गरी उनको तपस्या भङ्ग गराउने चाल चले । यसका लागि इन्द्रले वसन्त ऋतुलाई कामोद्दीपक सामग्री सहित पृथ्वीमा पठाए भने गन्धर्वलाई गायन तथा उपयुक्त संगीत तथा प्रम्लोचा नामकी एक अप्सरालाई कामवासनासहित देवदत्त समक्ष पठाए । यसको प्रभावस्वरूप देवदत्त ब्राह्मणको तपस्या भङ्ग भई अप्सरा प्रम्लोचाबाट एक पुत्रीको जन्म भयो । ती कन्याको जन्मपछि प्रम्लोचा स्वर्गतर्फ फर्किइन्, मृगको दूध पिलाएर शिशुको प्राण रक्षा गरियो । मृगलाई रुरु भनिने र त्यसको दूध पिएकी हुनाले ती कन्याको नाम पनि रुरुकन्या राखियो (गिरी, २०५९:८८, शास्त्री, २०३०:१२-१६) ।

पहिलो तपस्यास्थल उपयुक्त नलागी देवदत्त ब्राह्मण पनि रुरुकन्यासहित केही उत्तरतर्फको थुम्को (भृगुतुङ) मा गई शिवजीको ध्यान गर्न थाले । रुरुकन्याले भगवान् विष्णुको तप-ध्यान गर्न थालिन् । कार्तिक शुक्ल द्वादशीका दिन भगवान् विष्णुले उनका सबै इन्द्रिय (हृषीक) हरूलाई नियमन गर्दै उनलाई दर्शन दिनुभयो । भगवान् विष्णुबाट कन्या रुरुलाई वर माग्न आग्रह गर्दा, उनले चतुर्बाहु श्री विष्णुको रूपमा यसै ठाउँमा विराजमान हुनुपर्ने प्रार्थना गरिन् । भगवान्‌ले रुरुकन्यालाई तथास्तु भन्दै अरू मानिसहरूले पनि मेरो दर्शन पाएर पापबाट मुक्त होऊन् भन्ने आशीर्वाद दिनुभयो । साथै, यो तीर्थ सर्वश्रेष्ठ तीर्थ बनोस्, रुरुक्षेत्रका नामले प्रसिद्ध होओस्, काली गण्डकीमा स्नान गरी मेरो दर्शन गर्ने व्यक्ति पवित्र भई ब्रह्महत्यादि पापबाट पनि मुक्त हुनेछ भन्ने वरदानसमेत दिनुभयो । रुरुकन्याको इन्द्रिय अथवा हृषीकको नियमन गरी दर्शन दिनुभएकाले भगवान् विष्णुको हृषीकेश[२] नाम रहन गयो (शास्त्री, २०३०:२०) ।

---

[२] *हृषीकाणाम् इश अर्थात् इन्द्रियहरूका मालिक हृषीकेश ।*

## ३. रिडीक्षेत्रका मन्दिरहरू

### क) हृषीकेश मन्दिर :

शंख, चक्र, गदा र पद्मसहितको शालिग्रामजस्तो सुस्निग्ध कालो आधारशिलामा बनेको भगवान् हृषीकेश (विष्णु) को मूर्ति पाल्पाली राजा मुणिमुकुन्द सेन (वि.सं. १५७५-१६१०)ले काली गण्डकीमा स्नान गर्दा अकस्मात् काली गण्डकी नदीकै जलमा भेट्टाएर ल्याई मन्दिर बनाई स्थापना गरेका थिए । वि.सं. १८१९ मा यस मन्दिरलाई रणदत्त पाण्डेले पुनः निर्माण गराए । सो मूर्तिका वरिपरि गङ्गा, जमुना, लक्ष्मी, गायत्री, सरस्वती आदि देवीका मूर्तिहरू पनि छन् । कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्म यहाँ ठूलो मेला लाग्दछ । द्वादशीको दिन भगवान् हृषीकेशको रथ निकाली रिडी बजारमा हरिकीर्तनका साथ जात्रा गराइन्छ (सूचना विभाग, २०३१:७२६, सुवेदी, २०५५:३३) ।

### ख) गायत्री मन्दिर :

गायत्री मन्त्रका द्रष्टा एवं स्रष्टा ब्रह्मर्षि विश्वामित्रले साक्षात्कार गरेकी वेदमाता गायत्रीको मन्दिर भगवान् हृषीकेशको मन्दिर प्राङ्गणमा अवस्थित छ ।

### ग) दानमुक्तेश्वर मन्दिर :

बहादुर कर्णेलले शिखर शैलीमा निर्माण गरेको यो मन्दिरमा शिवलिङ्गयुक्त गर्भगृह छ । यसको आफ्नै गुठी पनि छ (गिरी, २०५९:८५) ।

### घ) दुर्गेश्वर मन्दिर :

हृषीकेश प्राङ्गणमा शान्तमुक्तेश्वर र विघ्नेश्वरको बीचमा विष्णुकुमारीले निर्माण गरको यो मन्दिर पनि शिखर शैलीकै हो । गर्भभागमा शिवलिङ्ग प्रतिस्थापित गरिएको यस मन्दिरको पनि पाल्पा, अर्गलीमा आफ्नै गुठी जग्गा छ ।

### ङ) राधाकृष्ण मन्दिर :

फौजदार अम्बरराजले निर्माण गरेको यो मन्दिरको पनि आफ्नै गुठी छ । हरेक वर्ष कृष्णाष्टमी र नवमीका दिन रथयात्रा पनि गरिन्छ ।

### च) रुरुकन्याको मन्दिर :

रुरुकन्याले मृगको दूधपान गर्न लागेको दृश्य अंकित यो मन्दिर पनि आकर्षक छ ।

### छ) विज्ञेश्वर मन्दिर :

ताराप्रसाद पन्तले निर्माण गरेको शिखर शैलीको यो मन्दिरको पूजाआजाका लागि गुठी जग्गा नभए पनि पन्तका उत्तराधिकारीहरूले आवश्यक रकम दिइरहेको बताइन्छ ।

### ज) शान्तमुक्तेश्वर मन्दिर :

श्री ३ महाराज वीरसम्शेरकी सुपुत्री सन्तकुमारी देवीले शिखर शैलीमैं पहिले गण्डकी तटमा निर्माण गरेको यस मन्दिरलाई बाढीको कारण त्यहाँबट सारेर हृषीकेश मन्दिर प्राङ्गणमा स्थापित गरिएको छ । यसको गर्भगृहमा शिवलिङ्ग प्रतिस्थापित गरिएको छ ।

### झ) सत्यनारायण मन्दिर :

फौजदार अम्बरराजकी दिदीले साविकमा काली गण्डकीको किनारमा बनाएको यस मन्दिरलाई बाढीको कारण तहाँबाट २०४१ सालमा सारी दानमुक्तेश्वर मन्दिरको पश्चिमतर्फ शिखर शैलीमा निर्माण गरिएको छ ।

### ञ) सन्तमुक्तेश्वर, शान्तभक्तेश्वर र शेर भक्तेश्वर मन्दिर :

शेर सम्शेर र उनकी पत्नी शान्तकुमारी देवीले वि.सं. १९६७ मा निर्माण गरेका प्रस्तरकलाका अनुपम संगमका यी तीन मन्दिरहरू आपसमा जोडिएका छन् ।

### ट) अन्य :

अन्य मन्दिरहरूमा रामनाम स्तूप, विश्वेश्वर महादेव, हनुमान् मन्दिर, भीमसेन स्थान, गणेश मन्दिर, भैरव मन्दिर, बुद्ध मन्दिर, सिठीनखः आदि छन् ।

## ४. रिडीक्षेत्रको महत्त्व

रिडीक्षेत्रको महिमागान हिमवत्खण्ड तथा वराहपुराणमा छ । हाम्रा परम्परागत तीर्थस्थलहरू, खासगरी काशी, गया, प्रयाग, कुरुक्षेत्र आदिभन्दा कम छैन रिडीक्षेत्रको महिमा । वराहपुराणअनुसार रुरुक्षेत्रमा तीन दिनसम्म रही नित्य स्नान गरी हृषीकेश भगवान्को दर्शन गर्नाले पवित्र भइन्छ । यही कारणले नै रिडीक्षेत्रमा माघे सङ्क्रान्तिदेखि लगातार तीनदिन मेला लाग्ने चलन चलेको हो । यसैगरी गोनिष्क्रमण (गाईघाट) मा स्नान गरी त्यहाँ एक रातमात्र बसेमा गोलोक प्राप्त हुने बताइएको छ ।

साथै, पं. उमानाथ पन्थीको श्री गण्डकी गौरवम् पुस्तकलाई उद्धृत गर्दै डा. सुवेदीले काली गण्डकीमा स्नान गर्दा परम शान्ति दिने, काली गण्डकी नदीको गर्भ र किनारमा बाहेक अन्यत्र शालिग्राम नहुने, यसमा स्नानगर्दा मूर्खता हराउने, यसको पानी पिउँदा जठराग्नि जागृत हुने, यसको पानीबाट निरोगी रहने, शालिग्राम जल र काली गण्डकीको जल पिउन लायक हुने बताएका छन् । साथै, रिडीक्षेत्र गुल्मी, स्याङ्जा, पाल्पा, बाग्लुङ र अर्घाखाँचीसमेतको बीचमा पर्ने हुनाले बन्द ब्यापारका लागि पनि प्रख्यात छ (सुवेदी, २०५५:३३, ३४) ।

स्नान, व्रत, उत्सव, देवपूजन, पुराणश्रवण, पितृतर्पण जस्ता धार्मिक तथा सांस्कृतिक अनुष्ठानका लागि रिडीक्षेत्रमा हजारौं भक्तजनहरू आउने गर्दछन् । हरिबोधनी एकादशीको मेला र भोलिपल्ट द्वादशीको रथयात्रा, माघे सङ्क्रान्ति मेला, ग्रहण स्नान, तीर्थश्राद्ध, अस्थिप्रक्षेपण, शतबीज छर्ने मेला रिडीक्षेत्रका प्रमुख महत्त्वका मेलापर्व हुन् ।

पहिलेका क्षत्रीय राजाहरूले आफ्नो राजकाजको कर्तब्य अघिल्लो उमेरसम्म गरी ढल्केको उमेरमा आफ्नो जिम्मेवारी उत्तराधिकारीलाई सुम्पिएर तीर्थमा गई बाँकी जीवन बिताउँदथे । पाल्पाका राजा मुणिमुकुन्द सेनले आर्जेको विशाल पाल्पा राज्यलाई छोरा–नातिहरूको जिद्दीका कारण विभाजित भएपछि आफ्नो राजपाठ त्याग गरी काली गण्डकीको किनार देवघाटमा गई मुनि भेष धारण गरी आफ्नो बाँकी जीवन बिताएका थिए ।

बडामहारानी, दुई महारानी, केही रानी र १७ भाई छोरा तथा अनेक छोरीका पिता थिए नेपालका तत्कालीन प्रधानमन्त्री श्री ३ महाराज जुद्ध सम्शेर राणा । रेसुङ्गाका महाप्रभुको भविष्यवाणीअनुसार जम्मा १३ वर्ष शासन गरेका र रिडीक्षेत्रको महत्त्व राम्ररी बुझेका उनले ७१ वर्षको उमेरमा देशबासी, भाइ–भारदार आदिका नाममा लामो सन्देश दिदै आफ्नो राजपाठ त्याग गरी वि.सं. २००२ साल मार्ग १४ गते कान्छी रानी साथमा लिई अर्गलीमा गई राजर्षि महाराज बनी बसेका थिए (पाँडे, २०३९:१६५–६६, १७३) ।

तत्कालीन प्रधानमन्त्री श्री ३ महाराज जुद्ध सम्शेरले रिडीक्षेत्रलाई ठूलो तीर्थ मान्दथे । उनलाई 'कलौ काली' अर्थात् काली नदीमा देहत्याग गरेमा मोक्ष पाइन्छ भन्ने दृढविश्वास थियो । काली गण्डकीमा स्नानले मात्र पनि सद्बुद्धि आउँछ । साथै, कृष्णा गण्डकीको मरण उत्तम भनिएको छ । कालीमा परेको हाड शालिग्राम बन्दछ, सबै पाप पखालिन्छ भन्ने जनविश्वास पनि रहेको छ (मिश्र, २०४८:१७७) ।

## ५. रिडीक्षेत्र विकासका प्रयास

रिडीक्षेत्रको विकासमा विभिन्न समयमा अनेक व्यक्ति, स्थानीय नागरिक समाज, स्थानीय निकायहरू, स्थानीय बुद्धिजीवी तथा प्राज्ञिक व्यक्तित्वहरू, धार्मिक तथा सांस्कृतिक संस्थाहरू, सरकारी, गैह्रसरकारी संस्थाहरू, निजी क्षेत्र लगायतबाट समयसमयमा विभिन्न प्रयासहरू भएकै हुन् । मूलतः वित्तीय स्रोतको सीमितताका कारण यति महत्त्वपूर्ण तीर्थस्थलमा अपेक्षित प्रगति हाँसील हुन सकेको छैन । पछिल्ला वर्षहरूमा गुल्मी जिल्लाका हरेक घरधुरीको जनश्रमदान तथा नेपाल सरकारको समेत सहयोगमा तानसेन-तम्घास सडक (वैकुण्ठ मार्ग), काली गण्डकी कोरिडर, मदन भण्डारी लोकमार्ग, संगमपुल (तीनमुखे), बजार संरक्षणका लागि तटबन्ध, आधुनिक घाटनिर्माण, धार्मिक तथा साँस्कृतिक संपदाहरूको संरक्षणका उपायहरू अवलम्बन गरिएको छ ।

रिडीक्षेत्रको महत्त्वलाई हृदयंगम गरी यो पङ्तिकारले पनि राष्ट्रिय योजना आयोगको सदस्य-सचिव रहेको बखत (२०६८-७१) रिडीखोला र काली गण्डकी नदीको संगममा आधुनिक झोलुङ्गे पुलनिर्माणको अवधारणा ल्याएको, काली गण्डकी कोरिडर तथा रिडीबजारको बाइपास सडक निर्माण एवं काली गण्डकी नदीतर्फ तटबन्धको काममा योगदान पुऱ्याएको थियो । उक्त संगम पुलको डिजाइन तथा लागत अनुमान (रू.आठ करोड) भने स्थानीय पूर्वाधार तथा कृषिसडक विभागका तत्कालीन महानिर्देशक श्री भीमप्रसाद उपाध्याय (गुल्मी, मालिका गाउँपालिका) बाट भएको र सोको प्रस्तुतीकरण नेपाल सरकारका तत्कालीन मुख्य सचिव श्री लीलामणि पौडेल (गुल्मी, बलेटक्सार) को कार्यकक्षमा गरी त्यसको अन्तिम निर्णय राष्ट्रिय योजना आयोगको बैठकबाट २०६९ सालमा गराइएको थियो । संगमपुलको केही तलपट्टि एक बाँध बनाई रिडीक्षेत्रमा विशाल जलाशय निर्माण गरी पर्यटकका लागि आकर्षक बनाउने काम अझै बाँकी छ । उक्त जलाशयलाई माघे सङ्क्रान्तिलगायतका महत्त्वपूर्ण पर्वको एक हप्ताअघि खोलिदिएर स्थानीय बगरमा साबिकबमोजिमका मेला भर्न सकिने विषय पनि उपर्युक्त अवधारणामा प्रस्तुत गरिएको थियो ।

यसैगरी, जम्मा ४३५ किलोमिटर लम्बाइको काली गण्डकी कोरिडोर (गैंडाकोट-राम्दी - रानीघाट - रिडी - रुद्रवेणी - हर्मीचौर - अर्बेनी - बलेवा, बाग्लुङ् - बेनी - जोमसोम - लोमाङ्थाङ् - कोरोला सडक)ले चीनको स्वशासित प्रदेश तिब्बतको दक्षिण-पश्चिमी सीमा जोड्दछ । यस राजमार्गको प्रारंभिक खाका भने मुस्ताङ जिल्लाकी तत्कालीन सांसद श्रीमाया थकालीको संयोजक्तवमा बागबजार, काठमाडौंमा बसेको पश्चिमाञ्चल विकास मञ्चको बैठकबाट गरिएको थियो । यस सडकले बौद्ध धर्मावलम्बीको तीर्थस्थल लुम्बिनी र सनातन (हिन्दू) धर्मावलम्बीको देवघाट, रिडीक्षेत्र, सत्यवती, गलेश्वरधाम, मुक्तिक्षेत्र, कैलास

मानसरोवरलगायतका महत्त्वूर्ण धार्मिक तथा सांस्कृतिक स्थलहरूलाई जोडेर पर्यटन प्रवर्धनमा पनि उल्लेखनीय योगदान पुऱ्याउने आशा र विश्वास गरिएको छ ।

अन्त्यमा हाम्रो धार्मिकस्थल रिडीक्षेत्रको बारेमा एक लेख तयार गर्न अनुरोध गर्ने अर्घाखाँचीका मूर्धन्य साहित्यकार तथा समाजसेवी मेरा अनन्य मित्र श्री हेमराज पाण्डेलाई धन्यवाद ज्ञापन गर्दछु । मेरा हजुरबुबा मुखिया तिलाराम भुसाल ( १९३९-१९९८) की हजुरआमा सतीदेवी भुसाल रिडीक्षेत्रमा आफ्ना पति मुखिया हर्कदेव भुसाल (१८९३-१९३९) सँगै सती गएको कारणले पनि हामी रिडी क्षेत्रको नाम लिंदा अलि भावुक बन्दछौं । पुरकोटबाट तानसेन आउँदा-जाँदा बाटोमा पर्ने रिडीक्षेत्रका हाम्रा भावनात्मक सम्बन्ध त यहाँ लेखेर साध्य नै छैन । अझ, वि.सं. २०६९ साल ज्येष्ठ महिनामा हृषीकेश मन्दिरको प्राङ्गणमा हाम्रो परिवारबाट लगाइएको श्रीमद्भागवत पुराणले पनि हामीलाई रिडीक्षेत्रसँग सपना र विपना दुबै अवस्थामा बारम्बार झकझकाइरहेको हुन्छ । हामी सबैलाई यस ब्रह्माण्डका पालक भगवान् विष्णुका अवतार श्रीहृषीकेश स्वरूपको आशीर्वाद मिलिरहोस् भनी प्रार्थनासमेत गर्दछु । अस्तु !

## सन्दर्भ-सामग्री


- गिरी, डा. गितु (२०५९): **लुम्बिनी अञ्चलका सांस्कृतिक पर्यटकीय स्थलहरू**, लुम्बिनी युवा ग्रामीण विकास समाज, भैरहवा ।
- पाँडे, सरदार भीमबहादुर (२०३९): **त्यस बखतको नेपाल**, नेपाल र एशियाली अध्ययन केन्द्र, कीर्तिपुर, काठमाडौं ।
- मिश्र, टुकराज (२०४८): **रिडी र राँची (हाँस्दै-रुँदै)**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।
- **मेचीदेखि महाकाली** भाग ३, पश्चिमाञ्चल विकास क्षेत्र (२०३१): सूचना विभाग, काठमाडौं ।
- सुवेदी, डा. राजाराम (२०५५) : **गुल्मीको ऐतिहासिक झलक**, किरण पुस्तकालय, तम्घास, गुल्मी ।
- शास्त्री, ज्ञानेश्वर सरस्वती (२०३०) : **रिडीक्षेत्र महात्म्य** (शास्त्र प्रसिद्ध रुरुक्षेत्रको संक्षिप्त परिचय), रिडीक्षेत्र प्रचारक समिति, रिडी बजार, गुल्मी ।


ooo

# विशिष्ट धाम रुरुक्षेत्रको संक्षिप्त चिनारी

✍ **वेदप्रसाद पन्थ**
**छत्रकोट-४, दिगाम, गुल्मी**
**हाल : च.न.पा.-७, वाणस्थली, काठमाडौं**

**मुक्तिनाथं महातीर्थं रुरुक्षेत्रं तथावरम् ।**
**श्रेष्ठं पाशुपतं क्षेत्रं वराहञ्च तथैव च ॥**
**पुराणेषु च सर्वेषु वर्णिता यत्र तत्र वै ।**
**तीर्थराजा एते धामाः दुर्लभाः धरणी तले ॥**

सृष्टि प्रारम्भ भएदेखि नै नेपालमा रहेका र पुराणहरूमा पनि यत्र–तत्र वर्णन गरिएका प्रमुख चारधामहरू क्रमशः मुक्तिक्षेत्रधाम, रुरुक्षेत्रधाम, पशुपतिक्षेत्रधाम र बाराहक्षेत्रधाम हुन् । यसप्रकारका पवित्र धामहरू संसारमै दुर्लभ छन् । यी चार धामहरूमध्ये दोस्रो धाम रुरुक्षेत्रको यहाँ संक्षेपमा वर्णन गरिएको छ ।

नेपाल परापूर्वकालदेखि नै अधिकांश तीर्थ र मठ मन्दिरहरूले सुशोभित भएको पुण्यभूमि हो । काठमाडौं त संसारमै मन्दिरै मन्दिरको सहर भनेर चिनिन्छ । यो देश प्रकृतिको वरदानस्वरूप रहेका सर्वोच्च शिखर सगरमाथालगायतका हिमालहरू, हरिया पहाडहरू, अधित्यका र उपत्यकाहरू र तराईका फाँटहरू, त्यस्तै ताल र नदीहरू, दुर्लभ जीव र जडीबुटीहरूसँगै वनस्पतिहरूले भरिपूर्ण भएको संसारकै सुन्दरतम देश भनेर चिनिन्छ । अधिकांश ऋषि महर्षिहरूको जन्म, कर्म र तपोभूमि भएकोले हिमालयको काखमा रहेको यो देश अध्यात्म साधनाको महाविद्यालय नै हो । यस कुराका प्रमाण हाम्रा वेद र पुराणहरू हुन् । हामीले गर्ने सबैखाले धार्मिक अनुष्ठानमा शङ्कल्प गर्दा ":भारतवर्ष" भन्ने शब्द उच्चारण गर्छौं । यो ":भारतवर्ष" शब्द शासकीय अर्थमा नभएर धार्मिक अर्थमा प्रयोग गरिएको हो । 'भा' को अर्थ प्रज्ञा, बुद्धि, प्रतिभा अथवा तपः साधना र 'रत' भनेको समर्पित हुनु, तल्लीन हुनु वा डुब्नु हो भने 'वर्ष' को अर्थ स्थान वा अवधि हो । अतः नेपाललाई वास्तविक रूपमा भन्दा "तपोभूमि" भनिन्छ । यहाँ नेपालमा रहेका अनेक महत्त्वपूर्ण तीर्थहरूमध्येको एक रुरुक्षेत्रको विषयलाई लिएर पौराणिक आधारमा वर्णन गरिएको छ ।

नेपालको प्रसिद्ध बुद्धजन्मस्थल हाल लुम्बिनी प्रदेशअन्तर्गत स्थित गुल्मी जिल्लाको पूर्वी भागमा रहेको पवित्र तीर्थरुरुक्षेत्र, गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको मिलन विन्दु एवं पवित्र चक्रनदी काली गण्डकीको दायाँ तटमा अवस्थित छ । यस तीर्थलाई नेपालमूमिको साँस्कृतिक र धार्मिक निधिको रूपमा

लिइन्छ । भौगोलिक दृष्टिले पनि यो क्षेत्र नेपालको मध्यभाग अर्थात् अन्तरहृदयमा रहेको छ भने पौराणिक कथनअनुसार पनि यसलाई एक महान् मुक्तिभूमिको रूपमा मानिएको छ । यो क्षेत्र रुरुनदी र चक्रनदीको संगम स्थल पनि हो ।

हाम्रो वैदिक धर्म र सँस्कृतिअनुसार प्रायशः मानिसहरू वर्णाश्रमको चौथो आश्रममा पुग्न थालेपछि आध्यात्मिक एवं मुक्तिमार्गको खोजमा लागेर तीर्थव्रत, दानपुण्य र यज्ञ अनुष्ठान आदि धार्मिक कार्य गर्ने चलन छ । देवीभागवतपुराणअनुसार पाँचहजार वर्ष कलि बितेपछि भारतमा रहेका सम्पूर्ण तीर्थहरूको महत्त्व समाप्त भएर जानेछ र पितृमुक्ति र आफू स्वयंको भुक्ति र मुक्तिको लागि पनि नेपालमा रहेका चारधामहरू मुक्तिनाथक्षेत्र, रुरुक्षेत्र, पशुपतिक्षेत्र र वराहक्षेत्रमा पुगेर पिण्ड–तर्पण गर्नाले आफ्नो मनोकामना सिद्ध हुने कुरा वराहपुराण र स्कन्दपुराणको नेपाल माहात्म्य खण्ड आदि ग्रन्थहरूमा विस्तृत वर्णन गरिएको छ । यिनै पुराणमा उल्लिखित श्लोक –

**मुक्तिनाथं प्रथमतो रुरुक्षेत्रं ततःपरम् ।**
**ततः पाशुपतं क्षेत्रमथो वराह संज्ञकम् ॥**

स्कन्दपुराणमा उल्लेख भएको यही श्लोकलाई आधार मानेर नेपालका चारधामहरूलाई यही क्रमअनुसार राखिएको छ ।

## रुरुक्षेत्र नामाङ्कन कसरी भयो ?

वराहपुराणमा उल्लेख भएअनुसार भृगुवंशी देवदत्त ऋषिले हजारौं वर्ष पहिले यही तपोभूमिमा बसेर दिव्य बाह्र हजार वर्षसम्म भगवान् हृषीकेशको ठूलो तपस्या गरेका थिए । उनको तपोबलले स्वर्गका राजा इन्द्रको आसन डगमगाउन थालेपछि इन्द्रले प्रम्लोचा अप्सरासँगै मलयवायु, वसन्त र कामदेवलाई बोलाई सम्झाएर देवदत्त ऋषिको तपस्या भङ्ग गर्न रुरुक्षेत्रमा पठाएपछि उनीहरूले आ–आफ्नो कर्तव्य पालना गरेर देवदत्तको तपस्या भङ्ग गराइदिए । यसरी देवदत्त ऋषि प्रम्लोचासँग मुग्ध भई समागम गरेको हुनाले प्रम्लोचा गर्भिणी भई रुरुकन्याको जन्म भयो । त्यसपछि प्रम्लोचाले कन्यालाई देवदत्तकै अगाडि अलपत्रै छाडेर स्वर्गतिर लागिन् । यस घटनाले देवदत्त ऋषिलाई ठूलो पश्चात्ताप भयो । कन्याको विषयमा किंकर्तव्यविमूढ भई मनमनै भगवान्को जिम्मा लगाएर देवदत्तले तपस्थल बदलेर पारी स्याङ्जा जिल्लामा अवस्थित भृगुतुङ्ग गुफामा गएर शिवको घोर तपस्यामा लीन भए । यता अलपत्र भएकी कन्यालाई दैवी शक्तिका कारण रुरुनामक मृगले दूध चुसाएर हुर्काइन् । रुरु मृगले पालन पोषण गरेको हुनाले कन्याको नाम पनि रुरु नै भएको हो । कन्या हुर्केपछि उनी पनि त्यही देवदत्तले तपस्या गरेको गुफामा नै भगवान् हृषीकेशको कठोर तपस्यामा लीन भइन् ।

उता भृगुतुङ्ग गुफामा कठोर तपस्यामा लीन भएका देवदत्त ऋषिप्रति भगवान् शिव खुशी भएर शिवको वरदान पाई देवदत्तले शिवपद प्राप्त गरे भने भृगुतुङ्ग गुफामा एकहजार शिवलिङ्ग उत्पत्ति भएर त्यस गुफाको महत्त्व पनि निकै बढेर गयो । यसै स्थानमा सनक, सनन्दन, सनातन र सनत्कुमारले तपस्या गरेका थिए । उनीहरूको तपस्याबाट नटराज शिव प्रसन्न भएर डमरू बजाई वरदान दिन लाग्दा त्यहीं शिवकै तपस्यामा लीन भई बसेका पाणिनि ऋषिलाई शिवको वरदानस्वरूप डमरूको आवाजबाट अइउण्, ऋलृक् आदि गरिएका संस्कृत व्याकरणका चौध सूत्र मूलभूत रूपमा प्रस्फुटित भएपछि प्रसन्न भएका पाणिनिले अर्घाखाँची जिल्लाको पाणिनि तपोभूमि (पणेना)मा बसेर शिवको वरप्रसादबाट प्राप्त ती चौध सूत्रको आधारमा व्याकरणको महत्त्वपूर्ण ग्रन्थ 'कौमुदी' रचना गरेका थिए । यसै व्याकरण ग्रन्थलाई अष्टाध्यायी वा नव्यव्याकरण पनि भनिन्छ । यो एउटा चामत्कारिक ग्रन्थ हो । यस ग्रन्थको राम्रो अध्ययन गर्नसके संसारका सबै भाषाहरूको व्याकरण सरल तरिकाबाट जान्न सकिन्छ र संस्कृत भाषाका वेदलगायत सबै ग्रन्थको अर्थ बुझ्न र बुझाउन पनि सकिन्छ । यो वैयाकरणिक ग्रन्थ संसारमै ऋग्वेदपछिको अति महत्त्वपूर्ण ग्रन्थ मानिएको छ ।

यता रुरुको तपस्याबाट प्रसन्न भएका हृषीकेश प्रकट भई रुरुलाई चाहेको वर माग भन्दा रुरुले त्यो पुण्यक्षेत्र आफ्नो नामबाट प्रख्यात हुने र भगवान् हृषीकेश पनि सदासर्वदा यही क्षेत्रमै रहनुपर्ने भन्ने दुईवटा वरदान मागिन् । भगवान्ले पनि तथास्तु भनेर अन्तर्ध्यान हुनुभयो । यसपछि यस क्षेत्रको नाम रुरुक्षेत्र रह्यो र यहाँको रुरुसङ्गमको महत्त्व पनि झनै वृद्धि भएर गयो । यसैले रुरुलाई यस क्षेत्रकी अधिष्ठात्री देवीको रूपमा मानेर पूजा गरिन्छ र रुरुको मन्दिर पनि पाल्पा जिल्लातर्फ निर्मित भगवान् हृषीकेशका मन्दिरको अगाडि नै निर्माण गरिएको छ ।

## भगवान् हृषीकेशको प्रकटरूप

स्कन्दपुराणमा उल्लेख भएअनुसार काली गण्डकी अर्थात् चक्रनदीमा "कलियुग"मा पनि शलिग्राम चक्र (शिला) बन्ने हुनाले चक्रनदी र शालिग्राम शिलाको महत्त्व अपार छ । यी शालिग्राम चक्रहरू २४ प्रकारका हुन्छन । जसमध्ये प्रथमको नाम अनन्त, सोह्रौको नाम हृषीकेश र चौबीसौंको नाम शालिग्राम हो । हृषीकेशको अर्थः(हृषीकानाम् ईशः हृषीकेशः अर्थात् इन्द्रियहरूका नियामक अथवा मालिक भन्ने बुझिन्छ ) । यहीं हृषीकेश नामले लाखौं वर्ष गण्डकीको गर्भमा रहेको शङ्ख, चक्र, गदा, पद्म हातमा लिएको अपूर्व कला कृतिले भरिपूर्ण एवं सुन्दर साक्षात् विष्णुस्वरूप त्यो चतुर्बाहु शालिग्राम मूर्ति आजभन्दा करीब पाँच सय वर्षपहिले पाल्पा तानसेनका राजा मणिमुकुन्द सेनले नदीमा स्नान गर्दा मूर्तिमा

ठोकिएपछि आफ्ना अङ्गरक्षकहरूलाई बोलाएर त्यो कलात्मक भारी मूर्तिलाई बाहिर ल्याउने काम गरेका थिए ।

यो शालिग्राममय मूर्ति अकृत्रिम, अपौरुषेय, भव्य र दिव्य छ । आज पनि संसारका कुनै पनि मठ मन्दिरमा यस प्रकारको अलौकिक तथा प्राकृतिक एवं सुन्दर मूर्ति पाइँदैन । यो सुन्दर मूर्तिलाई राजाले पाल्पा तानसेनमै लगेर स्थापना गर्ने र नित्य पूजा गर्ने मनसायले आज हृषीकेश मन्दिर भएको स्थानबाट उठाउन खोज्दा धैरै मानिसले बल गर्दा पनि उठाउन सकेनन् । त्यसैदिन राति राजालाई सपनामा भगवान्ले दीक्षा दिएर आफू यही स्थानमा बस्ने भनेपछि राजाले त्यही स्थानमा कमलका फूलको आकारको अत्यन्त सुन्दर मन्दिर निर्माण गरेर पूजा सञ्चालनको लागि अर्गली फाँटमा गुठीको व्यवस्था र अर्गली निवासी भट्टराई ब्राह्मणलाई पूजारीमा नियुक्त गरी छाडेका थिए । आज पनि यसरी नै पूजा भइरहेकोछ । रुरुको इच्छाबमोजिम भगवान् हृषीकेशको हमेसा यही स्थानमा रहने वाचाअनुसार उहाँको मूर्ति यहीं स्थानमा प्राप्त भएको हो ।

स्कन्दपुराण हिमवत् खण्डमा पनि शालिकराम शिलाको यसरी वर्णन गरिएको छ :-

**शालिग्राममयी मुद्रा संस्थिता यत्र कुत्रचित् ।**
**वाराणस्यामेवाधिक्यं समन्तात् योजन त्रयम् ॥**

शालिग्राम शिला जहाँ रहन्छन् त्यस वरिपरिको बाह्र कोशसम्मको क्षेत्रफल वाराणसीभन्दा पनि धेरै उत्तम मानिन्छ । त्यसैले यस तीर्थको महत्त्व अत्यन्त गहन छ ।

हिमवत् खण्ड अध्याय ५ मा पनि यसरी लेखिएको छ :-

**विष्णुर्वभूवस्तस्यां वै शालग्राम शिलातनुः ।**
**सर्वलोक हितार्थाय वृन्दा शापेन निश्चितम् ॥**

अर्थ : शालिग्रामरूपी देह धारण गरेर भगवान् विष्णु गण्डकी नदीमा बसिरहनुभएको छ । विष्णुले आफैले रुरुकन्यालाई दिएको वचन पालना र वृन्दाको श्रापका कारणले पनि सम्पूर्ण लोकको हितको लागि यस्तो रूप धारण गरेर यस क्षेत्रमा रहनुभएको छ । त्यसैले यो रुरुक्षेत्र धार्मिक अनुष्ठान र ऋषिमहर्षिहरूको तपस्याको लागि अत्युत्तम मानिएको छ ।

### काली गण्डकीको जलको महिमा –

**'कलौ कालि महीयसी'** कलियुगमा काली गण्डकीको महिमा सर्वोपरि हुनेछ भन्ने स्कन्दपुराणमा उल्लेख भएअनुसार काली गण्डकी अर्थात् चक्रनदीको जल र शालिकराम शिलाको महत्त्व अपार छ । स्कन्दपुराणअन्तर्गत नेपाल माहात्म्यमा काली गण्डकीको जलको महिमा यसरी वर्णन गरेको छ :-

**शालिग्राम शिला तोयं यः पिवेत् विन्दुमात्रकम् ।**
**सः सर्वयोनिमुत्सृज्य प्रयाति सदनं हरेः ॥**

अर्थ : शलिग्राम शिलाको (अर्थात् काली गण्डकीको) जल जसले एक विन्दुमात्र पिउने अवसर पाउँछ त्यो मानिसले संसारका सम्पूर्ण योनिबाट मुक्त भएर विष्णुपद प्राप्त गर्दछ । त्यसैले कालीको जलसँग कुनै पनि गङ्गा वा नदीको जलको तुलना हुनसक्दैन । स्कन्दपुराण माघ माहात्म्य केदारखण्डअन्तर्गतको स्वस्थानी व्रतकथाअनुसार पनि भगवान् विष्णु शालिग्राम शिला भएर कालीकै जलमा रहिरहनुभएको छ भन्ने उल्लेख छ ।

यस धाममा हृषीकेश मन्दिरबाहेक रुरुकन्या, गायत्री, शिव र विष्णुआदिका धेरै दर्शनीय मठ मन्दिरहरू छन । यहाँ कार्तिक हरिबोधिनी एकादशी र द्वादशीका दिन भगवान् हृषीकेशको रथयात्रासहित भव्य मेला लाग्छ भने अरू सबै वैदिक सनातनधर्मीहरूका वर्षैभरि मनाइने धार्मिक चाड–पर्वहरूमा पनि विशेष मेला लाग्ने गर्दछ । यो रुरुक्षेत्र देवताहरू र ऋषि महर्षिहरूको अत्यन्त प्रियस्थान भएकोले सयकडौं ऋषि–महर्षिहरूले यसै क्षेत्रमा रहेका रामकुटी, आनन्दकुटी, गलफूल गुफा, बिजुली गुफा, वसिष्ठ गुफा, और्व गुफा (मुष्लुकको थुम्को) र भृगुतुङ्ग गुफा आदि गुफामा बसेर तप साधना गरी सिद्धि प्राप्त गरेका कुरा पुराणहरूमा यत्रतत्र वर्णन गरेको पाइन्छ । भगवत्स्वरूप शङ्कराचार्यले काली नदीका जलको महत्त्व दर्शाउँदै लेखेका छन्–

**रवीन्दुग्रहे त्वं कुरुक्षेत्रपुण्या सदा माघमासे प्रयागेण तुल्या ।**
**पितृश्राद्धकाले गयामोक्षदातृ मृतौ काशिका मुक्तिदातृ प्रसिद्धा ॥**

अर्थ : सूर्य चन्द्र ग्रहणमा स्नान गर्दा कुरुक्षेत्रको समान फल मिल्ने, माघस्नान गर्दा प्रयागको समान फल प्राप्त हुने, पितृश्राद्धको समयमा पिण्ड–तर्पण गर्नाले गयाको समान मोक्ष मिल्ने, मृत्युको समयमा काशीमा दाहसंस्कार गरे समान मुक्ति मिल्ने, यस्ती काली नदी महान् हुन् भनेर लेखेका छन् । शङ्कराचार्य ईश्वरबाट वरदान पाएका सिद्ध महापुरुष हुनुहुन्थ्यो । उहाँले नेपालको एउटै नदी र धाममा भारतमा रहेको महत्त्वपूर्ण चार चारवटा तीर्थधामहरूको फल प्राप्त हुने कुरा उल्लेख गर्नुभएको छ । हामीले पनि यस कुराको राम्रोसँग मनन गरेर यस क्षेत्र(धाम)को संरक्षणमा लाग्नु आवश्यक छ ।

यस तीर्थक्षेत्रको महत्त्व दर्शाउँदै हिमवत् खण्ड परिशिष्ट अध्याय ५६ मा लेखिएको छ–

**तत्राप्लावन्ति ये भक्त्या मोक्षं प्राप्स्यन्ति तत्क्षणात् ।**
**ज्येष्ठस्य शुक्लपक्षस्य दशम्यां स्नाति तत्र यः ॥**

**सप्त जन्मार्जितैः पापैः सः मुक्तो नात्र शंसयः ।**
**जप्तं दत्तं हुतं तत्र रुद्रमुद्दिस्ययैर्नरैः ॥**
**संत्यज्य पुनरावृत्तिं लभन्ते चैश्वरी गतिम् ।**
**श्राद्धं करोति यस्तत्र तर्पणैर्भक्तिभिर्मुदा ॥**
**स्वर्गे तृप्ताश्च तिष्ठन्ति अधस्थाश्च जितैनसः ।**

अर्थ : जो व्यक्ति ज्येष्ठ शुक्ल दशमी (दशहरा) का दिनमा कृष्णा गण्डकीमा स्नान गरेर जप, हवन र दानादि कर्म गर्दछ त्यो व्यक्तिले अनायासै मोक्ष प्राप्त गर्दछ । अर्थात् उसले सात जन्मसम्म गरेका पाप पनि नाश भएर जान्छन् । जस्ले यहाँ आएर पितृका नाममा पिण्ड तर्पण गर्दछ त्यस्का सबै पितृहरू स्वर्गमा जान्छन् । स्वर्गमा गएका पितृहरू तृप्त हुन्छन् र जो पापका कारण दुःख पाएर पृथ्वीमा घुमिरहेका छन् तिनीहरूका पाप पनि नाश भएर उत्तम गति प्राप्त गर्दछन् ।

अतः वैदिक सनातनधर्मीहरूका लागि भुक्ति र मुक्तिको निम्ति यो रुरुक्षेत्र उच्चकोटिको तीर्थस्थल हो । अहिले विभिन्न कारणले यो क्षेत्र पछि परेको छ । यसको महत्त्वलाई बुझेर हालको लुम्बिनी प्रदेश सरकारले यस क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्नको लागि एउटा गुरु योजना बनाएर अगाडि बढोस् । हामीले प्राकृतिक र धार्मिक पर्यटकीय क्षेत्रको राम्रो विकास गर्न सके पनि देशले काँचुली फेर्न सक्छ । देशलाई समृद्धितर्फ लौजानको लागि यो पनि एउटा राम्रो पक्ष हो ।

भारतमा रहेका तीर्थहरूको विषयमा देवीभागवत पुराणको भनाइ :–

श्रीमद्देवीभागवत श्लोक २१ अध्याय ७,

**कलेः पञ्चसहस्रे च गते वर्षे तु मोक्षणम् ।**
**युष्माकं सरितां चैव मद्गेहे चागमिष्यथ ॥ २१ ॥**

श्रीभगवान् विष्णु भन्नुहुन्छ – कलियुग पाँच हजार वर्ष व्यतीत भएपछि भारतमा रहेका नदीरूपी सम्पूर्ण देवीहरू पापमुक्त भएर भारतभूमि छाडेर पुनः मेरै वैकुण्ठभवनमा आएर बस्नेछौ ।

देवीभागवत श्लोक १० अध्याय ८,

**कलेः पञ्चसहस्रं च वर्षं स्थित्वा तु भारते ।**
**जग्मुताश्च सरिद्रूपं विहाय श्री हरेः ंपदम् ॥ १० ॥**

श्रीभगवान् विष्णु भन्नुहुन्छ – कलियुगको पाँचहजार वर्षसम्म भारतवर्षमा रहेर तीनवटै नदीरूपी देवीहरू अर्थात् लक्ष्मी, सरस्वती र ंगङ्गा आफ्नो नदीरूप त्यागेर हरिपद अर्थात् वैकुण्ठधाममा गएर बस्नेछौ ।

देवीभागवत श्लोक ११ अध्याय ८,

**तानि सर्वाणि तीर्थानि काशीं वृन्दावनं विना ।**
**यास्यन्ति सार्धं ताभिश्च वैकुण्ठमाज्ञया हरेः ॥ ११ ॥**

फेरि भगवान् विष्णु भन्नुहुन्छ - काशी र वृन्दावनलाई छोडेर भारतमा रहेका अरू जति तीर्थहरूछन् ती पनि सबै श्रीहरिका आज्ञाले माथि उल्लेख भएका देवीहरूसँगै वैकुण्ठधाममा जानेछन् ।

देवीभागवत श्लोक १२ अध्याय ८,

**शालग्रामः शक्तिशिवौ जगन्नाथश्च भारतम् ।**
**कलेर्दशसहस्रान्ते त्यक्त्वा यान्ति निजं पदम् ॥ १२ ॥**

फेरि भगवान् विष्णु अगाडि भन्नुहुन्छ - दशहजार कलि नजाँदासम्म भारतमा रहेका शालिकराम, शिवशक्ति र जगन्नाथजी पनि कलियुगको दश हजार वर्ष व्यतीत भएपछि भारतभूमि छोडेर आ-आफ्नो पदस्थानमा गएर रहने छन् । अर्थात् भारतमा रहेका सबै तीर्थको महत्त्व समाप्त हुनेछ ।

यिनै प्रमाणको आधारमा हामीले भन्न सक्छौं कि शालिग्राम, शिवशक्ति र जगन्नाथपुरीलाई छाडेर भारतमा रहेका सबै तीर्थहरूको महत्त्व पाँच हजार वर्ष कलि व्यतीत भएपछि समाप्त भइसकेको छ र शालिग्राम, शिवशक्ति र जगन्नाथपुरीको महत्त्व पनि दशहजार वर्ष कलि बितेपछि भारतभूमि छोडेर स्वर्गमा आ-आफ्नो स्थानमा गएर रहने छन् । तर यो शालिग्रामगर्भा चक्रनदी (काली गण्डकी) मा सबै युगमा विभिन्न प्रकारका शालिग्राम उत्पत्ति भइरहने हुँदा काली गण्डकी, शालिग्राम र दुबैतर्फका तटमा रहेका तीर्थहरूको महत्त्व सदा सर्वदा समान रूपमा रहिरहन्छ ।

आज पनि शालिग्राम, शिवशक्ति र जगन्नाथधाम पनि नेपालमै रहेका हुनाले र सयकडौं वर्ष विधर्मीले राज्य सञ्चालन गर्दा तीर्थ र मन्दिरहरूमा प्रवेश गरेर मन्दिरमा रहेका सम्पत्ति लुटने र तोडफोडसमेत गरेको हुनाले देवीभागवतले भनेअनुसार भारतका तीर्थको महत्त्व समाप्त भइसकेको छ र आज कलियुग पनि पाँच हजार एकसय तेईस वर्ष बितिसकेको छ । नेपाल कहिल्यै कसैको गुलाम नभएको र यहाँ भएका तीर्थहरू र मन्दिरहरू पनि पवित्र रहेका । हुनाले यहींका तीर्थ सेवन गर्दा अवश्य नै सबैको कल्याण हुनेछ । त्यसैले नेपालकै तीर्थसेवन गरौं । नेपालमा रहेका तीर्थहरूको विकल्प संसारमा कहीं पनि छैन ।

ooo

// लेख //

# धार्मिक र व्यापारिक केन्द्र बनेको रिडीको माघे सङ्क्रान्ति मेला

✍ तुलसीदास गौतम
कृषि अर्थशास्त्री
खिदिम, अर्घाखाँची
हाल – बानेश्वर, बुद्धनगर, काठमाडौं

## १. विषय प्रवेश

नेपालका चार प्रमुख धाम-मुक्तिनाथ, पाशुपतक्षेत्र, रुरु रिडी र वराहक्षेत्रमध्ये रुरुधाम धार्मिक मात्र नभएर व्यापारिक केन्द्र पनि रहेको छ । यहाँ ठूली एकादशी, वैशाखे सङ्क्रान्ति र अन्य चाडपर्वहरूमा मेला लागे पनि माघे सङ्क्रान्तिको तीन दिने मेला धार्मिक दृष्टिले महत्त्वपूर्ण त छँदैछ, व्यापारिक कारोवारका दृष्टिले पनि कम छैन ।

ग्रामीण भेगको दैनिक जीवनमा आवश्यक काम्ला, पाखीदेखि लिएर सुनसम्मको कारोवार हुने यो मेलाको रौनक आज पनि उस्तै छ । गुल्मी, अर्घाखाँची, पाल्पा र कालीपारका स्याङ्जालीहरूले राडीपाखीलगायत सामानहरू किन्नुपरे रिडीमा लाग्ने माघे सङ्क्रान्ति मेला नै पर्खन्छन् । यातायातले केही रूप परिवर्तन गरिदिए पनि श्रद्धालुहरूको घुइँचोले कारोवार झनै बढ्दो छ ।

## २, बालपनको मेरो सम्झना

यो पङ्तिकार दशबाह्र वर्षको उमेरमा खिदिमबाट २०२२-२३ तिर हिडेर आमासाथै रिडी पुगेको थियो । छ कोशको दूरी भए पनि अप्ठेरो ओराली र उकाली गर्दै हिड्नुपर्दा दिनभरि लाग्दथ्यो । ठेस लागेर गोडा दुखाउँदै ढुकुरखोलापछि बल्ल तल्ल मनवाक आउँदा रिडी नजिकै भएको अनुभूत हुन्थ्यो । यसपछि दिउँसो ढकनेको पोको खाएर पानी पिएपछि सम्मो बाटो हिड्न पाउँदा थकाइ हराउँथ्यो । अझ अँगाहामा आएपछि गुणका चाङ् देख्दै खाँदै हिड्दा बाटो हिडेको पत्तै हुँदैनथ्यो । बाटाका घरगोठमा गुण, चुकौनी, गोलमिठाइ र चियापानीले हामीलाई स्वागत र औकात जाँचिरहेको भान हुन्थ्यो । मेला हेर्न जानेले यहीँ नै धेरै खर्च गर्न ठीक पनि भएन, मीठो लागेर अझै खान मन लागे पनि थूक निल्दै हिड्नु पर्दथ्यो । रिडी आएपछि आफन्त भक्तिनीहरूकोमा बास खोज्दै हिंड्नुपर्दथ्यो । बास बस्ने खालका होटल थिएनन्, मेलामा देखिएका वस्तुहरू किन्न आफ्नो बजेट हेर्नुपर्दथ्यो ।

अर्थशास्त्रको परिभाषा–चाहनाहरू धेरै थरीका हुन्छन्, आफूसँग भएको साधन सीमित छ र बढी सन्तुष्टि दिने विकल्पको छनोटबीच तालमेल गर्नुपर्ने हुनाले सजग हुनै पर्दथ्यो र पर्छ पनि ।

त्यो बेला निसीभुजी भनिने ठाउँबाट ल्याएका सेता र बुट्टे काम्ला, भोट हो कि जुम्ली रङ्गीचङ्गी पाखी, गोरखपुरेले ल्याउने कपडा, साँचो ताला, जडिबुटी मसलाहरू, माघको जाडो हुनाले माउखाने टोपी, न्यानो ओड्ने रग, तीन र पाँच इञ्चीका कम्मरपेटी लगायतका सामानहरू बुबाआमाका रोजाइमा पर्दथे भने मेरो रोजाइ गुड, चुकौनी, कैँचा, भुटेको बदाम, मिठाई, खेलौनामा सिट्ठी, भकुण्डो विशेष हुन्थे । रिडी खोला र गण्डकीबीचको बर्खापछिको बलौटे बगरमा लाग्ने यो मेला यसरी भारतीय र हिमाली (तिब्बतीय ?) उत्पादनको व्यापारिक कारोवारको केन्द्र बनेको थियो र छ पनि ।

यो रिडी कुनै बेला उत्तर र दक्षिण जोड्ने एक किसिमको सिल्क रोड थियो । योबाहेक अघिपछि त्यहाँ गएको बेला बुटवल या तानसेनबाट सामानहरू सिङ्गारिएका, घण्टी लगाएका र कुनै चमर लगाइएका घोडाका लस्करले यहाँ ल्याएर बिसाउँथे । उत्तरतिरबाट आउने यस्तै घोडाका लस्करमा व्यापारीहरूले सामान लैजान्थे । अनुशासित घोडाका लस्करले सिट्ठीको भाषा बुझेर हिंडेको यो बालकले अचम्म परेर हेर्दथ्यो । अहिले भने सबैतिर मोटर गाडी गुड्न थालेपछि यी घोडाका लस्करले मुकाम बदलेका छन् ।

यस गण्डकीका शालिग्राम सिङ्गापुरको मुस्तफा छेउँको तारे होटेलको बाहिर झरनामा सजाइएका यो पंक्तिकारले पत्रिकाबाट पहिले थाहा पाएको र पछि आफ्नो आँखाले देखेको थियो । वैध अवैध कुन तरिकाबाट कसरी त्यहाँ पुगे थाहा भएन ।

## ३. व्यापारिक कारोवारमा रूप परिवर्तन

यो मेलाले कारोवारमा केही रूप परिवर्तन गरेको छ । तर व्यापारमा कमी आएको छैन, बरू बढ्दो छ । यो टिप्पणी २०७९ सालको माघे सङ्क्रान्तिको मेला हेरेपछि रुरु रिडी–भटकुवाका पूर्व वडा सदस्य फर्सुराम ज्ञवालीको हो ।

उहाँका अनुसार यहाँ देखिने काम्ला रुकुमबाट आउँछन्, रङ्गीचङ्गी पाखी भने देखिन छाडेका छन् । उतिबेला, यी रङ्गीचङ्गी पाखी भोटेहरूले रिडीको मेलामा उधारो बेच्ने र मेलामा दिएको भाकामा गाउँ र उधारो लानेहरूबाट पैसा उठाउन जाने गरेको देखेको र भोगेकोमा अहिले अचम्म आफूलाई लागेको उहाँ बताउनुहुन्छ । पहिले भारतीय कपडा बढी आउँथ्यो, अहिले बुटवलबाट चाइनिज तयारी लत्ता कपडा आउँछन् । भारतीयहरू पूजाका सामानहरू विशेषगरी सिन्दूर,

केशरी, डोरी धागो छन् । यसरी कारोवारको स्वरूपमा परिवर्तन भए पनि व्यापारिक रौनक भने घटेको छैन, बरू बढेकै छ ।

यो लेख तयार पार्ने क्रममा स्रोत बनेका उहाँ मेरो साडुदाजु भएकोले पनि यसलाई अन्तिम रूप दिन यही माघे सङ्क्रान्ति पर्खेको थिएँ । २०५८ सालमा उहाँ मार्फत रू छ सयका दरले मैले चारवटा चारपाटे काम्ला किनेको थिएँ । अहिले तिनकै तीन हजार पाँच शय पर्छ । पाँच पाटे भए सात हजार पर्छ । उतिबेला काम्ला लिएर छोरा मान्छे आउँथे, अहिले छोरी मान्छे आउँछन् । यहाँ बिक्री हुन नसकेका काम्ला नवलपरासीको त्रिवेणी मेलामा बिक्री गर्न लगिने कुरा एक बिक्रेता बताउँछिन् । यी काम्ला पनि चैतमा काटेको भेडाको ऊनभन्दा असोजको बढी राम्रो टिक्छ, बर्षाको बेलामा ओतको काम पनि गर्छ । यसरी व्यापारको प्रकृति केही फरक भए पनि करीब डेढ लाख मानिसको जमघटले व्यापारिक कारोवारमा मेलाले रूप परिवर्तन गरेको भनाइ छ ।

## ४. ग्रामीण उत्पादनको खपत हुने बजार

व्यापारिक कारोवारमा मेलाले रूप परिवर्तन गरे पनि पाल्पा जिल्लाको बल्ढेङगढीका मगर उद्यमीहरूले बाँसबाट बनाएका सुपो, डालोको लक्ष्यित बजार यही मेला हो । यसैगरी रुकुमका चार र पाँच पाटे काम्ला यहीँ नै खपत हुन्छन् । बाँकी भए नवलपरासीको मेलामा लगेर बिक्री गर्ने उनीहरू बताउँछन् । यस वर्ष २०७९ सालको माघे सङ्क्रान्तिमा तीन दिनमै रूकुमबाट आएका काम्ला र ओखर बिक्री भएको भट्कुवाकै सरिता ज्ञवाली गौतम बताउँछिन् । पहिले-पहिले छोरा मान्छे आउनेमा अहिले आफै बुन्ने आफै बेच्ने महिलाको जमात बढेको छ । उनीहरूका अनुसार आसोजमा भेडाको रौँ निकालेर बनाएको काम्लो राम्रो मानिन्छ । रिडीमा आउने काम्ला असोजे हुन् । वर्षामा पानीमा यी काम्ला ओड्न पनि मिल्छ । चैते केही कमसल, उतै सस्तोमा जान्छ ।

यसैगरी सङ्क्रान्तिमा तरूल पिडालु, मासका बारा र रोटी, गुड, खुदो, चुकौनी आदि स्थानीय परिकार हुन् । यस अर्थले स्थानीय उत्पादन र आयातित सामानहरूले मेलामा थुप्रै रोजगारी, बजार, र आम्दानी दिएको सहजै अनुमान गर्न सकिन्छ ।

यो पङ्तिकार पोखरामा कार्यरत हुँदा २०७४साल (सन् २०१७) मा क्रिस्मस दिवश र अङ्ग्रेजी नयाँवर्ष मनाएको देखेको थियो । मेलाको झिलीमिली र पर्यटकहरूको भरिभराउ त थियो नै, तर अचम्म उसलाई तब लाग्यो, जब, दक्षिण भारतीयहरूले चाइनिज सिङ्ग भएका खप्पर काठमाडौंको कुनै आयातकर्ता वा व्यापारीबाट लिएर व्यापार गरेको, एक हप्ताको लागि कहाँबाट यी आए, के, कहाँ पाइन्छ कसरी जाने ? मौका छोपी बिक्री गरेर नाफा कति लिएर फर्के ?

यो मेरो लागि अनुत्तरित प्रश्न अझै पनि रहिरहेको छ । हामीले यहीं भएका यस्ता थुप्रै अवसर लिन किन सकेका छैनौं ? विदेशिए मात्र हुने नेपालीको मानसिकता रहिरह्यो, युवाको बुझाइ पनि यस्तै रह्यो । यी भारतीयहरूले दिएको सन्देश हामीले बुझ्न सकेका छैनौँ । रिडीमा हामीले पनि यस्ता अवसर गुमाएका छौँ कि ?

## ५. आन्तरिक पर्यटन र गुडको प्रसाद कोसेली

हाम्रो आस्था धर्म र संस्कृतिसँग बढी जोडिएको छ । हाम्रा आन्तरिक पर्यटनका गन्तव्य पनि यिनैसँग आबद्ध छन् । दाङका थारू समुदाय पनि आफ्ना पितृ उद्धारका लागि हामी गया गएर पिण्ड दिएजस्तै उनीहरू चामल र मासको दाल यहीं रिडीमा आएर माघे सङ्क्रान्तिका दिन गण्डकीमा सेलाउँछन् । आफ्ना पितृहरूको उद्धार गर्छन् । यसरी उनीहरूको तीर्थ पर्यटनको यो रिडी बनेको छ ।

यस वर्षको माघे सङ्क्रान्ति मेलामा करीब डेढ लाख यात्रु आएको अनुमान छ । यातायातको सुविधाले कति उसै दिन फर्के होलान्, कति बसे होलान् । यस मेलामा औसत खर्च प्रति व्यक्ति एकरात र एक दिनको कम्तीमा रू दुईहजार मात्र सरदर राखे पनि डेढलाख यात्रीले करीब ३० करोड खर्चे होलान्, त्योभन्दा बढी भए आकार बढ्ने नै छ । यी आन्तरिक र बाह्य पर्यटकले हालै निर्मित तीन जुरे पुलले आकिर्षत गरेको छ । गुल्मी, पाल्पा र स्याङ्जाको सङ्गम यस रिडीमा पुलै हेर्न र सेल्फी लिन अर्को वर्ष कति थपिने हुन्, भविष्यले देखाउला ।

यहाँ आउनेहरूले प्रसादको रूपमा घर गुड लाने गर्दछन् । रिडीमा मेलामा मात्र नभएर अघिपछि पनि आउने जाने र बसका यात्रीको समेत कोसेलीको रूपमा गुड रोजाइमा पर्दछ । त्यसैले रिडी र गुड एक अर्का सङ्ग गाँसिएका छन् । रिडी आसपासका भट्कुवा, थोर्गा, दिगाम, धरमपानी, रुञ्जाकोटलगायतका ठाउँहरूमा उँखु खेती गरिन्छ । बीचमा २०६० सालका शुरू वर्षमा यसको क्षेत्रफल ६६ हेक्टर (एक हेक्टर बराबर २० रोपनि) बाट ४२ हेक्टरमा झरेको र तीन चार वर्षपछि क्रमशः उकालो लाग्दै २०७७।०७८ सालमा आइपुग्दा झण्डै तेब्बर १२५ हेक्टर जमीन उखुले ढाकेको कृषि तथा पशुविकास मन्त्रालयले जनाएको छ । रिडी र गुड एक अर्कासँग गाँसिएका हुनाले पनि यस वरिपरिका गाउँहरूमा मकै, कोदो फल्ने बारीमा उँखु लगाउन थालिएको हो । मकै कोदो खेती गर्दा मान्छे धेरै चाहिने र ज्याला महँगो हुँदै गएकोले खर्च पनि न उठ्ने, उँखुको खुँदो, गुड बजारमा सहजै बिक्री हुने हुनाले भएर नै उँखु खेतीमा आकर्षण बढेको हो ।

यसरी यो रिडीको आर्थिक पाटो धार्मिक आस्थासँगै जोडिदै सबल बनेको छ । हालै यो रुरुक्षेत्रलाई नेपाल सरकारले औद्योगिक ग्राम भनेर स्वीकृत गरेको छ । २०७९ साल फागुन ५ गते बसेको मन्त्रिपरिषद्को निर्णयले यस्तै आठ ठाउँहरू मण्डनदेउपुर-६, बेथानचोक-२, लिखू-४, रघुगङ्गा-२, तातोपानी-४, रिब्दीकोट-३, रुरुक्षेत्र-४, अपिहिमाल-४ परेको २०७९ फागुन ६ गतेको गोरखापत्रले समाचार बनाएको थियो ।

## ६. सन्देशमूलक निष्कर्ष

सरकारले आन्तरिक र बाह्य पर्यटनलाई चलायमान अर्थतन्त्रको एक आधार स्तम्भ मानेको छ । यो रिडीक्षेत्र वरिपरि रेसुङ्गा तपोभूमि- (जोसमनि सन्त परम्परा), दिब्रुङ्ग तपस्थली, अर्घाखाँचीको खिदिम पणेनाको दहस्थित पाणिनि तपस्थल, ठाडाछेउको सुपादेउराली, पाल्पाको रानी महल, गुल्मी, पर्वत र स्याङ्जाको केन्द्रविन्दुमा रहेको सेतीवेनीको ठूलो शालिग्रामशिला, कपिलवस्तुको कपिलआश्रम, लुम्बिनी, तिलौराकोट, प्यूठानको स्वर्गद्वारी स्थानीय संस्कृति परम्पराका अन्य मठमन्दिर, मेला पर्वजस्ता पौराणिक, ऐतिहासिक, पुरातात्त्विक महत्त्व झल्काउने स्थलहरूमा शैक्षिक भ्रमण गराउने र पर्यटकलाई आकर्षित गर्दै उनीहरूको बसाइ लम्ब्याउने कार्यहरू गर्न सके समृद्धितिर हाम्रो भेग पनि लम्कन सक्छ । यो मेला र रिडी पनि पर्यटनमालामा गाँसिन सक्छ ।

ooo

**किरण पुस्तकालयको त्रैमासिक प्रकाशन 'हाम्रो पुरुषार्थ'को शताङ्क २०८० कार्तिकमा स्वर्णजयन्ती विशेषाङ्कको रूपमा प्रकाशनमा ल्याइँदै छ । उक्त अङ्कका लागि लेखक, कवि, समीक्षक, पाठक सबैले आ-आफ्ना दृष्टिकोणसहितका लेख-रचना २०८० श्रावण महिनाभित्र पठाई सहयोग गर्नुहोस् ।**

# तीन जिल्लाको सङ्गम : रुरुक्षेत्रको महिमा

✍ **ठाकुर शर्मा भण्डारी**
**सत्यवती गाउँपालिका-५, गुल्मी**
**हाल : धुम्बाराही, काठमाडौं**

नेपाल प्राकृतिक एवं आध्यात्मिक दृष्टिकोणबाट एक सुन्दर देश हो । जुनसुकै क्षेत्रमा जाऊँ, मन लोभ्याउने परिदृश्यहरू अवलोकन गर्न पाइन्छ । उत्तरी भेगको पर्वतमाला बीचको महाभारत शृङ्खला र समथर मैदान नेपालको गहना हो । नेपाल जलस्रोतको धनी देश हो । हरेक क्षेत्रले सुन्दरता मात्र प्रदर्शन गर्दछन् । परापूर्व कालदेखि ती क्षेत्रहरूको महिमा गाइएको पनि छ तथापि हामी यसै ठाउँमा हुँदाहुँदै पनि प्राकृतिक सम्पदालाई बिर्सिएका छौँ । संसारलाई आफूतिर आकर्षित गर्ने प्रत्येक कुनाकाप्चा, कन्दरा, पर्वतमाला, ताल-तलैया हुँदाहुँदै पनि पर्यटकीय दृष्टिकोणले नेपाल पछि परेको छ । यहाँको सांस्कृतिक परम्परा उच्चतम आदर्श, नीतिगत परम्परा र विविध संस्कृति नेपाली भावनासँग गाँसिएका छन् । ती परम्पराहरूले सुन्दर समाजको निमार्णतर्फ उन्मुख गराउँदछन्, चेतनामूलक छन्, क्षणिक भुलभुलैयाको भावनामा डुबेर भ्रमित भई पतनतिर डोऱ्याउने होइन ।

विश्वको सर्वोच्च शिखर सगरमाथाको भूमि, शिवको वासस्थान (कल्याणकारी भावनायुक्त स्थल), ऋषिमुनिहरूको तपोभूमि, बुद्धको जन्मस्थल मात्र होइन कि महर्षि वाल्मीकि, व्यास, पतञ्जलि आदि महान् स्रष्टाहरूको साधना केन्द्र, जनक, जानकी र भृकुटीको जन्मस्थल, आर्य संस्कृतिको केन्द्र रहेको नेपाल एक पावन भूमि मानिन्छ । त्यसैकारण परापूर्व कालदेखि ऋषिमुनिहरूको आश्रयस्थल रहेको नेपाल पौराणिक एवम् ऐतिहासिक पृष्ठभूमि बोकेका स्थलहरू अद्यापि विद्यमान छन् । हरेक ठाउँ पवित्र छन्, अद्भुत दिव्यताको सङ्गम छ । त्यसैले भन्न मन लाग्छ -

**गुल्म छ देवको त्यस्तै गुल्म छ धर्मको पनि**
**गुल्म छ तीर्थको त्यस्तै स्वत्वको संस्कृति पनि ।**
**रक्षा यो धर्मको गर्न अग्रगामी सदा रही**
**रमेको छ, बढेको छ, दिव्यानन्द सदा छरी ॥**

**सबैको ध्यान आकृष्ट गर्ने नेपालका कुरा**
**जता गयो त्यतै राम्रो पाखा-पर्वत-टाकुरा ।**

**सर्वत्र देख्न पाइन्छ भावनात्मक आँकुरा**
**स्वर्गझैँ लाग्छ हेरेर पावनी स्वर्णभा-धरा ।**

नेपाललाई त्यस्तै कवितात्मक भावनाहरूमा सजाउन मन लाग्छ । एउटा टाकुराबाट अर्को टाकुराको सुन्दरता देखेर मान्छे लठ्ठ पर्दछन् यहाँ । त्यहीँ बसिरहूँ भन्ने भावना जागृत गराउने भौगोलिक सुन्दरतालाई हेरिरहूँजस्तो लाग्छ र त महाकवि लक्ष्मीप्रसाद देवकोटाले 'नेपाल सुन्दर शान्त विशाल' भनेका हुन् ।

नेपाली साहित्यमा नेपाल सजिएको छ अर्थात् कविहरूले महिमा गाएका छन् । नेपालको पूर्वमा वराहक्षेत्र, मध्यमा पर्ने पशुपतिक्षेत्र र रुरुक्षेत्र, उत्तरतिर पर्ने मुक्तिक्षेत्र महत्त्वपूर्ण क्षेत्र हुन्, ऐतिहासिक क्षेत्र हुन्, सबै पर्यटकीय क्षेत्र बनाउन सकिनेछन् । यी क्षेत्रहरू आन्तरिक मात्र नभई बाहिरी पर्यटकलाई आकर्षण गर्ने क्षेत्र हुन् ।

यस लेखको उद्देश्यमा मध्यपश्चिम क्षेत्र लुम्बिनी अञ्चलमा पर्ने रुरुक्षेत्रको महिमा, त्यस वरिपरिका महत्त्वपूर्ण स्थलहरूको महिमा गाउने प्रयास गरिएको छ । नेपालका चौध अञ्चलमध्ये ऐतिहासिक तथा बुद्धधर्मको उद्गम स्थल, धार्मिकताको पृष्ठभूमि बोकेको लुम्बिनी अञ्चलका छ जिल्लामध्ये गुल्मी एवम् पाल्पा जिल्लाको सङ्गम रहेको एउटा महत्त्वपूर्ण एवं दर्शनीय स्थल हो रुरुक्षेत्र । नेपालको राजधानी काठमाडौँको दरबार स्क्वायर, चाँगुनारायण, पशुपति, स्वयम्भू, बौद्ध र लुम्बिनीक्षेत्र विश्व सम्पदाको सूचीमा परेका क्षेत्र हुन् भने रुरुक्षेत्र र जानकी मन्दिरलाई पनि विश्व सम्पदाको सूचीमा राखिएको छ । यिनको अन्तिम घोषणा हुन मात्र बाँकी छ, तसर्थ रुरुक्षेत्र पनि नेपालको महत्त्वपूर्ण क्षेत्र हो भन्ने कुरा यसले पनि पुष्टि गर्दछ ।

नेपालमा हिमाली शृङ्खलाको सबभन्दा उँचो शिखरबाट सर्वप्रथम सूर्यले आफ्ना प्रभाती किरण फैलाउँछन् भने विश्व विख्यात कृष्णा गण्डकी नै यस्ती नदी हुन् जहाँ स्वयं गण्डकीले शालिग्राम कुँद्दछिन् (शालिग्रामको रूपमा विष्णुको पूजा हुन्छ ।) श्री कृष्णा गण्डकीको असाधारण महिमा गान जगद्गुरु श्री शङ्कराचार्यले यसरी गाउनुभएको छ र भन्नुभएको छ :-

**अहो देवि ! धन्यासी वैकुण्ठनाथस्त्वदन्तर्गतो यच्छिलाचक्ररूपः**
**शिलाचक्ररूपो मुरारिर्हि साक्षान्न वा तत्र कार्या नृभिर्ग्रावबुद्धिः ।**

**तदन्या सुधन्याधुनी कास्ति पुण्या विनाविष्णुपादोद्भवां जह्नुकन्याम्**
**उभे पुण्यतोये तटिन्यौ हि धन्ये शुभा गण्डकी वैष्णवी चापि गङ्गा ।**

**रवीन्दुग्रहे त्वं कुरुक्षेत्रपुण्या सदा माघमासे प्रयागेण तुल्या**
**पितृ श्राद्धकाले गया पुण्यदात्री मृतौ काशिका मुक्तिदासि प्रसिद्धाः ।**

अर्थात् - हे देवी ! भगवान् विष्णु तपाईंको जलभित्र शिला (ढुङ्गा) भएर बस्नुभएको छ । शिलारूप स्वयम् विष्णुस्वरूप हो, कसैले ढुङ्गाको रूपमा नदेखून् । विष्णुको चरणकमलबाट निस्केकी गङ्गाबाहेक तपाईंको बराबरी गर्ने कोही छैनन् । साक्षात् विष्णुबाट प्रादुर्भूत श्रीगण्डकी र गङ्गा नै उत्तम नदी हुन् । सूर्य र चन्द्र ग्रहणमा तपाईं कुरुक्षेत्र भैँ पवित्र क्षेत्र हुनुहुन्छ । माघ महिनामा प्रयाग बराबर हुनुहुन्छ । पितृहरूको श्राद्धकालमा गया भैँ तपाईं पितृहरूको उद्धारक हुनुहुन्छ । मृत्युको समयलाई काशीको भैँ मुक्ति दिनुहुन्छ ।

चौतर्फी पहाडैपहाडले घेरिएको काली गण्डकीको तटमा अवस्थित मनोरम स्थलको नाम हो - रुरुक्षेत्र (रिडी) । पाल्पा तानसेन बजारबाट करीब तीस कि.मी. पश्चिम पर्ने यस ठाउँको ऐतिहासिकतालाई बिर्सन सकिँदैन । बुद्धको जन्मस्थल लुम्बिनी अञ्चलको पाल्पा, गुल्मी तथा गण्डकी अञ्चलको स्याङ्जा जिल्लाको सङ्गम स्थलको रूपमा रहे पनि रुरुक्षेत्र गुल्मी र पाल्पा जिल्लामै पर्दछ । अहिले तीनै जिल्लालाई जोड्ने त्रिकोणात्मक भोलुङ्गे पुल निर्माण भएको छ । उत्तरबाट दक्षिणतर्फ सर्पाकारमा बग्दै आएकी काली-गण्डकीमा पश्चिमबाट पूर्व बग्दै आएको रिडीखोला (रुरुनद) मिसिएपछि काली गण्डकी पूर्वतर्फ मोडिएकी छिन् । प्रागैतिहासिक पृष्ठभूमि बोकेको यस रुरुक्षेत्रको महिमा वराहपुराणमा विस्तृत रूपमा वर्णन गरिएको छ । यस क्षेत्रमा पाल्पाका राजा मणिमुकुन्द सेनको इतिहाससँग गाँसिएको भगवान् हृषीकेशको मूर्तिको आफ्नै महत्त्व छ । सम्भवतः एउटै शिलाको पूर्णकदको त्यसमा पनि शालिग्रामको सुन्दरमूर्ति संसारमा कतै छैन कि ? जस्तो लाग्छ ।

काली गण्डकी र रुरुनदको सङ्गमस्थलमा मरणोपरान्त अस्थि विसर्जन गर्ने परम्परा अद्यापि छ र स्वदेशी मात्र होइनन् विदेश (भारत) बाट समेत अस्थि ल्याई विसर्जन गरेर आत्माको चिरशान्तिको कामना गर्ने सनातन धर्मसँग सम्बद्ध रुरुक्षेत्रको ऐतिहासिक महत्ता बताउने शास्त्रीय मान्यता यस्तो रहेको छ –

> ऋणानां सहजातानां त्रयाणां मार्जनादिकम्
> ऋणीति नाम तटिनी प्रतीच्या आगता खलु ।
>
> हिमालयादुत्तरतः शालग्रामोदरा नदी
> वहन्ती हन्ति पापानि जन्तूनामिह मज्जताम् ।
>
> उभयोः सङ्गमे वेण्यां हृषीकेश इति प्रभुः
> कलौ मुक्तिप्रदानाय राजते ध्यायतां सताम् ।

अर्थात् – मानिस जन्मँदाखेरि नै तीन ऋण (देव, पितृ र ऋषि) लिएर यस संसारमा आउँछ, त्यसलाई हटाइदिने हुनाले ऋणी नाम भएकी नदी पश्चिम दिशातर्फबाट आएकी छिन् । उत्तरदिशा हिमालयदेखि शालिग्रामी कृष्णा गण्डकी (काली गण्डकी) बग्दै आएकी छिन् । यी दुबैको सङ्गम (वेणी) मा स्नान

गर्नेहरूको पाप पखालिदिन्छिन् र मानिस ती ऋणबाट मुक्त हुन्छ । दुबै नदीहरूको सङ्गममा ध्यानशील मानिसहरूका लागि कलियुगमा मोक्ष दिनका लागि भगवान् हृषीकेश प्रकट हुनुभएको छ । यही पापमोचिनी संसारमा भएका तीन ऋणबाट मुक्त गर्ने नदीको सङ्गमस्थल 'ऋणी' शब्दको अपभ्रंश स्वरूप 'रिडी' हुन गएको हो । यी दुई नदीको सङ्गम भएको ठाउँमा रुरु (मृग) कन्याको तपस्याबाट भगवान् हृषीकेश प्रकट हुनुभयो । यही कारण यो क्षेत्र रुरुक्षेत्रको नामले लोकप्रसिद्ध हुन गयो । शास्त्रोक्त धार्मिक महत्त्वलाई हेरेर कतिपय मानिसहरू काशीजस्ता तीर्थस्थलमा कल्पवासको लागि जानुसट्टा यही रुरुक्षेत्रमा कल्पवास बसी जीवनयापन गर्ने चलन पनि रहेको पाइन्छ ।

रुरुक्षेत्रको सम्बन्धमा वराहपुराण अध्याय १४६/१४७ मा यस्तो कथा पाइन्छ –

**भृगुकुलसमुत्पन्नः देवदत्तो मुनीश्वरः ........** भृगुकुलमा जन्मेका देवदत्त नाम भएका ब्राह्मण वेदवेदाङ्गमा पारङ्गत, यज्ञयागादिमा कुशल, व्रतधारी र अतिथि सेवक थिए । उनले कृष्णा गण्डकीको तटमा आश्रम बनाए र तपस्या गर्न थाले । यो आश्रमलाई हाल 'गलफुले' नामबाट चिनिन्छ । यो आश्रम पाल्पा जिल्लाअन्तर्गत पर्ने अर्गली (हाल तानसेन नगरपालिका वडा १४)मा पर्दथ्यो । वृक्षलतादिले युक्त सुन्दर बगैँचा भएको यो आश्रम फलफूल कन्दमूलले परिपूर्ण थियो । मुनिको तप दिनानुदिन कठोर बन्दै गयो । यो तीव्र व्रतधारी मुनिसँग इन्द्र डराए, वसन्त ऋतु, गन्धर्व, अप्सरा र कामदेवलाई आह्वान गरे र देवदत्त मुनिको तपस्या भङ्ग गर्न आदेश दिए । प्रम्लोचा नाम गरेकी अप्सरासहित आएका गन्धर्वहरूले सुमधुर गीत गाउने, नाच्ने, वातावरणलाई नै मनमोहक बनाएर कामदेवले पुष्पबाण प्रहार गरे । देवदत्त ऋषिको व्रतका प्रभावले सम्पूर्ण इन्द्रियहरू शिथिल भए पनि सम्पूर्ण रूपमा वासना नष्ट भएको थिएन । त्यसैले ध्यानबाट निवृत्त भई आश्रममा आनन्द मान्दै भ्रमण गर्न लागे, त्यसै क्रममा भकुण्डो खेलिरहेकी सुन्दरीमा आँखा पर्न गयो, निकट गए, दुबैका आँखा जुधे । अप्सराको हावभाव र कटाक्षले मुनि मोहित भएर भन्न थाले – 'सुन्दरी ! तिमी को हौ ? यहाँ किन आयौ ? हामीजस्ता मृगलाई कटाक्षबाण प्रयोग गरेर शिकार खेल्न चाहन्छ्यौ कि ? हे सुन्दरी ! म तिम्रै अधीनमा भएँ । '

देवदत्त मुनिका कुरा सुनेर प्रम्लोचा नजिक आइन् । हावभाव, कटाक्ष प्रहार गरी मुनिको तपस्या भङ्ग गरिन् । आफ्नो तपस्याको प्रभावले देवदत्त आफूलाई चाहिने योग्य सामग्री तयार गरी धेरै समयसम्म रमण गरे ।

एक दिन मुनिको विवेक जाग्यो । अप्सरा प्रम्लोचालाई त्यागी गण्डकीको किनारै किनार उत्तरतर्फ लागे । नदीको पूर्वीतटमा सुन्दर आश्रम (भृगुतुङ्गेश्वर, अपभ्रंश नाम–भृगुथुम) थियो । त्यहाँ भगवान् शङ्करको ठूलो तपस्या गरे, शिव प्रसन्न हुनुभयो । लिङ्गस्वरूप शिवको दर्शन भयो र भन्नुभयो –

**उवाच च प्रसन्नात्मा मुने पश्य च मां शिवम्**
**मामेवावेहि विष्णुं त्वं मा पश्यस्वान्तरं मम ।**
**पूर्वमन्तर भावेन दृष्टवानसि यन्मम**
**तेन विघ्नोऽभवद्येन गलितस्त्वत्तपो महत् ।**
**आवामेकेन भावेन पश्यत्वं सिद्धिमाप्स्यसि ।**

*(व.पु.अ. १४६)*

अर्थात्– हे मुनि तिमी, म र विष्णुमा केही अन्तर नदेख । पहिले तपस्या गर्दा म र विष्णुमा अन्तरभाव राखेर तपस्या गऱ्यौ, विघ्न उत्पन्न भयो, अहिले अन्तर देखेनौ, विघ्न भएन । यो तिम्रै विचारको प्रभाव हो ।

त्यसपछि आशुतोष भगवान् शिव अन्तर्ध्यान हुनुभयो । शिवको प्रभावले देवदत्त मुनिले सायुज्य मोक्ष प्राप्त गरे । उता देवदत्त मुनिले छाडेर गएपछि प्रम्लोचा (अप्सरा) मा गर्भ रहेको हुनाले केही समय त्यही आश्रममा रहिन्, कन्याको जन्म भयो, कन्यालाई त्यहीँ छाडी स्वर्गतिर गइन् । ती कन्यालाई मृगहरूले आफ्नो दूध ख्वाएर हुर्काए । रुरु (मृग)को दूध खाई हुर्केकी हुनाले रुरुकन्या नाम रह्यो । बालिका बढ्दै गइन्, भगवान् विष्णुको आराधनामा लागिन् । कठोर तपस्या गरिन्, सारा संसार नै विष्णुमय देख्न थालिन् । तिनको तपस्याबाट प्रभावित भई भगवान् विष्णु प्रकट हुनुभयो । रुरुकन्याका सम्पूर्ण इन्द्रियहरू रोकिएका हुनाले प्रकटरूप विष्णुलाई देख्न सकिनन् । भगवान् स्वयं इन्द्रियमा प्रवेश गरेर इन्द्रियहरूलाई बहिर्मुख गरिदिनुभयो । इन्द्रियहरूलाई 'हृषीक' भनिन्छ । रुरुकन्याका इन्द्रियहरूलाई नियमन गरी भगवान् विष्णु बाहिर प्रकट हुनुभएकोले विष्णुको नाम पनि 'हृषीकेश' रहन गयो । जब रुरुकन्याले भगवान्को (चतुर्बाहुस्वरूप) दिव्य दर्शन गरिन् तब आँखाबाट अश्रुधारा बग्न थाल्यो, हृदय गद्गद भयो, हात जोडिरहिन्, केही बोल्न सकिनन् । उनको आशय बुझेर भगवान्ले 'वर' माग भन्दा उनले भनिन् –

हे प्रभु ! मलाई वर दिनुहुन्छ भने यही चतुर्बाहु विष्णुको रूपले यही स्थानमा विराजमान हुनुहोस् ।

भगवान्ले भन्नुभयो – 'हुन्छ, यही रूपमा म यसक्षेत्रमा प्रकट भएर रहनेछु र तिम्रो तपस्याबाट अति प्रसन्न भएको हुनाले तिमीलाई दुर्लभ वर प्रदान गर्दछु । तिम्रो नामले यो क्षेत्र प्रसिद्ध हुनेछ । '

यसरी वरदान दिएर भगवान् अन्तर्ध्यान हुनुभयो । रुरुकन्या केही समय तपस्या गरी परमधाम प्राप्त गरिन् । यो क्षेत्र 'रुरुक्षेत्र' नामबाट प्रख्यात भयो भनेर वराहपुराणमा वर्णन गरिएको छ । त्यही पौराणिक कथामा आधारित भएको हुनाले यो क्षेत्रको कथा प्रख्यात भएको हो । यो क्षेत्रमा विविध मन्दिरहरू रहेका छन् ।

यसको पौराणिक महत्ता, सुन्दरता बोकेको क्षेत्र भएको र धार्मिक आधार पनि भएको कारण पनि धार्मिक पर्यटक बढाउन सकिने देखिन्छ ।

## रुरुक्षेत्रभित्र पाल्पा जिल्लामा पर्ने केही मन्दिरहरू :-

**भगवान् हृषीकेश** :– रुरुकन्याको तपस्याद्वारा प्रादुर्भूत भगवान् हृषीकेशको सपरिकर (जय, विजय आदि पार्षद्‌गण र शङ्ख, चक्र, गदा, पद्मसहित) चतुर्बाहु, कृष्णवर्णको ३ फीट ९ इन्चको अग्लो, अत्यन्त मनोहर मूर्ति त्यहाँ अवस्थित छ । यो मूर्ति पाल्पाली तत्कालीन राजा मणिमुकुन्द सेनले गण्डकीमा स्नान गर्दा प्राप्त गरेका हुन् भन्ने भनाइ छ । इतिहासअनुसार– मूर्तिको स्थापना रुरुक्षेत्रमा गरी उनले गुठीको व्यवस्थासमेत गरेका थिए । मूर्ति स्थापना भएको ठाउँको बाहिरी भागमा वि.सं. १८१९ मा रणदल पाण्डेले कमलको आकार भएको मन्दिर निर्माण गरी गजुर घण्ट चढाएका थिए । विभिन्न महानुभावद्वारा पाटीपौवा, सत्तलहरू निर्माण गरिएका छन् । मूल मन्दिरका साथै अर्गली निवासी समाजसेवी पुष्करनाथ भट्टराईको सक्रियताद्वारा निर्माण गरिएको गायत्री मन्दिर जीर्ण भएको हुनाले हालसालै उहाँकै छोरा श्री परशुराम भट्टराईको सक्रियतामा गायत्री मन्दिरको पुनर्निर्माण गरिएको छ । त्यहाँ वेद/वेदाङ्ग/कर्मकाण्डको अध्ययन पनि हुन्छ । वर्तमान समिति सक्रियताका साथ जीर्ण सत्तलहरूको पुनर्निर्माणमा सक्रिय भएको देखिन्छ ।

हृषीकेश मन्दिर परिसरमा रुरुकन्याको मन्दिर, रामनाम स्तूप, विश्वेश्वर महादेव, दानुमुक्तेश्वर महादेव, विज्ञेश्वर महादेव, शान्तभक्तेश्वर, शेरभक्तेश्वर, सन्तमुक्तेश्वर, राधाकृष्ण मन्दिर, सत्यनारायण मन्दिर, शान्तमुक्तेश्वर महादेव, सत्येश्वर महादेव, हनुमानको मूर्ति, भीमसेन स्थान आदि मन्दिरहरू रहेका छन् । यी मन्दिरहरू भक्तजनहरूले समय-समयमा निर्माण गरेका हुन् । सबै मन्दिर वा सत्तलहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न गुठीको व्यवस्थासमेत गरिएको छ ।

रुरुक्षेत्र गुल्मी जिल्लाभित्र पर्ने गण्डकी नदी र रिडी खोलाको पश्चिमोत्तर तटमा अवस्थित रिडी बजार त्यस क्षेत्रको प्रसिद्ध व्यावसायिक केन्द्र हो । पाल्पा तानसेन बजारबाट करिब ३० किलोमिटरमा रहेको यो धार्मिक स्थल मात्र नभई परापूर्व कालदेखि त्यस भेगको महत्त्वपूर्ण व्यावसायिक केन्द्र बनेको थियो । तानसेन-रिडी-तम्घासको ७५ किलोमिटर बाटो कालोपत्र भएपछि रुरुक्षेत्र भ्रमण गर्न सुगमताको अनुभव भएको छ । अहिले त काठमाडौंदेखि सिधा बस या अन्य साधनहरू सञ्चालन भएका छन् । यातायातको साधनले गर्दा व्यावसायिक चहलपहल कम देखिन्छ तथापि आफ्नो अस्तित्व कायमै राखेको छ । यसको नामकरण पनि रुरु अपभ्रंश रिडीबाट प्रख्यात भयो । यहाँ रहेका मन्दिरहरू हुन् : भगवती स्थान, भीमसेन स्थान, गणेश स्थान, भैरव स्थान, सिठीनख, बुद्धको मन्दिर, लक्ष्मीनारायण मन्दिर, यज्ञमुक्तेश्वर, मणिमुकुन्देश्वर,

गम्भीरमुक्तेश्वर, कालीकेश्वरी, गोपेश्वर महादेव, कञ्चनेश्वर महादेव, पशुपतिनाथ, महाविष्णु (विष्णुपञ्जर), आदि ।

स्याङ्जा जिल्लाभित्र पर्ने (गण्डकीको पूर्वीतटमा) भृगुतुङ्गेश्वर महादेव अर्थात् माथि दिएको पौराणिक कथाका नायक महान् तपस्वी देवदत्तले तपस्या गरी मुक्ति प्राप्त गरेको स्थान, पार्वती, गणेशका मूर्तिहरू भएको स्थान आदि प्रसिद्ध रहेका छन् । यहाँ कल्पवास बस्ने चलन भएको हुनाले काली गण्डकी किनारामा स-साना कुटीहरू देखिन्छन् । हाम्रो सामाजिक अवस्थाले गर्दा पनि कल्पवासहरूमा महिला बढी रहेको देखिन्छ । रुरुक्षेत्रभित्रका दर्शनीय प्राकृतिक गुफा एवम् स्थलहरू : गलफुले गुफा (देवदत्त र रुरुले तपस्या गरेको ठाउँ) आनन्दकुटी, रामकुटी, गणेशगुफा, तालदोमाईगुफा, कमलपोखरीगुफा, सत्यवतीपोखरी, कोटफेरा तपोभूमि, हनुमानगुफा, पहेंलीपौवा, अचम्मेश्वर आदि विभिन्न दर्शनीय गुफा र आश्रमहरू विद्यमान छन् । यहाँ भ्रमण गर्दा मानिसको मनबाट दुर्भावनाहरू हट्नुको साथै शान्ति प्राप्त हुन्छ भन्ने धारणा पाइन्छ ।

रुरुक्षेत्रको निकट रहेको गोनिष्क्रमण स्थलको महिमा आफ्नै किसिमको छ । वराहपुराणको १४७ औँ अध्यायमा यसको विस्तृत वर्णन गरिएको छ । गोनिष्क्रमण नामले प्रसिद्ध यो ठाउँ और्व ऋषिको तपोभूमि हो । यिनै और्व ऋषिले आश्रम बनाई तपस्या गरेको ठाउँ जाने बाटोको अर्थबाट और्वगली अर्थात् 'अर्गली' नाम प्रसिद्ध रहेको छ । अत्यन्त सुन्दर फाँट, फाँटको बीचमा गोलाकारको पर्वत वा थुम रहेको छ, जहाँबाट उत्तरतिर हेर्दा फाँटको तलको भागबाट काली गण्डकी बगेकी छिन् । गण्डकी र कुरुङ्खोलाको सङ्गमलाई 'गाईघाट' भनिन्छ । यसको सम्बन्धमा एउटा कथा छ –

'भगवान् शङ्कर पार्वतीसहित और्वऋषिको आश्रममा आउनुहुँदा और्व ऋषि स्नानार्थ गङ्गासागर जानुभएको थियो । भगवान् शङ्करले स्वागत पाउनुभएन, उहाँको क्रोधाग्निले आश्रम जल्यो । पछि ऋषि फर्किंदा आश्रम भष्म भएको देखी अत्यन्त दुःखित हुनुभयो : 'जसले यो सुन्दर वाटिकासहितको आश्रम जलाइदियो, त्यो दुःख, शोकले तप्त भई घुम्नेछ' भनी श्राप दिनुभयो । जसबाट शिवजीको मनमा अशान्ति बढ्यो । भगवान् विष्णुको परामर्शअनुसार प्रशस्त गाईहरू लिएर शिवजी त्यस ठाउँमा आउनुभयो र और्वऋषि गाईहरूको दर्शन पाएर खुसी हुनुभयो, ऋषिश्राप शान्त भयो । भगवान् शङ्करको दर्शन पाएर भाव विभोर पनि हुनुभयो । त्यसैले गाईहरू निस्केको ठाउँलाई अहिले गाईघाट भनिन्छ । यो वराहपुराणमा उल्लेख रहेको छ ।

**रुरुक्षेत्रका केही धार्मिक मेला :** हरिबोधनी एकादशीमा स्नानार्थीको ठूलो मेला लाग्दछ । द्वादशीको दिन भगवान् हृषीकेशको भव्य रथयात्रा गरिन्छ । यो रथयात्रा अवलोकन गर्न टाढा-टाढाबाट मानिसहरू आउने गर्छन् । यस बेलाको

त्यहाँको प्रसाद ग्रहण गर्न सबैको चासो हुन्छ । साह्रै मीठो र गरिष्ठ भएको अनुभव यस पङ्क्तिकारले पनि गरेको छ ।

माघेसङ्क्रान्तिमा १ गतेदेखि ३ गतेसम्म मेला लाग्दछ । त्यस भेगका मानिस मात्र होइनन्, टाढा-टाढाबाट आएका मानिसहरूले धार्मिक लाभ उठाउनुका साथै व्यापारिक लाभ पनि उठाउँछन् । त्यहाँ बाग्लुङ(बुर्तिवाङ) वा हिमाली क्षेत्रबाट ऊनीका सामानहरू (राडी, पाखी र कम्बल) र जडीबुटी बेच्नेहरू र किन्नेहरूको घुइँचो लाग्ने गर्दछ । त्यसको व्यापार अहिले भने कम भएको देखिन्छ ।

चन्द्र-सूर्य ग्रहणको समयमा यस क्षेत्रमा ग्रहणस्नान गरे पुण्यलाभ हुन्छ भन्ने शास्त्रहरूमा उल्लेख भएको हुनाले प्रशस्त मानिसहरूको भीड लाग्दछ । गयामा श्राद्ध गर्नाले पितृ मुक्त हुन्छन् भन्ने चलनअनुसार गयाश्राद्ध झैँ यहाँ पनि उत्तिकै महत्ता रहेको पौराणिक कथनअनुसार मानिसहरू यहाँ आई श्राद्ध गर्ने चलन पनि रहेको छ ।

यहाँ अस्थि प्रक्षेपण गर्ने पनि चलन रहेको छ । नेपाल र भारतका वैदिक धर्मानुयायीहरूको प्रचलनअनुसार रुरुक्षेत्र र काशीमा मानिसहरूले दाहसंस्कारपछि यहाँ अस्थि विर्सजन गर्ने चलन रहेको छ ।

रुरुक्षेत्रमा वैकुण्ठचतुर्दशी अर्थात् बालाचतुर्दशीका दिन शतबीज छर्ने चलन पनि रहेको छ । उक्त दिन यस क्षेत्रमा ठूलो मेला लाग्ने गरेको छ र धार्मिक आस्थानुसार मानिसहरू विविध पर्वहरूमा आई स्नान गर्ने, हृषीकेश र अन्य देवस्थलहरूको दर्शन गरी धार्मिक लाभ उठाउने गरेका छन् ।

गण्डकीको शिर मुक्तिक्षेत्र हो, रुरुक्षेत्र हृदय हो र हरिहरक्षेत्र पाउ हो भन्ने शास्त्रको वचनानुसार यसको महत्त्व प्रत्येक वर्षमा रहेको कुरा सर्व विदितै छ । वराहपुराणमा लेखिएको छ :

**कार्तिक सकलं मासं यः स्नास्यति नरः प्रभो !**
**सर्वपापविनिर्मुक्तो मुक्तिभागी न संशयः ।**

अर्थात् : कार्तिक महिनाभरि जसले गण्डकीमा नुहाउँछ, सबै पाप नष्ट भएर मोक्ष प्राप्त गर्दछ । यसमा कुनै शङ्का छैन, तसर्थ नेपालको रुरुक्षेत्र महिमा अपार भएकोले पर्यटकीय दृष्टिकोणबाट यसको संरक्षण गर्नु जरूरी छ । यसतर्फ सबैको (सम्बन्धित निकायको) ध्यान जानु आजको आवश्यकता हो । नेपालको सुन्दरतालाई अवलोकन गर्दा मनमा अनेक किसिमका भावना जागृत हुन्छन् :

बिहानी घामको झुल्का पर्दा प्रथम पाइला
चाँदी झैँ उत्तरी भाग देखिन्छ विधिको कला ।

घाम अस्ताउने बेला स्वर्णिम युक्त टाकुरा
देखिँदा स्वर्ग झैँ लाग्छ नाच्दछिन् स्वर्ग-अप्सरा ।

कतै कञ्चनजङ्घा छन् अन्नपूर्णा सुखाकृति
सर्वोच्च शिखरै देख्छु यही संसारको गति ।
गौरीशङ्करको आभा गणेश-जुगलै यहीँ
धौलागिरि प्रभा छर्छन्, लोभ्याउँछन् सधैँभरि ।

माछापुच्छ्रे यहीँ हाँस्छ सबैको मन हर्दछ
वातावरणको शोभा देखाई रूप फेर्दछ ।
फेवाको रूप देखेर मन्त्रमुग्ध गराउँछ
बेगनास र रूपा होस् तिलिचो मन चोर्दछ ।

गोसाईंकुण्ड होस् चाहे त्यो मुक्तिक्षेत्रको स्थल
रुरु, वराहक्षेत्रैको ज्ञान देखिन्छ झल्मल ।
चाहे खप्तडको क्षेत्र चाहे चितौनको वन
स्वर्गद्वारी र रेसुङ्गा सबैले हर्दछन् मन ।

पोखरा-काठमाडौँको प्रकृति रम्य देख्दछु
जता हेऱ्यो उतै राम्रो भावना बुद्ध भेट्दछु ।
कर्णाली, गण्डकी, कोशी बग्दछन् ती निरन्तर
अनेकौँ ठाउँको त्यस्तै मन हर्छन् सुधाकर ।

लुम्बिनी क्षेत्र होस् चाहे जानकीधाम पूर्वको
तराई फाँट हुन् चाहे मूलमन्त्र सुधारको ।
द्यौराली अनि भञ्ज्याङ जता हेर्छु उतै म छु
संसारमा कतै हुन्न यस्तो प्रकृति सुन्दछु ।

दिनमा, रातमा राम्रै प्रकृतिको भएँ धनी
घाम उदाउँदा चाहे घाम अस्ताउँदा पनि ।
सृष्टिको पहिलो रूप यही हो मन भन्दछ
सजाऊँ अझ यो धर्ती भित्रको तम भाग्दछ ।

यो मेरो देश नेपाल हिमाली क्षेत्रको गरी
विश्वको शिर मानिन्छ सम्झिन्छु म सधैंभरि
सबैको प्रकृति देख्छु सभ्य-संस्कृति धारणा ।
बचोस् प्रकृति यो हाम्रो छ यही शुभ-कामना ।

ooo

# रिडीधामबाट आर्जन गरेको ज्ञान

✍ **हेमराज पाण्डे**
**छत्रदेव-६, ठूलापोखरा, अर्घाखाँची**

मगर भाषामा रिको अर्थ धमिलो र दी भनेको पानीमा अर्थ्याइन्छ । यही धमिलो पानी अथवा रिदी वाक्यको अपभ्रंस हुँदै कालान्तरमा रिडी धामले परिचित कृष्णा गण्डकी र रिडी खोलाको संगम आजको पवित्र रिडीधाम हो । सिंजाली मगर राजाको साम्राज्य तत्काल स्याङ्जासम्म विस्तार भएको र पश्चिम पाल्पाका बलीहाङ् राजाको प्रभावक्षेत्र पनि रिडीमा नै केन्द्रित भएकोले यसै पनि रिडीक्षेत्र मङ्रात भूभाग मानिन्छ । पूर्वी गुल्मी, पश्चिम स्याङ्जा र पाल्पाको उत्तरमा अवस्थित रिडी पौराणिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक महिमास्थल हो । तीन जिल्लाको त्रिवेणी दोभान र देशकै गहिरो पवित्र कृष्णा गण्डकी नदीको सङ्लो धार सल्बलाउने उन्मेष वेगले रिडीको धार्मिक महिमा जनाउँछ । त्यही नदीको पवित्र जलमा प्रभाति कर्मपछि हृषीकेश मन्दिरमा जल अर्घ चढाएर दर्शन गरी फूलप्रसाद ग्रहण गरेर गन्तव्य धाउँदा आफ्नो शुभयात्राको कार्य सिद्ध हुने मान्यता गुल्मी, अर्घाखाँची, पाल्पा, प्यूठानबासीमा आजसम्म अङ्कुराएर झाँगिएको पनि छ । पवित्र रिडीधाममा दोभानको रूपमा समेटिने रिडी खोलाको मुहान समग्र अर्घाखाँचीको मानचित्र नै उद्गम मुहान बनेको नदीनालाको संयुक्त रूप हो ।

अस्थायी अध्यापनमार्फत मैले कमाएको रू ७००/-, दुई माना बेसाएको घ्यू र एउटा उधारो भुवादार न्यानो कम्मलसँगै वृत्ति विकासको प्रतीक्षा गर्दै एस्.एल.सी.को सफल नतिजा प्रकाशनपछि २०३७ सालमा संभावनाको आशासहित भाग्यको खोजीमा २०३४ साल असारपछि दोस्रो पटक राजधानी काठमाडौं प्रस्थानको क्षणसँग अहिले यहाँ पवित्रधाम रिडीमा जोडिनु सान्दर्भिक हुनेछ । २०३७ साल फागुन तेस्रो हप्ताको बुधवार दिनभर घरबाट पैदल हिडी रिडी बसाइलाई रातको बासचयन क्षण सबै दृष्टिले सुखद संयोगमा अर्थ्याउँछु । भालेको पहिलो डाँकसँगै प्रभाति प्रहरमा आस्थाको केन्द्र छत्रमहाराजको कोतघरमा उज्यालो आगमनस्वरूप हर्ष बढाइको बाजा जब घन्किए त्यही बाजाको मीठो धूनलाई शुभसाइतको प्रहर पक्रेर बिदाइस्वरूप प्रातः स्मरणीय बाबा देवराज र आमा ढुनकलाले मेरो तालुमा आशीर्वादका हात राखेर अगाडि बढ्न विदाइ इशारा गर्नुभयो । त्यही पितृहरूको आशीर्वादको सुखद बिदाइ नै आज यसरी मेरो भाग्य फुल्ने, फल्ने, झाँङिने, लहराउने र मङ्मङाउने सफल फैसलाको हकदार बन्न पाएँ । आँगनका डिलको तुलसी मठमा निर्मित तुलसीबेदीको पवित्र मृत्तिका, रेसुङ्गाको सिरसिरे बतासको स्पर्श र कृष्णा गण्डकीको जलस्नानसँगै सूर्यलाई जलअर्घ एवं हृषीकेश मन्दिरको फूलप्रसाद

शुभेच्छाले आज मलाई सफलताको शिखरमा पुरायो । यो सबै सफलताको एकमुष्ट श्रेय दिवंगत पिता-मातासँगै पवित्र रिडीधामप्रति समर्पण गर्दछु ।

जनकपुरधाम, मुक्तिक्षेत्रधाम र वराहक्षेत्र धामसँगै नेपालका प्रसिद्ध चारधाममा रिडीधामको नाम जोडिन्छ । यसरी प्रसिद्ध तीर्थस्थलको रूपमा रिडीको वैभवता सम्बोधन हुनु खुसीको विषय हो । नीलगिरी हिमालको गर्भबाट उद्‌गम कृष्णा गण्डकी भगवान् कृष्णको गण्डस्थलबाट उद्‌गम भै सनातन बग्ने किंवदन्ती छ । यसैले वर्षायाममा धमिलो आकारमा कृष्णा गण्डकीमा समेटिने सबै नदीहरूको उहावलाई देवघाट त्रिशूलीमा ओर्लिंदासम्म कृष्णा गण्डकीको कालो छालको वर्चश्वले जित्छ । हरिहर, नारायणी, दामोदर आदि पवित्र नामले कृष्णा गण्डकीलाई सम्बोधन हुनु यस नदीको छालले लपेटेको शिला पत्थर शालिग्राममा रूपान्तरण हुनु हो । तर कृष्णा गण्डकीको छालमा लपेर्टिंदै र बग्दैमा सबै पत्थर भने शालिग्राममा रूपान्तरण हुँदैनन् । भगवान् कृष्णको प्रतीक बज्रकीट नाम गरेको अदृश्य कीरो (पुराणमा उल्लेख भएअनुसार) परापूर्वकालदेखि नीलगिरि हिमालको ओढारकापमा निरन्तर बस्दै आएको छ । उक्त कीरोले चाटेको दुर्लभ पत्थर मात्र घहरिदै जब कृष्णाको छालमा ओर्लिएर हुत्तिदै बग्न थाल्छ अनि गलेश्वर, पूर्तिघाट, रुद्रवेनी, रिडी, रानीघाट, राम्दीघाट, केलादीघाट, देवघाट, नारायणघाट, त्रिवेणीघाटसम्म बग्दै जान्छ । यसरी परीक्षणको कसीमा नदीको छालसँगै हुत्तिदै बग्दा सक्कली शालिग्राममा परिणत भै देवता कहलिन थाल्छ । त्रिवेणी धामबाट भारतको भैसालोटन हुँदै दामोदर नदीको नाम धारणसहित कृष्णा गण्डकीको उन्मेष लहर अगाडि बढ्छ । अनि दरभंगा नजिकको छपराघाटमा गंगानदीमा जोडिन्छ ।

गंगा नदी पनि राजनीतिक, सामरिक पृष्ठभूमि बोकेको पश्चिम बंगालस्थित प्रसिद्ध फरक्का बाँधमा पुगेर पूर्व दक्षिण दुई हाँगोमा विभाजित हुन्छ । पूर्वीधार चटगाउँ बंगालादेशमा ब्रम्हपुत्र नदीसँग विलय भै बुढीगंगा, मेघना आदि नामधारणसहित संसारकै ठूलो मुखद्वीप शान्तिबाटिका हुँदै बंगालको खाडीमा ओर्लिन्छ । फरक्काबाट फाटेको गंगानदीको दायाँधार दक्षिणतर्फ कलकत्ता, हल्दियाघाट हुँदै भागीरथी गंगाको रूपमा गंगासागरमा ओर्लिएर टुगिंन्छ । कैलाश पर्वतको फैलावट शृङ्खलाअन्तर्गत पामीरको गाँठोमा जेलिने नीलगिरि हिमालपुत्री एकमात्र नेपालकी पवित्र कृष्णा गण्डकी नदी यसरी भागीरथी गंगा हुँदै गंगासागरमा विसर्जन हुँने हुँदा वर्षमा एकबार माघेसङ्क्रान्तिमा मात्र अपार मेला लाग्ने गंगासागरको धार्मिक महिमा बढेको हो । अन्यथा गंगासागर पनि अन्य सागरसरह औसतमा गणना हुन्थ्यो । गंगासागरस्थित साधु सन्तबाट यस्तो कथन सुन्दा आफू नेपाली हुनुमा तत्काल आफूलाई गर्वबोध भएको थियो । गंगासागरको यात्राले कृष्णा गण्डकीको धार्मिक महिमा बढाएको कुराले भ्रमणको पूर्णता सिद्ध भएको थियो ।

कृष्णा गण्डकी, काली गण्डकी आदि नामले सम्बोधित कृष्णा गण्डकीको पवित्र तट रिडी क्षेत्रलाई रुरुक्षेत्र पनि भनिन्छ । यसको धार्मिक रहस्य खोतल्दा प्रम्लोचा नामकी अप्सराद्वारा रिडी किनार आसपासको भृगुतुङ्गेश्वर वनवाटिकामा एक तापससँग सहवासको गर्भधारण पछि एक कन्या जन्माउँछिन् । अनि एक ऋषिको यौवनतृष्णाप्रति लिप्त बन्दै मृग बथानको बीचमा भर्खरै जन्माएकी अबोध कन्या छोडेर अप्सरा त्यहाँबाट पलायन बन्छिन् । संस्कृतमा रुरु शब्दले सम्बोधित तिनै मृगहरूले स-साना लोर्के, चील्ला आ-आफ्ना पाठापाठीहरूसँगै एक्ली अप्सरा कन्यालाई पनि स्तनपान गराएर हुर्काउँछन् । मृगबथानको घुलमिलमा यसरी हुर्किएकी अप्सरा कन्याको नामले आजसम्म रिडीधामलाई रुरुधामको रूपमा सम्बोधन हुनु रहस्यात्मक तर अर्थपूर्ण विषय मानिन्छ ।

विशेषगरी माघे सङ्क्रान्तिमा मेला भरिने रिडीधाममा माघे औंसी, हरिबोधनी, हरिशयनी एकादशी, वैशाख श्रावण सङ्क्रान्ति, दशहरा, सूर्यचन्द्र ग्रहण लगायतको मुहूर्त क्षणमा पनि ठूलो धार्मिक मेला लाग्दछ । मेला भर्न आउने टाढाटाढाका यात्रुहरूले कृष्णा गण्डकीको स्नानसँगै हृषीकेश मन्दिरको दर्शनपछि रिडी यात्राको अभीष्ट सिद्धिको गर्व गर्छन् । स्थानीय प्लाष्टिकको खोलमा बेरिएको सेतो बुनिया दाना, आसपास थोर्गा, दिगाम, भट्कुवाको गुँड चाकूसँगै नदीको बोत्तलको जल जलप्रसादको रूपमा लिएर गाउँ फर्किन्छन् । अनि रिडी नदेखेका आ-आफ्ना गाउँलेका हत्केलामा तुर्काएको त्यही जल र गुँड, चाकू, सेवन गराई रिडी धामको आफ्नो तीर्थयात्रा यसरी सिद्धि भएकोमा उनीहरू गर्व गर्दै रमाउँछन् ।

टाढा-टाढाका जिल्लाहरूबाट शव दाहसंस्कारको लागि रिडीघाटमा ल्याउनु मृतआत्मा सहजै स्वर्ग अवतरण हुनुहो भन्ने अनौठो किवंदन्ती छ । गण्डकी, लुम्बिनी, धवलागिरि, राप्ती अञ्चलका पहाडी जिल्लाहरूमा । दिनमा धेरै मृत शरीरको दाहसंस्कार विसर्जन गरिने रिडीमा लाश नजलाएको दिन खालि हुँदैन । कथं कदाचित् खालि भएमा स्थानीय बजारबासीले बेलुकी साँझपख पुतलाको चिता बनाएर दाहसंस्कार कर्म विधि सम्पन्न गर्ने अनौठो साँस्कृतिक प्रचलन रिडीमा विद्यमान छ । दाहसंस्कारको शून्य विसर्जन दिनलाई जीवन्तता दिदै ब्युताएर पुतलाको चिता विसर्जनमार्फत साँस्कृतिक, धार्मिक, ऐतिहासिक परम्परालाई यसरी रिडीमा जीवन्त राख्नु देशभरकै अनौठो साँस्कृतिक परम्परा मानिन्छ ।

संस्कृतशिक्षाको जगेर्नास्वरूप संस्कृत क्याम्पस, संस्कृत मा.वि.को स्थापनासँगै अध्यापनको सेवा रिडी धाममा सुचारु रहनु विश्वभाषा दर्शनको नाभि मानिने संस्कृत भाषाको श्रीवृद्धिमा योगदान पुराउनु हो । पूर्वीय दर्शनका अमर पौराणिक ठेलीहरूको अर्थलाई गहन अध्ययनमार्फत निरन्तरता दिनु हो । हिन्दु दर्शनका अमर नक्षत्र आदि पुरुष जगत्गुरु शंकाराचार्य, महापुरुष विवेकानन्द, खप्तडबाबा

स्वामी, योगी नरहरिनाथ, शताब्दी पुरुष सत्यमोहन जोशी, हस्तरेखा विज्ञ स्थानेश्वर पन्त, भिक्षु अश्वघोष, मंगलराज जोशीजस्ता विद्वान्, अमर साधक आदि पुरुषहरूले रिडीधामको दर्शनसँगै महिमा उद्गार गरेको रिडीधामको वैभव अर्थ्याउने खुबी आफूसँग नभएको मैले हार स्वीकार्छु । बेलाबखत ठूला-ठूला धार्मिक यज्ञ सम्पन्न हुने रिडीधामको महिमालाई भगवान् विष्णुले यसरी वराहपुराणमा बताउनुभएको छ ।

**'क्षेत्राणाम् मुक्ति क्षेत्रञ्च श्रेष्ठो गिरिषु शैलराट्**
**नदीषु गण्डकी श्रेष्ठा त्रयो मे परमप्रिया ।'**

अथवा क्षेत्रहरूमा मुक्ति क्षेत्रधाम, नदीहरूमा कृष्णा गण्डकी आसपासको रिडीधाम, पहाडहरूमा पाल्पा, अर्घाखाँचीमा समेटिने छहरा, तीनगिरे, पणेना, नृत्याञ्चल् टोड्के, स्याङ्ल्याङ्, खिदिम आदि उच्च पर्वतीय पवित्र भू-भागहरू मेरा प्रियस्थानहरू हुन् । भगवान् विष्णुको मुखारबिन्दद्वारा रिडीको महिमा यसरी बढोत्तरी हुनु खुसीको कुरो हो । देशकै राजकीय अस्तुलाई बागमती तट पशुपतिनाथमा विसर्जनपछि काशी पुराउनुपूर्व रिडीमा विसर्जन गरिन्छ । अनि मात्र विदेशस्थित काशीधाममा पुराइनु नै रिडीधामको अपार महत्त्वले वैधानिकता पाउनु हो । यति पवित्र धार्मिक महिमास्थल कृष्णा गण्डकी तट रिडीमा २०७६ साल भाद्र ३० गते सोमबार कृष्ण पक्ष सोह्र श्राद्धको तृतिया तिथिमा दिवंगत पिता देवराज पाण्डे र २०७८ साल वैशाख १७ गते शुक्रवार कृष्णपक्ष पञ्चमी तिथिमा दिवंगत माता ढुनकला पाण्डेको दाहसंस्कार कर्मसँगै पार्थिव शरीर सेलाएको ताजा संस्मरण क्षणले मलाई अहिलेसम्म पनि भावुक बनाएर झस्काउँछ । रिडीप्रति शब्द अनुष्ठानको यस पवित्र क्षणले थप कुरा लेख्ने उत्सुक तुल्बुली जगाउँदै नित्य निरन्तर मलाई कुत्कुत्याउँछ । मैले अथाह ज्ञानसागर पढेको रिडीधामप्रति अविस्मरणीय कुरा संकल्प अनुष्ठान गर्न आफू असक्षम र असमर्थता जाहेर गर्दै रिडीको ऋणप्रति क्षमा याचना गर्दछु ।

प्रातः स्मरणीय पिता देवराज पाण्डेको इच्छाअनुसार उहाँको रिडीमा दाहसंस्कार पछिको शेष अस्तुलाई पवित्र गंगातट काशीमा सेलाएको सुखद ब्यहोरा सविनय अनुरोध गर्दछु । बाबाआमाको दाहसंस्कार कर्म सम्पन्न भएपछि सोलो पखालिएको खरानीको अवशेष रेखी विन्दुसँगै उहाँहरू दुबै पितृ जोडीको नाममा चढाएका अन्तिम श्रद्धाञ्जलिका पुष्पगुच्छाहरू पनि रिडीको जलमै तैरिदै नाचिरहेका होलान् । अथवा गण्डकीको उन्मेष छालसँगै सल्बलाउदै, डोलिदै, तैरिदै र बग्दै आजसम्म पनि गंगासागरधाममा चाउकी आकारको भुनभुने घेरोमा खेल्दै नाचिरहेका होलान् भन्ने अनुमान लगाउँछु ।

आजको सुगमताले रिडीको पौराणिक, मौलिक सुन्दरतालाई कुरूप बनाउँदै अस्तित्व बिटुलाउँदै गएकोमा दुःख लाग्छ । तत्कालीन सोभियत रूसको

सहयोगमा वि.सं. २०१८ सालमा रिडी नदीमाथि निर्मित पक्की झोलुङ्गे पुलले पाल्पा, गुल्मीलाई सुगमतामा जोड्यो । २०४५ सालमा चाइना सरकारको सहयोगमा निर्मित २ लेनको पक्की पुलले दुबै जिल्लालाई सदावहार यातायातमा खुल्ला बनायो । स्याङ्जा, पाल्पा र गुल्मीसमेत तीन जिल्लालाई जोड्ने वर्तमान झोलुङ्गे पुल निर्माणले आजको विलासी मानिसलाई जति सुगम सामीप्यतामा डोराउँदै छ, त्यति आलस्य, लङ्गडो, छाडा, पङ्गु, बिटुलोपनको पराधीन कुरूपताले नङ्गाएर थेचर्दैछ । रिडीबाट १७ कि.मी. पूर्व उत्तरमा केही वर्ष पहिले निर्मित स्याङ्जा मिर्मी जलविद्युत् आयोजनाको जल डाइभर्सनले रिडीलाई पवित्र तुल्याउँदै र सल्बलाउँदै बग्ने शुद्ध जल प्रवाहलाई छलाएर रिडी कालीसंगम भन्दा झण्डै १२ कि.मी. पूर्व रामदीघाट नजिकको निकासमा खसालिन्छ । विकासको यस चमत्कारले जति विलासिता उपहार दिए पनि रिडीधामको धार्मिक पौराणिक सतीत्वमा कलंक थपेको छ ।

रिडी काली संगमको स्वच्छन्द जलप्रवाहको भनभने रहमा जलक्रीडा भर्ने २० धार्नीसम्मका शोंस माछाहरूको बनिवासले जल चराचरको अस्तित्व मेटिएको छ । यसरी जलचराचरको बासस्थानको हडपबाट कृष्णा गण्डकीको सल्बलाउँदो छालसँगै आम सृष्टि चराचरलाई पौष्टिक अक्सिजनको अभावसँगै प्रदूषित पर्यावरणले आज महामारी निम्त्याउँदै छ । अमृततुल्य स्वच्छ औषधि अक्सिजनको अभावद्वारा ग्रसित रिडी आसपासका मानिस फोक्सो, कलेजो र मुटु रोगले ग्रस्त भै भक्रेसान बनेका छन् । अनेक जातका रोग, व्याधि महामारी थपिँदैछन् ।

आशा छ, हरिद्वारस्थित गंगानदीको पौराणिक अस्तित्व बचाउसँगै नदी किनारको हरित गार्डेन, जल विहारको डुँगा सयर अनुसरणको हुबहु अभियानसँगै रिडीको महिमा चम्काउने प्रतिबद्धतासहित कलियुगको कुनै जादू पुरुष देवअवतार बनेर त्यस रिडीक्षेत्रमा अवश्य पुनः जन्मनेछ । अनिमात्र रिडीधामको धार्मिक महिमा बचाउतर्फ सबै निकायको मति फिर्नेछ । विदेशी दलालका नाइके, दल विशेषको संरक्षण छहारीको राइँदलोद्वारा सर्वस्व लुट्न हुर्मत खेल्ने आजका जलमाफियाको दोहनबाट रिडीक्षेत्र मुक्त बन्नेछ । पवित्र रिडी धामको पुरानो पौराणिक अस्तित्व हडप्ने अतिक्रमण ज्यादतीको यो दुर्दशा आज देख्दा मन चिमोटिएर घरिघरि म ऐठन बन्न पुग्छु । यही सकारात्मक आशाका साथ रिडीधामसँगको मेरो अतीत समीप्यतासहित मैले आर्जन गरेको ज्ञान, विवेक, ऐश्वर्यको पोयोलाई छोटो संस्मरणको रूपमा पाठकमाझ अब पस्किने अनुमति चाहन्छु । मलाई प्राप्त आजको यो लेखकीय ऐश्वर्य रिडीप्रति मेरो आराधनाबाट निःसृत त्यस पवित्रधामको प्रतिफलको सफल उपज हो ।

वि.सं. २०२३ साल चैत्र १३ गते कालीकाठ (खल्टु अथवा तिजु) को रूखबाट चैत्र ६ गते लडेको एकहप्तापछि देब्रे खुट्टो टुटी हर बसेको विवश अवस्थामा

पाल्पा तानसेन मिसन अस्पतालमा उपचार गराउन अर्घाखाँची ठूलापोखराबाट बाबा देवराज पाण्डेद्वारा डोलीमा बोकाएर ल्याउँदा पहिलो पटक ६ वर्षको बाल्यावस्थामा मैले रातको बाससँगै रिडीधामलाई देखेको हुँ । जीवनमृत्युको अन्तिम डिलमा पुगेको म बालकको नाजुक अवस्थाअनुसार बाटोमा अकस्मात् मृत्यु भएमा रिडीमा दाहसंस्कार सद्गत गर्ने योजनासहित अदृश्य मलामीको रूपमा २४ जनाको डफ्फा मेरो सूक्ष्म निगरानी गर्दै घरबाट रिडीसम्म आएको थियो । रिडीधामको त्यस रातको बासले मेरो आयु विस्तारको ऐश्वर्यसँगै मेरो लीला नटुङ्गिएको भाग्यको फैसला गऱ्यो । अर्को बिहान मिर्मिरेमा १२ जना सारथी रिडीबाट घर फिर्ता भए । बाँकी १२ जनासँगै डोलीमा बोकिएर पाल्पा मिसन अस्पतालमा मलाई पुराइयो । अस्पतालको भरपर्दो, विश्वसनीय सेवामार्फत पुनर्जीवन प्राप्तिसँगै यो लम्बिदो आयुलाई नाफाको जीवनमा व्याख्या गर्दा आज मलाई बढी आनन्द आउँछ । देब्रे खुट्टोको हड्डी टुटेको सख्त घाइते खोरण्डो दुःखद अवस्था मैले जीवित नरकको रूपमा जीवनभर भोग्नुपरेको भए मेरो जीवनको दिशा कता मोडिन्थ्यो होला भन्ने यक्ष प्रश्नले कहिले काहीं बाटो छेक्दा अनायास म आजसम्म पनि अकमकिन पुग्छु ।

घरबाट मलाई डोलीमा बोकाउँदै पैदल हिडेर क्रमशः बाँझापोखरा, बेउराइपोखरी, हात्तीसयर, मेदवाङ्, एक्लेआँप, सुकौटो, चीसापानी, सत्तीगौडा, मसाने खोला, मथुराबेसी, बल्कोटको उकालो, खडेको पौवा, काभ्रे, खनियाबास, चिदीका हुँदै खर्ज्याङ्खोलो तर्दासम्मको बाल्यकालीन याद अहिलेसम्म झलझली छ । गैरीखुट्टा, मनवाकको फेरो, सौराहा, देउले अर्चले जोड्ने रिडी खोलामाथिको पक्की पुल विशेष रूपमा संझिन्छु । हर्दीखोला, चीसो पानीको कुवा स्वामीका रुखमुनि, घेल, दिगामको पुच्छारमा सालघारीको घमाइलो पठार, अँगाह, कालीमाटीको बौलाहा खोलो, सातमुरे, तल्लो सातमुरे, स्याँख्र्वा हुँदै र दुबै अग्ला पहाडको खोच थर्काउँदै फिजको न्यालसँगै अग्ला पत्थरको बुई चढेर हुइँकिदै बग्ने रिडी खोलाको किनारयात्राले मलाई आजसम्म झकझकाउँछ । यसरी रिडी खोलो पच्छाउँदै बेलुकी ४ बजे रिडी पुलमा उत्रिदा त्यहाँको सुकिलो सहरिया हाउभाउले भुतुक्कै पारेको थियो ।

आफू बोकिएको डोलीबाटै रिडी पुल तरेर पाल्पास्थित हृषीकेश मन्दिर परिसरको एक होटलको बेडमा मलाई त्यस रातको लागि विश्राम दिइन्छ । पारि पारि स्याङ्जा, गुल्मी, पर्वतसम्म देखिने उच्च पर्वतीय शृङ्खला र कृष्णा गण्डकी रिडी खोला संगमको नदी दोभान समागम तारतम्य टुलुटुलु बेडसँगैको झ्यालबाट हेर्दै तत्काल हर्षविभोरले पुलकित बनेको बालपनलाई आज झलास्स संझिन्छु । नदी किनारको खुल्ला बगरमा फुटबल, भलिबल, कपर्दी टालाटुली, म्याराथुन दौड रेशमा रमाइरहेका रिडी बजारका सुकिला सहरिया तरूणवयस्क युवायुवती विद्यार्थी उमङ्गले तत्काल मलाई गाउँबाट सहरिया फूर्तिफार्तिमा पुगेर

रमाएको पदोन्नतिको पाइनले नशा चढाउँछ । रिडीबजार वारिपारि पैदलबाटोको दुबैतर्फका दोहोरो पक्की घर गल्लीको मापन फर्कट्ट देखिन्छ । टिनको छानो ओढेका तत्कालीन पक्की घरहरूले रिडी बजारको पौराणिक महिमा मापन गराउँछ ।

तानसेन पाल्पाबाट गुल्मी, अर्घाखाँची, बाग्लुङ्, प्यूठान, रोल्पातर्फ आवतजावत भरम्भीडले बाटो छिचोल्न हम्मे परेको बटुवा सास्तीको व्यस्त दृश्यमा मन चोरिन्छ । अर्को बिहान कृष्णा गण्डकी नदीमा स्नानकर्मसँगै हृषीकेश मन्दिरको दर्शनपछि मलाई पहेंली पौवा, कमलपोखरी, अर्गली उपत्यका, कुरुङ्खोलो हुँदै जोर्तेमा विश्राम दिएर बिहानको भात खाने तारतम्य जुराइन्छ । अनि भुल्के, राजुवास, काँडाघारी, बञ्जाडेको पौवा, चण्डी भञ्ज्याङ्को उकालो, श्रीनगर, बतासे, हुँदै मिसन अस्पताल तानसेनमा पुराइन्छ । मेरो व्यथाको दारूण अवस्थाअनुसार तत्कालै इमरजेन्सी अप्रेसनमा सोझाइन्छ । यसरी तीन महिनाको पाल्पास्थित मिशन अस्पताल बसाइसँगै पाँचवटा संवेदनशील अप्रेसनपछि जयन भएर डोकोमा बोकाउँदै पुनः रिडी भएर अर्घाखाँची घरतर्फ फर्काइन्छ ।

यता २०२८ सालको माघे सङ्क्रान्ति नुहाउन र रिडीको मेला भर्न बाबा देवराज पाण्डेसँगै दश वर्षको उमेरमा पुनः पैदल हिँडेर रिडी आउँदा खर्ज्याङ्देखिको यात्रु भीडले धकेलेको याद छ । सातमुरेको जंगलमा दाउराका झिर्मिटे बीटा खोजेर झिटीझाम्टा माथि बोक्दै बेलुकी कृष्णा गण्डकीको उत्तरी बगरमा मुस्किलले बास चयन गरेको याद छ । गण्डकीमा बढी स्नान गर्दा पुण्यफल प्राप्त हुने मान्यताअनुरूप पौष मसान्तको बेलुकी नै नुहाएपछि बगरमा बालेको आगो तापेर आनन्द भरिन्छ । आफ्नो झुण्डद्वारा बगरमा पकाएको पातेबिलो गाँस खाइवरी त्यो रात बिताइन्छ । यात्रु भरम्भीडले नदी किनारको बगर तत्काल समतुल्य देख्दा अनौठो लाग्दथ्यो ।

जीवनमै त्यति मानिसको भीड देखेको पहिलो घटना थियो त्यो अपार दृश्य मेरो लागि । दिनभरको पैदल थकानको मीठो निद्रामा घुर्दै गर्दा र रात छिप्पिदै जाँदा नदीको बढ्दो सुसेली आवाजको तीब्र ध्वनिले जब मेरो मन खिच्यो । कचल्टिएको निद्राबाट ब्युँतिदै नदी आवाजको बढ्दो उक्त स्वरको रहस्य मैले बाबासँग मध्यरातको प्रहरमा तत्कालै जब सोध्न पुग्छु । देवताहरू स्वर्गलोकबाट रातमा स्नानविहार गर्न रिडी धाममा तत्काल ओर्लिएको क्षणमा आपसी संवाद गरेको रहस्यात्मक किस्साकहानी बाबाद्वारा व्यक्त अनौठो उत्तरले म अनुत्तरित बन्न पुग्छु । तर त्यो बाल्यकालीन प्रभाव नदी बगरमा सुतेर अनौठो आवाज आधा रातमा सुनेको जीवनकै पहिलो र अन्तिम स्वर सुसेलीले भने अहिलेसम्म मेरो संस्मरणमा अजम्बरी जरा गाडेर डेरा जमाइरहेको छ । भुकभुके उज्यालो नहुँदै जंगल चाहार्दै शौच कर्म सम्पन्न गरिन्छ । अनि पछि आजको माघे

सङ्क्रान्तिको महिमा अनुसार पुनः काली नदीमा स्नान गरी पालैपालो हृषीकेश मन्दिरतर्फ दर्शनार्थ सोभियौं । यात्रुभीडको फाइदा लिदै पाकेटमाराले बित्यास पारेको बिल्लीबाठ यात्रु गुनासो छास्सछुस्स तत्काल सुनियो ।

गेरू वस्त्रधारी दाह्रीवाल मद्रासी योगीहरूको बगरभरि लामालस्कर तमासा, खिचडी पकाउने उनीहरूको अनौठो विधिले मन खिचेथ्यो । तीर्थयात्रु भरम्भीडले चुलिएको रिडी बगरमा टेक्ने ठाउँसम्म देखिदैनथ्यो । सर्कश देखाउने, खेल खेलाउने, यात्रु आर्कषण आइटम बजार व्यवस्थापन समितिका खुल्ला मनोरञ्जन कलाकौशल थिए । कोशेर, उखेडी उखु, गुँड किनेर खाएको, नदीमा बोटिङ् दृश्य अवलोकन गरेको सँगै कालीपारे नाँच हेरेर दंगदासले म फुर्किएको थिएँ । बाबाले चारपाटे काम्लो किनेको संभिन्छु । सङ्क्रान्तिको रात पनि त्यही रिडी बगरमा बिताएर अर्को बिहान पातेबिलो खाना खाइवरी तेस्रो दिन घर फर्किएको हुँ । यात्रु फिर्ती भीड सास्तीले अँगाह सातमुरे पुग्दासम्म बाटो टेक्ने ठाउँसम्म कतै थिएन । बडो मुस्किलले बाटो छिचोल्दै घरतर्फ फर्किएका थियौं ।

वि.सं २०३० साल पौष १७ गते शुक्रवार पितामही चन्द्रकलाको दुःखद निधनमा १३ वर्षीय बालपनमा मलामी बनेर म रिडी आएको थिएँ । अनि २०३० सालकै चैत्रमा बाबासँग मुद्धाको तारेख थाम्न रिडी हुँदै पुनरावेदन अदालत बुटवलसम्म आएको थिएँ । २०३४ सालको श्रावणमा एस.एल.सी. उत्तीर्ण पछि पहिलोपटक राजधानी काठमाडौं आउँदासम्म रिडी साक्षात्कारका सम्भनाहरू दोहोरिदै र परिस्कृत बन्दै गए । जिमुवाल पन्थी लाटु बाबाको निधनमा मलामी बनेर २०३५ सालको असारमा, किसान गोवर्धन बाबाको मलामी बनेर २०३५ सालको श्रावणमा, माइला बाबाकी छोरी काली दिदीको मलामी बनेर २०३५ सालको अन्तिम श्रावणमा, बर्रेखोला सेते आमैको मलामी बनेर २०३६ साल वैशाखमा, कुसुण्डेका खगेन्द्र जेठाबाबाको मलामी बनेर २०४६ साल चैत्र १९ गते रिडीमा आएको थिएँ । अरू दशौं बार आवतजावत गर्दा कालीनदीमा स्नान र हृषीकेशको फूलप्रसादको फलले मेरो भाग्य सग्लाउन मद्दत गरेकोमा म विश्वस्त छु र रिडी धामप्रति ऋणी छु ।

हाम्रो वशिष्ठ गोत्रीय आइतबारे पाण्डेको वंशका १४ औं पुस्ता एवं दूरदर्शी धर्मात्मा जिजु हजुरबुबा-हजुरआमा प्रातः स्मरणीय नन्दराम पाण्डे तथा मणिकर्णिका पाण्डेद्वारा मथुराबेसीको सुकौटो फाँटस्थित आफ्नो खेतमा वि.सं. १९५२ सालको मंसीरमा ऐतिहासिक धान्याञ्चल महायज्ञ सम्पन्न भएको थियो । साथै पवित्र धाम रिडीमा पौवा निर्माण भएको थियो । साथै भागीरथी गंगातट काशीको दशाश्वमेध घाट नजिक नेपाली तीर्थ यात्रुलाई विश्रामस्थल बास सेवा निर्माणको लागि घडेरी खरिद भएको थियो । निर्माण सम्पन्न नगर्दै उहाँहरूको दुःखद निधन भयो । लामो अन्तरालपछि त्यही वशिष्ठ गोत्रीय आइतवारे पाण्डेको

१७ औं पुस्ता उत्तराधिकारी स्वयं म हेमराज पाण्डेद्वारा रिडीको पौवाको हुलिया र काशी बनारसको घडेरी कित्ता स्वामीत्व ग्रहणको मेरो दुई तीन पटकको प्रयास आजसम्म अपूर्ण नै छ । तथापि रिडी पौवाको जीर्णोद्धार र काशी बनारसको घडेरीमा यात्रु सेवा विश्राम बिसौनी पौवानिर्माणका सपना आजसम्म अधुरै रहे पनि मेरो तन, मन, धनले भने उक्त प्रयास जारी छ । आफ्ना पूर्वजको उक्त दूरदर्शी धार्मिक सोंचको हिङ्को टालोमाथि केन्द्रित भै गर्वका साथ आज यसरी म नन्दरामको पनाति हेमराज पाण्डेद्वारा कलम चलाउँदा जीवितै अमरापुरी अवतरणको मलाई गर्वानुभूति भएको छ ।

आदरणीय दिवंगत पिता देवराज र माता ढुनकला पाण्डेको अन्तिम विश्राम स्वरूप पार्थिव शरीर सेलाएको पवित्र रिडीधामको गरिमामय हृषीकेश मन्दिर प्राङ्गण स्वआर्जित राशीद्वारा झण्डै १८ के.जी. भन्दा माथिको उच्च गुणस्तरको घण्ट २०७९ साल वैशाख ९ गते षष्ठी तिथिको मुहूर्तमा संकल्प गर्दै चढाउन पाउनु मेरो लागि यस जीवनकै सुखद क्षण हो । हृषीकेश मन्दिरमा संसाँझको दैनिक आरती अर्चना र शुभ मुहूर्तको पूजा पाठ विधिमा उक्त घण्टको टनटन आवाज उद्घोषले सारा रिडीधाम परिसरलाई जाग्राम गराएको सुखद संयोग नै मेरो लागि जीवनकै ऐश्वर्य कर्म हो । उक्त घण्टको बाहिरी आवरणमा पितामह तुलसीराम पाण्डे, पितामही चन्द्रकला पाण्डे, पिता देवराज पाण्डे, माता ढुनकला पाण्डे, मेरो जीवनसाथी श्रीमती भगवती पाण्डेसँगै म हेमराज पाण्डे, हामी दुबै युगल जोडीका हाम्रा सग्लो सन्तानका संयुक्त खानी एवं दुबै आँखाका नानी दुबै छोरीहरू कुसुम पाण्डे, इन्दु पाण्डेको नाम अङ्कितसहित अर्घाखाँची छत्रदेव ६ ठूलापोखरा स्थायी निवासी हुलिया वतन उल्लेख आवरणको घण्ट अनुष्ठानको प्रभाति संयोग मेरो जीवनकै लागि ऐश्वर्यको अविस्मरणीय क्षण हो । सरकारी स्वामीत्वमा रहने विधिसम्मत प्रक्रिया अनुरूप संकल्पित उक्त घण्टको योगदान मेरो अमर कार्य भए तापनि सारा अर्घाखाँचीबासी एवं स्वदेश–विदेशका हिन्दू धर्मात्माहरूको आफ्नो धार्मिक नासोको चिनोस्वरूप उक्त घण्ट संरक्षण, संवर्धन र रेखदेख हर्दम मर्यादितरूपमा दत्तचित्त रहनेप्रति म विश्वस्त छु । धार्मिक प्रसादको रूपमा उक्त घण्टको बासना हृषीकेश मन्दिरमा स्वदेश विदेशबाट समय समयमा पाल्नुहुने सबै हिन्दु धार्मिक यात्रु हृदयभित्र अझै अङ्कुराउँदै मगमगाओस् भन्ने कामना गर्दछु ।

मेरा दुबै हातको सहाराले पुनः एकबार उक्त घण्ट बजाएर त्यस घण्टको रनरनावट ध्वनि छताछुल्लले रिडीधामलाई नै जाग्राम तुल्याउने क्षणको सुखद संयोगको लागि आत्मैदेखि भगवान्सँग प्रार्थना गर्दछु ।

आज ६१ वर्षको उमेर पार गर्दासम्मको जीवनभर रिडी धामबाट मैले आर्जन गरेको अथाह ज्ञान, विवेक र ऐश्वर्यको सट्टामा मेरो एउटा घण्ट उपहार

सिन्धुरूपी समुद्रमा बिन्दुरूपी जलकण विलय भएजस्तै हो । यद्यपि मद्वारा सम्पन्न अन्य अमर कार्यहरूमा तुलसी-चन्द्र स्मृति प्रतिष्ठान २०७२ को स्थापना र संस्थाको विधानअनुरूप वार्षिकरूपमा पुरस्कार वितरण एवं सम्मान वार्षिक कार्यक्रमको व्यवस्था, मैले बाह्रखरी अक्षर आरम्भ गरेको मेरो जन्मस्थान अर्घाखाँची ठूलापोखरास्थित श्री ने.रा.उच्च मा.वि.मा पिता देवराज र माता ढुनकलाको नाममा स्थापित गरीब जेहेन्दार विद्यार्थी लाभान्वित हुने अक्षयकोष राशि व्यवस्था, अर्घाखाँचीकै आस्थाको प्रतीक उलुक छत्रमहाराजको कोतघरमा २०७० सालको असोजमा चढाएको विशाल घण्टको योगदान अभिलेख हृषीकेशको मन्दिरमा २०७९ वैसाख ९ गते षष्ठी तिथिमा संकल्प गरेको घण्टलाई साक्षी राखेर कालान्तरमसम्म अमर रहोस् भन्ने आत्मैदेखि आज भगवान्सँग प्रार्थना गर्दछु ।

यी मद्वारा संकल्प अर्पित सबै धार्मिक श्री सम्पत्तिको स्वामीत्व आम अर्घाखाँचीवासीको साझा सम्पत्ति हो र यसको संरक्षण, संवर्धन गर्नु आम जिल्लावासीको साझा दायित्व हो भन्ने आत्मबोध सबैमा सधै हुर्कियोस् फैलियोस् । साथै वि.सं. १८६२, १९०८, १९६८, र २०१८ सालको बाढी भवितव्यले रिडीको अस्तित्व सखाप पार्ने नरसंहार दुःखद इतिहास पुनः नदोहोरिओस् । भगवान् परमात्मासँग आत्मैदेखि मेरो यही प्रार्थना छ ।

अन्त्यमा हात्तीसुढे पानीसँगै बाढीद्वारा जब काली नदीको बिसम्भार बाढी भेलले हृषीकेश मन्दिर प्राङ्गणको पाउ छुने छ । त्यही कालीनदीको कहाली लाग्दो बाढी हर्कतसँगै सारा संसार जलथलले ढाकेर सृष्टि चराको अन्त्यसँगै कलियुगको आयु टुंगिनेछ । पुनः अमिवा, बाँदर, चिम्पान्जी, गोरिल्ला हुँदै फेरि मनुष्य सृष्टिको आरम्भ हुनेछ भन्ने पुराणमा उल्लेख भविष्यवाणी नै रिडीधामको महिमा उजागरको अद्‌भुत दूरदर्शी काफी प्रमाण मानिन्छ । यति महत्त्व बोकेको रिडीधाममा मेरो अन्तिम पार्थिव शरीरलाई विश्राम दिएर सेलाउने संयोग नजुर्न पनि सक्छ । तथापि नेपालको अन्य जुनसुकै दोभान घाटको तीर्थस्थलमा मेरो आत्मा उडिसकेको निष्प्राण शरीरलाई बिसाउँदा मलाई छाडेर विसर्जन भएको क्षण उप्रान्त मेरो अन्तिम दाहसंस्कार रिडी धाममा नै विसर्जित भएको आत्मबोध मभित्र जागोस् । यसो भएमा मात्र सजिलै वैतरणी नदी पार गरी अमरापुरीको मेरो अन्तिम सफल यात्रा पूरा गरेको विश्वास मेरो मृतात्माले स्वीकार्नेछ । यही अन्तिम उद्‌गारसहित रिडीधामबाट आर्जित अपार ज्ञानप्रति कृतज्ञता प्रकट गर्दै, पुनः एकपटक पवित्रधाम रिडीमा पुग्ने प्रतीक्षा साँच्दै प्रस्तुत संस्मरण लेखको बिट मार्न चाहन्छु ।

ooo

// लेख //

# ग्रामीण जनजीवनमा रिडी : रुरुधाम

✍ **भट्टराई बन्धु**
**छत्रदेव-३, बल्कोट, मथुराधाम, अर्घाखाँची**

काली गण्डकी अत्यन्त दिव्य र पवित्र नदी मानिन्छ । वैदिक परम्पराले यसको मुहान दिव्य एवं अलौकिक मानेको छ - सकल भूमण्डलमा जम्बूद्वीपलाई सर्वोत्कृष्ट पवित्रतम भूमि बनाउने कृष्णा गण्डकी हुन् भन्ने शास्त्रीय मान्यता छ । मानिसको दुःख, कष्ट, पापमोचन गरिदिने, मुक्तिदायिनी नदी काली गण्डकीको दिव्य शक्तिमा जन-जनको प्रगाढ आस्था र भरोसा हाम्रो मौलिक पहिचान, संस्कार र सभ्यता बनेको छ ।

हामीहरू यही पवित्रतम गण्डकीको पार्श्ववर्ती गाउँमा हुर्क्यौं - बढ्यौं । तदनुरूप प्राथमिक पाठशालामा धर्म-कर्म, स्वर्ग-नरक, वैकुण्ठ-मोक्षसम्बन्धी अनौपचारिक शिक्षा लिन्थ्यौं । काली गण्डकी र हृषीकेश मन्दिरको अर्थ र मर्म परम्परागत ढंगले बताउने गरियो भने यज्ञ-यज्ञादिको कथा-प्रवचनबाट मानिसलाई संमोहित र मन्त्रमुग्ध हुने गर्थ्यौं । कथा-वाचन र यज्ञ-यज्ञादिको निष्कर्ष हुने गर्थ्यो -"काली गण्डकी वैकुण्ठ प्राप्त गर्ने महिमान्वित (glorified) धाम हो । "

यो पृष्ठभूमिमा धर्म-कर्मका बलले मात्र वैकुण्ठ पाउन सकिन्छ भन्नेमा समाज सचेष्ट थियो धर्मको सम्बन्ध पवित्रतासित हुने र त्यस्तो पवित्रता ईश्वरीय शक्ति वा आध्यात्मिक साधनाबाट मात्र सम्भव हुने कुरा समाजले बुझेको हुन्थ्यो । सामाजिक चेतनाको विकास तदनुकूल हुँदै आएको पनि हो । यी र यस्तै चेतनाबाट सामाजिक संस्थाहरू प्रभावित हुँदै काली गण्डकीको संस्कृति र सभ्यतालाई आमजनजीवनले आत्मसात् गरेको हाम्रो सामाजिक यथार्थता हो ।

शास्त्रीय मान्यतामा जगत्लाई महिमान्वित बनाउन ईश्वरीय अनुकम्पाले गंगाजमुना, काली गण्डकी, भागीरथी गङ्गा, सप्तकोशीजस्ता पवित्र नदीहरू अविरल बगेका छन् । पौराणिक कथाहरूमा उल्लेख भएअनुसार भगवान् विष्णुको तपस्थल मुक्तिनाथ पर्वतबाट काली गण्डकी प्रादुर्भाव भएकी हुन् । कथा भन्छ - सृष्टिको प्रारम्भतिर धेरै वर्षसम्म विष्णु भगवान् तपस्यारत रहनु हुँदा वैकुण्ठमा निकै छटपटी र बेचैनी भयो । उहाँलाई खोज्न इन्द्रलगायत समस्त देवताहरू यहाँ एकत्रित भए । शास्त्रमा लेखिएअनुसार भगवान् विष्णुको तेजबाट पसिना आउँदा गालाबाट बगेको पसिनाको प्रवाहले गण्डकीको उद्भव भएको हो । अर्को सन्दर्भ छ- लोककल्याणका लागि विष्णुले शालिग्राम (गण्डकी) क्षेत्रमा सूर्यको आराधना गर्नुभयो । पौराणिक कालका कथाहरूमा तेत्तीसकोटि देवता एकैचोटी

पृथ्वीमा एकत्रित भएको मुक्तिक्षेत्र, हिमालय र काली गण्डकी भगवान् विष्णु-शिवका श्रेष्ठतम र अतिशय प्रियतम मानिन्छन् । भगवान् विष्णु र शिवलाई फरक देख्दा देवदत्तजस्ता उच्च कोटिका महर्षिको तपस्या भंग भएको, अनिष्ट (तपस्या-भंग) भएको सन्दर्भले मेलमिलाप र भाइचाराको समतामूलक संस्कृति यहींबाट विकसित भएको देखाउँछ ।

त्यस्तै वराहपुराणको अर्को कथामा काली गण्डकीले देवीरूप धारण गरी हिमालय क्षेत्रमा हजारौं वर्ष तपस्या गरेको वर्णनमा सुकेका पात र वायु खाएर भगवान् विष्णुको कठोर आराधना गरेको प्रसंग छ । जगत्को कल्याणका खातिर गरिएको यो कठोर तपस्याबाट प्रसन्न भई स्वयं तपस्थलमा अवतरित हुनु भएका भगवान् विष्णुसँग देवीले "मेरो नामले यो क्षेत्र पवित्र गरिदिनुहोस्; मेरो नाममा यो क्षेत्रले प्रसिद्धि पाओस् - तपाईं मेरो गर्भगत पुत्र हुनुहोस्" वरदान माग्नुभएको प्रसिद्धि छ । यसरी भगवान् विष्णु काली गण्डकीको जलाशय गर्भमा चक्रांकित शालग्राम बनेर गण्डकीको पेटमा विराजित हुनुभयो भने तेत्तीसकोटी देवताहरू पनि काली गण्डकीको जलाशयमा बस्न थाल्नुभयो भन्ने वर्णन छ । यसरी काली गण्डकी सम्पूर्ण देवताकी आमा बनिन् भने देवताहरू सन्तति । देवता मात्र होइन ऋषि-मुनिहरू, वेद, यज्ञ र सबै तीर्थहरू पनि गण्डकीको गर्भमा बस्न थालेको श्रीमद्भागवत आदि महापुराणहरूमा वर्णन छ । अहिले पनि उतिबेलाको अवशेषको रूपमा यहाँ साधु-सन्त जप-तप-ध्यान गर्ने गर्छन् । वैदिक धर्म, संस्कार र संस्कृतिबाट अनुप्राणित सभ्यता संस्थागत रूपमा क्रियाशील रहँदै आएका छन् । केही अपवाद छोडेर, प्राचीनतम अस्तित्व कायम राख्दै हाम्रा सांस्कृतिक गतिविधिहरू गतिशील हुन सक्नु वैदिक परम्पराको विशेषता मान्नुपर्ने हुन्छ । यस्तो गौरवशाली जगमा स्थापित हाम्रा साँस्कृतिक संस्थाहरूको आफ्नै मौलिकता छ । प्राचीनतम गौरव-गाथालाई सुरक्षित राख्दै काली गण्डकीको अविरल प्रवाहले नवीनता प्रदान गर्ने अलौकिक शक्तिधारा बनेको छ । भगवान् शिवले हलाहल विष सेवन गरी सत्यधर्मको रक्षा गरे जस्तै समय र परिवेशले थुपारेको फोहरका थुप्राहरू आफूमा समाहित गर्दै परमात्मा र जगत्को सार्थकतालाई (भौतिकता र आध्यात्मिकताको मिलाप) ऊर्जाशील बनाउने रसायन काली गण्डकीको प्रवाहमा अन्तरनिहित रहेका प्रसङ्गहरू छन् । मानिसका कर्ममा धर्मको अन्तरघुलन भएको सामाजिक तथ्यले शान्ति र बन्धुत्वको प्रादुर्भाव भएको मानिन्छ ।

गहिरिएर खोतल्ने हो भने प्रत्यक्ष-परोक्ष जीवन, इहलोक-परलोक, शरीर-आत्मा, गृहस्थ-संन्यास, संचय-त्याग, कर्म-ज्ञान जस्ता उच्चतहका मान्यता र मूल्यहरू अविश्रान्त बगिरहने काली गण्डकीको माहात्म्यमा वर्णित छ । सामाजिक चेतनालाई गतिशील र ऊर्जाशील बनाउन यसले निरन्तर अवसर प्रदान गरेको छ । पवित्रता र पुण्यको दृष्टिले भगवान् विष्णुको पाउ पखाली बगेकी भागीरथी

गङ्गाको महिमा जसरी उच्च महत्त्व दिएको छ, भगवान्को सर्वांग पखाल्ने काली गण्डकीको महिमा सर्वाधिक उच्चतम हुनुपर्ने धार्मिक मान्यता पनि ओझेल परेको छ । पुराणमा वर्णित भगवान्को आत्मस्वरूप हृषीकेश भगवान् काली गण्डकी र रिडीको संगममा विराजमान हुनु भएको मोक्षदायिनी तीर्थको यथोचित प्रचार-प्रसार हुन सके जस्तो लाग्दैन ।

यस क्षेत्रका हामी बासिन्दाहरू रुरुधामको सान्निध्यताप्रति गौरवान्वित छौं । रुरुधाम र जन्मस्थलको सह-सम्बन्ध, सामाजिक रीति-थिति र परिवेश झल्काउने ऐतिहासिक पृष्ठभूमि, धार्मिक गतिविधि-भक्तजनहरूको समर्पणभाव र मानिसलाई सत्कर्ममा लाग्न उत्प्रेरित गर्ने कथात्मक प्रसंगहरू सर्वसाधारण मानिसका लागि औधी रुचिकर, प्रीतिकर लाग्ने, ईश्वर-भगवान्-पितृप्रतिको अनुराग जागृत गरिदिने वाणीहरू अत्यन्त रोचक छन् । भक्तजनहरू घण्टौंसम्म यज्ञमण्डपमा बसेर कथा सुन्ने मात्र होइन रातैभरि जागराम बस्न तँछाड-मछाड हुने धार्मिक भावना जागृत गराउने अन्तरप्रेरणाको स्रोत रुरुधाम मानिन्छ । काली गण्डकीको पवित्रता, दिव्यता र भगवान् विष्णुको साक्षात् आत्मास्वरूप हृषीकेश मन्दिरको वर्णनले रुरुधाम स्वर्ग र मोक्षको अलौकिक सोपान भनेर चित्रण गरिएका प्रसिद्धिहरू छन् ।

कालीको जे जसरी जहाँबाट उद्गम भयो; त्यो ठाउँ फेरिएको छैन - कालीले पनि बाटो फेरेकी छैनन्, प्रवाहलाई हलुका हुन दिएकी छैनन्, शालग्राम दिन छोडेकी छैनन्, आफ्नो मौलिकता कायम राखेकी छन् । काली गण्डकीले सृष्टिकर्तालाई आफ्नो गर्भभित्र राखेर मानवजीवनलाई अमृतमय बनाउने पारमार्थिक संदेश दिन ऋषिमुनि, तपस्वीलाई आकर्षित गरे जस्तै आधुनिक युगका विद्वान्-विदुषी तथा अन्वेषकहरू समग्र मानवजातिको विचलित अन्तर्मनलाई भाइचारा, मेलमिलाप र आपसी सौहार्द्रताको नवीनतम संस्कार र सभ्यताको अभ्युत्थानमा निमग्न हुन सकेमा यो सुन्दर मुलुक कति दिव्य बन्न सक्थ्यो होला ? ऋषिमुनि तथा विभिन्न तपस्वीहरूले प्राप्त गरेको वैकुण्ठपुरी अथवा स्वर्ग यही सुन्दर जगत्मा स्थापित हुन सक्थ्यो होला कि त !!!

पाल्पाली राजा मणिमुकुन्द सेन प्रथमले सपनामा काली गण्डकीको गर्भभित्र भगवान् विष्णुको विराट् चतुरबाहु शिला देखेको भरमा स्वयम् कालीको तटमा आई खोजतलास गर्दा भेटिएको मूर्ति निकाल्ने प्रयास भयो । कालीको तेज बहावबाट सहज ढंगले निकाल्न सकिएन । सैन्य शक्ति र गोताखोरहरूको सहयोगमा गण्डकीबाट चतुरबाहु शिला उठाई काली गण्डकी र रिडी खोलाको संगममा राखियो । आध्यात्मिक राजाले त्यो शिला पाल्पाको तानसेनमा लगेर स्थापना गर्न चाहेका थिए - भए भरको शक्ति लगाएर उठाउन खोज्दा सम्भव

नभए पछि काली र रिडीको पावन संगममै स्थापित हुने हृषीकेश भगवान्को चाहना रहेको मनन गरी चतुर्बाहु भगवान् विष्णुको विराट् मूर्ति स्थापना गरिएको थियो । राजाकै पहलमा मन्दिरसम्म पुग्ने सिढीहरू बनाइएका थिए भने प्रधानमन्त्री जंगबहादुर कुंवरजी राणाका कमान्डर इन चिफ सनक सिंह टन्डनले हरिबोधिनी एकादशीको दोस्रो दिन (हृषीकेश भगवान् प्रकट हुनु भएको कार्तिक शुक्ल द्वादशीका दिन) सम्म दीप प्रज्वलित गर्न १०८ दीपपाला स्थापना गरेका थिए । त्यसको व्यवस्थापन बल्कोट श्रीपरशुरामेश्वर गुठीमार्फत हुने गुठी सन्चालनका लागि बनेको उतिबेलाको नियमावलीमा (दानपत्र) उल्लेख छ । प्रातःस्मरणीय पिताज्यू तिलकराम भट्टराईले तिनै दीपमालामा हरिबोधिनी एकादशीमा दीप प्रज्वलित गर्ने गराउनु भएको मलाई स्पष्ट सम्झना छ । बल्कोटको श्रीपरशुरामेश्वर पौवा र मन्दिर यिनै सनकसिंह टन्डनको अगुवाइमा बनेको थियो । वैदिक परम्पराबाट अनुप्राणित प्रातःस्मरणीय पिताज्यूको जीवन दर्शनकै शक्तिले होला, आफ्नो सक्रिय जीवनकालमा हरेक वर्ष हृषीकेश मन्दिरमा रातभर जाग्राम रहेर १०८ पालामा दीप प्रज्वलित गराउने गर्नुभयो ।

सामाजिक मनोविज्ञान र परम्परागत परिपाटीको अन्तर्यमा भगवान्का कथाहरू, धर्म-कर्म, पाप-पुण्य र स्वर्ग- नर्कको संदेश सामाजिक जीवनदर्शनको मेरूदण्ड मानिएको हाम्रो मान्यतामा - "मानिसले जानी-नजानी गरेका त्रुटि, कर्म, रीस-आवेग वा अन्य कारणवश गरिने दुष्कर्म सवै पापकर्म हुन्, यसबाट उन्मुक्तिका लागि जानी-बुझी त्यस्तो कुकर्म नदोहोराउने वाचाका साथ श्रद्धापूर्वक काली गण्डकीमा नुहाएर हृषीकेश मन्दिरको दर्शन गर्दा महापाप नाश हुन्छ, शालग्रामको नित्य-नैमित्य पूजनबाट वैकुण्ठ प्राप्त हुन सक्छ ।" आमग्रामबासीहरूको विश्वास रह्यो । यही मान्यताअनुरूप बहुसंख्यक परिवारमा शालग्रामको नित्य-नैमित्यक पूजा हुने गर्थ्यो । हामीकहाँ पनि वंशपरम्परानुसार विष्णु पांचायनको रूपमा शालग्रामको नित्यपूजा हुने गर्थ्यो । पिताज्यू पाँच वर्ष अमेरिका र चार वर्ष स्वीटजरल्याण्ड बस्नु हुँदा पनि नित्य शालग्राम पूजा गर्नुभयो । अहिले दिनेशले पिताज्यूको संस्कारलाई निरन्तरता दिएका छन् । सर्वशक्तिमान् ईश्वरप्रति आस्थावान् रहे पनि आजा-पूजाको अभ्यासमा म चुकेको छु ।

देवाधिदेव शिवजीको अत्यधिक प्रिय दिव्य, अमृतमय र पवित्र हिमाल, त्यसैभित्र दामोदर कुण्ड, मुक्तिक्षेत्रको मुक्तिनाथ तीर्थयात्रामा हजूरआमा बा (काशीकला-रामेश्वरलाल)जान लाग्नु हुँदा सानो छँदा मैले सँगै जाने ढिपी गरेको छु, जो सम्भव थिएन । हजूरआमाको सम्मोहनले मलाई सदैव उहाँको पुच्छर जस्तै बनाएको थियो । उहाँले देवी-देवता र धर्म-कर्मका रसिला-भरिला कथाहरू सुनाउँदै आफूहरूको मुक्तिनाथ यात्राको उद्देश्य र काली गण्डकीको महिमाको वर्णन गर्नुहुँदै हजुरआमाले मलाई सम्झाउनु भएको थियो - "मुक्तिनाथ पुग्न ६/७

दिन हिड्नुपर्छ; भीर-पाखाको अनकन्टार बाटो, चिप्लियो भने गण्डकीको भेलमा खसिन्छ, हराइन्छ ।" मथुराबेसी खेतमा जाँदा उल्बेसी र खाँची खोलासमेत तर्न नसक्ने बबुरोलाई मुलुककै गहिरो गण्डकीको प्रसङ्ग भयानक लाग्ने नै भयो । मैले मुक्तिनाथ जाने जिद्दी छोडिदिएँ । हजुरआमाले मुक्तिनाथ पुगेर मेरो उज्वल भविष्यका लागि श्री विष्णु भगवान्सँग प्रार्थना गरिदिने र फर्किएपछि रिडी लैजाने वाचा गर्नुभयो । मुक्तिनाथ पुगेर घर फिर्नु हुँदा उहाँहरूलाई झण्डै तीन हप्ता लागेको थियो ।

हामीहरू हुर्कंदै गर्दाको त्यो समय एक सय चारवर्षे अन्धकारको युगबाट उज्यालोमा प्रविष्ट भएको सुनौलो समय थियो । नयाँ युगको जग हालेको जनक्रान्ति हामीले देखेनौं; पहिलो महानिर्वाचनमा पाका मानिसहरूले हाते माइक घन्काउदै भोट माग्ने गरेको सुन्थ्यौं, घरमा राजनीतिक भीडभाड भई नै रहन्थ्यो । राजनीतिका कुरा बुझेका थिएनौं - त्यसैले हामीहरू उस्तो रमाउन सकेनौं । महानिर्वाचनको रङ्गमञ्चबाट हामीहरू निस्पृह थियौं । आफ्नो गाउँ र समाजको संसार- ईश्वर, स्वर्ग-नर्क र काली गण्डकी-हृषीकेश मन्दिर आदिमा हामीहरू रमाउने गर्थ्यौं । मन रिडी जाने दिनको प्रतीक्षामा उद्विग्न रहन्थ्यो, हामी पल-पल गन्न थालेका थियौं । त्यहाँ के थियो ? केको लागि रिडी जान मरिहत्ते गरेका थियौं ? यस्ता कुरामा हाम्रो सरोकार नै हुँदैन थियो तर पनि भगवान् बसेको ठाउँ, रिडीप्रतिको आकर्षण दिनप्रति दिन बढी नै रहेको हुन्थ्यो । हाम्रो त्यो प्रतीक्षाको घडी पनि आइपुग्यो; समय थियो- २०१६ सालको माघे सङ्क्रान्ति । हजुरआमा र आमाका साथ हामी रिडी गयौं । बाटोमा यात्रुहरूको घुइँचो थियो ; गुँड र उँखुका लाँक्राहरू बेच्न राखिएका थिए । केटा-केटीका लागि खेलौना र सिट्ठीमा हाम्रो ध्यान गयो । मलाई आमाले सिट्ठी किनिदिनुभएको थियो । थकालीहरूले घोडा, पाखी र कम्मल बेच्न राखेका थिए । खेतमा चर्दै गरेका थकालीकै घोडाका बथान हेर्दै हिंड्यौं । झमक्क साँझ पर्न थालेको समयमा हामी रिडी पुग्यौं । घरै-घर, गल्ली-सडकमा ढुङ्गा बिच्छाइएको रमाइलो लाग्यो । हामीहरू आमाकी माइजू पर्ने भक्तिनीकहाँ बास बस्यौं । अर्को दिन बिहानै गण्डकीको दर्शन गर्न, नुहाउन जाने सोचमा घरबाट ल्याएको खानेकुरा खाएर हामीहरू सुत्यौं ।

अर्को दिन बिहानै कालीको तटतिर लाग्यौं । भिड-भाड थियो- त्यतिका मान्छे एकै ठाउँमा जम्मा भएको मैले पहिलोपल्ट देखें । त्यहा जोगी-साधु, मगन्तेहरू कालीबगरको बीच-बीचमा लहरै बसेको देख्यौं । हामीसँग पैसा थिएन - आमाले भिक्षादानका लागि चामल लग्नुभएको थियो, त्यहीं दियौं । माघे सङ्क्रान्तिको दिन, काली गण्डकीको दर्शन, आमाको हात समातेर कालीको फिजारिएको किनारमा लुगा उतारेर टुक्रुक्क बस्यौं । आमाले गण्डकीको पानीलाई जल भन्न

सिकाउनुभएको थियो । जल चिसो-कञ्चन थियो; त्यसैमा तीन-तीन पल्ट डुबुल्की मारी स्नान गरियो, तटमै टुक्रुक्क बसेर गायत्री स्मरण गरियो । त्यसपछि हृषीकेश मन्दिरको दर्शन गर्न, लामो लाइन बस्नु परेको थियो । मानिसको हुलमा मन्दिरको ढोकामा उभिएर मूर्तिको दर्शन गरी बास बसेको ठाउँमा आयौं । सबै प्रकारका पापमोचन गरिदिने काली गण्डकीमा स्नान र हृषीकेश भगवान्को दर्शन गरेको मनोदशाले क्षणिक चंगा भएको थियो- मन । ढिलो गरी खाना खाएर काली गण्डकी किनारतिर गयौं । त्यहाँ पहिलोपल्ट डुंगा देखें । डुंगा चलाउने मान्छे नडराएर गण्डकीमा मानिस तारेको देखेर अचम्म लाग्यो । माघ १ र २ गते रिडीमा नै बस्यौं । ३ गते स्नानादि गरी जीवनमा ठूलै पुण्य आर्जन गरेको उमङ्गित भावका साथ खाना खाएर घरतिर लाग्यौं । काली गण्डकीको पवित्रतासित जनमानस तरङ्गित हुन्थ्यो - त्यसबखत । रिडी गएको गण्डकीमा नुहाएको, हृषीकेश भगवान्को दर्शन गरेको भनेपछि सबैले श्रद्धाभाव राख्थे । जो सुकैले पनि रिडी गएर घर फिर्दा जल-प्रसाद लिएर आउने चलन थियो । तीर्थयात्रीले दिएको जल-प्रसाद बडो श्रद्धाभावले ग्रहण गर्ने प्रचलन थियो ।

हरेक घरको कुनै न कुनै साइनो गाँसिएको हुन्थ्यो - रुरुधामसित । त्यसरी नै हाम्रो वंशको पनि काली गण्डकीसित इतिहास जोडिएको छ । हामीभन्दा सात पुस्ताअघिका जिजुको अवसानपछि जिजूआमा रिडी काली गण्डकीको तटमा सती जानु भएको रहेछ । किसानका सम्पन्न पौडेल परिवारमा जन्मिनु भएकी जिजूआमाको बिहेमा रिंदी र सेराको खेतका साथै त्रिपे कमारोको परिवार दाइजो प्राप्त भएको रहेछ । रिंदी र सेराको खेत जग्गा दाइजो पाउनु भएका जिजु असमयमा बित्नु हुँदा जिजूआमा सती जाने निधो गरी शवका साथ रिडी काली गण्डकीको तटमा पुग्नुभएछ । जिजुको लागि तयार गरिएको चितामा नव-वधू जस्तै सिंगारिएर जिजूको शवसँगै समाहित हुनुहुँदै गर्दा कालीको तटमा पुगेका मलामी सन्ततिहरूलाई जिजूआमाले अर्ती गर्नु भएको रहेछ -" आफ्नो कुलको इज्जत राख्न रिंदी नबेच्नू, त्रिपे कमारोको चित्त नदुखाउनू, उसलाई बस्न-खान पुग्ने जमिन दिएर संगै राख्नू - वंशवृद्धि हुँदै जानेछ । "हाम्रो पुस्ताका भट्टराईहरूले यो कथन कुनै न कुनै तरिकाले सुने पनि हाम्रै पुस्ताका अग्रजहरूले आर्थिक दबावका कारण रिंदी थाम्न सक्नुभएन, सेराको खेतसमेत बेच्नुभयो । गहन आध्यात्मिक रुझान, ईश्वर र पितृप्रति अगाध-अटल आस्था तथा जिजूआमाको सतीगमनका बेलाको अर्ती-उपदेशप्रति सदैव संवेदनशील प्रातःस्मरणीय पिताज्यूले यथाशक्य अनुपालन गर्नुभयो । त्यसैले होला, आर्थिक संकटसित जुझ्दै मुग्लालिनु परे पनि रिंदी र सेरा बेच्नुभएन । बर्माका ढुंगाखानीदेखि भारतीय सेनामा पण्डित बनेर केही समय काम गरी घरमा आउनु भएपछि पनि अनेक झमेलाको सामना गर्दै सती जानुभएकी जिजूआमाको अर्ती-उपदेशबाट जीवनपर्यन्त विमुख हुनुभएन । आफ्नो जीवनकालमा बडो दुख-कष्ट

भेल्दै निर्माण गर्नुभएको आलीडाँडाको भव्य-सुरम्य ४५ रोपनीको एउटै प्लटको घर बेचेर भए पनि सातौं पुस्ताअघि पेवाको रूपमा प्राप्त पैतृक थलो सुरक्षित राख्न कामयाव रहनुभयो । त्यति मात्र होइन मथुराधामलाई कर्मक्षेत्र बनाई निवासको लागि जिजूआमाको पेवामध्येको सेरामा बास निर्माण गरी दुई दशक बसेर त्यसैलाई मूलघर बनाउनुभयो । हामीहरू यसरी माथुराबासलाई (सेरा)पैत्रिक मूलघर मानेका छौं, बनाएका छौं । पैत्रिक सम्पत्ति र मथुराको पावनभूमि समेतलाई महत्त्व दिएर पिताज्यूले मथुराधामलाई कर्मथलो बनाउनुभएको पृष्ठभूमि हामीहरूका लागि आध्यात्मिक प्रेरणास्रोतसमेत बनेको छ ।

भगवान् श्रीकृष्णको प्रियतम विचरणभूमि मथुरा समग्रमा जनजीविका, अध्यात्म-साधना र भक्तिभावनाको सुन्दरतम केन्द्रको संगम मानिन्छ । द्वापरयुगका महाप्रतापी अजेय राजा बरबरिकको समाधिस्थल उलुकको फेदीमा अवस्थित यो पुण्यभूमिमा सन्त-महन्तहरूले ध्यान-साधना गरेका छन् । योगी नरहरिनाथको अगुवाइमा सम्पन्न मथुराको कोटिहोममा (२०४३) सक्रिय सहभागी हुनुभयो । छ-छ महिना मन्दिरमै बसेर गायत्री पुरश्चरणमा अग्रणी भूमिका निर्वाह गर्नुभयो भने श्रीमद्भागवत महापुराणमा पनि उहाँको महत्त्वपूर्ण सहभागिता रह्यो । जीवनको उत्तरार्धमा उहाँले शिवालय मन्दिर बनाउने उत्कट इच्छा राख्नुभएको थियो । उहाँको जीवनकालमा सम्भव नभए पनि उहाँको अवसान पश्चात् मथुरामा गोपेश्वर महादेवको मन्दिर बनाउने अवसर मिल्यो, जिम्मेवारीअनुरूप गोपेश्वर शिवालय निर्माण गरी हस्तान्तरणसमेत भएको छ ।

त्यतिबेलै योगी नरहरिनाथको नायकत्वमा सम्पन्न मथुरा विद्वत् सभाले मथुराधाम घोषित गरिएको सन्दर्भ र काली गण्डकी र मथुराधाम बीच पौराणिक कालदेखि अन्तरसम्बन्ध कायम रहेको तथ्यलाई आत्मसात् गर्दै मथुराबेसीको सेरालाई पनि हामीहरूले मथुराधाम परिसरको अंग मानेका छौं, माथुराधाम लेख्ने गरेका छौं । पिताज्यूको अवसान काठमाडौंमा भयो । उहाँको चाहनाअनुसार हामीहरूले अन्तिम संस्कार काली गण्डकीकै तट, देवघाटमा सम्पन्न गर्‍यौं, माथुराधामको शैलपुत्री उल्बेसीको पावन मोक्षघाटमा उहाँको अस्तु विसर्जित गरेका थियौं ।

पिताज्यूका अनुसार रिडी आवत-जावत गर्ने बटुवाहरूको लागि मथुरामा १९०४ सालमा बीसखुट्टे लामो पाटी बनाएका सनक सिंह कर्णेलले बल्कोटमा श्री परशुरामेश्वर पौवा-मन्दिरहरू, मनभागमा पौवा र रिडी फूलबारीमा आँपको बगैचा पनि बनाएका थिए । त्यति मात्र होइन अर्गलीको कमलपोखरीमा आँपको बगैचा र पहेली पौवा पनि सनक सिंह टन्डनबाट बनाइएको भन्ने देखिन्छ तर यस क्षेत्रका सम्मानित विद्वत्वर ज्ञानेश्वर सरस्वतीज्यूले "रिडीक्षेत्र महात्म्यमा" स्थानीय साहू डा. राजकुमार श्रेष्ठका अत्यन्त धर्मात्मा स्वर्गीय पिता श्रीकृष्णकुमार श्रेष्ठबाट

पहेली पौवा निर्माण गराई बटुवाहरूको आश्रयस्थलका लागि समाजलाई हस्तान्तरण गरेको उल्लेख गर्नुभएको छ ।

पूर्व-पश्चिम मूल बाटोको केन्द्रविन्दु बल्कोटले द्वापर युगदेखि नै दैवीकृपा प्राप्त गर्दै आएका प्रसङ्गहरू छन् । महाभारत युद्ध समाप्तिपछि बर्बरिकको छिनिएको शिर लिएर आएका महाबली भीमले बल्कोटको अर्जुनस्वारामा बास बसेको वर्णन छ । उता पाण्डवबीच आफ्नै वीरताले विजय हासिल गरेको दावी गर्ने अहंकारले आपसमा गम्भीर हानथाप हुन थालेपछि तटस्थ द्रष्टाको कथन सबैलाई मान्य हुनु पर्ने श्रीकृष्णको प्रस्तावअनुरूप पाँच पाण्डवसहित महाभारत युद्धका तटस्थ द्रष्टा बरबरीक समाधिस्थल उलुक आएको प्रसिद्धि छ । वाङ्लाका आध्यात्मिक व्यक्तित्व तेजनिधि पौडेलका अनुसार श्रीकृष्णले अर्जुनलाई यही मथुरामा दोस्रोपटक गीता सुनाउनुभएको थियो । त्यस्तै कवि हेमराज पाण्डेका अनुसार ऐरावती र काली गण्डकी साक्षात् दुई बहिनी हुन्, यी दुबै बहिनीबीच मथुरामा मिसिएर महाभारत लेक छिचोलेर आर्यावर्त परिभ्रमण गर्दै हिन्दमहासागरमा समाहित हुने गोप्य सल्लाह भएको थियो । यी दुई बहिनीको सल्लाह चिबेचरोले सुनेर गोप्यता भङ्ग गरिदिएपछि दुई बहिनीको मिलन विस्तरिएको अर्को रोचक प्रसिद्धि पनि छ । यही र यस्तै तथ्यहरू केलाएर होला योगी नरहरिनाथले २०४३ सालमा कोटिहोम महायज्ञको विद्वत् भेलाबाट मथुरालाई पञ्चकोशीको केन्द्र घोषित गराउनुभएको थियो । परापूर्वकालदेखि आजापूजा गर्दै आएको महादेव मन्दिरलाई, गोपेश्वर महादेव नामकरण गरी गोपेश्वरपीठ मथुराधाम त्यसै भेलाले घोषित गरेको थियो । श्रीकृष्णको प्रियस्थल मथुरामा परापूर्वकालदेखि एकादशी-सङ्क्रान्ति-र कृष्णजन्माष्टमीजस्ता पावन पर्वहरूमा जनसाधारणले स्नान-ध्यान, आजा-पूजा गर्ने र घाटगद्दी गर्ने प्रचलन चलिआएको छ । यी र यस्तै पौराणिक प्रसिद्धिको आधारमा काली गण्डकीको महिमा, संस्कृति र सभ्यतासित बल्कोट र आसपासको जनजीवन सदा निर्देशित रहँदै आएको स्पष्ट देखिन्छ ।

माथुराधाम र काली गण्डकीबीचको बहुतै गहन अन्तरसम्बन्धबारे रिडीक्षेत्र महात्म्यमा विद्वत्वर श्रीज्ञानेश्वर सरस्वती लेख्नुहुन्छ -"मानिस जन्मदा लिएर आउने तीन ऋण (देव, पितृ, ऋषि)लाई हटाइदिने हुनाले ऋणी भन्ने नाम भएकी रिडी नदी पश्चिमतिरबाट आएकी छन् । उत्तर दिशा हिमालयदेखि शालिग्रामी गण्डकी नदी बग्दै आएकी छन् । यिनको संगम (वेणी)मा स्नान गर्नेहरूको पाप पखाली दिन्छिन् । मानिस तीन ऋणबाट मुक्त हुन्छ । ध्यानशील सज्जनहरूलाई कलियुगमा मोक्षदिनका निम्ति भगवान् हृषीकेश प्रकट हुनुभएको छ । " यो कथनले रिडीखोलाको उद्‌गमस्थलहरूका शैलपुत्री उल्बेसी खोलामा पाँच खोलाहरू - खांचीखोला, खर्जेगखोला, सिस्नेखोला, दुर्गाखोला र वाक्लीखोला मिसिएर रिडीखोला बनेको यथार्थताले यस क्षेत्रको पवित्रता प्रकट हुन्छ । यसको वृत्तान्त श्रीमद्‌भागवतमा उल्लेख छ ।

जनसाधारणले स्नान-ध्यान गर्ने घाट, पोखरी, मठ-मन्दिर र हृषीकेश मन्दिर वरिपरिका स्याङ्जा, पाल्पा, गुल्मीमा बनेका मन्दिरहरूको परिचयात्मक विवरण तयार गरी वैदिक धर्मानुरागीहरूको ध्यान आकृष्ट गर्न सकेमा आकर्षक धार्मिक पर्यटकीय क्षेत्र बन्ने बलियो आधार छ । यति विघ्न पौराणिक महत्त्व राख्ने दिव्यधामको समग्र विकास र धार्मिक पर्यटनको सम्भाव्यताबारे जनप्रतिनिधिहरूको मौनता समस्त धर्मानुरागीहरूलाई पीडादायी बनेको छ । समय फेरिँदै छ, हालसालै काली गण्डकी र रिडीखोलालाई समेट्ने गरी बनाइएको तीन मुखे झोलुङ्गे पुलले स्याङ्जा-पाल्पा-गुल्मीलाई जोडेको छ, आवागमन सरल बनाएको छ, तर काली गण्डकीमा शालग्राम पाइन छाडेका छन् । डा. टीकाराम पन्थीलगायतका अन्वेषक विद्वान्हरूको दुई दशकअघिको चिन्ता अहिलेको पुस्ताका लागि चुनौतीपूर्ण बनेको छ, यसलाई हलुका रूपमा लिनु हुँदैन । समस्त जम्बुद्वीपलाई पवित्रतम राख्ने काली गण्डकी र रुरुधामको अद्वितीय महिमा पर्दाभित्र लुकेजस्तै देखिनु गम्भीर लापरवाही हो । हाम्रो मौलिक सभ्यता र संस्कृतिप्रतिको यस्तो उपेक्षाभाव इतिहासकै कमजोर पाटो बनेको यथार्थतालाई आत्मसात् गरी नयाँ युग र पुस्ताको चाहनालाई सम्बोधन गर्न सक्ने बृहत्तर योजनाका साथ अगाडि बढ्नु पर्ने टड्कारो आवश्यकता छ ।

समयले समृद्ध, सुव्यवस्थित, दिव्य, सुगम रुरुधाम खोजेको छ ।

**सन्दर्भ-सामग्री -**


**केही जनश्रुतिहरू/सांस्कृतिक चिन्तन** (२०४२/२०६२)- डा.टीकाराम पन्थी

**रिडीक्षेत्र महात्म्य** -ज्ञानेश्वर सरस्वती (२०३०)

**नेपालका धार्मिक स्थलहरू** -घटराज भट्टराई

**प्रगतिपथमा मथुराधा**म - सामयिक संगालो (२०७३)

**चिनारी** - अर्घाखाँची सम्पर्क सदन (२०७२)


ooo


**'हाम्रो पुरुषार्थ' विगत ५० वर्षदेखि प्रकाशनमा आइरहेको छ । वेभसाइटको माध्ययमबाट तपाईं संसारको जुनसुकै ठाउँमा बसेर पढ्न पाउनुहुन्छ । रु.५ हजारमा हाम्रो पुरुषार्थको आजीवन ग्राहक बन्नुहोस् ।**

# रुरुक्षेत्रको महिमा

✍ उपप्रा. ज्ञाननिष्ठ ज्ञवाली
विभागीय प्रमुख
संस्कृत, पत्रकारिता र हिन्दी विभाग, त्रि.वि.
पद्मकन्या बहुमुखी क्याम्पस

## १. आरम्भ

नेपालको मध्य भूभागमा अवस्थित रुरुक्षेत्र लुम्बिनी प्रदेशको गुल्मी, पाल्पा र गण्डकी प्रदेशको स्याङ्जा गरी तीन जिल्लाको सङ्गमस्थलका रूपमा रहेको छ । नेपालका चारधाम मुक्तिक्षेत्र, रुरुक्षेत्र, पशुपतिक्षेत्र र वराहक्षेत्रमध्ये एक प्रसिद्ध धामका रूपमा रुरुक्षेत्र रिडीलाई लिइन्छ । यो क्षेत्रमा भगवान् हृषीकेश, प्राचीन मठमन्दिर र धार्मिक, ऐतिहासिक, पौराणिक दृष्टिले समेत महत्त्वपूर्ण मानिएका स्थानहरू भएकाले विशेष महत्त्वको मानिन्छ । यहाँ तीनमुखे पुलको निर्माण भएपछि विशेष दर्शनीय र पर्यटकीय दृष्टिले झन् महत्त्व बढेको छ ।

## २. रुरुक्षेत्र नामकरण

भगवान् हृषीकेशको आश्रयमा रही देवदत्त ऋषिले कठोर तपस्या गरेका थिए । रमणीय वातावरणमा तपस्या गरिरहेका देवदत्त ऋषिको कठोर तपस्याबाट स्वर्गका राजा इन्द्र आफ्नो आसन गुम्ने खतरा देखेर डराएका थिए । त्यसैले तपस्या भङ्ग गर्न अप्सरा प्रम्लोचालाई पठाए । प्रम्लोचालाई देखेपछि देवदत्तको तपस्या भङ्ग भयो । यसबारे वराहपुराणमा भनिएको छ :

**'अहो भगवती माया यथाऽहं भृशमोहितः**
**जानन्नपि तपोभ्रंशं प्राप्तो देवबलात्कृत'**

अर्थात् भगवती महामायाको महिमा अपरम्पार भएकाले म सम्मोहमा परेँ । मायामोहमा पर्नु हुँदैन भन्ने बुझ्दा पनि दैवको अगाडि मेरो केही लागेन । म इन्द्रियको दास बनेका कारण मेरो तपस्या भङ्ग भयो ।

यसरी ऋषि पुनः तपस्याका लागि भृगुतुङ्गमा गए । त्यहाँ तपस्या गरेर समय बिताए । पछि भगवान् शङ्करबाट वर प्राप्त गरे । भृगुतुङ्मा अनेक शिवलिङ्ग प्रकट भए । देवदत्त ऋषिले मोक्ष प्राप्त गरे ।

प्रम्लोचाका गर्भबाट कन्याको जन्म भयो । तिनको पालनपोषण रुरु नामका मृगले गरेका कारण रुरुकन्या नाम रह्यो । यसबारे वराहपुराणमा भनिएको छ :

**"साऽपि कन्या मृगैस्तत्र रुरुभिवर्धिता सती**
**रुरुरित्येव विख्याता पितुरेवाश्रमे स्थिता**
**युवभिः प्रार्थ्यमानामि चित्ते कञ्चन नाध्यगात्"**

रुरुकन्याले चित्त एकाग्र पारेर देवदत्त ऋषिकै आश्रममा भगवान्को प्रार्थना गर्दै समय बिताइन् । उनको तपस्याबाट भगवान् हृषीकेश प्रसन्न हुनुभयो र दर्शन दिनुभयो । भगवान्ले तिम्रो तपस्याबाट म प्रसन्न भएको छु वर माग भन्नुभयो । रुरुकन्याले भनिन्-

**"ददासि चेद् वरं मह्यं देवदेव जगत्पते**
**अनेनैव स्वरूपेण भगवान् स्थातुमर्हसि"**

अर्थात् "हे देवदेव ! मलाई अहिले जुन स्वरूपको दर्शन दिनुभएको छ, त्यही स्वरूपमा हजुर यसै पुण्यधाममा विराजमान हुनुहोस् ।"

यसरी रुरुकन्याको तपस्याबाट प्रसन्न हुनुभएका भगवान् हृषीकेशले आफू यसै स्वरूपमा यहाँ बस्ने वचन दिनुभयो । रुरुकन्याकै इच्छाअनुसार उनकै नाममा त्यस क्षेत्रको नाम रहने र संसारभर प्रख्यात हुने वर पनि भगवान्ले दिनुभयो । सो कुरा वराहपुराणमा यसरी भनिएको छ :

**"तीर्थानां परमं तीर्थ तव देहो भवत्वयम्**
**तव नाम्ना च विख्यातं क्षेत्रमेतद् भविष्यति"**

अर्थात् हे देवी ! तिम्रो शरीर तीर्थसमान पवित्र हुनेछ र यो रुरुक्षेत्र तिम्रै शरीर मानिनेछ । तिम्रै नामबाट संसारभर प्रसिद्ध हुनेछ ।

देवदत्त ऋषि, रुरुकन्या र रुरुक्षेत्रबारे नवराज पाण्डेय 'चातक' ले काली गण्डकी (२०७४) महाकाव्यमा वर्णन गरेका छन् । केही श्लोक यसप्रकार छन् :

**भृगुवंशज देवदत्तको**
**तपको लक्ष्य थियो विमुक्तिको**
**तर दिव्य सुराङ्गना परी**
**तपमा बिघ्न गरिन् यहाँ भरी**

***(सर्ग ८, श्लोक ६३)***

**हुर्कायो रुरुले दूध पिलाई स्नेह भाजन**
**रच्यो माया विधाताले यो ब्रह्माण्ड चलाउन**

***(सर्ग ९, श्लोक ९)***

**तथास्तु वर यो दिन्छु बस्छु यो रूपले यहीँ**
**रुरुक्षेत्र बनी तिम्रो नाम फैलोस् जहाँ तहीँ**

***(सर्ग १०, श्लोक ४१)***

यसरी देवदत्त ऋषिको तपस्या भङ्ग, प्रम्लोचाका गर्भबाट कन्याको जन्म, रुरु नामका मृगको लालनपालनबाट रुरुकन्या नाम र रुरुकन्याको तपस्याका प्रभावबाट भगवान् हृषीकेशको वरदानस्वरूप रुरुक्षेत्रको नाम रहेको प्रसिद्ध कथा पुराणहरूमा पाइन्छ ।

## ३. नेपालका चारधाममध्ये एक

रुरुक्षेत्र नेपालका चारधाममध्ये एक महत्त्वपूर्ण धाम हो । स्कन्दपुराण, वराहपुराणमा समेत यस धामको महिमा वर्णन गरिएको छ । सृष्टिको प्रारम्भमा भगवान् विष्णु तपस्या गरिरहेका बेला उहाँका गालाबाट निस्केर पावन काली गण्डकीका रूपमा मुक्तिनाथबाट बहँदै रुरुक्षेत्र रिडीमा आएकी गङ्गाका जलमा प्रादुर्भाव भएका भगवान् हृषीकेशको मन्दिर र अन्य मठमन्दिरहरूले रुरुक्षेत्रलाई अत्यन्तै महिमामण्डित तुल्याएका छन् ।

कवि नवराज पाण्डेय 'चातक' को काली गण्डकी महाकाव्यमा लेखिएको छ :

**चल्यो नित्यपूजा व्यवस्थानुसार**
**बने धर्मशाला नजीकै हजार**
**बढ्यो मानवी चेतना धर्मतर्फ**
**रुरुक्षेत्रको चम्कियो झन् महत्त्व**

***(सर्ग १०, श्लोक १५)***

थोर्गा महिमा (२०६९) कवितासङ्ग्रहमा कवि रमेशचन्द्र गौतमले लेखेका छन् :

**गुल्मी रिडीको तटको जलैमा**
**बाजेबराज्यू उनको थलोमा**
**खोला रिडी त्यै बहने हुँदामा**
**काली नदी सङ्गम त्यो रिडीमा**

***(पृष्ठ ५१, श्लोक २)***

रुरुक्षेत्रको महत्त्व र रुरुकन्यालाई वरदान दिने सन्दर्भमा भगवान् विष्णु हृषीकेश (इन्द्रियका मालिक/ईश्वर) द्वारा यसो भनिएको छ :

**'तामहं सुभगे देवी ! प्रावोचं पुनरेव हि**
**रुरुक्षेत्रमिति ख्यातं क्षेत्रमेतद् भविष्यति**
**तव क्षेत्र कृतस्नातस्त्रिरात्रोपोषितो नरः**
**विलोक्य मां भवेत् पूतो मम वाक्यान्न संशय'**

अर्थात् हे सुभगे देवी ! म तिमीलाई यो कुरा दोहोऱ्याएर भन्दछु, रुरुक्षेत्र एक प्रख्यात तीर्थस्थल हुनेछ । यहाँ गण्डकी स्नान गरी तीन रातसम्म उपवास बसी

हृषीकेशको भक्तिभावले पूजा गरेमा सम्पूर्ण पापबाट मुक्त भई मोक्षलाभ गर्नेछ । रुरुक्षेत्र नेपालको मात्र नभई विश्वकै प्रख्यात धामका रूपमा रहने कुरा पनि विश्वास गर्न सकिन्छ ।

## ४. भारतको बनारससँग तुलना

रुरुक्षेत्र रिडीलाई भारतको पवित्रस्थल बनारससँग तुलना गरिएको छ । यो प्रसङ्ग विनयकुमार कसजूले श्री संस्कृत तथा साधारण माध्यमिक विद्यालय (संस्कृत प्रधान पाठशाला) शतवार्षिक महेत्सव स्मारिका (२०७६) को "संस्कृत प्रधान पाठशालाको सम्झना" नामक आफ्नो लेखमा उल्लेख गरेका छन् । उनले लेखेका छन्- उन्नाइसौँ शताब्दीमा यहाँ आएका बेलायती यात्री पर्सिभल ल्याण्डनले रिडीको तुलना बनारससँग गरेका हुन् । उनले आफ्नो पुस्तक नेपालको पृष्ठ १२, १४ र १५ मा रिडीको वर्णन गरेका छन् । उनले लेखेका छन्- रिडीको सबैभन्दा महत्त्वपूर्ण चरित्र र पक्ष यसको पवित्रता हो । अधिकांश नेपालीहरूको पवित्र तीर्थस्थलको दृष्टिले रिडीलाई बनारसको बराबरी ठान्दछन् । बनारस धेरै टाढा छ र धनीहरू मात्रै त्यहाँ पुग्न सक्छन् । मानिसहरू वृद्ध भएपछि काशी (बनारस) गएर आफ्नो लास जलाउन र खरानी पवित्र गङ्गानदीमा मिसाउन चाहन्छन् । रिडीमा कालीको किनारमा जलेपछि खरानी शालिकराम बन्छ भन्ने विश्वास छ । शालिकरामलाई विष्णु भगवान्को रूप मानिन्छ र कुनै सङ्कल्प गर्दा वा सपथ किरिया खाँदा यसलाई हातमा लिने चलन छ । अन्तिम संस्कारका लागि रिडी पशुपति (आर्यघाट) जस्तै पवित्र मानिन्छ । काली गण्डकी किनारमा लास जलाएपछि खरानी नदीमा बगाइन्छ ।

यसरी बनारससँग तुलना गरिएको रुरुक्षेत्र रिडीको महिमा जति व्यापक रूपमा प्रचारप्रसार हुनुपर्ने हो त्यति नभएको पाइन्छ । प्राचीन धार्मिक, पौराणिक ग्रन्थहरूमा भारतका तीर्थस्थलहरूबारे जति वर्णन छ, त्यति वर्णन नेपालका गण्डकी क्षेत्रका बारे नभएको भन्ने प्रमाण यसरी दिन सकिन्छ :

**"वाराणस्यादि तीर्थानां माहात्म्यं ग्रन्थविस्तरात्**
**कथितं मुनिभिर्ब्रह्मन् ! गण्डक्या नैव तादृशम्**
**लोकवेदपुराणेषु प्रसिद्धाः गण्डकी सदा**
**शालग्राम प्रभावेण प्राप्या सर्वत्र सर्वदा"**

यस सन्दर्भमा परशुराम नेपालको 'रुरुधामको सम्झना' कवितांश उल्लेखनीय छ :

**"मुक्तिनाथ भई स्रोत बगेकी कृष्णा गण्डकी**
**यति रम्य धराधाम अन्यत्र के कतै छ कि ?**
**गर्भमा सुन बोकेका विष्णुको चक्र साथमा**
**शालिग्राम पुजे पूजा हुन्छ रे विष्णु गाथमा**

## ५. निचोडमा

रुरुक्षेत्र नेपालको मात्र नभएर विश्वकै पवित्र धाम हो । यो धार्मिक, सांस्कृतिक, पौराणिक र पर्यटकीय दृष्टिले अत्युच्च महत्त्व बोकेको क्षेत्र हो । यहाँ भगवती मन्दिर, भीमसेन मन्दिर, लक्ष्मीनारायण मन्दिर, मणि मुकुन्देश्वर मन्दिर, विष्णु मन्दिर, शिवालय र विविध मन्दिरहरू छन् । गलफूल गुफा, देवदत्त पार्क यहाँका पर्यटकीय क्षेत्र हुन् । ह्रषीकेश र रुरुकन्याका मन्दिर त मुख्य नै भए । माघेसङ्क्रान्तिमा तीन दिन लाग्ने मेला यहाँको अविस्मरणीय छ । तीनमुखे झोलुङ्गे पुलको वर्णन शब्दमा गर्न सकिँदैन । एकपल्ट रुरुक्षेत्र पुगौँ । पुण्यलाभ र पर्यटकीय लाभ प्राप्त गरौँ ।

अन्त्यमा मेरो छोटो कवितासहित यो लेख समापन गर्दछु :

**'सबै अञ्चल सबै जिल्ला विश्व मेरो घर**
**त्यसमा पनि थोर्गा गाउँ रिडी मनोहर**
**॥ १ ॥**
**गुल्मी, पाल्पा, स्याङ्जा गरी तीन जिल्लाको मेल**
**काली गङ्गा रिडी खोला भेलमा खेल्छन् खेल**
**॥ २ ॥**
**ह्रषीकेश, रुरुकन्या, गलफूल, गायत्री छन्**
**मुक्तिनाथकी काली गङ्गा छेउमै सुसाउँछिन्**
**॥ ३ ॥**
**हरियाली डाँडाकाँडा सुरम्य छ ठाउँ**
**आँप, अम्बा, मेवा, उखु, लिची कति खाऊँ**
**॥ ४ ॥**
**कालोपत्रे बाटो भयो तानसेन तम्घाससम्म**
**तीनमुखे झोलुङ्गे पुल रिडीबजार टम्म**
**॥ ५ ॥**
**क्याम्पस स्कुल खुलेकै छन् रिडी बजारमा**
**रुरुक्षेत्र एकैमात्र तीर्थ हजारमा'**
**॥ ६ ॥**

**ooo**

// लेख //

# रुरुधामको बहुआयामिक महत्त्व र गौरवशाली इतिहास

✍ **शारदा भट्टराई**
**सन्धिखर्क–१, अर्घाखाँची**

पाल्पा, गुल्मी र स्याङ्जा जिल्लाको सङ्गमस्थलका रूपमा अवस्थित प्रकृतिको अनुपम उपहार तथा ऐतिहासिक, पौराणिक, धार्मिक, सांस्कृतिक एवं पर्यटकीय महत्त्व बोकेको प्रसिद्ध पुण्यभूमि हो रुरुक्षेत्र (रिडी) । पापमोचिनी काली गण्डकी र सत्ययुगी देवीदेवताका प्रतीकस्वरूप शालिग्रामले महिमान्वित, हृषीकेश भगवान्को अवतरणभूमि तथा सबैको आस्था, विश्वास र जीवनको आधारभूमि रुरुधाम हो । यो स्थान रुरुकन्या र देवदत्त ऋषिको जन्मस्थल तथा पवित्र तपोभूमि हो भने स्वर्गका अप्सराहरूको समेत क्रीडास्थल हो । परापूर्वकालदेखि मुक्ति प्राप्तिको विश्वास गर्दै पवित्र काली गण्डकीमा दिवंगत मानव शरीर दाहसंस्कार गरिदै आएको चलन अद्यावधि कायम छ । यो स्थान बालविधवा (भक्तिनी) तथा बेसहाराहरूको तपोभूमि तथा आश्रयस्थलसमेत हो । एकातर्फ यहाँ भक्तहरूका आत्मजागृति(भक्तिभाव) गर्ने भजनकीर्तनको सङ्गीतमय गुञ्जन गुञ्जिरहन्छन् भने अर्कोतिर संस्कृत साहित्यशास्त्रका प्रकाण्ड विद्वान्हरूद्वारा पूर्वीय संस्कारजन्य ज्ञानामृत पिउने ज्ञानकुञ्ज पनि हो रुरु । यो माघेसङ्क्रान्ति, हरिबोधनी एकादशीलगायतका विभिन्न जात्रा, मेला र उत्सवको प्रदर्शन गरी थुप्रै आस्तिक र आस्थावान् भक्तलगायतका आन्तरिक र बाह्य पर्यटकहरूको मनोहारिणी आकर्षणभूमि पनि हो । पहिले यस स्थानलाई आसपास तथा छिमेकी जिल्लाहरूको व्यापारिक केन्द्र पनि मानिन्थ्यो । समग्रमा भन्नुपर्दा भक्ति, ज्ञान र वैराग्यको त्रिवेणी वा सङ्गमस्थलका रूपमा रुरुधाम (रिडी)लाई लिन सकिन्छ ।

पौराणिक कालमा यस क्षेत्रमा देवदत्त ऋषिले कठोर तपस्या गरेका थिए । उनको तपस्याबाट स्वर्गका राजा इन्द्रको आसनसम्म डगमगाएपछि देवराज इन्द्रले प्रम्लोचा नाम गरेकी एउटी अत्यन्त सुन्दरी अप्सरालाई देवदत्तको तपस्या भङ्ग गर्न भनेर पठाए । निर्जन स्थानमा आँखा चिम्लेर तपस्यामा लीन भएका ऋषिको अगाडि छिनछिन चुरा बजाउँदै, मधुर स्वरमा गुनगुनाइरहेकी महिलाको आवाज सुनेपछि उनी आश्चर्यमा परे । को होला भन्ने जिज्ञासा भएपछि उनले आँखा खोले । अगाडि अप्सरालाई पाएपछि उनले आफू तपस्यामा रहेको कुरा पनि बिर्सिए । ऋषि तपस्याबाट च्यूत हुन गई दुबै गहिरो प्रेममा डुबेर सँगै बस्न थाले । अप्सराको कोखबाट एउटी सुन्दरी कन्याले जन्म लिइन् । प्रम्लोचाले छोरीलाई त्यहीँ जङ्गलमा छोडेर स्वर्गतर्फ नै प्रस्थान गरिन् । ती कन्यालाई जङ्गलका मृग(रुरु) हरूले आफ्नो दूध खुवाएर हुर्काए । रुरुले हुर्काएका

हुनाले उनको नाम रुरुकन्या रहन गयो । अब यो स्थानलाई रुरुधाम किन र कसरी भनियो भन्ने सन्दर्भतर्फ लागौं :

हुर्किंदै गएपछि यिनै रुरुकन्याले यसै स्थानमा भगवान् विष्णुको कठोर तपस्या गरिन् । कन्याको तपस्याबाट भगवान् विष्णु अत्यन्त प्रसन्न भए । कन्याको अगाडि उपस्थित भएर विष्णु भगवान्ले भन्नुभएछ –"तिमी जे माग्छ्यौ त्यही वरदान दिन्छु भन तिमी मबाट के चाहन्छ्यौ ।" रुरुकन्याले अब तपाईं पनि यसै स्थानमा बस्नुहोस् भन्ने वर मागिन् । भगवान्लाई धर्मसङ्कट पर्‍यो । त्यहाँ बस्न वैकुण्ठ छोड्नै नमिल्ने जानी रुरुकन्याले मागेको वर दिन्छु भनेर वचनबद्ध भए । यसपछि उनले आफू शिलाको रूपमा सधै यसै ठाउँमा तिमीसँग सँगै रहनेछु भनेर रुरुकन्यालाई आश्वस्त पारे । यसपछि विष्णु भगवान् शालिग्रामको स्वरूपमा यस स्थानमा रहनुभयो भन्ने कुरा वराहपुराणमा उल्लेख भएको पाइन्छ ।

रुरुकन्याले तपस्या गरेर विष्णु वा शालिग्राम उत्पत्ति भएका हुँदा यस ठाउँलाई रुरुधाम वा रुरुक्षेत्र भनेर नामकरण गरियो । यस क्षेत्रको महत्त्व अझ बढाउनका लागि विष्णु भगवान्को यो वरदानले पनि महत्त्वपूर्ण भूमिका खेलेको छ –"मकरसङ्क्रान्तिका तीन दिन यहाँको काली गण्डकी नदीमा स्नान गरेर जसले मेरो दर्शन गर्ला त्यसले पुण्य प्राप्ति गरेर सम्पूर्ण पापबाट मुक्त हुनेछ" भन्ने वरदान दिनुभयो । हरिबोधनी एकादशी र हरिशयनी एकादशीका दिनमा पनि यहाँ मेला लाग्ने गर्छ । हरिबोधनी एकादशीको भोलिपल्ट यहाँ भगवान् हृषीकेश(विष्णु) को रथयात्रासम्म गरिन्छ । रुरुकन्याले भगवान् विष्णुसँगै बस्न चाहेको हुनाले हृषीकेश मन्दिर परिसरमा रुरुकन्या र हृषीकेश भगवान्को मूर्ति आम्नेसाम्ने राखिएको छ ।

माघे सङ्क्रान्तिमा गण्डकी नुहाउन रिडी जाने हो, कहिले जाने, कोको जाने, बाटाको खाजा(सेलरोटी, ठोकने (झर) रोटी, सातु...) के के लैजाने, जाडाको समय कपडा के कस्ता र कति लैजाने, कति दिन बास बस्ने, खानेकुरा कति बोक्ने ? जस्ता कुराहरूमा घरपरिवार, छरछिमेकी तथा गाउँघरका आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू बीच छलफल गर्ने गरेको सुनेका आधारमा पनि रिडी(गण्डकी) मैले बाल्यकालदेखि नै सुनेको परिचित नाम हो ।

पूर्वपश्चिम हुलाकी मार्गअन्तर्गत (हाल : सन्धिखर्क न.पा. वार्ड नं.५, तल्लो हुलाक) पर्ने मूलबाटाकै आडमा रहेको मेरो जन्मघरले पनि मलाई बाल्यकालदेखि नै रिडी शब्दसँग परिचित गराएको थियो । पश्चिम प्यूठान, रोल्पा, रुकुम, हुम्ला, जुम्ला लगायतका जिल्लाबाट माघे सङ्क्रान्तिको मेला भर्न र गण्डकी स्नानसहितको तीर्थाटन गर्न आउनेहरूले पिताजी पीताम्बर भट्टराईसँग "ओए बाजे ! रिडी जाने

बाटो कटा हो?"(घर नजिकै तीनतिर जाने बाटा भएकाले) भनी सोध्दा पनि रिडी शब्द कण्ठ भएको थियो । पूर्व पश्चिम गर्ने मूल बाटामै घर भएकाले बटुवा यात्रीहरूको पानीप्यास मेटाउने अवसर भगवान्‌ले प्रदान गर्नुभएको थियो । 'सेवा नै धर्म हो' भन्ने वाक्यांशलाई मूल मन्त्र बनाउनुभएका पिताजीको पानी खुवाउने सदिच्छा पूरा गराउनमा आमाहरू नरिकला र प्रेमकलाको विशेष साथ र सहयोग रहन्थ्यो । तत्कालीन समयमा ती बटुवाहरू सङ्क्रान्तिभन्दा १५/२० दिन अगाडिदेखि भेडाच्याङ्ग्राको उनबाट बनेका राडीपाखी, काम्ला, कम्बल बोकेर तथा दर्जनौँ घोडा खच्चरलाई बोकाएर (व्यापारिक प्रयोजनार्थ) लर्को लागेको देख्दा रिडी हिँडेर जान सक्ने कहिले भइएला र रिडी देख्न पाइएला भन्ने मनमा खुल्दुली भइरहन्थ्यो ।

रिडी गएर काली गण्डकीमा नुहाएर रिखेश्वर (हृषीकेश)को मठको दर्शन गरेपछि सबै पापकर्म नास भई ठूलो पुण्य मिल्ने धार्मिक मान्यता सुन्दै आएको कुरामा विश्वास भर्दै हिँडेर रिडी पुग्ने भएपछि (लगभग १२/१३ वर्षको उमेरमा) मैले पनि रुरुधाम र हृषीकेश भगवान्‌को स्वरूपसँग साक्षात्कार हुने अवसर पाएकी थिएँ । पहिलोपटक बालविधवा दिदी स्व. फूलकुमारी अधिकारी (तत्कालीन वाङ्ला, ७ पाण्डेटोला, हाल सन्धिखर्क ५) लगायत अन्य ५/६ जनाको साथमा पौष मसान्तको दिन रिडी गएको स्मृति अद्यावधि ताजै छ । हेमन्त र शिशिर ऋतुको चिसोसँग आफूलाई समायोजन गर्दै विशेष महत्त्व बोकेकी काली गण्डकी( गङ्गा)मा बिहानको उषाकालमै डुबुल्की लगाउन जाँदा जुन डर र त्रासले मन आत्तिएको थियो डुबुल्की लगाएर स्नानपछिको न्यानोपनले भने आल्हादित बनाइदिएको थियो । त्यहाँ स्नान गरेर भगवान्‌को दर्शन गरेपछि सबैको पाप पखालिने र मुक्ति प्राप्त हुने कुरा पनि परम्परादेखि नै अग्रजहरूबाट सुनिदै आएको थियो ।

## काली गण्डकीको महिमा

नेपालका चार क्षेत्र/धाम (मुक्तिक्षेत्र, वराहक्षेत्र, पाशुपतक्षेत्र र रुरुक्षेत्र) हुन् । यी मध्ये एउटा पवित्रधाम मुक्तिनाथ धाम हो । काली गण्डकी नदीको उद्‌गमस्थल पनि यही स्थानमा पर्छ । हिमालपारिको जिल्ला मुस्ताङमा पर्ने दामोदर कुण्ड उद्‌गमस्थल भई मुक्तिनाथ क्षेत्रबाट बहेकी काली गण्डकीको महिमा हाम्रा धार्मिक शास्त्र तथा पुराणहरूमा राम्रोसँग वर्णित छ । मनुष्य मात्रका दुःख कष्ट र पाप मोचन गरिदिने मुक्तिप्रदायिनी नदी हुन् काली गण्डकी । जुनसुकै वा हरेक तीर्थाटनको अन्त्यमा काली गण्डकी स्नान गरेपछि मात्र तीर्थाटन गरेको फल पाइने वा उद्देश्य पूरा हुने भन्ने शास्त्रीय मान्यता रहेको पाइन्छ । साथै हरेक पूजाआजा तथा यज्ञयज्ञादिमा भगवान्‌लाई चढाउन गङ्गाजलको प्रयोग गर्नुपर्ने कुरा कर्मकाण्ड एवं पूजाविधि पद्धतिमा वर्णित छ ।

भारतका चारधाम (बद्रीनाथ, जगन्नाथ, द्वारका र रामेश्वर) प्रसिद्ध र ठूला तीर्थ मानिन्छन् । ती ठूलाठूला नदीमा स्नान गरी भगवान्को दर्शन गरेपछि पनि अन्त्यमा काली गण्डकीमा स्नान गरी हृषीकेश भगवान्को दर्शन गरेपछि मात्र तीर्थाटनको उद्देश्य पूरा हुने शास्त्रीय मान्यता रहेको छ । सोहीअनुसार हरेक तीर्थयात्रीले आफ्नो निकटवर्ती काली गण्डकीमा स्नान गर्ने प्रचलन चल्दै आएको हो । अर्घाखाँची जिल्लाका तीर्थयात्रीका लागि नजिकको स्नानस्थल काली गण्डकी भएकाले हाम्रा पितापुर्खा सबैले रिडीस्थित काली गण्डकीमा नै तीर्थाटनको अन्तिम स्नान एवं शालिग्राम शिलाबाट निर्मित हृषीकेश भगवान्को दर्शन गरेर मात्र घर फर्किनुहुन्थ्यो ।

पिताजी पीताम्बर भट्टराई धार्मिक आध्यात्मिक व्यक्तित्व हुनुहुन्थ्यो । यस्तै संस्कारले उहाँलाई नेपाल र भारतका प्रमुख तीर्थस्थलहरूको यात्रा गर्न प्रेरित गऱ्यो । उहाँको पालामा आफ्ना गाउँका छरछिमेकी तथा नातासम्बन्धीहरू १५/२० जनादेखि ५०/६० जनासम्मको नेतृत्व उहाँले नै गरेर तीर्थाटन गराउनुहुन्थ्यो । जुन कुरा उहाँसँगै तीर्थयात्रा गर्नुभएका भक्तजन तथा आफन्तजनहरूले बताउनुहुन्थ्यो/बताउनुहुन्छ । पिताजी आफ्नो पालाको नामीग्रामी उद्यमी व्यवसायी पनि हुनुहुन्थ्यो । व्यापार व्यावसायका सामान खरीद गर्न पाल्पा, बुटवल तथा काठमाडौँ जाँदाआउँदा त्यही बाटो हिँड्ने गर्नुहुन्थ्यो । आवतजावतका क्रममा पनि विशेष पर्वमा गङ्गा स्नान गर्ने साइत जुराउनुहुन्थ्यो भने सानातिना तिथि, बार, पर्वहरूमा स्वाभाविक रूपमा संयोग मिलिरहन्थ्यो । घरमा आउँदा काली गण्डकीको जल र हृषीकेश भगवान्को फूलप्रसाद ल्याएर घरपरिवार, छरछिमेकी, ग्राहकवर्ग सबैलाई बाँड्ने गर्नुहुन्थ्यो । हत्केलामा थापेर आचमन गर्ने ८/१० थोपा गङ्गाजलले रुरुधाममै पुगेको अनुभूति हामीलाई हुन्थ्यो । देवकार्य, पितृकार्यमा पनि गङ्गाजलकै आवश्यकता पर्ने हुँदा उक्त कार्य सम्पादनमा गाउँका छरछिमेकीहरू गङ्गाजल लिन हाम्रो घरमा आउने गर्नुभएको बाल्यकालीन संस्मरण अहिले पनि ताजै रहेको छ । पितामाताकै सङ्गत र प्रेरणाले मैले पनि पटकपटक कहिले रुरुधाममा, कहिले देवघाटमा त कहिले त्रिवेणी धाममा कालीगङ्गा स्नान गर्ने अवसर पाएँ र पाइरहेकी छु । त्यसैगरी भारतका गङ्गा, यमुना, सरस्वती नदीको सङ्गम प्रयाग इलाहावादमा कुम्भमेला स्नान र श्रीरामनवमीमा अयोध्यामा सरयू गङ्गास्नान गर्ने अवसर पनि पाएकी थिएँ । ती तीर्थहरूबाट घर फर्किँदा नियमानुसार रिडी मिश्रित कालीगङ्गामा स्नान गरी हृषीकेश भगवान्को दर्शन गरेर आएका थियौँ ।

रामायण, महाभारत जस्ता महाकाव्य पढेर पिताजीले लयबद्ध स्वरमा सुनाउनुभएको काली गण्डकीको महिमाले पनि मलाई गङ्गास्नान गर्न, रुरुधाममा जान लालायित बनाउँथ्यो । फलस्वरूप मैले धेरैपटक मकरसङ्क्रान्तिको स्नान गर्नेर मेला हेर्ने साइत जुराएँ । माघेसङ्क्रान्तिका तीन

दिनसम्म रिडी बगरमा लाग्ने मेलामा गङ्गास्नान र हृषीकेश भगवान्‌को दर्शन गर्ने भक्तजनहरूको लर्को, साधुसन्त, योगी महाराजहरूको श्रद्धासहितको उपस्थिति, भक्तिनी माताहरूको पवित्र मातृत्वभाव, रिडी बगरमा लाग्ने व्यापारमेला, जात्रा महोत्सव हेर्ने दर्शकहरूको भिडभाड, घोडा खच्चरको हुल, गोदानको लागि शृङ्गार गरिएका गौमाताहरू, नेपालकै भैँडाच्याङ्ग्राको ऊनबाट तयार गरिएका काम्ला, कम्बलका खातका दृश्य, फोनबाजा, सिट्ठी, बाँसुरी लगायतका खेलौनाहरू तथा गुँड, चाकू, तिलका लड्डू, पकौडा, चुकौनी आदि थुप्रै मीठामीठा परिकारहरूको स्वाद अहिले पनि स्मृतिमा अमीट रूपमा बसेका छन् । आफू उपस्थित हरेक पटकका माघेसङ्क्रान्तिमा १/२ ओटा भए पनि काम्ला किन्नुपर्छ भन्ने प्रेरणा दिने पिताजीले आफ्नो मान्यतालाई निरन्तरता दिँदै प्रशस्त काम्लाकम्बल जुटाउनुभएको थियो । जुन आज हामी सबै सन्ततिले पिताजीको तीर्थको प्रसादको रूपमा ग्रहण गर्न पाएका छौँ ।

पछिल्लो समयमा पिताजीहरू पीताम्बर भट्टराई र खड्गबहादुर अधिकारी (मितबुबा)ले तीर्थमा सत्सङ्ग गर्ने र कालीगङ्गा स्नान गर्ने मनसायले द्वन्द्वकालीन समयमा पनि नवलपरासीको त्रिवेणी धाममा कालीगङ्गाकै सान्निध्यमा अलगअलग घर बनाउनुभएको छ । त्यसैगरी रुरुधाममा पनि दुबै जनाको साझेदारीमा कुटीसहितको घडेरी व्यवस्थापन गर्नुभएको थियो । पछि रुरुधामको घडेरी हृषीकेश भगवान्‌को गुठीमै दान दिनुभयो । त्यसैगरी पिताजीले तनहूँको देवघाटमा पनि सत्सङ्ग गर्ने इरादा राख्दै घडेरी व्यवस्था गर्नुभएको थियो जुन अद्यावधि छँदैछ । जीवन अनित्य छ, आज हाम्रा मातापिताजी ब्रह्मलीन हुनुभयो । उहाँहरूको तीर्थमा बस्ने इरादा दीर्घकालीन बन्न सकेन तापनि कालीगङ्गाको शिर मुक्तिनाथदेखि त्रिवेणीधामसम्म काली गण्डकी तटमा विभिन्न धार्मिकस्थलमा स्नान गर्ने र भगवान्‌को दर्शन गर्ने प्रेरणा हामी सन्ततिले पाएका छौँ । त्यसका निम्ति हामी सपरिवार पितामाताजीहरूप्रति अनुगृहित छौँ ।

## विष्णुस्वरूप शालिग्रामको महत्त्व

दिनहुँ घरमा पाञ्चायन देवताको पूजा गर्ने पिताजीले कुनकुन देवताको पूजा गर्नुहुन्छ र ती कस्ताकस्ता रूपका हुन्छन् भन्ने मेरो बाल्यकालदेखिकै जिज्ञासा हुन्थ्यो । घरमा पूजा गर्ने ठाउँमा पिताजी प्रातः स्नानपछि जपध्यानमा मग्न हुनुहुन्थ्यो भने आमाहरूले पूजाका भाँडा माझिदिने र पूजासामग्री तयार पारिदिने काम गर्नुहुन्थ्यो । तर एउटा डिब्बामा ढाकेर राखेका काला चिल्ला डल्लाहरू आमाहरूले छुन नहुने हुँदा पिताजीले नै सफा गर्नुहुन्थ्यो । पछि सोधपुछबाट थाहा लाग्यो ती त शालिग्राम रहेछन् । ती शिलाहरू पिताजीले मुक्तिनाथ तीर्थाटनमा गएको बेला ल्याउनुभएको कुरा बताउनुभएको थियो । तत्कालीन समयमा शालिग्राम महिलाले पूजा गर्न नहुने प्रचलन रहेकाले छुन सफा गर्न पनि

नपर्ने व्यवस्था रहेछ । धर्ममा पनि यस्तो विभेदकारी दृष्टिकोण राख्नु त्यति शोभनीय कुरा होइन । भगवान्को पूजा आराधाना गर्ने मान्छेले सही आचरणमा रहेर उचित कर्म भने गर्न सक्नुपर्छ भन्ने लाग्दछ । अहिलेसम्म पनि अन्धविश्वासलाई महत्त्व दिने ढोँगीहरूले पुरानै संस्कार कायम राखी महिलाहरूलाई शालिग्राम छुनसम्म दिँदैनन् भने धर्ममा तार्किक र वैज्ञानिक दृष्टिकोण राख्नेहरूले लैङ्गिक विभेदको अन्त्य गरी पुरुषमहिला जोसुकैले पनि छुन र पूजा गर्न हुने मान्यता राख्दछन् ।

शालिग्रामलाई सत्ययुगका देवीदेवताका प्रतिरूप मानिन्छ, जुन काली गण्डकीमा मात्र पाइन्छन् । मुस्ताङ्को दामोदर कुण्डलाई शालिग्रामको उद्गमस्थल मानिन्छ तापनि यहाँदेखि बहेकी गण्डकी र मुक्तिनाथदेखि बहेकी काली गङ्गाको सङ्गमस्थल कागबेनीमा प्रशस्त शालिग्राम पाइने कुरा मुक्तिनाथका तीर्थयात्रीबाट पनि सुनिन्छ । खासगरी चक्राङ्कित शालिग्रामको बढी महत्त्व हुने पनि बताइन्छ । रुरुधाममा त शालिग्राम शिलाबाटै निर्मित हृषीकेश भगवान्को मूर्ति रहेको छ । जुन मूर्ति रिडीखोला र काली गण्डकीको सङ्गममा पाल्पाली राजा मणिमुकुन्द सेनले स्नान गर्दा टाउकामा ठोक्किएको र त्यसै राति सपनामा आफ्नो परिचय दिएकाले राजाले भगवान् विष्णुरूपको उक्त मूर्तिलाई अहिलेको स्थानमा स्थापना गरेर पूजा, सेवा, आराधना गर्न थालेको इतिहास सुन्न पाइन्छ । मुस्ताङ्को कागबेनीदेखि देवघाटसम्म शालिग्राम पाइने भएकाले यस क्षेत्रलाई शालग्राम क्षेत्र पनि भन्ने गरेको पाइन्छ ।

शालिग्रामलाई हिन्दु धर्मावलम्बीहरूले भगवान् विष्णुको अवतारको रूपमा पुज्ने गर्दछन् । शालिग्राम पूजा गर्नाले घरमा अनिष्ट समाप्त हुने र मनोकाङ्क्षा पूरा हुने धार्मिक मान्यता रहेको छ । स्वस्थानी कथामा पनि जालन्धरकी पत्नी वृन्दाको पतिव्रता धर्मलाई विष्णुको छलबाट नष्ट गरिएपछि वृन्दाले दिएका चारवटा श्रापमध्ये 'तिमीलाई पत्थर बन्नु परोस्' भन्ने श्रापको प्रतिफलस्वरूप विष्णु भगवान्ले शालिग्राम शिलाको रूप लिएको किंवदन्ती रहेको पाइन्छ । सेतीबेनीमा रहेको शिला विश्वकै सबैभन्दा ठूलो शालिग्राम शिला मानिन्छ । यसको महत्त्वको चर्चा विश्वभर पुगिसकेको अवस्थामा यो क्षेत्र अहिले धार्मिक ऐतिहासिक पर्यटकको गन्तव्य स्थलको रूपमा परिचित छ ।

शालिग्राम शिला धार्मिक, सांस्कृतिक, वैज्ञानिक महत्त्व बोकेका पत्थर हुन् जसको महिमाको वर्णन यहाँ गरेर सकिँदैन । हामी काली गण्डकीको निकटवर्ती स्थानका भाग्यमानी आत्माहरू हौँ । अहिले त यातायातको सुविधाले गर्दा आफूले चाहेको समयमा रिडीस्थित काली गण्डकीमा स्नान गर्न र शालिग्राम शिलाबाट निर्मित हृषीकेश भगवान्को सहज रूपमा दर्शन गर्न सकिन्छ । यो सहजता र सुगमताले हामीलाई गर्वको अनुभूति पनि गराएको छ ।

रुरुधाम भक्तिनीहरू बस्ने ठाउँसमेत हो । त्यहाँ थुप्रै भक्तिनी आमा, दिदीबहिनीहरू बस्नुहुन्छ भन्ने मैले बाल्यकालीन अवस्थादेखि नै सुनेकी थिएँ । रिडीमा बस्ने केही भक्तिनी आमाहरू हाम्रो घरमा आएर एक हप्तादेखि एकडेढ महिनासम्म पनि बस्ने गर्नुहुन्थ्यो । कहिलेकाहीँ अन्य ठाउँमा भेटघाटमा गए पनि बस्ने स्टेशनचाहिँ प्रायः हाम्रो घरमा नै बनाउनुभएको हुन्थ्यो । उहाँहरू स्वयम्पाक्य हुनुहुन्थ्यो अर्थात् आफै भोजन बनाएर खानुहुन्थ्यो । अरूले बनाएको भोजन खानुहुन्नथ्यो । तर हामीहरूले उहाँहरूले बनाएको भोजन खान्थ्यौँ । उहाँहरूले असाध्यै मीठो र स्वादिलो भोजन बनाएर खुवाएका ती दिनहरू सम्भिँदा अभै पनि स्मरण ताजै भएर आउँछ । वास्तवमा उहाँहरू को हुनुहुन्थ्यो ? किन रिडीमा बस्नुहुन्थ्यो ? किन स्वयम्पाक्य बन्नुभएको रहेछ ? यो मेरो खुल्दुलीको विषय बन्न पुग्यो । मैले मातापिताहरूसँग सोध्दा, बुझ्दा थाहा लाग्यो उहाँहरू त धेरैजसो बालविधवा पो हुनुहुँदोरहेछ । मलाई अत्यन्त आश्चर्य र दुःख पनि लाग्यो उहाँहरूको जीवनावस्था र दिनचर्या देख्दा । मलाई थाहा पनि भयो हाम्रा पूर्वज हजुरआमा तथा आमा, दिदीहरूका समकालीन महिलाहरूको भोगाइ निकै कष्टकर रहेछ । समाजले हेर्ने दृष्टिकोण, गर्ने व्यवहार यति कमजोर र विभेदकारी रहेछ कि महिलालाई समाजमा फरक क्षेत्रबाट आएका निरीह प्राणीको रूपमा लिइएको रहेछ । बालकैमा श्रीमान्को मृत्यु भएपछि उहाँहरूलाई जिउँदो लाश बनाएर भगवान्को शरणमा एक्लो जीवन बिताउन बाध्य पारिएको विभेदकारी सामाजिक दृष्किोण भने त्यति व्यवहारिक लागेन ।

छोरीको विवाह गर्भसँगै ६ वर्षको उमेरमा गरिदिएर उम्किने तत्कालीन समयमा ८ देखि १२/१३ वर्षको उमेरमा विधवा हुनुपरेका तीता सत्य घटनाका पीडा भक्तिनी माताहरूसँग थिए । विवाह गरेर पति कुन हो भनेर नचिन्दै र सासूससुरालगायत घरपरिवार तथा नातेदारहरूसँगको साइनो थाहा नहुँदै विधवा हुनुपरेको दुःखेसो पोख्नुहुन्थ्यो उहाँहरूले । तत्पश्चातका दिनहरूमा परिवारबाट सहानुभूति र माया स्नेहको सट्टा बुहार्तन भोग्नुपर्दाका कठिन अवस्थालाई सहन गाह्रो भई भगवान्को सान्निध्य (तीर्थ) मा बसी योग, ध्यान जप, तप गर्दा आनन्दसँग जीवन बिताउन सकिने महसुस गरी रुरुधाम कालीगङ्गाको काख र नारायणस्वरूप हृषीकेशको छत्रछायामा आश्रय लिएको बताउनुहुन्थ्यो । घरमा बसे देवरजेठाजुको नोकरचाकर बन्नुपर्ने र माइत बसे भाउजूबुहारीका दुर्व्यवहार सहनुपर्ने विधवा नारीका विवशता थिए । उहाँहरूको पुनर्विवाह गर्ने कुरा कल्पनाभन्दा परको थियो । एउटै कोखबाट जन्मेका सन्तानमाथि यति ठूलो विभेदकारी व्यवहार पनि धार्मिक दृष्टिले त्यति उपयुक्त लागेन । हाम्रो परिवारबाट पनि माइली आमा तिलसरा र जेठो हजुरबुबाको छोरा देवराज बुबाको परिवार रिडीमै बसेर तीर्थको आनन्द लिनुभएको जानकारी पिताजीबाट पाएकी थिएँ । हृषीकेश मन्दिरअगाािडको

ज्ञानमञ्चमा पिताजी पीताम्बर भट्टराईले वि.सं.२०२८ सालमा श्रीमद्भागवत ज्ञानमहायज्ञ (सप्ताह) गर्नुभएको र सोही अवसरमा ठूलो दाजुको व्रतबन्ध पनि गरिदिनुभएको कुरा स्वयं दाजु रामप्रसाद भट्टराईले बताउनुहुन्छ । रुरुधामको सङ्गतबाट जागृत पूर्वीय संस्कारले दाजु रामप्रसादलाई बनारस विश्वविद्यालयको थप अध्ययनमा समेत हौसला प्रदान गरेको थियो ।

मानिस जन्मँदा तीन ऋण (देव, पितृ र ऋषि) बोकेर आएको हुन्छ । दामोदर कुण्ड र मुक्तिक्षेत्रदेखि बगेर आएकी काली गण्डकीमा स्नान गर्नाले यी तीनै ऋणबाट उन्मुक्ति पाइने हुनाले यस ठाउँको नाम ऋणी रहेको र पछि ऋणी शब्द अपभ्रम्श भई रिडी नाम रहन गएको हो भन्ने तर्क पनि पाइन्छ ।

स्वस्थानी व्रतकथामा वर्णित सतीदेवीले दक्ष कुण्डमा हाम फाली देह त्याग गरेपछि भगवान् शङ्करले पिठ्युमा बोकेर हिँडेको बेला सतीदेवीको माथिल्लो दाँत पतन भई सोही ठाउँमा भृगुतुङ्गेश्वर आएर तपस्या गरेको र शिवशक्ति स्वरूपले रहेको भन्ने किंवदन्तीअनुसार त्यहाँ गुफा पनि रहेकाले उक्त गुफा भृगुतुङ्गेश्वर गुफाको नामले प्रसिद्ध रहेको शास्त्रीय मान्यता रहेको पाइन्छ । स्याङ्जा जिल्लामा रहेको उक्त गुफामा माघेसङ्क्रान्तिमा ठूलो भीड लाग्ने गर्दछ ।

रुरुधाम वैदिक सनातन धर्मको रक्षाका लागि हाम्रा वेद, पुराण तथा उपनिषद्को उद्घोष हुने पवित्र ठाउँ हो । मानवमा नैतिक आचरण धारण तथा धर्म, संस्कार र संस्कृतिको रक्षाका निम्ति संस्कृत शिक्षा अपरिहार्य ठानी रुरुधाममा एउटा संस्कृत पाठशाला स्थापना गरिएको छ । यहाँबाट संस्कृत भाषाका थुप्रै ज्ञाता, विद्वान् तथा पण्डितहरू उत्पादन भइरहेका छन् । जसद्वारा आध्यात्मिक ज्ञान एवं नैतिक आचरणको दियो सल्काउँदै देशदेशावरमा ज्योति फैलाइएको छ । पवित्र रिडीधामलाई वेदध्वनिको घोरिलो आवाजले गुञ्जायमान बनाउने र शास्त्रार्थ गर्दै ज्ञानामृत आस्वादन गराउनमा गुरुहरूको विशेष योगदान रहँदै आएको छ र यो ज्ञानको नदी निरन्तर बहिरहोस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

हाल रिडीमा तीन जिल्ला (गुल्मी, स्याङ्जा र पाल्पा)लाई जोड्ने गरी तीनमुखे पुल निर्माण भएको छ । नेपालकै पहिलो यो तीनमुखे पुलले काली गण्डकी वारपारको समस्यालाई सहजीकरण गरेको छ भने यसले तीन जिल्लाको सम्बन्ध सम्पर्कमा बढोत्तरी गर्नेछ । खासगरी यो पुल आन्तरिक तथा बाह्य पर्यटकको लागि आकर्षणको केन्द्र बन्नेछ र समग्रमा रुरुक्षेत्रको सर्वाङ्गीण श्रीवृद्धिमा ठूलो टेवा पुग्ने कुरामा दुई मत छैन । यसरी रुरुधामको बहुआयामिक विकासले धार्मिक तथा अन्य पर्यटकहरू लागि यो स्थान दिनानुदिन आकर्षणको केन्द्र बन्दै गएको छ ।

ooo

# काली गण्डकी
# (दामोदर कुण्डदेखि त्रिवेणीसम्म)

## कालीकै तट तीर्थसेवन गरी हामी बनौँ पुण्यवान्

✍ **मुकुन्द शर्मा चालिसे**
**बूढानीलकण्ठ-४, कैलाशकुञ्ज**

जाऔँ सज्जन ! तीर्थका शिखरमा राम्रो बनाऔँ कथा
खोलौँ शीघ्र दुवार दिव्यघरमा उक्लेर जाऔँ उता
आफ्नो शाश्वत धामको यदि कुनै चासो नराख्ने भए
बाँचुन्जेल त बाँचियो, पछि भने बित्यास पर्नेछ ए ! ।१।

आजै मात्र थरीथरी रहरले बाँचेर के सार छ
हाम्रो जीवनले भविष्य नबुझे यात्रा निराधार छ
केही सामल राख्नुपर्दछ भनी अर्ती सुनेका थियौँ
त्यो पाएर हिँड्यौँ भने कदममा उत्साह देखाउँथ्यौँ ।२।

चढ्नैपर्दछ शान्तिदायक सिँडी बेला छँदै मानव
खोक्रा गन्थनमा भुलेर जुनिको मिल्ला कहाँ गौरव
केही पढ्नु कि लेख्नुपर्छ गुनिला साहित्यका चिन्तन
जो देखाउन सक्छ सत्यपथमा टेकाउने लक्षण ।३।

यात्राले पनि दिन्छ भाव गहिरो हेर्दै नयाँ छन्दमा
नौला विम्ब छुँदै छुँदै अनि हुँदै अव्यक्त आनन्दमा
हाम्रो जीवन भन्नु आखिर यही यात्रा न हो दैविक
पाएको अधि बढ्न पाइन सकोस् जेबाट आध्यात्मिक ।४।

यात्रा गर्नु छ, गर्नुहोस् स्मृति बनोस् जोगाउनै लायक
त्यो भावी दिनका निमित्त पनि होस् उद्‌बोधनादायक
गोडा छन् अनि साधनादि पनि छन् ती खेर जाने गरी
मान्छे दौडिरहेछ खालि सहँदै चिन्ता बिलौना छरी ।५।

के दामोदरकुण्डका सलिलमा देखिन्न छल्का कुनै ?
के धौलागिरि शृङ्गका डहरमा पाइन्न झल्का कुनै ?
भित्री ताप हटाउने हृदयमा पीयूष वर्षा हुने
त्यस्ता तीर्थ घुमौँ अवश्य जसले यो जन्म सर्साउने ।६।

यी राम्रा गिरिखण्डका रहरिला पाखा पखेराहरू
कैयौं कानन-कुञ्जका तरु लता पन्छी बचेराहरू
संसारी रमणीयता बिउँझिने दृश्यावली नै चुमूँ
यीभन्दा परको अगम्य घरको ढोकातिरै पो घुमूँ ।७।

अन्तर्मर्म छुने छटा घनघटा मेरै कलेजीमुनि
आएको छ तिलश्मरङ्ग रसमा विद्युल्लतामोहिनी
त्यो ज्योतिर्मय दिव्य आत्मरसको आधारमा ज्यूँछु म
त्यो धौलागिरि छाहरीमुनि पुगी सञ्जीवनी प्यूँछु म ।८।

घुम्दै जेठ, असार, साउन, भदौ हज्जार आए पनि
बाटो, चौर, शिला, गिला पलङले साह्रै सताए पनि
आत्माको प्रभुको सदैव रसिलो चिन्मात्र पैल्याउँछु
त्यो पैल्याउन पुण्यतीर्थ थलमा यी प्वाँख फैलाउँछु ।९।

आफ्ना प्राकृत सम्पदा हिमचुली, भन्ज्याङ मैदानमा
खानी, औषधी, वन्यजन्तु, झरना, गल्छी र चट्टानमा
सूक्ष्म ध्यान लगाउँछौ यदि भने हुन् दिव्य ती वैभव
तीभन्दा पर तीर्थको छ महिमा जान्यौं भने वास्तव ।१०।

आत्मा तीर्थ भनेर के अवनिका प्राचीन पुण्यस्थल
बिर्सिन्छन् जसरी अरू विगतका कैयौं भुलिन्छन् पल
आत्मा तत्त्व छ गुह्य त्यो प्रकटमा गर्न्यैछ आविर्भव
चाल्नैपर्दछ तीर्थको भ्रमणको चासो यथासम्भव ।११।

हेरौँ सुन्दरता अचिन्त्य छविको आधान गर्दै रहौँ
यात्राको रमणीयता बुझिरहौँ तिर्खा पसीना सहौँ
जाऔँ तीर्थ र सत्यको र शिवको सुस्पर्शमा लोभिऔँ
हामी मर्त्य जुनी लिई परमको आदर्शमा शोभिऔँ ।१२।

यात्रामा न त वृद्ध दुर्बल न ता रोगी न नाबालक
हाम्रो वाहन जीप सीपसँगमा दौडाउने चालक
राम्रो मौसम यो वसन्त ऋतुको आरम्भका यी दिन
चौतर्फी अनुकूलता नियतिले ल्याई टकाऱ्यो किन ? ।१३।

गर्छन् ईश्वर भावना मनुजको हामी उसैको गरौँ
यो पारस्परिकानुभूति बटुली हाम्रै धरामा छरौँ
यस्तै आशय व्यक्त गर्न कि त यो चाँजो मिलेको थियो
भाषामा कसरी खुलाउनु सबै भन्ने कुरा पो भयो ।१४।

हाम्रो देश हिमालयाङ्कित भनी पढ्दै र सुन्दै थियौँ
टाढाबाट सुदूर उत्तर दिशा हेर्दै र चिन्दै थियौँ
कस्तो भाग्य जुराइयो कि विधिले माया गरेको दिन
आँखाभित्र अटाउनै नसकिने मिल्ने भयो दर्शन ।१५।

यात्रा यो अति नै सुखाकर हुने केही तयारी थियो
साथीभाइ मिलेर मोटर चढ्यौँ टन्टा न भारी थियो
ज्यादै उत्सुक्ता थियो, प्रकृतिको सोचाइभन्दा अझै
आएको अनुकूलता नियतिको यस्तै छ इच्छा कि झैँ ।१६।

के यी तीर्थहरू कठोर जिउका कङ्गालका मात्र हुन् ?
के आध्यात्मिकता बटुल्न परका यात्रा कथा मात्र छन्
यस्तो भाव मडारिएर कहिले पैल्याउनै मन्जिल
पुग्नैपर्दछ मुक्तिको शिखरमा उक्ल्यो कि झैँ यो दिल ।१७।

हाम्रा तीर्थ सबै अपार निधि हुन् हीरा अनि स्वर्णका
के हो अर्थ भनाइको ? बुझ सखे सङ्केत यी वर्णका
साँच्चै भौतिक अर्थको पनि कुरा सोध्छौ भने झन् सुन
जम्मै तीर्थ बुझेर अर्थ बटुले के हुन्न आकर्षण ? ।१८।

तेर्पायाँ, पहरा, पत्यान, छहरा, खोल्सा, भिराला स्थली
थुम्का, जङ्गल, फाँट, चौर, मझुवा, स्वर्गीय दृश्यावली
नेपाली रमणीय तीर्थ कति छन् आनन्ददायी सधैँ
हाम्रा तीर्थहरू यिनैसित हुँदा कल्याणदायी अझै ।१९।

हाम्रो मोटर बग्छ सल्ल पथमा छोडेर छायाँछवि
घुम्ती, भीर भएर के ? चकित के पर्दैन सच्चा कवि ?
मर्स्याङ्दी अघि आउँदो छ दगुरी भाग्यो त्रिशूली पछि
लेख्ने के कविता यही समयमा नौरङ्ग रेखा मुछी ? ।२०।

जन्मेथे अघि भानु यो तनहुँमा साहित्यको तीर्थ यो
यस्तो ठाउँ गएर नेत्र नघुमे यात्रा सबै व्यर्थ भो
भाषा आज छ वारिपारि जसले लेखे नयाँ सोचमा
बोल्दैछौँ जुन आज शैलशिरमा मैदानमा खोँचमा ।२१।

हाम्रा भानु उदाउँदा मुलुकले आलोक पायो नयाँ
त्यो आलोक पुग्यो सबैतिर कुनै उल्लास आयो नयाँ
कालीपार पुग्यो यतातिर अहो मेचीउता चम्कियो
मानौँ राष्ट्रियता तरङ्गित हुँदै भाषासितै गम्कियो ।२२।

मर्स्याङ्दी छ उता यतातिर म ता साथीहरू साथमा
सुन्दै रङ्गविरङ्गका गफ न ता निष्कर्ष छन् हातमा
मेरो अन्तरमा परन्तु छ कुनै कैल्यै नजाने गरी
यौटा सर्जकको मनोहर कथा नाडी चलेको सरि ।२३।

को हो सर्जक त्यो भनेर अहिले आई नसोधून् कुनै
हाम्रा आदरणीय राष्ट्रकविको हाँस्नेछ यो देश नै
हाम्रो मोटर दौडिँदै कतिकसा खोल्सा धकेल्यो जब
मेरो चिन्तनतन्तुले कि कवितातीर्थी जप्यो माधव ।२४।

हामी सर्र कुदेर झैँ तनहुँको वस्ती दमौली पुग्यौँ
पायौँ व्यास गुफा सफा मन लिँदै आदर्श सोची नुग्यौँ
ओहो धन्य अतीतको युग अड्यो द्वैपायन व्यासमा
आए शास्त्र समूह ऊह कसरी गर्ने अनायासमा ।२५।

आयो सुन्दर पोखरा प्रकृतिको हो राजधानी कि वा
देख्दै छक्क गराउने सयथरी दृश्यावलीका विभा
तालैताल हिमाल, जङ्गल, नदी पौडे कि सौन्दर्यमा
त्योभन्दा पर विन्ध्यकी भगवती शोभावती छिन् उमा ।२६।

आफ्नो प्राकृतिकच्छटा छहलिई मानौँ बने पोखरी
ती फैलीकन पोखरा हुन गए कल्लोलधारा भरि
यी दृश्यावलि हेर्नु पर्दछ कुनै मौका मिलाईकन
जस्तो आज मिल्यो उसै तरहले के फेरि आओइन ? ।२७।

हाम्रो लक्ष्य अझै उता छ, गिरिको उच्चाइमा झल्झल
बल्दैछन् जलमा हुताशन जहाँ गैह्रो गुहाको तल
ब्रह्माको रचना बताउनु त्त्का, पानी र आगो अरि
भन्थे आज मिलाउने अगम हुन् आराध्य हाम्रा हरि ।२८।

जन्मेथे कविमा शिरोमणि यतै लालित्य लर्काउने
आफै ती तपसी अतीत युगको आदर्श फर्काउने
अर्घौंका घरमा अझै पनि हुनन् कैल्यै नमर्ने लय
बाह्रै मास वसन्त कोकिल सरि स्वादिष्ट कर्णप्रिय ।२९।

देखापर्दछ मत्स्यपुच्छर निकै अग्लो यता तालमा
पौडी खेल्छ परन्तु त्यो सगरमा चढ्दै छ झैँ ख्यालमा
यस्तो अद्‌भुत दृश्यमाथि जसले देखेन सत्को छवि
त्यो हो एक निरीह जन्तु उसको वास्ता नगर् हे कवि !३०।

उक्ल्यो मोटर शैलमास्तिर घुमी हेर्दै सयौँ गाउँ ती
दायाँमा हिमशृङ्खला छ नजिकै गर्ला कि झैँ साउती
काँडेको शिरबाट यो मुलुकको हेरेर छायाँछवि
टोलाएर विचित्रतासित यतै भुल्छन् कि मानौँ रवि ।३१।

लुम्ले लेक हुँदै घुमावटसितै आँखा नचिम्लीकन
मोदीको तट वारिवारि पहरे पाखा छिचोलीकन
पातीचौर पुगेर याद गर्दिँदा आनन्द आयो अति
जन्मीथिन् यस ठाउँमै विजयिनी शैलेश्वरी पार्वती । ३२ ।

हामी तल्तिर ओर्लियौँ, नजिक भो काली किनारा पनि
यी दृश्यावलिका छटा यति छिटो टिप्ने कहाँ के भनी
यौटा भाव समष्टिको जलधिमा चम्किन्छ मानौँ शशी
त्यो हो वर्णनमा अगम्य कविता चाहिन्न कापी मसी ।३३।

कालीपार उता छ शैल वनका कैयौँ तरेलीहरू
खेल्दैछन् रमणीयता नजरमा आएर जाँदै अरू
कालीवार किनारमा सरर यो कुदै गयो मोटर
के सांसारिक दृश्यका मधुरिमा हुन् यत्तिकै अस्थिर ? ।३४।

देवी छिन् अपराजिता विपिनमा त्यो भेक देखा पऱ्यो
श्रद्धासाथ झुकेर यो हृदयले भित्रै पुकारा गऱ्यो–
हे माता ! अहिले म मुक्तिशिरमा जाँदैछु साथी चुनी
तिम्रो आसिक पाइयोस् अनि कहाँ होला नराम्रो जुनी ।३५।

आज्ञा होस् जगदम्बिके भगवती ! तिम्रो दया पाउँदा
मान्छे निर्भय बन्छ भीर पहरा खोला र खोल्सा हुँदा
साँच्चै हो, जननी भए नजिकमा छोरी र छोरा पनि
भुल्छन् ढुक्क भएर रातदिनमा बारी र बोरामुनि ।३६।

कालीवार सहस्रधार झरना बग्दै थियो भीरमा
ओर्ली आउँछ हत्पती नजिकको जो गण्डकीतीरमा
मानौँ मुक्तिपिपासु सज्जन कुनै आशा हजारौँ बुनी
थाकी आउँछ फेरि एक मनले श्रीमुक्तिको आँगनी ।३७।

काली कल्कल बग्दछिन् लहरमा चाँडो न चाँडो पर
बाला यौवननिर्भरा रहरमा मानौँ गएझैँ घर
घुम्ती छन् र ढड्यान छन्, भुलभुले नाता सरि प्यारको
जान्छिन् दूर कहाँ कहाँ विषमता बिर्सेर संसारको ।। ३८ ।

बाटामा गहिरो गलेश्वर गुफा हेरेर छक्कै थियौँ
कालीको तटमा सिँढी पनि थिए विस्तारले ओर्लियौँ
ठूलो सिद्धि समाउने सुर चले गर्नू तपस्या कडा
देखेनौ ? जड नामका भरतले नामै चलाए बडा ।३९।

आफ्नै चिन्तनमा थिए जब तिनी, आफ्नो र अर्को पनि
केही भेद थिएन आत्मतहमा संसार यौटै भनी
यै वेला जड सम्झिएर खतरा आई लुटेरागण
कालीमन्दिरमा दिनै वलि भनी थाले गदर्क्याउन ।४०।

ती सोझा जड तानिएर लगिए तत्काल श्रीद्वारमा
होला दैवसहायता जब त्कै सोझो पऱ्यो मारमा
निस्किन् खड्ग लिई उमा भगवती पापी सबै मेटिए
हामी मोटरमा गलेश्वर पुग्यौँ यी सम्झना भेटिए ।४१।

आएनन् उहिले रहूगण यतै के सिन्धुसौवीरका ?
खाए झट्पट झप्पु झापट कडा वेदान्त वाक् तीरका
त्यो सम्झाउँछ राहुघाट अहिले कालीकिनारातिर
खोजौँ भागवती कथा प्रिय सखे ! खोज्नै छ त्यो आखिर ।४२।

कालीकै जलमा पसेर मृगिणी जन्माइथी शावक
गर्दा मोहित बेसरी भरत ती आफै भएथे मृग
ती तेस्रो जुनिमा भएर जडवत् साधुस्वरूपी मुनि
फेला पर्न गए रहूगण बरै डोला चढे तापनि ।४३।

कालीको तट राहुघाट तटका आख्यान होलान् कति
यो दृष्टान्त बताउने स्थल यही देखी खुसी छौँ अति
हाम्रो मोटर जान्छ फेरि अघि नै गन्तव्य धेरै पर
पुग्नैपर्दछ नत्र यो भ्रमणको उद्देश्य नै धर्मर ।४४।

कालीको महिमा म जान्दिनँ भनौँ के भन्नु जस्तो हुने
भैगो जान्दछु यो भनौँ यदि भने के भन्नु जस्तो हुने
ऐले लेख्छु म यत्ति नै पुलहको यो तीर्थ पुण्यस्थल
बस्थे पुत्र पुलस्त्यसाथ तपमा बिर्सेर कोलाहल ।४५।

जन्माए ऋषि विश्रवा र उनका जन्मे धनी सन्तति
ती हुन् देव कुबेर, हेर उनकै ऐश्वर्य खानी कति
स्वस्ति स्वस्ति हुने अपार अलका बस्ती उनैको थियो
नेपाली उनको अकूत धन त्यो ऐले कहाँ पो गयो ? ।४६।

चोऱ्यो रावणले सयौँ कुविधिले लङ्का उडायो ज्यथा
लङ्कामा सुन हुन्छ कान छ यहाँ बुच्चै भयो यो कथा
राक्षस्नीतिरको खराव मतिको त्यो विश्रवाको सुत
के गर्ने अहिले भनेर त्यसका हज्जार छन् कर्तुत ।४७।

कैयौँ रावण छन् यहाँ अझ पनि श्रीरामले एउटा
ठूलो पौरुषले पठाउनुभयो संसारदेखिन् उता
हामी त्यो महनीय कार्यगुणको बस्छौँ प्रशंसा सुनी
बढ्दैछन् तर गर्हणीय गिजला स्वार्थीजगत्का पनि ।४८।

कालीको तटका मनोहर छटा छोएर छोइन्छ के ?
ठूला भीर र खोँचका घनघटा हेरेर हेरिन्छ के ?
के अन्तर्मुख व्यक्तिले प्रकृतिका सङ्केत बुझ्दैन र ?
बोक्रामात्र समाउने पुरुषले बल्ड्याङ खाँदैन र ? ।४९।

संसारैभरिको नितान्त गहिरो पाइन्छ गल्छी यतै
पानी हुन्हुन गर्छ तल्तिर कतै अश्रान्त हावासितै
अग्लो भीर छ तीरमाथि त्यसमै यात्रा छ हाम्रो अहो !
के आध्यात्मिक्ता कठोर पथमा भेट्टाइने फूल हो ? ।५०।

के छङ्गाछुरका छरर्र छहरा छोई छिटै छक्कियौ ?
पाखाका पहरा बुटा र लहरा पाएर पक्कै भयौ ?
के कल्लोल समाउने मन भयो, यात्रा भयो प्रेमिल ?
के दृश्यावलिले भएन भन ए यात्री ! गुराँसी दिल ? ।५१।

मेरो भावतरङ्ग शैलशिरका छाँगा बहेझैँ गरी
फेरो मार्छ त्का त्का लहरिँदै दृश्यावलीमा झरी
साथी छन् गफगाफमा भनभने गल्छी र भन्ज्याङमा
हाम्रो मोटर दौडँदो छ, म भने आफ्नै मनोयानमा ।५२।

हाम्रा उच्च हिमालका जरिबुटी साँधेर राम्रोसित
ल्याएनौँ उपयोगमा र अहिले बन्दै गयौँ पीडित
अर्काको भरमा परेर घरको सर्वस्व छोडेपछि
दुःखै हुन्छ भुलेर मार्ग पयरै अन्यत्र मोडेपछि ।५३।

आफ्ना प्राकृत सम्पदा हिमचुली, भन्ज्याङ मैदानमा
खानी, औषधि, वन्यजन्तु, झरना, गल्छी र चट्टानमा
सूक्ष्मै ध्यान लगाउँछौ यदि भने सम्पत्ति हुन् ती सब
पैसा मात्र जपेर वा कुविधिले आउन्न त्यो वास्तव ।५४।

जानेका कविराज छन् अझ उता ठूला विशेषज्ञ छन्
राम्रा औषधि एक्सरे प्रविधिका निष्कर्षका थाक छन्
गल्लीमा पनि अस्पताल, गतिला आराम–ओछ्यान छन्
भन्दैछन्, सब रोग काट्न सकिने बेजोड विज्ञान छन् ।५५।

निस्कन्छन् तर रोग यी थरिथरी के गर्नु के गर्नु झैं
हुन्छन् फेरि निको समेत उसरी के डर्नु के डर्नु झैं
यस्तै रीति र कर्मका सिलसिला देखेर आएपछि
मान्छे वास्तव ढुक्क बस्छ अडिने बालिस्ट पाएपछि ।५६।

झिक्नैपर्छ मथेर धेर नउनी विज्ञानको ज्ञानको
बित्थामा कति दौडिने कुपथमा लागेर अज्ञानको
खोज्नैपर्छ अरण्य शैलशिरमा हुन्छन् बुटी पाइने
आधिव्याधि हटाउने अनि यता आनन्दमा आइने ।५७।

प्यारा मालमधेसका पथिक हो ! काँप्ने भयौ थुर्थुरी
तिम्रो वस्त्र छ पातलो मलमले नैनासुते फिर्फिरी
यो ता बक्खु लगाउने मुलुक हो, ऊनी भिरौँ अङ्गमा
बन्नै पर्दछ होसियार, प्रहरी जस्तै बनी जङ्गमा ।५८।

साथी हो ! जिउमा लपेट कपडा ठन्डी छ सम्भावित
के आफ्नो सुविधाविना हिँडिरहे आरोग्य होला स्थित ?
साँच्चै देह भयो सुरक्षित भने माने छ संसारको
यस्ता अद्भुत दृश्य भोग्न नसके भोगाइ बेकारको ।५९।

लेतेमाथि पुग्यौं कि स्याँठ शुरु भो, भोग्दै हिमस्पन्दन
मानौँ लस्किरहेछ यात्रुजनको छाया छिरल्दै क्षण
हामी मोटरमा भए पनि उही अत्यास राम्रो भनी
बग्रेल्ती अनुभूतिमा अब त्का शब्दावली खोज्नु नि ।६०।

हामी आइपुग्यौँ कि थाक टुकुचे बढ्दो छ कौतूहल
भूपीको पहिलो पर्‍यो पयर यै पल्लो पखेरातल
लेतेको तटमा बतास नचली छोड्दैन कैल्यै पनि
कालीका तटका यिनै विविधता हेर्दै बग्यो लेखनी ।६१।

यो सारा जगतै छ मेचसरिको घुम्दो सदा फन्फनी
हामी नै पनि योसँगै घुमिरह्यौँ निर्धक्क अन्धो बनी
देखेको जति खालि नाटक भयो, भुल्दै रह्यौँ स्वादमा
यो सम्झाउन हो कि ती कवि यता देखा परे यादमा ।६३।

हामी यो भवचक्रमा रुमलिने गोटी भएकै थियौँ
भन्ने अर्थ दिलाउने सुकविको हामी पढेका थियौँ
आयो याद उही अघिल्तिर, गए चाँडै उनी मृत्युमा
यो पीडा पछि बल्किएर कसिलो गाँठो पऱ्यो चित्तमा ।६४।

प्रत्येक क्षण होसियार नबने यो जिन्दगी बीचमा
पर्ला संशयमा भनेर मनुले बाटो खुलाए जहाँ
जो हो मानव संविधान पहिलो संसारलाई दिन
यस्तै शान्त गुहा र शैलशिरमा तैयार पारे किन ? ।६५।

हाम्रो मोटर दौडियो परपरै खाल्डा र खुल्डी तरी
यात्रीका जिउ खूब थर्थर भए थाकिन्छ जस्तो गरी
जस्तो संशयमा रहे पनि लिई विश्वास आशा बल
फट्कारेपछि सङ्लिएर मन यो होला निकै उज्ज्वल ।६६।

आयो श्राद्ध र तर्पणादिक दिने श्रद्धेय पुण्यस्थली
कालीको जल गण्डकीसित गई एकै भएको मिली
हाम्रो मोटर रोकियो तल झऱ्यौँ आराममा पल्टन
थाकेको अनि भोकले गलित के कल्पन्छ टाढा हुन ? ।६७।

चाँडै तर्पण कर्ममा मन दिई त्यो कागबेनी तट
छोडी मास्तिर उक्लियौँ शिखरका हेरी हजारौँ पट
ज्यादै उत्सुक्ता बढ्यो, जब चढ्यो चट्टानमा पाइला
के यस्तै परमार्थमाथि नचढी हामी भएका ढिला ? । ६८ ।

छेवैमा कमनीय छन् हिमचुली आश्चर्य ब्यूँझाउने
आडैमा छ अनन्तको विपुलता अव्यक्त सम्झाउने
साख्खै लाग्छ समीरको चपलता नाता कि झैँ रक्तको
बस्ती छन् तर दूरका शिखरमा हाता कि झैँ भक्तको ।६९।

हाम्रो मोटर सुस्त सुस्त छ यहाँ बाटो उकालो अहो !
बोल्दैनन् किन हो कुनै पनि कि ता अज्ञात यात्रा छ यो
नाङ्गा दृश्य कठोर जोर गहमा मानौँ बनेका बुकी
के यस्तै स्थलमा बसेर कविता बग्ला बनी गण्डकी ।७०।

हाम्रो मोटर थामियो अब भने गन्तव्य भो मास्तिर
ढाकी वस्त्र शरीरमा हिँडिरह्यौँ केही नमानी पिर
हाम्रो सामल धैर्य हो अनि अरू खाने कुरा गौण हुन्
यस्तोमा बरु ईश्वरीय करुणा बुझ्दै सबै मौन हून् ।७१।

लामो सास लिएर आशय सफा राखी बडो दङ्गमा
हामी आँगनमा पुग्यौँ जब भयो रोमाञ्च सर्वाङ्गमा
श्री मुक्तीश्वरको पुगेर घरको ढोका नियाल्यौँ जब
त्यो आनन्द जुटाउने समयले मानौँ गरोस् गौरव ।७२।

छन् चारैतिर शैलशृङ्ग हिउँले सम्पूर्ण आच्छादित
मानौँ दिव्य छटा भयो छहर्लिँदै ब्रह्माण्डमा विस्तृत
आडैमा कमनीय मन्दिर अहो ! हामी उही पासमा
यस्तोमा पनि जान्न को अगमको कैवल्य-उल्लासमा ? ।७३।

मुस्ताङी रमणीयता नचिनिए सौन्दर्यको सार के ?
ढुङ्गामा पनि ईश्वरत्व नलिए गाम्भीर्यको सार के ?
यी सांसारिक राग माग नछले नाचेर पो के भयो ?
बाबाको चरणारविन्द नपरे बाँचेर पो के भयो ? ।७४।

नेपाली गिरिखण्डमा गहकिलो प्राचीन यो मन्दिर
मुक्तिक्षेत्र पवित्र धाम नरको विश्राम पुण्याकर
धारामा सयआठ धारधवला काली यहीँ गण्डकी
यस्तो लाग्छ मनुष्यले जिउनुको माने यतै सुन्छ कि ? ।७५।

राम्रो मूर्ति विराजमान भगवान् साक्षात् उनै ईश्वर
लामाको तर रेखदेख यसमा वैचित्र्य के छैन र ?
नेपालीत्व यही स्वदेश गरिमा त्यै मूर्तिमा स्थापित
यो देखपछि दर्शनीय घटना बन्दैन को विस्मित ? ।७६।

वैकुण्ठस्थल गौतमस्थल दुबै एकै भएका यहाँ
यो सामाजिकता प्रचारित भए विद्रोह हुन्थ्यो कहाँ
एकोऽहम् श्रुतिबाट सिद्ध छ भने यौटै उही ईश्वर
मुक्तिक्षेत्र पुगेर यो विषयको उद्घोष चाँडै गर ।७७।

ॐमा नै सब बुद्धवाद छ बुझे देखिन्न के ईश्वर ?
मामेभित्र उही छ ॐ यति बुझे सम्भिन्न के ईश्वर ?
द्वन्द्वातीत अवश्य त्यो तर यता हामी सबै द्वन्द्वमा
कैले मुक्त हुने बरै नि बलिको बोको बनी बन्धमा ! ।७८।

जम्मै शून्य भनेर गौतम गए त्यै शून्यमा आखिर
सारा पूर्ण भनेर तत्त्वमसिमा डुब्दै रहे शंकर
भैगो जान्नँ म ता त्यता अगममा अर्पेर चासो चरू
सत्ता दिव्य हुने कुनै शिखरको पत्ता लगाऊँ बरू ।७९।

गुम्बामा पनि हुन्न के घनजटा त्यस्तै यहाँ मूर्तिमा
के हुन्नन् अभिधम्मका छविछटा हेर्दै रहे गुह्यमा
आफूमा हुनुपर्छ सात्विकपना श्रद्धा असाधारण
सुन्दै जा मन रेडियो सकलको उस्तै छ त्यो स्पन्दन ।८०।

धारा छन् सय आठ झर्झर जहाँ पानी सफा कञ्चन
मानौँ अन्तरको विकार जति हो मेटाउने साधन
हावा शुद्ध हिमाल शुद्ध उसमा धारा अझै शुद्ध छन्
मान्छे दङ्ग परी सरर्र जिउमा थापी छिटै कुद्दछन् ।८१।

तीर्थस्नान गरी पवित्र मनले विस्तार भित्रै गयौँ
बाबाको चरणारविन्दयुगमा थाप्लो झुकाई रह्यौँ
जे जे गर्नु थियो सबै गरिसक्यौँ, कस्तो विचित्रै भयो
हामी बाहिर निस्कियौँ मन भने फर्केर भित्रै गयो ।८२।

कोही विष्णुसहस्रनामपदमा तल्लीन बन्ने त्यहीँ
कोही ध्यान गरेर विष्णुपदमा एकाग्र बन्ने त्यहीँ
हाम्रो उच्च हिमालकाखबिचमा यो विष्णुको धाम छ
स्रष्टा व्यक्त भएपछि हृदयमा आनन्द आराम छ ।८३।

केहीबेर गयो भयो अब ढिलो हामी भयौँ अस्थिर
हेर्ने ठाउँ हुनन् अरू पनि भनी हेरेर चारैतिर
यो सांसारिकता यतातिर सऱ्यो बाँधी दुबै खोकिला
मेरो यो मनले अदृष्ट पथमा चाल्दै थियो पाइला ।८४।

छन् दृश्यावलि दर्शनीय, मनमा अर्कै छ आलोडन
साँधी बाहिर भित्रका विषय यी एकै बनाईकन
हेरेमात्र रसाउनेछ रसना चाखेर थाहा लिए
कस्तो हुन्छ रसानुभूति कवि हो चाखेर हेरौँ न ए ।८५।

आओ हेर्न भनी विचित्र सृजना ओल्लो पखेरातिर
छक्किन्छौ किन दृश्यका चमकमा राखेर आँखा स्थिर
पानीभित्र धपक्क अग्नि छ यहीं हेर्ने सयौँ आउँछन्
ती पक्कै पनि पक्क भैकन उही कैवल्य पैल्याउँछन् ।८६।

पानीमा कसरी बल्यो धपधपी आगो असाधारण
यो जान्यो जसले अवश्य उसले जान्यो जगत्कारण
हामी केवल बन्दछौँ विनयका मुद्रा लिने मानव
मानौँ मौन बनेर मुक्तिशिरका केलाउँछौ वैभव ।८७।

ढुङ्गामा कसले कुँद्यो थरिथरी आकार हानी छिनो ?
यो जान्यो जसले अवश्य भवको जाँतो र मानी चिन्यो
हाम्रो आज भयो परिश्रम उही अव्यक्तमा अर्पित
त्यो मुक्तिस्थलमा छ भक्तजनले साकार आराधित ।८८।

त्यो उच्चा गिरिकक्षबाट कसरी उक्लेर धारो झऱ्यो
यो जान्यो जसले उही परमको मानौँ कि प्यारो पऱ्यो
यात्री केवल हेर्छ यी अगमका गाथा सुनेझैँ पर
के यो मुक्तिदुवारबाट नछिरी पौंचिन्छ भान्सातिर ? ।८९।

देवी गण्डसमुद्भवा भगवती काली निकाली ध्वनि
जान्छिन् भीर र खौँचका विकटता चाली कराली बनी
आफ्नो लक्ष्य समाउने मन भए हेरी यिनै गण्डकी
आत्मापट्टि नियाल, मुक्तिशिरमा बोल्दैछ यो ढुक्ढुकी ।९०।

हाम्रो मञ्जिल मुक्तिको शिखर हो बन्दै बडो विस्मित
आयौँ मन्दिर धाम विघ्न नपरी उक्लेर राम्रैसित !
ती उच्चा गिरिशृङ्खला पनि थिए मानौँ सिँढी स्वर्गका
यस्तो देखिसकेर हे हृदय ! भो, यी लोभ तृष्णा लुका ।९१।

आफ्ना निश्चित लक्ष्य पाउन बढी गम्भीर बन्लान् भनी
द्यौताले सब अङ्ग इन्द्रिय दिए क्यै काम चुन्लान् भनी
संसारी भ्रमपूर्ण मोहरसमा बेकार भुल्दै रहे
होला व्यर्थ जुनी भुलीकन गुदी, बोक्रा बटुल्दै रहे ।९२।

यात्राको गति मोडियो अब उही संसारकै झ्याङमा
ओरालो अनि भीर खोँच बिकुना खोला र भञ्ज्याङमा
त्यस्तो सुन्दर धाम अल्पिन गयो घुम्ती र डाँडा उता
के सांसारिक मार्गबाट कहिल्यै देखिन्छ त्यो दिव्यता ? ।९३।

आहा ! ठाउँ उनै नदी पनि उनै बस्तीहरू छन् उनै
पाखा वृक्ष वनस्पति ध्वजहरू झुन्डीरहेका उनै
आयो मोटर दौडिँदै वरवरै गल्छी र खोल्सा यता
यस्तै सुन्दर मार्गले अगमको पैल्याइने चारुता ।९४।

हाम्रो भोक पियास जाग्रत भयो, यो देहको धर्म हो
आफ्नो धर्म बचाउने प्रकृति हो, संसारको मर्म हो
बिर्सेका कति वस्तु सम्झिन गए झर्दै थियो मोटर
यस्तै हो व्यवहारमा छ दुनियाँ अन्यत्र पो को छ र ? ।९५।

जम्मै छन् गिरि कन्दरा हृदयमा आनन्द बर्साउने
सारा शोभित दृश्यमा भिजिसक्यौँ मानौँ झरी साउने
चाँडै पौँचनुपर्छ फेरि उसरी फर्केर आफ्नै घर
के यस्तो शुभलाभले हृदयमा आनन्द आउन्न र ? ।९६।

हाम्रो मोटर फर्कियो तलतलै डाँडा र नेटा घुमी
कालीका तटका उही तरहले ढुङ्गा र ढिस्का चुमी
हेर्दै सुन्दर जोमसोम नगरी सल्ला र धूपीतल
हाम्रा दृष्टि घुमे जुटाउन कि झैँ साहित्यका सामल ।९७।

ती अग्ला गिरिका विचित्र सुषमा ल्याएर आँखाभरि
हामी बाग्लुङ उक्लियौं सडकका घुम्ती उकाला चढी
कालीमन्दिरमा पुग्यौं विपिनका हेरी तरेलीहरू
यो देखेपछि फुल्दछन् हृदयमा बेली चमेलीहरू ।९८।

हामी मन्दिरमा पुगी भगवतीलाई चढायौँ स्तुति
हे देवी करुणामयी ! गर तिमी नेपालको उन्नति
जो उच्छृङ्खलता बढ्यो मुलुकमा चाँडो हटाऊ तिमी
जो एकात्म-परम्परा छ पहिलो सोही जुटाऊ तिमी ।९९।

आए चण्ड र मुण्ड यो मुलुकमा मुड्की उचाल्दै हिँडे
धम्की ध्वाँस दिए र संस्कृति कला सद्धर्म फाल्दै हिँडे
आयौँ आज सहायता लिन यहाँ अन्यत्र जाऔँ कहाँ ?
बच्चा आउँछ आत्तिएपछि सिधै आमा रहन्छिन् जहाँ ।१००।

उक्ल्यौँ मास्तिर मुक्तिको शिखरमा यस्तै पुकारा गर्‍यौँ
हे देवी जगदम्बिके ! अब यहाँ आएर घोप्टो पर्‍यौँ
हामीमाथि दया गरेर शठमा लाठो चलाऊ तिमी
यात्रा नै अवरूद्ध भो मुलुकको बाटो खुलाऊ तिमी ।१०१।

फर्क्यौँ फेरि निवासमा सहजले बाटो उही नै थियो
नेपाली रमणीयता बिउँझने माटो उही नै थियो
आए तापनि बासमा नजरमा खेल्दै थिए लैबरी
स्वर्गोद्भासक शैलका थरिथरी आलोक आँखाभरि ।१०२।

वेदव्यास थिए महान् ऋषि अघि प्रख्यात पौराणिक
आए जैमिनि शिष्य ती सँगसँगै बेजोड आध्यात्मिक
कालीकै तटमा बसेर उनले यस्तो दिए दर्शन
त्यो पाएपछि गर्दछन् मनुजले कर्तव्यको पालन ।१०३।

खेरा फाल्न हुँदैन मानवजुनी जन्मेर आएपछि
गर्नैपर्दछ पुण्यकर्म सजिलो सिद्धान्त पाएपछि
राम्रो कर्म गरेर सो किसिमको निष्कर्ष मिल्ने महान्
कालीकै तट तीर्थसेवन गरी हामी बनौँ पुण्यवान् ।१०४।

शालिग्राम महान् विराजित यहीँ सेतीबिनी घाटमा
जाऔँ पुण्य कमाउनै सुजन हो उत्साहका साथमा
देखिन्छन् नजिकै उतातिर कुटी छन् फूलबारी जहाँ
जाँदैछिन् अब भङ्गिमासित छिटो काली हृषीकेशमा ।१०५।

लागिन् तीर्थ बनाउँदै जब यिनी सोही रुरुक्षेत्रमा
ठूलो धाम यही पवित्र छ सयौँ तीर्थालु घुम्छन् जहाँ
कैयौँ सांस्कृतिकी कथासित रही यो दिव्य पुण्यस्थल
हाम्रा गौरवका कथा विगतका झल्काउँदो झल्झल ।१०६।

त्यो दामोदर कुण्डदेखि दगुरी बग्दै रही छल्छली
जान्छिन् पावन देवघाट तटमा घुम्ती अनेकौँ छली
पुग्छिन् ती पछि सल्सलाइरहँदी काली त्रिवेणीतिर
कैयौँ तीर्थ दिएर मानवजुनी चोख्याउँदी आखिर ।१०७।

यो सांसारिक पाशबाट छुटिने स्वाधीनता पाउने
दिव्यानन्द जुटाउने परममा एकात्मता ल्याउने
आफ्ना कार्यहरू सरासर गरी पार्ने जुनी पावन
जाऔँ तीर्थ यसैगरी प्रियसखे ! कैवल्य पैल्याउन ।१०८।

शालिग्रामवती नदी तल झरी स्वच्छन्द कल्लोलिनी
बग्दी सातनदी समन्वित गरी नारायणी पावनी
होऊन् मुक्तिविधायिका शुभजला काली यिनै गण्डकी
धोऊन् जन्म र मृत्युका सिलसिला, भन्दैछ यो ढुक्ढुकी ।१०९।

०००

**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।**

// *लेख* //

# रुरुक्षेत्र धाम (रिडी)को पौराणिक महत्त्व

✍ **साधक दुर्गादत्त पौडेल (तपोनिष्ठ)**
**रुरु-१, रिडीबजार, गुल्मी**

हुन त यो गुल्मी जिल्ला धेरै पौराणिक एवं ऐतिहासिक महत्त्व बोकेको जिल्ला हो भन्दा अत्युक्ति नहोला । मैले यस्तो महसुस गरेको छु, साथै समयक्रमले यसै पवित्र पुण्यभूमि रुरुक्षेत्र धाममा मेरो तपस्थली एवं साधनास्थल हुन पुग्यो । विगत ८/९ वर्षदेखि म यहाँ साधनारत छु । भगवान्को कृपा यस पुण्यभूमिको प्रभावले २ वर्षको अवधिमा चारवटा धार्मिक ग्रन्थ लेखन तथा प्रकाशन गर्ने सौभाग्य मलाई प्राप्त भयो । मेरा चारवटै कृतिहरू श्री किरण पुस्तकालय तम्घासमा उपलब्ध गराएकै छु । आदरणीय विद्वान् सम्पादकज्यूहरूलाई स्मरण गराउन चाहन्छु । साथै यस क्षेत्रका सम्पूर्ण स्रष्टाज्यूहरूमा नमन गर्दछु । यस अर्थमा गुल्मी जिल्लाप्रति नै मेरो आगाध प्रेम छ ।

शास्त्रले तीर्थस्थलहरू दुई किसिमका हुन्छन् भन्ने मान्यता स्थापित गरेको छ ।

१. भगवान्को द्वारको रूपमा यो अति विशिष्ट हुन्छ । २. अर्को ऋषि मुनिहरूले तपस्या गरेको वा देवताहरूले कुनै त्यस्तो पुण्य कार्य गरेको पौराणिक कालमा यज्ञादि गरिएको स्थान, भूमि, यो दोस्रो तहको हुन्छ, जस्तै स्वर्गद्वारीलाई पनि लिन सकिन्छ ।

यो रुरुक्षेत्र धाम भगवान्को द्वार अथवा ढोकाको रूपमा मानिन्छ । नेपालका चारधाम अर्थात् चार क्षेत्र १. वराहक्षेत्र २. पशुपतिक्षेत्र ३. मुक्तिक्षेत्र ४. रुरुक्षेत्र यी चारवटै क्षेत्रहरू भगवान्को द्वारको रूपमा पहिलो पंक्तिका तीर्थस्थलका रूपमा मानिन्छन् । किनभन्दा यी चारै धाममा भगवान् स्वयम् प्रकट हुनुभएको शास्त्रहरूमा वर्णन छ । अब रुरुक्षेत्रकै विषयमा प्रवेश गरौं, गुल्मी पाल्पा र स्याङ्जा जिल्लाको संगमस्थल श्री शालग्रामवाहिनी कृष्णा गंगा र रिडी नदीको दोभानमा यो पवित्र भूमि अवस्थित छ । यद्यपि भगवान्को हृषीकेश श्री विग्रह विराजमान भएको मन्दिर पाल्पा तानसेन न.पा.-१४, रिडीमा अवस्थित छ । वारि-पारि दुबै स्थानलाई रिडी भनिन्छ या वर्तमानमा जिल्ला सिमाना विभाजन हुँदा त्यस्तो पर्न गएको मात्र हो भनिन्छ । तपस्थल रिडी (गुल्मी) को बजारदेखि करिब ३०० मिटरमाथि गल्फुले वडारमा भनिन्छ जहाँ हाल देवदत्त पार्क निर्मित छ । भृगु वंशका उनै ऋषि र प्रम्लोचा अप्सराबाट जन्मिएकी रुरुकन्याले पनि तपस्या गरेको सोही स्थान बताइन्छ । गुल्मीकै रिडी बजारदेखि करीब ५०० मिटर पूर्वउत्तर रुद्रवेणी जाने बाटैमा विष्णुपञ्जर भन्ने स्थान छ, जहाँ बस्ती पनि

छ, विष्णुपञ्जर भन्नाले भगवान् विष्णुले आफ्नो चरण राखेको स्थान हो भनेर बुझ्न कठिन नहोला । यसरी यो पुण्यभूमि यहाँ अवस्थित छ ।

शालग्राम रहस्य भन्ने पुस्तकमा नेपालका तीर्थहरूको उल्लेख गर्ने प्रसङ्गमा भगवान् श्रीकृष्णले मुक्तिनाथदेखि २४ योजन पश्चिमममा पर्ने रुरुक्षेत्र मेरो क्षेत्र हो भन्ने उल्लेख भएको देखिन्छ । अब म वराहपुराणमा उल्लिखित तथ्य प्रमाणहरू प्रस्तुत गर्दछु, जसबाट यसको गरिमा एवं पौराणिक महत्त्व छर्लङ्ग हुने नै छ । के हो त रुरुक्षेत्रको पौराणिक महत्त्व एवं गरिमा भन्ने सन्दर्भमा वराह पुराण, पद्मपुराण स्कन्दपुराणबाट नेपालका तीर्थस्थलहरूका तथ्य अझ दामोदर कुण्डदेखि यस रुरुक्षेत्रसम्मको तीर्थहरूको वर्णन व्याख्या कृष्णा गण्डकीको महत्त्व र विशेष गरेर शालग्राम शिलाका विभिन्न प्रकारका चक्रहरू र कस्तो शालग्राम भगवान्को प्रारूप हो भन्ने बारेमा पुराणहरूबाट संकलित संस्कृत भाषाकै ग्रन्थ "शालग्राम रहस्य" नामको पुस्तक आजभन्दा करीब ७६/७७ वर्ष पहिले थाक टुकुचे निवासी स्व. मोहनमान शेरचनले नेपालको इलाम निवासी स्व. पण्डित भवनीशंकर शास्त्रीलाई संस्कृतबाट हिन्दी भाषामा संस्कृत श्लोलकसहित टीका अनुवाद गर्न लगाउनु भई आफूले प्रकाशन गर्नु भएको उक्त पुस्तक "शालग्राम रहस्य" मा पुराणहरूलाई उद्घृत गर्दै टीकाकारले गर्नुभएको व्याख्याको विवरण नै यहाँ दिइन्छ । त्यस पूर्व प्रकाशक मोहनमान शेरचन को हुनुहुन्छ भन्ने पनि जिज्ञासा उठ्न सक्छ, उहाँ कवि भूपि शेरचनको ठूलो बुबा हुनुहुन्छ ।

उहाँले अर्थात् लेखक र टीकाकार स्व. पण्डित भवानी शंकर शास्त्रीले वराह पुराणलाई उद्घृत गर्दै वराह भगवान् र पृथ्वी माताको संवादलाई यसरी प्रस्तुत गर्नु भएको छ :-

वराह भगवान् पृथ्वीमातालाई भन्नुहुन्छ हे, देवी ! अब मेरो परमप्रिय रुरुक्षेत्र (रिडी) को पनि वर्णन सुन । पूर्वकालमा भृगुवंशमा उत्पन्न कोही देवदत्त नामका ब्राह्मण भविष्यमा हुने मेरो हृषीकेश अवतारको समीपमा करीब दशहजार वर्षसम्म कठोर तपस्या गर्दै थिए । उनको तपस्याबाट सशङ्कित भई देवराज इन्द्रले उनको तपस्या भङ्ग गराउन धेरै उपायहरूको प्रयोग गरे । तर सकेनन् । त्यसपछि देवराज इन्द्रले स्वर्गका देवाङ्गनाहरूमा सबैभन्दा सुन्दरी प्रम्लोचा अप्सरालाई तपोभङ्ग गर्न पठाए । ती अप्सराले अनेक कुटिल प्रयासद्वारा ऋषिको तपस्या भङ्ग गराइन् । जब ऋषिका नजर खुले तब अप्सराले हरेक उपायद्वारा ऋषिमा कामभाव उत्पन्न गराइन् । तपस्या-ध्यान भुल्दै अप्सराको सुन्दरताप्रति आकर्षित हुँदै ऋषि अप्सराकै पाशमा गए । उनी धेरै समयसम्म अप्सरासँग विषय सुखको आनन्द लिँदै अनेक सुखभोग विलासमा भुल्दै गए । धेरै वर्ष पछि मात्र मुनिलाई होस आयो र झस्किए । उनले मनमनै सम्झे म तपस्या गर्न लागेको के गर्दैछु ? तब उनी मोहरूपी निद्राबाट जागेर पश्चात्ताप गर्न लागे । त्यसपछि उनी सारै विरक्त हुँदै अप्सरालाई त्यही छोडेर तपस्याको लागि अन्यत्रै गए ।

उनी भगवान् विष्णु र भगवान् शंकरप्रति ऐक्यभाव राख्दै तपस्यारत भए । उनको पहिलेको तपस्यामा भगवान् विष्णु र शंकर बीचको भेद जान्ने मनसाय थियो । जसको कारण तपस्या भङ्ग हुन पुग्यो ।

यसरी भगवान् विष्णु र भगवान् शंकरप्रति ऐक्यभाव राखेर गरेको तपस्याबाट उनी भगवान् शंकरको साक्षत्कार गर्दै मुक्त भएर गए ।

यता उनले छोडेपछि अप्सराले मुनिको पछि पछि जान आवश्यक देखिनन् । किन भन्दा उनी इन्द्रले पठाएर आएकी थिइन् । सो समयमा उनी गर्भवती पनि भएकी थिइन् । केही समयपछि उनले आफ्नो गर्भबाट एक पुत्री पैदा गरिन् र पुत्रीलाई त्यही छोडेर स्वर्गतर्फ लागिन् । त्यसपछि रुरु अर्थात् मृगको दूध पिलाएर त्यहाँका आश्रमवासीहरूले बच्चीको रक्षा गरे । यस कारण बच्चीको नाम रुरुकन्या रहन गयो । समयक्रममा ती कन्या बढ्दै गइन् । उनी जवान भइन् । उनले विषयबन्धनमा बाँधिने विवाह गर्न चाहने प्रार्थीहरूको अनुरोध अनुचित सम्झिन् । आफ्ना सबै इन्द्रिय तथा मनलाई बुद्धिद्वारा नियन्त्रणमा राख्दै उनी भगवान् त्रैलोक्यनाथ उनको सामुन्ने प्रकट हुनुभयो ।

उनले आफ्ना आहारविहार त्याग गर्दै जितेन्द्रिय हुँदै बढो कष्टका साथ तपस्या गरिन् । जो बताउनै कठिन हुन्छ । यस कारणले भगवान् अत्यन्तै प्रसन्न हुँदै कन्यालाई भन्न थाल्नुभयो कि 'हे पुत्री' तिमीले यसरी अबला भएर पनि सबल मुनि सरह भएर मेरो प्राप्तिको लागि कति कष्ट उठायौ । 'पुत्री' तिमी धन्य छौ । म तिमीसँग अत्यन्तै प्रसन्न छु । त्यसकारण तिमी जे चाहन्छौ सोही वर मसँग माग । तब कन्याले मधुर वाणीद्वारा भगवान्को दर्शन पाएकोमा हर्षले गद्-गद् हुँदै अब आफ्ना सबै दुःख कष्टहरू समाप्त भए भन्ने सम्झदै भगवान्सँग बिन्ती गर्न लागिन्, 'हे प्रभु' यदि हजुर मसँग साँच्चिकै प्रसन्न हुनुभएकै हो भने हजुर आजैदेखि यो मेरो तपोभूमिमा विराजमान होइदिनुहोस् । म तीर्थरूपमा हजुरको सेवामा रहेर भगवद्भक्तको अन्तरात्मलाई पवित्र पार्दै उनीहरूलाई स्वर्गको फल दिन सकूँ साथै यो स्थान मेरो (रुरु) नामले प्रसिद्ध हुँदै परम पुण्यदायक क्षेत्र बनोस् ।

यसरी कन्याले बिन्ती गरेपछि भगवान्ले ती कन्याको प्रार्थनाअनुसारकै वरदान दिनुभयो र तत्काल भगवान् पनि सोही ठाउँमा मूर्तिरूपमा प्रविष्ट भएर रहन थाल्नुभयो । हृषक भनेको भगवान्का इन्द्रियहरूको स्वामीस्वरूप अवतार हो । हृषक अर्थात् विषयेन्द्रियको कन्याले सबै गति रोक्दै तपस्या गरेकी हुँदा उनीसँग प्रसन्न हुँदै उनले आफूलाई 'ईश' सम्झेको हुँदा सोही स्थानमा भगवान्ले सबैको हितका लागि आफूलाई स्थापित गर्नुभयो र भगवान्को शुभ नाम "हृषीकेश" हुन गयो । रुरुकन्या पनि उही तीर्थरूप बन्दै भगवान्को सेवामा लागिन् । त्यहाँ उप्रान्त त्यस तपोभूमिको नाम रुरुक्षेत्र हुन पुग्यो ।

तब भगवान् वराह पृथ्वी मातालाई भन्नुहुन्छ 'हे पृथ्वी ! जो स्त्री पुरुष यस पुण्यक्षेत्रमा गएर रुरुतीर्थमा स्नान गरेर भगवान् हृषीकेशको दर्शन गर्दछ, ऊ जतिसुकै पापी वा हत्यारा नै किन नहोस् तुरून्तै पापबाट रहित भएर यस लोकमा आफ्ना कामना पूरा गर्दै अन्त्यमा भगवद्‌गतिलाई प्राप्त गर्दछ । यसरी भगवान् वराहले पृथ्वीमातालाई बताउनुभएको रुरुक्षेत्र धामको महत्त्व अत्यन्त उच्च भएकोले दर्शन गर्न आवश्यक छ । मेरो धारणासमेत राख्दै वराहपुराणअन्तर्गत रुरुक्षेत्रको महिमा यहींसम्म विस्तार एवं वर्णन गरियो ।

अब यस बारेमा केही इतिहास पनि जोडिन्छ त्यो के भने भगवान्‌को हृषीकेश विग्रह कुन समयमा कसले कसरी वर्तमानको मन्दिर निर्माण गर्थे विग्रह प्रतिस्थापना गऱ्यो के व्यवस्था गऱ्यो भन्ने बारेमा पनि जानकारी पाउन आवश्यक देखिन्छ ।

सर्वप्रथम सो समयदेखि रुरुकन्याले भगवान्‌को सेवा गर्दै गरिन् । समयक्रममा उनले त्यो भौतिक शरीर परित्याग गर्दै भगवान्‌को लोक प्राप्त गरिन् । लाखौं वर्ष पहिलेको यो तथ्य भएकोले त्यसपछि श्रीकृष्णा गण्डकीको बहाव तल माथि हुँदै गर्दा गंगा माताले भगवान्‌को हृषीकेश विग्रह आफ्नो जलभित्र राखिन् बाहिर देखिएन यद्यपि रुरुक्षेत्र नामको प्रसिद्धि कायमै रहि रहयो । एउटा कथाको रूपमा यो क्षेत्र रहन गयो ।

तत्पश्चात् पाल्पाली राजा मणिमुकन्दसेन कुनै दिन गंगास्नान गर्न आउँदा उहाँको नजरमा भगवान्‌को विग्रह पर्न गयो र उहाँले माथि तानसेनमै लगेर भगवान्‌लाई प्रतिस्थापना गर्ने मनसायले बाजा-गाजा र ब्राह्मणद्वारा क्षमायाचना पूजा गराएर गंगाबाट भगवान्‌को सो बिम्ब विग्रह झिक्न खोज्दा बलिया मानिस लगाउँदा पनि विग्रह हलचल गराउन सकेनन् र सो दिन राजा त्यही विश्राम गरे । राति सपनामा राजालाई भगवान्‌को दर्शन भयो र भगवान्‌ले भन्नुभयो मलाई यहिं गंगाजीको तटमा निकटमै स्थापित गर । त्यसपछि राजाले कमलको फूल अक्षतासहित प्रतिस्थापना गर्नुभयो । जस्तै अहिले हामीले दर्शन पाउँछौ सोही समय देखि पुनः भक्तहरूले भगवान्‌को प्रत्यक्ष दर्शन पाउन थाले ।

राजाले धेरै जमिन भगवान्‌को नाममा गुठी राखिदिए । पाल्पा तानसेन न.पा.-१४, अर्गलीका भट्टराई थरका ब्राह्माणलाई पूजारी नियुक्त गरी तिम्रा सन्ततिले पूजा गर्नु भनी लालमोहर गरिदिए अहिलेसम्म त्यही परम्पराअनुसार पूजाआजा चलिरहेको छ । भक्तहरू प्रशस्तै आइरहन्छन् । गुठी जग्गामा जग्गाधनी हृषीकेश भगवान्मध्ये फलाना भनेर गुठियारका नाममा जग्गाधनी दर्ता प्रमाण भएको देखिन्छ । जग्गाको खरिद बिक्री मोही परिवर्तनको विधिअनुसार हुने गर्दछ ।

अब कुन समयमा भगवान् प्रतिस्थापित हुनुभयो भन्ने सन्दर्भमा पारि रिडी बजारमा उनै राजा मणिमुकुन्द सेनद्वारा निर्मित मणिमुकुन्देश्वर शिवालय छ ।

जसको निर्माण मिति वि.सं.१५३० भनिएको छ । यो शिव मन्दिर र हृषीकेश भगवान्‌को स्थापना एवं मन्दिर निर्माण सँगै भएको हो भन्ने यहाँका जानाकार व्यक्तिहरूले बताएको सुन्नमा आउँछ । तसर्थ भगवान्‌को श्री विग्रह स्थापना एवं मन्दिर निर्माण वि.सं.१५३० अथवा थोरै अघि पछि भएको रहेछ भन्दा सायद गल्ती नहोला ।

अब अर्को विशेषता मन्दिर परिसरमा गायत्री ब्रह्मचर्य आश्रम गुरुकुलम् स्थापित छ जहाँ २५ देखि ३५ जनासम्म बटुकहरू अध्यापन गर्छन् दैनिक भोजन गर्छन् । अध्यापक गुरु हुनुहुन्छ । समितिले यो व्यवस्था मिलाएको छ । गायत्री मन्दिर व्यवस्थापन समिति एवं हृषीकेश भगवान् मन्दिर व्यवस्था पनि समिति भनी एउटै परिसरमा अलग अलग समिति छन् । तर दुबै समितिका अध्यक्ष पदमा तानसेन न.पा.-१४ अर्गली निवासी श्री परशुराम भट्टराई हुनुहुन्छ त्योबाहेक अर्को विशेषता विभिन्न समयमा विभिन्न धार्मिक व्यक्तित्वबाट निर्माण गरिएका भगवान् हृषीकेशको मूल मन्दिरबाहेक गायत्री मन्दिरसमेत विभिन्न देवीदेवताका आठवटा मन्दिर निर्मित छन् । भगवान्‌को मुख्य पर्व हरिबोधिनी एकादशी अर्थात् कार्तिक शुक्ल ठूली एकादशीलाई नै मानिन्छ । एकादशीमा भगवान्‌को "रथयात्रा उत्सव" हुन्छ । माघे सङ्क्रान्ति पर्वमा हप्ता दश दिनसम्म मेला लाग्छ । त्यसबेला विशेष पूजा गर्ने प्रचलन छ । यस क्षेत्रमा हाम्रो देशका अतिरिक्त भारतबाट पनि भक्तहरू आउँछन् ।

गुल्मीतर्फको रिडीबजारमा पनि केही देवीदेवताका मन्दिरहरू गुठीहरू भएको देखिन्छ । जुन ठाउँ ऋषिको पनि कन्याको पनि तपस्थली हो ।

यसरी यो रुरुक्षेत्र धाम अत्यन्त पुण्यदायक क्षेत्र मानिन्छ । यो प्रस्तोताले यही देखेर बुझेर नै आफ्नो साधनास्थल तपस्थली बनाएर साधनारत रहदै गर्दाको अवस्थामा भगवान्‌बाट दीक्षा पाएर नै ६२ वर्षको उमेरमा पहिलोचोटि धार्मिक ग्रन्थ लेखनमा कलम चलाउन सकेको र अहिलेसम्म पाँचवटा कृतिहरू प्रकाशन गर्ने सौभाग्य प्राप्त भएको हो ।

## अब केही कमजोरी पक्ष

जति यस क्षेत्रको पौराणिक गरिमा एवं ऐतिहासिक महत्त्व छ त्यस अनुसार यहाँ दर्शनमा आउने भक्तहरूको लागि रहन, बस्न, भोजन गर्नको भौतिक व्यवस्था हुन पर्ने हो । साथै यस क्षेत्रलाई धार्मिक एवं ऐतिहासिक पर्यटकीय स्थलको रूपमा विकास गर्नुपर्ने हो त्यति भैरहेको देखिदैन । भगवान् हृषीकेशबाट सबैमा सद्‌बुद्धि जाग्रित हुने कृपा प्रदान होस् । जसबाट यस क्षेत्रको भौतिक उन्नति हुन सकोस् । यही कामना भगवान् हृषीकेशका चरणमा गायत्री माताका चरणमा राख्छु र नमन गर्दै यस पुण्यभूमिप्रति नतमस्तक हुँदै समग्र गुल्मी पाल्पा एवं स्याङ्जा जिल्लाप्रति मेरो अगाध प्रेम स्मरण गराउँदै विश्राम लिन्छु ।

ooo

// लेख //

# बम्घाकोट

✍ **घनश्याम भण्डारी**
**उपप्रा. शृङ्गीश्वर बहुमुखी क्याम्पस**
**रुरुक्षेत्र-५, बम्घा, गुल्मी**

## परिचय

नेपालका सात प्रदेशमध्ये एउटा लुम्बिनी प्रदेश हो । भगवान् गौतम बुद्धको जन्मस्थानका नामबाट लुम्बिनी प्रदेशको नाम राखिएको हो । यस प्रदेशमा १२ वटा जिल्ला छन् । तीमध्ये एउटा जिल्ला गुल्मी हो । यस जिल्लामा दुई नगरपालिका र दश गाउँपालिका गरी १२ वटा स्थानीय तह छन् । तीमध्ये रुरुक्षेत्र गाउँपालिका एउटा ऐतिहासिक तीर्थस्थल रहेको गाउँपालिका हो । यस गाउँपालिकामा रुरुधाम रिडी, बम्घाकोट र शृङ्गेश्वर तपोभूमि जस्ता धार्मिक र पर्यटकीय स्थल रहेका छन् । यो गाउँपालिका रिडीबाट सुरू हुन्छ । रिडीमा काली गण्डकी, तीनमुखे पुल तथा हृषीकेश मन्दिर रहेका छन् । काली गण्डकीमा पवित्र शालिग्राम शिला पाइन्छ । यहाँ रहेको तीनमुखे पुल पर्यटनको आकर्षणको केन्द्र हो । हृषीकेश मन्दिर, देवदत्त पार्क यहाँका प्रमुख धार्मिक स्थल हुन् । रुरुक्षेत्र रिडी रुरुकन्याले तपस्या गरेको ठाउँ हो । रुरुक्षेत्र गाउँपालिकाको नाम रुरुधामको नामबाट राखिएको छ ।

रुरुक्षेत्र गाउँपालिकाको रुरुधाम (रिडी) जस्तै धार्मिक र पर्यटकीय महत्त्व बोकेको पुरातात्त्विक महत्त्वको ठाउँ बम्घाकोट हो । यहाँ भँगेर देवताको मन्दिर छ । यो ऐतिहासिक महत्त्वको मन्दिरको सर्वप्रथम कसले र कहिले निर्माण गऱ्यो भन्ने कुनै ठोस प्रमाण फेला पर्न सकेका छैनन् । किम्वदन्तीअनुसार बम्घाकोटमा रहेको भँगेर देवताको मन्दिर प्राचीन समयमा बम्घा राज्यमा शासन गर्ने भुरे राजाले निर्माण गरेका थिए ।

रुरुक्षेत्र गाउँपालिका बम्घाकोटमा रहेको भँगेर देवताको मन्दिर वडा नं.-६ को बौवामा समुद्री सतहबाट १८०० मिटरको उचाइमा छ । गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट ३८ कि.मी. र बलेटक्सार बजारबाट सात कि.मी. को दूरीमा रहेको बम्घाकोटसम्म कच्ची मोटरबाटो पुगेको छ ।

बम्घाकोटमा विभिन्न ठाउँबाट गाडी र पैदल यात्रा गरी पुग्न सकिन्छ । रिडीबाट १३ कि.मी. को पक्की बाटो हुँदै बलेटक्सार पुगेपछि बलेटक्सारको रिङरोड हुँदै चौतारा गएपछि २.५ कि.मी. कच्ची बाटोको दूरीमा बम्घाकोट पुग्न सकिन्छ । त्यस्तै रिडीबाट रातामाटा हुँदै भण्डारी डाँडाको कफी अनुसन्धान केन्द्र हुँदै

कच्ची मोटरबाटोको प्रयोग गरी लगभग १६ कि.मी. मा बम्घाकोट पुग्न सकिन्छ । त्यस्तै धार्मिक स्थल रुद्रवेणीबाट रुद्रवेणी बलेटक्सार मोटरबाटोबाट रिमुवा हुँदै लगभग १८ कि.मी.मा बम्घाकोट पुग्न सकिन्छ । सत्यवती गाउँपालिकाको शाहघाटको पक्की पुल तरेर रिमुवा हुँदै १० कि.मी.मा बम्घाकोट पुग्न सकिन्छ । त्यस्तै, सत्यवती गाउँपालिकाको केन्द्र जोहाङ्ग खैरेनीबाट रुरुक्षेत्रको वडा नं.५ बम्घा काहुले हुँदै लगभग १० कि.मी. को दूरीमा दक्षिणमा रहेको बम्घाकोट पुग्न सकिन्छ ।

बम्घाकोटमा रहेका भँगेर देवताको विभिन्न अवसरमा पूजा लाग्दछ । भक्तजनको आवश्यक्ताअनुसार दैनिक रूपमा वा चाहेको दिनमा पूजारी अथवा मन्दिर व्यवस्थापन समितिसँग सम्पर्क गरी पूजा गर्न पाइन्छ । यहाँ बडा दशैं र चैंते दशैंमा बलीसहित पूजा लाग्दछ । त्यस्तै, न्वागी, पूर्णिमा आदिमा पूजा लाग्दछ । ती अवसरमा श्रद्धालु भक्तजनको घुँइचो लाग्दछ । यस मन्दिरमा श्रावण, पुष, माघ महिना र एकादशी एवम् औंसी तिथिमा पूजा लाग्दैन । यो धार्मिक तथा पर्यटकीय स्थल पनि हो । यहाँबाट दृश्यावलोकन गर्दा चारैतिर गुल्मी, पाल्पा, स्याङ्जा जिल्लाका सुन्दर ठाउँहरू देख्न सकिन्छ । यो रुरुक्षेत्र गाउँपालिकाको सबैभन्दा उचाइमा रहेको क्षेत्र पनि हो । यहाँबाट यही २०८० ज्येष्ठ महिनामा रुरुक्षेत्र गाउँपालिकाको सक्रियतामा घिउबेसी र भण्डारीडाँडामा अवतरण गर्ने गरी प्याराग्लाइडिङको सफल परीक्षण गरिएको छ । यसले पनि बम्घाकोटलाई पर्यटकीय स्थलका रूपमा अगाडि बढाउन मद्दत पुग्नेछ । यो पहाडको टुप्पोमा रहेको हुनाले दृश्यावलोकन गर्न पर्यटक आउने गर्दछन् । भनिन्छ, यहाँबाट आठओटा जिल्ला देख्न सकिन्छ । यहाँ गर्मीयाममा आउने भक्तजन र पर्यटकले शीतल हावा खान पाउँछन् ।

## अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्य निम्नानुसार रहेका छन् :

-बम्घाकोट भँगेर देवताको मन्दिरको परिचय, विशेषता र महत्त्व पत्ता लगाउनु ।

-यस धार्मिक स्थलसँग सम्बन्धित क्षेत्रका बारेमा जानकारी प्रस्तुत गर्नु ।

## अध्ययन विधि

यो लेख तयार पार्नका निम्ति नेपाल सरकारका पूर्व मुख्यसचिव श्री लीलामणि पौड्यालज्यूको उत्प्रेरणा, प्रत्यक्षरूपमा सल्लाह सुझाव प्राप्त भएको छ । त्यस्तै उहाँको निर्देशनअनुसार नै लेख तयार पारिएको छ ।

यो लेख तयार पार्नका निम्ति निम्नलिखित अध्ययन विधिको उपयोग गरिएको छ :

### १. अवलोकन

मन्दिरक्षेत्र, मन्दिरमा रहेका सामग्री, रानीले काटेको ढुङ्गा, बङ्कर, राजाको पर्धेंरो र पर्धेंरो निर्माणका लागि राजाले आग्री (सिपालु मिस्त्री) लगाएर काटेको सुरुङ आदि ।

### २. अन्तर्वार्ता

बम्घाकोट र भँगेर मन्दिरसँग जानकारी राख्ने ज्येष्ठ नागरिक, मन्दिर व्यवस्थापन समितिका सदस्यहरू, सल्लाहकार समिति, जनप्रतिनिधिहरू, पुजेरी, इतिहास र यस स्थानको ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वको बारेमा जानकारी राख्ने व्यक्तित्वहरू, तथा स्थानीय व्यक्तिहरूसँग कुराकानी गरिएको छ । बुद्धिजीवी वर्गका विचार र किम्वदन्तीका कुरालाई समेत प्राप्त गरी प्रस्तुत गरिएको छ ।

### ३. स्रोत–सामग्री अध्ययन

यो लेख तयार पार्न बम्घाकोट र भँगेर देवताको मन्दिरसँग सम्बद्ध कुनै ऐतिहासिक लेख, शिलालेख, समकालीन लिखत कागजात, ताम्रपत्र आदि केही पनि अस्तित्वमा छैनन् । पश्चिम नेपालको बारेमा अनुसन्धान गर्ने योगी नरहरिनाथको अनुसन्धानको क्रममा बम्घाकोटको बारेमा लेखेको लिखत तथा किरण पुस्तकालय तम्घास गुल्मी प्रकाशक रहेको राजाराम सुवेदीले लेखेको "गुल्मीको ऐतिहासिक झलक" बम्घाकोटका बारेमा अहिलेसम्म लेखिएका लिखित सामग्री रहेका छन् । यसभन्दा थप लिखित प्रमाण भेटिएका छैनन् ।

## बम्घाकोट–एक ऐतिहासिक स्थल

गुल्मी जिल्लाको रेसुङ्गाबाट पूर्वपट्टिको एक ऐतिहासिक धार्मिक स्थल बम्घाकोट हो । यो रुरुक्षेत्रको मात्र नभएर गुल्मी जिल्लाकै ऐतिहासिक सम्पदा हो । यो रेसुङ्गाबाट पूर्वमा रहेको सबैभन्दा अग्लो ठाउँ हो । यो ऐतिहासिक, धार्मिक स्थल रुरु, रेसुङ्गा जत्तिकै ऐतिहासिक रहेको छ । हुन त यहाँको ऐतिहासिक पृष्ठभूमि खोज्दै जाँदा वास्तविक समकालीन कागजपत्र, ताम्रपत्र र शिलालेखहरू भेटिदैनन् । यससँग सम्बन्धित जानकारी भएको धेरै व्यक्तिहरूको देहान्तसमेत भइसकेको छ । यो लेख तयार पार्न केही जानकारी राख्नु हुने अग्रज, मन्दिर र यससँग सम्बन्धित ठाउँको अवलोकन, मन्दिर व्यवस्थापन समितिका सदस्यहरू र सल्लाहकार समितिका सदस्यहरूसँग कुराकानी र छिटफुट रूपमा भँगेर मन्दिर र यससँग सम्बन्धित ठाउँका बारेमा लेखिएका सामग्री अधययन गरिएको छ ।

बम्घाकोटमा रहेको भँगेर देवताको मन्दिर कसले, कहिले निर्माण गरे भन्ने तथ्य अहिलेसम्म पत्ता लाग्न सकेको छैन । बम्घा राज्यमा शासन गर्ने भुरे राजाले ऐतिहासिक कालदेखि आफ्ना शक्तिशाली देवताका रूपमा भँगेर देवतालाई मानि आएको किम्वदन्ती छ । भँगेर तत्कालीन राजाका इष्ट देवता हुन् ।

बम्घाकोट एक ऐतिहासिक स्थल रहेको कुरा योगी नरहरिनाथले पश्चिम नेपालको बारेमा अनुसन्धान गर्दा उल्लेख गर्नुभएको छ । यही अनुसन्धानलाई आधार मानेर राजाराम सुवेदीले किरण पुस्तकालय, तम्घास गुल्मीबाट प्रकाशित गराउनु भएको "गुल्मीको एतिहासिक झलक"मा बम्घाकोट र भँगेर देवताको बारेमा लेख्नुभएको छ ।

बम्घाकोट ऐतिहासिक स्थल हो । यो ठाउँ भुरे राजाको पालामा राजधानी थियो । राजाले यहाँ राजदरबार निर्माण गराएका र शासन सञ्चालन गरेका तथ्यहरू रहेका छन् । तथ्यगत रूपमा हेर्दा यस स्थानमा राजदरबार रहेका प्रमाण भेटिएका छन् । हाल भँगेर देवताको मन्दिर रहेको ठाउँको नजिकै नेपाल टेलिकम **(NTC)** को टावर निर्माणका क्रममा गहिरो गरि जग खन्दा पुरानो दरबारको अवशेषका रूपमा रहेका इँटा र छाना छाउने झिंगटी भेटिएका थिए ।

बम्घाकोट ऐतिहासिक स्थल रहेको अर्को प्रमाणका रूपमा त्यहाँ शासन गर्ने भुरे राजाको पधेंरो पनि हो । तत्कालीन राजाले प्रयोग गर्ने "राजाको पधेंरो" हो । यो भँगेर देवताको मन्दिरको उत्तर पश्चिममा छ ।

बम्घाकोटमा रहेको भँगेर देवताको मन्दिरमा देवताका रूपमा बन्दुकको नाललाई पूजा गरिन्छ । यो ऐतिहासिक महत्त्वको छ । बन्दुकको नाल प्राचीन भुरे राजाले प्रयोग गर्ने बन्दुक रहेको छ । मन्दिरमा ऐतिहासिक महत्त्वका दरबारमा प्रयोग हुने र राजाहरूले युद्धमा प्रयोग गर्ने सामग्री जस्तैः तरबार, खुँडा, भाला, बञ्चरो तथा विभिन्न अवसरमा बजाइने ढोलक बाजाको बचेको भाग राखिएको छ ।

## बम्घाकोट भुरे राजाको राज्य रहेको तथ्यगत विवरण

बम्घाकोटमा भुरे राजाले राजदरबार निर्माण गरी त्यहींबाट शासन गर्ने गर्दथे । उनले चारपाला राज्यको मातहतमा बसी विशाषयमध्येका १२० घरधुरीमा शासन गर्दथे । यस राज्यले गुल्मी चारपाला दरबारमा बम्घा राज्यमा उठाएको मालपोत बुझाएर शासन गर्ने अधिकार पाएको थियो । यो क्रम काठमाडौंमा रणबहादुर शाहको मृत्यु नहुँदासम्म जारी रह्यो । राजा रणबहादुर शाहको हत्यापछि पाल्पा विशाल नेपालमा गाभियो । पाल्पा राज्यलाई पश्चिम नेपालको ठूलो गौंडाको मान्यता दिइयो । त्यतिबेला नेपालमा धनकुटा, काठमाडौं, पाल्पा र डोटी गरी चार गौंडा थिए । बम्घा राज्यले पाल्पा गौंडालाई नियमित मालपोत तिरेर

आफ्नो राज्य सञ्चालन गरी रहयो । यो क्रम राणाकालसम्म रह्यो । नेपालमा वि.सं.२००७ सालमा प्रजातन्त्र आएपछि मालपोत उठाउन जिम्मावाल र मुखियाहरू चुनिन थाले । तिनीहरूले मालपोत उठाएर राज्यमा पठाउँथे । त्यसपछि बम्घाकोटको राजनीतिक अस्तित्व समाप्त भई धार्मिक आस्था मात्र कायम रह्यो । जुन हालसम्म यथावत् छ ।

## बम्घाकोट र भँगेर देवतासम्बन्धी किम्वदन्तीहरू

बम्घाकोट बम्घा राज्यको राजधानी रहेको र त्यहाँ राजदरबार थियो भन्ने निम्नलिखित किम्वदन्तीहरू छन्ः

बम्घाकोटमा रहेको भँगेरलाई कुल देवता मान्ने गर्दथे । तत्कालीन बम्घा राज्यका जनता राजाको स्वर्गवास हुँदा किरिया बस्नु पर्ने वा जुठा पर्ने भएकोले बम्घाका व्यक्ति पुजेरी राखेमा भँगेरको दैनिक पूजारोकिने भएकोले राजाले आफ्नो राज्य भन्दा बाहिरको राज्य दाङबाट पुजेरी, उपासु र बाजा बजाउने व्यक्ति ल्याएका थिए । ती रिमुवामा बसोवास गर्न थाले । रिमुवामा बसोवास गर्ने १६ (सोह्र) कुरियाका पौडेल दाङबाट पुजेरीका लागि ल्याइएका थिए । वहाँहरू नै अहिलेसम्म भँगेर मन्दिरका पुजेरी हुनुहुन्छ । त्यसबेलादेखि अहिलेसम्म यस मन्दिरमा पुजेरीको कार्य रिमुवाका पौडेलहरूले गर्दै आउनुभएको छ । त्यतिबेलाका राजाले पुजेरीका लागि रिमुवामा दश मुरी आउने खेत गुठीका रूपमा राखेका थिए । बौवामा एउटा पुजेरी बाटो छ ।

दाङबाट ल्याइएका पुजेरीको अहिले छैठौं पुस्ता चलिरहेको छ । दाङबाट ल्याइएका प्रथम पुजेरी वासुदेवका छोरा तिलचन पौडेल, उनका छोरा मित्रलाल पौडेल हुन् । मित्रलालका छोरा पाचौं पुस्ताका पुजेरी खगेश्वर पौडेल तथा छैठौं पुस्ताका हरिप्रसाद पौडेल हुन् । अहिलेका मूल पुजेरी रिमुवा जन्मेका भोजराज पौडेल र सहायक पुजेरी कृष्ण पौडेल हुनुहुन्छ । भँगेरदेवताको १६ कुरियाका पौडेलमात्र पुजेरी हुने चलन छ ।

भँगेर देवताका उपासुका लागि राजाले पुजेरीसँगै दंगालथरका व्यक्ति ल्याएका थिए । दंगालहरू रिमुवामा बस्नुहुन्छ । नवदुर्गामा दंगालहरू नै उपवास बस्ने गर्दछन् । उहाँहरूलाई उपासुका रूपमा राजाले दाङबाट ल्याएका थिए । बडा दशैं र चैते दशैको नवदुर्गामा उपासना गर्ने गर्दछन् । बडा दशैको नवमी तथा चैते दशैंको अष्टमीमा भँगेरलाई चढाउने बली भेडा (बाख्रा) पहिलो पटक ती उपासुले काट्ने चलन छ ।

राजाले पुजारी र उपासुमात्र नभएर दाङबाट भँगेर मन्दिरमा नवदुर्गामा नवरथा नौ दिन नौवटा बाजा बजाउन बौतामा बसोवास गर्ने देवबहादुर नेपालीका

पुर्खालाई ल्याएका थिए । तिनीहरूले नै हालसम्म मन्दिरमा आवश्यक परेको बेला बाजा बजाउने गर्दछन् ।

किम्वदन्ती अनुसार, बम्घाकोटको भँगेरको मन्दिर रहेको ठाउँबाट उत्तर पश्चिममा हालको घिउबेंसी फाँट प्राचीन कालमा ताल रहेको थियो । त्यो ताल फुटेर काउलेतिर हुँदै रुद्रावती नदी (बडिगाड) मा गएको हुँदा काउले खोला बनेको हो । बम्घाको दरबार नजिक प्रशस्त पानी नभएको हुँदा राजाले लुगा धुन धोबी हालको धोबीघाटमा राखेका थिए । ती धोबीले काउले खोलामा राजा र राजदरबारका अन्य सदस्यहरूका लुगा धुने गर्दथे । राजाले पैसा काट्ने र पैसाको कारोवार गर्ने स्थान टक्सार हालको बलेटक्सार हो । त्यतिबेलाका राजाका आफ्नै सैनिक थिएनन् । कुनै राज्यसँग लडाइ गर्नु परे वा अर्को राज्यले आफ्नो राज्यलाई आक्रमण गर्ने स्थिति आएमा आफ्नो राज्यभित्रका प्रत्येक घरका पुरुषले सैनिक तालिम गर्ने र लडाइमा भागलिने चलन थियो । त्यस्ता सैनिकलाई झारा सैनिक भनिन्छ । यही दरबार रहेको ठाउँलाई बौंवा बौंवा भन्दाभन्दै बम्घा भनिएको हो । प्रज्ञा नेपाली शब्दकोश (२०७९) का अनुसार बौवाको अर्थ हिउँ, हुरी हुन्छ । यसको अर्थ यो हुरी चल्ने, हिउँ पनि पर्न सक्ने उचाइमा रहेको डाँडो बौता हो भन्ने बुझिन्छ । बौंवाबाट बम्घा नामाकरण कसरी भयो र यसको अर्थ के हो भन्ने बारेमा अनुसन्धान गर्नुपर्ने देखिन्छ । मगर भाषामा "लाङ्घा" को अर्थ गाउँ भन्ने हुन्छ । यही लाङ्घा अपभ्रंश भई "बम्घा" भएको हुन सक्ने जनविश्वास छ ।

बम्घाकोटमा राजा र राज्य रहेको बुझाउने किम्वदन्तीअनुसारका प्रमाण

१. राजाको दरबार भएको ठाउँ -बम्घाकोट (बौंवा)

२. राजाका कपडा धुने ठाउँ - धोबीघाट (हाल रुरुक्षेत्र-५)

३. राजाका चौतारिया बस्ने ठाउँ -चौतारा (हाल रुरुक्षेत्र-४)

४. दोषीलाई सजाय दिने ठाउँ- शूलीडाँडा (हाल रुरुक्षेत्र-५)

५. राजपरिवारका सदस्यको देहवसानपछि अन्त्येष्टि गर्ने ठाउँ-शाहघाट (हाल रुरुक्षेत्र-६, रिमुवा)

६. पैसा बनाउने / काट्ने ठाउँ -टक्सार (हालको बलेटक्सार)

७. राजाका झारा फौज परेड खेल्ने ठाउँ- मिनामपोखरा

८. राजाले सामान भण्डारण गर्ने र भण्डारा लगाउने ठाउँ- भण्डारी डाँडा (रुरुक्षेत्र-४)

९. रानीले बास बसेको ठाउँ - रानीबास

१०. राजा बस्ने ढुङ्गामा कुदेर बनाएको कुर्ची/सोफा-बम्घाकोट

११. रानीले काटेको ढुङ्गा- रानीढुङ्गा (बम्घाकोट)

## बम्घाकोटमा राजा र राजदरबार रहेका थप प्रमाणहरू

### बुढापाकाहरूका अनुसार:-

प्राचीन कालमा नेपालमा भुरे राजाहरू थिए । ती राजाहरूले थुम्काथुम्कामा दरबार स्थापना गरी त्यसका वरिपरिका गाउँमा शासन गर्ने गर्दथे । ती राज्यहरूमा लुटाहा प्रवृत्ति थियो । कुनै एउटा राज्यमा आफ्ना जनतालाई त्यही राज्यमा उत्पादन भएको अन्नले वर्षभरि पुर्‍याउनुपर्ने हुन्थ्यो । त्यही राज्यमा उत्पादन भएको अन्नले नपुग्ने, अन्न चाँडै सकिने गर्दथ्यो । अहिलेजस्तो यातायातको सुविधा र तराईबाट पहाडमा अन्न ल्याउने प्रचलन थिएन । त्यसैले, त्यतिबेला एउटा राज्यले अर्को राज्यमाथि आक्रमण गर्ने र अन्न लुट्ने कार्य हुन्थ्यो । यस्तो समस्याबाट बच्न भुरे राजाहरूले आफ्ना दरबारको निर्माण वरिपरि भीर भएको पहाडको टाकुरामा बसी राज्य सञ्चालन गर्दथे । त्यसको एउटा उदाहरण बम्घाकोट हो । यो एउटा थुममा निर्माण भएको थियो । यदि कुनै दुश्मनले आक्रमण गर्न आएमा दरबार थुम (टाकुरा) मा भएपछि ढुङ्गा पल्टाएर भए पनि वैरीलाई जित्न सकिन्छ भन्ने थियो । पछि ती राजाहरू रहेको ठाउँ कोटमा परिणत भएका छन् । कोत भनेको हतियार भित्र्याउने ठाउँ हो । त्यही कोत कालान्तरमा कोट भएको हो भन्ने भाषाविदको भनाइ रहेको छ । त्यसैले, अहिले यस 'बम्घाकोत' भन्ने ठाउँलाई "बम्घाकोट" पनि भन्दछन् । भुरे राजाका हतियारहरू कोतमा नै राखिएका छन् । कोतमा हतियार राख्नुका दुईवटा कारण पाइन्छ ।

१. राजदरबार त्यही ठाउँमा भएकोले हतियार पनि त्यहीं थिए, तिनी हतियार सुरक्षाका लागि कोतमा राखिए, यसो गर्न सजिलो भयो ।

२. राजाका हतियार गाउँघरमा राख्दा तिनको दुरूपयोग गरी लडाइँ हुन सक्दथ्यो तर कोत गाउँबाट टाढा डाँडाको टुप्पोमा भएकोले त्यहाँ हतियार राख्दा सुरक्षाका किमिमले पनि कम जोखिम हुने भएकोले कोतमा हतियार राखिएको बूढापाकाहरूको भनाइ छ ।

बूढापाका व्यक्तिहरूले धेरै समय अगाडि बौवामा भुरे राजाले राज्य गर्ने गरेको बताउनुहुन्छ । ती राजाले अर्को राज्यकी राजकुमारीसँग विवाह गरेका थिए । ससुरालीले काम विशेषले छोरीलाई बोलाउनु पर्दा चिठी वा मानिस पठाउने ठेगाना माग्दा राजाले आफ्नो राज्यलाई बौंवा (बम्घा) भनिन्छ भनेकोले यस ठाउँलाई बम्घा भन्न थालिएको हो ।

त्यस्तै, अर्को भनाइअनुसार, बम्घाकोट रहेको ठाउँ वरपरबाट हेर्दा केराको बोगो जस्तो देखिने भएकोले त्यसैको नामबाट बौंवा बौवा भन्दा भन्दै बम्घा भन्न थालिएको हो । यहाँ भँगेर देवताको मन्दिर र बन्दुकको नालमा भँगेर देवता विराजमान हुनुहुन्छ ।

किम्वदन्तीअनुसार बम्घा भुरे राज्य हो । यहाँ शासन गर्ने राजा 'शाह' थिए किनकि राजपरिवारका सदस्यको देहावसान हुँदा अन्त्यष्टि गर्ने ठाउँलाई "शाहघाट" भनिन्छ । यो रुरुक्षेत्र गाउँपालिकाको वडा नं.-६ रिमुवाको रुद्रावती (बडीगाड) नदी किनारमा रहेको छ । अहिले पनि यो ठाउँलाई शाहघाट नै भनिन्छ । यस घाटमा ती राजा र राजपरिवारका सदस्यको मृत्यु हुँदा बौंवा (बम्घाकोट) देखि बोकेर ल्याएर अन्त्येष्टि गर्ने प्रचलन रहेको जनविश्वास छ । नदी किनारमा घाट रहेको तथ्यबाट प्राचीन कालमा बम्घाकोटको भँगेर देवताको मन्दिर रहेको क्षेत्र राजाले राज्य गर्ने ठाउँ थियो भनी अनुमान गर्न सकिन्छ ।

गुल्मीमा वि.सं.२०१७ सालभन्दा पहिले ४० वटा गा.वि.स. थिए । तिनी सबैको अन्त्यमा "पुर" थियो । यस बम्घाकोटको प्रभावस्वरूप बम्घाको नाम "अमिरपुर" रानीबास-बलेटक्सार थियो । बम्घाराज्य भुरे राजाको राज्यक्षेत्रअन्तर्गत बम्घा ग्वादी, बम्घा रिमुवा, बम्घा बलेटक्सार, बम्घा काउले टाहाटिम र थोरै थोर्गा पर्दथे । वि.सं. २०१७ सालसम्म यी ठाउँमा ठेगाना र राजीनामा लेख्दा "विशाषय बम्घामध्ये" वा बम्घाथुम लेख्नुपर्दथ्यो । यसबाट बम्घाकोटको भँगेर देवताको मन्दिर भएको ठाउँमा राजदरबार थियो । त्यही दरबारमा बसी बम्घाको भुरे राजाले विशाषय मध्येका १२० कुरिया घरमा शासन गर्दथे भन्ने स्थानीय समाजसेवीहरूको भनाइ रहेको छ । त्यसैले ऐतिहासिक समयदेखि बम्घाकोट रहेको ठाउँ र भँगेर देवताको उच्च महत्त्व रहेको पाइन्छ ।

बम्घाकोटका राजालाई पछि अर्को राज्यका राजाले राज्य छाड्न बाध्य पारेको पाइन्छ । बौंवा (बम्घाकोट)मा भुरे राज्यको राजाको अन्त्य भए पनि भँगेर देवताको मन्दिर रहेको पाइन्छ । त्यस्तै, गुल्मीमा चोयगा, जुनियाँ, गुल्मी चारपाला, धुर्कोट, मुसिकोट आदिमा बम्घामा जस्तै कोट रहेका र ती स्थानमा भुरे राजाले राज्य गर्ने गरेको विश्वास गरिन्छ । रुरुक्षेत्र गाउँपालिकाअन्तर्गत पर्ने यस भँगेर देवताको मन्दिर तथा बम्घाकोट ऐतिहासिक, धार्मिक, पुरातात्विक र पर्यटकीय संभावनाले भरिएको ठाउँ हो । यस मन्दिर क्षेत्रमा भुरे राजाको दरबार रहेको थियो । त्यही दरबारमा बसी उनले राज्य सञ्चालन गर्ने गरेको प्रमाणका रूपमा मन्दिरको पश्चिमपट्टि रहेको रानीले तरबारले काटेको ढुङ्गालाई अग्रजहरूले लिने गरेको पाइन्छ । यसका बारेमा केही किम्वदन्तीहरू रहेका छन् । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-



## *ऐतिहासिक महत्त्वको रानीले काटेको ढुङ्गा*

बम्घाकोटमा भँगेर देवताको मन्दिरको पश्चिमपट्टि एउटा ठूलो ढुङ्गा छ । त्यस ढुङ्गालाई तत्कालीन बम्घामा राज्य गर्ने भुरे राजाकी रानीले आफ्नो तरबारले काटेको किम्वदन्ती छ । ती रानीले त्यो ढुङ्गालाई त्यसरी काट्नु पर्ने कारण विशेष महत्त्वको रहेको पाइन्छ । त्यसबेलाको भुरे राजाले ज्योतिष विज्ञानमा निकै चासो र विश्वास राख्दथे । ज्योतिष विद्याका नामुद झवाली थरका हालको रानीवास नजिक बस्ने ज्योतिषी बम्घा राज्यका दरबारिया ज्योतिषी हुन्छन् । उनको ज्योतिष विद्याको प्रचारप्रसार छिमेकी राज्यमा समेत थियो । एक पटकको कुरा हो, गुल्मी चारपालाका राजाले बम्घा राज्यका राजा समक्ष आफ्ना दूत पठाएर त्यहाँका ज्योतिषीलाई आफ्नो दरबारमा डाकेर राज्य बढाउने साइत जुराउन खोजेको खबर पठाउँछन् । बम्घाका राजाले ती दूतलाई आदारसाथ दरबारमा बसाउँछन् । ती दूतले आफूहरूले बम्घाको कुनै चीज नखाने र चारपाला दरबारबाट नै ल्याएका खानेकुरा पकाएर खाने बताउँछन् । खाना बनाउने भान्से पनि सँगै लिएर आएका बताउँछन् । रानीले ती दूतसँग चारपालाले कुन राज्य आक्रमण गर्न साइत जुराउन खोजेको हो भनी जानकारी माग्दछिन् । पहिले केही नबताए पनि एक दूतले रानीसँग मित्रता बढाउँदै जाँदा बम्घा राज्यमा नै आक्रमण गर्न साइत जुराउन खोजेको रहस्य खोल्दछन् ।

बम्घा राज्यकी रानीले चारपाला दरबारले आफ्नै राज्यमाथि आक्रमण गर्न साइत जुराउन खोजेको कुरा थाहा पाएपछि दरबारमा राजा र ज्योतिषीसँग यस विषयमा सरसल्लाह गरिन्छ । पहिले ज्योतिषीलाई नपठाउने निर्णय गरिन्छ । तर पछि ती ज्योतिषीले यदि उनीहरूले चारपाला गएर त्यहाँको कुनै चीज नखाई, आफ्नो मात्र सामान प्रयोग गरी साइत हेरिदिए युद्धमा आफ्नो राज्यले जित्ने बताउँछन् । चारपाला राज्यको आक्रमणको दिन पहिले नै थाहा भए,

बम्घाराज्यलाई प्रत्याक्रमणको तयारी गर्न सजिलो हुने बताउँछन् । त्यसपछि राजारानी ज्योतिषीलाई चारपाला पठाउन सहमत हुन्छन् । राजारानीले चारपाला दरबारमा आफ्ना ज्योतिषी छिटै पठाइदिने समाचारसहित दूतलाई बिदा गर्दछन् ।

दूत गएको केही दिन पछि बम्घाको ज्योतिषी खाद्यान्न सामग्री लैजाने समूह र भान्सेसहित चारपाला दरबारमा जान्छन् । त्यहाँका राजाले ज्योतिषीलाई भव्य स्वागत गर्दछन् । खाना खान सबै सामग्री र भान्सेसमेत लिई आएको थाहा पाएपछि चारपाला दरबारले चुलोको व्यवस्था गरिदिन्छ । यता भान्सेले खाना तयारी गरिरहेका हुन्छन् । उता राजा र ज्योतिषीले बैठक कोठामा बसेर कुराकानी गरिरहेका हुन्छन् । त्यतिबेला भान्सेले बम्घा राज्यबाट नून ल्याउन भुलेको चाल पाउँछन् । ज्योतिषसँग सल्लाह गर्न पनि उनी राजासँग वार्ता गरिरहेकोले मिलेन । नून नराखी भान्सा तयार गर्ने कुरा पनि भएन भनी उनले चारपाला दरबारकै एक कर्मचारीसँग नून मागी भान्सा तयार पार्दछन् । ज्योतिषले भोजन गर्दछन् । चारपालाको नूनका प्रभावले उनको क्षमता क्षीण हुन्छ । चारपाला दरबारका राजा, रानी र ज्योतिषी बसेर राज्य आक्रमण गर्ने साइत जुराइन्छ । त्यसपछि उनीहरू बम्घा राज्यमा फिर्ता हुन्छन् । त्यहाँको विवरण दरबारमा राजा समक्ष बुझाउँछन् । चारपाला दरबारले गर्ने आक्रमणको प्रतिकार गर्ने तयारीमा जुट्न राजाले आदेश दिन्छन् । चारपाला दरबारले पनि ज्योतिषीले हेरेकै दिन शुभसाइतमा बम्घामा आक्रमण सुरू गर्दछ । घमासान युद्ध हुन्छ । रानी पनि दरबारको पश्चिमपट्टि युद्धका लागि तयार पारिएको बङ्करमा बसेर डटेर लडिरहेकी हुन्छिन् । भंगेरदेवताको मन्दिरको ५०-६० मिटर पश्चिममा उक्त बङ्कर अहिले पनि छ ।

युद्धमा जति प्रयास गर्दा पनि आफ्नो राज्यले प्रतिकार गर्न र जित्न सक्ने लक्षण नदेखेपछि राजारानीले ज्योतिषीलाई चारपाला राज्यमा साइत जुराउन जाँदा के बेइमानी गरेका थियौ भनी सोध्दछन् । ज्योतिषीले अनभिज्ञता प्रकट गर्दछन् । भान्सेले नून लैजान बिर्सिएकोले चारपालाको नून प्रयोग गरेको बताउँछन् । नूनको सोझो त हुने नै भयो, अब चारपालाका सैनिकले जित्ने भए भन्ने भएपछि रानीले बङ्कर नजिकै रहेको ठूलो ढुङ्गा मूला काटे झैं काट्छिन् । त्यही ढुङ्गालाई "रानीले काटेको ढुङ्गा" भनिन्छ । चारपालाले बम्घालाई जित्दछ । त्यसै बेलादेखि बम्घा राज्यले मालपोत उठाएर चारपाला राज्यलाई तिर्नुपर्ने भयो । ती रानी मीना रानी थिइन् । अहिले पनि भँगेरको दर्शन गर्न आउने भक्तजनले यो ढुङ्गा हेर्ने गर्दछन् ।

## रानीले काटेको ढुङ्गासम्बन्धी अर्को किम्वदन्ती

त्यस्तै अर्को किम्वदन्तीअनुसार, बम्घाको हालको भँगेर देवताको मन्दिर रहेको क्षेत्रमा भुरे राजाको दरबार रहेको थियो । राजाले यही दरबारमा बसी "विशाषय मध्ये" का १२० घरधुरीमा राज्य गर्दथे । ती राजाका दुईवटी रानी थिए । ती मध्ये जेठी मीना र कान्छी काली रानी हुन् । राजाले मन्दिर नजिकै दुबै रानीका नामबाट "मिनाम पोखरा" र "काली पोखरा" नामका पोखरी निर्माण गराए । बम्घाकोटको दक्षिणमा काली पोखरा छ । मिनाम पोखरालाई अहिले संरक्षण गर्दै घेराबार गरिएको छ । मिनाम पोखरामा राजाले युद्धका लागि एउटा दाइने खुट्टाले पाइताला र देब्रे खुट्टाले घुँडा राख्न मिल्ने गरी कुँदिएको ढुङ्गा तयार गरेका थिए । अहिले स्थानीयले घर बनाउँदा उक्त ऐतिहासिक ढुङ्गा फुटालेर प्रयोग गरेका छन् ।

बम्घा राज्यका भारा सैनिक र शत्रु राज्यका सैनिक बीच युद्ध भइरहन्थ्यो । युद्धमा काटाकाट र मारामार हुन्थ्यो । त्यतिबेला शत्रु पक्षका धेरै सेना काटिएर मारिदा रगतको ताल बन्यो । त्यो रगतको तालबाट खोला बनेर बगेको हुनाले तालखोला नाम रहेको पाइन्छ ।

त्यस्तै, किम्वदन्तीअनुसार, बम्घाराज्यमा पाल्पाराज्यका फौजले आक्रमण गर्दछन् । राजा शौच बसेका हुन्छन् । शत्रुपक्षका फौजले राजालाई बेपत्ता बनाउँछन् । चारैतिर खोज्दा पनि राजा नभेटिएपछि तपस्वी र महाज्ञानी मीना रानीले आफ्नाअगाडि ढुङ्गा राखी राजा ज्यूँदो भए आफ्नो तरबारले ढुङ्गा काट्न नसक्ने, मृत्यु भएको भए काटिने कुरा गरी तरबार ढुङ्गामा हिर्काउँछिन् । त्यो कडा ढुङ्गा काँक्रो चिरिएझैं चिरिन्छ । त्यसपछि राजाको मृत्यु भएको विश्वास गरिन्छ । रानीले बम्घाराज्यका जनतालाई राजाको संरक्षण र खोजी गर्न नसकेको भन्दै "हुन्छ, हुन्छ भए तर हुन नभए" भन्ने श्राप दिँदै त्यहाँबाट हिड्छिन् । साँझ अहिलेको बम्घा र बलेटक्सारको सिमानामा आएर बास बस्दछिन् । त्यसैले त्यसको नाम रानीबास राखिएको छ । त्यहाँबाट रानी कहाँ गइन् कसैलाई पत्तो भएन । अहिले, रानीले काटेको त्यो ढुङ्गालाई घेराबार गरी दर्शन गर्न मिल्ने गरी राखिएको छ । यो ढुङ्गा बम्घाकोटको एउटा पर्यटकीय आकर्षणको केन्द्रसमेत बन्न सफल भएको छ ।

## बम्घाकोट : एक धार्मिक स्थलका रूपमा

बम्घाकोटमा प्रसिद्ध भँगेर देवाताको मन्दिर छ । प्राचीन राजाहरूले प्रयोग गर्ने बन्दुकको नाल यस मन्दिरमा भँगेर देवताका रूपमा पूजा गरिन्छ । यस नालमा तीन ठाउँमा सुनले बाँधेका भँगेर देवतालाई दर्शन गर्न आउने भक्तजनले देख्न

सक्दछन् । भँगेर देवता भक्तजनसँग खुशी भए तीन ठाउँमा सुनले बाँधेको देखिने, खुशी नभएको भए नाल सबै कालो देखिने जनविश्वास रहेको छ ।

हाल भँगेर देवताको पुरानो मन्दिरको ठाउँमा नयाँ सुन्दर मन्दिर निर्माण गरिएको छ । यस नयाँ मन्दिरको निर्माण सुरू आ.व. २०७६/७७ मा गरी वि.सं.२०७८ मा सम्पन्न गरिएको हो । यस मन्दिर परिसरमा आकासेदेवीको मन्दिर, भैरव देवताको मन्दिर र शिलादेवीको मन्दिर रहेका छन् । भँगेर मन्दिरको ५०-६० मिटर पश्चिममा रानीले तरबारले काटेको ढुङ्गा रहेको छ । भँगेर देवताको मन्दिरमा दर्शन र भाकल गरेका व्यक्तिहरूले फूल, प्रसाद र बलि चढाउन आउने गर्दछन् । भँगेर देवता अत्यधिक शक्तिशाली रहेको जनविश्वास छ । यो ऐतिहासिक शक्तिपीठ हो । भँगेर देवताको शक्ति अत्यन्त धेरै रहेको र मनले चिताएका कुरा पुऱ्याउँछन् भन्ने जनविश्वास छ । त्यसैले यस भेगका मानिसहरू भाकल गर्ने र भाकल पूजा गर्न मन्दिरमा आउने गर्दछन् । यस मन्दिरमा बडा दशैको नवदुर्गा, चैते दशैको नवदुर्गा र न्वागी, पूर्णिमा आदिमा पूजा लाग्ने गर्दछ । बडा दशैको नवमी र चैत दशैको अष्टमीमा पूजा तथा बलि दिने चलन छ । वि.सं.२०१७ सालसम्म नेपाल सरकारका तर्फबाट समेत पञ्चवली आउने गरेको अग्रज बताउनुहुन्छ । पञ्चायत कालको अवधि वि.सं.२०३७ सालमा जग्गाको कित्ताकाट वा नापी भयो । त्यतिबेलासम्म भँगेर मन्दिरमा चढाउने बलिको मुड (टाउको) को एक तिहाइ भाग जिममावाल तालुकदारकोमा पठाउने व्यवस्था रहेको बूढापाका व्यक्तिहरू बताउँछन् ।

भँगेर देवताको मन्दिरमा कुखुरा र बोकाको बलि दिइन्छ । यहाँ पञ्चवलि पनि दिने चलन छ । भक्तजनले परेवा उडाउने, चण्डी, गीतालगायत हिन्दुका धार्मिक पुस्तक पढी पाठ लगाउने र भाकलअनुसार बलि र पञ्चबलि दिन आउने गर्दछन् ।

भँगेर देवताका भाञ्जा गुल्मीकै जुनियाँ कोटमा रहेको विश्वास गरिन्छ । बेलाबेलामा भँगेर देवता उडेर जुनियाँ भाञ्जा भेट्न जाने गरेको बूढापाका व्यक्तिहरू बताउँछन् । भँगेर देवता जुनियाँ गएका बेला फर्काएर ल्याउन बम्घाकोटमा तन्त्रमन्त्र गर्नुपर्दछ । भँगेर देवताले मन्दिर छोडेर गए बम्घा र यस सेरोफेरो वा रुरुक्षेत्रमा कुनै अनिष्ट आइपर्ने जनविश्वास रहेको छ ।

बम्घाका राजाको अर्गलीका राजासँग घनिष्ठ सम्बन्ध रहेको किम्वदन्ती छ । उनीहरूको घनिष्ठ सम्बन्धका कारण बडादशैंमा बम्घाका राजाले अर्गलीमा र चैते दशैंमा अर्गलीका राजाले बम्घा भँगेर मन्दिरमा पञ्चबलि लिएर आउने गर्दथे । अर्गलीका राजाले बम्घाका राजाको पधेंराको पानीमा शक्ति रहेको छ भनी लगेर खाने गर्दथे भन्ने भनाइ छ । त्यसैले, अहिले बम्घाकोटमा भँगेर देवताको दर्शन गर्न आउने भक्तजनले शक्तिको प्रतीकको रूपमा "राजाको पधेंरा" को पानी पिएर

र लिएर जाने गरेको पाइन्छ । यो एउटा ऐतिहासिक धार्मिक शक्ति पीठ हो । यो एउटा रुरुक्षेत्रको मात्र नभएर गुल्मी जिल्लाकै धार्मिक सम्पदा पनि हो । धार्मिक पर्यटनलाई अगाडि बढाउन पवित्र धार्मिकस्थल रिडी, बम्घा र रुद्रवेणी रिमुवा हुँदै बम्घाकोट जाने १८ कि.मी.को बाटोको स्तरोन्नति गर्नु पर्दछ । जसबाट धार्मिक तीर्थस्थलहरू जोड्न सहज हुन्छ ।

## बम्घा - एक सांस्कृतिक स्थल

बम्घाकोटको भँगेर मन्दिर धार्मिक सम्पदा मात्र नभै यहाँ विभिन्न चाडपर्वमा मनाइने, नाचिने नाचको महत्त्वपूर्ण सांस्कृतिक महत्त्व रहेको पाइन्छ । भँगेर मन्दिरमा बडादशैंको पूर्णिमा सराएँ नाच नाचिन्छ । जसलाई हेर्न र नाच्न रुरुक्षेत्र र त्यस आसपासका दर्शकहरू आउने गर्दछन् । बम्घाकोटको सबैभन्दा ठूलो सम्पत्ति भँगेर देवताको शक्ति हो । मानिसहरूमा भँगेरप्रति रहेको श्रद्धा, भक्तिभाव र विश्वास पनि सम्पत्ति हुन् । यसको अर्को सम्पत्ति भनेको यस क्षेत्रमा रहेको संस्कृति हो । रिमुवाको मगर संस्कृतिलाई यसको उदाहरण मान्न सकिन्छ । यसलाई धार्मिक रूपमा मात्र परिचित नगराएर पर्यटकीय रूपमा पनि अगाडि बढाउने हो भने यहाँको संस्कृतिलाई जोड्नुपर्दछ । मगरहरूको मारुनी, कौडा तथा यहाँ पञ्चबलि दिंदा र अन्य अवसरमा बजाइने पञ्चेबाजाले यस ठाउँलाई महत्त्वपूर्ण सांस्कृतिक स्थलका रूपमा परिचित गराउन सक्छन् । यहाँ लगाइने मगर पोशाक एवम् मन्दिरमा बडादशैं र चैते दशैंको नवदुर्गामा बजाइने नवरथाले पनि यसलाई सांस्कृतिक स्थलका रूपमा चिनाउन मद्दत गरेका छन् ।

## पर्यटन र दृश्यावलोकन

बम्घाकोट धार्मिक र सांस्कृतिक सम्पदा मात्र नभएर एउटा पर्यटकीय स्थल पनि हो । यो रुरुक्षेत्रको सबैभन्दा उचाइमा रहेको छ । यो समुद्री सतहबाट १८०० मिटरको उचाइमा छ । यहाँबाट दृश्यावलोकन गर्दा चारैतिर सुन्दर ठाउँहरू देख्न पाइन्छ । यहाँबाट गुल्मी जिल्लाको सबैभन्दा अग्लो थाप्ले लेक देखिन्छ । त्यस्तै गुल्मी जिल्लाका रिमुवा, ग्वादी, हुँगा, दिगाम, बम्घा, बलेटक्सार, अस्लेवा, ठूलोलुम्पेक, लिम्घा, हँसरा, जोहाङ्, जुनियाँ, भार्से, रूपाकोट, तुराङ्, शान्तिपुर आदि ठाउँको दृश्यावलोकन गर्न सकिन्छ । त्यस्तै, स्याङ्जा, पाल्पा र अर्घाखाँचीका विभिन्न ठाउँहरू देख्न सकिन्छ । भनिन्छ, यहाँबाट आठओटा जिल्ला देख्न सकिन्छ ।

बम्घाकोट दृश्यावलोकनका लागि मात्र नभएर साहसिक खेल प्याराग्लाइडिङका लागि पनि महत्त्वपूर्ण मानिएको छ । जसले यस क्षेत्रलाई एउटा पर्यटकीय स्थल बन्न थप मद्दत पुग्नेछ । यही २०८० साल ज्येष्ठबाट रुरुक्षेत्र गाउँपालिकाको सक्रियतामा बम्घाकोटदेखि घ्यूबेसी फाँट र भण्डारीडाँडामा अवतारण गर्ने गरी

प्याराग्लाइडिङको सफल परीक्षण उडान भएको छ । यसले पनि यस ठाउँमा पर्यटक भित्र्याउने योजनामा कोसेढुङ्गाको काम गर्ने अपेक्षा गर्न सकिन्छ ।

बम्घाकोट नजिकै रुरुक्षेत्र गाउँपालिकाको वडा नं.५ को थाम्की डाँडामा ट्री हाउस छ । यहाँ पर्यटकहरू आउने गरेका छन् । यसलाई बम्घाकोटसँग जोडी अझ बढी पर्यटक भित्र्याउन सकिन्छ ।

बम्घाकोटलाई रुरुक्षेत्र धाम रिडी, शृङ्गेश्वर तपोभूमि लेक, बलेटक्सार, रेसुङ्गा र रुद्रवेणी जस्ता धार्मिक स्थलसँग जोड्न सके धार्मिक पर्यटक बढ्ने देखिन्छ ।

बम्घाकोट एउटा पर्यटकीय स्थल बन्ने अर्को पक्ष यसको उचाइमा रहेको अवस्थिति हो । यहाँ गर्मीमा पनि सधै उचाइका कारणले शीतल हावा बहिरहन्छ । त्यसैले, गर्मीयाममा मानिसहरू शीतल हावा खान यहाँ आउने गर्दछन् । त्यसैले, बम्घाकोट पर्यटन र दृश्यवलोकनको केन्द्रस्थल हो ।

बम्घाकोटको पर्यटनलाई बढाउन रुरुक्षेत्रमा रहेका निम्न स्थानलाई यससँग जोड्नुपर्दछ । जस्तै : रिडीको तीनमुखे पुल, हृषीकेश मन्दिर (पाल्पामा रहेको), देवदत्त पार्क, अचम्मेश्वर गुफा, थानपति मन्दिर, शृङ्गेश्वर धाम, ट्री हाउस, बम्घाकोटमा रहेको रानीले तरबारले काटेको ढुङ्गा आदि ।

बम्घाकोटमा आउने पर्यटकलाई खाने, बस्ने व्यवस्था बलेटक्सारमा रहेका होटलमा हुन सक्दछ । यसलाई पर्यटकीय स्थलका रूपमा अगाडि बढाउन ट्री हाउस वरपर वा बम्घा थुम्कोमा नै रिसोर्ट खोल्नु पर्ने छ ।

## बम्घाकोट भँगेर मन्दिरको व्यवस्थापन पक्ष

बम्घाकोट भँगेर मन्दिरको धार्मिक पूजा सञ्चालन, सांस्कृतिक पर्वमा गरिने कार्यक्रम तथा यहाँको भौतिक सम्पत्तिको रेखदेख, सञ्चालन र यस क्षेत्रलाई पर्यटकीय स्थलका रूपमा अगाडि बढाउन व्यवस्थापन पक्षको महत्त्वपूर्ण भूमिका रहेको छ । यहाँको भौतिक सम्पत्तिमा मन्दिरको गुठीका रूपमा रिमुवामा पुजेरीका लागि भुरे राजाले दिएको दशमुरी आउने खेत र बौवामा पुजेरी पाटो छन् । बम्घाकोटको वरिपरि मन्दिरको आधा रोपनी जग्गाका साथै हालै किनिएको २३ रोपनी नौ आना तीन दाम र एक पैसाको जग्गा छ । त्यस्तै, स्थानीय विद्यालयको दुई रोपनी जग्गा पनि मन्दिरलाई प्राप्त भएको मन्दिर व्यवस्थापन समितिले जानकारी दियो । भँगेर मन्दिरको बचत कोषमा एकलाख चौबीस हजार चार सय चौरासी रहेको कोषाध्यक्षले बताउनुभयो ।

बम्घाकोटमा रहेको भँगेर देवताको पुरानो खरले छाएको सानो मन्दिर भत्काएर वि.सं.२०४५ मा टिनले छाएको निर्माण गरियो । त्यसलाई पनि भत्काएर

वि.सं.२०७८ मा नयाँ मन्दिर निर्माण सम्पन्न भएको छ । थप भौतिक संरचना निर्माण र प्रचारप्रसारका लागि वि.सं. २०७८/४/२४ गते मन्दिर व्यवस्थापन समिति गठन भएको छ । जसमा रुरुक्षेत्र गाउँपालिका वडा नं.-६, रिमुवाका मात्र १३ जना सदस्य रहनुभएको छ । व्यवस्थापन समिति वीरबहादुर पल्ली-अध्यक्ष तथा टोपबहादुर कामी-उपाध्यक्ष र सचिवमा हीराबहादुर पल्ली एवम् कोषाध्यक्षमा ज्ञानबहादुर काला रहनुभएको छ । सहसचिव फर्सबहादुर मिदुन हुनुहुन्छ । सदस्यहरूमा विष्णु पछाई, मनबहादुर पचभैंया, फर्सबहादुर दर्लामी, धनीकला परियार, उमाकला खप्तरी, लालबहादुर पचभैया, ओमबहादुर काला र पदमबहादुर रेग्मी हुनुहुन्छ ।

भँगेर मन्दिरको व्यवस्थापनमा सल्लाह दिन रुरुक्षेत्र-६, रिमुवा गुल्मीकै व्यक्तित्वहरू रहेको सल्लाहकार समिति गठन गरिएको छ । श्री गुरुप्रसाद सिंजालीको संयोजक्तवमा गठित सल्लाहकार समितिमा सदस्यहरू क्रमशः रोमनाथ पौड्याल, बुद्धिमती लामिछाने र चेतबहादुर पछाई रहनुभएको छ ।

बम्घाकोटको भँगेर देवताको मन्दिर र व्यवस्थापन समिति र सल्लाहकार समितिको वर्तमान गठन प्रक्रिया अध्ययन गर्दा रुरुक्षेत्र गाउँपालिकाको वडा नं.-६ रिमुवाका व्यक्तित्वहरू मात्र रहेको देखिन्छ । विगतका मन्दिर व्यवस्थापन समितिका इतिहास हेर्दा वि.सं.२०२६/२७ सालमा बम्घाकोटको भँगेर मन्दिर बम्घा, बलेटक्सार, रिमुवा र ग्वादीको साझा रहेको पाइन्छ । मन्दिरको व्यवस्थापन समितिमा पनि चारओटै गाउँबाट प्रतिनिधित्व हुने गरी गठन गरिएको तत्कालीन समितिका कोषाध्यक्षले जानकारी दिनुभयो ।

भँगेर मन्दिर व्यवस्थापन समिति (वि.सं.२०२६/२७)

१. श्री दानबहादुर शाही-अध्यक्ष-ग्वादी

२. श्री ठंकरबहादुर बस्नेत-उपाध्यक्ष-रिमुवा

३. श्री गोपालमणि गौतम-सचिव-बलेटक्सार

४. श्री पूर्णबहादुर राना - कोषाध्यक्ष- बम्घा

यो समिति नौ सदस्यीय थियो । सदस्यहरूमा चारवटै गाउँ पञ्चायतका प्रतिनिधि चारजना र एकजना स्थानीयले प्रतिनिधित्व गर्दथ्यो । जुन लिखित दस्ताबेजका रूपमा छ ।

## बम्घाकोट र भँगेर मन्दिरको प्रचारप्रसार

बम्घाकोट धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थल हो । यहाँ धार्मिक भक्तजन र पर्यटक भित्र्याउन रुरुक्षेत्र गाउँपालिका Detailed Project Report (DPR)ले

तयार गरेको छ । मन्दिरको नजिकै पिकनिक भवन, महिला तथा पुरुष शौचालय निर्माणाधीन छन् । पुजेरीका लागि बस्ने भवन तयार भइरहेको छ । मन्दिरको तलपट्टि बसपार्क निर्माण गर्ने योजना छ । रानीले काटेको ढुङ्गा "रानी ढुङ्गा" लाई घेराबार गरी दर्शन गर्न मिल्ने बनाइएको छ । "रानी ढुङ्गा" नजिकैको तत्कालीन समयमा युद्धका लागि खनिएको बङ्करको संरक्षणका लागि योजना बनाइएको छ । मन्दिरको पूर्व दक्षिण भागमा पर्यटन बोर्डको २० लाख सहयोगमा पौवा निर्माण कार्य भइरहेको छ । मन्दिरको पश्चिमपट्टि पूजाका फूल सेलाउन हुने र पर्यटकलाई आकर्षण गर्ने उद्देश्यले एउटा ठूलो पोखरीको निर्माण गरिएको छ । यहाँ भौतिक निर्माणले गति लिइरहेको प्रचारप्रसार गर्नुपर्ने छ ।

त्यस्तै, यहाँ तत्कालीन भुरे राजाले आराम गर्ने ढुङ्गाको प्राकृतिक कुर्सी (सोफा) रहेको, राजाको पधेँरो रहेको जस्को पानी पिए शक्ति प्राप्त हुने कुराको प्रचार गर्नु पर्ने छ । यहाँबाट दृष्यावलोकन गर्न सकिने र पर्यटनका लागि प्याराग्लाइडिङको सफल उडान परीक्षण भएको कुराको प्रचार-प्रसार गर्नुपर्दछ । पर्यटकहरूले भँगेरको दर्शनका साथै सांस्कृतिक पर्व र पर्यटनबाट मनोरञ्जन गर्न पाउने कुराको प्रचार गर्न सके यहाँको धार्मिक र पर्यटकीय विकासले फड्को मार्नेमा आश्वस्त हुन सकिन्छ ।

## सम्भावना र चुनौती

बम्घाकोटको धार्मिक तथा पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न निम्नलिखित सम्भावना रहेका छन् :

बम्घाकोटको विकासका लागि नेपाल सरकारका पूर्व मुख्य सचिव लीलामणि पौड्यालज्यूको अतुलनीय योगदान रहेको पाइन्छ । उहाँकै प्रत्यक्ष उत्प्रेरणा, सल्लाह, सुझाव र निर्देशनमा यो लेख तयार पारिएको हो । मन्दिर तथा पर्यटनका लागि आवश्यक पर्ने हरेक कुरामा उहाँको सक्रियता रहेको पाइएकोले यस ठाउँको विकासको प्रशस्त सम्भावना रहेको छ ।

बम्घाकोटको विकासका लागि वि.सं.२०५८/५९ सालमा बम्घा संरक्षण मञ्च गठन गरी विकासको पहल गरिएको थियो । अहिले "ऐतिहासिक तथा पर्यटकीय क्षेत्र" का नाममा विभिन्न विकास निर्माण र पर्यटकीय सम्भावनाको खोजी भइरहेको छ ।

बम्घाकोट रुरुक्षेत्रकै मात्र नभएर गुल्मी जिल्लाको प्रशस्त सम्भावना बोकेको धार्मिक र पर्यटकीय ठाउँ हो । यसको विकासका लागि नेपाल सरकारका पूर्व माननीय मन्त्री श्री प्रदीपकुमार ज्ञवाली, पूर्व मुख्य सचिव लीलामणि पौड्याल तथा लुम्बिनी प्रदेशका पूर्व मन्त्रीद्वय श्री सुदर्शन बराल र श्री लीला

गिरीज्यूहरूको योगदान तथा रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री यदु ज्ञवालीको विशेष पहल रहेको छ ।

रुरुक्षेत्र गाउँपालिकाको पहलमा Detailed Project Report (DPR) तयार गरी विकास निर्माणका काम थालिनु, मोटरबाटो पुर्‍याउनु, नजिकै थाम्की डाँडामा ट्री हाउस निर्माण गर्नुले विकासको सम्भावना बढाएका छन् ।

रिडीका शालिग्राम शिला पाइने विश्वकै एकमात्र नदी काली गण्डकी हृषीकेश मन्दिर र तीनमुखे पुल, बलेटक्सारको ऋङ्‍गेश्वर तपोभूमिसँग बम्घाकोटलाई जोड्न सके यो एउटा धार्मिक मात्र नभै पर्यटकीय स्थल बन्न सक्ने सम्भावना छ ।

यहाँको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्भावनालाई अगाडि बढाउन विद्यालयका स्थानीय पाठ्यक्रममा बम्घाकोटलाई समावेश गर्नुपर्दछ ।

प्याराग्लाइडिङको सफल परीक्षण उडान हुनु पनि यहाँको पर्यटकीय विकासको सम्भावनाको एउटा खुट्किलो पार हुनु हो । बम्घाकोटमा भ्यू टावर र सेल्फी टावर निर्माण गरिनु अर्को विकासको सम्भावनाको बाटो हो भन्न सकिन्छ ।

## चुनौती

बम्घाकोटमा धार्मिक, सांस्कृतिक महत्त्व भएकोले पर्यटक भित्र्याउने प्रशस्त सम्भावना भए पनि केही चुनौतीहरू रहेका छन् । जस्तै :

१. चाहेजति भौतिक संरचना निर्माणका लागि बजेट अभाव ।

२. पहाडको टाकुरामा भँगेर मन्दिर भएकोले त्यहाँसम्म पुग्ने स्तरीय सडक निर्माण गर्न कठिन ।

३. शुद्ध खानेपानीको अभाव ।

४. मन्दिरको स्वामित्व एउटा वडाको मात्र देखिनु ।

५. मन्दिरमा रुरुक्षेत्र गाउँपालिकाको एउटा वडाका मात्र व्यक्तिहरू व्यवस्थापन समिति र सल्लाहकार समितिमा हुनु । अन्य व्यक्ति र वडालाई यसको विकासमा चासो कम हुनु ।

६. बम्घाकोटको विस्तृत गुरुयोजना बनाएर कार्य नहुनु ।

## बम्घाकोटको विकासका लागि अपनाउन सकिने उपायहरू

बम्घाकोटको समग्र विकासका लागि त्यहाँ विद्यमान रहेका समस्या समाधान गर्न निम्न उपायहरू अपनाउन सकिन्छ ।

१. बम्घाकोटको भँगेर देवताको मन्दिरको व्यवस्थापनको जिम्मा एउटा वडाले मात्र लिनुभन्दा अन्य वडालाई पनि समावेश गरी जिम्मेवारी दिएमा चासो बढ्छ र विकास गर्न सजिलो हुन्छ । यसको व्यवस्थापनको जिम्मा गाउँपालिकाले लिनु उपयुक्त हुन्छ ।

२. मन्दिर संरचना निर्माण र सञ्चालनका लागि आवश्यक बजेटको पहल र खर्च गर्न एउटा "बम्घाकोट विकास कोष" स्थापना गर्नुपर्दछ ।

३. राजाको पधेरोलाई व्यवस्थित गरी बम्घाकोटमा आउने हरेक भक्तजन त्यहाँ पुग्ने र पानी पिउने र लैजाने वातावरण तयार गर्नुपर्दछ ।

४. रानीले तरबारले काटेको ढुङ्गाको व्यापक प्रचारप्रसार गर्नुपर्दछ ।

५. भँगेर देवताको शक्तिका बारेमा व्यापक खोज अनुसन्धान अगाडि बढाउनुपर्दछ ।

६. मन्दिरको नजिक रहेको नेपाल टेलिकम (NTC) को टावर हटाएर पुरातत्त्व विभागले पुरानो दरबारको अवशेष र पुरातात्विक वस्तुहरूको खोज अनुसन्धानलाई अगाडि बढाउनुपर्दछ ।

७. यस शक्तिपीठको डकुमेन्ट्री बनाएर राष्ट्रिय र स्थानीय मिडियाबाट प्रसारण गराउनुपर्दछ ।

८. स्थानीय र राष्ट्रिय पत्रपत्रिकामा बम्घाकोटसँग सम्बन्धित लेख रचना प्रकाशित गर्नुपर्दछ ।

९. वार्षिक मुखपत्र प्रकाशन गर्नुपर्दछ ।

१०. गाउँपालिकाले आयोजना गर्ने पालिकास्तरीय, प्रदेशस्तरीय र केन्द्रस्तरीय कार्यक्रम यस ठाउँमा आयोजना गर्नुपर्दछ । त्यसका लागि बृहत् सभाहल निर्माण गर्नुपर्दछ ।

११. भँगेर देवताको शक्तिका बारेमा सबैलाई बताउनुपर्दछ ।

१२. बडादशैं र चैतेदशैंका नवदुर्गामा बलिसहित पूजा लाग्ने, त्यस्तै न्वागी, पूर्णिमामा मन्दिरमा पूजा लाग्ने, श्रावण, पुष, माघ महिना र औंसी एवम् एकादशीमा पूजा नलाग्ने बारेमा जानकारी दिन स्थानीय एफ.एम.को उपयोग गर्न सकिन्छ ।

१३. मन्दिरमा दैनिक पूजाको व्यवस्था गर्नुपर्दछ ।

१४. बम्घाकोटसँग सम्बन्धित क्षेत्रहरू र पहिले बम्घा राजधानी थियो भन्ने प्रमाण दिने स्थान धोबीघाट, चौतारा, शूलीडाँडा, तालखोला, काउले खोला, बलेटक्सार, मिनामपोखरा, भण्डारी डाँडा, रानीबास आदिमा होडिङ बोर्डसहित त्यहाँ गएर हेर्न मिल्ने सङ्केतसहितका सामग्रीको व्यवस्था गर्नुपर्दछ ।

१५. बम्घाकोटको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्त्व उल्लेख गरी स्थानीय पाठ्यक्रम निर्माण र पठनपाठनको व्यवस्था गर्नुपर्दछ ।

१६. मन्दिरमा दर्शन गर्न आउने भक्तजन र पर्यटकका लागि मन्दिर रहेको क्षेत्रमा शुद्ध खानेपानी र शौचालयको व्यवस्था गरिनुपर्दछ ।

१७. बम्घाकोट घुम्न आउने पर्यटकका लागि खाने, बस्ने व्यवस्था बलेटक्सारका होटलमा उपलब्ध छ । त्यस्तै, एक-एकवटा रिसोर्ट थाम्की डाँडा ट्री हाउस नजिक र बम्घाकोट रहेकै थुम्कोमा निर्माण गर्नु आवश्यक देखिन्छ ।

## निष्कर्ष

बम्घाकोटको भँगेर देवताको मन्दिर ऐतिहासिक रहेको छ । यसका किम्वदन्ती र तथ्यगत आधारमा विशेषता र महत्त्व रहेका छन् । यहाँ राजाको दरबार रहेका विभिन्न ऐतिहासिक प्रमाण छन् । यो अद्‌भूत धार्मिक शक्तिपीठ मात्र नभएर पर्यटकीय स्थल पनि हो । भँगेर देवताको शक्ति, रानीले तरबारले काटेको ढुङ्गा तथा राजाको पधेंरो यहाँका श्रद्धालु भक्तजन र पर्यटक भित्र्याउने प्रमुख केन्द्रविन्दु हुन् । अर्गलीका राजाले पनि बम्घाकोटको पधेंराको पानीलाई शक्तिको स्रोत मानी लगेर खाने गरेको किम्वदन्ती छ । त्यसैले, अहिले बम्घामा आउने भक्तजन र पर्यटकले एकपटक त्यो पधेरोंमा पुगेर पानी पिएर मात्र फर्कन्छन् ।

यस लेखमा प्रसिद्ध बम्घाकोटको मात्र नभएर यससँग सम्बन्धित क्षेत्रको परिचय दिने प्रयास गरिएको छ । बम्घाकोटलाई "ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्र" भनी नामकरण र DPR गरी विकास गर्न थालिएको छ । यसको भौतिक संरचनाको विकाससँगै अपनत्वको भावना जगाउन बम्घा, बलेटक्सार, ग्वादी र रिमुवा एवम् समग्र रुरुक्षेत्र समेटिने गरी मन्दिर व्यवस्थापन समिति र सल्लाहकार समिति गठन गर्नुपर्दछ । उचित प्रचारप्रसारमा जोड दिनुपर्दछ ।

बम्घाकोटको विकास रुरुक्षेत्रको मात्र नभएर हामी सबैको हो भन्ने जिल्लामा भावना जागृत गर्न सके यसलाई धार्मिक र पर्यटकीय क्षेत्रका रूपमा अगाडि लैजान सकिन्छ ।

ooo

# रुरुक्षेत्रको सांस्कृतिक परिचय

✍ **मीनप्रसाद ज्ञवाली**
**रुरुक्षेत्र-५, धोबीघाट, गुल्मी**

प्राचीन ऋषिमुनिहरूको तपोभूमि आर्य सभ्यताको प्रमुख स्थल रुरु-रेसुङ्गाक्षेत्र आफ्नो गौरवपूर्ण संस्कृतिले भरिपूर्ण छ । मानव सभ्यताको सुरूवाती समयमा मानिसको स्थायी बसोबास र तद्अनुरूपका सामाजिक संरचना खडा हुँदा यो क्षेत्रमा पनि क्रमशः सनातनी धार्मिक, सांस्कृतिक सभ्यता विकसित हुँदै गयो । प्रारम्भिक चरणमा मध्य एसियाबाट पूर्वतर्फ सर्दै आएका आर्यहरूले सप्त सिन्धु र गंगाको मैदानी इलाकालाई मुख्य भूमि बनाएर आफ्नो सभ्यतालाई उत्कर्षमा पुस्याए । मोहनजोदारो र हरप्पाका भग्नावशेष तिनीहरूका पूर्ववैदिककालीन सभ्यता थिए । आर्य सभ्यताका यस्ता नमूना अहिले पनि पुरातात्त्विक अध्ययन अन्वेषण गर्नेका लागि खुला पाठशाला बनेका छन् । आर्यहरूले त्यसैबेला लिपिको विकास गरिसकेका थिए । ऐतिहासिक काल प्रारम्भमा ऋग्वेदको रचना भयो । उत्तर वैदिक कालमा बाँकी वेद, उपनिषद् र पुराणहरू तयार भए । यसै समयमा हालको रुरुक्षेत्रमा देवदत्त ऋषि तथा श्रृङ्गीश्वर र रेसुङ्गामा कश्यप ऋषिका नाति ऋष्यशृङ्गले धार्मिक अनुष्ठान, योग र तपस्या गरी ज्ञान र चेतनाको ज्योति फैलाइरहेका थिए ।

लिच्छविकालमा नेपालको गण्डकीपश्चिमको रुरुक्षेत्रलगायतको भूभागलाई मल्लपुरी भनिन्थ्यो । यो क्षेत्र काठमाडौंको लिच्छविराज अन्तरगर्तको सामान्य शासित प्रदेश थियो । लिच्छविकालपछि बाह्रौं शताब्दीतिर तिब्बतको खारी प्रदेशबाट जुम्लाको सिंजा उपत्यकामा आई राजधानी कायम गरेर शासन सञ्चालन गर्ने नागराज र उनका वंशजको खसराज्य विस्तार गर्दा रुरुक्षेत्र र यसको सेरोफेरो खसराज्य हुन पुग्यो । खसहरू आफू बौद्धमार्गी भए पनि यस क्षेत्रमा आएपछि यहाँको परम्परा र धर्म संस्कृतिमा कुनै हस्तक्षेप गरेनन् बरू आफै यसैमा घुलमिल भए । पृथ्वी मल्लपछि खसराज्य विभाजित भयो । रुरुक्षेत्रसमेतको यस भेगमा उनीहरूको नियन्त्रण कमजोर हुँदै गयो । त्यसको केही समयपछि पाल्पामा शक्तिशाली सेनवंशी राजा मणिमुकुन्द सेनको उदय भयो । उनले आफ्नो राज्य कश्मिरदेखि टिस्टासम्म पुस्याउँदा नजिकैको रुरुक्षेत्र स्वतः पाल्पाराज्यको अंग बन्यो ।

पौराणिक कालदेखि धार्मिक, सांस्कृतिक आस्थाको केन्द्र रहेको रुरुक्षेत्रमा विभिन्न समयमा भएका फरक-फरक राज्यका नियन्त्रण र शासकीय फेरबदलले यसको आध्यात्मिक महत्त्वमा कुनै किसिमको नकारात्मक प्रभाव पारेनन् । पाल्पाली राजा मणिमुकुन्द सेनको उदयपछि यसको महत्त्व नयाँ उचाइमा पुग्यो । उनले अहिलेको मन्दिर बनाए र त्यहाँ काली गण्डकीमा डुबेको अवस्थामा रहेको

भगवान्को मूर्ति प्रतिस्थापन गरे । भनिन्छ, यो मूर्ति पौराणिक कालमा देवदत्त ऋषिकी पुत्री रुरुकन्याले कठोर तपस्या गरी भगवान्सँग वरदान मागेपछि स्वयम् भगवान्बाट तयार भएको थियो । त्यसबाहेक उनको शासनकालमा त्यस सेरोफेरोमा अन्य धार्मिक, सांस्कृतिक संरचनाहरू निर्माण गरिए, जो अहिलेसम्म छँदैछन् । मणिमुकुन्द सेनको समयमा रुरुक्षेत्रलाई पवित्र धामको रूपमा विकास गरियो । यसरी प्राचीन र मध्यकालमा रुरुक्षेत्रको महत्त्वको प्रचार हुँदा यससँग जोडिएर रुद्रवेणी र शृङ्गीश्वर धामको महत्त्व पनि बढ्दै गयो । शृङ्गीश्वरको प्रत्यक्ष सम्बन्ध पश्चिम दिशामा रहेको पावन क्षेत्र रेसुङ्गासँग थियो । शाहकाल सुरू भएपछि नायब बहादुर शाह, राजा रणबहादुर शाह, भीमसेन थापा, जंगबहादुर, खड्गशमशेर, जुद्धशमशेर आदि शासकहरूले यसको प्रतिष्ठा बढाउँदै लगे । राणा प्रधानमन्त्री जुद्धशमशेरले त गद्दी त्यागपछिको धेरै समय यही क्षेत्रमा धार्मिक कार्य गरी बिताए ।

प्रागैतिहासिक कालदेखि आधुनिक समयसम्म गौरवशाली धार्मिक सांस्कृतिक केन्द्रको रूपमा रहेको रुरुक्षेत्र र यसको सेरोफेरोको राजनीतिक इतिहास उतार चढावपूर्ण रहिरह्यो । यहाँको सामाजिक संरचना र सन्तुलनमा फेरबदल आयो । सभ्यताको प्रारम्भमा यसको सेरोफेरोमा मगरहरूको बाहुल्यता भएको अनुमान गरिन्छ । यहाँका धेरै ठाउँका पुराना नामहरू मगर भाषाबाट व्युत्पन्न भएका पाइन्छन् । समयक्रममा सिन्धु-गंगानदीको मैदानी क्षेत्रमा मुसलमानी आक्रमण बढ्न थालेपछि आर्यहरू आफ्नो धर्म संस्कृति जोगाउन पहाडतिर निस्किए (केही इतिहासकारहरू मध्यकालमा मैदानी इलाकामा मलेरियालगायतका रोगव्याधि बढ्दै गएपछि त्यस भेगमा मानव बसोवास कठिन भएको र त्यसै क्रममा मिथिला, सिम्रौनगढ, कपिलवस्तु, लुम्बिनीका घना बस्ती उजाड भएको बताउँछन् ।) उनीहरूले पहाडतिर स्थायी बसोवास गर्न थाले र राजनीतिक सत्ताको नेतृत्वमा पुगे ।

लिच्छविकालमा रुरुक्षेत्रलगायतको काली गण्डकी नदीको पश्चिमी भेग लिच्छवि शासनअन्तरगत पर्दथ्यो । मध्यकालमा नेपालमा तीनवटा शक्तिशाली राज्यको उदय भयो । काठमाडौं, सिम्रौनगढ र सिंजा खस । त्यसबेला सिंजाअन्तरगत परेको रुरुक्षेत्र खस राज्यको विभाजनपछि पाल्पाली सेन राज्यको नियन्त्रणमा पुगेको कुरा माथि उल्लेख भइसक्यो । सेन राज्यको विभाजनपछि यस भेगमा चौबीसे राज्यहरूको उदय भयो ।

अब भने रुरुक्षेत्रको राजनीतिक नियन्त्रण कहिले गुल्मी र कहिले पाल्पाको मातहतमा पुगेको देखिन्छ । त्यसबेला गुल्मी र पाल्पा जो शक्तिशाली छ उसैले रुरुक्षेत्रको नियन्त्रण गर्न थाले । तर समधर्मी हुनाले यसको आस्था र विश्वासमा कुनै फरक परेन । शाहवंशको नेतृत्वमा नेपालको एकीकरण हुँदा पाल्पा पश्चिमतिरको सबैभन्दा शक्तिशाली राज्य बनेको थियो । त्यसैले शाह राजाले

पाल्पासँग वैवाहिक सम्बन्ध कायम गरी मित्रता बढाउने, गुल्मी पाल्पालाई दिन मन्जुर गर्ने र पाल्पाको सहयोगमा पश्चिमी क्षेत्रमा एकीकरण अभियान चलाउन थाले । त्यो समयभरि त रुरुक्षेत्र पाल्पा मातहत रह्यो तर काठमाडौं दरबारको आन्तरिक झगडाले पाल्पा र गुल्मीमा शासकीय हेरफेर हुँदा यसलाई समेत प्रत्यक्ष प्रभाव पर्‍यो । त्यसै क्रममा बहादुर शाहको पतनपछि वि.सं.१८५९ तिर काठमाडौंमा रणबहादुर शाहले गुल्मीलाई पाल्पाबाट खोसेर आफ्ना जेठान सिद्धिप्रताप शाहलाई गुल्मीको स्वतन्त्र राजा घोषणा गरे । अब रुरुक्षेत्र गुल्मी राज्य मातहत गयो । रणबहादुर शाहको हत्यापछि मात्र रुरुक्षेत्र विशाल नेपालमा एकीकरण भयो ।

एकीकृत नेपालको शासन सत्ता राजधानी काठमाडौंबाट मात्र सञ्चालन गर्न सम्भव थिएन । त्यसैले शाहकालमा नेपाललाई चारवटा गौंडामार्फत प्रशासन चलाउन सुरू गरियो । ती थिएः धनकुटा, काठमाडौं, पाल्पा र डोटी । रुरुक्षेत्र पाल्पा गौंडाअन्तरगत पर्‍यो । पाल्पा गौंडा बाँकी तीनवटाभन्दा महत्त्वको मानिन्थ्यो । त्यसैले पाल्पामा दरबारका शक्तिशाली व्यक्ति प्रशासक बनाएर पठाइन्थे । गौंडाप्रमुखको सहयोगको लागि गाउँहरू मिलाएर थुम बनाइन्थ्यो । त्यस्ता थुमहरूमा वंशानुगत रूपमा मुखिया जमिन्दार तालुकदार रहन्थे । उनीहरूले आफ्नो इलाकामा मालपोत संकलन र अर्धन्यायिक अधिकार पाएका हुन्थे । त्यसैले आम सर्वसाधारणको दृष्टिमा उनीहरू भुरे टाकुरे राजा मानिन्थे । रुरुक्षेत्रको बम्घामा यस्तै राजा रहेको अनुमान गर्न सकिन्छ । बम्घाका भुरे राजाको प्रशासनिक नियन्त्रण हालको रुरुक्षेत्रभन्दा परसम्म रहेको देखिन्छ । यो प्रशासनिक प्रथा शाहकाल, राणाकालसम्म चल्यो । प्रजातन्त्रपछि राजा रजौटा प्रथा उन्मूलन भयो र भुरे राजाहरूको राजनीतिक हैसियत समाप्त भयो । २०१९ को पंचायती संविधान अनुसार गाउँ पंचायतको चुनाव भएपछि गाउँगाउँमा नयाँ राजनीतिक संरचना खडा भए । मुखिया जिम्मुवालले मालपोत संकलन गर्ने प्रथा भने २०३७/३८ को कित्ता नापीपछि मात्र समाप्त भयो ।

२०१९ को पंचायती संविधानले देशलाई १४ अञ्चल ७५ जिल्ला र गाउँ/नगर पञ्चायतमा प्रशासनिक विभाजन गर्‍यो । त्यसबेला सुरूमा वर्तमान रुरुक्षेत्रको सरहदभित्र इन्द्रद्वीप, रुरु, च्युरेक, गौतमटोल, थानपति, झवा, रिमुवा, ग्वादी गाउँ पञ्चायत कायम गरिए । पछि झवा टुक्रिएर बम्घा र बलेटक्सार गा.पा. बने, त्यसपछि ईन्द्रद्वीपको मुख्य भाग भटकुवा रिडी र च्युरेक मिलाएर रुरु, गौतमटोल र थानपति जोडेर थोर्गा थानपति गा.पा. बने । २०३२ सालमा पञ्चायती संविधानको दोस्रो संशोधन गर्दा हालका ६ वटा वडालाई ६ वटा गाउँ पञ्चायत कायम गरियो ।

पञ्चायतको सुरूआती चरणमा गाउँ पञ्चायतको प्रधानपञ्च र उप-प्रधान पञ्च प्रत्यक्ष निर्वाचित स्थानीय जनप्रतिनिधि रहने व्यवस्था थियो । मालपोत तिरो

भरोको जिम्मेवारी मुखिया जिम्मावालको थियो । स्थानीय पंचायतमा निर्वाचित जनप्रतिनिधिको व्यवस्थापूर्व सम्पूर्ण अधिकार पाएका तालुकदारहरू जनप्रतिनिधि आएपछि अधिकार कटौतीमा परे । तर मालपोतको अधिकार उनैमा कायम रहेकोले स्थानीय तहमा यो व्यवस्थाले द्वैध शासनको अवस्था सृजना गर्‍यो । त्यसैले वर्तमान रुरुक्षेत्र गा.पा. भित्रका केही गाउँ पञ्चायतहरूमा सार्वजनिक सन्धिसर्पन जमिनको विषयलाई लिएर प्रधानपञ्च र तालुकदारबीच द्वन्द्वको स्थिति सृजना भयो । जनप्रतिनिधिहरू सार्वजनिक जग्गा कायम राख्न र तालुकदारहरू आफन्तलाई जग्गा दर्ता गर्न उद्दत रहिरहे । २०३७/०३८ को कित्ता नापीपछि तालुकदारी प्रथा समाप्त भयो ।

पंचायती व्यवस्थाको सुरूमा आठवटा पाउँ पंचायत रहेको वर्तमान रुरुक्षेत्र पंचायती संविधानको दोस्रो संशोधनपछि कायम गरिएका ६ वटा गाउँ पंचायतलाई २०४० को परिवर्तनपछि सोही सीमाभित्र उही नामका गाउँ विकास समिति घोषण गरियो । २०७२ को गणतान्त्रिक संविधानपछि ती सबै गाउँ विकास समितिहरू वडामा रूपान्तरित भए । ६ वटै वडाको एकीकृत रणनीतिक स्थानीय तह रुरुक्षेत्र गाउँपालिका कायम भयो । यो संरचना अन्तरगत २०७४ मा दुई पटक निर्वाचन भई जनताका प्रतिनिधिको नेतृत्वमा रुरुक्षेत्रको स्थानीय सरकार क्रियाशील रहेको छ ।

पाल्पा, गुल्मीलगायत रुरुक्षेत्रको प्राचीन, मध्यकालीन र आधुनिक इतिहास र संस्कृतिको खोज अन्वेषण गर्ने श्रेय राष्ट्रगुरु योगी नरहरिनाथलाई दिनु उपयुक्त हुन्छ । उहाँले नै सम्पूर्ण पश्चिम नेपालको विशाल खस राज्य, बाईसे चौबीसे र सेनराज्यको इतिहास र संस्कृतिको खोजी गर्नुभयो । योगी नभएको भए राजधानी काठमाडौंबाहिरको इतिहास अँध्यारोमा डुबिरहने थियो । योगी नरहरिनाथले २०३८ को माघे सङ्क्रान्तिका दिन देवघाटदेखि सुरू गर्नुभएको १२९ कोटिहोम मध्ये २०४१/०४२ तिर रुरुक्षेत्रको रुद्रवेणीमा कोटिहोम आयोजना गर्नुभयो । त्यसअघि नै योगीजीले रुरुक्षेत्र र रेसुङ्गामा धार्मिक अनुष्ठानहरू गर्नुभएको थियो । पश्चिम नेपालको इतिहास र संस्कृतिका महान् अध्येता योगीलाई हामी र राष्ट्रले समयमै चिन्न नसक्नु हाम्रो ठूलो दुर्भाग्य हो । तथापि योगीजी र उहाँले स्थापना गरेको बृहत् आध्यात्मिक परिषद्ले खोजी गरेका प्राथमिक स्रोतका आधारमा हाम्रो रुरुक्षेत्र र सेरोफेरोको इतिहास र संस्कृति अध्ययन गर्न मद्दत पुगेको छ । हाल योगीजीको मृगस्थली आश्रममा उहाँका अनन्य भक्त रुरुक्षेत्रको छिमेकी पालिका सत्यवतीको भार्सेमा जन्म लिनुभएका योगी श्रीसनाथ (दिलबहादुर श्रीस)बृहद् आध्यात्मिक परिषद्को अध्यक्ष हुनुहुन्छ । रुरुक्षेत्रलगायत यस भेगको विगत अध्ययन गर्न इच्छुकले उहाँसँग सम्पर्क गर्न सकिन्छ ।

ooo

# रुरुक्षेत्र धाम

✍ **पन्थी रामप्रसाद**
**रेसुङ्गा न.पा.-२, छापटोला, गुल्मी**

रूपन्देही, पाल्पा हुँदै जाऊँ गुल्मीभित्र
रिडी पुल छिरेसँगै आयो रुरुक्षेत्र ।

देवभूमि पुण्यभूमि धार्मिक यो क्षेत्र
जप ध्यान गर आई खुल्छन् दिव्य नेत्र ।

उत्तरमा रुद्रावती पूर्व काली गंगा
दक्षिणको रिडी खोलो आई भेट्छ गंगा ।

पुराणका कुरा अब अलिकति गरौं
छिपछिपे भए पनि ज्ञान घैला भरौं ।

देवदत्त ऋषि यहीँ आई तप गरे
ऋषि तप देखी इन्द्र अन्योलमा परे ।

ऋषि तप भङ्ग हेतु प्रम्लोचना आइन्
जन्माएर कन्या छोडी स्वर्गतिरै धाइन् ।

विरक्तिमा देवदत्त तप गर्न थाले
मृग दूध खुबाएर कन्या पाल्न थाले ।

तिनै कन्या ठूली भई तप गर्न थालिन्
नारायण आराधना जप गर्न लागिन् ।

खुसी भई नारायण दर्शन पनि दिए
रुरुक्षेत्र प्रसिद्धिको आशीर्वाद दिए ।

शिला बनी यतै बसे नारायण पनि
अलौकिक घटना यो कसलाई चाल हुनि ?

पाल्पा राज्य राज गर्ने मणि मुकुन्दलाई
इच्छा भयो स्नान गर्ने काली गंगा आई ।

फेला पारे मुकुन्दले हृषीकेश मूर्ति
भगवान दर्शन् मिल्यो भयो इच्छा पूर्ति ।

भाषा पक्ष हेरी ल्याउँदा मगरती रिडी
'रि' को अर्थ 'कालो' हुन्छ 'डी' को अर्थ पानी

संस्कृतको 'कृष्ण' शब्द 'कालो' नेपालीमा
सललल बग्छिन् काली नाम गण्डकीमा ।

रिडी मेला भव्य हुन्छ माघे सङ्क्रान्तिमा
भक्तजन भन्ने गर्छन् जाऊँ बिहानीमा

विष्णुरूप शालिग्राम मिल्छन् काली तट
काली गंगा पुगे मात्रै मुक्ति फटाफट ।

घुम्नु पर्ने ठाउँ धेरै रुरुक्षेत्रभित्र
यादहरू सजाएर राख मनभित्र ।

कालीमाथि तीनमुखे झोलुङ्गेमा चढी
गुल्मी, पाल्पा, स्याङ्जा खिच लिई सेल्फी छडी ।

देवदत्त पार्क पस वारि गुल्मी पाखो
कालीतरी हृषीकेश जाऊ पाल्पा पाखो ।

थानपति पुग्यौ भने थानपति देवी
अचम्मेश्वर भगवान गएपछि ग्वादी ।

शृङ्गेश्वर धाम जाऊ रुरुक्षेत्र चार
मनोरम शान्त क्षेत्र अन्त कहाँ छ र ?

चढ्नै पर्छ ट्री हाउस थाम्की डाँडा पुगी
दर्शन् गर मिनामकोट देउराली देवी ।

बम्घाकोट जाऊ अनि पूजापाठ गर
काटिन् भन्छन् रानी ढुङ्गो एकपल्ट हेर ।

हाँचो भाग रिडी पर्‍यो अग्लो बम्घा शिर
बम्घा पुगी रमाएर चारैतिर हेर ।

च्युरेकको लिची मिठो खुदो गुड थोर्गा
बम्घातिर दूध गोरस् खाँदा मिल्छ स्वर्ग ।

लहलह धान झुल्ने सम्मो घिउबेंसी
पालिकाको केन्द्रबिन्दु भयो यहीं बेसी ।
बलेटक्सार, रिमुवा र बम्घा थानपति
ग्वादी, रिडी लिदै छन् है विकासको गति ।

शिक्षा, स्वास्थ्य, राजनीति प्रशासन क्षेत्र
नेतृत्वमा सधै अघि थियो रुरुक्षेत्र ।

खेतबारी बाँझा भए बस्ती शून्य भयो
स्वर्ग जस्तो रुरुक्षेत्र किन यस्तो भयो ?

नेपालका चारधामभित्र रुरु पर्छ
यस्तो क्षेत्र अझै यहाँ किन पछि पर्छ ?

पठाएर युवा शक्ति परदेश सबै
भलो हुन्न आखिरमा स्वदेशको कवै ।

स्वास्थ्य, शिक्षा, रोजगारी मूल मन्त्र ठानी
सुधारिए नागरिक ठान्छन् भाग्यमानी ।

पहिचान गुल्मेलीको रुरुक्षेत्र पनि
कृषि कर्म शिक्षा धर्म संस्कृतिको धनी

प्रचारमा लागौं रुरु संसारमा छरौं
रुरुक्षेत्र उठाउन आऊ अघि सरौं ।

धर्मक्षेत्र यहीं हाम्रो कर्मक्षेत्र यहीं
अर्को जन्म हुने भए जन्म होओस् यहीँ ।

यत्ति गरें वर्णन यो रुरुक्षेत्र धाम
रुरुसेवा गरी राखौं संसारमा नाम ।।

ooo

# रुरुक्षेत्र र भगवान् हृषीकेशको महिमा[३]

✍ **कृष्ण झवाली**
**पूर्व सचिव**
**नेपाल सरकार**

नेपालका चार धामभित्रको एक धामका रूपमा मात्र नभई विश्वकै समस्त हिन्दुहरूको पवित्र तीर्थस्थलका रूपमा शास्त्रमा सुस्थापित, लुम्बिनी प्रदेश, लुम्बिनी अञ्चलअन्तर्गतका तीन जिल्ला गुल्मी, पाल्पा र स्याङ्जाको सङ्गमका रूपमा सुप्रसिद्ध, रुरुक्षेत्र रिडीमा भगवान् हृषीकेशको ऐतिहासिक मन्दिर अवस्थित छ जहाँ हामी सबैका इष्टदेव साक्षात् विष्णुस्वरूप हृषीकेशको चतुर्बाहु विग्रहमा स्वयं प्रकट शालग्रामी मूर्ति विराजमान छ । मूर्ति र मन्दिरको प्राचीनता, पौराणिक्ता र किम्वदन्तीका बारेमा पं. ज्ञानेश्वर झवाली (देवेश्वर सरस्वती) ज्यूले आफ्नो लोकोपयोगी सरल कृति "रिडीक्षेत्र महात्म्य" (२०३०) मा यथोचित प्रकाश पारिसक्नुभएको छ । त्यसैगरी स्व.विद्वान् टीकाराम पन्थीज्यूको प्रौढ संस्कृत काव्य "रुरुवृत्तम्" (वि.सं. २०२१), स्व. कवि माधवप्रसाद देवकोटाद्वारा विरचित संस्कृत काव्य रुरुगौरवम्", राष्ट्रसेवक एवं लेखक स्व. युवराज गौतमज्यूको "तीर्थ-पर्यटन" (वि.सं. २०६१), गुल्मी, तम्घासस्थित किरण पुस्तकालयद्वारा वि.सं. २०३० सालदेखि निरवच्छिन्न रूपमा प्रकाशित त्रैमासिक साहित्यिक पत्रिका "हाम्रो पुरुषार्थ" का विभिन्न अङ्कमा प्रकाशित विभिन्न लेखकका लेखहरूलगायत अन्य पुस्तक तथा पत्र-पत्रिकामा समेत यस विषयमा सूचना तथा जानकारीहरू उपलब्ध गराइसकिएका छन् । सङ्क्षेपमा भन्दा, सेनवंशीय पाल्पाली राजा मणिमुकुन्दसेन (वि.सं. १५७५-१६३०) पवित्र तीर्थभूमि रिडी[४] हुँदै प्रवाहित

---

३ *यो लेख झवाली गुठी, काठमाडौंद्वारा प्रकाशित "झवाली स्मारिका" (२०८०) मा संगृहीत लेखको साभार सम्पादित रूप हो ।*

४ *कतिपयले **रिडी** भन्नुभन्दा **रुरुक्षेत्र** शास्त्रीय नाम भएकाले त्यही नै भन्नुपर्छ भन्ने गर्छन् । त्यो कुरा हो पनि । रुरुक्षेत्रको शास्त्रीय महिमा त भन्नै परेन, वाराह पुराणको १४६ औं अध्यायको नाम नै **"रुरुक्षेत्रहृषीकेशमहिमवर्णनम्"** रहेको छ । किन्तु रिडी शब्दको उत्पत्तिमा पनि शास्त्रीय र लौकिक प्रमाण भेटिन्छन् । जस्तो यी श्लोकले रिडी नामको शास्त्रसिद्धतालाई यसरी पुष्टि गर्छन् -*
*"ऋणानां सहजातानां त्रयाणां मार्जनादियम् ।*
*ऋणीति नाम तटिनी प्रतीच्य आगता खलु ।।*
*हिमालयादुत्तरतः शालग्रामोदरा नदी ।*
*वहन्ती हन्ति पापानि जन्तूनामिह मज्जताम् ।*
*उभयोः संगमे वेण्यां हृषीकेश इति प्रभुः ।*
*कलौ मुक्तिप्रदानाय राजते ध्यायतां सताम् ।"*

भइराखेकी पुण्यसलिला काली गण्डकीमा स्नान गर्न जाँदा भगवान्‌को यसै मूर्तिमा ठक्कर लाग्न गएपछि मूर्तिलाई नदीबाट उद्धार गरी मन्दिर निर्माण गर्न लगाएर विधिवत् रूपमा प्रतिष्ठित गरिएको थियो भनिन्छ । यो घटना आजभन्दा करीब ५०० सय वर्षपहिले घटित भएको जनविश्वास छ ।

यसरी जम्मा ५५ वर्ष मात्र बाँचेका मणिमुकुन्द सेनले अल्पायुकै जीवनमा पनि राज्य सञ्चालन र युद्धकुशलताका कारण न केवल आफ्नो राजकीय कीर्ति कायम राखेनन्, अपितु भगवान् हृषीकेशको जाज्वल्यमान शालग्रामी शिलामूर्ति स्थापित गरी महान् लोकोपकारी कार्यद्वारा पुण्यकीर्तिको पहिचान बनाउन पनि सफल भए भन्दा अत्युक्ति हुनेछैन ।

तर म अहिले त्यतापट्टि जान्न । म केवल भगवान् हृषीकेशको शास्त्रीय महिमाका बारेमा चर्चा गर्न लागेको छु । सर्वप्रथम हृषीकेश शब्दबारे केही विमर्श गरौं । भगवान् विष्णुले रुरुकन्यालाई उनको कठोर तपस्याबाट प्रसन्न भएर साक्षात् चतुर्बाहु रूपले दर्शन दिएको प्रसङ्‌गमा स्वयं वराहावतार विष्णु र माता धरणीबीचको सम्वादमा उच्चरित वराहपुराण[५] अध्याय १४६ का यी श्लोकहरू (६३-६५) मा हृषीकेश शब्दको विवेचना यसरी गरिएको छ–

**'सन्निरूद्धेन्द्रियग्रामा नाचक्षत बहिःस्थितम् ।**
**तदा हृषीकाण्याविश्य संहृत्य स्वं हृदो बहिः ।**
**स्थितोऽहं वसुधे देवि अक्ष्णोः प्रत्यक्षतां गतः ॥**

---

*अर्थात् मानिस जन्मँदा तीन ऋण लिएर आएको हुन्छ, देवऋण, पितृऋण र ऋषिऋण । यी तीनोटै ऋणलाई निवारण गर्न समर्थ ऋणी नामक नदी पश्चिमतिरबाट आएकी छन् भने उत्तर दिशाबाट अर्की हिमनदी कृष्णागण्डकी आएकी छन् जसको उदरमा शालग्राम छ । यी दुबैको सङ्‌गममा भगवान् हृषीकेश विराजमान हुनुहुन्छ । यी दुबै नदीको सङ्‌गममा स्नान र भगवान् हृषीकेशको दर्शन गर्नाले मानिस ती तीनोटै ऋणहरूबाट मुक्त भई निष्पाप बन्दछ अनि अन्तमा मोक्षलाभसमेत गर्दछ ।*

*साथै, रिडी शब्दसँग जोडिएको जातीय तथा सांस्कृतिक सन्दर्भ पनि छ । रिडीका वरिपरि र खास गरी अलि पर उत्तर (पारगुल्मीको भार्से) र पूर्व (स्याङ्‌जाको कालीपार, किपट) तिर मगर जातिको बाहुल्य छ । मगर भाषामा कालोलाई **'रि'** र पानीलाई **'डी'** भनिन्छ । **कृष्णा** (काली) गण्डकी रिडी भएरै बग्ने भएकाले यो ठाउँलाई उनीहरूले **रिडी** नामकरण गरेका हुन् भन्ने लोकोक्ति पनि प्रचलित छ ।*

[५] *यो पुराण महर्षि वेदव्यासरचित १८ पुराणहरूमध्ये एक हो । यसमा जम्मा २१७ अध्याय छन् । यो पुराणमा भगवान् विष्णुको तेस्रो अवतार वराह (सूकर) ले पृथ्वीलाई उपदेश दिएको र कथाहरू सुनाएको वर्णन छ । यसभित्र भगवान्‌को वराह अवतारको उत्पत्तिका साथै अनेकौँ तीर्थ, व्रत, यज्ञ, दान र देवपूजनको महिमाबारे बताइएको छ । भगवान्‌को वराह अवतार दैत्य हिरण्याक्षले पृथ्वीलाई जलमा डुबाइदिएपछि दैत्यको बध गरी पृथ्वीको उद्धार गर्नका लागि भएको थियो । सप्तमातृकामध्ये एक देवी वाराहीलाई भगवान् वराहकी पत्नी मान्ने गरिन्छ ।*

**हृषीकाणि नियम्याहं यतः प्रत्यक्षतां गतः ।**
**हृषीकेश इति ख्यातो नाम्ना तत्रैव संस्थितः ॥**

**सा मां यदैव नापश्यदुन्मील्य नयने ततः ।**
**बहिः स्थितं च मां दृष्ट्वा प्रणनाम कृतान्जलिः ॥ "**

अर्थात् वराहरूपधारी भगवान् विष्णु पृथ्वीलाई सम्बोधन गर्दै भन्नुहुन्छ-

"रुरुकन्याको अमोघ तपबाट सन्तुष्ट भएर जब म उनको अगाडि आएँ, उनले मलाई प्रत्यक्ष दर्शन गर्न सकिनन्, किनकि उनका सबै इन्द्रियहरू निरूद्ध थिए । उनी आँखा चिम्लेर मेरै आराधनामा तल्लीन थिइन् । त्यसपछि मैले उनका इन्द्रियहरूमा प्रवेश गरेर तिनलाई बहिर्मुख गरिदिएँ । यसरी जो म उनको ध्यानको विषय भएर भित्र रहेको थिएँ, अहिले बाहिर प्रकट भएपछि आफ्नो आँखा उघारेर उनले मलाई प्रत्यक्ष देखिन् । यसरी अन्तर्ध्यानमग्न भक्तका हृषीक अर्थात् इन्द्रियहरूलाई[६] भित्रबाट बाहिर खिँचेर अर्थात् नियमन गरेर साक्षात् दर्शन दिएकाले त्यसबेलादेखि मेरो नाम हृषीकेश रहन गयो । जब रुरुकन्याले मलाई बाहिर प्रकट भएको मेरो चतुर्बाहु रूपमा देखिन्, उनी हर्षले गदगद भएर अञ्जलिबद्ध हुँदै मसँग वर मागिन् । "

स्मरणीय के छ भने हृषीक भनेको इन्द्रिय हो र यसभित्र पाँच कर्मेन्द्रिय र पाँच ज्ञानेन्द्रियसँगै मन पनि पर्दछन् । अमरकोषले मनलाई समेत ज्ञानेन्द्रियमै राखेको छ (कर्मेन्द्रियं तु पाय्वादि मनो-नेत्रादिधीन्द्रियम्-१/५/८) ।

लोकव्यवहारमा पनि हामी मनलाई छैठौँ इन्द्रिय भनेर भन्ने गर्छौँ । त्यही भएर जब भगवान्ले रुरुकन्याको "हृषीक"लाई बाहिर खिंच्नुभो, मनको एकाग्रता भङ्ग भयो र उनका सबै इन्द्रियहरू सक्रिय भए । अनि मात्रै उनले आँखा खोलिन् र भगवान्को दर्शन बाहिर पाइन् । त्यसैले मन सर्वाधिक शक्तिशाली इन्द्रिय हो भनेर मान्न सकिन्छ, किनकि यदि मनले साथ दिएन भने इन्द्रियहरू सचेष्ट हुन

---

६ *अमरकोषमा **हृषीक**लाई इन्द्रियको पर्याय मानिएको छ - "रूपं शब्दो गन्ध-रस-स्पर्शाश्च विषया अमी । गोचरा इन्द्रियार्थाश्च हृषीकं विषयीन्द्रियम्", (प्रथम काण्ड, धीवर्ग, श्लोक ७-८) । अर्थात् रूप, शब्द, गन्ध, रस र स्पर्श- यिनलाई **"विषय"** भनिन्छ । यसका पर्यायवाची शब्द **गोचर** र **इन्द्रियार्थ** हुन् । त्यसैगरी **हृषीक, विषयिन्** र **इन्द्रिय** (तीनोटै नपुंसक लिङ्ग) यी तीन इन्द्रियका नाम हुन् । इन्द्रियभित्र पाँच कर्मेन्द्रिय (**वाक्, पाणि** अर्थात् **हात, पाद** अर्थात् **गोडा, पायु** अर्थात् **गुदा** र **उपस्थ** अर्थात् **लिङ्ग**) र छ ज्ञानेन्द्रिय (आँखा, कान, नाक, जिभ्रो र छालासहित मन) पर्दछन् । (पायूपस्थे पाणिपादौ वाक्चेतोन्द्रियमग्रहः । मनः कर्णौ तथा नेत्रौ रसना च त्वचा सह । नामिका चेति षट् तानि धीन्द्रियाणि प्रचक्षते ॥ )*

सक्दैनन् वा भए भने पनि सार्थक र फलदायी हुँदैनन् । जस्तो कि गीता (१२/१४) मा पनि भनिएको छ–

**"सन्तुष्टः सततं योगी यतात्मा दृढनिश्चयः ।**
**मय्यर्पितमनोबुद्धिर्यो मद्भक्तः स मे प्रियः ॥ "**

(अर्थात् जसले आफ्नो सङ्कल्प-विकल्पात्मक मन र अध्यवसायलक्षणा (निश्चयात्मिका) बुद्धि दुबै भगवान्मा अर्पित गरेको छ त्यस्तो सदा सन्तुष्ट, संयमी, समाहितचित्त योगी पुरुष नै भगवान्को प्रिय हुन्छ) ।

अमरकोषकार अमरसिंहले मनका पर्यायवाची शब्दमा "चित्त, चेत, हृदय, स्वान्त, हृद् र मानस समावेश गर्नुभएको छ । ("चित्तं तु चेतो हृदयं स्वान्तं हृन्मानसं मनः१/४/३१)" । यसरी हेर्दा चित्त र हृदय पनि मन नै हुन् । योग र वेदान्त शास्त्रमा मन, बुद्धि, चित्त र अहंकारलाई अन्तःकरणचतुष्टय भनेर परिभाषित गरिएको छ । आद्य जगद्गुरु शंकराचार्यद्वारा विरचित वेदान्तका प्रवेशार्थीका लागि अत्यन्त उपयोगी लघुसूत्रग्रन्थ तत्त्वबोधमा यी सबैको छुट्टाछुट्टै परिभाषा दिंदै भनिएको छ–

**"संकल्पविकल्पात्मकं मनः, निश्चयात्मिका बुद्धिः, चिन्तनकृत् चित्तम्, अहंकृतिरहंकारः (३/२१.२-५) ।"**

अर्थात् मनले सङ्कल्प-विकल्प खडा गर्छ, बुद्धिले निश्चय वा निर्णय गर्छ, चित्तले चिन्तन गर्छ र अहंकारले अहम्मन्यता प्रदर्शन गर्छ । अन्तःकरणका यी चारैवटा अङ्गहरूलाई भगवान्मा नचढाएसम्म अर्थात् देह, इन्द्रिय, प्राण, मन, बुद्धि, चित्त र अहंकार यी सबैबाट पर र पृथक् यी सबैको प्रकाशक नियामक अन्तरात्मा साक्षीस्वरूप भगवान्लाई आफ्नो अभिन्न वास्तव स्वरूप भनी अनुभव नगर्दासम्म मानिस ज्ञानी र मुक्त हुन सक्दैन, सांसारिक मायाजालमा फँसिरहन्छ ।

**भगवान् हृषीकेशका दुईवटा रूप छन् -**

एक, मन्दिरमा दर्शन गर्न जाँदा आँखाले देखिने भौतिक रूप । यो भगवान्को सगुण आकृति हो । शास्त्रकारहरूद्वारा भगवान्को सगुण, सविशेष, साकार रूपको वर्णन गरेर प्रशस्त स्तोत्रहरू रचना गरिएका छन् । आद्य जगद्गुरु शंकराचार्यले सगुण परमात्माको अर्चना-वन्दना गरेर थुप्रै स्तोत्रहरूको निर्माण गर्नुभएको छ । उहाँले रचना गरेका सुललित भक्तिपद्यहरू साह्रै मनमोहक, सरल र मधुर छन् । सुरूमा भगवान्प्रति मन लगाउन सहयोग गर्ने, मनलाई एकाग्र बनाउन सघाउने, हृदयमा सात्विक भावको सञ्चार गर्ने काम यी पद्यहरूले गर्दछन् । त्यसो त आचार्य शंकरले रचना गरेका निर्गुण भजनहरू, अद्वैतपरक अभिव्यक्तिहरू, गुरुवन्दनाका स्तोत्रहरू एवं गृहस्थ अज्ञानीहरूका लागि सदुपदेश दिंदै लेखिएका

निजानुभूतिपरक पद्यहरूका साथै अनेकौँ तीर्थ र नदीको महिमागायन गर्दै लेखेका सुन्दर पद्यावली पनि प्रशस्त छन् । स्वयं कृष्णा गण्डकीको महिमागायन गर्दै आदि शंकराचार्यले लेखेको सुमधुर स्तोत्र उल्लिखित **रिडीक्षेत्र महात्म्य** ग्रन्थमा पं. ज्ञवालीद्वारा सानुवाद प्रस्तुत गरिएको छ ।[७] मलाई त अझ के पनि विश्वास छ भने आचार्य शंकरले जब **गण्डकीस्तोत्र**को रचना गर्नुभयो, तब पक्कै पनि भगवान् हृषीकेशको स्तोत्रसमेत रचना गर्नुभएको थियो होला । तर त्यो हालसम्म उपलब्ध हुन सकेको देखिँदैन ।

भगवान्को सगुण उपासनाको चर्चा गर्दा एउटा रोचक प्रसङ्ग याद आउँछ । वेदान्त र न्याय दर्शनका सुप्रसिद्ध विद्वान्, "अद्वैत सिद्धि", "भक्ति रसायन" आदि कैयन् प्रौढ ग्रन्थका प्रणेता एवं भगवान्श्रीकृष्णका अनन्य भक्त मधुसूदन सरस्वती अद्वैत वेदान्तका साधक एवं निर्गुण ब्रह्मका उपासक भईकन पनि **"गीता गूढार्थ दीपिका"** नामक भगवद्गीताको टीका लेखेर सक्नेबेलामा वंशीवादक, श्यामवर्ण, कमलनयन, पूर्णचन्द्रसदृश, देदीप्यमान, पीताम्बरधारी कृष्णबाहेक अरू कसैलाई म चिन्दिन **("वंशीविभूषितकरान्नवनीरदाभात्पीताम्बरादरूणबिम्बफलाधरोष्ठात् । पूर्णेन्दुसुन्दरमुखादरविन्दनेत्रात्कृष्णात्परं किमपि तत्त्वमहं न जाने)"** भनेर सगुण परमात्माको वशीभूत हुनुभएको र पछि उहाँले भगवान् कृष्णको साक्षात् दर्शन समेत पाउनुभएको जनश्रुति अत्यन्त रोमाञ्चक र विस्मयकारी छ । माथि उद्धृत पङ्क्ति उहाँको एउटा सुप्रसिद्ध श्लोक हो जसमा भगवान् कृष्णको सुमनोहर छविको स्तुति गरिएको छ ।

भगवान्को अर्को रूप हो - निर्गुण, निराकार, सच्चिदानन्द ब्रह्मस्वरूप । यस रूपका दुईवटा पाटा छन् - एउटा अन्तरात्मारूप, जसलाई साक्षिचैतन्य, आत्मा, प्रत्यगात्मा भन्दछन् । गीतामा यसलाई क्षेत्रज्ञ पनि भनिएको छ । यो भनेको के भने हामी सबैको हृदयमा देहादिदेखि पृथक् मन, बुद्धिको साक्षी, मन वा चित्तमा आउने सबै कुरा (वेदान्तमा यसलाई वृत्ति भनिन्छ) को प्रकाशक, साक्षी, द्रष्टा, चैतन्य वा दृक्स्वरूपका रूपमा ईश्वर विराजमान हुनुहुन्छ । यसैलाई गीतामा **"ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुनतिष्ठति । भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया" (१८/६१)** भनिएको हो । अर्थात् हामी सबै प्राणीहरूको हृदयमा भगवान्को बास छ । जसरी एकजना खेल खेलाउने मान्छेले धागोमा बाँधिएको कठपुतलीलाई आफ्नो इच्छानुसार यता र उता नचाउँछ, त्यसैगरी हाम्रो पूर्वजन्ममा आर्जित शुभाशुभ कर्मको फल प्रदान गर्दै ईश्वरले हामीलाई मायाद्वारा नियन्त्रित गर्नुहुन्छ ।

---

[७] *यसमा जम्मा ११ श्लोक छन् र यी श्लोक साह्रै सारगर्भित, सुललित र श्रुतिमधुर छन् । यो स्तोत्रलाई अनुवादसहित उक्त ग्रन्थबाट साभार गरी यो लेखको अन्तमा परिशिष्टका रूपमा राखिएको छ ।*

यसैगरी गीताकै अरू श्लोकहरू **'सर्वस्य चाहं हृदि सन्निविष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनं च । ' (१५/१५)**

**'अहमात्मा गुडाकेशःसर्वभूताशयस्थितः । अहमादिश्च मध्यं च भूतानामन्त एव च ।।' (१०/२०)** ले पनि ईश्वरलाई सबैको हृदयभित्रको साक्षिचैतन्य प्रत्यगात्माका रूपमा स्वीकारेका छन् "(सर्वेषां भूतानाम् आशये अन्तर्हृदिस्थितः नित्यं ध्येयः" - शांकर भाष्य) ।

वास्तवमा यही सर्वभूतहृदयस्थ ईश्वर नै उसको पहिलो विभूति हो, तर जसले उसलाई त्यसरी हेर्न र देख्न सक्दैनन्, उनीहरूले अन्य विभूतिहरूका माध्यमबाट उसको सगुण रूपको दर्शन गर्न सक्दछन् भनेर आदि शंकरले आफ्नो टीकामा लेख्नुभएको छ । सबै प्राणीको हृदयमा आत्मदर्शन गर्न र गराउन प्रेरित गर्ने गीताका अरू थुप्रै श्लोकहरू छन् जसले, पारमार्थिक दृष्टिको कुरा एकछिन छाडौँ, व्यवहारदशामै पनि मानिसलाई अन्तर्मुखी, अचल, सत्वगुणानुरागी, दैवीसम्पत्तियुक्त एवं समानुभूतिसम्पन्न भगवद्भक्त बन्नमा ठूलो योगदान दिन्छन् । (जस्तो छैठौं अध्यायका३०, ३१ र ३२ श्लोकहरू - **'सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि', 'यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति', 'सर्वभूतस्थितं यो मां भजत्येक्तवमास्थितः', 'आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुनः । सुखं वा यदि वा दुःखं स योगी परमो मतः'** यी सन्दर्भका केही उदाहरण हुन् ।)

भगवान्को निर्गुण रूपको अर्को पाटो हो-निरूपाधिक ब्रह्मचैतन्य । अर्थात् यसमा अन्तःकरण र अविद्या(माया) यी दुबै उपाधि (आवरण) रहदैनन् । अन्तःकरण उपाधिले साक्षिचैतन्यलाई जीव अर्थात् प्रमाता चैतन्यमा र माया अर्थात् अविद्या उपाधिले ब्रह्मलाई सृष्टिर्त्का ईश्वरमा च्युत गराइदिन्छन् । जब अन्तःकरण र अविद्या (माया) यी दुबै उपाधिको मिथ्यात्वको दृढ निश्चयपूर्वक बोध हुन्छ, तब सोपाधिक साक्षी चैतन्य र ईश्वर दुबै निरूपाधिक बन्दछन् । (जसरी घट उपाधि नष्ट भएपछि घटाकाश महाकाशमा परिणत हुन्छ र दुबैको क्रमशः शोधन भएको मानिन्छ) । यसरी शोधित त्वंपदार्थ(साक्षिचैतन्य) र शोधित तत्पदार्थ (शुद्ध चैतन्य) का बीच जब एक्ता हुन्छ तब केवल एक, अद्वितीय, अखण्ड, शुद्ध, आनन्दघन, सच्चिदानन्द ब्रह्ममात्र बाँकी रहन्छ जुन सबै मानिसको वास्तव स्वरूप (असली पहिचान वा सही परिचय) हो । वेदका चार महावाक्य (प्रज्ञानं **ब्रह्म**-ऐतरेय उपनिषद्, ऋग्वेद; **अहं ब्रह्मास्मि** -बृहदारण्यक उपनिषद्, यजुर्वेद; **तत्त्वमसि**-छान्दोग्य उपनिषद्, सामवेद र **अयमात्मा ब्रह्म**-माण्डूक्य उपनिषद्, अथर्ववेद) मध्ये तत्त्वमसि महावाक्यले जीवको ब्रह्मसँगको यही एक्ता प्रतिपादन गर्दछ ।

यहाँ अर्को एउटा प्रसङ्ग पनि स्मरणीय, सुविचारणीय र प्रशंसनीय छ । जब रुरुकन्याको अव्यर्थ तपबाट प्रसन्न भएर भगवान् हृषीकेशले उनलाई वर माग्न भन्नुभयो, ती रुरु (मृग) द्वारा पालित र पोषित कन्याले आफ्ना लागि केही

मागिनन् । बरू उनले सारा संसारको उपकार र कल्याणका लागि दुईवटा वर मागिन् र भनिन्, "हे भगवन् ! हजुर आजदेखि उपरान्त सम्पूर्ण भक्तहरूको कल्याणका लागि चतुर्बाहु रूपले सदा सर्वदा यो क्षेत्रमा विराजमान हुनुहोस्, साथै यो क्षेत्र मेरो नामबाट रुरुक्षेत्रका रूपमा दिग्दिगन्त अनन्त कालसम्म विख्यात होस् ।" भगवान्ले उनको इच्छानुसार यी दुईटै वर दिनुभयो र भन्नुभयो, "हे कन्ये ! तिम्रो यो क्षेत्रमा जसले तीन दिन गण्डकी स्नान गरेर व्रत-उपवास बसी मेरो दर्शन-पूजन गर्छ, त्यो जानी-नजानी गरेका ब्रह्महत्यादि ठूला पापहरूबाट पनि मुक्त हुन्छ र पूतात्मा बन्दछ ।"[८] वराह पुराणमा भगवान् वराह भन्नुहुन्छ, "यति भनेर भगवान् हृषीकेश (विष्णु) त्यहीँ अन्तर्ध्यान हुनुभो । उता ती रुरुकन्या पनि भगवान्को वरदानअनुसार तीर्थकै रूप बनेर रहिन् । यसरी हे पृथ्वी ! मैले तिमीलाई रुरुक्षेत्रको यो प्रसिद्ध गाथा र यो उत्तम रुरुमाहात्म्यश्रवण गराएँ ।"[९]

माथिको यो कथा-प्रसङ्गबाट देवदत्त मुनिको तपोविघ्नार्थ इन्द्रद्वारा पठाइएकी प्रम्लोचा अप्सराको गर्भबाट जन्मेकी ती कन्या कति उदारहृदया, लोकोपकारिणी

---

८ *सम्भवतः यही वरदानकै कारण रिडीमा माघे संक्रान्तिमा तीनदिने मेला लाग्न शुरू भएको हो । साथै, रुरुकन्यालाई दिएको वरस्वरूप कार्तिक शुक्ल द्वादशीका दिन भगवान् प्रकट हुनुभएको मानिन्छ । यसैदिन राजा मणिमुकुन्द सेनले मन्दिर बनाई भगवान्लाई स्थापित गरेको विश्वास छ । त्यो दिन हरेक वर्ष भगवान् हृषीकेशको रथयात्रा पनि गरिन्छ ।*

९ *ददासि चेद् वरं मह्यं देवदेव जगत्पते ।*
*अनेनैव स्वरूपेण भगवन् स्थातुमर्हसि ॥*
*स्थितोऽस्म्यत्रैव भद्रं ते अपरं वरयाशु मे ।*
*दुर्लभं ते वरं दद्मि तपसाऽहं प्रतोषितः ॥*
*इत्युक्ता मां प्रणम्याह रुरुः सा संशितव्रता ।*
*यदि प्रसन्नो देवेश ! तदा मां कुरू पावनीम् ॥ ।*
*मन्नाम्ना क्षेत्रमेतच्च ख्यातं भवतु नान्यथा ।*
*तामहं देवि सुभगे प्रोवोचं पुनरेव हि ॥*
*तीर्थानां परमं तीर्थं तव देहो भवत्वयम् ।*
*तव नाम्ना च विख्यातमेतत्क्षेत्रं भविष्यति ॥*
*तव तीर्थे कृतस्नानस्त्रिरात्रोपोषितो नरः ।*
*विलोक्य मां भवेत् पूतो मम वाक्यान्न संशयः ॥*
*ब्रह्महत्यादिपापानि ज्ञात्वाऽज्ञात्वा कृतान्यपि ।*
*यस्यास्ति विलयं क्षिप्रमेवनेतन्न संशयः ॥*
*इति दत्त्वा वरांस्तस्यै तत्रैवान्तर्हितः स्थितः ।*
*सापि कालेन सन्जाता तीर्थीभूता तथाऽभवत् ॥*
*एतत्ते कथितं देवि ! रुरुमाहात्म्यमुत्तमम् ।*
*रुरुक्षेत्रस्य प्रभवमेतद् गुह्यं परं मम ॥*
*(वाराहपुराण, १४६/७०-७७) ।*

र दूरदर्शिनी रहिछन् भन्ने स्पष्ट ज्ञात हुन्छ । नेपाल र यस रुरुक्षेत्रका वासिन्दा यी ज्ञानी, तपस्विनी रुरुकन्याप्रति सदा कृतज्ञ र आभारी रहनुपर्दछ भन्ने मेरो मत छ, अनुरोध छ । रुरुक्षेत्र गाउँपालिकाले आफ्नो भूक्षेत्रभित्र कतै अनुकूल ठाउँ खोजी यिनको नाममा एकान्त तपस्थलसहितको एक सुन्दर प्राकृतिक वाटिका निर्माण गरोस् भन्ने मेरो आग्रह पनि छ ।

देवदत्त मुनिको तपको प्रसङ्गमा एउटा अर्को मननीय सन्दर्भ छ । मुनि जब रिडीको गलफुल गुफामा विष्णुको तपस्या गर्दै हुनुहुन्थ्यो, तपको कठोरताबाट डराएर इन्द्रले अप्सरा पठाए, तपस्यामा विघ्न भयो र तप भङ्ग भयो । त्यसपछि जब उहाँ रिडीबाट थोरै माथि उत्तरतिर गण्डकी र अर्को एक नदी (तालखोला) को सङ्गम (तालदोभान) मा गई स्नान गरी त्यहीं पारिपट्टि अवस्थित भृगुतुङ्ग नामक गुफामा गएर शिवको तपस्या गर्नुभयो, भगवान् शिव तल माथि चारैतिर लिङ्ग रूपमा प्रकट भएर दर्शन दिनुभो र भन्नुभो, "हे मुनिवर ! पहिले तपाइँले भगवान् विष्णु र ममा भेदबुद्धि राखेर विष्णुको तपस्या गर्नुभो र विघ्न पर्‍यो । अहिले अभेदबुद्धि राखेको हुनाले तपाईँको साधना सफल भयो । विष्णु र शिव हामी एउटै हौं, एकात्मा हौं भन्ने भावले जसले तपस्या गर्छ, उसको तपस्या सफल हुन्छ ।"[१०]

हृषीकेश शब्दको अर्थ भगवान् वराहले माता पृथ्वीलाई वराह पुराणमा बताउनुभएको तथ्य सिद्ध भए तापनि यो पुराणको रचना महर्षि वेदव्यासले

---

[१०] *गण्डक्याः पूर्वभागे तु विविक्तं विजनं शुभम् ।*
*दृष्ट्वा तीरेषु विश्रान्तस्तपोभूमिमचिन्तयत् ॥*
*भृगुतुंगं समासाद्य शंकराराधने रतः ।*
*अतप्यत तपो घोरं शिवदर्शनलालसः ॥*
*अथ दीर्घेन कालेन सन्तुष्टः स महेश्वरः ।*
*लिंगरूपधरः साक्षादुपर्यपि तथा ह्यधः ॥*
*तिर्यक् च जलधाराभिर्युक्तस्तत्तापशान्तिकृत् ।*
*उवाच च प्रसन्नात्मा मुने पश्यस्व मां शिवम् ॥*
*मामेवावैहि विष्णुं त्वं मा पश्यस्वान्तरं मम ।*
*पूर्वमन्तरभावेन दृष्टवानसि यन्मम ॥*
*तेन विघ्नोऽभवद् येन गलितं त्वत्तपो महत् ।*
*आवामेकेन भावेन पश्यंस्त्वं सिद्धिमाप्स्यसि ॥*
*तपः प्रभावाल्लिंगानि प्रादुर्भूतानि यत्र वै ।*
*समंगमिति विख्यातमेतत् स्थानं भविष्यति ॥*
*स्नात्वाऽत्र गण्डकीतीर्थे मम लिंगानि योऽर्चयेत् ।*
*तस्य योगफलं सम्यग् भविष्यति न संशयः ॥ "*
*(वाराहपुराण, १४६/४५-५१)*

ठ्याक्कै कहिले गर्नुभो र त्योभन्दा अघि कुन-कुन ग्रन्थ (वेद, उपनिषद्, अन्य पुराणहरू, स्मृतिग्रन्थ) मा यो शब्दको प्रयोग र परिभाषा गरिएको छ भनेर अनुसन्धान गरी निष्कर्ष निकाल्न सहज छैन । तर महर्षि वेदव्यासद्वारा लक्षाधिक श्लोकसहित १८ पर्वमा विरचित विशाल महाकाव्य महाभारत र यसअन्तर्गतको भीष्म पर्वमा समाविष्ट श्रीमद्भगवद्गीता एवं अनुशासन पर्वमा समाविष्ट विष्णुसहस्रनाममा भगवान्को यस नामको उल्लेख र वर्णन पाइन्छ ।

भगवद्गीतामा जम्मा ७ ठाउँमा हृषीकेश शब्दको प्रयोग भएको छ । पहिलो अध्यायका पन्ध्रौँ "(पान्चजन्यं हृषीकेशो)", एक्काइसौँ"(हृषीकेशं तदा वाक्यम्)" र चौबीसौँ "(एवमुक्तो हृषीकेशो)" श्लोकहरू; दोस्रो अध्यायका नवौँ" (एवमुक्त्वा हृषीकेशं)" र दशौँ "(तमुवाच हृषीकेशः)" श्लोकहरू, र एघारौँ अध्यायको छत्तीसौँ श्लोक "(स्थाने हृषीकेश तव प्रकीर्त्या)" र अठारौँ अध्यायको पहिलो श्लोक "(त्यागस्य च हृषीकेश)" । तर यी कुनै पनि श्लोकको शांकर भाष्यीय टीकामा हृषीकेश शब्दको व्युत्पत्तिपूर्वक अर्थ दिइएको छैन, केवल भगवान् कृष्णलाई सम्बोधन गर्ने शब्दका रूपमा यसलाई प्रयोग गरिएको छ ।

परन्तु विष्णुसहस्रनामको शांकरी टीकामा चाहिँ यसबारे बोलिएको छ । ग्रन्थको १९ औँ श्लोकमा भगवान् विष्णुको ४७ औँ नामका रूपमा हृषीकेश शब्द रहेको छ र यसको भाष्य (टीका)मा आदि शंकराचार्यले हृषीक अर्थात् इन्द्रियहरूको मालिक अथवा गीता १३ औँ अध्यायमा बताएजस्तै क्षेत्रज्ञका रूपमा यो शब्दको अर्थ गर्नुभएको छ । **"(हृषीकाणीन्द्रियाणि; तेषामीशः क्षेत्रज्ञरूपभाक् ।)"** तर, उहाँले यो शब्दको अर्को अर्थ पनि गर्न सकिने भन्नुभएको छ । शंकर भन्नुहुन्छ, "जुन सूर्य अथवा चन्द्रमारूप भगवान्को संसारलाई नै प्रसन्न तुल्याउने किरणरूपी केश हृष्ट अर्थात् प्रफुल्ल भएर प्रकाशित भएको छ, उहाँ अर्थात् हृष्टकेश नै हृषीकेश हुनुहुन्छ । यसको पुष्टिमा भगवान् शंकरले दुई वटा प्रमाण पनि दिनुभएको छ । एउटा "सूर्यरश्मिर्हरिकेशः पुरस्तात्" भन्ने श्रुतिवाक्य (ऋग्वेद १०/१३९/१) । अर्थात् "सूर्यका किरणहरू अगाडिपट्टि (बाट हेर्दा) भगवान् विष्णुका केश (जस्ता प्रतीत हुन्छन्)" शंकरका अनुसार **हृष्टकेश** शब्दको ठाउँमा हृषीकेश शब्दको प्रयोग पाणिनीय अष्टाध्यायीको "पृषोदरादीनि यथोपदिष्टम्" सूत्र (६/३/१०९) बमोजिम शिष्टोच्चारित भएकाले शुद्ध मानिन्छ । दोस्रो प्रमाणका रूपमा शंकरले महाभारत शान्तिपर्वअन्तर्गत मोक्षधर्म (३४२/६६-६७) का यी दुई श्लोक उद्धृत गर्नुभएको छ-

**"सूर्याचन्द्रमसौ शश्वदंशुभिः केशसंज्ञितैः ।**
**बोधयन् स्वापयश्चैव जगदुत्तिष्ठते पृथक् ।**
**बोधनात्स्वापनाच्चैव जगतो हर्षणं भवेत् ।**
**अग्निसोमकृतैरेवं कर्मभिः पाण्डुनन्दन ।**
**हृषीकेशो महेशानो वरदो लोकभावन । "**

अर्थात् "सूर्य र चन्द्रमा आफ्ना केश नामक किरणबाट संसारलाई जगाउँदै र सुताउँदै अलग-अलग उदाउँछन् । उनीहरूको यो कार्यबाट संसारलाई हर्षको अनुभव हुन्छ । हे पाण्डुनन्दन ! यसप्रकार अग्नि र चन्द्रमाद्वारा गरिएका यी कर्मबाट लोकभावन, वरदायक, महेश्वर हृषीकेश कहलाउनुहुन्छ ।" (विष्णुसहस्रनाम शांकर भाष्यको गीताप्रेसद्वारा गरिएको हिन्दी अनुवादमा आधारित) ।

भगवान् हृषीकेशको महिमावर्णनका क्रममा भगवान्को भव्य मूर्ति र मन्दिरका अतिरिक्त माता गायत्रीदेवीको मन्दिर र स्थापनाकालमा रुरुक्षेत्र ब्रह्मचर्याश्रम हुँदै वर्तमानमा गुरुकुल, पतितपावनी कृष्णा गण्डकी, गण्डकीको गर्भ र तटमा अवस्थित एवं उपलब्ध शालग्राम (वा शालिग्राम) शिला, केही वर्ष अगाडिको भूक्षयबाट पुरिएको भृगुतुङ्गेश्वर महादेवको मन्दिर र गुफाका साथै अन्य देवदेवीका मन्दिर, अद्वैत संस्था रिडी आचार्यपीठ, कैयन गुफा, आश्रम, पाटी-पौवा, गोशाला र नवनिर्मित तीनमुखे पुलसहित समग्र रुरुक्षेत्र वा रिडीक्षेत्रको भौगोलिक, धार्मिक तथा सांस्कृतिक महत्त्व र वैशिष्ट्यको स्मरण गर्नु आवश्यक छ । वराह पुराणका अध्याय १४४-१४६ मा यस क्षेत्रको वर्णन अत्यन्त सुन्दर र विस्तृत ढङ्गबाट गरिएको छ । अध्याय १४४ को नाम **"मुक्तिक्षेत्रत्रिवेण्यादिमहिमकथनम्"** राखिएको छ र यसभित्रका ३५ देखि ५८ सम्मका श्लोकहरूमा गण्डकी महिमाको आख्यान बताइएको छ भने श्लोक १०६ मा गण्डकीलाई भगवान् विष्णुको गण्डस्थल (गाला) बाट उत्पन्न भएकी सरित्श्रेष्ठा नदीका रूपमा चित्रण गरिएको छ **"(गण्डस्वेदोद्भवा यत्र गण्डकी सरितां वरा)"** । यसबाहेक स्कन्दपुराण अन्तर्गतको हिमवत्खण्ड (कामाख्या-कौशिकी प्रकरण, अध्याय ४४ र ५५)[११], श्रीमद्भागवतको विशेषतः पञ्चम र दशम स्कन्ध, देवीभागवत, पद्मपुराण, कल्किपुराण, आनन्दरामायण आदि अनेकन शास्त्र ग्रन्थमा गण्डकीलाई **चक्रनदी, शालग्रामी नदी, सरित्प्रवरा** आदि नामले सम्बोधन गर्दै स्तुति गरिएको पाइन्छ ।[१२] त्यसैगरी वराहपुराणको अध्याय १४५ मा

---

[११] *यी अध्यायहरूमा जालन्धरकी पत्नी वृन्दाको श्रापले भगवान् विष्णुले शालिग्राम रूप धारण गरेको, विभिन्न चक्रहरू भएका शालिग्राममा भगवान्का विभिन्न विभूतिहरू रहेको, गण्डकीका तटमा मुनि पुलह, गण्ड, मरीचि आदि कैयन ऋषिले जलदेवी (गौरी) को तपस्या गरेको, भगवान् विष्णु (कृष्ण) को आभा (तेज, कान्ति) धारण गरेका कारण गण्डकी नदीलाई* ***'कृष्णाभा'*** *पनि भनिने गरेको आदि प्रसंगहरू सविस्तार वर्णन गरिएको छ।*

[१२] *उल्लिखित* ***'रिडीक्षेत्र महात्म्य'*** *ग्रन्थमा पं. ज्ञवालीज्यूले यसबारे पर्याप्त दिग्दर्शन गर्नुभएको छ । उहाँको एउटा अत्यन्त उपयोगी र विस्तृत लेख केही वर्षपहिले* ***'सरित्प्रवरा गण्डकी'*** *शीर्षकमा कान्तिपुर दैनिकमा प्रकाशित भएको थियो । त्यसैगरी स्व. पण्डित उमानाथ पन्थीद्वारा रचित "गण्डकीगौरवम्" एउटा उच्चकोटिको संस्कृत काव्य हो । यसभित्र भगवान् हृषीकेशको पनि स्तुति गरिएको छ । त्यसैगरी काशीरामद्वारा लिखित* ***'गण्डकीमाहात्म्य'***

शालग्राम र यो प्राप्त हुने क्षेत्रको वर्णन गरिएको छ । श्लोक १०४ र १०५ मा **मुक्तिक्षेत्र, रुरुक्षेत्र, त्रिवेणी** र **हरिहरक्षेत्र**को उल्लेख गर्दै यिनलाई पवित्र शालग्रामतीर्थका रूपमा परिगणित गरिएको छ । यसरीयो अध्यायको नाम नै "शालग्रामक्षेत्रमहात्म्यवर्णन" राखिएको छ ।

रिडीमा २०२३ सालमा स्थापित 'नेपालको एकमात्र विचारप्रधान आध्यात्मिक प्रतिष्ठान' अद्वैत संस्थाअन्तर्गत आचार्यपीठ पनि रहेको छ । पीठमा नियमित रूपमा दैनिक र विशेष सत्सङ्ग सञ्चालन हुन्छ । पीठाधीश आचार्य देवेश्वर सरस्वतीज्यूले पीठको नेतृत्व गरिरहनुभएको छ । संस्थाका संस्थापक प्रातःस्मरणीय ब्रह्मज्ञानी श्रीगुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीले दुईपटक भ्रमण गर्नुभई रिडीलाई सा**क्षात्कार क्षेत्र** घोषित गर्नुभएको थियो । सुषुप्ति र सृष्टि तथा **रुरुक्षेत्र** र **साक्षात्कार** शीर्षकको डा. चक्रवर्तीज्यूद्वारा रचित यस विषयको एउटा ग्रन्थ पनि संस्थाद्वारा प्रकाशित भएको छ । रुरुक्षेत्रका सम्बन्धमा डा. चक्रवर्तीले लेख्नुभएको छ, "विश्वनाथको नगरी काशीजस्तो अविमुक्तक्षेत्र हो, किनकि त्यो नगरीलाई उत्तम मुमुक्षु पुरुषले र भगवान् विश्वनाथले कहिल्यै परित्याग गर्नुहुन्न, त्यसैगरी कुरुक्षेत्र जस्तो प्रसिद्ध धर्मक्षेत्र हो, रुरुक्षेत्र पनि आफ्नो यथार्थ स्वरूपको साक्षात्कार गर्ने क्षेत्र हो । भगवान् हृषीकेशको यो पुण्यक्षेत्र हो - अद्वितीय भगवत्स्वरूपको अनन्य भक्तिको शास्त्रप्रसिद्ध अति उत्तम भूमि । भगवान् हृषीकेशमा चित्तको अनन्यपरता भए उहाँकै प्रसादबाट तत्त्वसाक्षात्कार लाभ गरीकन रुरुक्षेत्रनिवासी अग्रगण्य सज्जनवृन्द सजिलोसित जीवनमुक्त भएर अरू मुमुक्षुहरूलाई अनुप्राणित गर्नुहुनेछ । यसरी रुरुक्षेत्रले सहज र अनिवार्य साक्षात्कार क्षेत्र भनी शास्त्रमा प्रसिद्धिलाभ गरेको छ । जो केवल भगवान् हृषीकेश(आत्मस्वरूप) को अनुसन्धानमा तत्पर हुनुहुन्छ, उहाँहरूका लागि साक्षात्कार अति सुलभ हो । यो हो वेदको उत्तम सिद्धान्त ।"

भगवान् हृषीकेशको महिमा जति वर्णन गरे पनि कमै हुन्छ । यति भव्य र सुन्दर स्वयंप्रकट अविकल चतुर्बाहु शालिग्रामी मूर्ति संसारमै दुर्लभ छ । फेरि भगवान् हृषीकेशको यति प्रामाणिक र शास्त्रसम्मत महात्म्य छ कि त्यो अकाट्य छ । हिजोआज मन्दिर निर्माणको क्रम खुब चलेको छ । विशाल एवं भव्यमन्दिरहरू बनाइन्छन् र विपुल आकारका मनोरम मूर्तिहरू पनि स्थापना गरिन्छन् । नेपाल, भारत र अझ युरोप, अमेरिका, अष्ट्रेलियातिर यस्ता भव्याकृति मन्दिरहरू प्रशस्त पाइन्छन् । ती स्वच्छ, सफा, शान्त, फराकिला, व्यवस्थित र आकर्षक पनि छन् । दर्शनार्थीहरूमा पङ्क्तिबद्धता र अनुशासन देखिन्छ, उनीहरू ध्यानमुद्रामा

---

*(हेरौं, यो लेख - https://www.himaldarpan.com/news/devghat-history-and-cultural-importance/)_ र किरण पुस्तकालयबाट प्रकाशित तथा केशवप्रसाद पौडेलद्वारा लिखित* ***"रुरुक्षेत्र" (२०४३)*** *पनि सान्दर्भिक परिचयात्मक कृति हुन् ।*

एकाग्रचित्त भएर दर्शन गरिराखेका भेटिन्छन् । कुनै भीडभाड, कोलाहल र अस्तव्यस्तता देखिँदैन । देवताको विग्रह (मूर्ति) मा चन्दन, फूल, अक्षता, जल र भेटी चढाउँदा हुने लतपत, हिलो, र पूजासामग्रीजन्य 'फोहर' पनि छैन । परिसर र परिवेश सफा छ, जाउँ-जाउँ, बसौँ-बसौँ लाग्ने एकप्रकारको आमन्त्रणकारी वातावरण छ । निश्चय नै यो प्रशंसनीय पक्ष हो आधुनिक मन्दिरहरूको । किनभने मन्दिर भनेका प्रार्थनागृह हुन्, ध्यानमन्दिर हुन्, साधनास्थल हुन् । साधनाको सफलताका निम्ति यिनको भौतिक र पर्यावरणीय स्वच्छता र शान्तिमयता अत्यन्तै अपरिहार्य छ । आधुनिक मन्दिर व्यवस्थापनका राम्रा पक्षहरूको हामीले एकदमै अनुकरण र पालना गर्नुपर्छ ।

तर अर्को बिर्सनै नमिल्ने तथ्य के पनि हो भने भलै यी मन्दिर सुग्घर-सफा र व्यवस्थित होलान्, तर आधुनिक र नवनिर्मित भएकाले यिनको कुनै प्राचीन पौराणिक वा शास्त्रीय इतिहास हुने कुरा भएन, छैन । त्यसैले शास्त्रमा यिनको दर्शनबाट मिल्ने फलको उल्लेख हुने कुरा पनि भएन । यी मन्दिरमा स्थापित मूर्ति स्वयंप्रकट नभएर मानवनिर्मित हुन् र तिनलाई प्राणप्रतिष्ठा गरेर मात्र स्थापना गरिएको हो ।

यो भनेर आधुनिक मन्दिरको मानमर्दन गर्न खोजिएको भने कदापि होइन । यी मन्दिरहरू आजका र भोलिका युवा पुस्तामा धार्मिक जागरण ल्याउन, आस्तिक्य संस्कार बढाउन र प्रार्थना र साधनाको संस्कृति प्रवर्द्धन गर्नका लागि अत्यन्त उपयोगी सिद्ध हुन सक्छन् र भइराखेका पनि छन् । यहाँ त केवल हाम्रा प्राचीन मठ-मन्दिरको महिमा पुनर्बोध गराउन खोजिएको हो । यी अमूल्य सम्पदाको शास्त्रीय महत्त्व र गौरव स्मरण गराएर यिनको संरक्षण र सम्वर्द्धनतर्फ सबैलाई उत्प्रेरित गर्न खोजिएको हो, र खोजिएको हो–मानव मात्रको अन्तिम लक्ष्य परम निरतिशय निरवधिक शान्तिरूप मोक्ष प्राप्त गर्नका लागि इष्टदेव भगवान् हृषीकेशको साकार र निराकार दुबै रूपको भक्ति गरी ज्ञान प्राप्त गर्नका निमित्त सबैलाई जागृत तुल्याउन ।

रिडी प्राचीन कालदेखि नै त्यो क्षेत्रको प्रमुख व्यापारिक, पर्यटकीय तथा सांस्कृतिक केन्द्र भए तापनि मूलतः धार्मिक तीर्थस्थल भएकाले यसको धार्मिक महत्ताको संरक्षण र संवर्द्धन अहिलेको सर्वोपरि चुनौती हो । यस क्रममा मुख्यतया पाँच पक्षमा विशेष ध्यान पुऱ्याउनुपर्छ -

१) **पुण्यतोया गण्डकी नदीको तटमा स्नानको सहज-सुगम प्रबन्धका निम्ति घाटको निर्माण र सुसन्चालन –** यद्यपि बर्खामा बाढीले क्षति पुऱ्याउने भएकाले बाह्रै महीना एकै स्थलमा घाट सन्चालन गर्न गाह्रो छ, तर कम्तीमा हिउँदका ८ महीनाका लागि त्यसको निर्माण गर्न सकिन्छ । भारतको हरिद्वारमा गंगाजीमा तटबन्ध निर्माण गरेर जलराशिलाई एकत्रित

गरी एकै ठाउँबाट जलप्रवाहको व्यवस्था गरिंदा स्नान, तर्पणादि प्रयोजनका लागि सजिलो भएको छ, हेर्दा रमणीय पनि देखिएको छ । बेलुका गंगा आरतीको भव्यताले मनै लोभ्याउँछ । यहाँ पनि त्यसैगरी के कति गर्न सकिन्छ, प्राविधिक विशेषज्ञहरूले सोंच्नुपर्‍यो ।

२) **कल्पवासीहरूलाई लक्ष्यित गरी विस्तारित रिडीक्षेत्रमा वृद्धाश्रमको व्यवस्था**– रिडी पवित्र तीर्थस्थल भएकाले शेष जीवन सरल र सादगीपूर्ण शैलीमा यहीं बसेर पुण्यकार्य गरी बिताउने र देहत्यागको प्रतीक्षा गर्ने परम्परा छ । यसरी देहत्याग गर्नेहरूले मोक्ष प्राप्त गर्ने शास्त्रीय वचन र लोकविश्वास छ । यस्तो विशेषता काशीमा छ, जहां भागीरथी (गंगा) को तटमा देहत्याग गर्नेहरूलाई प्राणत्यागका समयमा भगवान् विश्वनाथ स्वयं आएर कानमा तारक मन्त्र श्रवण गराउनुहुन्छ र उनीहरू मुक्त हुन्छन् भन्ने शास्त्रवचन छ (जस्तै- "मुमूर्षोर्मणिकर्ण्यां तु चार्धोदकनिवासिनः । अहं ददामि ते मन्त्रं तारकं ब्रह्मदायकम् ।।" "काश्यां मरणान्मुक्ति", आदि) । काशीकै जस्तो फल रिडीमा देहत्याग गर्नेहरूले प्राप्त गर्छन् भनेर स्वयं आद्य जगद्‌गुरु शंकराचार्यले आफ्नो गण्डकीस्तोत्रमा लेख्नुभएको छ । ("कलौ काशिका मुक्तिदाऽसि प्रसिद्धा") ।

शास्त्रीय भाषामा यसरी भगवत्प्राप्तिको कामनापूर्वक गरिने शेष जीवनयापनको कार्यलाई "कल्पवास" भनिन्छ । केही वर्षअघिसम्म रिडीमा यसरी कल्पवास बस्न आउने भक्त-भक्तिनीहरूको सङ्ख्या निकै ठूलो हुने गर्थ्यो । आधुनिक्ता र भौतिक्ताको प्रभावले यसमा अहिले निकै कमी आए पनि यो क्रम पूरै बन्द भने भएको छैन । धार्मिक पुनर्जागरण हुंदै गयो भने यो परम्परा पुनर्जीवित पनि हुन सक्छ । देवघाटमा यो क्रम बढेको छ । यसलाई लक्ष्यित गरी रिडीक्षेत्रलाई विस्तार गरी वृद्धाश्रमको व्यवस्था गरिनुपर्छ ।

३) **शवदाहको समुचित प्रबन्ध** – रिडीक्षेत्रको गण्डकीतट मृत देह (शव) को दाह संस्कारका लागि सुप्रसिद्ध छ । यहां देहविसर्जन गरेपछि गतिमुक्ति प्राप्त गर्ने शास्त्रीय प्रमाण र लोकविश्वास बलियो भएकाले दाहसंस्कारका लागि घाटको निर्माण र सुव्यवस्था अति नै जरूरी छ । यद्यपि स्नानस्थल निर्माणमा जस्तै शवदाहस्थलको स्थायी प्रबन्ध गर्नमा बर्खे बाढीले खलल पुर्‍याउँछ नै, तर पनि प्राविधिक र विज्ञहरू बसेर यसबारे छलफल गरेर उचित योजना बनाउन अब अरू विलम्ब गर्न हुँदैन ।

४) **मठ-मन्दिर र सम्पदाको संरक्षण** –यसका लागि प्राचीन स्मारक संरक्षण ऐन, २०१२को कडाइका साथ पालना र कार्यान्वयन गर्ने, गराउने काम संघ र प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिकाले गर्नुपर्छ । त्यसैगरी

मठ-मन्दिरको मौलिक सौन्दर्य सुरक्षित रहनेगरी तिनको पुनर्निर्माण र व्यवस्थापन, ती मठ-मन्दिरमा पूजा-आजा संचालनका लागि हाम्रा पुर्खाले दिगो आयस्रोतका रूपमा बन्दोबस्त गरिदिएको गुठीको जग्गाको खोजीनीति गरी अतिक्रमण गरिएको भए त्यसको पुनरूद्धार र पुनः सन्चालन, नदी तट र सम्पदा क्षेत्रमा जथाभावी मलमूत्रत्याग र फोहरमैला गर्नमा प्रतिबन्ध लगाई शौचालयको पर्याप्त व्यवस्था, रिडीक्षेत्रको निश्चित स्थललाई मांस-मदिरामुक्त क्षेत्र घोषणा गरी त्यसभित्र कडाइका साथ मांस-मदिराको बिक्री-वितरण र उपभोगमाथि प्रतिबन्ध, गण्डकी तट शालिग्राम क्षेत्र भएकाले विश्वमै दुर्लभ भगवान् विष्णुको साक्षात् विग्रह शालिग्राम र नदीकै समेत संरक्षणका लागि नदीतट र बगरमा ढुंगा र वालुवाको उत्खनन र ठेक्का-पट्टामा रोक जस्ता 'अलोकप्रिय' काम गाउँपालिकाले गर्न सक्नुपर्छ ।

५) **धार्मिक-सांस्कृतिक-आध्यात्मिक पुनर्जागरण** – प्राचीन कालदेखि नै रिडी धर्म, संस्कृति र अध्यात्मको चर्चा-वार्ता, विचार-विमर्श, अध्ययन-अध्यापन, यज्ञ-अनुष्ठान, र जात्रा-मेला-उत्सव आदिको संगमस्थल रहिआएको छ । वास्तवमा यो रिडीको अमूल्य सांस्कृतिक सम्पदा हो जसलाई पुरातात्त्विक शब्दावलीमा "अमूर्त्त त सम्पदा" (Intangible Heritage) पनि भनिन्छ । रिडीले प्राप्त गरेको यो ऐतिहासिक पहिचान, छवि र बिरासतलाई जोगाएर रिडीको बौद्धिक एवं सांस्कृतिक प्रतिष्ठाको पुनरूद्धार गर्नु अहिले अपरिहार्य आवश्यक्ता र चुनौती बनेको छ ।

रिडीमा स्थापनाको शताधिक वर्ष पूरा गरी शताब्दी उत्सव मनाइसकेको नेपालकै पुराना विद्यालयहरूमध्येको एक संस्कृत प्रधान पाठशालाको आधुनिक रूप संस्कृत विद्यालय जीवितै छ । त्यसैगरी संस्कृतमा उच्चशिक्षा प्रदान गर्न खुलेको रुरु संस्कृत विद्यापीठले पनि आफ्ना कार्यक्रम संचालन गरि नै रहेको छ । अहिले वैदिक गुरुकुल पनि संचालित छ । संस्कृतसँगै आधुनिक विषयको शिक्षा प्रदान गरी ज्ञान र विज्ञानको ज्योति बाल्ने अर्को पुरानो विद्यालय रिडी हाइस्कूल र क्याम्पस पनि संचालनमा छन् । आध्यात्मिक वेदान्त दर्शनको ऊहापोह र विचार-विमर्श गर्ने विशिष्ट थलो अद्वैत संस्था रिडी आचार्यपीठ पनि सत्संग, पठन-पाठन आदि कार्यमा निरन्तर तल्लीन र दत्तचित्त छ । यो क्रमलाई अझ परिष्कृत, स्तरीय, समन्वित र संस्थागत गरी रुरुक्षेत्र रिडीलाई संस्कृत, संस्कृति, सदाचार, दर्शन र ज्ञान-विज्ञानको केन्द्रका रूपमा स्थापित गरी आध्यात्मिक तथा सांस्कृतिक जागरणको केन्द्रका रूपमा पुनःस्थापित गर्नुपर्ने आवश्यक्ता अनुभूत भएको मैले देखेको छु ।

मैले यो लेखमा रुरुक्षेत्र गाउँपालिकाको रिडीक्षेत्रलाई लक्ष्यित गरी आफ्ना धारणा राखें, यद्यपि खास रिडीको आफ्नो भौगोलिक क्षेत्रफल सानो र सीमित भएकाले

यस क्षेत्रको समग्र विकासका लागि रिडीमै मात्र केन्द्रित भएर काम गर्नु व्यावहारिक नहुन सक्छ । त्यसैले रिडीको विकासका सन्दर्भमा कुरा गर्दा रिडी र वरपरका सबै गाउँहरूलाई समेटेर बनेको रुरुक्षेत्र गाउँपालिकालाई नै व्यापक रूपमा समेट्दै एउटा बृहत् गुरुयोजना निर्माण गरी अगाडि बढ्नु उचित हुने मेरो दृष्टिकोण छ । अस्तु !

## परिशिष्ट

जगद्गुरु शङ्कराचार्यद्वारा विरचित

### श्री गण्डकी स्तोत्र[१३]

सबै पापलाई हरण गर्न समर्थ भएकी श्री गण्डकीको उत्पत्ति र महत्त्व दर्शाउने जगद्गुरु शङ्कराचार्यद्वारा विरचित श्री गण्डकी स्तोत्र र त्यसको सरल नेपाली रूपान्तर यहाँ प्रस्तुत गरिएको छ ।

> **समस्ताघहारि प्रभूतं मुरारेश्च्युतं गण्डयुग्मागतस्वेदरूपम् ।**
> **त्वदीयं जलं ये स्पृशन्ति प्रशस्तं[१४] शुभं गण्डकी ! प्राणिनस्ते हि धन्याः ॥१॥**

हे गण्डकी ! भगवान् विष्णुको दुई गालादेखि पसिनाका रूपमा निस्केको तपाईंको जल सबै किसिमका पापलाई नाश गर्न समर्थ छ । त्यसैका लागि नै तपाईं नदीको रूपमा बग्नुभएको हो । तपाईंको यो जल (मुक्तिनाथदेखि हरिहरक्षेत्रसम्म) सबैका निम्ति प्रशस्तरूपले प्राप्त छ । यसको स्पर्शमात्र गरे पनि प्राणीहरू धन्य-धन्य बन्दछन् भने स्नान र पान गर्नेहरूको पुण्य कति हुन्छ त्यो त बताएरै सकिदैन ।

शास्त्र-अनुसार गण्डकी आदि नदीहरूका दुई रूप छन् - जडरूप र चेतनरूप । यहाँ जो स्तुति गरिएको हो त्यो चेतनरूपको हो । वास्तवमा जड वस्तु चेतनदेखि अलग हुँदैन । तपाईंको स्तुति म जस्ताबाट सम्भव छैन भन्नु हुँदै विनीत भावमा प्रार्थना गर्नुहुन्छ -

---

[१३] *आदि शंकरको यो स्तोत्र पिताजी पं. ज्ञानेश्वर ज्ञवाली (देवेश्वर सरस्वती) ज्यूद्वारा रचित कृति "रिडीक्षेत्र महात्म्य" (२०३०) र विद्वद्वर प्रा.वेणीमाधव ढकालद्वारा लिखित स्कन्द पुराणअन्तर्गत "हिमवत्खण्ड''को नेपाली भाषानुवाद (विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौ, २०७५०को परिशिष्टबाट साभार लिइएको हो । प्रा.ढकालद्वारा उद्धृत उक्त स्तोत्र थप चारोटा श्लोकहरूसहित जम्मा १५ श्लोकीय छ । ती श्लोकहरू श्लोक ११, १२, १३ र १५ का रूपमा अर्थसहित तल यथास्थानमा राखिएका छन् ।)*

[१४] *यहाँ पिबन्ति प्रसन्नम्'' भन्ने पाठान्तर पनि छ ।*

**त्वदीयां स्तुतिं को विधातुं समर्थोविना नारदं तुम्बुरूं वापि लोके ।**
**क्षमस्वाम्ब धाष्ट्र्यं मयैतत्त्वदीया स्तुतिर्मामियं प्रेरयत्येव नूनम् ॥ २ ॥**

हे आमा ! नारद ऋषि अथवा तुम्बरू गन्धर्व आदि ठूला ठूला पुरुषहरूबाहेक तपाईंको स्तुति गर्न अरू कसले सक्दछन् र ? किन्तु, तपाईंको महिमाले नै मलाई स्तुति गर्न प्रेरणा गरिरहेको जस्तो लाग्छ । तपाईंको महानतालाई जानेर नै अनादि कालदेखि तपाईंको स्तुति प्रशंसा सबैले गर्दै आएका हुन् । त्यसैबाट प्रेरित बनेर म पनि स्तुति गर्न अघि सरें । नत्र कसरी म स्तुति गर्न अघि सर्न सक्थें र? त्यसो भएको हुनाले मेरो ढिठ्याईंलाई माफ गरिदिनुहोला ।

स्वर्गको अमृतभन्दा गण्डकीजलको उत्तमता देखाउँदै भन्नुहुन्छ -

**सुधापानतो लेभिरे येऽमरत्वं सुरास्तेऽपि भीताः सदा कालतो वै ।**
**त्वदम्भः सुधां ये पिवन्ति प्रकृष्टां[१५] न तेषां हि भीतिः कुतश्चित् कथञ्चित्[१६]** ॥३॥

स्वर्गका देवताहरूले अमृत पान गरेर अमर पदलाई अवश्य प्राप्त गरेका छन् तापनि सधै कालसित डराइरहन्छन् । एक न एक दिन देवताहरूको पनि अन्त्य हुन्छ नै तर (यहाँ अमर शब्दको अर्थ कहिल्यै नमर्ने हैन । अरू प्राणीहरूभन्दा धेरै कालसम्म बाँचिरहने हुनाले देवताहरूलाई अमर भनिएको हो । जस्तै रोगले निको भएको मानिस भन्छ - अब त मर्दिन ।) तपाईंको जलरूपी अमृत पान गर्ने प्राणीहरूलाई कालसित कहिल्यै पनि कुनै हालतमा पनि डराउनपर्दैन, उनीहरूले मुक्ति प्राप्त गर्दछन् ।

श्रीगण्डकीको किनारमा जसको देहान्त हुन्छ त्यो मुक्त हुन्छ, यो देखाउनुहुन्छ -

**नरो वानरः कुञ्जरो वा खरो वाचरः स्थावरो भूचरः खेचरो वा ।**
**मृतस्त्वत्तटे याति वैकुण्ठलोकं चतुर्बाहुयुक्तो मुदा पीतवासा ॥ ४ ॥**

मानिस होस्, बाँदर होस्, हात्ती होस्, गधा होस्, पृथ्वीमा घुम्ने कुनै जनावर होस् वा आकाशमा उड्ने पंक्षी नै होस्, तपाईंको किनारमा त्यसको मृत्यु भयो भने चतुर्बाहु बनेर पीताम्बर धारण गरीकन अत्यन्त प्रसन्न हुँदै वैकुण्ठ लोकमा जान्छ - मुक्त हुन्छ ।

श्री गण्डकीको असाधारण महत्ता देखाउनुहुँदै मानिसहरूलाई कुतर्करूपी पापबाट बच्न सङ्केत गर्नुहुन्छ -

---

[१५] *यहाँ "पिबन्ति प्रसन्नाम्" भन्ने पाठान्तर पनि छ ।*

[१६] *यहाँ "कथञ्चित् कदाचित्" पाठान्तर पनि छ ।*

**अहो देवि ! धन्याऽसि वैकुण्ठनाथस्त्वदन्तर्गतो यच्छिलाचक्ररूपः ।**
**शिलाचक्ररूपो मुरारिर्हि साक्षान्नवा तत्र कार्या नृभिर्ग्रावबुद्धिः ॥ ५ ॥**

हे देवि ! ओहो ! तपाईं धन्य हुनुहुन्छ । तपाईंको जलभित्र चक्रधारी शिला भएर वैकुण्ठाधिपति साक्षात् विष्णु भगवान् बस्नुभएको छ । चक्रधारी शिला (शालिग्राम)लाई साक्षात् परमात्मा भनी मान्नुपर्छ । मानिसहरूले कहिले पनि शालिग्राममा ढुङ्गो भन्ने बुद्धि नगरून् ।

शालिग्राम फेला पार्ने मानिसहरू भाग्यशाली हुन्, यस कुराको पुष्टि गर्नुहुन्छ –

**सुवृत्तां सुचक्रां शिलामञ्जनाभां जना भाग्यवन्तः कदाचिल्लभन्ते ।**
**हरं वा हरिं वा मृडानीं हि तस्यां धिया भाग्यवन्तः कृतार्थाः हि ते स्युः ॥६॥**

अत्यन्त गोलो आकार भएका, सुन्दर चक्र भएका, गाजलजस्ता कृष्णवर्णका शिला (शालिग्राम)लाई भाग्यशाली मानिसहरूले कहिलेकाहीँ (पुण्यको उदयका बखतमा) मात्र प्राप्त गर्छन् । त्यो शिलामा आ-आफ्नो इष्ट देवता शिवजी, विष्णु अथवा देवीको भावना गरीकन सेवा-पूजा गर्ने मानिसहरू भक्तिको बलले परमात्मालाई पाएर कृतार्थ बन्दछन् ।[१७]

श्रीकृष्णा गण्डकीको तुलनामा केवल गङ्गाजी मात्र हुनुहुन्छ भन्दै विशेष महिमा गाउनुहुन्छ –

**त्वदन्या सुधन्या धुनी कास्ति पुण्या विना विष्णुपादोद्भवां जन्हुकन्याम् ।**
**उभे पुण्यतोये तटिन्यौ हि धन्येशुभा गण्डकी वैष्णवी चापि गङ्गा ॥७॥**

गण्डकी नदीको पवित्रताको तुलना भगवान् विष्णुको पाउबाट निस्केकी जान्हवी अर्थात् गङ्गाजीबाहेक अरू कुनै नदीहरूसँग हुन सक्दैन । आफ्नो पवित्र जलद्वारा सबैलाई धन्य (पुण्यशाली) बनाउँदै बग्ने श्री गण्डकी र गङ्गाजी नै उत्तम नदी हुन् । किनकि यी नदीहरू साक्षात् विष्णु भगवान्बाट प्रादुर्भूत भएका हुन्- एउटी पाउबाट चरणोदकको रूपमा र अर्की गण्डस्थल (गाला) बाट पसिनाको रूपमा ।

---

[१७] *शास्त्रमा शालिग्रामका विभिन्न लक्षणहरू बताइएका छन् । लक्षण नमिले शालिग्राममा आ-आफ्नो इष्टदेवको भावना अनुसार पूजा गर्नू भन्ने शास्त्रमा प्रमाण पाइन्छ । जस्तै – "यत्र ह वाव भगवान् हरिरद्यापि तत्रत्यानां निजजनानां वात्सल्येन सन्निधाप्यत इच्छारूपेण...." । यही गण्डकीको तटवर्ती पुलहाश्रम आदि स्थानमा रहने भक्तहरूमथि भगवान्को ठूलो वात्सल्य छ । भगवान् आज पनि उनीहरूको वात्सल्यले गर्दा स्वेच्छाले इष्टदेवको रूपमा उपस्थित हुनुहुन्छ । (भागवत ५/७/९)*

ज्ञानी पुरुषहरू यी दुई नदीहरूमा अलिकति पनि भेद देख्दैनन् यो दृष्टान्तद्वारा स्पष्ट गर्नुहुन्छ -

**रमाहैमवत्योर्नचास्त्येव भेदस्तथा पुण्यधुन्योरपीह प्रसिद्धः ।**
**द्वयोरन्तरं नैव पश्यन्ति विज्ञाःवसिष्ठादयो ये मुनीनां वरिष्ठाः ॥ ८ ॥**

जस्तै लक्ष्मीजी र पार्वतीजीमा कुनै भेद छैन, त्यस्तै यी दुई पवित्र नदी (गण्डकी र गङ्गाजी) मा अलिकति पनि भेद छैन । यो कुरा शास्त्रहरूमा प्रसिद्ध छ । मुनिहरूमा श्रेष्ठ ज्ञानवान् वसिष्ठ आदि महर्षिहरूले गण्डकी र गङ्गाजीमा कत्ति पनि फरक देख्नुहुन्न ।

श्रीगण्डकी नदी कुरुक्षेत्र आदि तीर्थको समान हुनुहुन्छ, यसलाई स्पष्ट गर्नुहुन्छ -

**रवीन्दुग्रहे त्वं कुरूक्षेत्रपुण्यासदा माघमासे प्रयागेण तुल्या ।**
**पितृश्राद्धकाले गया पुण्यदात्रीमृतौ काशिका मुक्तिदाकसि प्रसिद्धा ॥ ९ ॥**

केवल विष्णु भगवान्को पाउ पखालेर आएकी गङ्गाजीको त्यत्रो ठूलो महिमा छ भने भगवान् (शालिग्राम) को जम्मै अङ्ग पखाल्ने गण्डकीको महिमा कति ठूलो होला ?

हे गण्डकी ! सूर्यग्रहणमा र चन्द्रग्रहणमा तपाईं कुरुक्षेत्र झैं पुण्यमयी हुनुहुन्छ । माघ महिनामा प्रयागराज बराबर पुण्यदायक हुनुहुन्छ । पितृहरूको श्राद्धकालमा गयाजी झैं तपाईं पितृहरूको उद्धारक हुनुहुन्छ । मृत्युको समय तपाईं काशी झैं मुक्ति दिनुहुन्छ । यो नियम सृष्टिको आदिदेखि महाप्रलयसम्म लागु हुन्छ । [१८]

**त्वमेवासि गङ्गा तरङ्गाभिरम्या कलिन्दात्मजा त्वं कलेर्दोषहन्त्री ।**
**स्तुता नर्मदा शर्मदा देववृन्दैस्तथा गोमती गौतमादिस्तुता त्वम् ॥ १० ॥**

अत्यन्त चञ्चल तरङ्गले मनोहर दृश्य लिएर बग्ने भागीरथीको झैं तपाईंको पनि शोभा अवर्णनीय छ । यमुनाजीमा झैं कलियुगको पापलाई पखाल्ने तागत तपाईंमा रहेको छ । देवताहरू तपाईंको बराबर स्तुति गर्दछन् । यसको फलस्वरूप तपाईं प्रसन्न भएर नर्मदा नदीले झैं भक्तहरूलाई मोक्ष दिनुहुन्छ । गौतम आदि महर्षिहरू तपाईंको बारम्बार स्तुति गर्दछन् । गोमती नदीमा रहेको महिमा तपाईंमा पनि रहेको छ ।

[१८] *"जस्तै काश्यां मरणान्मुक्ति"-काशीमा मरे मुक्ति मिल्दछ, भनी शास्त्रमा प्रसिद्ध छ, त्यस्तै गण्डकीभित्र वा किनारामा शरीर छुटे मोक्ष प्राप्त हुन्छ यो कुरा शास्त्रमा प्रसिद्ध छ । भागीरथीका सम्पर्कले काशी मोक्ष नगरी भएझैं गण्डकीको सम्बन्धले गर्दा रिडीक्षेत्र (साक्षात्कारक्षेत्र) मोक्षक्षेत्र भनी शास्त्रमा प्रसिद्धिलाभ गरेको छ ।*

**त्वदन्तर्गतो यो हरिश्चक्रगर्भो न तस्यापि वक्तुं फलं पूजनादेः ।**
**समर्थो भवेत् कोऽपि मातस्त्वदम्भस्यपारा कथा मज्जतां सज्जनानाम् ॥ ११ ॥**

हजुरको अन्तःस्थलमा रहेका शालिग्रामस्वरूप भगवान् विष्णुको पूजनको फल बताउन कसले पो सक्ला ? हे माता ! हजुरको जलमा डुबुल्की लगाउने सज्जनहरूको कथा अपार अर्थात् अवर्णनीय छ ।

**अशेषं जगद्गर्भगं यस्य विष्णोः स ते गर्भगश्चक्रगर्भोऽप्यनन्तः ।**
**अनन्तानि तीर्थान्यतः सन्तिगर्भे त्वदीये न चात्रास्ति कश्चिद् विचारः ॥१२॥**

जसको उदरमा सारा संसार छ, त्यस्ता शालिग्राम भगवान् स्वयं हजुरको गर्भमा हुनुहुन्छ । हजुरको अभ्यन्तरमा अशेष तीर्थहरू छन्, यसमा रत्तीभर शंका छैन ।

**नमस्ते नमस्तेऽमृताम्भःप्रवाहे नमस्ते नमस्ते जनानां शरण्ये ।**
**नमस्ते नमस्ते जगन्मुक्तिहेतो नमस्ते नमस्ते जगन्नाथगर्भे ॥ १३ ॥**

हे अमृतजलप्रवाहिनी ! हे समस्त लोककी शरणदात्री ! हे जगत्को मुक्तिकी कारण ! हे भगवान् जगन्नाथ (शालिग्रामस्वरूप विष्णु) लाई गर्भमा धारण गरेकी आमा ! हजुरलाई बारम्बार नमस्कार छ ।

उपसंहार गर्दै यस गण्डकी स्तोत्रको माहात्म्य बताउनुहुन्छ –

**भुजङ्गप्रयातं पठेद् यस्तु भक्त्या**
**ध्रुवं गण्डकीगङ्गयोः स्नानपुण्यम् ।**
**लभेत् पादपद्मे समाधाय चित्तं**
**मुरारेः प्रसन्नं प्रपन्नार्तिहन्तुः ॥ १४ ॥**

भुजङ्गप्रयात छन्द भएको यो श्रीगण्डकीको स्तोत्रलाई जसले भक्तिपूर्वक पाठ गर्दछ त्यसले गण्डकी र गङ्गाजीमा स्नान गरेको फल पाउँछ, यसमा संशय छैन । यो पुण्यले गर्दा आफ्नो शरणमा आएका भक्तहरूको दुःख–कष्टलाई हरण गर्ने भगवान्को चरणकमलमा उसको चित्त समाहित हुन्छ । यसको फलले भक्तको चित्त प्रसन्न रहन्छ । अर्थात् भक्तिको फलस्वरूप उत्तम ज्ञान गरीकन मुक्तिलाभ गर्दछ ।

**हरिगण्डसमुद्भूते सुरासुरनमस्कृते । अघौघशमने देवि ! पापं मे हर गण्डकि !॥१५॥**

भगवान् विष्णुको गण्डस्थलबाट उत्पन्न भएकी, सुर–असुर सबैबाट वन्दना गरिएकी, सबैको कल्मषलाई पखाल्न समर्थ हे गण्डकी ! हजुरले मेरो पनि पापलाई पखाल्दिनुहोस् !

**०००**

# रुरुक्षेत्रको गीत

✍ **नारद गौतम**
**रुरुक्षेत्र-४, गुल्मी**
**हाल : बुटवल, रूपन्देही**

गुल्मी जिल्ला मोहनी किल्ला
चारैतिर खुलेको संसार
गंगा किनार रिडीको बजार
रुरुक्षेत्र पुण्यको भण्डार ।

****

ग्वादीको कृष्णडाँडा र बम्घा भँगेरका मन्दिर
थोर्गा र दिगाम खुदो र गुँड पौरखी तगदिर ।

****

रिमुवामाथि बम्घामा शिला रानीले काटेको
दशैंमा सरायँ यस्मा र थाम कीर्तिले साटेको ॥

****

पहाडी थुम्का हरिया दृश्य ईश्वरको हँसाइ
रमाइलो संसार सौन्दर्यमा छ सत्यको बसाइ ।

****

टक्सारको लेख साउने औंसी शृङ्गीलाई सम्झाउँछ
टाहाटिम टक्सार बलेचौर लाखे गाईजात्रा जगाउँछ ।

****

छ उल्लीखोला वनमा गुफा पागाको पुच्छार
ऋषिका निवास छन् तपोभूमि महिमा अपार ।

****

कफीको केन्द्र भन्डारी डाँडा तालखोलो सलल
रिडीमा लाग्ने माघको मेला सम्झना झलल ।

****

(यस गीतलाई स्वयं सङ्गीतबद्ध गरिएको छ ।)

ooo

// लेख //

# रुरुक्षेत्रको धार्मिक महत्त्व

✍ **शंकरप्रसाद गौतम**
**रेसुङ्गा नगरपालिका, गुल्मी**

गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको संगमस्थलमा अवस्थित रुरुक्षेत्र (रिडी) नेपालका चारधाममध्येको एक पवित्र तथा प्रसिद्ध तीर्थस्थल हो । रिडीबारेमा वराहपुराणमा उल्लेख पाइन्छ । यो पुराणको लेखन सत्यवतीनन्दन भगवान् व्यासबाट द्वापर युगमा भएको थियो । यस क्षेत्रलाई रुरु खण्ड नामबाट पनि



उक्त पुराणमा उल्लेख भएको छ । यहाँ उत्तरतिरबाट पुण्यतोया सरित्प्रवरा काली गण्डकी र पश्चिमतिरबाट ऋणत्रय–मोचिनी ऋणी नदी पनि प्रवाहित हुँदै आएको छ । ऋणीकै उपभ्रशं भएर रिडी भन्ने गरिएको भनिन्छ । त्यसैगरी रुरुकन्याको तपस्याबाट प्रभावित भगवान् विष्णुले प्रकट भई वरदान माग्न अनुरोध गर्नुभयो । रुरुकन्याले रुरुक्षेत्र धामको नामबाट यो स्थलले प्रसिद्धि पाओस् भनी वरदान मागेकोले यो क्षेत्र रुरुक्षेत्र नामकरण गरिएको पाइन्छ । विशेष गरी वैशाख, कार्तिक र माघ महिनाभर काली गण्डकीमा स्नान गरे ठूलो पुण्यका साथै यस लोकमा सुख शान्ति र परलोकमा स्वर्ग वा मुक्ति मिल्ने भनाइ छ । गया प्रयागराजमा महिनाभर बसे जुन पुण्य मिल्छ त्यो काली गण्डकीको किनारमा बसेर स्नान गरे मिल्छ भन्ने शास्त्रमा उल्लेख भएको हुनाले परापूर्वकालदेखि यहाँ स्नान गर्ने परम्परा चलेको हो ।

## रुरुक्षेत्र

तीन रात बास बसी काली गण्डकी स्नान र हृषीकेश भगवान्को दर्शन गरे मोक्ष प्राप्त हुने कुरा रुरुकन्यालाई भगवान्ले भन्नुभएको वराहपुराणमा लेखिएकोले त्यसबेलादेखि रिडीमा तीन दिन मेला लाग्ने गर्छ । कार्तिकभर बसेर स्नान गर्ने मानिस संसारबाट तर्छ । उक्त कुरा कार्तिक माहात्म्यममा उल्लेख छ । त्यसैले यहाँ कार्तिक महिनाभर बसी स्नान गर्ने चलन चलिआएको किम्वदन्ती छ । हृषीकेश भगवान्को अवतार कार्तिक शुक्ल द्वादशीका दिन भएको मानिन्छ त्यसैले त्यो दिन रथयात्रा गरिने परम्परा छ । वैशाख माहात्म्यमा श्री काली गण्डकी स्नानको पुण्य बराबर अरू हुन सक्दैन भनी उल्लेख भएको छ । सूर्य तथा चन्द्रग्रहण स्नान, कल्पवास र श्राद्ध गर्ने विधान कुरुक्षेत्र, काशी र गयामा गरिएको छ । त्यसैगरी रुरुक्षेत्र रिडी काली गण्डकीमा स्नान, दान, जप, पाठ, यज्ञ, पुराण श्रवण पुण्यार्जन तथा कुरूक्षेत्र, काशी र गया तीर्थको फल मिल्छ भनिएकोले छ । विश्वको एक मात्र शालग्राम पाइने नदी काली गण्डकी नदी हो । यी सबै कारणले काली गण्डकीमा स्नानार्थीहरूको अपार भीड लाग्ने गरेको छ । साथै शालग्राम पाउन टाढा टाढाबाट यात्रीहरू आउने गर्दछन् ।

## देवदत्त ऋषि



रुरुक्षेत्रका प्रमुख तपस्वी देवदत्त ऋषि हुनुहुन्छ । उहाँ रुरुक्षेत्र धामका निर्माता, वेदवेदाङ्गमा पारङ्गत, यज्ञ विद्यामा निपुण, व्रतनिष्ठ महापुरुष हुनुहुन्थ्यो । उहाँले हजारौं वर्ष काली गण्डकी तटमा तपस्या गर्नुभयो । उहाँको तपस्या देखेर स्वर्गका राजइन्द्रको मनमा शंका उत्पन्न भयो– “कतै मेरो सिंहासन यी तपस्वीले लिदैनन् ?” तत्पश्चात् देवराज इन्द्रले देवदत्त ऋषिको तपस्या भङ्ग गर्ने विचार गर्नुभयो । यसको लागि स्वर्गकी सबभन्दा राम्री अप्सरा प्रम्लोचालाई देवदत्त ऋषिले तपस्या गरेको ठाउँमा तपस्या भङ्ग गर्न पठाउनुभो । भगवान् इन्द्रको आज्ञानुसार प्रम्लोचा गन्धर्वसहित त्यहाँ पुगिन् । चन्द्रमुखी अनुहार, मृगका जस्ता आँखा, सिंहको जस्तो कम्मर र बत्तीस लक्षणले युक्त भएकी अति सुन्दरी प्रम्लोचा संगीतको धुनमा देवदत्त ऋषिका अगाडि छमछमी नाच्न थालिन् । देवदत्त त्यस्तो अलौकिक नृत्यदेखि मन्त्रमुग्ध हुनुभयो । उहाँको व्यक्तित्व, ओजस्वी अनुहारबाट प्रम्लोचा पनि अति प्रभावित भइन् । दुबै जना एक अर्काप्रति आकर्षक बने । दुबै जना धेरै वर्षसम्म क्रीडा गर्दै रुरुक्षेत्रमा धुमे । अकस्मात् एक दिन देवदत्तलाई आफू कर्तव्यच्यूत भएको बोध भयो र प्रम्लोचासँग छुट्टिने मनसाय राख्नुभयो । प्रम्लोचालाई सम्झाई बुझाई उत्तरतर्फ तालखोलामा गई देवता र पितृहरूको

तर्पण गरी काली गण्डकी पारीको गुफामा (हाल स्याङ्जा जिल्लामा) धेरै कालसम्म शिवको आराधाना गरी कठोर तपस्या गर्नुभयो । ऋषिको तपस्याबाट प्रसन्न भएर शिवले साक्षात् दर्शन दिनुभयो । सोही ठाउँमा शिवलिङ्ग प्रकट भयो । शिवका कृपाले सोही स्थानबाट ऋषि देवदत्तले मोक्ष प्राप्त गर्न गरेको कुरा सुन्न पाइन्छ ।



## रुरुकन्या

देवदत्त ऋषिसँग छुट्टिने बेला प्रम्लोचा गर्भिणी भएकी थिइन् । उनको पेटमा देवदत्तको चीनो हुर्किरहेको थियो । देवदत्त ऋषिले छोडेपछि प्रम्लोचालाई पनि विरक्त लाग्यो । जङ्गलमा कन्यालाई जन्माई उनी स्वर्गतर्फ लागिन् । नवजात बालिकालाई रुरु नाम गरेका मृगहरूले दूध पिलाएर हुर्काए । रुरु नामक मृगहरूले हुर्काएको हुनाले उनको नाम रुरुकन्या रह्यो । ती कन्याले पिता देवदत्त तपबाट पथभ्रष्ट भएको कुरा पछि थाहा पाइन् र सोही स्थानमा तपस्या गरेर पिताको इच्छा पूरा गर्ने वाचा गरिन् । सोहीअनुरूप भगवान् विष्णुलाई प्रसन्न गर्न धेरै कालसम्म काली गण्डकीको किनारमा बसी कठोर तपस्या गर्न थालिन् । उनको तपस्याबाट प्रसन्न भएका भगवान् विष्णुले उनलाई दर्शन दिनुभयो र भन्नुभयो "कन्या म तिम्रो कठिन तपस्याबाट अति नै प्रसन्न भएँ वरदान माग ।" भगवान् विष्णुको दर्शन पाएपछि रुरुकन्या अत्यन्तै प्रसन्न भइन् र वर मागिन् – "प्रभु हजुर पनि यही क्षेत्रमा रहनुहोस् र यस क्षेत्रले रुरुक्षेत्रधामको नामले प्रसिद्धि पाओस्" भगवान्ले भन्नुभयो– "कलियुगका मानिसहरू ज्यादा पापी, दुराचारी र भ्रष्ट हुन्छन् । जसले तीन दिनसम्म काली गण्डकीमा स्नान गरेर मेरो दर्शन गर्ला त्यसलाई मोक्ष प्राप्त हुनेछ । फेरि जन्म लिनुपर्ने छैन ।" त्यही दिनदेखि भगवान् विष्णुको नाम हृषीकेश रहन गएको भनाइ छ । भगवान् विष्णुका हजारौं नाममध्ये हृषीकेश नाम पनि एक हो ।



## हृषीकेश मन्दिर

आजभन्दा ५०० वर्ष पहिले पाल्पाका राजा मणिमकुन्द सेन काली गण्डकीमा स्नान गर्न

रिडी आएछन् । उनले काली गण्डकी स्नान गर्ने क्रममा चतुर्बाहु सहितको मूर्ति फेला पारेछन् । उक्त मूर्तिलाई राजा मणिमकुन्द सेनले पाल्पा (तानसेन) लैजाने विचार गरेछन् । अर्को दिन धेरै जना बलवान्हरूलाई डाकी मूर्ति उचाल्न खोज्दा डेग चलाउन सकेनन् । अन्त्यमा मूर्तिलाई तानसेन लाने प्रयास असफल भएपछि भगवान्को यही रहने इच्छा रहेछ भनी हाल (पाल्पा जिल्ला) रहेको स्थानमा मन्दिर बनाई मूर्ति स्थापना गरे । यस्तो प्राकृतिक मूर्ति विश्वमा अन्यत्र कतै पनि छैन ।

## और्वश्रम

यस क्षेत्रको पूर्वी भागमा अवस्थित और्वाश्रम छ । काली गण्डकीको किनारामा रहेको यस आश्रममा और्व ऋषिले तपस्या गर्नुभएको थियो । उहाँले भगवान् शिवलाई प्रसन्न गर्नुभएर यस ठाउँलाई प्रसिद्ध गर्नुभएको हो । यस स्थानलाई हाल अर्गली भनिन्छ । अैर्वको अपभ्रशंबाट अर्गली भएको मानिन्छ । अर्गलीको समीपमा गाईघाट नामले प्रसिद्ध तीर्थ छ । कुर्म स्रोत (कुरूङ्ग खोला) यहाँ मिसिएकोले यो संगम प्रसिद्ध तीर्थ बन्यो । धेरै शिष्यहरूका साथ अैार्व ऋषि त्यहाँ भगवान् शिवको आराधना गर्थे । पछि गाईघाट भन्ने गरियो । गोनिष्क्रमण (गाईघाट) को वराहपुराणले गुणगान गरेको छ । सत्येश्वर मन्दिर (कमलपोखरी) दर्शन पूजाआजा र अन्त्यमा और्व ऋषिले तपस्या गरेको और्वाश्रमको दर्शन अवलोकन गर्न सकिन्छ । त्यसकारण तीर्थालुहरू त्यहाँ गई पुण्य लुट्ने गर्दछन् ।

## तीनमुखे पुल



पौराणिक, धार्मिक, तीर्थस्थलको रूपमा चिनिदै आएको रुरुक्षेत्रमा पर्यटकीय क्षेत्रको रूपमा चिनिन थालेको छ कारण तीनमुखे पुल । यस पुलले गुल्मी, पाल्पा र स्याङ्जा जोडेको छ । तीनवटा प्रवेशद्वार भएको पुल दक्षिण एसियामा नै पहिलो भनिएको छ । यो पुल अत्यन्तै आकर्षक छ । साथसाथै तीनै जिल्लाको व्यापार प्रवर्धन गर्नसमेत सघाएको छ । यो पुल चढ्न दैनिक सयौं मानिस आउने गरेका छन् ।

## पुण्य प्राप्त गर्ने तरिका

सर्वप्रथम काली गण्डकी स्नान गरी शुद्ध हुने । अनि हृषीकेश मन्दिर परिसमा रहेको गायत्रीलगायतका मन्दिरहरूको दर्शन, भेटीदान, पूजा, दर्शन गर्ने र हृषीकेश भगवान्को पूजाआरधाना गर्ने, फलफूल, प्रसाद र भेटी चढाउने र

पुजेरीसंग टीकाप्रसाद प्राप्त गर्ने । अनि देवदत्त ऋषिले तपस्या गरेको स्थान (हाल देवदत्त पार्क) जाने । त्यहाँ देवदत्तको ठूलो मूर्ति देखिन्छ । मूर्तिको तलपट्टि देवदत्त ऋषिले तपस्या गरेको स्थल छ । देवदत्त मूर्ति तथा नजिकै रुरुकन्याको मूर्तिको दर्शन गरी फलफूल र भेटी चढाउने पुजेरीबाट टीकाप्रसाद प्राप्त गर्ने । त्यसपछि रिडी क्षेत्रमा रहेका कालिका मन्दिर, श्रीराम मन्दिर, भगवती मन्दिर, लक्ष्मीनारायण मन्दिर, शिवमन्दिर, मणिमुकुन्देश्वर महादेव आदि मन्दिरहरूको दर्शन पूजाआजा गर्ने । तीनमुखे पुलबाट तीनै जिल्ला टेक्ने, अनि त्यसैगरी स्याङ्जातर्फ रहेको हनुमानको मन्दिर दर्शन अवलोकन गर्ने । भृगुतुङ्गेश्वर स्याङ्जा जिल्लामा पर्ने रुरुक्षेत्रको प्रधान अङ्ग रूप भुतुंगेश्वर महादेवको दर्शन गर्न अनिवार्य छ । अन्त्यमा सत्येश्वर मन्दिर (कमलपोखरी) दर्शन पूजाआजा र और्व ऋषिले तपस्या गरेको और्वाश्रमको दर्शन अवलोकन गर्नु पर्छ । तबमात्र रुरुक्षेत्रको धामको पुण्य प्राप्त गर्न सकिन्छ ।

काली गण्डकी भगवान् हृषीकेशका अतिरिक्त रुरुक्षेत्र तपोभूमि, प्रसिद्ध तीर्थस्थल, मठ मन्दिर, देवालय, गुफा भएको एक महत्त्वपूर्ण क्षेत्र हो । पुराणमा उल्लेखित विभिन्न स्थानहरू यहाँ देख्न पाइन्छ । यहाँ २०३३ सालमा अद्वैत संस्थाको प्रमुख शाखा र २०३५ सालदेखि रुरुक्षेत्र आचार्यपीठको स्थापना भएको छ । संस्कृतमा आचार्यसम्म पढाइ हुन्छ । यो एउटा शैक्षिक क्षेत्र पनि हो । यसै क्षेत्रको महत्त्वलाई ध्यानमा राखी यहाँको एक स्थानीय तहलाई रुरुक्षेत्र नामकरण गरिएको छ ।

## रुरुक्षेत्र पुग्ने माध्यम

यातायातको सुविधा भएकोले नेपाल अधिराज्य र भारतबाट समेत प्रत्येक वर्ष हजारौं तीर्थयात्री एवं पर्यटकहरू यहाँ आउँछन् । भारततर्फबाट आउने सुनौली नाका हुँदै रिडीसम्म आइपुग्न सक्छन् । काठमाडौंबाट हवाइमार्गबाट करिब ३५ मिनेटमा भैरहवा पुग्न सकिन्छ । भैरहवाबाट बस, जीप आदिमा बुटबल, पाल्पा हुँदै करिब ३:३० घण्टामा रिडी पुग्न सकिन्छ । हाल काठमाडौंबाट हवाइमार्ग हुँदै करिब ४२ मिनटमा रेसुङ्गाको सिमीचौरमा पुग्न सकिन्छ । त्यसपछि बस, जीप आदिबाट १:३० घण्टामा रिडी पुग्न सकिन्छ । काठमाडौंबाट दिवा वा रात्री बसबाट सिधै करिब १० देखि १२ धण्टामा रिडी पुग्न सकिन्छ । पूर्वतर्फका तीर्थयात्रीहरू नारायणघाट, बुटवल, तानसेन हुँदै रिडी जान सकिन्छ । पश्चिमचर्फका यात्रीहरू बुटबल, तानसेन हुँदै रिडी पुग्न सकिन्छ । पोखरातर्फका यात्रीहरू पाल्पा बर्तुङ्ग, तानसेन हुँदै रिडी पुग्न सकिन्छ । काली गण्डकीको कोरिडोर र मदन भण्डारी राजमार्ग हुँदै रिडी पुग्न सकिन्छ ।

ooo

// लेख //

# नेपाली साहित्यमा रुरुक्षेत्रको योगदान

✍डा. हिरण्यलाल ज्ञवाली
थोर्गा, गुल्मी
हाल : रूपन्देही

नेपालका सतहत्तर जिल्लामध्ये लुम्बिनी प्रदेशमा पर्ने गुल्मी जिल्लाका बाह्र स्थानीय तहमध्ये रेसुङ्गा र मुसीकोट दुईवटा नगरपालिका हुन् भने अन्य दसवटा गाउँपालिका हुन् । गुल्मीका दसवटा गाउँपालिकामध्ये रुरुक्षेत्र पनि एक हो । नेपालका चारधाममध्येको प्रसिद्ध रुरुधाम यहीँ पर्ने भएकाले त्यसैका आधारमा यस गाउँपालिकाको नामकरण गरिएको हो । धार्मिक तथा सांस्कृतिक दृष्टिले हेर्दा गुल्मी जिल्लाको भूभाग मात्र होइन पाल्पा जिल्लाको हालको तानसेन नगरपालिकाअन्तर्गत पर्ने अर्गलीदेखि कुसेनीसम्मको भूभाग र स्याङ्जाका केही भूभागसमेत रुरुक्षेत्रमा पर्दछन् । रुरुसँग सम्बद्ध हृषीकेश भगवान्को मन्दिरसमेत पाल्पाको तानसेन नगरपालिकाअन्तर्गत पर्दछ । तर प्रस्तुत लेखमा रुरुक्षेत्र भन्नाले प्रशासनिक प्रयोजनका लागि गुल्मी जिल्लाका साविकका छवटा गाविस (रुरु, ग्वादी, थानपति, बलेटक्सार, बम्घा र रिमुवा)लाई मिलाएर बनाइएको हालको रुरुक्षेत्र गाउँपालिकाअन्तर्गतको भूभागलाई लिइएको छ । गुल्मी जिल्लाका बाह्रवटा स्थानीय तहमध्ये भौगोलिक क्षेत्रफलका दृष्टिले हेर्दा यो पालिका सबभन्दा सानो देखिन्छ । प्रारम्भमा यसलाई रुरु गाउँपालिका भनिए पनि पछि रुरुक्षेत्र नामकरण गरिएको हो । यसको केन्द्र घ्युबेंसी हो । बहुजाति, बहुभाषी, बहुसंस्कृति र धार्मिक विविधता पाइने यो क्षेत्रभौगोलिक दृष्टिले मध्य पहाडी भेगमा पर्दछ । यसको सबभन्दा होचो भूभाग रिडी हो भने उच्च भूभाग बम्घाकोट हो । बाहुन, क्षत्री, दलित, जनजाति आदिको बसोबास रहेको यस क्षेत्रमा हिन्दु धर्मावलम्बीहरूका साथै केही मात्रामा बौद्ध, इस्लाम, इसाई धर्मावलम्बीहरूको समेत बसोबास रहेको छ । यहाँ केही मात्रामा गन्धर्व जातिको बसोबास भए पनि गन्धर्वजातिसँग सम्बद्ध गीत-सङ्गीत तथा संस्कृति लोपोन्मुख अवस्थामा रहेको छ भने मगर र नेवार जातिको बसोबास भए पनि तिनको भाषा, वेषभूषा र संस्कृति पनि लोपोन्मुख अवस्थामा पुगेको देखिन्छ । बाहुन, क्षत्रीको बाहुल्य भएको यस क्षेत्रमा अन्य जातजाति र भाषाभाषीका जनसमुदाय पनि बाहुन-क्षत्रीकै भाषा, वेषभूषा र संस्कृतिबाट प्रभावित भएको देखिन्छ । व्यापारका लागि आएका इस्लाम धर्म मान्ने चुरेटा भनिने जनसमुदाय पनि यस क्षेत्रका विभिन्न ठाउँमा बसोबास गरेको पाइन्छ ।

पूर्वमा काली गण्डकी, दक्षिणमा रिडीखोला र उत्तरमा रुद्रावतीसँग साइनो गाँसेर हाँसिरहेको यस रुरुक्षेत्रको पश्चिमतर्फ छत्रकोट गाउँपालिका पर्दछ । शालग्रामवाहिनी पतितपावनी कृष्णा गण्डकीका अतिरिक्त रुद्रावती, रिडीखोला,

तालखोला, उल्लीखोला, जौखोला, ठाडो खोला, काहुले खोला, सातमुरे आदिबाट सिञ्चित रुरुक्षेत्र सांस्कृतिक, धार्मिक, शैक्षिक, ऐतिहासिक, प्राकृतिक, भौगोलिक, व्यापारिक, पर्यटकीय आदि दृष्टिले मात्र होइन साहित्यिक दृष्टिले समेत अत्यन्त उर्वर र महत्त्वपूर्ण रहेको छ । नेपाली भाषा र साहित्यको समृद्धिका लागि यहाँका स्रष्टाहरूले विशिष्ट योगदान पुऱ्याएको पाइन्छ । यस लेखमा त्यस भेगका स्रष्टा र तिनका सृष्टिबारे विहङ्गावलोकन गर्ने प्रयास गरिएको छ । रुरुक्षेत्रको साहित्यका विभिन्न विधाहरूको बेग्लाबेग्लै अध्ययन गरी अलग अलग शोधग्रन्थ तयार पार्न सकिन्छ भने यहाँ प्रचलित लोकसाहित्यको पनि बेग्लै शोधग्रन्थ बन्न सक्छ तथापि यहाँ ती विषयमा चञ्चुप्रवेश मात्र गरिएको छ ।

नेपाली साहित्यमा रुरुक्षेत्रका स्रष्टाहरूको उल्लेखनीय योगदान र पहिचान रहेको पाइन्छ । त्यसका अतिरिक्त राणाशासनविरूद्ध अभियानका साथै जयतु संस्कृतम् आन्दोलनमा पनि यस क्षेत्रका बौद्धिक व्यक्तित्वको योगदान रहेको पाइन्छ । पञ्चायती व्यवस्था हटाई बहुदलीय व्यवस्था स्थापना गर्नमा र राजतन्त्रको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्र स्थापनामा पनि यस क्षेत्रको योगदान रहेको छ । यसरी शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनीतिक जागरणमा र साहित्यसिर्जनामा यस क्षेत्रका स्रष्टा-द्रष्टा, राजनीतिक आदि क्षेत्रसँग सम्बद्ध प्रबुद्ध व्यक्तिहरूको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । साहित्यका चारवटै विधा कविता, आख्यान (कथा/उपन्यास) नाटक र निबन्ध)का साथै खोज अनुसन्धान, भाषिक अध्ययनमा र समालोचनामा पनि यस क्षेत्रका स्रष्टाको योगदान रहेको बुझिन्छ । कवितातर्फ लघुतम रूप मुक्तक, लघुरूप फुटकर कविता हुँदै मध्यमरूप खण्डकाव्य तथा लामा कविता र बृहत् रूप महाकाव्यसम्मको यहाँका स्रष्टाबाट पूरा भएको पाइन्छ । आख्यानतर्फ दृष्टिगत गर्दा यहाँ थुप्रै औपन्यासिक कृति र कथाहरू सिर्जिएका देखिन्छन् । नाटककारका रूपमा र निबन्धकारका रूपमा समेत ज्ञवालीहरूले आफ्नो पहिचान दिएका छन् । नेपाली भाषा र साहित्यका क्षेत्रमा कलम चलाउने यहाँका स्रष्टाहरूमा प्रथमतः शोभाकर, शुकदेव, शिवकुमार जस्ता विद्वान् अन्वेषक तथा कुशल सर्जकहरूलाई सम्झनु पर्ने हुन्छ ।

प्राचीन कालमा संस्कृत वाङ्मयका साधक ऋषिमुनिहरूको साधनास्थलका रूपमा रहेको तथ्य विभिन्न पौराणिक धार्मिक ग्रन्थहरूबाट स्पष्ट हुन्छ भने नेपाली भाषाको उत्पत्तिसँगै यहाँका स्रष्टाहरूले नेपाली भाषा र साहित्यको सेवामा योगदान पुऱ्याएको कुरा इतिहासको अध्ययनबाट स्पष्ट हुन्छ । शताब्दीभन्दा लामो यात्रा पार गरिसकेको रिडी संस्कृत विद्यालयबाट उत्पादित जनशक्तिले भाषा, साहित्य, कला, संस्कृति, इतिहास, शिक्षा आदि क्षेत्रमा राष्ट्रिय स्तरमा मात्र होइन अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याति कमाएको पाइन्छ । रुरुक्षेत्र धार्मिक तपोभूमि मात्र होइन साहित्यिक, सांस्कृतिक, साङ्गीतिक तथा वाङ्मयिक तपोभूमि हो भन्दा पनि अत्युक्ति हुनेछैन ।

यो यस्तो क्षेत्र हो जसलाई विषयवस्तु बनाएर कैयन् साहित्यकारले साहित्यसिर्जना गरेका छन् । रुरुक्षेत्रका बारेमा वराह, स्कन्द आदि पुराणहरूमा मात्र होइन अन्य कैयन् साहित्यकारहरूद्वारा साहित्य सिर्जना भएको पाइन्छ । रुरुकन्याका पिता–माता देवदत्त-प्रम्लोचाको प्रेमकथा निकै रोमाञ्चक छ । पौराणिक ग्रन्थहरूमा समेत वर्णित उक्त कथालाई आधार बनाएर कैयन् काव्यकृतिको रचना भएको पाइन्छ । नेपाली साहित्यको प्राथमिक कालका निर्गुण भक्तिधाराका अग्रणी कवि शशिधर स्वामीले अर्घाखाँचीमा जन्म लिई रेसुङ्गालाई साधनास्थल बनाए तापनि उनको समेत यस रुरुक्षेत्रसँग साइनो रहेको बुझिन्छ । त्यस्तै कविशिरोमणिका सहपाठी तथा काव्यगुरुका रूपमा प्रसिद्ध दधिराम मरासिनीको पनि यस क्षेत्रसँग सम्बन्ध रहेको कुरा सहजै अनुमान गर्न सकिन्छ ।

२०७४ फागुनमा शतवार्षिक महोत्सव मनाइसकेको १९५९ सालमा स्थापित भएको मानिएको रिडी संस्कृत पाठशालाबाट उत्पादित जनशक्तिले ज्ञानविज्ञान र कलाका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनाका साथै साहित्यका क्षेत्रमा पनि योगदान पुऱ्याएका छन् । यस संस्थाबाट२०१९ सालमा काली गण्डकी पत्रिकाको पहिलो अङ्क प्रकाशित भएको र २०३२ सालसम्म नौ अङ्कसम्म प्रकाशित भएर तत्पश्चात् प्रकाशन बन्द भएको बुझिन्छ । निकै स्तरीय लेखरचना प्रकाशित हुने गरेको सो पत्रिकाले निकै लोकप्रियता प्राप्त गरेको थियो । त्यस्तै रिडी माध्यमिक विद्यालय (रिडी हाई स्कुल)बाट रुरु नामक पत्रिका प्रकाशित हुने गरेकोमा हाल सो पत्रिकाको प्रकाशन पनि बन्द भएको छ । राष्ट्रिय मा.वि. थोर्गाबाट २०२८ जेठ महिनामा पहिलो पटक दियालो नामक पत्रिका प्रकाशित भएको र त्यसपछि २०६३ सालदेखि वार्षिक मुखपत्रका रूपमा पुनः केही अङ्क प्रकाशित भएको पाइन्छ । त्यसैगरी यस क्षेत्रका अन्य विद्यालयहरूबाट समेत वार्षिक मुखपत्र निस्कने गरेकोमा कुनै कुनैले निरन्तरता पाइरहेको र कुनै बन्द भएको अवस्था देखिन्छ । यसरी नेपाली साहित्यको विकासमा यस क्षेत्रको संस्थागत र व्यक्तिगत दुबै खालको योगदान रहेको छ । यहाँका लेखक, कवि, कलाकार, संस्कृतिकर्मी र सङ्गीतकर्मीहरूले व्यक्तिगत रूपमा अहोरात्र खटेर नेपाली भाषा, साहित्य र संस्कृतिको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान पुऱ्याएको पाइन्छ ।

वस्तुतः अनुसन्धानकार्य अनुमान तथा कल्पनामा नभई सत्यतथ्यमा आधारित हुनुपर्ने भएकाले यस लेखमा यसै क्षेत्रमा जन्मी हुर्की यसै क्षेत्रमा साधनारत स्रष्टा, यहाँ जन्मी-हुर्की कारणवश अन्य क्षेत्रमा गई साहित्यसाधना गरेका स्रष्टा वा अन्य क्षेत्रबाट यहाँ आई साहित्य-साधनामा लागेका स्रष्टा र उनको सृष्टिबारे सङ्क्षिप्त रूपमा प्रकाश पार्ने जमर्को गरिएको छ । विभिन्न स्रोतबाट प्राप्त जानकारीअनुसार यस रुरुक्षेत्रका स्रष्टाहरूको नामावली यस प्रकार रहेको छ :

अङ्गद गौतम, अनुपमा श्रेष्ठ, अमृता अनमोल, उमानाथ पन्थी, उर्मिला निर्दोषी, एकदेव ज्ञवाली, ओमकार ज्ञवाली, कपिल जिज्ञासु, कपिलमणि ज्ञवाली, कपूर

झवाली, कमल झवाली (थोर्गा माझगाउँ), कमल झवाली (थोर्गा फेक्लदी), कमल श्रेष्ठ, कविता पन्थी, काशीनाथ मिश्रित, काले गन्धर्व, कुसुम झवाली, कृष्णचन्द्र शर्मा भण्डारी, कृष्ण झवाली, कृष्ण झवाली अन्जान, कृष्णप्रसाद झवाली (थोर्गा), कृष्णप्रसाद झवाली (बलेटक्सार), कृष्णमुरारि झवाली, केशव झवाली (ग्वादी, हाल : अमेरिका), खगेश्वर गौतम, खेमराज झवाली(कानुनी लेखनमा विशेष रुचि), गणेश झवाली, गिरिराज पन्थ, गोकर्णराज शास्त्री, गुरुदत्त झवाली, चन्द्रकान्त झवाली (कानुनी लेखनमा विशेष रुचि), चिन्तामणि झवाली, चिरञ्जीवी प्रधान, चेतनारायण झवाली, छवि झवाली, ज्ञाननिष्ठ झवाली, ज्ञानेश्वर झवाली (देवेश्वर झवाली), ज्ञानेश्वर झवाली (ग्वादी, हाल : भैरहवा), टङ्क पन्थ, टङ्कनाथ झवाली, डा.टीकाराम खनाल, टेकराज झवाली (लामाखर्क), टोपलाल झवाली (थोर्गाबाट झापा बसाइसराइ), तरङ्गराज झवाली, तिलकराज झवाली, तोयनाथ झवाली, दिवाकर झवाली, दीपक झवाली दीप कदम, नारद गौतम, नारायण झवाली, निर्मल झवाली, पवन परियार, पशुपति झवाली, पुरुषोत्तम भण्डारी/पुर्खेबा, प्रदीप झवाली/शीतविन्दु, प्रयागलाल श्रेष्ठ, प्रकाश श्रेष्ठ, प्रेमनिधि झवाली/सिराने कान्छो, फणीन्द्रनाथ झवाली/पी.एन.झवाली, बाबुराम झवाली, बाबुराम परियार, बालमुकुन्द भण्डारी, बुद्धिप्रसाद झवाली, भागीरथी झवाली, भागीरथी श्रेष्ठ, भुवनेश्वर झवाली, मतिराज झवाली, महेश्वरप्रसाद श्रेष्ठ, मधु पन्थी (हाल भैरहवा), मीनप्रसाद पौडेल (रिमुवा), मुरलीमोहन बास्तोला, मोहनी नेपाल, यदुनाथ झवाली, यदु पन्थ, युवराज गौतम, युवराज झवाली, रमेश गौतम, रविरमण झवाली, रामजी झवाली, रामप्रसाद झवाली, रामप्रसाद पन्थ, रूक्माङ्गद झवाली, रुद्र झवाली, रेणुका पन्थी, लक्ष्मी पौडेल, लक्ष्मीप्रसाद झवाली, लक्ष्मीप्रसाद झवाली सुमेरू, लीलाधर झवाली, लोकबहादुर क्षत्री, विनय कसजू, विन्दु श्रेष्ठ, विमला झवाली, विष्णुहरि झवाली, वेणीमाधव झवाली, वेदराज झवाली(फल्लेखर्क), वेदराज झवाली(फेक्लदी), वेदप्रसाद पन्थ, शकुन झवाली, शिवकुमार झवाली, शिवहरि पौडेल, शुकदेव झवाली, शेखर विकल्प, शोभाकर शर्मा झवाली, सत्यदेव स्वामी, सरस्वती झवाली, सरू झवाली, सलील झवाली, साधना शाह, सिद्धिनाथ झवाली, हरिदेवी जोशी, हरिप्रसाद झवाली, हिमलाल झवाली, हिरण्यलाल झवाली, पं.होमनाथ झवाली आदि ।

यसरी हेर्दा यस क्षेत्रका स्रष्टाहरूको सङ्ख्या शताधिक रहेको र नेपाली भाषा र साहित्यको संरक्षण र संवर्धनमा रुरुक्षेत्रका स्रष्टाहरूको उल्लेखनीय योगदान र पहिचान रहेको तथ्य स्पष्टहुन्छ । साहित्यका चारवटै विधा (कविता, आख्यान (कथा/उपन्यास) नाटक र निबन्ध)का साथै खोज अनुसन्धान, भाषिक अध्ययनमा र समालोचनामा पनि यस क्षेत्रका स्रष्टाको योगदान रहेको पाइन्छ ।

कवितातर्फ लघुतम रूप मुक्तक, लघुरूप फुटकर कविता हुँदै मध्यमरूप खण्डकाव्य तथा लामा कविता र बृहत् रूप महाकाव्यसम्मको यहाँका स्रष्टाबाट

पूरा भएको पाइन्छ । आख्यानतर्फ दृष्टिगत गर्दा यहाँ थुप्रै औपन्यासिक कृति र कथाहरू सिर्जिएका देखिन्छन् । नाटककारका रूपमा र निबन्धकारका रूपमा समेत ज्ञवालीहरूले आफ्नो पहिचान दिएका छन् । नेपाली भाषा र साहित्यका क्षेत्रमा कलम चलाउने यहाँका स्रष्टाहरूमा प्रथमतः शोभाकर, शुकदेव, शिवकुमार जस्ता विद्वान् अन्वेषक तथा कुशल सर्जकहरूलाई सम्झनु पर्ने हुन्छ ।

वि.स. १९८५ साल जेठ महिनाको ६ गते गुल्मी थोर्गामा जन्मेका एकदेव ज्ञवाली कुशल कवि तथा गीतकार हुन् । उनको 'आमा दिदी बैनी हो' नामक गीत तथा कविता-सङ्ग्रह २०६० सालमा प्रकाशित भएको पाइन्छ । वि.स. २०१८ सालमा गुल्मी थोर्गा वसन्त पोखरीमा जन्मेका कपिलमणि ज्ञवालीका पञ्चतन्त्रका कथाहरू (भाग १ र २), हितोपदेशका कथाहरू, जातक कथाहरू, पाप धुरीबाट कराउँछ, धान कुटी चामल, श्रीमद्भागवत चरित्र कथासार र समीक्षा लेखन तथा अभिव्यक्ति कला, शैक्षिक तथा सिर्जनात्मक लेखन, पौराणिक कथाभित्रका कथा आदि कृतिहरू प्रकाशित छन् । गुल्मी थोर्गा च्युरेकमा २०४४ सालमा जन्मेका कपिल ज्ञवाली 'जिज्ञासु' को सिस्नोको साग नामक गजल सङ्ग्रह २०६६ सालमा प्रकाशित कृति हो । गुल्मी थोर्गामा २०२४ सालमा जन्मेका कमलप्रसाद ज्ञवालीका दोहोरो चिनारी, म प्रकाशित भएको पाइन्छ । गुल्मी थोर्गामा २००६ सालमा जन्मेका कमल श्रेष्ठ मूलतः कवि तथा आख्यानकार हुन् । यिनको विभिन्न फुटकर रचनाका साथै पुस्तकाकार कृतिका रूपमा उद्घोष नामक कवितासङ्ग्रह प्रकाशित भएको पाइन्छ ।

२०३० साल माघ ४ गते बम्घा गुल्मीमा जन्मी नेपाली विषयमा अध्यापन कार्यमा संलग्न काशीनाथ मिश्रितका फुटकर कविता साथै 'रक्सी' खण्डकाव्य र दुर्भाग्य महाकाव्य र केही अभिव्यक्ति र केही परिभाषा' नामक कृतिसमेत प्रकाशित भएको पाइन्छ । २०३१ सालमा गुल्मी जिल्लाको रिमुवामा जन्मेका कुसुम ज्ञवाली मूलतः लघु कथाकारका रूपमा प्रसिद्ध छन् । आँखा (२०५२) कविता संग्रहका साथै सहिदले बिर्सेको गाउँ (२०६१) लघु कथा-संग्रह यिनका पुस्तकाकार कृति हुन् । वि.स. २०१९ सालमा रुरु गुल्मीमा जन्मेका कृष्ण ज्ञवालीले नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित २०३८ सालको राष्ट्रिय कविता महोत्सवमा प्रथम स्थान प्राप्त गरेका थिए । उनका फुटकर रचनाहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय पत्रपत्रिकाहरूमा समेत प्रकाशित भएको पाइन्छ । थोर्गा च्युरेकमा जन्मेका कृष्ण ज्ञवाली, अन्जान नेपाली साहित्यका उदीयमान तथा क्रियाशील प्रतिभा हुन् । यिनको परिभाषा नामक मुक्तक सङ्ग्रह २०६० सालमा प्रकाशित भएको पाइन्छ । वि.स. १९८४ साल चैत्र कृष्ण पञ्चमीका दिन गुल्मीको बलेटक्सारमा जन्मेका कृष्णप्रसाद ज्ञवालीका 'मानस सरोवरका छालहरू' नामक यात्रावर्णनात्मक कविता-कृति प्रकाशित छन् । लटरम्मेश्वर यात्रा वर्णन, गोसाइँकुण्ड, पार्वतीकुण्ड यात्रा वर्णन आदि उनका अप्रकाशित अवस्थामा रहेका यात्रा वर्णनात्मक कृति हुन् ।

गुल्मी थोर्गा माझगाउँमा १९९३ सालमा जन्मेका कृष्णप्रसाद ज्ञवालीका 'कृष्णप्रसाद ज्ञवालीका कविताहरू' नामक कविता-सङ्ग्रहका साथै 'पिपलको छहारी' नामक निबन्ध-सङ्ग्रह प्रकाशित भएको पाइन्छ । यी कृतिका अतिरिक्त उनका थुप्रै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनको 'काली गण्डकी' निकै चर्चित कविता मानिन्छ । नेपाल प्रज्ञाप्रतिष्ठानमा २०२३ सालमा आयोजित राष्ट्रव्यापी कविता प्रतियोगिता (कविता महोत्सव) मा प्रथम हुन सफल उनका रचनाहरू त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाली विषयको पाठ्यक्रममा समेत समाविष्ट छन् ।

गुल्मी बलेटक्सारमा २०३१ सालमा जन्मेका कृष्णप्रसाद ज्ञवाली नेपाली साहित्यका उदीयमान प्रतिभा हुन् । यिनको जमुना खण्डकाव्य प्रकाशित भएको पाइन्छ । गुल्मी थोर्गा फल्लेखर्कमा २०१३ सालमा जन्मी हाल रूपन्देही छपिया निवासी कृष्णप्रसाद ज्ञवालीका जुनकिरी र आदर्श बाटिका गरी दुईवटा कविता-सङ्ग्रह छापिएका छन् । गुल्मी ग्वादीमा जन्मी हाल अमेरिका निवासी केशव ज्ञवाली पनि वर्तमान पुस्ताका चर्चित साहित्यकार मानिन्छन् । उनको हालै प्रकाशित अर्को भोर नामक उपन्यासले पद्मश्री पुरस्कार प्राप्त गरेको छ । गुल्मी ग्वादीका खेमराज ज्ञवालीका लोकतान्त्रिक निर्वाचन र प्रशासनिक कानुन नामक पुस्तक प्रकाशित छन् ।

गुल्मी थोर्गा वसन्त पोखरीमा २०१४ सालमा जन्मेका गणेश ज्ञवालीका यो पानी कस्तो बेइमानी नामक निबन्ध संग्रह (२०६०) र माटोको माया नामक कविता सङ्ग्रह (२०६५) प्रकाशित पुस्तकाकार कृति हुन् । गुल्मी ग्वादीमा जन्मी हाल रूपन्देही जिल्लाअन्तर्गत शङ्करनगरनिवासी गुरुदत्त ज्ञवाली वर्तमान पुस्ताका चर्चित आख्यानकार हुन् । यिनका बोक्सिनी आमा, सुहागरातकी आमा, मुख्खेनीको मसान नामक कथासङ्ग्रह प्रकाशित छन् ।

गुल्मीको बम्घामा जन्मेका चन्द्रकान्त ज्ञवालीका कानुनविषयक कृतिहरू प्रकाशित भएका छन् । फौजदारी नजीरहरूको संग्रहका सहसङ्कलकका रूपमा रहेका यिनका कानुनसम्बन्धी फुटकर लेखहरूसमेत विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ ।

गुल्मी जिल्लाको थोर्गा च्युरेकमा २०३१ सालमा जन्मी नेपाली विषयमा स्नातकोत्तर गरी त्रि.वि. सेवाअन्तर्गत अध्यापन कार्यमा संलग्न ज्ञाननिष्ठ ज्ञवालीका आख्यानकार विश्वेश्वरप्रसाद कोइराला (२०६१) समालोचना, किम्बूको मसी (२०६२) बालकथा, भूमिका सिद्धान्त र ज्ञवालीका भूमिका (२०६३) समालोचना, सफल जीवन (२०६४) बालकथा, लोकतन्त्रको स्वाद (२०६७) व्यङ्ग्य निबन्ध सङ्ग्रह आदि कृति प्रकाशित छन् । गुल्मीको ग्वादी बुढाघरमा २००३ सालमा जन्मेका ज्ञानेश्वर ज्ञवालीका श्रीमद्भागवत महापुराण सङ्क्षिप्त कथा सारांश

(भजनसहित) र साङ्गसप्ताह मण्डप पूजा नामक दुईवटा कृति प्रकाशित भएको पाइन्छ ।

गुल्मी तल्लो ग्वादीमा १९८९ सालमा जन्मेका ज्ञानेश्वर ज्ञवाली देवेश्वर सरस्वतीका नामले प्रसिद्ध छन् । नेपाली भाषामा लेखिएको रिडीक्षेत्र महात्म्य, संस्कृतमा लेखिएको नित्यकर्मपद्धति, विभिन्न स्तोत्रहरूको सँगालोका रूपमा रहेको स्तोत्रावली र नेपाली भाषा र संस्कृतमा गद्यटीका प्रस्तुत गरिएको विष्णुसहस्रनाम उनका प्रकाशित कृति हुन् । उनले संस्कृत र हिन्दी भाषामा समेत कविता तथा लेख निबन्धहरू रचना गरेको पाइन्छ ।

टङ्कनाथ ज्ञवाली (२००५) का आमाविनाको घर नामक शोककाव्य र मेरो देश नामक कविता-सङ्ग्रह गरी दुई कृति छापिएको पाइन्छ । म्याग्दी घर भई हाल रिडी बजारमा अवस्थित पशुपति धर्मशालाको व्यवस्थापकीय जिम्मेवारी वहन गरेका दुर्गादत्त साधकले यसै क्षेत्रमा आई आध्यात्मिक तथा साहित्यिक साधना गरी हालसम्म चारवटा कृति प्रकाशित गरेका छन् । २०११ सालमा जन्मेका नारद गौतमको रमा शोककाव्य प्रकाशित भएको छ । यिनको गुल्मीगान निकै लोकप्रिय रहेको छ । त्यसलाई स्वरबद्ध तथा छायाङ्कनसमेत गरिएको छ । यिनका अन्य कैयन् फुटकर रचना विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ ।

गुल्मी जिल्लाको बलेटक्सारमा वि.सं. २०१९ सालमा जन्मेका प्रदीप ज्ञवाली नेपाली साहित्यमा शीतविन्दुका नामले परिचित छन् । राजनीतिक विश्लेषणकका रूपमा परिचित यिनका साहित्यिक सहयात्री (२०४१) उपन्यास, चिता जलिरहेछ (२०५६) कविता-संग्रह, आस्था ओ मेरी प्रिया (२०६०) कविता-संग्रह र कुहिरो (२०६०) कथा-सङ्ग्रह आदि कृतिहरू प्रकाशित भएका छन् । गुल्मी ग्वादीमा जन्मी हाल काठमाडौं निवासी प्रेमनिधि ज्ञवालीको सिराने कान्छो नामक आत्मकथात्मक कृतिका साथै नेपालमा योजना र प्रगति नामक कृतिसमेत छापिएको पाइन्छ । गुल्मी थोर्गा चाँपाखर्कमा जन्मेका फणीन्द्र ज्ञवालीका पी.एन. ज्ञवालीका नामबाट थुप्रै नीतिकथा छापिएका छन् । सन् १९५७ मा गुल्मी जिल्लाको ज्ञवामा जन्मेका बाबुराम ज्ञवालीले अर्थशास्त्र विषयमा विद्यावारिधि उपाधि हासिल गरेका छन् । उनका जनसङ्ख्या अर्थशास्त्र, आधुनिक व्यष्टि आर्थिक सिद्धान्तलगायत एक दर्जन जति पाठ्यपुस्तकहरू प्रकाशित भएका छन् । रिडी बजारमा जन्मी हाल काठमाडौं बस्ने भागीरथी श्रेष्ठ समसामयिक नेपाली साहित्याकाशमा कुशल आख्यानकारका रूपमा प्रसिद्ध छन् । यिनका कैयन् कृति प्रकाशित छन् । वि.स. २०१३ सालमा गुल्मी थोर्गामा जन्मेका मधुसुदन ज्ञवालीका विद्यालय तहका विज्ञान र गणित विषयका पाठ्यक्रममा आधारित पुस्तकहरू प्रकाशित भएका छन् । गुल्मी थोर्गा चाँपाखर्कमा १९७९ सालमा जन्मेका यदुनाथ ज्ञवालीको ज्ञानकुञ्ज नामक कृति २०५८ सालमा प्रकाशित भएको पाइन्छ ।

उनका अन्य थुप्रै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । थोर्गा गौतमटोलमा १९९६ सालमा जन्मेका युवराज गौतम सिद्धहस्त स्रष्टा हुन् । यिनको नैसर्गिक नेपाल नामक महाकाव्य र काली गण्डकी नामक खण्डकाव्यका साथै थुप्रै खोजमूलक कृति प्रकाशित छन् । गुल्मी भट्कुवामा २०१४ सालमा जन्मेका युवराज ज्ञवाली मूलतः राजनीतिक व्यक्तित्व हुन् र यिनका राजनीतिसँग सम्बद्ध कम्युनिस्टले ध्यान दिनु पर्ने कुराहरू, नेपाली कम्युनिस्ट आन्दोलनको भविष्य, विश्व कम्युनिस्ट आन्दोलनको सङ्क्षिप्त रूपरेखा आदि प्रकाशित कृति छन् । गुल्मी जिल्लाको बलेटक्सारमा २०२८ सालमा जन्मेका रविरमण ज्ञवालीले नेपाली विषयमा स्नातकोपाधि हासिल गरेका छन् । यिनको साङ्केतिक ललित व्याकरण प्रकाशित छ ।

ग्वादीमा जन्मेका रामजीप्रसाद ज्ञवाली (२००७) को श्रीभागवत सार तथा भजनसंग्रह नामक कृति प्रकाशित भएको छ । गुल्मी थोर्गामा २०२४ सालमा जन्मेका रामप्रसाद ज्ञवालीले फुटकर कवितादेखि खण्डकाव्य हुँदै महाकाव्यसम्मको यात्रा गरेका छन् । उनका उपन्यास, नाटक, निबन्ध जस्ता विविध विधाका कृति प्रकाशित छन् । उनका विवश आँसु (२०४४) नाटक, परिवर्तनको मोडमा (२०४९) उपन्यास, जीवनका घुम्तीहरू (२०५३) उपन्यास, औसीका फूलहरू (२०५३) महाकाव्य, पुतली र भ्रुसिल्किरा (२०५९) लघुकाव्य, एकादेशमा (२०६०) खण्डकाव्य, हिँडिरहूँ हिँडीरहूँ (यात्राकाव्य) आदि थुप्रै कृति प्रकाशित छन् । काठमाडौंमा दायित्व वाङ्मय प्रतिष्ठान स्थापना गरी दायित्व पत्रिका प्रकाशनका साथै विभिन्न साहित्यिक गतिविधि सञ्चालन गरी रामप्रसाद पन्तले नेपाली वाङ्मयका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । यसरी पन्तले सर्जकको मात्र नभई सङ्गठकको भूमिकासमेत पूरा गरेका छन् ।

गुल्मी जिल्लाको ग्वादीमा १९८७ सालमा जन्मेका रूक्माङ्गद ज्ञवालीका चौरासी पूजाविधि, तुलादानविधि, मध्यम षोडशी, मङ्गल चतुर्थी पूजा, कथोद्यापन, ऋषितर्पणी पूजा प्रदीप र नेपालका चार धाम, सात पुरी र पुण्यतीर्थ गरी छ वटा कृतिहरू प्रकाशनमा आइसकेका छन् र अन्य थुप्रै कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

गुल्मी जिल्लाको ग्वादीमा २०२० सालमा जन्मेका रुद्र ज्ञवालीका २०५८ सालमा प्रकाशित निर्वासन (कथा-संग्रह) र २०६६ सालमा प्रकाशित विवरूका कथाहरू (सामूहिक कथा-संग्रह) उनका आख्यानात्मक कृति हुन् भने २०६१ सालमा प्रकाशित सपना फुल्ने रातहरू नामक गजल-सङ्ग्रह र २०६६ सालमा प्रकाशित 'उन्मुक्त आकाश' नामक मुक्तक सङ्ग्रह रुद्रका कविताकृति हुन् । समीक्षा नामक संयुक्त गीति एल्वममा उनका गीतहरू स्वरबद्ध हुनका साथै अन्य विभिन्न पत्रपत्रिकाहरूमा समेत उनका थुप्रै फुटकर रचना प्रकाशित भएको पाइन्छ ।

गुल्मी थोर्गा चापाखर्कमा २०१५ सालमा जन्मेका लक्ष्मीनाथ ज्ञवालीले आफ्नो नाम थर पछि सुमेरू, जोडेर साहित्यका क्षेत्रमा परिचय दिने गरेका छन् । 'समय आफै बोल्छ' र चिल गरी उनका दुई वटा कविता-सङ्ग्रह प्रकाशित भएका छन् । समय आफै बोल्छ २०६० सालमा र चिल २०६६ सालमा प्रकाशित भएको पाइन्छ । लोकतन्त्रका कविता-सङ्ग्रह (२०६३) नामक सामूहिक कविता-सङ्ग्रहमा पनि यिनको सहभागिता रहेको पाइन्छ । यी कविताका अतिरिक्त सुमेरूद्वारा लिखित गणतन्त्रका लागि समकालीन लेखहरूको सँगालो नामक कृति २०६३ सालमा प्रकाशित भएको पाइन्छ । गुल्मी जिल्लाको बम्घामा १९९७ सालमा जन्मेका लक्ष्मीप्रसाद ज्ञवालीले निजामतीतर्फको सरकारी सेवामा लामो समयसम्म काम गरी सेवानिवृत्त भएका कर्मचारी हुन् र हाल उनी स्वाध्ययन तथा लेखनकार्यमा संलग्न देखिन्छन् । नेपाली विषयमा स्नातकोत्तरको अध्ययन पूरा गरेका उनको 'पितृतर्पण' नामक शोककाव्य 'श्रीमद्भावतको नेपाली अनुवाद र 'आफैलाई हेर्दा' नामक आत्मजीवनी प्रकाशित कृति हुन् ।

रिडीबाट तानसेन हुँदै काठमाडौं पुगेका विनय कसजूले पत्रकारिताका साथै बालकथा र लघुकथामा बेग्लै पहिचान दिएको पाइन्छ । रुरुक्षेत्रअन्तर्गत ग्वादीका जन्मी हाल अमेरिकामा रहेकी शकुन्तला ज्ञवाली कवयित्री हुन् । यिनका 'तिमी र म' र 'भन्दिनू है बा' नामक दुईवटा कविता-सङ्ग्रह प्रकाशित छन् । रुरुक्षेत्र गुल्मीको थोर्गा चाँपाखर्कमा १९६९ सालमा जन्मी संस्कृत व्याकरणमा मध्यमा उत्तीर्ण गरेका षड्दर्शनका ज्ञाता शिवकुमार ज्ञवाली प्रथम ज्ञवाली वंशावलीकार हुन् । उनीद्वारा लिखित तथा सङ्कलित'ज्ञवाली थरको वंशावली' २०४१ सालमा प्रकाशनमा आएको थियो । उनको 'नरनारी लक्षण' नामक कृति पनि प्रकाशनमा आएको छ । यी कृतिका अतिरिक्त उनका डेढ दर्जनभन्दा बढी कृति अप्रकाशित अवस्थामा रहेका छन् । उनको निधन २०५१ सालमा भएको थियो ।

गुल्मी थोर्गा चाँपाखर्कमा १९४४ सालमा जन्मेका शुकदेव ज्ञवालीले श्रीमद्भागवत एकादशस्कन्ध, पूजाविधि, आत्मविचार विवेकमाला जस्ता धार्मिक कृति लेखेको पाइन्छ । उनको निधन २०१२ सालमा भएको थियो । त्यस्तै शेखर विकल्प आधुनिक कालका जल्दाबल्दा कवि हुन् । वि.सं. १९४४ सालमा गुल्मी, थोर्गाको ओखलढुङ्गा भन्ने ठाउँमा जन्मेका शोभाकर शर्मा ज्ञवाली हालसम्मको खोज अनुसन्धानअनुसार पुस्तकाकार कृति प्रकाशन गर्ने सबभन्दा जेठा ज्ञवाली स्रष्टा हुन् । उनले 'ऐरावती धर्ममाला' र 'काली गण्डकी माहात्म्य' नामक दुईवटा खण्डकाव्यात्मक कृति रचना गरेका थिए । उनको ऐरावती धर्ममाला नामक खण्डकाव्य १९८० सालमा प्रकाशित भएको थियो । 'काली गण्डकी माहात्म्य' प्रकाशन गर्ने क्रममा नै उनको आकस्मिक निधन भएकाले त्यो त्यसै थन्किएको बुझिन्छ । जीविकोपार्जनका लागि बर्मा पुगेका उनको निधन १९९७ सालमा वर्मामा नै भएको थियो । रिमुवामा जन्मेका डा.षडानन्द पौडेलले आयुर्वेद चिकित्सापद्धतिका महत्त्वपूर्ण कृति प्रकाशित गरेका छन् । लालटिनको उज्यालो

नामक आत्मवृत्तान्तमूलक कृतिका माध्यमबाट ख्याति कमाएकी सरस्वती ज्ञवालीको कलम पनि सशक्त देखिन्छ । हाल यिनको बसोबास काठमाडौंमा रहेको छ । हाल भैरहवा बसोबास गर्ने सरू ज्ञवाली पनि साहित्यिक लेखनमा सक्रिय देखिन्छिन् । उनको जन्म यसै क्षेत्रअन्तर्गत भट्कुवामा भएको हो ।

गुल्मी ज्ञवा वाहादीमा २००१ सालमा जन्मी संस्कृत व्याकरणमा शास्त्री र राजनीतिशास्त्रमा एम.ए.गरेका हरिप्रसाद ज्ञवालीका 'धर्तीको बटुवा', आफ्नै कुरा (आत्मवृत्तान्त) आभ्यन्तर (उपन्यास), शास्वत चिन्तन (संस्कृत कविता), माण्डव्य, ज्ञवाली र पुर्खा आदि कृतिका साथै केही कविता-सङ्ग्रह, केही लेख-सङ्ग्रह प्रकाशित छन् ।

गुल्मी भट्कुवामा २००५ सालमा जन्मेका स्व.हिमलाल ज्ञवालीका आफ्नो देश आफ्नै परिवेश नामक कविता-संग्रह र निबन्ध-संग्रहहरू छापिएका छन् । २०७८ सालमा उनको निधनपश्चात् २०७९ सालमा हिरण्यलाल ज्ञवालीद्वारा सङ्कलित र सम्पादित हिमलाल ज्ञवालीका कविता नामक कृति प्रकाशित भएको पाइन्छ । थोर्गा वसन्त पोखरीमा २०१६ सालमा जन्मी नेपाली विषयमा विद्यावारिधि उपाधि प्राप्त गरेका हिरण्यलाल ज्ञवालीको 'बिसौनी' कविता-संग्रहका साथै लेखन तथा अभिव्यक्ति कला, शैक्षिक तथा सिर्जनात्मक लेखन आदि कृति प्रकाशित छन् भने अन्य कैयन् कृति प्रकाशोन्मुख अवस्थामा छन् ।

प्रस्तुत लेखमा वर्णानुक्रमका आधारमा अङ्गद गौतमदेखि हिरण्यलाल ज्ञवाली र होमनाथ ज्ञवालीसम्मका र ज्येष्ठता क्रमका आधारमा १९४४ सालमा जन्मेका शोभाकर र शुकदेवदेखि नवोदित स्रष्टाहरूमध्ये प्रतिनिधि हुने गरी कतिपय स्रष्टाहरूको सङ्क्षिप्त चिनारी दिने काम मात्र गरिएको छ । प्रस्तुत लेखका लेखकको आफ्नै ज्ञानको सीमा, स्रष्टाहरूबाट सामग्रीको अनुपलब्धता जस्ता कारणले कतिपय स्रष्टाहरूको नाम छुट्न सक्ने संभावनालाई नकार्न मिल्दैन ।

यहाँका सर्जकहरूको एक शताब्दीभन्दा बढी समयावधिको इतिहासलाई हेर्दा साहित्यका प्रायः सबै विधामा र ज्ञान विज्ञानका विविध क्षेत्रमा कलम चलाएको पाइन्छ । महाकाव्यकारका रूपमा युवराज गौतम, रामप्रसाद ज्ञवाली र काशीनाथ ज्ञवाली मिश्रित तीन जना मात्र देखा पर्छन् । ज्येष्ठ ज्ञवाली स्रष्टा शोभाकरदेखि नै खण्डकाव्य लेखन परम्परालाई यस वंशका कविले थालनी गरेको र त्यसलाई निरन्तरता दिइरहेको पाइन्छ । शोककाव्य लेखन परम्परा पनि अघि बढिरहेको देखिन्छ । मुक्तक लेखनमा गीत तथा गजल लेखनमा पनि ज्ञवालीहरू सक्रिय देखिन्छन् ।

रुरुक्षेत्रकै सेरोफेरोमा अवस्थित पाल्पा कुसेनीमा २०११ मा जन्मेका नारायण ज्ञवालीले माध्यमिक तहसम्मको शिक्षा रुरुक्षेत्रअन्तर्गत आर्जन गरेका हुन् ।

यिनका मान्छे हराएको बस्ती र बस्ती हराएको मान्छे (कविता-सङ्ग्रह) जागै छ चन्द्रागिरि (कवितासङ्ग्रह) मनकम्पन (खण्डकाव्य) नीतिशतक र धम्मपद (अनूदित कृति) प्रकाशित छन् । यस क्षेत्रकै सेरोफेरो कुसेनीमा २००३ सालमा जन्मेका संस्कृतमा स्नातकोत्तर विष्णु ज्ञवालीले यसै क्षेत्रअन्तर्गत रिडीमा अवस्थित संस्कृत माध्यमिक विद्यालयमा अध्यापन कार्य गरेका हुन् । उनको एक मात्र कविता-सङ्ग्रह 'अचार' २०३६ सालतिर प्रकाशित भएको पाइन्छ । उनको निधन २०६५ सालमा भएको हो ।

पुस्तकाकार कृति प्रकाशित नगरे पनि कृतितुल्य महत्त्वपूर्ण फुटकर रचना सृष्टि गर्ने कतिपय स्रष्टाको परिचय यस लेखमा नसमेटिएकामा क्षमाप्रार्थी छु । थोर्गाका फणीन्द्रनाथ ज्ञवाली, लीलाधर ज्ञवाली, ग्वादीका तीर्थ ज्ञवाली, केशव ज्ञवाली, वेणीमाधव ज्ञवाली, गुल्मी भट्कुवामा जन्मेका रामप्रसाद ज्ञवाली, भक्तिराम ज्ञवाली आदिका पुस्तकाकार कृति नभए पनि थुप्रै पुस्तक बन्न सक्ने फुटकर रचना प्रकाशित भएको बुझिन्छ । थोर्गामा जन्मी हाल अमेरिकामा प्राध्यापनरत प्रा.डा. द्वय देवीराम ज्ञवाली र लक्ष्मी ज्ञवालीका पनि अनुसन्धानात्मक कृति प्रकाशित छन् । गुल्मी बम्घामा जन्मी हाल बुटवलमा पत्रकारिता गर्ने दीपक ज्ञवालीले दीप कदमका नामबाट र दीपककै नाउँबाट समेत थुप्रै रचनाहरू प्रकाशित गरेको पाइन्छ । थोर्गाका अर्थशास्त्रमा विद्यावारिधि गरेका डा. रामप्रसाद ज्ञवालीजस्ता सबै जना सिर्जनशील, अन्वेषक र बौद्धिक व्यक्तित्व हुन् । यी सबैका थुप्रै अनुसन्धानात्मक लेख प्रतिवेदनहरू प्रकाशित भएका छन् । भैरहवामा सिर्जनशील साहित्यिक समाज गठन गरी त्यसको नेतृत्व गर्ने छवि ज्ञवाली पनि यस क्षेत्रका सिर्जनशील साहित्यिक व्यक्तित्व हुन् । यस क्षेत्रका अन्य कैयन् स्रष्टाहरूको योगदान नेपाली भाषा र वाङ्मयका क्षेत्रमा उल्लेखनीय रहेको छ । यस लेखमा पुस्तकाकार कृति प्रकाशित नगरे पनि कृतितुल्य र त्योभन्दा अझ बढी महत्त्वपूर्ण फुटकर रचना गर्ने थुप्रै स्रष्टा र पुस्तकाकार कृति प्रकाशित गरेका स्रष्टाको परिचय छुटेको भए सूचना प्राप्त भएपछि ती स्रष्टाको परिचय पुनः प्रकाशन गर्ने बचनबद्धता व्यक्त गर्दै क्षमायाचना गर्दछु ।

ऐरावती धर्ममाला र काली गण्डकी माहात्म्यजस्ता अत्यन्त परिष्कृत तथा परिमार्जित खण्डकाव्यका रचयिता शोभाकर ज्ञवाली यस क्षेत्रका उपर्युल्लिखित साहित्यकारहरूमध्ये ज्येष्ठ र श्रेष्ठ मानिन्छन् । यस क्षेत्रमा आधुनिकतालाई आमन्त्रण गर्ने साहित्यकार पनि यिनै हुन् भन्दा अत्युक्ति नहोला । त्यस्तै शुकदेव, शिवकुमार आदि पनि ज्येष्ठ साहित्यकार हुन् । एकदेव, सिद्धिनाथ, हिमलाल, युवराज गौतम, कमल श्रेष्ठ, भागीरथी श्रेष्ठ, विनय कसजू आदि मध्यम पुस्ताका साहित्यकार हुन् भने रामप्रसाद ज्ञवाली, कपिलमणि ज्ञवाली पछिल्लो पुस्ताका जल्दाबल्दा साहित्यकार हुन् । फुटकर कवितादेखि खण्डकाव्य हुँदै महाकाव्यसम्मको साहित्यिक महायात्रा सम्पन्न गरिसकेका रामप्रसाद ज्ञवाली

वरिष्ठ समालोचक र अनुसन्धाता पनि हुन् । उनले कविताका अतिरिक्त साहित्यका अन्य विधामा समेत योगदान पुऱ्याएका छन् । काशीराज मिश्रितका पनि महाकाव्य प्रकाशित भएका छन् । रामप्रसाद ज्ञवालीका खण्डकाव्यसमेत प्रकाशित छन् । अन्य खण्डकाव्यमा युवराज गौतम, ज्ञाननिष्ठ ज्ञवाली, रेणुका पन्थी आदिको नाउँ उल्लेखनीय छ । टङ्कनाथ ज्ञवालीको कवितासङ्ग्रहका साथै आमा म पाऊँ कहाँ नामक शोककाव्य प्रकाशित भएको छ । अन्य बालसाहित्यकारमा कपिलमणि ज्ञवाली, ज्ञाननिष्ठ ज्ञवाली आदिको नाम आउँछ । आमा दिदीबैनी हो नामक कविता-सङ्ग्रह प्रकाशनमा ल्याएका एकदेव ज्ञवाली मूलतः प्रगतिवादी कवि हुन् । उनको आमा दिदीबैनी हो बोलको गीतमा नारीजागृतिको सन्देश व्यक्त भएको पाइन्छ । यस क्षेत्रका अन्य नारीस्रष्टाहरूमा सरू ज्ञवाली, कविता पन्थी ज्ञवाली, साधना शाह, उर्मिला निर्दोषी, भागीरथी ज्ञवाली आदिको नाउँ उल्लेखनीय छ । यस क्षेत्रको ग्वादीमा जन्मी हुर्की हाल सिद्धार्थनगर भैरहवामा बसाइ सरेका रुद्र ज्ञवाली आधुनिक नेपाली साहित्यका चर्चित कवि हुन् । यिनले कविता, मुक्तक, लघुकथा, गीत-गजलमा बेग्लै पहिचान दिएका छन् । नेपाल प्रज्ञाप्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय कविता महोत्सवमा प्रथम स्थान हासिल गरेका कृष्णप्रसाद ज्ञवाली र कृष्ण ज्ञवाली दुबै जना कवि तथा निबन्धकार हुन् । पिपलको छहारी नामक निबन्ध-सङ्ग्रहका रचनाकार कृष्णप्रसाद ज्ञवालीले निबन्धविधामा बेग्लै चिनारी दिएको पाइन्छ । कृष्ण ज्ञवालीले दार्शनिक निबन्ध लेखेको पाइन्छ । यिनका निबन्धमा पूर्वीय दर्शनको प्रभाव पाइन्छ । पूर्वीय दर्शनबाट प्रभावित स्रष्टाहरूमा स्वामी सत्यदेव, शुकदेव ज्ञवाली, यदुनाथ ज्ञवाली, शिवकुमार ज्ञवाली, कृष्ण ज्ञवाली, कृष्णचन्द्र शर्मा, ज्ञानेश्वर ज्ञवाली (द्वय) आदिको नाउँ उल्लेखनीय छ । "आमा रूँदै गाउँबेँसी मेलैमा छोरो रूँदै गोरखपुर रेलैमा" "साहिँलो दाइ काँ गयो...."जस्ता गीतका सङ्कलक तथा गायक लोकबहादुर क्षत्रीले लोकसाहित्यका क्षेत्रमा विशिष्ट पहिचान दिएका छन् । हाल क्यानडानिवासी मेघराज ज्ञवाली गीतकार हुन् भने योगगुरुका रूपमा चर्चित शिवलालले योगविषयमा कलम चलाएको पाइन्छ । यहाँका स्रष्टाले लोककाव्य, शोककाव्य, लघु तथा खण्डकाव्य र महाकाव्यसमेत प्रकाशित गरेका छन् । फुटकर लेखनबाट ख्याति प्राप्त गरेका स्रष्टाहरूमा कृष्ण ज्ञवाली, चिन्तामणि ज्ञवाली, लीलाधर ज्ञवाली, चेतनारायण ज्ञवाली (दारी बा) आदिको नाउँ आउँछ । मीनाक्षी न्यौपानेको पत्रकारिता लेखनमा रुचि देखिन्छ । हेमकान्त ज्ञवालीले अभिनय कलामा, ओम ज्ञवाली, मञ्जु पौडेलले साङ्गीतिक क्षेत्रमा योगदान पुऱ्याएको पाइन्छ । अल्पायुमै दिवङ्गत भए तापनि च्युरेकका ध्रुव ज्ञवाली साङ्गीतिक क्षेत्रका महान् प्रतिभा थिए तर उनको त्यो गायनकला र प्रतिभाको उपयोग हुन सकेन । यहाँ जन्मी हुर्केका कतिपय बहुसङ्ख्यक साहित्यकार तथा कलाकार अवसरको खोजी गर्दै काठमाडौंलगायत नेपालका विभिन्न ठाउँमा र विदेशमा समेत पुगेको पाइन्छ । कतिपय सर्जक स्वेच्छाले गएको देखिए तापनि

बहुसङ्ख्यक सर्जक रोजीरोटीका लागि बाध्यताले पलायन भएको पाइन्छ । भारतको सिलाङमा जन्मी हुर्केका सलील ज्ञवालीको पैतृक थलो थोर्गा हो । उनका कृतिहरू भारतका विभिन्न ठाउँमा पाठ्यपुस्तकका रूपमा पढाइ हुने गरेको पाइन्छ ।

हालसम्म रुरुक्षेत्रको नेपाली भाषा, साहित्य, कला, इतिहास, संस्कृति आदिको अध्ययन-अनुसन्धानतर्फ व्यक्तिगत रूपमा र संस्थागत रूपमा कसैले पनि ध्यान दिएको पाइँदैन । यदि यसतर्फ कसैले चासो देखाएर काम गरेमा यहाँ धेरै तथ्य फेला पर्नेछन् । ज्ञवाली वंशावलीका आद्य स्रष्टा र शोधकर्ता शिवकुमार ज्ञवालीका एक्काइसवटा कृतिमध्ये ज्ञवाली वंशावली र नरनारी लक्षण नामक दुईवटा कृति मात्र प्रकाशित भएका छन् । कैयन् कृति लेखेको सुनिए तापनि शुकदेव, नेत्रप्रसाद, लीलाधर आदिका कृति मुद्रित रूपमा देखिएका छैनन् । यदुनाथ ज्ञवालीका कैयन् कृतिमध्ये ज्ञानकुञ्ज नामक एक मात्र कृति प्रकाशित भएको पाइन्छ । यी त केही उदाहरण मात्र हुन् । यसरी किताब लेखेर प्रकाशित गर्न नसकी थन्क्याएर राखेका स्रष्टाहरू यहाँ थुप्रै छन् । त्यसतर्फ सम्बन्धित निकायको ध्यान जानु आवश्यक देखिन्छ ।

नाट्य लेखन र मञ्चनका दृष्टिले पनि यो क्षेत्र उर्वर देखिन्छ । तीन चार दशकअघिसम्म हरेक वर्ष थोर्गा, भट्कुवा, ज्ञवा आदि ठाउँका कोटहरूमा दसैं र तिहारका बीचमा एक दिन नाटक देखाउने गरिन्थ्यो । त्यसरी देखाउने कतिपय नाटक यहींका सर्जकहरूद्वारा लेखाउने गरिन्थ्यो जसले गर्दा नाट्य लेखन र मञ्चनको समेत यहाँ राम्रै विकास भएको थियो । वर्तमानमा त्यो परम्परा हराइसकेको छ । रिडीमा रहेका विविध शैलीका मठ-मन्दिरको अध्ययनबाट यहाँ प्राचीन कालमै वास्तुकलाको समेत राम्रै विकास भएको बुझिन्छ । रिडी संस्कृत विद्यालयमा अध्यापनार्थ अन्य क्षेत्रबाट आएका कतिपय विद्वान् सर्जकहरूबाट पनि केही कृति प्रकाशन भएको पाइन्छ । उदाहरणका लागि धुर्कोटबाट आएका ढुण्डीराज पन्थी, उमानाथ पन्थी र भोजराज पन्थीले पनि नेपाली भाषा-साहित्यका क्षेत्रमा योगदान पुऱ्याएको बुझिन्छ । उमानाथ पन्थीको गण्डकी गौरवम् नामक कृति प्रकाशित भएको देखिन्छ । यहाँबाट स्वदेशका विभिन्न स्थानमा र अन्य मुलुकमा गएका सर्जकले पनि थुप्रै कृति प्रदान गरेका छन् ।

लोकसाहित्यका जगमा लेख्य साहित्यको महल अडिने भएकाले साहित्यको चर्चा गर्दा लेख्यरूपको मात्र होइन कथ्य वा मौखिक परम्परामा जीवित लोकसाहित्यको समेत चर्चा गर्नुपर्ने हुन्छ । लोकसाहित्यको चर्चाविना साहित्यको अध्ययन अपूर्ण हुन्छ । लेख्य साहित्यका साथै मौखिक परम्परामा जीवित लोकसाहित्यका क्षेत्रमा पनि यो क्षेत्र अत्यन्त समृद्ध छ । यहाँ परापूर्वकालदेखि नै लोकगीत, लोकभजन, लोककथा, लोकगाथा, लोकनाटक, उखान, टुक्का, गाउँखाने कथाजस्ता

लोकसाहित्यका विभिन्न विधाहरू प्रचलित छन् । विशेषतः पर्वगीतअन्तर्गत पर्ने तीजगीत, भजनकीर्तन आदि धार्मिक गीत, विवाहव्रतबन्धमा गाइने भलाए विवाहमा गाइने जिउँती आदिका दृष्टिले यो क्षेत्र समृद्ध छ । यहाँका विभिन्न कोटमा दसैंका अवसरमा खेलिने वीरताको भाव अभिव्यक्त हुने सराएँ नृत्य पनि प्रसिद्ध छ ।

उपर्युक्त अध्ययनका अधारमा हेर्दा रुरुक्षेत्रका स्रष्टाहरूले कविताविधातर्फ विशेष रुचि देखाएको पाइए तापनि आख्यान, नाटक, निबन्ध र अन्य विधामा समेत यस क्षेत्रका स्रष्टाहरूले केही मात्रामा कलम चलाएका छन् । रुरुक्षेत्रका स्रष्टाहरूमध्ये कृष्णप्रसाद ज्ञवालीका निबन्ध, भागीरथी श्रेष्ठका कथा, प्रदीप ज्ञवाली र रामप्रसाद ज्ञवालीका कविताहरू विभिन्न तहका पाठ्यक्रममा राखिएका छन् । यहाँका साहित्यकारले नेपाली साहित्यका क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएको भए तापनि यस क्षेत्रका कुनै सर्जकलाई अहिलेसम्म मदन पुरस्कार वा अन्य विशिष्ट पुरस्कारद्वारा पुरस्कृत गरेको पाइँदैन ।

हालसम्म रुरुक्षेत्रको नेपाली भाषा, साहित्य, कला इतिहास, संस्कृति आदिको समग्र अध्ययन-अनुसन्धानतर्फ व्यक्तिगत रूपमा र संस्थागत रूपमा कसैले पनि ध्यान दिएको पाइँदैन । यदि यसतर्फ कसैले चासो देखाएर काम गरेमा यहाँ धेरै तथ्य फेला पर्नेछन् । ज्ञवाली वंशावलीका आद्य स्रष्टा र शोधकर्ता शिवकुमार ज्ञवालीका एक्काईस वटा कृतिमध्ये ज्ञवाली वंशावली र नरनारी लक्षण नामक दुईवटा कृति मात्र प्रकाशित भएका छन् । कैयन् कृति लेखेको सुनिए तापनि शुकदेव, नेत्रप्रसाद, लीलाधर आदिका कृति मुद्रित रूपमा देखिएका छैनन् । यदुनाथ ज्ञवालीका कैयन् कृतिमध्ये ज्ञानकुञ्ज नामक एक मात्र कृति प्रकाशित भएको पाइन्छ । नारद गौतमका थुप्रै कृति अप्रकाशित अवस्थामा रहेको पाइन्छ । यी त केही उदाहरण मात्र हुन् । यसरी किताब लेखेर प्रकाशित गर्न नसकी थन्क्याएर राखेका स्रष्टाहरू यहाँ थुप्रै छन् । त्यसतर्फ सम्बन्धित निकायको ध्यान जानु आवश्यक देखिन्छ ।

यतिमात्र होइन पक्कै पनि यहाँ अझ धेरै स्रष्टाहरू रहेका छन्, परन्तु यी पङ्क्तिकारको ज्ञानको सीमितताले गर्दा यहाँ यति मात्र देखिएका र लेखिएका हुन् । लेखनकर्म र अध्ययन-अनुसन्धान कार्य निरन्तर चलिरहने प्रक्रिया हो । सोही अनुरूप लेखकहरूद्वारा लेखनकर्म चलिरहने छ र अनुसन्धाताहरूद्वारा अनुसन्धानकार्य पनि चलिरहने छ । हालसम्म प्राप्त यिनै स्रष्टा र सृष्टिको अति सङ्क्षिप्त चिनारी प्रस्तुत गरिएको यो लेख भावी अनुसन्धाताहरूका लागि उपयोगी सिद्ध हुने विश्वासका साथ यसलाई यहीं टुङ्ग्याउँछु ।

ooo

// कविता //

# सम्झन्छु प्यारो थलो

✍ **भरतराज पौडेल**
**हर्मीचौर, गुल्मी**

१. गुल्मेली हुनुको मजा र ममता शीर्षस्थ आनन्दिलो
रेसुङ्गा रसदार शृङ्गऋषिको सम्झन्छु प्यारो थलो ।
थाप्लेको शिरबाट बग्छ मधुरो हावा जहाँ सर्सर
पूर्वी भेग हिले सुरम्य तपको हो स्थान झन् निर्झर !

२.बग्छन् वेग गरी नदीनदहरू काली झनै मुख्य छन्
शालिग्राम हुने सुगर्भ पनि ता नारायणी बन्दछिन् ।
गुल्मीकै परिवेश सिञ्चन गरी रुरु पुगी घुम्दछिन्
प्यारा छन् हृषीकेशदेव सबका संसारले जान्दछन् ॥

३ .प्यारो लाग्छ मलाइ जन्मथल हो छन् सम्झना बेगिला
झन् प्यारा जन छन् उदार मन छन् निष्पापिला निश्छल ।
बेंसीलेक जतातते गजबको सौन्दर्य सम्झन्छु म
लेकाली वनबाट हैम चुचुरा हेर्दै रमेको हुँ म ॥

४. प्यारा मित्र, स्वबन्धु, भाइबहिनी रम्ने गरेको थलो
पैताला तलमा अझै पनि हुनन् देदिव्य सङ्केत त्यो ।
ख्यालीगीत र खैंजडी मनमनै सम्झन्छु सङ्गीत म
प्यारो बाल्य उमेर बैंसयुगका कल्पन्छु ऐले नि म ॥

५.टाढा बस्छु नजीक लाग्छ दिलले यी सम्झनाले हकि
गुल्मेली जनजिन्दगी छ मधुरो बिर्सन्न यो जिन्दगी ।
देवीका तपले जहाँ हरि बसे सम्झी रिडी पुग्छु म
हर्मीचौर हराभरा छ पहिले जन्मैं कहाँ भुल्छु म ।

६. प्यारो लाग्छ उतै सुरम्य वनका पाखाहरू डुल्दथैं
साथीभाइ कता हुनन् दिनदिनै कल्पन्छु क्या रम्दथैं!
त्यो तम्घास उतै छ बस्छु म यता यात्री हुँदा टाढिएँ
गुल्मेली हुनुको मजा छ दिलमा सम्झेर नै बौरिएँ ॥

ooo

// लेख //

# रिडीको संस्कृत पाठशालामा पं. ढुण्डीराज पन्थी र उहाँका छोराहरूको योगदान

✍ डा. रामराज पन्थी
बूढानीलकण्ठ, काठमाडौं

## पृष्ठभूमि :

गुल्मी जिल्लाको धुर्कोट प्राकृतिक किसिमले रमणीय छँदैछ । त्यसमाथि धुर्कोटको शिरमै कोटको दरबार अवस्थित छ । त्यहाँबाट तत्कालीन बाईसे चौबीसे राज्यका मल्ल राजाले राजपाठ सञ्चालन गर्दथे । त्यस दरबारमै भगवतीको मन्दिरसमेत निर्मित छ । कोटको अलि मुनितिर पंडितटोला नामकरण गरिएको सानो बस्ती छ । त्यही बस्तीमा भारद्वाजगोत्रीय पन्थीहरूको बाहुल्य छ । भगवती मन्दिरमा नित्य पूजाआजा गर्ने परम्परा तत्कालीन राजाहरूको पालादेखि चल्दै आएको हो । बडा दशैंको अष्टमी नवमीमा बलि दिई भगवतीको पूजा गर्ने र कोजाग्रत पूर्णिमाको दिन सराएँ खेल्ने चलन धुर्कोटमा प्रख्यात छ ।

कोट दरबारबाट राज्य सञ्चालन गर्ने र राजपाठमा सल्लाह सुझाव दिने राजसभामा विद्वान् पन्थी कुलका पंडित भएकोले होला पंडित टोला नामकरण भएको । यहीं पवित्र भूमिमा विद्वान्हरू जन्मिएर देशदेशावरमा नाम कहलाइए । त्यस समय कहलिएका मध्येका पं. विद्वान् थिए माधवप्रसाद उपाध्याय पन्थी । यिनी शास्त्रार्थ गर्न सक्ने पारङ्गत र राजपाठ सञ्चालनमा उचित सल्लाह दिने राजसभाका सदस्य थिए भन्ने बुझिन्छ । नित्य वेद, श्रीमद्भागवत्गीता वाचन गरेर पाञ्चायन देवताको पूजा गरेपछि मात्र सात्विक भोजन गर्दथे । पं. माधवप्रसादको हस्तलिखित श्रीमद्भागवत अद्यावधि पन्थी कुलमा सुरक्षित छ ।

नेपालका ४ धाम मध्येकै १ धामको रूपमा रुरुक्षेत्रलाई मानिन्छ । रिडी भनेको प्रयाग जस्तै तीन जिल्ला स्याङ्जा, गुल्मी र पाल्पाको सङ्गम हो । तीनै जिल्लामा महादेवका मन्दिरहरू छन् । जस्तैः स्याङ्जामा भृर्तुङ्गेश्वर महादेव, पाल्पामा हृषीकेश मन्दिर र गुल्मीमा काञ्चनेश्वर महादेव तथा विष्णु मन्दिर छन् । यसै क्षेत्रबाट अविरल काली गण्डकी नदी बगिरहन्छिन् । नवलपरासी जिल्लामा रहेको ७६९ बिघा जमिनको आयस्ताबाट सञ्चालन हुने सदावर्त गुठी यिनै देवीदेवताका लागि राखिएको थियो । यो गुठीको व्यवस्था तत्कालीन राजा पृथ्वीवीर विक्रम शाहको पालामा गरिएको थियो । गुठीको आयस्ताबाट हृषीकेश मन्दिरको सत्तलमा बस्ने वृद्धवृद्धालाई निःशुल्क भोजनको व्यवस्था गरिएको थियो । यसै गुठीको आयस्ताबाट संस्कृत भाषा पाठशाला स्थापना गर्न राजा पृथ्वीवीर विक्रम शाहले हुकुम दिए । यसको स्थापना कतै वि.सं. १९६९ र कतै वि.सं. १९५९ सालमा पनि भनिएको छ । रिडीको विष्णुपञ्जरमा पाठशाला स्थापना गरियो । १०८ जना ब्राह्मण छात्रलाई भोजन र आवासको व्यवस्था हुने

गरी पाठशाला स्थापना गरिएको थियो । शुरूमा २७ जना मात्र विद्यार्थी भर्ना भए । त्यस विद्यालयमा चण्डी, रुद्री लघुकौमुदी अमरकोष आदि अध्यापन हुन्थ्यो । (साभार : राणाकालीन शिक्षा पेज ३३६ )

तत्कालीन संस्कृत भाषा पाठशाला स्थापना भएपछि यसै संस्थालाई आधार मानेर वि.सं.२०१६ सालमा संस्कृत तथा साधारण माध्यमिक विद्यालयमा स्तर वृद्धि भयो । यो आलेख पाठशाला स्थापनामा महत्त्वपूर्ण योगदान मात्र नभई त्यसै पाठशालामा अध्यापनसमेत गरेका व्यक्तित्वमाथि केन्द्रित हुनेछ ।

**१. ढुण्डीराज उपाध्याय पन्थी :** विं सं. १९४६ सालमा पं.श्रीकृष्ण उपाध्याय पन्थी एवं जदुकुमारीका ज्येष्ठ पुत्रको रूपमा गुल्मीको धुर्कोट पण्डित टोलामा जन्मिनुभएको थियो । ढुण्डीराज पं.माधवप्रसाद उपाध्याय पन्थीका नाति हुनुहुन्छ् । विद्वान् कुलमा जन्मिएर होला ढुण्डीराजले संस्कृतका चण्डी, रुद्री, अमरकोष, लघुकौमुदी आदि घरमै अध्ययन गर्नुभयो । त्यसपछि थप अध्ययनको लागि वाराणसी गएर मध्यमासम्म अध्ययन गरी शैक्षिक जागरणको लागि केही गरौं भन्ने भावना जागृत भयो । काठमाडौं गएर संस्कृत भाषा पाठशालाको संस्थापक सरकारी शिक्षक भएर रिडी आउनुभयो । उहाँकै सक्रियतामा वि.सं. १९६९ (१९५९ ?) सालमा संस्कृत भाषा पाठशाला विष्णुपञ्जर, रिडीमा सरकारी स्तरबाट स्थापना भयो । करिब २ दशकसम्म पं. ढुण्डीराज पन्थीले रिडीको संस्कृत पाठशालामा अध्यापन गर्नुभएको देखिन्छ । गुल्मी जिल्लाको यो नै पहिलो संस्कृत भाषा पाठशाला होला भन्दा अत्युक्ति नहोला ।

**२. पं. उमानाथ उपाध्याय पन्थी :** पं.ढुण्डीराज पन्थी एवं कौशल्यादेवीका ज्येष्ठ पुत्रको रूपमा उमानाथ पन्थीको जन्म वि.सं.१९६५ सालमा धुर्कोटमै भएको हो । उमानाथले घरमै सामान्य शिक्षा ग्रहण गरेपछि औपचारिक शिक्षाको लागि तीनधारा सस्कृत प्रधान पाठशाला रानीपोखरी, काठमाडौंमा गएर माध्यमासम्मको अध्ययन गर्नुभयो । काठमाडौंमा अध्ययन गर्दा विद्वत्छिरोमाणि कुलचन्द्र गौतमको सान्निध्यमा रहेको जानकारी गण्डकी गौरवम्मा उल्लिखित भूमिकाबाट पाउन सकिन्छ । माध्यमासम्मको अध्ययनपश्चात् उमानाथले रिडीको सोही संस्कृत पाठशालाको लागि सरकारी शिक्षकमा नियुक्ति लिएर आउनुभयो । उहाँले सरकारी शिक्षकको नियुक्ति विंसं. १९८८ सालमा लिएको हुनुपर्दछ । उमानाथ गुरु असल, सदाचार, सात्विक, अध्यापनमा एकदमै रुचि राखेर विद्यार्थीलाई पढाउने सहकर्मी र विद्यार्थी सबैका प्रिय हुनुहुन्थ्यो भन्ने बुझिन्छ । श्रीमद्भागवत वाचनमा विशेष रुचि, यज्ञ यज्ञादि कार्यमा सरिक हुने मिजासिला पनि हुनुहुन्थ्यो रे भन्ने उहाँलाई जान्नेले अझै बताउँछन् । उहाँले रिडी बसाइकै अवधिमा गण्डकी गौरवम्, रामचरित, हृषीकेशव्य यी तीनवटा स्तुति काव्य सृजना गर्नुभयो । अन्य कैयौं फुटकर कविता आदि लेख्नुभयो भन्ने सुनियो तर प्रकाशित स्तुति काव्यमात्र भयो । गण्डकीगौरवम्मा रुरुक्षेत्रको प्राकृतिक सौन्दर्य र अविरल बगिरहने त्रिवेणी संगम र विभिन्न पवित्र मन्दिरहरूको वर्णन गरिएको छ । जय

जय गण्डकी पाप नाशिनी ... आदि । गण्डकीगौरवम् नेपाल संस्कृत विश्व विद्यालयअन्तर्गतका क्याम्पसहरूमा अद्यावधि अध्यापन गराइन्छ । अध्यापनकै क्रममा ३९वर्षको उमेरमा उहाँको देहान्त वि.सं. २००४ सालमा प्यूठानको उदयपुरमा श्रीमद्भागवत सप्ताह वाचनकै क्रममा भयो । उहाँले लामो समयसम्म अध्यापन गर्न पाउनुभएन ।

**३. पं. भोजराज पन्थी :** पं ढुण्डीराज पन्थीका माइला छोरा भोजराज पन्थीको वि.सं.१९७१ सालमा धुर्कोटमा जन्म भयो । पण्डित विद्वान् कुलमा जन्मेकोले होला अध्ययनलाई भोजराज पन्थीले पनि निरन्तरता दिनुभयो । आफ्ना पिता र दाजुको सल्लाहबमोजिम उहाँले घरको संस्कारयुक्त अध्ययन पश्चात् तीनधारा संस्कृत प्रधान पाठशाला रानीपोखरी, काठमाडौंबाट माध्यमासम्म अध्ययन गर्नुभयो । संयोग नै भनौं पं. उमानाथ पन्थीको असामयिक निधन भयो । सोही स्थानमा भोजराजले पढाउने हुनुभयो । उहाँले सरकारी शिक्षकको रूपमा नियुक्ति लिएर आउनुभयो । शिक्षकको अभाव हुन पाएन । आफ्ना पिता ढुण्डीराज र अग्रज दाजु उमानाथले स्थापना र सञ्चालन गरेको संस्कृत भाषा पाठशालालाई भोजराजले कर्मथलो बनाउनुभयो । संस्कृत भाषा पाठशाला वि.सं.२०१६ सालमा स्तरवृद्धि गरी संस्कृत तथा साधारण माध्यमिक विद्यालय भएपछि पनि उहाँले अध्ययनलाई निरन्तरता दिइरहनु भयो । जीवनको महत्त्वपूर्ण समय अध्ययन-अध्यापनमा व्यतीत गर्नुभयो । उहाँ १८ पुराणका ज्ञाता श्रीमद्भागवत वाचनमा निपुण हुनुहुन्थ्यो । लोभ-लालचबाट टाढा सत्य वचन र सादगी जीवन बिताउन मन पराउनुहुन्थ्यो । नित्य पाञ्चायन देवताको पूजा, पितृको तर्पण गरेर मात्र सात्विक भोजन ग्रहण गर्ने भोजराज गुरुको दैनिकी हुन्थ्यो । करीब ४ दशकसम्म रिडीको विष्णुपञ्जरमा अध्यापन गर्नुभयो । वि.सं. २०४७ सालमा ७६ वर्षको उमेरमा उहाँको देहान्त भयो ।

यसरी रिडीको संस्कृत पाठशालाको स्थापना र विकासमा पं. ढुण्डिराज पन्थी र उहाँका दुई भाई छोराहरू उमानाथ पन्थी र भोजराज पन्थीको योगदान अविस्मरणीय रहेको छ । एउटै परिवारका ३ जना व्यक्तिहरूबाट ७० वर्षभन्दा बढी लामो समयसम्म सरकारी संस्कृत पाठशालाको प्रधानाध्यापक र शिक्षक भएर काम गर्नु आफैमा एउटा गौरवपूर्ण कार्य हो ।

ढुण्डीराज पन्थीका कान्छा छोरा हेमराज पन्थी सामाजिक कार्यमा सक्रिय हुनुभयो र गुल्मी जिल्लाबाट राजनीति पीडितको दर्जासमेत पाउनुभएको थियो ।

पिता, पुत्रहरूबाट रिडीको संस्कृत भाषा पाठशाला स्थापना र सञ्चालन गरेर यस गुल्मीमा मात्र नभएर पाल्पा र स्याङ्जाका विकट ठाउँमा त्यो बेला शिक्षाको ज्योति बाल्ने काममा पं. ढुण्डीराज पन्थी, पं. उमानाथ पन्थी र पं. भोजराज पन्थी स्तुत्य हुनुहुन्छ । उहाँहरूलाई चिरकालसम्म सबैले सम्झिरहनेछन् । ओम् तमसो मा ज्योतिर्गमय ।

०००

# रुरुका गन्तव्य !

✍ **काशीनाथ मिश्रित**
**रुरुक्षेत्र-५, सुनडाँडा**
**हाल : काली गण्डकी-५, फोक्सिङ, गुल्मी**

हाम्रो सगरमाथा हो बम्घाको उच्च टाकुरा !
भुरे राजा रजौटाको राजधानी थियो पुरा !

रानी बास बसेकाले भयो रे रानीबास त्यो
टक काट्ने भएकाले टक्सार नाम राखियो ।

धोबीघाट भयो धोबीहरूले कपडा धुने
घुमेर फर्कँदा गर्थे चौतारामा बिसाउने

भण्डारीहरूले हेर्थे भण्डारतिरको भने
ज्ञवालीहरूले गर्थे यज्ञ आदि चलाउने ।

प्राचीन कालमा होला, अहिले किंवदन्ती भो
ठाउँका नामले गर्दा साँच्चै हो भन्नु नै परो ।

राजतन्त्र गयो टाढा गाढा छाप रहेछ त्यो !
अहिले चुचुरो अग्लो पर्यटकीय क्षेत्र भो ।

***

होचो स्थान रिडी घाट हो रुरुक्षेत्रको स्थल
चार धामहरूमध्ये सुप्रसिद्ध छ यो स्थल ।

तपस्या ध्यानले गर्दै देवदत्त ऋषीश्वर
गुफामा बस्दथे एक्लै सम्झी शरीर नश्वर ।

स्वर्गकी अप्सरा आई मायाजाल फिँजाइछन् !
ध्यानमग्न भई बस्ने ऋषिलाई फसाइछन् ।

देवदत्त फसेकाले अप्सरा गर्भिणी भइन्
कन्यालाई दिई जन्म आफू स्वर्गतिरै गइन् ।

आफ्नो शावक मर्नाले ग्रस्त भै रुरु आउँछ
दूधधारा बगाएर कन्यालाई खुवाउँछ ।

रुरुको दूध खाएकी कन्याको नाम भो रुरु
किंवदन्ती छ भन्छन् यै जान्नेसुन्ने बुढाहरू ।
***
रुद्रवेणी रुरुकन्या तपस्या गर्न आइछन्
'नित्य दर्शन पाऊँ' यै विष्णुको वर पाइछन् ।

रामका दूतको ठूलो मूर्ति स्थापित भो जहाँ
वृद्धाश्रम रहेको छ दर्जनौं वृद्ध छन् त्यहाँ ।

रुद्रावती र कालीको संगमस्थलमा गई
तारकेश्वर स्वामीले गरे आश्रम स्थापना ।

मुक्तिखातिर द्यौताको ध्यानमा मग्नमस्त भै
वैरागीहरूको बास हुन्छ यो तीर्थमा अझै ।
***
रेसुङ्गा र रिडीमाझ अर्को तीर्थ प्रसिद्ध छ
गङ्गास्नान गरी बस्थे ऋष्यशृङ्ग ऋषीश्वर

यही प्राचीन आस्थाको पुण्य धर्ती मनोहर
शृङ्गीश्वर तपोभूमि त्यसैले सुप्रसिद्ध छ ।

मेला लाग्दछ अत्यन्तै ठुलो श्रावण मासमा
अपवित्र हुने गर्छिन् गङ्गाजी यहि मासमा !!

गुल्मीको तीर्थ रेसुङ्गा भए झैं रुरुको छ यो
संरक्षण गरिराख्ने हाम्रो कर्तव्य नै रह्यो ।

यस्ता धार्मिक आस्थाका केन्द्रमा बस्न पाउँदा
हर्षोल्लास भई छाती फुल्छ गौरवले सदा !!
ooo

# दर्शनीय रुरुक्षेत्र

✍ **परशुराम भट्टराई**
**अध्यक्ष**
**हृषीकेश व्यवस्थापन समिति, तानसेन न.पा.-१४, पाल्पा**

## १. विषयप्रवेश

नेपालको मध्य भू-भागमा रहेको पुण्यतोया शालग्रामगर्भा श्रीकृष्णा गण्डकी, अनेक प्राचीन मठमन्दिर, पुराणहरूमा गरिएको यसक्षेत्रको वर्णन जस्ता विशेषताका कारण रुरुक्षेत्र प्रसिद्ध छ । देवदत्त ऋषि, प्रम्लोचा अप्सरा, रुरुकन्या र उनै नामबाट नामकरण गरिएको विशिष्ट धाम रुरुक्षेत्र धार्मिक, ऐतिहासिक र साँस्कृतिक दृष्टिले महत्त्वपूर्ण छ । यस लेखमा उक्त विषयका बारेमा चर्चा गरिनेछ ।

गण्डकीको पावनतर हालको रिडी बजारदेखि माथि गल्फुले गुफामा अघि भृगुवंशी मुनि देवदत्त वेदवेदाङ्गमा पारङ्गत, ज्ञानयोग, भक्तियोग र कर्मयोगमा निपुण थिए । उनले गण्डकी नदीको तटमा एउटा पवित्र आश्रम बनाएर त्यसै स्थानमा कठोर तपस्या गर्न थाले । यो आश्रम अनेक प्रकारका वृक्षगुल्महरूले सुशोभित थियो । मृगहरू निर्भय भएर विचरण गर्दथे -

**हिमशैले महारण्ये हृषीकेशाश्रितो मुनिः ।**
**देवदत्त इति ख्यातस्तपस्यति महत्तपः ॥**
**आसीत् पुरा महाभागो देवदत्त इति द्विजः ।**
**भृगुवंशे समुत्पन्नो वेदवेदाङ्ग पारगः ॥**
**तत्राश्रमपदं पुण्यं पुण्यद्रुमलतान्वितम् ।**
**शान्तैर्मृगगणैः कीर्णं कन्दमूलफलान्वितम् ।**

***(वराहपुराण १४६/१३, १५, १६)***

यस आश्रममा कन्दमूल, फलफूल प्रशस्त पाइन्थ्यो । बेल रुद्रक्ष आदि दिव्य वृक्षहरू भएको यो स्थान शान्त स्वभावका मृगहरूले घेरिएको थियो । ऋषिको कठोर तपस्या देखेर स्वर्गका अधिपति इन्द्र सशङ्कित भइरहेका थिए । उनले देवदत्तको तपस्या भङ्ग गर्न कामदेव र प्रम्लोचा अप्सरालाई आज्ञा दिए । इन्द्रको आज्ञाअनुसार अप्सरा आदि सबै मुनिको आश्रममा पुगे । तपोवन अत्यन्त रमणीय थियो । नजिकै कलकल गर्दै पवित पावन गण्डकी नदी बगिरहेकी थिइन् । आश्रमको नजिक सुन्दर बगैचा थियो । त्यहाँ कोइलीहरूको श्रुतिमधुर नाद थियो । त्यो ठाउँ आम्रमञ्जरीहरूलाई ढाकेर रसपान गर्दा आनन्द मानिरहेका मत्त भ्रमराहरूको गुञ्जनले मनमोहक थियो । भमराहरूको गुञ्जनले श्रुतिमाधुर्यले

भरिएको उद्यानमा गन्धर्वहरूको संगीतको धून व्याप्त थियो । मलयाचलको शीतल, मन्द सुगन्ध वायु बगिरहेको थियो । निर्मल जलाशयहरूमा कमल पुष्प ढकमक्क पुष्पित थिए । मुनिको तपस्याको प्रभावले त्यहाँका जलस्थलमा बस्ने हिंस्रक स्वभावका पशुपंक्षीहरूले आफ्नो जातीय स्वभाव परित्याग गरेका थिए । परस्परमा वैरभाव गर्दैनथे ।

**समीपोपवने रम्ये नानाद्रुमलताकुले ।**<br>
**मधुरालापबहुले कोकिलानां कुलाकुले ॥**<br>
**रसालमञ्जरीव्याप्तरसामोदालि संकुले ।**<br>
**गुञ्जन्मत्तालिसन्नादसुतिश्रुतिधरान्विते ।**<br>
**गन्धर्भगीतसम्मिश्रे मलयानिलशीतले ।**<br>
**सम्फुल्लपङ्कजवने सुनिर्मलजलाशये ॥**<br>
**मुनिप्रभावसन्त्यक्त कौर्यस्थलजलाशये ।**<br>
**मधुरामोदमधुरे चिन्तक्षोभविधायिनि ॥**<br>
**प्रविश्य सा वरारोहा गीतं सुमधुर जगौ ॥**

*(वराहपुराण १४६/१८/-२२)*

## देवदत्तको तपस्या भङ्ग

त्यस आश्रमको एउटा गुफामा मुनि पद्मासन बाँधेर एकाग्र चित्त गरी भगवान् विष्णुको ध्यानमा मग्न थिए । उचित अवसर पारी कामदेवले पुष्पवाण प्रहार गरे । अनुकूल वायु वहन थाल्यो । संगीतमय मीठो गीत सुनेर देवदत्तले आँखा खोले । चित्त चञ्चल भयो । देवदत्त प्रसन्न भएर रमाइलो मान्दै यत्रतत्र विचरण गर्न थाले । सुन्दरी अप्साराका हाव-भाव कटाक्षका कारण मुनिले अत्यन्तै कामवेदना अनुभव गरे । दुबैमा मीठो संवाद भयो । सुन्दरी म तिम्रो अधीनमा छु । अप्सरा हाँस्दै नजिक गइन् । अनेक भोग्य सामग्रीहरू संग्रह गरेर धेरै कालसम्म अगणित दिनहरू बिते । प्रम्लोचाले गर्भधारण गरेको पत्तै भएन । एकदिन थाहा पाएर झस्याङ्ग भए । उनको मनमा तीब्र वैराग्य आयो । अत्यन्त आकुल हुँदै भन्न थाले -

**अहो भगवती माया ययाहं भृशमोहितः ।**<br>
**जानन्नपि तपोभ्रंशं प्राप्तो दैवबलात् कृतं ।**

*(वराहपुराण १४६/३७)*

अहो हेर भगवती महामायाको महिमा अपरम्पार छ । जसले आज मलाई यसरी मोहित पार्‍यो । जान्दाजान्दै तपस्याबाट भ्रष्ट भएँ । मेरो केही लागेन भनी प्रम्लोचालाई तुरून्तै त्यागिदिए । उनले मनमनै भने - यो ठाउँ विघ्नकारी रहेछ । म अब कठोर तपस्या गर्न जान्छु भनी उत्तरापन्थ लागे । एउटा सुन्दर भृगुतुङ्ग आश्रममा पुगे । गण्डकीको संगममा स्नान गरी देव-पितृतर्पण र विष्णु-शिवको

पूजा गरी एकाग्र चित्त गरी भगवान् शंकरको दर्शन पाउने आशा लिएर तपास्यामा लीन भए ।

त्यक्त्वाश्रममिदं चान्यात् स्थानं गत्वा समाहितः ।
तपस्तीब्रं समास्थाय शोषयिष्ये कलेवरम् ॥
इति निश्चित्य मनसा गत्वा भृग्वाश्रमं प्रति ।
गण्डकीसङ्गमे स्नात्वा सन्तर्प्य पितृदेवताः ॥
विष्णुं शिवञ्च सम्पूज्य तपः स्थानं विचिन्तयन् ।
पश्यन् भृग्वाश्रमं रम्यमुत्तरं गतवान् शनैः ॥
गण्डक्याः पूर्वभागे तु विवित्तं विजनं शुभम् ।
दृष्टवा तीरेषु विश्रान्तस्तपो भूमिमचिन्तयत् ॥
भृगुतुङ्गं समासाद्य शंङ्कराराधने रतः ।
अतप्यत तपो घोरं शिवदर्शनलालसः ॥

***(वराहपुराण १४६/४२-४६)***

## देवदत्तलाई शंकरको दर्शन

देवदत्तको घनघोर तपबाट प्रसन्न हुनुभएका शङ्करले लिङ्गरूप धारण गरी देवदत्तको हृदयको सन्ताप मेटाउँदै भन्नुभयो । हे मुनि म शिव हुँ, दर्शन गर । मनमा म र भगवान् विष्णुप्रति कत्ति पनि फरक नदेख । पहिले तिमीले तपस्या गर्दा विष्णु र मलाई अलग-अलग हुन् भनी भेददृष्टिले हेरेका थियौ । त्यसलै तिम्रो तपस्यामा अप्सराद्वारा विघ्न पर्‍यो । अप्साराको माया जालमा पर्‍यौ । तिमीले हामी दुबै देवतालाई समभावले हेर । अवश्य मोक्ष प्राप्त गर्नेछौ । भगवान्को दर्शन पाएर उनले स्तुति गर्छन् । भगवान्ले भन्नुहुन्छ - हे दवदत्त ! तिम्रो तपस्याबाट भृगुतुङ्गमा अनेक शिवलिङ्ग प्रकट भएका छन् । यी शिवलिङ्ग र विष्णुको मूर्तिको महिमा समान छ । यो दिव्यदृष्टि तिमीलाई दिएको छु । यति भनी शंकर भगवान् अन्तर्ध्यान हुनुभयो ।

## तपस्विनी रुरुकन्याद्वारा हृषीकेशको दर्शन ।

यता प्रम्लोचा अप्सराले देवदत्तको गर्भलाई त्यही आश्रममा रहेर एउटी कन्या जन्माई स्वर्गतर्फ लागिन् । प्रम्लोचाबाट जन्मिएकी कन्याको पालनपोषण रुरुजातिका मृगहरूले गरे । मृगले दूध पिलाएर हुर्काएका हुनाले तिनको नाम रुरुकन्या भन्ने रह्यो । बालिका बढ्दै गइन् । अनेकौं युवाहरूले उनीसँग विवाह गर्ने इच्छा प्रकट गरे तर उनले स्वीकार गरिनन् । उनले धैर्य भएर भगवान् लक्ष्मीपति विष्णुको आराधानाका साथ तपस्यामा तल्लीन भइन् ।

**साऽपि कन्या मृगैस्तत्र रुरुभिर्वर्धिता सती ।**
**रुरुरित्येव विख्याता पितुरेवाश्रमे स्थिता ॥**
**युवाभिः प्रार्थ्यमानापि चित्त कञ्चन नाध्यगात् ।**

***वराहपुराण १४६/५५***

यसरी सय वर्षसम्म जगत्का पति भगवान् रमापति विष्णुलाई चिन्तन गर्दै तपस्या गरिन् । उनको भगवान्मा यति तन्मयता बढ्दै गयो कि समाधिमा पुगिन् र स्थाणु (ठुटो) झैं निश्चल भइन् । उनलाई सुख-दुःखको भान भएन । उनको शरीरमा धपधपी बलेको तपोमय तेजले सारा चराचर जगत् उज्यालो देखिन थाल्यो । यसरी इन्द्रियलाई नियमन गरी ध्यानमग्न भएकी रुरुकन्याका सामु भगवान् विष्णु चतुर्बाहुरूपमा प्रकट हुनुभयो ।

इन्द्रिय दमन गरिएका हुँदा रुरुकन्याले आफ्नो आँखाले भगवान्लाई देख्न सकिनन् । भगवान् उनकै इन्द्रियमा प्रवेश गरेर आँखा खोलिदिनुभयो । इन्द्रियका मालिक भई दर्शन दिनुभएकाले भगवान्को नाम हृषीकेश भन्ने रहयो । (हृषीकाणां=इन्द्रियका ईशः=स्वामी हृषीकेश) रुरुकन्याले जब आँखा खोली भगवान् नारायणलाई बाहिर प्रत्यक्ष दर्शन गरिन् तब हर्षले उनका आँखाबाट अश्रुधारा बग्न थाले । भगवान्लाई प्रणाम गरिन् ।

**सन्निरूद्धेन्द्रियग्रामा नाचक्षत बहिः स्थितम् ।**
**तदा हृषीकमाविश्य संहृत्य स्वं गतोबहिः ।**
**स्थितोऽहं वसुधे विष्णुः क्षणे प्रत्यक्षतां गतः ।**
**हृषीकेश इति ख्यातो नाम्ना तत्रैव संस्थितः ॥**
**सामां यदा च नापश्यदुन्मील्य नयने तदा**
**बहिः स्थितं च मां दृष्टवा प्रणामाय कृताञ्जलिः ॥**
**गद्गदस्वरसंयुक्ता साश्रुक्लिन्न विलोचना ॥**

***गण्डकीमहात्म्य ३/८०-८३***

भगवान्ले भन्नु भयो हे कन्या । तिम्रो तपस्याबाट म अत्यन्त प्रसन्न भएँ । तिम्रो मनमा जेछ त्यो बर माग । हे नाथ ! हे देवादिदेव ! हजुर ममाथि प्रसन्न हुनुभएको छ भने यही चतुर्बाहुरूपमा यस पुण्यधाममा सर्वदा विराजमान हुनुहोस् ।

कन्याको प्रार्थना सुनेर भगवान्ले थप अर्को दुर्लभ वरदान दिनुहुन्छ । तिम्रो नामबाट यो क्षेत्र प्रसिद्ध होस् । यस क्षेत्रमा बगेकी गण्डकीमा जसले स्नान गरी मेरो हृषीकेशको विग्रहको दर्शन गर्ला त्यो पवित्र हुनेछ । रुरुक्षेत्र तिम्रै शरीर मानिनेछ र तिम्रो नामबाट विख्यात हुनेछ ।

**तीर्थानां परमं तीर्थ तव देहो भवत्वलम् ।**
**तव नाम्ना च विख्यातं क्षेत्रमेतद् भविष्यति ।**

***वराहपुराण १४६/७६***

रुरुकन्याको बिन्ती स्वीकार गरी भगवान्ले शालिग्राममा तेजोमय बनेर प्रवेश गर्नुभयो । ती शालग्राम मूर्ति ३ फिट ९ इन्च अग्लो स्वरूपमा आज पनि विराजमान हुनुहुन्छ ।

पाल्पाली राजा मणिमुकुन्द सेनले सपनामा उक्त चतुर्बाहु मूर्तिको दर्शन पाए । गण्डकीमा स्नान गर्दा उनले भगवान्लाई भेटाए । विक्रमको सोह्रौ शताब्दीको उत्तरार्द्धमा मन्दिर बनाई मूर्ति स्थापना गरे । अर्गलीमा गुठीको व्यवस्था गरी कुरूङ्ग खोलादेखि सुरूङ्ग मार्गबाट कुलो ल्याई सिंचाइको प्रबन्ध गरे र भगवान्को नित्य पूजा अक्षताको व्यवस्था मिलाए । उक्त मूर्तिमा श्रीदेवी, भुदेवी, शङ्कचक्र गदा पद्म र भगवत्पार्षद हुनुहुन्छ । यस मन्दिरको संरक्षण र संवर्धनका लागि गुठी संस्थाले हृषीकेश मन्दिर व्यवस्थापन समिति गठन गरेको छ । यहाँ नित्यपूजाका साथसाथै विशेष पर्वहरूमा ठूलो मेला लाग्दछ । रामनवमी, कृष्णाष्टमी, माघेसङ्क्रान्ति आदि अनेक पर्वमा ठूलो मेला लाग्दछ । हरिबोधनी एकादशीमा फूलपाती भित्र्याई द्वादशीका दिन भगवान्को वार्षिकोत्सव अर्थात् ब्रह्मोत्सव बाजागाजा भजनकीर्तन गरी रथयात्रा गर्दै नगर परिक्रमा गराइन्छ । यस दिन विशेष गरी घ्यू र दूधमा पाकेको हलुवाको विशेष भोग लाग्दछ । पश्चिम दिशाबाट ऋणी नाम गरेकी नदी आएर उत्तर दिशाबाट आएकी दामोदर कुण्ड, मुक्तिनाथ, कागवेणी, गलेश्वरधाम हुँदै शालग्राम गर्भा पतितपावनी कृष्णा गण्डकीसँग मिली संगम बनेको यो रुरुक्षेत्र मानव मात्रले जन्मदाखेरी लिएर आएका देवऋण, ऋषिऋण र पितृऋणबाट उद्धार गरी जन्मजन्मातरका पापनाश गर्न सक्षम रहेको छ ।

कृष्णबोधाश्रम दण्डीस्वामीद्वारा २००६ सालमा स्थापित ब्रह्मचर्याश्रम, गायत्री गुरुकुल हृषीकेश भगवन्को परिसरमा यस क्षेत्रकै महत्त्वपूर्ण अलङ्कारको रूपमा रहेको छ । यहाँ दैनिक वैदिक शिक्षा वेद, कर्मकाण्ड आदिको शिक्षा दिइन्छ । यहाँ नित्य हवन, रुद्राभिषेक, गायत्री माताको आराधना हुन्छ । यहाँ अध्ययन गर्ने बटुहरूका लागि निःशुल्क भोजन, खाजा र आवासको प्रबन्ध गरिएको छ । यही परिसरमा राधाकृष्ण मन्दिर एवं अन्य शिवालयहरू रहेका छन् ।

## रुरुक्षेत्रको विशेषता

रुरुक्षेत्रमा काली गण्डकी र कूर्मगङ्गाको बीचमा और्वाश्रम रहेको छ । और्व ऋषिको नामबाट यहाँको गाउँ अर्गली प्रसिद्ध छ । अर्गलीको माथिको शैलोच्च शिखरमा और्वाश्रम रहेको छ । त्यस आश्रममा महर्षि और्वले ७० कल्पसम्म अखण्ड तप गरेका थिए ।

कुर्मागङ्गा र काली गण्डकीको दोभानलाई गाईघाट भनिन्छ । यस स्थानमा प्रत्येक वर्ष ज्येष्ठ शुक्ल द्वादशी तिथिको राति १२ बजे गाई कराएको ध्वनि सुनिन्छ । गाईको ध्वनि सुन्नाले श्रवण गर्ने समस्त भक्तजनका सबै पाप नाश हुन्छन् ।

**शुचौशुक्लेथ द्वादश्यां गवां शब्दोत्र सुन्दरि ।**
**श्रुयते महदाश्चर्यं श्रोतु पापहरः परः ॥**

*गण्डकी माहात्म्य ६/७५*

यस्तै गाईघाट क्षेत्रमा पञ्चपद तीर्थ छ । जहाँ पाँच दिव्य शालग्राम शिला छन् यही नै ब्रह्मपद नामक गुह्यतीर्थ हो ।

भीमसेन थापाद्वारा स्थापित सत्येश्वर महादेव र ऐतिहासिक कलात्मक पौवाले यस क्षेत्रको गरिमालाई बढाएका छन् ।

गल्फुले गुफाभित्र देवदत्त नामक पार्क रहेको छ । यहाँ ऐतिहासिक वृत्तचित्र समेत राखिएका छन् । देवदत्तको मूर्ति, रुरुकन्यको मूर्ति, मृगहरूका मूर्ति र श्रीखण्डहरूका वृक्षहरूले यस क्षेत्रको धार्मिक, ऐतिहासिक एवं साँस्कृतिक महत्त्वलाई बढाएका छन् ।

स्याङ्जा जिल्ला काली गण्डकी गा.पा.मा रहेको हनुमान् शिला धार्मिक एवं पर्यटकीय दृष्टिले महत्त्वपूर्ण रहेको छ । सीताजीलाई बाटो रोक्नका लागि हनुमान सीता भन्दा अगाडि पुग्दा पछाडि राम र लक्ष्मण अगाडि हनुमानजी भएकाले सीता दुलोबाट भासिन पुग्नु भएको र हनुमान अगाडि रहेकाले सो शिला दैवी शक्तिअनुसार हालसम्म सीताजीकै प्रतीक्षामा रहेको भन्ने किंवदन्ती छ ।

स्याङ्जा गुल्मी र पाल्पा तीन जिल्लालाई जोड्ने एसियाकै नमूना तीन मुखे पुल रिडी नदी र कृष्णा गण्डकीको संगममा बनेको छ । यो पुल धार्मिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण रहेको छ । यसको टावरबाट रिडी बजार आसपासका सबै क्षेत्र दर्शन गर्न सकिन्छ । स्याङ्जा जिल्ला अन्तर्गत काली गण्डकीको तटमा देवदत्तको तपस्याबाट प्रसन्न भएर शिवजी लिङ्ग रूपमा रहनु भएको हुँदा उक्त स्थानमा भृगुतुङ्गेश्वर नामले शिवजीको नित्यपूजा हुँदै आएको छ । हृषीकेश मन्दिरदेखि करीब १ कि.मि. अगाडि कुसेनीमा १०० भन्दा बढी गाईहरूलाई गोशाला बनाई गोसेवा प्रारम्भ गरिएको छ । गोशाला यस क्षेत्रको दर्शनीय स्थल बनेको छ ।

यसै क्षेत्रमा १२० वर्षभन्दा पुरानो संस्कृत पाठशाला रहेको छ । यस पाठशालाले सनातन धर्मसंस्कृतिको जरोको रूपमा रहेको संस्कृत भाषाको सम्वर्द्धनमा उल्लेखनीय योगदान दिदै आएको छ ।

नेपाल संस्कृत विश्वविद्यालयको आङ्गिक विद्यापीठको रूपमा रुरु संस्कृत विद्यापीठ रहेको छ । यहाँ शास्त्री स्तरको अध्ययन अध्यापन हुने गर्दछ । यसले यस क्षेत्रकै शैक्षिक गौरवलाई कायम गरिरहेको छ । यसै गरी अद्वैत संस्थाले अद्वैत वेदान्तको ज्ञानलाई सर्वत्र फैलाइरहेको छ ।

## पर्यटकीय विशेषता

काली गण्डकी र रिडी नदी आसपासका क्षेत्रको रक्षाका लागि तटबन्धको कार्य अगाडि बढिरहेको छ । करिब ३ अरबको लागतमा रुरुक्षेत्रको समग्र विकासका लागि डि.पि.आर. (गुरु योजना) तयार गरिएको छ । पाल्पामा धार्मिक क्षेत्र, गुल्मीमा व्यावसायिक क्षेत्र र स्याङ्जामा होमस्टे बनाई विकास गर्न सकेको खण्डमा धार्मिक पर्यटकहरू भित्र्याउन मद्दत मिल्ने देखिन्छ । काली गण्डकी कोरिडोर केही भाग कालोपत्रे भइसकेको, केही भाग कालोपत्रे गर्ने कार्य अगाडि बढिरहेको छ । यसबाट पाल्पाको प्रसिद्ध रानीमहलमा आउने आन्तरिक बाह्य पर्यटकलाई रुरुधाममा ल्याउन सहज हुनेछ । मुक्तिनाथमा आएका तीर्थ यात्रीलाई काली गण्डकी कोरिडोर हुँदै रुरुधामसम्म ल्याउने वातावरण मिलाउन सकेको खण्डमा यस क्षेत्रको विकासमा कायापलट हुने देखिन्छ । तीनमुखे पुलको रमणीय आवागमन, हनुमानस्थलको अवलोकन, गोशालामा गाईको दर्शन, देवदत्त पार्कको ऐतिहासिक पक्षको अवलोकन एवं प्राकृतिक छटा हेर्दा अनि गायत्री गुरुकुलका विद्यार्थी बटुहरूका आवाजले गुञ्जायमान वेदध्वनि कानमा ठोकिदा कुन धार्मिक पर्यटकको मन नरमाउँला र ! यस क्षेत्रको विकासमा नेपाल सरकार, पर्यटन बोर्ड, प्रदेश सरकार, स्थानीय सरकार र हृषीकेश व्यवस्थापन समिति निरन्तर क्रियाशील छन् । हाल गुरुकुलको भोजानलय, गङ्गाआरतीभवन निर्माणाधीन अवस्थामा छन् । यस क्षेत्रको विकासमा सम्पूर्ण क्षेत्रबाट ध्यान पुगेमा रुरुक्षेत्र नेपालकै विशेष तीर्थस्थल र पर्यटकीय गन्तव्यका रूपमा विकसित हुन सक्ने देखिन्छ ।

## निष्कर्ष

नेपालका चारधाम मुक्तिक्षेत्र, वराहक्षेत्र, पशुपतिक्षेत्र र रुरुक्षेत्रमध्येको एक रुरुक्षेत्र हो । गुल्मी स्याङ्जा र पाल्पा जिल्लाको त्रिवेणी रहेको यो क्षेत्र पौराणिक, धार्मिक, संस्कृतिक एवं पर्यटकीय दृष्टिले महत्त्वपूर्ण रहेको छ । हृषीकेश भगवान्को दिव्य स्वयम् व्यक्त विग्रहका कारण यो रुरुक्षेत्र दर्शनीय रहेको छ ।

## सन्दर्भ–स्रोत

**वराहपुराण** (सन् १९८२) सम्पा. हृषीकेश शास्त्री, वाराणसी चौखम्बा अमर भारती प्रकाशन ।

**गण्डकी माहात्म्य** (वि.सं. २०५५) अनु–टीकाराम अधिकारी दाङ मं.सं.वि. ।

ooo

// लेख //

# नेपालकै गौरवगाथा गाउने रुरुक्षेत्र

✍ **प्रा.डा. ध्रुवप्रसाद भट्टराई**
**तानसेन-१४, अर्गली, रविदास, पाल्पा**

**पाल्पाका कीर्तिका गाथा छन् अनन्त अतीतका**
**श्रीहृषीकेश साक्षी छन् प्रताप र प्रभावका**
**प्रम्लोम्चा, रुरुकन्या र देवदत्त र और्वको**
**जहाँ अद्यापि टल्कन्छ तेज तापस धर्मको**
***(वेणीमाधव ढकालको रश्मिप्रभास महाकाव्यबाट)***

पौराणिक कालदेखि नै पवित्र धार्मिक क्षेत्रका रूपमा रहेको रुरुक्षेत्र पाल्पा, गुल्मी र स्याङ्जाको मिलनबिन्दु रहेको काली गण्डकी र रिडी खोलाको सङ्गम स्थलमा अवस्थित छ । नेपालका चार विशिष्ट धार्मिक क्षेत्रमा पशुपति क्षेत्र, वराह क्षेत्र, मुक्तिक्षेत्र र रुरुक्षेत्रलाई मानिएको छ । यी चार धार्मिक क्षेत्रलाई नेपालका चारधाम भनी मानिँदै आएको पनि छ । यी चार धार्मिक क्षेत्रमध्येको रुरुक्षेत्रलाई विदेशी लेखक पर्सिबलले आफ्नो 'नेपाल' नामक पुस्तकमा 'नेपालको बनारस' भनी चिनाएका छन् । काली गण्डकीको किनारमा अवस्थित यस स्थानका बारेमा विभिन्न पुराण तथा धार्मिक ग्रन्थमा चचापरिचिर्चा गरिएको पाइन्छ । जसअनुसार स्वस्थानी व्रतकथामा भृगुतुङ्गेश्वरमा सतीदेवीको दन्त पतन भएको बताइएको छ भने रुरुक्षेत्रका बारेमा वराह पुराणमा परापूर्व कालमा देवदत्त नाम गरेका ऋषिले यहाँ कठोर तपस्या गरेको देखी इन्द्रले राज्य हडप्ने हुन् कि भन्ने आशङ्काले प्रम्लोचा नामक अप्सरालाई उनको तपस्या भङ्ग गर्न अह्राएको र सोहीअनुसार प्रम्लोचाले देवदत्तको तपस्या भङ्ग गराएको सन्दर्भ आउँछ । पुराणमा बताइए अनुसार सोही बमोजिम प्रम्लोचाले देवदत्त ऋषिको तपस्या भङ्ग गरी उनबाट एउटी छोरी जन्माइन् । यस कार्यबाट आफ्नो लक्ष्य पूरा भएको ठानी ती कन्यालाई त्यहीँ आश्रममा छोडी अप्सरा स्वर्ग गइन् । यस घटनाले ऋषिलाई आफ्नो तपस्या भङ्ग गराइएको रहस्य खुल्यो र उनलाई वैराग्य जाग्यो । त्यसपछि ती कन्यालाई त्यहीँ छाडी उनी पनि भृगु ऋषिको आश्रममा गई शिवको कठोर तपस्या गर्न थाले । उनको तपस्याबाट शिव प्रसन्न भई काली गण्डकीमा स्नान गरी यस शिवलिङ्ग (भृगुतुम्) को दर्शन जसले गर्ला उसका हरेक पाप नाश होलान् भनी आशीर्वाद दिएर उनी अन्तर्ध्यान भए । यता ती सानी कन्यालाई रुरु मृगले आफ्नो दूध ख्वाई पाल्यो । उनी ठुली भएपछि उनले विष्णुको घोर तपस्या गरिन् । यसबाट विष्णु खुसी भई उनलाई आशीर्वाद माग्न आग्रह गरे । ती रुरुबाट पालिएकी रुरुकन्याले "हे नाथ यदि तपाईँ मबाट

प्रसन्न हुनुहुन्छ भने यही चतुर्बाहु श्रीनारायणको रूपले यहीँ रहनुहोस् र यो ठाउँ मेरा नामबाट परिचित होस्" भनी वरदान मागिन् । यस कुराबाट श्री विष्णु खुसी भई "हुन्छ, यो ठाउँ रुरुक्षेत्रका नामबाट परिचित हुनेछ र म यही चतुर्बाहु विष्णु हृषीकेशका नामबाट रहनेछु । जसले यस क्षेत्रमा आई तीन दिनसम्म काली गण्डकीमा स्नान गरी मेरो दर्शन गर्नेछ, उसका हरेक पाप नाश हुनेछन्" भनी आशीर्वाद दिनुभयो । त्यही कारणले त्यहाँ चतुर्बाहु श्रीविष्णु शिलाका रूपमा रहनुभयो । यिनै चतुर्बाहु श्रीविष्णुलाई पाल्पाली राजा मणिमुकुन्द सेनले काली गण्डकीमा फेला पारेको भनिएको हृषीकेशको मूर्ति यही रुरुक्षेत्रको पाल्पातर्फको तानसेन नगरपालिका वडा नं १४ मा स्थापना गरिएको छ । यस क्षेत्रमा हृषीकेशको मन्दिर लगायत कैयौँ देवी देवताका मन्दिरहरू स्थापित छन् ।

यस रुरुक्षेत्रलाई हाल रिडीका नामबाट पनि पुकारिन्छ । रिडी शब्दलाई ऋणी शब्दको अपभ्रंशबाट बनेको मानिन्छ । काली गण्डकीमा स्नान गरी हृषीकेश भगवान्को दर्शन गरेमा मानिसका देव ऋण, पितृ ऋण र ऋषि ऋण गरी तीनै ऋण समाप्त हुन्छन् भन्ने मानिएकाले यस ठाउँको नाम रिडी रहन गएको हो भन्ने मानिन्छ । यस्तै यस रिडी शब्दको सम्बन्ध मगर भाषासँग पनि रहेको मानिन्छ । मगर भाषामा रि भन्नाले कालो र डी भन्नाले पानी बुझिने भएकाले कालो पानी बग्ने ठाउँ रिडी अर्थात् काली गण्डकी भनिएको हो भन्ने अर्थ लगाइएको पाइन्छ ।

पाल्पा, गुल्मी र स्याङ्जाको मिलनबिन्दु रहेको रुरुक्षेत्रमध्ये काली गण्डकी र रिडी खोलाको सङ्गमदेखि दक्षिण पाल्पातर्फ रहेका हृषीकेश भगवान्को प्रादुर्भाव पौराणिक कालमा भएको मानिए पनि यस मूर्तिका स्थापनाको इतिहास भने पाल्पाली सेन राजा मणिमुकुन्द सेनसँग जोडिएको छ । भनाइअनुसार मणिमुकुन्द सेन काली गण्डकीमा नुहाउन भनी डुबुल्की लगाउँदा उनको टाउकोमा केही ठोक्किन्छ । त्यो ठोक्किएको वस्तुलाई गण्डकीदेखि बाहिर ल्याउँदा चतुर्भुज विष्णुको अत्यन्त भव्य मूर्ति देखी त्यसमूर्तिलाई मान्छेलाई बोकाएर आफ्नो दरबार पाल्पा ल्याउन लगाउँछन् । तर त्यो मूर्तिलाई केही माथि पुऱ्याएपछि एकछिन बिसाएर हिँड्न खोज्दा मूर्ति डेग चलेन । उनले धेरै प्रयास गरे । धेरै मान्छे लगाए तर केही सिप नलागेर त्यस मूर्तिलाई त्यहीँ एउटा भव्य मन्दिर बनाए । यस भनाइले पनि यो मूर्ति मुकुन्द सेनको राज्यकाल (सोरौँ शताब्दी) भन्दा धेरै पहिलेको हो भन्ने कुराको पुष्टि गर्छ । फुस्रे बलौटे ढुङ्गा र ईँटद्वारा निर्मित यो शिखर शैलीको मन्दिरले सेनकालीन स्थापत्य कलाको विशिष्टता बोध गराउँछ । यो चतुर्भुज विष्णुको मूर्ति ११२ सेन्टिमिटर अग्लो, ३८ सेन्टिमिटर चौडा र शालिग्राम जस्तै स्निग्ध कालो ढुँगामा कुँदिएको छ । यस मूर्तिका हातमा शङ्ख,

चक्र, गदा र पद्म रहेका छन् । यस मन्दिरभित्र हृषीकेशको मूर्तिका अतिरिक्त कार्तिक द्वादशीका दिन रथारोहणका लागि लगिने तोरणसहितका विष्णुको मूर्ति, लक्ष्मी र सरस्वतीका आकर्षक मूर्तिहरू पनि छन् । यसको पश्चिम दक्षिणमा छत्रे शैलीको राधाकृष्णको मन्दिर, गायत्री मन्दिर, शिव मन्दिर लगायत अन्य मन्दिर, सत्तल, पाटीपौवा रहेका छन् । कैयौँ भक्तभक्तिनी लगायत साधुसन्तको बसोबास, नित्य पूजा, प्रातःकालीन र सायंकालीन आरती, भजन तथा समयसमयमा हुने यज्ञयागादिले यो क्षेत्र प्रायः गुल्जार रहन्छ । यस मन्दिरका पुजारी मणिमुकुन्द सेनका दरबारका खजाञ्ची खलकका भट्टराईहरू हुन् । यी भट्टराईलाई मणिमुकुन्दसेनले पाल्पाको बर्तुङबाट ल्याई यस मन्दिरभन्दा पूर्व रहेको अर्गली फाँटमा गुठीको व्यवस्थापन गरी सोही जग्गाबाट जीवन चलाउने व्यवस्था गरी स्थापित गराएका हुन् । हालसम्म पनि तिनै भट्टराईहरूबाट यहाँको पाठपूजा चल्दै आएको छ । यस मन्दिरको पाठपूजा र रथारोहणका लागि अर्गली लगायत विभिन्न ठाउँमा गुठीको व्यवस्था गरिएको छ ।

यी हृषीकेश भगवान्को कार्तिक शुक्लपक्षको द्वादशीका दिन रथयात्रा चल्छ । रथारोहणमा तोरणसहितका विष्णुको मूर्तिलाई खाटमा राखी पुजारीसहित हृषीकेश विकास समिति र भक्तजनको सक्रिय सहभागितामा पाल्पातर्फको रिडी बजार हुँदै अर्गलीसम्म र गुल्मीतर्फको रिडीबजारको विष्णुपञ्जरसम्म घुमाई भक्तजनलाई दर्शन गराउने गरिन्छ । यसको खर्चका लागि हृषीकेश मन्दिरको गुठियारहरूले गुठीको कबोलअनुसार खर्च गर्ने व्यवस्था छ । यद्यपि आजकल नवलपरासी लगायतका जिल्ला अर्थात् टाढाका गुठियारबाट कबोलअनुसार सहयोग नउठेको यस मन्दिरका पुजारीमध्येका एक केशवप्रसाद भट्टराईले बताएका थिए (हाल दिवङ्गत) । यहाँ एकादशी, पूर्णिमा औँसी, वैशाख, कार्तिक र माघ महिना तथा विभिन्न पर्वमा पाल्पा, गुल्मी, स्याङ्जा अर्घाखाँची लगायत देशका अन्य स्थानबाट आउने भक्तजनको भिड नै लाग्ने गरेको छ । त्यसमा पनि माघे सङ्क्रान्तिमा पहिले तीन दिन मेला लाग्ने गरेकामा हाल पाँच दिनसम्म र कार्तिक शुक्लपक्षको एकादशी (हरिबोधनी एकादशी) मा दुई दिन भव्य मेला लाग्ने गर्छ । त्यसैले यो रुरुक्षेत्रले नेपालकै धार्मिक विशिष्टतालाई कायम गरी नेपालकै प्रमुख विशिष्ट धार्मिक क्षेत्रको पहिचान स्थापित गरेको छ ।

ooo

**पुस्तकालयमा गई पत्र–पत्रिका, पुस्तक पढ्ने बानी बसाली पठन संस्कृतिको विकास गरौं ।**

# रुरुक्षेत्र : पर्यटकीय महत्त्व

✍ **कमलराज श्रेष्ठ**
**रुरुक्षेत्र, गुल्मी**

लुम्बिनी प्रदेशका गुल्मी, पाल्पा र गण्डकी प्रदेशको स्याङ्जा जिल्लाको त्रिवेणी, काली गण्डकी र रिडी नदीको संगममा अवस्थित रुरुक्षेत्र पौराणिक र ऐतिहासिक कालदेखि प्रसिद्ध तीर्थस्थलको रूपमा रहेको छ ।

भगवान् विष्णुको स्वरूप मानिएको शालिग्राम शिला काली गण्डकीको मुक्तिनाथ देखि रुरुक्षेत्रसम्म मात्र पाइन्छ । अन्यत्र कतै पाइँदैन । अतः स्वयम् विष्णु भगवान्लाई गर्भमा राख्ने काली गण्डकी नदी र स्वयं भगवान् विष्णु हृषीकेशको रूपमा विराजमान रुरुक्षेत्र सबै तीर्थमध्ये विशिस्ट छ ।

पद्म पुराण, वराह पुराण लगायत विभिन्न पुराणहरूमा वर्णित यो क्षेत्र पौराणिक कालदेखि नै महत्त्वपूर्ण रहेको छ । यो क्षेत्र प्राचीन कालमा देवदत्त, रुरुकन्या, पाणिनि, भृगु, पतञ्जलि आदि ऋषि मुनिहरूको तपस्थली रहेको छ ।

यो क्षेत्र ऐतिहासिक कालमा पूर्व पश्चिम र उत्तर दक्षिण जाने पदमार्गहरूको संगमस्थल रहेको थियो । राजधानी काठमाडौं र सुदूर पूर्व तथा सुदूर पश्चिम जाने पदमार्ग यहीँबाट जान्थ्यो । त्यसैगरी भोट भारत गर्ने हिन्दू र बौद्ध तीर्थयात्री र व्यापारीहरू यही बाटो भएर जान्थे । यसरी यो क्षेत्र पूर्व पश्चिम उत्तर दक्षिण आवतजावत गर्ने चौराहा थियो । यहाँ धार्मिक, सांस्कृतिक, शैक्षिक, पर्यटकीय र आर्थिक उन्नतिको अपूर्व संगम थियो ।

भोट भारत गर्ने बौद्ध तीर्थयात्रीहरूका लागि सुगन्ध बिहारले आश्रय प्रदान गर्दथ्यो भने हिन्दु तीर्थयात्रीहरूका लागि सदावर्त गुठीले निःशुल्क भोजन र आश्रय प्रदान गर्दथ्यो । त्यतिबेला योक्षेत्र साँच्चैनै धर्ममय थियो ।

माघे सङ्क्रान्तिमा ३ दिनसम्म गण्डकीस्नान, हृषीकेशदर्शन, अहोरात्र भजन कीर्तन, नाचगान, मगरहरूको कालीपारे नाच दोहरी गीत, भदौभरि नेवारहरूका लाखेनाच, गाईजात्रा, रोपाइँजात्रा, भोटेजात्रा, बाघजात्रा आदि यस क्षेत्रका अमूल्य सांस्कृतिक संपत्ति थिए ।

हरिबोधनी एकादशीमा एकादशी र द्वादशी २ दिन हृषीकेश भगवान्को भव्य रथयात्रा हुने गर्दथ्यो । सबै चाड पर्व जात्रा आदिमा टाढाटाढाबाट भक्तजनहरू, मेला भर्न आउनेहरू, रमिता हेर्न आउने, व्यापार गर्न आउने र किनमेल गर्न आउनेहरूको सदै घुईंचो लाग्दथ्यो । त्यतिबेला यो क्षेत्र गुलजार र साह्रै रमणीय थियो ।

तर समयक्रममा यो स्थितिमा परिवर्तन आयो । वि.सं. २०१८ साल भदौ ४ गते काली गण्डकीको भीषण बाढीले मुख्य बजार सबै ध्वस्त बनायो । अकल्पनीय आर्थिक क्षति भयो । धार्मिक, शैक्षिक सांस्कृतिक संपदा नष्ट भए । पहाडी क्षेत्रको ठूलो व्यापारिक क्षेत्र उजाड बगरमा परिणत भयो । विकासक्रममा मोटर बाटाहरू बन्न थाले । मोटर चल्न थालेपछि मानिसहरू स्वभावैले क्रमशः पैदल हिंड्न छाडे । पुराना बाटाघाटा सुनसान हुन थाले । पैदलमार्गका व्यापारिक केन्द्रहरू उजाड हुन थाले । यसको प्रभाव रुरुक्षेत्रमा पनि पर्न थाल्यो । क्रमशः आर्थिक गतिविधिमा ह्रास हुन थाल्यो । बजार सुनसान हुन थाल्यो । द्वन्द्व कालमा धेरै स्थानीय मान्छेहरू विस्थापित भएपछि त झनै सुनसान भयो ।

समय सदै एकनास रहन्न । यस क्षेत्रमा पनि हाल ठूलो परिवर्तन हुन पुगेको छ । अब पुरानो अवस्थाले विस्तारै काँचुली फेर्दै छ । वर्षौंको विपन्नतापश्चात् अब सम्पन्नतातिर लम्कने पूर्वाधारहरू बन्दैछन् । दुई प्रदेश र तीन जिल्ला जोडने नमूना पुल बनेर आकर्षणको केन्द्र बनेको छ । पूर्व–पश्चिम मदनभण्डारी राजमार्ग र उत्तर–दक्षिण काली गण्डकी कोरिडोर राजमार्ग र रिडी सुर्खेत राजमार्गको त्रिवेणी संगमस्थल यहीं बनेर प्राचीन पदमार्गको स्थान अहिले विशाल राजमार्गहरूले लिएका छन् । मेचीदेखि कालीसम्मका र भोटदेखि भारतसम्मका यात्रीहरूको भेटघाट यहीं हुनेछ । तीनओटा राजमार्गको संगमस्थल केन्द्रविन्दु यहीं हुनाले यस क्षेत्रको गुणात्मक विकास हुने कुरामा कुनै संशय छैन ।

तत्कालीन ५ नं. प्रदेश सरकारले आ.व. २०७५/०७६ मा रुरुक्षेत्रको समग्र पर्यटकीय विकासको लागि गुरुयोजना तैयार गर्‍यो । सोही गुरुयोजनाअन्तरगत रिडी नदी र काली गण्डकी नदीमा तटबन्धको काम भैरहेको छ । यस क्षेत्रको समग्र पर्यटकीय विकासको लागि अबका दिनमा निम्न कामहरू गर्नुपर्नेछ ।

१. तटबन्धबाट उकास भएको जग्गामा वर, पिपल, शमी, आँप आदि वृक्षरोपण गर्ने । उक्त जग्गामा पार्क र हरित पेटिका बनाउने ।

२. पाल्पाको अर्गली र स्याङ्जाको काला ओढार बीचमा कालीगण्डकीमा १० मिटर अग्लो बाँध बनाई नौका बिहार गराउने ।

३. गुल्मी र पाल्पा दुबैतिर वैज्ञानिक र व्यवस्थित शवदाह गृह बनाउने

४. हृषीकेश मन्दिरदेखि सत्येश्वर शिवालयसम्म पुष्पमार्ग बनाउने ।

५. गोशालालाई व्यवस्थित गर्ने ।

६. सबै प्राचीन मठ–मन्दिरहरूलाई मर्मत सम्भार र संरक्षण गर्ने ।

७. यस क्षेत्रका सबै जातजाति, समुदाय, धर्म, संस्कृति, सभ्यता झल्कने विशाल संग्रहालय बनाउने ।

८. बम्घाकोटबाट प्याराग्लाइडिङ् चलाउने ।

९. रिमुवामा मगर संस्कृति झल्कने होमस्टे बनाउने ।

१०. रिडीमा आउने तीर्थयात्रीका लागि भट्कुवामा ब्राह्मण संस्कृति झल्कने साात्विक होमस्टे बनाउने ।

११. रिडीबजारमा नेवार संस्कृति झल्कने होमस्टे बनाउने ।

१२. हृषीकेश मन्दिरको परिसरमा सौन्दर्यीकरण गरी धर्मशालाहरू बनाउने ।

१३. माघेसङ्क्रान्तिको मेला र हृषीकेशको रथयात्रालाई अझ बढी व्यवस्थित गर्ने ।

१४. असहाय वृद्धवृद्धाहरूलाई खान बस्न औषधि उपचार र स्याहार सुसार, मनोरञ्जन, भजन-कीर्तन, आजापूजा र सत्संगसमेतको व्यवस्थासहितको ज्येष्ठ नागरिक मिलन तथा स्याहार केन्द्र बनाउने ।

१५. बौद्ध धर्मावलम्बीको आस्थाको केन्द्र प्राचीन इतिहास बोकेको सुगन्ध बिहार जिर्णोद्धार, पुनर्निर्माण गरी व्यवस्थित गर्ने ।

१६. गलफुल गुफा परिसरलाई देवदत्त, रुरुकन्याको तपस्थली र समकालीन प्राचीनता झल्कने गरी निर्माण गर्ने ।

१७. बलेटक्सारको गुफा मन्दिर परिसरलाई अझ आकर्षक र व्यवस्थित गर्ने ।

१८. बलेटक्सार ,बल्लेचौर र टाहाटिमका नेवारहरूका जात्राहरूलाई व्यवस्थित गर्ने ।

१९. बम्घाकोटको सौन्दर्यीकरण गर्ने ।

२०. च्युरेकको लिचीगाउँमा लिची महोत्सव र थानपतिको गुँड गाउँमा गूँड महोत्सव गर्ने ।

रुरुक्षेत्रका यी पर्यटकीय क्षेत्रलाई रानीमहल, चोयगाकोट, रेसुङ्गा, विचित्र गुफासँग जोड्न सकिन्छ ।

त्यति मात्र होइन लुम्बिनी परिक्रमा मार्गसँग मिलाएर सिङ्गो प्रादेशिक पर्यटनसँग जोड्न सकिन्छ । अझ भनौं भने भोट, भारतका अनेकौं पर्यटकीय क्षेत्रसँग पनि जोड्न सकिन्छ ।

अतः माथि उल्लिखित काम सम्पन्न भएपछि यो क्षेत्र धार्मिक, सांस्कृतिक र साहसिक पर्यटनको हव हुनेछ ।

ooo

*// लेख //*

# रुरुक्षेत्र, शालग्राम शिला र यसको महत्त्व

✍ **राजु भुसाल**
**उप-प्राध्यापक**
**बुटवल बहुमुखी क्याम्पस, रूपन्देही**

लुम्बिनी प्रदेशको गुल्मी, पाल्पा र गण्डकी प्रदेशको स्याङ्जा जिल्लाको संगम स्थलको नाम रुरुक्षेत्र रुरुकन्याको नामबाट रहन गएको हो । नेपालको चार धाम मध्येको एक र नेपालको बनारस भनेर चिनिने रुरुक्षेत्र धार्मिक पर्यटकीय गन्तव्य पनि हो । यो लुम्बिनी प्रदेशको पाल्पा, गुल्मी तथा गण्डकी प्रदेशको स्याङ्जाको सङ्गममा पर्छ तर पनि अधिकांश भूभाग भने पाल्पा र गुल्मीको सङ्गममा रहेको छ । यस क्षेत्रका बारेमा विभिन्न पुराणहरूमा चर्चा गरिएको छ । यसलाई नेपालको वाराणसी पनि भनिने भएकाले यस क्षेत्रमा मृत्यु भयो भने मोक्ष प्राप्ति हुन्छ भन्ने मान्यता रहेको छ । रुरुक्षेत्र धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्वको धरोहर मानिन्छ । रुरु अर्थात् रिडीमा पितृमोक्षका लागि अन्तिम संस्कार, श्राद्धजस्ता कार्यमात्र होइन विवाह, व्रतबन्ध जस्ता शुभ कार्य पनि हुने गर्दछन् । लुम्बिनी प्रदेशको रुरुक्षेत्रमा मृतकहरूको अस्तु सेलाउन पनि टाढाटाढाबाट मानिसहरू पुग्दछन् । पुराणहरूमा यसलाई मुक्तिक्षेत्रका रूपमा वर्णन गरिएको छ । वराह पुराणका अनुसार हजारौं वर्ष पहिला भृगुवंशी देवदत्त ऋषिले यस क्षेत्रमा दिव्य बाह्रहजार वर्ष तपस्या गरेका थिए । उनको तपस्याले इन्द्रको आसन डगमगायो र उनी भयभीत भएछन् । ऋषिको तपस्यालाई बिथोल्न इन्द्रले प्रम्लोचा अप्सरासँगै मलयवायु, वसन्त, गन्धर्व र कामदेवलाई पठाएछन् । उनीहरू गएर देवदत्त ऋषिको तपस्या भङ्ग गरिदिएछन् । त्यसपछि देवदत्त ऋषिले प्रम्लोचा नामक अप्सरासँग विवाह गरेर दिन बिताउँछन् र उनीबाट रुरु नाम गरेकी कन्याको पनि जन्म हुन्छ । केही समयपछि अप्सराले रुरुकन्यालाई त्यही छोडेर आफू स्वर्गतिर लाग्छिन् । त्यस घटनाले ऋषिलाई घोर पश्चात्ताप हुन्छ र पछि उनी रिडी नजिकै रहेको स्याङ्जा जिल्लामा अवस्थित भृगुतुङ्ग गुफामा शिवको तपस्या गर्छन् । लामो तपस्याको परिणामस्वरूप उनले शिवको दर्शन पाउँछन् । शिवले प्रसन्न भएर ऋषिलाई भन्छन् : 'हे ऋषि ! तिमीले पहिला भगवान् विष्णु र मलाई फरकफरक देख्यौ, तिमीले हामीलाई फरकफरक सम्झियौ, त्यसैले तिमीले पहिला गरेको तपस्या भङ्ग भयो । अहिले तिमीले हामीलाई अद्वैत सम्झेर तपस्या गरेको हुँनाले तिम्रो तपस्या पूरा भयो । अब तिमीले वर' माग भन्दा उनले शिव पद माग्छन् र

शिवले तथास्तु भनेर वरदान दिन्छन् । अर्कातिर प्रम्लोचा नामक अप्सराले छोडेर गएकी कन्यालाई रुरु नामक मृगले आफ्नो दूध ख्वाएर पालनपोषण गर्छ र उनी क्रमशः हुर्किदै पनि जान्छिन् । उनले पछि गएर आफ्नो जन्मको कथा पनि थाहा पाउँछिन् । त्यसपछि उनले पनि आफ्नो पिताजीले नै तपस्या गरेको ठाउँ भृगुतुङ्गमा गएर भगवान् नारायणको कठोर तपस्या गर्छिन् । उनको तपस्याबाट प्रसन्न भएर हृषीकेशले दर्शन दिई इच्छा लागेको वर माग्न भन्दा उनले दुईवटा वर माग्छिन् । (१) यो पुण्यक्षेत्रको नाम मेरै नामबाट प्रख्यात होस् (२) भगवान् हृषीकेशको निवास सदासर्वदा यही ठाउँमा होस् । त्यसपछि भगवान् तथाऽस्तु भनेर अन्तर्ध्यान हुनुभयो । त्यहीं ठाउँ आज रुरुक्षेत्रका रूपमा प्रख्यात छ भने भगवान् हृषीकेशको निवास हृषीकेश मन्दिरमा रहेको कुरा पुराणहरूमा पाइन्छ । रुरुक्षेत्रमा काली गण्डकीमा स्नान गरी हृषीकेश मन्दिरमा, देवदत्त ऋषि तथा रुरुकन्या मूर्तिको पूजाआजा गरेमा मोक्ष प्राप्ति हुने विश्वासले भक्तजनहरू पुग्ने गर्दछन् । रुरुक्षेत्रमा प्राचीन हृषीकेश मन्दिर, भृगुतुङ्गेश्वर महादेवको गुफा, रुरुकन्या मन्दिर, लक्ष्मीनारायण मन्दिर, राम जानकी मन्दिर, रुरुकन्याले तपस्या गरेको गुफा, भीमसेन थापाद्वारा आफ्नी आमाको स्मृतिमा बनाएको पौवालगायतका ऐतिहासिक धार्मिकस्थल रिडीमा रहेका छन् । रिडी नजिकै उत्तरपट्टि भृगुतुंग नामक गुफा रहेको छ । भृगुतुंग गुफामा भगवान् शिवले सतीदेवीको शव बोकेर भ्रमण गर्दै जाँदा उपल्लो दाँत पतन भएको मान्यता रहेको छ । जुन श्रीस्वस्थानी माहात्म्यमा व्याख्या गरिएको छ । त्यस ठाउँमा खासगरी माघे सङ्क्रान्ति र शिवरात्रीमामा पर्यटकहरूको भिड हुने गर्दछ ।

मुस्ताङको दामोदर कुण्डबाट बग्दै आएकी काली गण्डकी नदीले रिडीलाई विशेष बनाएको छ । यहाँ स्नान गर्नुको विशेष महत्त्व रहेको कुरा शास्त्रहरूमा पाइन्छ । अर्कोतर्फ नेपालमै नमुनाको रूपमा रिडीमा तीनमुखे झुलुङे पुल अहिले बनिसकेको छ । गुल्मी, पाल्पा र स्याङजा जोडने पुलका तीनवटै मुख मोटरबाटोको नजिकै रहेको छ । तीन जिल्लालाई जोडने काली गण्डकीको रिडीमा निर्माण भएको तीनमुखे झोलुङ्गे पुलको निर्माणले पर्यटकहरूलाई थप सुबिधा भएको छ ।

रुरुक्षेत्रमा हृषीकेश मन्दिरको धार्मिक, महत्त्व रहेको छ । हृषीकेशलाई यसरी विग्रह गरिन्छ : हृषीकानां ईशः हृषीकेशः अर्थात् इन्द्रियहरूको नियामक अर्थात् मालिक । यही हृषीकेशका नामले हजारौं वर्ष गण्डकीको गर्भमा शङ्ख, चक्र, गदा र पद्मसहित भएको भगवान्को मूर्तिलाई तत्कालीन पाल्पाका राजा मणिमुकुन्द सेनले सोही ठाउँमै कमलको फूलजस्तो मन्दिर बनाई स्थापना गरेका हुन् । राजालाई सपनामा भगवान् हृषीकेशले दीक्षा दिएर आफू त्यो ठाउँलाई

छोडेर कतै नजाने भनेकाले त्यहीँ भगवान् हृषीकेशको मन्दिर बनाइएको हो भन्ने कुरा वेदप्रसाद पन्थले आफ्नो पुस्तकमा उल्लेख गर्नुभएको छ । भगवान्को साक्षात् विग्रहका रूपमा रहेको शालग्राम शिलाबाट बनेको मूर्ति राजा मुकुन्द सेनले गण्डकीमा स्नान गर्दा फेला पारेका हुन् । यो शालग्राममय मूर्ति अकृत्रिम, अपौरूषेय, तथा भव्य रहेको छ भन्ने कुराको चर्चा पनि वेदप्रसाद पन्थले गर्नुभएको छ । संसारको कुनै पनि मन्दिरमा यसप्रकारको दिव्य तथा अलौकिक मूर्ति देखिँदैन । आज यस मन्दिरमा भगवान् हृषीकेशको दर्शन गर्न तथा मन्दिर वरिपरिको कला हेर्न दैनिक रूपमा सयौ भक्तजनहरूको तथा स्वदेशी तथा विदेशी पर्यटकहरूको भिड लाग्छ । विशेष गरेर मकर सङ्क्रान्ति, माघे औशी, वैशाखे सङ्क्रान्ति र अन्य विभिन्न समयमा लाखौ स्वदेशी तथा विदेशी भक्तजनहरूको भिड लाग्छ । विशेषतः माघे सङ्क्रान्तिमा गुल्मी, पाल्पा, अर्घाखाँची, बाग्लुङ, रूपन्देही, नवलपरासी, कपिलवस्तु, दाङ, बाग्लुङ् तथा अन्य विभिन्न जिल्लाबाट गण्डकीको स्नान गर्न तथा भगवान् हृषीकेशको दर्शन गर्न भक्तजनहरू भेला हुन्छन् ।

रुरुक्षेत्रलाई धार्मिक पर्यटनका रूपमा विकास गर्न शालग्राम शिलाको महत्त्वपूर्ण भूमिका हुन सक्छ । यसको विकास गर्न निम्नानुसारका कुरामा ध्यान पुऱ्याउनु पर्ने हुन्छ :

(१) १६ औ शताब्दीमा राजा मणिमुकुन्द सेनले गण्डकीमा स्नान गर्दा प्राप्त गरेको शालग्राम शिला नै हृषीकेश भगवान्का रूपमा रहेकाले रिडीमा शालग्राम सङ्ग्राहालय बनाउन धार्मिक तथा पर्यटकीय दृष्टिले उपयुक्त हुन्छ ।

(२) रिडीमा रिडी खोला र काली गण्डकी मिसिएका छन् । काली गण्डकी र रिडी खोलाको दोभान नै रिडी अर्थात् रुरुक्षेत्र हो । दोभानमा स्नान गर्दा विशेष पुण्य प्राप्त हुने भएकाले भक्तजनहरू त्यस क्षेत्रमा स्नान गर्न आउँछन् । त्यहाँ शालग्रामको सङ्ग्रालय बनाउँदा अझ यसको महत्त्व बढ्ने भएकाले शालग्राम सङ्ग्रहालय बनाउन आवश्यक छ ।

(३) रुरुक्षेत्रमा अर्घली, कुसेनी, सत्यवती, रुद्रवेणी, अस्लेवा गाउँहरू पर्दछन् । ती गाउँका सेरोफेरोमा बग्ने गण्डकीमा शालग्राम पाइने भएकाले यस क्षेत्रलाई शालग्राम सङ्ग्रहालयका रूपमा विकास गर्नुपर्छ ।

(४) रिडी अथवा रुरुक्षेत्रको महिमा हिमवत्खण्ड र वराह पुराणमा पाइन्छ । विष्णुको स्वरूप शालग्राम पाइने हुनाले रुरुक्षेत्रको विशेष महत्त्व रहेको छ ।

(५) रुरुक्षेत्रमा राधाकृष्ण, विष्णु, राम,शिव, भगवती, हनुमान्‌लगायतका थुप्रै देवीदेवताका मूर्ति र मन्दिरहरूसमेत छन् । सनातन हिन्दू परम्परामा अरू देवताका प्रतीकका रूपमा पनि शालग्रामको पूजा गर्ने परम्परा रहेकाले जुन सुकै देवतालाई इष्ट देवता मान्ने मान्छे पनि आउने सम्भावना रहने भएकाले रुरुक्षेत्रलाई शालग्राम सङ्ग्रहालयका रूपमा विकास गर्नुपर्छ ।

(६) रुरुक्षेत्रमा नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत रुरु संस्कृत विद्यापीठ पनि रहेको छ, जहाँ संस्कृतका विभिन्न विषयको पठनपाठन हुन्छ । शालग्राम शिलाको चर्चा विभिन्न पुराणहरूमा गरिएकाले र शालग्रामको अनुसन्धान तथा विश्लेषण यसै क्षेत्रमा हुन सक्ने भएकाले यस क्षेत्रमा शालग्राम शिलाको सङ्ग्रहालय राख्नुपर्छ र शालग्राम क्षेत्रका रूपमा विश्वका धार्मिक पर्यटकहरूको गन्तव्यका रूपमा विकास गर्नुपर्छ ।

रुरुक्षेत्रको महिमा धार्मिक तथा पर्यटकीय दृष्टिले त छँदैछ, व्यापारिक दृष्टिले पनि रहेको छ । माघे सङ्क्रान्तिमा व्यापार गर्न वर्षदिनभरि काम्ला बुन्ने, उँखुको गुँड बनाउने चलन अद्यापि छँदैछ । रिडी बजार, थोर्गा, अर्गली, तानसेन तथा त्यस वरिपरिका क्षेत्रका मान्छेले माघे सङ्क्रान्तिमा तीन दिन व्यापार गरेर वर्षदिनभरि खान पुऱ्याउने गरेको कुरा त्यहाँका स्थानीयहरूले गर्ने गरेका छन् । यस दृष्टिले यस क्षेत्रको धार्मिक, आर्थिक तथा पर्यटकीय महत्त्व रहेको कुरा स्पष्ट हुन्छ ।

०००

## थाहा पाउनुभयो ?

**यस वर्ष २०८० सालमा 'हाम्रो पुरुषार्थ' ५० वर्ष पूरा भई ५१ वर्षमा लाग्दैछ । स्वर्णजयन्ती वर्षको सुखद अवसरमा यसले आफ्नै बारेमा शताङ्कलाई विशेष अङ्कको रूपमा प्रस्तुत गर्न गइरहेको छ । 'हाम्रो पुरुषार्थ'को विगत कस्तो रह्यो, वर्तमान कस्तो छ र भविष्यमा यसलाई कस्तो बनाउनुपर्ला ? तपाईंका सुझावसहितका बहुमूल्य विश्लेषणात्मक लेखहरूलाई हामी स्वागत गर्छौं । २०८० साल श्रावणभित्र किरण पुस्तकालयमा आइपुग्ने गरी लेख/कविता पठाउनुहुन हामी हार्दिक अनुरोध गर्दछौं ।**

**– सम्पादक : हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# 'च्यारिटेवल सोसाइटी नावालख पाल्ने अड्डा': लोक कल्याणको एउटा नमूना

✍ डा. भवेश्वर पंगेनी
कीर्तिपुर न.पा.-१०, शिवालय मार्ग, काठमाडौं

## परिचय

सभ्यताको आरम्भदेखि धार्मिक संस्थाहरूले शिक्षा, स्वास्थ्यलगायत क्षेत्र सञ्चालन गरेको पाइन्छ । शिक्षा प्रदान गर्ने क्रममा विद्यार्थीलाई धार्मिक संस्थामा नै बस्ने, खाने व्यवस्था गर्नुका अतिरिक्त विभिन्न किसिमका सुविधाहरू पनि दिइन्थे । बौद्ध गुम्बा-बिहार, मदरसा, गिर्जाघर आदि यसका उदाहरण हुन् जहाँ वर्तमानमा पनि मानिसलाई शिक्षा दिइँदै आएको पाइन्छ ।

जहाँसम्म हिन्दू धर्म तथा नेपालको सन्दर्भ छ, प्राचीनकालदेखि नै गुरुकुल, विद्वान्हरूको आश्रम, विभिन्न धार्मिक पाटीपौवालगायतमा शिक्षा दिइएको देखिन्छ । त्यतिमात्र नभएर धार्मिक संस्था तथा क्रियाकलाप सञ्चालनका लागि 'गुठी' को व्यवस्था भएपछि कतिपय गुठीहरू पनि शैक्षिक क्रियाकलापसमेतमा संलग्न हुनेगर्दथे । गुठीहरूले आ-आफ्नै धार्मिक संस्था अर्थात् पाटीपौवासमेतमा विद्यार्थीहरूलाई शिक्षा दिने गरेको पाइन्छ । त्यतिमात्र नभएर वर्तमान समेतमा यस्ता गुठीबाट हुने आम्दानी शिक्षाका लागि खर्च गरिँदै आएका थुप्रै उदाहरणहरू छन् । त्यस्तै राणाकालमा महारोगी अर्थात् कुष्टरोगीहरूको खाने-बस्ने व्यवस्था, नाबालक बाल-बालिकालाई पाल्ने व्यवस्था आदि जस्ता लोकहितकारी/ जनकल्याणकारी कार्यसमेत भएका पाइन्छन् । प्रस्तुत लेखमा राणाकालको उत्तरार्द्ध अर्थात् खासगरी प्रधानमन्त्री चन्द्रशमसेरको समयमा सञ्चालनमा रहेका केही जनकल्याणकारी कार्यका बारेमा सामान्य जानकारी दिँदै नेपालको प्रशासनिक इतिहासमा सामान्यतया उल्लेख नपाइने 'च्यारिटेवल सोसाइटी नावालख पाल्ने अड्डा' का बारेमा संक्षिप्त जानकारी दिने प्रयास गरिएको छ ।

## रिडी सदावर्त अड्डा

राणाकालको उत्तरार्द्धमा पाल्पा जिल्लाको उत्तरी सीमानामा पर्ने रुरु अर्थात् 'रिडी' क्षेत्रमा २७ जना ब्राह्मण विद्यार्थीलाई भोजन गराई पढाएको प्रसङ्ग एउटा लिखतमा परेको पाइएको छ । मध्यकालदेखि नै राज्यले परम्परागत शिक्षा दिँदै आएको सन्दर्भमा यो प्रसङ्ग नयाँ नभई एउटा उदाहरण मात्र हो । यसै

सन्दर्भमा वि.सं. १९७२ साल चैत्र महिनामा पाल्पा तोसाखानाका हाकिम् कारिन्दाका नाममा लेखिएको एउटा पत्रमा यसप्रकार उल्लेख छ;[१९]

*"...श्री ५ सर्कारतर्फको व्राह्मराा वीद्यार्थी जना २७ लाई रोजको २ छाक भोजन गराई. पढाउने काम्. लाई गरीवक्सेका दरवंदीमा ठेकीयाका वाट ७२ साल्. भाद्र १६ गतेतक् वर्ष १ लाई नपुग मोरु ६३८।८३।३ साल् ७२ लाई जीम्मावारी आउनेवाट ली काम्. चलाउने. सनड (द?) वमोजीम्. जीम्मावारी ल्याई. सो र मौजदात् दर्सन भेट् सलामी आम्दानी. वाट स्मेत्. षर्च गरी मोरु ३८।१३।३ मात्र वाकी भयाको व्राह्मराा २७ मध्ये जवां १ भगुवा भै जवां २६ लाई दर्वदीं वमोजीम्. पोसकलाई मोरु २८ चाहीने हुदा. सो वाकीले नपुग्ने मोरु ३९।८६।३ सो ७२ साल्का जीम्मावारी आउनेवाट दीनु लीनु भंने. सडर गरी पाउ भंने रीडी सदावर्त अडाले चढायाको रपोट.मा येस मुड्डा (मुद्दा?) मा ७१ साल भाद्र १७ गतेदेषी ७२ साल् भाद्र १६ गते तक् वर्ष १ लाई ठेकीयाका ज्मावाट नपुग्ने भै थप चाहीने ६३८।८३।३ को. नीकासा मागेवमोजीं जीमावारी दीनुलीनु भंन्या ७२ साल्. आषाड २४।५ मा सडरस्मेत् भै थप नीकासा पाईसकेको येसै रपोट्मा गासेका मीसील्वाटै देषीनाले ..."*

यस पत्रबाट राजधानीभन्दा टाढा मोफसलसमेतका ब्राह्मण विद्यार्थीलाई राज्यले खाना तथा पोसाकसमेत दिएर शिक्षा दिने गरेको देखिन्छ । यो खर्चका लागि सरकारले निर्धारण गरेको रकमबाट नपुग भएमा दर्सनभेट्, सलामी जस्ता राज्यले कर्मचारीसमेतबाट उठाउने रकम खर्च गरिएको पाइन्छ । त्यस्तै यो कार्य सम्पादनका सिलसिलामा आवश्यक व्यवस्थाका लागि छुट्टै अड्डा अर्थात् 'रीडी सदावर्त अड्डा' समेतको स्थापना गरिएको थियो ।

त्यतिमात्र नभएर उल्लिखित पत्रमा सरकारका विभिन्न निकायलाई आवश्यक पर्ने सामग्री खरिद गर्नका लागि बनाइएको नियमका बारेमा पनि उल्लेख गरिएको छ । यस प्रसङ्गमा १ वर्षलाई आवश्यक पर्ने खाद्यान्न निर्धारित दरमा एकै पटक खरिद गर्नु पर्ने देखिन्छ । खासगरी रिडी क्षेत्रमा श्री ५ सरकारतर्फबाट सञ्चालनमा रहेको सम्भवतः पाठशालामा अध्ययन गर्ने २६ जना ब्राह्मण विद्यार्थीका लागि आवश्यक पर्ने खाद्यान्न तथा कपडा खरिद गर्ने विषयमा वि.सं. १९५९ साल जेष्ठ सुदि ५ रोज ४ का दिन पाल्पा गौंडाका तैनाथवाला पश्चिमतर्फका गभर्नर जनरल खड्गशमसेर (?) का रोहवरमा एउटा सवाल तयार भएको उल्लेख पाइन्छ । सोही सवालको ९ दफामा आवश्यक

---

[१९] *श्री ५ को सकरकारतर्फ ब्राह्मण विद्यार्थी जना २७ लाई रोजको दुई छाक भोजन गराई पढाउने काम सम्बन्धमा पाल्पा तोसाखानाका हाकिम कारिन्दाका नाममा वि.सं. १९७२ साल चैत्र ५ गते रोज ६ मा लेखिएको जैसिकोठा पोका नं. १८५, सि.नं. १०१५ मा रहेको पत्र ।*

खाद्यान्नलगायत खरिद गर्नका लागि प्रत्येक वर्षको वैशाख, भाद्र तथा माघ गरी तीन पटक बजारको दर भाउ बुझ्नु पर्ने भन्ने उल्लेख गरिएको भन्ने देखिन्छ । सरकारले निर्धारण गरेको भन्दा बजार भाउ फरक पऱ्यो भने सम्बन्धित बजारका महाजन-व्यापारीद्वारा सो सन्दर्भ उल्लेख गरी मुचुल्का गराउनु पर्दथ्यो । यस किसिमबाट तयार गराई पेश गरिएको मुचुल्कालाई सम्बन्धित निकायबाट स्वीकृति प्राप्त भएपछि मात्र निर्धारित सामग्री खरिद गर्ने अख्तियारी मिल्दथ्यो । जहाँसम्म २६ जना विद्यार्थीको सन्दर्भ छ, तिनलाई आवश्यक पर्ने सामग्री खरिदका लागि पहिले अर्थात् १९५९ सालमा पाल्पा गौंडाका तैनाथवाला पश्चिमतर्फका गभर्नरले स्वीकृति दिएको पनि देखिन्छ । यसबाट निजलाई आवश्यक पर्ने विषयमा आफ्नो प्रशासनिक क्षेत्रमा उक्त अधिकार भएको तथा प्रयोगसमेत गरेको देखिन्छ ।

पत्रमा प्रत्येक विद्यार्थीलाई १ वर्षका लागि आवश्यक पर्ने कपडाका लागि मोरू. ३/- छुट्याइएको थियो । यो हिसाबले २६ जना विद्यार्थीका लागि वर्ष दिनका लागि कपडा खरिद गर्न रू. ७८/- चाहिने देखिन्छ । यो रकमबाट के कस्ता तथा कति कपडा पाइन्थ्यो ? भन्ने कुरा भने स्पष्ट छैन । जेहोस् आजभन्दा एक शताब्दीअगाडि अर्थात् ९५ वर्ष अगाडिको खाद्यान्नको बजार भाउ पनि यो सामग्रीबाट बुझ्न मिल्दछ । यसै सन्दर्भमा उक्त पत्रमा बजार भाउ यसप्रकार दिइएको छ;[२०]

*"...सो सनड (द?) को नीकासा नआउदै जीन्सीको दर भार्उ.ष (घ?) ट्न गै अघी दर भाउ षोली जाहेर भयाको दरमा जीन्सी षरीद. हुन नसकेकोले. दरवंदी वमोजीं पोसाक दीनालाई नपुगेको भनी लेषेको हुनाले वुझ्दा अघी सो आषाड २४ गतेका. सनड (द?) को नीकासालाई. जाहेर गर्दा जीन्सी मौजदात्. स्मेत् षोली. नपुगेको जीन्सीको चावल् मोरु १ को ।२ मास रु १ को ।२।२ नुन् । १ घ्यू धार्नी १ के रु २।१३ का ड (द?) र्ले समेत् चाहीने अंनाजी नीकासा भयाको.मा हाल्. चावल मोरु १ के ।२ पाथी देषी ।१।५ सम्म मासा (स?).२ नुन्. ।.।७ घ्यू. धार्नी १ के २।१३ देषी २।५० स्म. तेलके मोरु. १ के १।। कुर्वादेषी १ संमका दरले षरीड (द?) भयाका देषीयाको सो कीसीम्. कीसींका दरले षरीड (द?) गर्ने पाउने. नपाउने. के रहेछ भनी वुझ्दा जीन्सी षरीद गर्नालाई वर्षदींलाई. चाहीने पेस्की वंदोवस्त गर्दा पेसकी दीनु पर्ने र पेस्की लीयाकाले वषट् (त?) वषट् (त?)मा. जिन्सी पुऱ्याई नदीया षतदा षानजा केही वेहोराले पेस्की उपर नभया नोक्सान पर्ने हुनाले वजारीया माहाजंको मुचुल्का गराई षरीड (द?) गर्ने ५९ साल्का सवालको रीत पुऱ्याई.षरीद गर्नु भंने स्मेत् मुडा (ढ?) को ६९ साल कार्तीक २८ गते ३ मा हुकुम् मर्जी लगायेत् तोक् सदर भयाको र सो*

[२०] *ऐजन ।*

*५९ साल् जेष्ट सुदी ५ रोज ४ का श्री पश्चीम्तर्फका गभरनरवाट गरीवक्स्याका सवाल्. को ९ दफामा माघ वैसाष भाद्र मैन्हामा वजारको दर भाउ वुफी साछी राषी माहाजं वेपारीका मुचु (ल्?) का गराई. जाहेर गरी सड (द?) र भयाका दरमा नवढाई. साछी राषी षरीड (द?) गर्नु सो हद हदमा सदर भयाका दरमा षरीद हुन नसके सोही वषट् (त?) माहाजंको मुचुल्का गराई जाहेरी गरी सदर भयाका दरमा षरीद गर्नु..."*

आर्थिक विषयको निर्णय कार्यान्वयनका लागि सम्बन्धित जिल्ला तहको अड्डा तथा सम्बन्धित अड्डाका हाकिमलाई जिम्मेवारी दिने प्रचलन भएको देखिन्छ । माथि उल्लिखित सन्दर्भमा पनि 'जिम्मेवारी दिनका लागि' पाल्पा जिल्लाको तोसाखाना' तथा 'जिम्मेवारी लिई सवाल/सनद/दरबन्दि बमोजिम कार्य सम्पादन गर्नका लागि' रिडी सदावर्त अड्डाका नामामा समेत सनद गर्नु पर्ने व्यवस्था थियो । यस पत्रानुसार आवश्यक खर्चका सम्बन्धमा रिडी सदावर्त अड्डाको माग एवम् पाल्पा तोसाखानाको सिफारिसलाई मुलुकी अड्डाले आवश्यक कार्यार्थ गुठी बन्दोबस्त अड्डाका हाकिम समक्ष र सो अड्डाले श्री ५ समक्ष सिफारिस गरेको देखिन्छ । यी पत्र एवम् सिफारिसका आधारमा अन्त्यमा श्री ५ बाट 'सिफारिस बमोजिम काम गर्न' का लागि यसप्रकार निर्देशन दिइएको थियो;[२१]

*"...मुलुकी अडाले वोलेको तोक हुकुं मर्जिवाट ७२ साल पौष २९ गते ५ मा सड (द? र गरीवक्से मुटा (ता?) वीक् सो ७१ साल् भाद्र १३ गतेदेषी ७२ साल भाद्र १६ गते तक वर्ष १ लाई नपुग्ने भयाको मोरु ३९।७६ उनंचालीस रुपैञा छयाहत्तर पैसा ७२ सालको जींमावारी जाने मध्येवाट जीम्मावारी दीनु. ७२ साललाई सनड (द?) वमोजीं जींमावारी जानेमा ७१ साललाई नपुगी ७२ सालको जीम्मावारी आउनेवाट.अघी जींमावारी दीयाको र. अव माथीलेषीया वमोजीं जानेस्मेत् कट्टा गरीवक्सनु पर्ने ठहराज्यूँ जो मर्जी हुकुं भनी श्री ५ सर्कार तर्फ गुठी वंदोवस्त अडाका हाकीं नाः सुवा भवतला (?) मुषीया रेवंतमान्सींहरुले हाम्रा हजुर्मा वींतीपार्दा जाहेर भयो तसर्थ सो थ (ठ?) हरायाकोमा हामीवाट सदर गरीवक्सेको छ सो माथी लेषीया वमोजीं गर्ने काम् गर..."*

## पोखरामा रहेका महारोगीको भरण-पोषण

शिक्षा क्षेत्रमा मात्रै नभएर राज्यले विभिन्न कारणबाट असहाय भएका व्यक्तिलाई उद्धार गर्ने गरेको पनि पाइन्छ । यसै सन्दर्भमा वि.सं. १९७२ सालमा पोखरामा रहेका महारोगी (कुष्टरोगी ?) को उद्धारका लागि निर्देशन दिइएको एउटा सामग्री फेला परेको छ । यसबाट उनीहरूका लागि आवश्यक खर्च तथा सो

---

२१ *ऐजन ।*

कार्यको व्यवस्थापन पनि सरकारबाट नै भएको देखिन्छ । यसै सन्दर्भमा सो पत्रमा यसप्रकार उल्लेख गरिएको पाइन्छ'[२२]

*"...पोषरामा रहेका माहारोगीहरुलाई दरवंदी वमोजीम् सिधा लुगा दीनालाई र काम्दार कारिन्दा षर्च स्मेत् के ७१ साल् पौष १ गतेदेखि ७२ साल् मार्ग मसांत तक् वर्ष १ के ज्मा रु ४५६२।१० चाहीने मध्ये सावीक वाकी २०७।४५ कटी गरीयाको मोरु ४३५४।६५ जीम्मावारी सोधभर्ना गर्नु पर्ने गरि सवाल् सनद दरवंदी वमोजिम् मा दी षुवाउने ठहराई जाहेर गऱ्याको पोषरा तहसील् अडाको रीपोट्मा यस्मा रीपोट् साथ आयाको सनद सवालका नकल्स्मेत हेरी वुझेमा रपोट्का तपसील्मा कटेका २ ठाउमा छाप छुटेको सो केरेकाले मतलव फरक नपर्न दोभरा अक्षर कर्नै पर्ने केरेको छाप् लीउन फीर्ता गरुं भंने षर्चको नीकासा ढील हुन जाने हुनाले सो २ ठाउ केरेमा छाप छुटेमा पनी फीर्ता नगरी यस अडाका हाकींको छाप् लगाई जाहेर गरेको छु. सो पोषराले जाहेर गऱ्याका रीपोट्वमोजीम् पोषरामा रहेका महांरोगीहरुलाई ङरवंदी वमोजीं षुवाउनु नै पर्ने मुनासीव देषीनाले हाल यस रीपोट्मा लेषीया वमोजींको ७१ साल पौष १ गते देषि ७२ साल माग मसान्त तक वर्ष १ के दीन् ३६५ के चाहीने ज्मा मोहरु ४५६२।१० भन्या लेषीयाको हुडा सो लेषीयाका दर्ले जीनसीको नगदी दर्दाम् जाची हेर्डा दाल् मुरी २९।१२।१ के दर ।३ ले रु १९७।३७।२ मात्र आउनेमा रु १९७।७० भंन्या रीपोट्मा लेषीयाकाले रु ।३२।२ वढी लेषियाको देषीया पनी जना १ के रोज्को २ मुठीले मुरी २९।१३।६ चाहिनेमा मुरी २९।१२।१ मात्र लेषीयाकाले जीन्सीमा १ पाथी घटी हुडा दर्दाम् फरक पर्न आयाको चाहीने मुरी २९।१३।१ को दर ।३ ले रु १९७।७० ले पर्ने भै नगदी ज्मामा वढी नपरेको हुडा सो रपोट्मा लेषीया वमोजीम् चाहीने ज्मा मोहरु ४५६२।५० मध्ये अघील्ला सालको वाकी मोरु २०७।४५ कट्टी गरी वाकी नपुगेको मोरु ४३५४।६५ त्रीचालीस् सये चउंन पैसट्टी पैसा नीकासा दीनु पर्ने हुनाले सो पोषरा महारोगीहरुलाई सीधा लुगास्मेत् षर्च वीसयेमा गुठीका आम्दानीमध्ये मुल्कीषानावाट जीम्मावारी ली पोषरा तहसील्का हाकीं जीम्मा जीम्मावारी दीनु..."*

वि.सं. १९७२ सालमा पोखरामा रहेका कुष्टरोगीहरूलाई खाना तथा कपडाको व्यवस्थाका सन्दर्भमा यो पत्र लेखिएको थियो । यहाँ रहेका महारोगीलाई एक वर्ष अर्थात् ३६५ दिनका लागि आवश्यक पर्ने खर्च रकम रू. ४५६२।१० वा ४५६२।५०

---

[२२] *पोखरामा रहेका महारोगीहरूलाई दरवन्दिवमोजिम सिधा, लुगा दिनालाई र कामदार कारिन्दा षर्चसमेतका बारेमा पोखरा तहसिल अड्डाका हाकिम कारिन्दाका नाममा वि.सं. १९७२ साल (आषाड २४ गते रोज ५ ?) मा लेखिएको जैसिकोठा पोका नं. १८५, सि.नं. १०१५ मा रहेको पत्र ।*

जति भए तापनि यो रकमबाट कति जनालाई राखिएको थियो भन्ने कुरा स्पष्ट हुँदैन । यद्यपि यहाँ रहेका महारोगीहरूलाई दिइने दालको इकाई उल्लेख गरिएकाले उनीहरूको संख्या अडकल गर्न भने सकिन्छ ।

यसै सन्दर्भमा प्रति व्यक्तिका लागि दैनिक २ मुठीका दरबाट एक वर्षका लागि आवश्यक पर्ने दाल ९ पाथी १ माना अर्थात् जम्मा ७३ माना हुन आउँछ । माथि पोखरामा रहेका महारोगीहरूलाई वर्ष दिनका लागि आवश्यक पर्ने दालको इकाई २९ मुरी १३ पाथी १ माना उल्लेख छ । यो इकाईलाई मानामा रूपान्तरण गर्दा (२९ मुरी ह २० पाथी .५८० ˙ १३ पाथी .५९३ पाथी ह ८ (माना).४७४४ ˙ १ माना . जम्मा ४७४५ माना) ४,७४५ माना हुन आउँछ । एक जनालाई वर्षमा जम्मा ७३ माना आवश्यक पर्ने देखिएकाले उल्लिखित दाल २९ मुरी १३ पाथी १ माना अर्थात ४,७४५ मानाले (४७४५ / ७३ . ६५) जम्मा ६५ जनालाई एक वर्षका लागि दाल पुग्ने देखिन्छ । यस हिसावबाट वि.सं. १९७२ सालमा पोखरामा जम्मा ६५ जना महारोगीलाई सरकारले खाद्यान्न तथा कपडासमेतको व्यवस्था गरी स्थापना गरेको देखिन्छ । उनीहरूलाई वर्ष दिनका लागि आवश्यक पर्ने खाद्यान्न तथा कपडाका लागि रू. ४,५६३/- जति चाहिने र वि.सं. १९७२ सालका लागि सो रकम गुठीको आम्दानीबाट खर्च गर्ने अख्तियारी पोखरा तहसिल अड्डाका हाकिमलाई दिइएको थियो । तहसिल अड्डाका हाकिमले पनि सो रकम मुलुकिखानाबाट जिम्मावारी लिनु पर्ने व्यवस्था गरिएको थियो ।[२३] रिडीमा रहेका विद्यार्थीलाई उपलब्ध गराइएको कपडासँग तुलना गर्ने हो भने त्यहाँ वार्षिक रूपमा प्रति विद्याथी रू. ३/- कपडाका लागि छुट्याइएको थियो । पोखरामा ६५ जना महारोगी रहेको तथा तिनलाई विद्यार्थीलाई जस्तै प्रति व्यक्ति वार्षिक रू. ३/- दिएका खण्डमा कपडामा मात्र वार्षिक रू. (६५ ह ३ . १९५) रू. १९५/- खर्च हुने देखिन्छ । यो हिसाबका आधारमा उनीहरूको वार्षिक सम्पूर्ण खर्चका लागि छुट्याइएको रू. ४५६३/- मध्ये रू. ४३६८/- खाद्यान्नका लागि भएको हुनु पर्दछ ।

जुन कार्यका लागि जति रकम छुट्याइएको भए तापनि समग्रमा असहाय रोगीको उद्धारका लागि पोखरामा राज्यबाट भएको यो कार्यलाई उपलब्धिमूलक मान्नु पर्दछ ।

---

[२३] *पोखरामा रहेका महारोगीहरूलाई दरवन्दिवमोजिम सिधा, लुगा दिनालाई र कामदार कारिन्दा षर्चसमेतका बारेमा पोखरा तहसिल अड्डाका हाकिम कारिन्दाका नाममा वि.सं. १९७२ साल (आषाड २४ गते रोज ५ ?) मा लेखिएको जैसिकोठा पोका नं. १८५, सि.नं. १०१५ मा रहेको पत्र ।*

## च्यारिटेवल सोसाइटी नावालष पाल्ने अड्डा

नेपालको प्रशासनिक एवम् सामाजिक इतिहासमा 'च्यारिटेवल सोसाइटी नावालष पाल्ने अड्डा' नामको अड्डाको चर्चा पाइँदैन भने पनि हुन्छ । त्यसैकारण प्रधानमन्त्री चन्द्रशमसेरको समय वि.सं. १९७६ मा लेखिएको एउटा सवालमा यो अड्डाको नाम परेको पाइन्छ । सामान्यतया प्रकाशमा नआएको यो च्यारिटेवल सोसाइटी नावालष पाल्ने अड्डाका बारेमा सामान्य जानकारी पाइने भएकाले यहाँ एउटा सवालका आधारमा यसबारेमा प्रकाश पार्ने चेष्टा गरिएको छ । दरबन्दी सम्बन्धी एउटा मात्र पुर्जी प्राप्त भएकाले यो अड्डाका बारेमा विस्तृत जानकारी पाउन नसकिने भए तापनि यसबाट यो अड्डा तथा त्यसको सामान्य कार्यका बारेमा सामान्य जानकारी लिन मद्दत मिल्ने विश्वास लिइएको छ ।

माथिका दुई उप-शीर्षक जस्तै यो च्यारिटेवल सोसाइटी नावालष पाल्ने अड्डा पनि लोक कल्याणकारी/लोक हितकारी कार्यका निम्ति स्थापना गरिएको देखिन्छ । कौसितोसाखानाका हाकिम-कारिन्दाका नाममा लेखिएको यो पुर्जीबाट राज्यले सम्भवतः राजधानी काठमाडौँमा नावालकहरू पाल्ने गरेको र सो प्रयोजनार्थ एउटा छुट्टै अड्डा समेतको स्थापना गरेको पाइन्छ । सरकारले वि.सं. १९७६ साल भाद्र २२ गतेसम्म १२ जना मर्दना तथा १२ जना जनाना बालक गरी जम्मा २४ जना बाल-बालिकालाई पाल्ने गरेको देखिन्छ । उनीहरूको स्याहार सुसारका लागि टहलुवा, सुसारेलगायत ब्राह्मण र ब्राह्मणी २ जना भान्सेसमेत जम्मा ६ जनालाई सो कार्यका लागि तैनाथ गरिएको थियो ।

वि.सं. १९७६ साल भाद्र २३ गतेको एउटा सनदअनुसार बाल-बालिकाको संख्या दोब्बर अर्थात् बालक २४ र बालिका २४ पुऱ्याइएको थियो । त्यसैगरी सुसारे पनि ६ जना थप गरियो । अब सो अड्डाअन्तर्गत बाल-बालिका ४८ जना तथा सुसारे १२ जनासमेत जम्मा ६० जना पुग्न गएको थियो । उनीहरूलाई खाना बनाउने भान्सेको संख्या भने पहिले जस्तै ब्राह्मण-ब्राह्मणी १/१ जना नै थिए । उनीहरू २ जनाले मात्र ६० जनालाई खाना बनाएर खुवाउन नसक्ने भएकाले सो संख्यामा ब्राह्मण १ र ब्राह्मणी १ जम्मा २ जना थप्नका लागि सो अड्डाबाट सम्बन्धित निकायमा अनुरोध गरिएको देखिन्छ । उक्त अनुरोधमा देहायका कारणबाट भात पकाउन नसकी बाल-बालिका भोकै पर्न सक्ने सम्भावनातर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गरिएको थियो;

१. भान्से ब्राह्मण-ब्राह्मणीलाई कुनै पनि बखत भवितव्य पर्नसक्ने,

२. विवाह, ब्रतवन्ध आदि परी आ-आफ्नो घर जानु पर्ने,

३. ब्राह्मण भान्से मलामी, काज क्रियाकर्मलगायतका काम परी जानु पर्ने र

४. ब्राह्मणी भान्से प्रत्येक महिना रजस्वला भई भात पकाउन-खुवाउन नसक्ने ।

यस्तो अवस्थामा थप २ जना भान्सेको माग यसप्रकार गरिएको थियो;[२४]

*"...७६ साल् भाद्र २३ गतेका सनदले वालष ज्वान् २४ सुसारे जवान् ६ ज्माजवान् ३० भै भांसे तहलुवामात्र थप नभै छुट्न गयाकोले सो थपस्मेत् ज्माजवान् ४८ सुसारे जवान् १२ स्मेत् ज्माजवान् ६० षुवाउनु भंन्यामा हाल् वालष जवान् ४८ सुसारे जवान् १० ज्मा जवान् ५८ लाई भांसे तहलुवा २ ले कांनचल्ने जनानातर्फ व्राह्मरा १ र जनानीतर्फ व्राह्मरिा १ स्मेत् जवान् २ के दरज्वान् १ के मैन्हा १ को मोहरु ६। ले १४४। टहलुवा जवान् २ के दर जवान् १ के मोरु ४ ले ९६। भांसे टहलुवा ४ के मोहरु २४०। दुईसये चालीस् रुपैञा थप वक्से काम् चल्दो हो भनि यस अडावाट जाहेर गरेकोमा यस्मा ७० साल चैत्र २९ गतेका सवाल्का २ दफामा मर्दना १२ जनाना १२ ज्मा २४ रहेर वीचार गर्ने सुसारे जवान् ६ स्मेत् ज्मा जवान् ३० मा नवढाई भात षुवाउनालाई मर्दनातर्फ व्रह्मरा र जनानातर्फ व्राह्मराीले भात पकाई षुवाउनु भंन्या लेषीयाको हुनाले सो वमोजीम् भांसे २ तहलुवा २ राषी काम चलाउदा सो भांसे टहलुवाको घरको संधीसर्पन्. पर्दामा १ दीं वीडा दीनलाई. पनि. मुस्कील् भयाकोर सो वालष सुसारेमा पनि थप यो ७६ साल् भाद्र २३ गतवेका सनदले वालष जवान् २४ सुसारे जवान् ६ ज्मा जवान् ३० थपभै भान्से टहलुवामात्र थप नभै छुट्न गयाकोले सो थपस्मेत् ज्मा जवां ४८ सुसारे १२ स्मेत् ज्मा जवां ६० षुवाउनु भंन्यामा हाल वालष जवान् ४८ सुसारे जवान् १० ज्मा जवां ५८ लाई भांसे २ तहलुवा २ ले कां नचल्ने जनानातर्फ मैन्हाको ४ दिं रजस्वला हुदा ४ दिं काम नचल्ने १ जवान् भांसेले टायेंमा भातैषान षुवार्उन नसकने मर्दनातर्फ व्राह्मरा व्राह्मरा १ र जनाना व्राह्मराी १ स्मेत जवान् २ के दर जवान् १ के मैन्हा १ को मोरु ६। ले १४४ टहलुवा जवान् २ के दर जवान् १ के रु ४ ले ९६। भांसे तहलुवा ४ के मोहरु २४०। दुईसये चालीस् थप वक्से कां चल्दोहो भनि लेषीयाको रपोट्को मुद्दारहेछ येस्मा अघी नावालष जवान् जवान् २४ लाई र सुसारे जवान् ६ स्मेत् ३० जवान्लाई भात पकाउनाके भांसे जनाना १ मर्दना १ र टहलुवा २ दरीयाको हुनाले र सो वमोजीं काम चली आयाको हुनाले भन्या थपवक्सनु पर्छ भनि वींती चढाउनालाई मुनासीव पर्दैनथ्यो नावालष वरावर आयाको हुनाले फेरी नावालष २४ सुसारे ६ थप भै भर्नागरी षुवाउनु भंन्या ७६ साल् भाद्र २३ गतेमा सनदभै सोस्मेत् भर्ना भयाको भान्से तहलुवा थप नभयाकोले कां नचलने भै थप मागेको*

[२४] *च्यारिटेवल सोसाइटी नावालख पाल्ने अड्डाका म्यानेजर तथा कारिन्दाको अनुरोधअनुसार भान्से ब्राह्मण-ब्राह्मणी १/१ जना थप गर्नका लागि कौसितोसाखानाका हाकिम-कारिन्दाका नाममा वि.सं. १९७७ साल चैत्र ३० गते रोज २ मा भएको सवाल ।*

*मुनासीवै नै देषीनाले र उस्मा पनि सवाल्मा जननाको र मर्दनाको वेगलै भान्सेगरी षुवार्उनु भनि लेषीयामा जनाना नछुने हुने भै मैन्हाको ४ दीं पकाउनै नहुने भै र वीडा वेराम हुदा पनि अडकने भै दरीयाकाले काम् नचल्ने देषीनाले दरवंदी थप भयाको वालष पनि भर्ना भैसकेको वुझीनाले भांसे टहलुवा थप नदीया काम् नचल्नेहुदा सवाल्वमोजीम् जनाना मर्दनाको छुट्टाछुट्टै भांसेगरी षुवाउनालाई सावीक्मा दरीयाका भांसे टहलुवाहरुलाई दरीया वमोजीम् मैन्हाको मोल् ६। का दर्ले षाने भांसे जनाना १ मर्दाना १ र मैन्हाको मोल् ४ का दरले षाने टहलुवा जवान् १ के दर वर्ष १ को ४८ ले २ के ९६। रुपैञा भान्से जवान् २ के दर वर्ष १ को ७२ ले मोरु १४४ ज्मा भान्से टहलुवा जवान् ४ के मोरु २४० दुईसयेचालीस् थप वक्सेकोछ यो थप भयाका भान्से २ टहलुवा २ ज्माज्वान् ४ के सावीक् भर्ना भैरहेका भान्से टहलुवाले षाईपाई आयावमोजीम् अैन्सवाल्को रीत पुर्‍याई भर्ना गरीदीनु भंन्या कम्यादरी कीताप्षानाको नार्उमा र अैन सवाल् वमोजीम् पकायाको तलव कौसीतोसाषानावाट ल्याई षुवाई कांचलाउनु भंन्या च्यारीटेवल् सोसाईटि नावालष पाल्ने अडाका नार्उमा र सो वमोजीम् मैन्हा मैन्हामा अैन्सवाल्को रीत पुर्‍याई तलवदीनु भंन्या कौसीतोसाषानाका नाउमास्मेत् चाहीने वेहोराको सनदगरी दीनु भनि यो तोक सदर गरीवस्ये ठीक पर्ने ठहराञ्यू जो मर्जी हुकुं भनी च्यारीतेवल् सोसाईटिवाट वोलेको…"*

माथिको अनुरोध व्यावहारिक देखिएकाले सरकारले उक्त मागबमोजिम निर्धारित तलव सुविधा पाउने गरी यसप्रकार दुई जना भान्से नियुक्तीको पुर्जि जारी गरेको थियो;[२५]

*"…जनाना मर्दना छुट्टाछुट्टै भयेको जनाना नछुने भयो वा मर्दनाको पनि भवीतवेले कृया मलामी वीवाह व्रतवंध ईत्यादी परी भातपकार्उन नसकेमा अर्को भान्से नभयेकोले तेस्तो परेमा नावालष सुसारेस्मेत्ले भाटै षान नपाउने र टहलुवाका हक्मा पनि लेषीया वमोजीम् सावीक् भंदा दोवर मानिस् रहने सनदभै जवान् ५८ भर्ना भैसकेकोले सावीक्को २ जना तहलुवावाट सवै काम् चलार्उन नसकी काम् अडकाउ हुन जाने संभव परेकोले मागेवमोजींको भान्से टहलुवास्मेत् थप दीने ठीक पर्ने भंन्ये सोसाईतिको तोक् भयाको र तेस्तो धर्म सदावर्तको काम्मा चाहीने मानिस् भर्ना नराषी काम अडकार्उ गरीराषनु पनि मुनासीव नपरेको हुनालेस्मेत् जाहेर गरेका छौ सो नावालष पाल्नेतर्फलाई सावीक् भांन्से टहलुवासह्र जनाना १ मर्दना १ स्मेत् व्राह्मरिा र व्राह्मरास्मेत् भान्से २ के द्र वर्ष १को मोरु ७२। ले*

---

[२५] *च्यारिटेवल सोसाइटी नावालख पाल्ने अड्डाकाका म्यानेजर तथा कारिन्दाको अनुरोधअनुसार भान्से ब्राह्मण-ब्राह्मणी १/१ जना थप गर्नका लागि कौसितोसाखानाका हाकिम-कारिन्दाका नाममा वि.सं. १९७७ साल चैत्र ३० गते रोज २ मा भएको सवाल । यो सवालको उतार परिशिष्टमा दिइएको छ ।*

*मोरु १४४ टहलुवा २के द्र ४८। लेरु ९६। स्मेत् ज्मा जवान् ४ चारके मोरु २४०। दुईसये चालीस् रुपैञा थप वक्सेकोछ सो जवान्हरु अैनसवाल् वमोजीम् गरी भर्ना गरी सो जवान् को कीताप् दर्ता गर्नालाई कीताप्षाना दर्ताफाट्मा(का?) नार्उमा र त(ल?)व षुवाउनालाई कौसीतोसाषानाका नार्उमास्मेत् चाहीने वेहोराको सनद गरीदीनेस्मेत् ठहराई च्यारीटेवल् सोसाईटि ले वोलेको मुनासीवै ठहराञ्यूं जो मर्जीहुकुं भनि मुलुकी अदारपोट् दोश्राफाट.वाट वोलेकोमा ७७ साल् आश्वीं २६ गते २मा ष(ङ्ग?)निसानावाट सदर भैआयाको हुनाले सवालभंदा वढी थप तपसील्मा लेषीयाका भान्से जनाना १ मर्दना १ स्मेत् ज्मा २ केंद्र वर्ष १ को जवान् १ के मोरु ७२। ले रु १४४। र टहलुवा २ को द्र वर्ष १ को जवान् १ केरु ४८। ले रु ९६। स्मेत् ज्मा भान्से टहलुवा जवान् ४ के मोरु २४०। दुईसये चालीस् रुपैञा थप वक्सेको हुनाले सो वमोजीं कीताप दर्ता गरीदीनु भंन्या कम्यांडरी कीतापषानाका नार्उमा सनद भै गयाको हुनाले सोवमोजीम् मैन्हा मैन्हामा तलव अघी तेसअडालाई भयाका सनद सवाल्का रीत पुऱ्याई दीनु भंन्या कौसीतोसाषानाका नार्उमा सनद गरीवक्सनुपर्ने ठहराञ्यू भनि च्यारीतेवल् सोसाईटि नावालष पाल्ने अडाका मेनेजर कारींडाहरुले हाम्रा हजुरमा वींतीपार्दा जाहेर भयो तसर्थ सो ठहराया वमोजीम् हामी वाट पनि सदरगरीवक्स्येको छ सो वमोजींम् गर्ने काम गर............*

## तपसील्

| | |
|---|---|
| सवाल् भंदावढी थपवक्सेको भांसे टहलुवा जवान् ४ के मोरु दुईसये चालीस रुपैञा | २४०। |
| भांसे २ के द्र जवान् १ के मैन्हा १ को मोरु ६। ले जवान् २ के वर्ष १ कोरु | १४४। |
| जनानातर्फ व्राह्मरिाा जवान् १ के | ७२। |
| मर्दनातर्फ व्राह्मराा जवान् १ के | ७२। |
| टहलुवा ज्वान् २ के द्र जवान् १ के मैन्हा १ कोरु ४। ले जवान् २ के वर्ष १ को मोरु | ९६।..." |

समग्रमाच्यारिटेवल सोसाइटी नावालष पाल्ने अड्डाका म्यानेजरसमेतको अनुरोधअनुसार सरकारले भान्से ब्राह्मण-ब्राह्मणी १/१ जना तथा टहलुवा २ जना थप गरिदिएको देखिन्छ । यी ४ जनालाई वर्ष १ का लागि आवश्यक पर्ने तलव बापत जम्मा रकम रू. ३८४/- समेत उक्त सवालमा तोकिएको थियो । यसप्रकार सरकारले नाबालकहरूलाई पनि पाल्ने काम गरेको र सोका लागि छुट्टै अड्डा समेत खडा गरेको यो उल्लेख्य पक्ष हो । यति भए तापनि यो अड्डा एवम्

यसको विस्तृत क्रियाकलापका सम्बन्धमा प्रकाश पार्ने अन्य सामग्री नपाइएकाले देहायका प्रसङ्ग अनुसन्धानकै गर्भमा रहेका छन्;

- च्यारिटेवल सोसाइटी नावालष पाल्ने अड्डा कहाँ स्थापना गरिएको थियो ?
- नाबालक पाल्ने कार्य कुन ठाउँमा भएको थियो ?
- नेपालभर एक ठाउँमा मात्र हो वा अन्य ठाउँमा पनि नाबालक पाल्ने कार्य गरिएको थियो ?
- समग्रमा कति जना बाल-बालिकालाई यो अड्डामार्फत पालनपोषण गरिएको थियो ?
- नाबालक पाल्ने कार्यको थालनी कहिलेदेखि भएको थियो ?
- च्यारिटेवल सोसाइटी नावालष पाल्ने अड्डाले पाल्ने बाल-बालिका कहाँबाट कसरी छनोट गरिन्थ्यो अर्थात् नाबालकको छनोटका आधार के थिए ?
- कुन उमेरदेखि कति वर्षसम्म बाल-बालिकालाई पालिन्थ्यो ?
- यस अड्डाबाट पालनपोषण गरिएका बाल-बालिकालाई शिक्षाको व्यवस्था के थियो ?
- यहाँ पालिएका बाल-बालिकालाई कुनै जागिरमा लगाइन्थ्यो वा परिवारमा पठाइन्थ्यो वा के व्यवस्था गरिन्थ्यो ?

*च्यारिटेवल सोसाइटी नावालष पाल्ने अड्डाको स्थापना कहिले भएको थियो भन्ने निश्चित आधार नपाइए तापनि यसै सवालको पेट बोलीमा "... १९७० साल चैत्र २९ गतेका सवाल्का २ दफामा मर्दना १२ जनाना १२ ज्मा २४ रहेर वीचार गर्ने सुसारे जवान् ६ स्मेत् ज्मा जवान् ३० मा नवढाई भात षुवाउनालाई मर्दनातर्फ व्रह्मरा र जनानातर्फ व्राह्मरानीले भात पकाई षुवाउनु भंन्या लेषीयाको हुनाले सो वमोजीम् भांसे २ त (ट?) हलुवा २ राषी काम चलाउदा सो भांसे टहलुवाको घरको संधीसर्पन्. पर्दामा १ दीं वीडा (दा?) दीनलाई. पनि. मुस्कील् भयाकोर सो वालष सुसारेमा पनि थप यो ७६ साल् भाद्र २३ गतेका सनदले वालष जवान् २४ सुसारे जवान् ६ ज्मा जवान् ३० थप भै भान्से टहलुवामात्र थप नभै छुट्न गयाको ..." उल्लेख भएकाले वि.सं. १९७० सालमा यो अड्डाको स्थापना भई सकेको र यसले बाल-बालिकालाई पाल्ने कार्य गरिसकेको देखिन्छ । यति हुँदाहुँदै पनि यो अड्डाका बारेमा माथि उल्लिखित जानकारी लिनका लागि अझ अनुसन्धान गर्नु पर्ने हुन्छ ।*

## उपसंहार

राणाशासनको उत्तरार्द्धसम्म आउँदा सरकारका तर्फबाट विभिन्न लोकहितकारी/जनकल्याणकारी कार्य भएको पाइन्छ । यसै सन्दर्भमा सरकारले पोखरामा ६५ जना महारोगीलाई खाने तथा लाउने व्यवस्था गरेको थियो । यहाँ जस्तै मुलुकका अन्य क्षेत्रमा पनि यस्तो व्यवस्था मिलाएको हुन सक्दछ । वर्तमानसमेतमा मुलुकका कतिपय क्षेत्रमा महारोगीलाई गाउँबाट नै निस्काशन गरिएको सन्दर्भमा आजभन्दा एक शाताब्दीजति पहिलेको समाजबाट निकै तिरस्कृत उनीहरूलाई सरकारबाट भरणपोषण हुनु ज्यादै अनुकरणीय कार्य मानिन्छ । जहाँसम्म ब्राह्मण विद्यार्थीलाई राज्यबाट पढाउने व्यवस्थाको सन्दर्भ छ, विभिन्न धार्मिक संस्था अर्थात् 'गुठी' समेतको आम्दानीबाट शिक्षा दिने प्रचलन मध्यकालदेखि नै भएको देखिन्छ । यस किसिमको शिक्षाका लागि विभिन्न संस्था तथा व्यक्तिहरू लागेको पाइन्छ । 'रिडी सदावर्त अड्डा' बाट विद्यार्थीलाई खानपान र लत्ता कपडाको व्यवस्थापन हुनु सरकारका तर्फबाट शिक्षामा लगानी गरिएको एउटा दृष्टान्त मात्र हो ।

जहाँसम्म नाबालक बाल-बालिका पाल्ने उद्देश्यका साथ स्थापना गरिएको देखिने 'च्यारिटेवल सोसाइटी नावालष पाल्ने अड्डा' को सन्दर्भ छ, यो अड्डा तथा यसको कार्य नितान्त नौलो अर्थात् प्रकाशमा आएको पाइँदैन । अड्डाको नाम 'charitable society' ले दान-दातव्य/सदावर्त गर्ने समूह भन्ने जनाउँछ । यति भए तापनि यस किसिमको समूह वा समाजको गठन कसले कहिले कुन उद्देश्यका लागि गरेको हो भन्ने कुरा भने स्पष्ट छैन । जुन हैसियतमा जसले स्थापना गरेको भए पनि यो अड्डाबाट बाल-बालिकालाई पाल्ने कार्य हुनु राणाशासन कालका उल्लेख्य सामाजिक कार्य मानिन्छ ।

समग्रमा राणाशासनकालका पछिल्ला दशकहरूमा देखापरेका माथि उल्लिखित लोककल्याणकारी कार्यहरू सह्रानीय नै हुन् । यति हुँदाहुँदै माथि भनिए जस्तै यस्ता कार्यका लागि स्थापना गरिएका अड्डा कहिलेदेखि स्थापना गरिए तथा तिनबाट को ? कस्ता ? कतिले सहयोग पाए ? भन्ने जस्ता कुरा विस्तृत रूपमा प्रकाश पार्न सकेका खण्डमा ओझेलमा परेको राणाकालीन लोककल्याणकारी कार्यबारे यथार्थ जानकारी पाउन सकिन्थ्यो ।

## परिशिष्ट

***श्रीचन्द्र***

*कौसीतोसाषानाका हाकीं कारींदाहरुले पुर्जी हेरी यस च्यारीटेवल् सोसाईटी नावालष पाल्ने अडाका नार्उमा भयाका सवालमा मर्दना. वालष १२ जनाना वालष*

१२ जम्मा २४ र हेरवीचार गर्ने सुसारे जवान् ६ स्मेत् जमा ३० मा नवढाई. भात षुवाउनालाई मर्दना तर्फ व्राह्मराा र जनानातर्फ व्राह्मरााी ले भातपकाउन लगाई षाउनु भंन्या लेषीयाको हुनाले सो वमोजीं भान्से २ तहलुवा २ राषी काम चालार्उदा सो भांसे तहलुवा. को घरको संधीसर्पन् पर्दामा १ दीं वीदा दीनलाई पनि मुस्किल् भयाको र सो वालष सुसारेमा थप यो ७६ साल् भाद्र २३ गतेका सनदले वालष ज्वान् २४ सुसारे जवान् ६ ज्माजवान् ३० भै भांसे तहलुवामात्र थप नभै छुट्न गयाकोले सो थपस्मेत् ज्माजवान् ४८ सुसारे जवान् १२ स्मेत् ज्माजवान् ६० षुवाउनु भंन्यामा हाल् वालष जवान् ४८ सुसारे जवान् १० ज्मा जवान् ५८ लाई भांसे तहलुवा २ ले कांनचल्ने जनानातर्फ व्राह्मराा १ र जनानीतर्फ व्राह्मरिाा १ स्मेत् जवान् २ के दरज्वान् १ के मैन्हा १ को मोहरु ६। ले १४४। टहलुवा जवान् २ के दर जवान् १ के मोरु ४ ले ९६। भांसे टहलुवा ४ के मोहरु २४०। दुईसये चालीस् रुपैञा थप वक्से काम् चल्दो हो भनि यस अडावाट जाहेर गरेकोमा यस्मा ७० साल चैत्र २९ गतेका सवाल्का २ दफामा मर्दना १२ जनाना १२ ज्मा २४ रहेर वीचार गर्ने सुसारे जवान् ६ स्मेत् ज्मा जवान् ३० मा नवढाई भात षुवाउनालाई मर्दनातर्फ व्रह्मराा र जनानातर्फ व्राह्मरााीले भात पकाई षुवाउनु भंन्या लेषीयाको हुनाले सो वमोजीम् भांसे २ तहलुवा २ राषी काम चलाउदा सो भांसे टहलुवाको घरको संधीसर्पन्. पर्दामा १ दीं वीडा दीनलाई. पनि. मुस्कील् भयाकोर सो वालष सुसारेमा पनि थप यो ७६ साल् भाद्र २३ गतवेका सनदले वालष जवान् २४ सुसारे जवान् ६ ज्मा जवान् ३० थपभै भान्से टहलुवामात्र थप नभै छुट्न गयाकोले सो थपस्मेत् ज्मा जवां ४८ सुसारे १२ स्मेत् ज्मा जवां ६० षुवाउनु भंन्यामा हाल वालष जवान् ४८ सुसारे जवान् १० ज्मा जवां ५८ लाई भांसे २ तहलुवा २ ले कां नचल्ने जनानातर्फ मैन्हाको ४ दिं रजस्वला हुदा ४ दिं काम नचल्ने १ जवान् भांसेले टायेंमा भातैषान षुवार्उन नसकने मर्दनातर्फ व्राह्मराा व्राह्मराा १ र जनाना व्राह्मरााी १ स्मेत जवान् २ के दर जवान् १ के मैन्हा १ को मोरु ६। ले १४४ टहलुवा जवान् २ के दर जवान् १ के रु ४ ले ९६। भांसे तहलुवा ४ के मोहरु २४०। दुईसये चालीस् थप वक्से कां चल्दोहो भनि लेषीयाको रपोट्को मुद्दारहेछ येस्मा अघी नावालष जवान् जवान् २४ लाई रसुसारे जवान् ६ स्मेत् ३० जवान्लाई भात पकाउनाके भांसे जनाना १ मर्दना १ र टहलुवा २ दरीयाको हुनाले र सोवमोजीं काम चली आयाको हुनाले भन्या थपवक्सनु पर्छ भनि वींती चढाउनालाई मुनासीव पर्दैनथ्यो नावालष वरावर आयाको हुनाले फेरी नावालष २४ सुसारे ६ थप भै भर्नागरी षुवाउनु भंन्या ७६ साल् भाद्र २३ गतेमा सनदभै सोस्मेत् भर्ना भयाको भान्से तहलुवा थप नभयाकोले कां नचलने भै थप मागेको मुनासीवै नै देषीनाले र उस्मा पनि सवाल्मा जनानाको र मर्दनाको वेगलै

भान्सेगरी षुवार्उनु भनि लेषीयामा जनाना नछुने हुने भै मैन्हाको ४ दीं पकाउनै नहुने भै र वीडा वेराम हुदा पनि अडकने भै दरीयाकाले काम् नचल्ने देषीनाले दरवंदी थप भयाको वालष पनि भर्ना भैसकेको वुभ्कीनाले भांसे टहलुवा थप नदीया काम् नचल्नेहुदा सवाल्‌वमोजीम् जनाना मर्दनाको छुट्टाछुट्टै भांसेगरी षुवाउनालाई सावीक्‌मा दरीयाका भांसे टहलुवाहरुलाई दरीया वमोजीम् मैन्हाको मोल् ६। का दर्ले षाने भांसे जनाना १ मर्दाना १ र मैन्हाको मोल् ४ का दरले षाने टहलुवा जवान् १ के दर वर्ष १ को ४८ ले २ के ९६। रुपैञा भान्से जवान् २ के दर वर्ष १ को ७२ ले मोरु १४४ ज्मा भान्से टहलुवा जवान् ४ के मोरु २४० दुईसयेचालीस् थप वक्सेकोछ यो थप भयाका भान्से २ टहलुवा २ ज्माज्वान् ४ के सावीक् भर्ना भैरहेका भान्से टहलुवाले षाईपाई आयावमोजीम् अैन्सवाल्‌को रीत पुर्‍याई भर्ना गरीदीनु भंन्या कम्यादरी कीताप्‌षानाको नार्उमा र अैन सवाल् वमोजीम् पकायाको तलव कौसीतोसाषानावाट ल्याई षुवाई कांचलाउनु भंन्या च्यारीटेवल् सोसाईटि नावालष पाल्ने अडाका नार्उमा र सो वमोजीम् मैन्हा मैन्हामा अैन्सवाल्‌को रीत पुर्‍याई तलवदीनु भंन्या कौसीतोसाषानाका नाउमास्मेत् चाहीने वेहोराको सनदगरी दीनु भनि यो तोक सदर गरीवस्ये ठीक पर्ने ठहराञ्यू जो मर्जी हुकुं भनी च्यारीतेवल् सोसाईटिवाट वोलेकोमा यस्मा नावालष जनना १२ मर्दना १२ स्मेत् २४ र सुसारे ६ ज्मा जवान् ३० लाई रोजको २ छाक भात पकाई षुवाउनालाई व्राह्मराा जनाना १ मर्दना १ स्मेत् भांसे २ टहलुवा २ वाट मुस्कील् साथ कामचली आयेकोमा हाल् ७६ साल् भाद्र २३ गतेका सनदले नावालष २४ सुसारे ६ स्मेत् ३० र सावीक्‌को जवान् ३० ज्मा जवान् ६० सम्म भर्ना हुने भै तेस्मा जवान् ५८ सम्म भर्ना भैसकेकाले सावीकको भांसे टहलुवा वाट भ्यार्उन नसकेको हुदा भांसे २ के १४४ र तहलुवा २ के ९६ ज्मारु २४०। सो जवान् ४ थप पार्उभनि नावालष पाल्ने अडाले जाहेर गरेमा आजसम्म भर्ना भैरहेकै भांन्से टहलुवावाट कां चलीआयाको देषीनाले भने थप पाउदैन भंनु पर्ने जस्तो देषिंछ तरजनाना मर्दना छुट्टाछुट्टै भयेको जनाना नछुने भयो वा मर्दनाको पनि भवीतवेले कृया मलामी वीवाह व्रतवंध ईत्यादी परी भातपकार्उन नसकेमा अर्को भान्से नभयेकोले तेस्तो परेमा नावालष सुसारेस्मेत्‌ले भाटै षान नपाउने र टहलुवाका हक्मा पनि लेषीया वमोजीम् सावीक् भंदा दोवर मानिस् रहने सनदभै जवान् ५८ भर्ना भैसकेकोले सावीक्‌को २ जना तहलुवावाट सवै काम् चलार्उन नसकी काम् अडकाउ हुन जाने संभव परेकोले मागेवमोजींको भान्से टहलुवास्मेत् थप दीने ठीक पर्ने भंन्ये सोसाईतिको तोक् भयाको र तेस्तो धर्म सदावर्तको काम्‌मा चाहीने मानिस् भर्ना नराषी काम अडकार्उ गरीराषनु पनि मुनासी व नपरेको हुनालेस्मेत् जाहेर गरेका छौ सो नावालष पाल्नेतर्फलाई सावीक् भांन्से टहलुवासह्र जनाना १ मर्दना १ स्मेत् व्राह्मरिा र व्राह्मरास्मेत् भान्से २ के द्र

*वर्ष १को मोरु ७२। ले मोरु १४४ टहलुवा २के द्र ४८। लेरु ९६। स्मेत् ज्मा जवान् ४ चारके मोरु २४०। दुईसये चालीस् रुपैञा थप वक्सेकोछ सो जवान्हरु अैनसवाल् वमोजीम् गरी भर्ना गरी सो जवान् कोकीताप् दर्ता गर्नालाई कीताप्षाना दर्ताफाट्मा(का?) नार्उमा र त(ल?)व षुवाउनालाई कौसीतोसाषानाका नार्उमास्मेत् चाहीने वेहोराको सनद गरीदीनेस्मेत् ठहराई च्यारीटेवल् सोसाईटि ले वोलेको मुनासीवै ठहराञ्यूं जो मर्जीहुकुं भनि मुलुकी अदारपोट् दोश्राफाट.वाट वोलेकोमा ७७ साल् आश्वीं २६ गते २मा ष(ड्ग?)निसानावाट सदर भैआयाको हुनाले सवालभंदा वढी थप तपसील्मा लेषीयाका भान्से जनाना १ मर्दना १ स्मेत् ज्मा २ केंद्र वर्ष १ को जवान् १ के मोरु ७२। ले रु १४४। र टहलुवा २ को द्र वर्ष १ को जवान् १ केरु ४८। ले रु ९६। स्मेत् ज्मा भान्से टहलुवा जवान् ४ के मोरु २४०। दुईसये चालीस् रुपैञा थप वक्सेको हुनाले सो वमोजीं कीताप दर्ता गरीदीनु भंन्या कम्यांडरी कीतापषानाका नार्उमा सनद भै गयाको हुनाले सोवमोजीम् मैन्हा मैन्हामा तलव अघी तेसअडालाई भयाका सनद सवाल्का रीत पुऱ्याई दीनु भंन्या कौसीतोसाषानाका नार्उमा सनद गरीवक्सनुपर्ने ठहराञ्यू भनि च्यारीतेवल् सोसाईटि नावालष पाल्ने अडाका मेनेजर कारींडाहरुले हाम्रा हजुरमा वींतीपार्दा जाहेर भयो तसर्थ सो ठहराया वमोजीम् हामी वाट पनि सदरगरीवक्स्येको छ सो वमोजींम् गर्ने काम गर.............................................*

## *तपसील्*

*सवाल् भंदावढी थपवक्सेको भांसे टहलुवा जवान् ४ के मोरु दुईसये चालीस रुपैञा* २४०।

*भांसे २ के द्र जवान् १ के मैन्हा १ को मोरु ६। ले जवान् २ के वर्ष १ कोरु* १४४।

*जनानातर्फ व्राह्मरिा जवान् १ के*

*मर्दनातर्फ व्राह्मरा जवान् १ के*

*टहलुवा ज्वान् २ के द्र जवान् १ के मैन्हा १ कोरु ४। ले जवान् २ के वर्ष १ को मोरु* ९६।

*ईतीसम्वत् १९७७ साल् चैत्र ३० गते रोज् २ श्रुम्भ्....................................................................*

**साभार –** ***डा. भवेश्वर पंगेनी, "च्यारिटेवल सोसाइटी नावालख पाल्ने अड्डाः लोक कल्याणको एउटा नमूना", प्राचीन नेपाल, संख्या–१७५, मङ्सिर २०६७, पृ. १९–२९ ।***

ooo

// लेख //

# रुरुक्षेत्र माहात्म्य र विकासको गति

✍ **कृष्णबहादुर कुँवर**
**रेसुङ्गा नगरपालिका-३, बेहोरे, गुल्मी**

पावन भूमि 'रुरुक्षेत्र' गुल्मी जिल्ला र पाल्पा जिल्ला तथा स्याङ्जा जिल्लाको बीचमा काली गण्डकी नदी र रिडी खोलाको सङ्गममा पर्दछ । यो रुरुक्षेत्र प्राचीनकालदेखि नै महत्त्वपूर्ण धार्मिक स्थानको रूपमा रहेको छ । यस क्षेत्रको वर्णन विभिन्न धार्मिक ग्रन्थहरूमा उल्लेख छ । ठूली एकादशी र माघे सङ्क्रान्तिमा काली गण्डकीमा स्नान गरी हृषीकेश दर्शन गर्ने परम्परा छ । रिडीमा हरेक वर्ष माघे सङ्क्रान्तिमा मेला महोत्सव लाग्छ । सङ्क्रान्तिको दिनलाई जेठी सङ्क्रान्ति, दोस्रो दिनलाई माइली सङ्क्रान्ति र तेस्रो दिनलाई कान्छी सङ्क्रान्ति भनिन्छ । पहिलेपहिले, सडक नखुल्दै र टेलिभिजन जस्ता मनोरञ्जनका साधनहरू नआउँदै रिडीमा टाढाटाढाबाट तीर्थयात्रुहरूको घुइँचो लाग्थ्यो । घरेलु शिल्पकला डाली, सुपा, काठका ठेका, काम्ला, राडीपाखी, ओखर, जडिबुटी आदि बिक्री गर्न रुकुम, रोल्पा, डोल्पा, जुम्लाबाट व्यापारीहरू आएर महिनादिनसम्म पनि बस्ने गर्थे । रात्रि पहरको रमाइलोको लागि भजनका अतिरिक्त 'सालैजो' समेतका झाम्रे (झ्याउरे), कालीपारे नाँचगान हुने गर्थे । प्रविधि र समयको परिवर्तनसँगै साँस्कृतिक प्रचलनमा पनि कमी हुँदै आएको छ ।

## रुरुकन्या र हृषीकेश मन्दिर

नेपालमा पर्ने हिन्दूहरूका चार धामहरू (पशुपतिक्षेत्र, मुक्तिक्षेत्र, रुरुक्षेत्र र वराहक्षेत्र) मध्ये रुरु धाम एक हो । पुराणहरूमा रुरुमृगद्वारा पालन गरिएकी भन्ने र जनश्रुतिमा दूध खुवाएको भन्ने पाइन्छ । स्थानीय जनबोलीमा काली गण्डकीलाई 'गण्डकी', 'काली' भन्ने चलन थियो । प्राचीन वाङ्मय सागरमा डुबुल्की लगाएरै व्यापकताभित्र सूक्ष्म–गवेषणा गर्ने हो, गर्दै जाने हो भने प्रत्येक जिल्लाका अलग अलग भाग गरी "मेचीदेखि महाकाली" भन्ने किताबको आकारका ७५ वटा ठेली बन्नेछन् । (डा.टीकाराम पन्थी, केही जनश्रुतिहरू, किरण पुस्तकालय, गुल्मी २०४२)

नेपालको गुल्मी, पर्वत, र स्याङजा जिल्लाको त्रिवेणीमा काली गण्डकी नदीतिरमा संसारको सबभन्दा ठूलो शालिग्राम शिला रहेको छ । (The largest Shaligrama shila is situated on the banks of the Kaligandkai riverr at Setibeni situated at the junctions of Parbat, Gulmi and Syanja districts in Nepal . - Wikipedia 2021) उल्लेख हुनुले विश्वभर मान्यता पाएको छ ।

शालिग्राम शिलाहरू गण्डकी नदीका बगरमा पाइने भनेर अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूमा समेत लेखेको पाइन्छ । दामोदर हिमालदेखि दक्षिणमा धौलागिरि हिमाल पर्छ र यही बीचमा मुक्तिनाथ धाम रहेको छ । वराह पुराणमा वर्णित पुलह ऋषिको आश्रमदेखि दक्षिणमा रुरुक्षेत्र छ । " (Shalagrama shilas are obtained from the area of Nepal known as Shalagrama kshetra which lies on the basin of the Kaligandaki river between Damodara kunda situated south of the mountain peak named Damodara Himal near Dhaulagiri (which can approached after trekking for a few days from Muktinath) in Mustang district in the north to Ruru Kshetra (referred to as the hermitage of Sage Pulaha in Varaha Purana) in the south . - Wikipedia, the free encyclopedia, 2021)

शिव पुराण, श्रीमद्देवीभागवत पुराण (अध्याय ८), ब्रह्मवैवर्त पुराण, वराह पुराण, स्कन्द पुराण, पद्म पुराण आदिमा शालिग्रामको महत्त्व उल्लेख छ । शालिग्राम रहेको स्थान नेपाल भएको बारेमा अनेकौं अध्ययन, अनुसन्धान र कृतिहरू प्रकाशन भएका छन् । भौगोलिक, भौगर्भिक, धार्मिक, पौराणिक, साँस्कृतिक आदि कारणबाट शालिग्राम पाइने स्थान नेपालको काली गण्डकी नदी क्षेत्र नै हो र शालिग्रामको नाम गाउँपालिका वा नगरपालिकाको नाममा समावेश हुनुपर्दछ ।

कैलास, मानसरोवर, दामोदरकुण्ड, धवलागिरि, निलगिरि, अन्नपूर्ण हिमालहरू, भृगतुङ्ग, पुलह, देवव्रत ऋषिहरू, मुक्तिनाथ तथा हृषीकेश जस्ता स्वयं प्रकट भगवान्का मूर्तिहरू उत्पन्न भएको; रुरुक्षेत्र, देवघाट, त्रिवेणीधाम आदिका साथै संसारमा अन्यत्र कहीं कतै नपाइने विष्णुस्वरूप शालिग्राम यहाँ मात्र पाइने धार्मिक–पर्यटकीय दृष्टिकोणले समेत महत्त्वपूर्ण रहेको छ । यसै प्रसङ्गमा वराहपुराणको अध्याय - १४४, १४५ र १४६ मा शालिग्राम र गण्डकीबारेमा विस्तृत चर्चा गरिएको छ :-

***अध्याय - १४६***

देवदत्तोऽपि स मुनिः संप्राप्य ज्ञानमुत्तमम् ।
शिवोपदिष्टमार्गेण सायुज्यं परमं गतः ॥ ६० ॥
प्रम्लोचापि मुनेर्गर्भ सम्प्राप्याश्रममन्तिकात् ।
प्रसूतां कन्यकां त्यक्त्वा स्वर्गमेव जगाम ह ॥ ६१ ॥
पुनर्जातमिवात्मानं मन्यमाना शुचिस्मिता ।
सापि कन्या मृगैस्तत्र रुरुभिर्वर्द्धिता सती ॥ ६२ ॥
रुरुरित्येव विख्याता पितुरेवाश्रमे स्थिता ।
युवभिः प्रार्थ्यमानापि चित्ते कञ्चन् नाध्यगात् ॥ ६३ ॥
सन्निरूद्धेन्द्रियग्रामा नाचक्षत बहिःस्थितम् ।
तदा हृषीकाण्याविश्य संहृत्य स्वं हृदो बहिः ॥ ७१ ॥
स्थितोऽहं वसुधे देवि अक्ष्णोः प्रत्यक्षतां गतः ।

ह्षीकाणि नियम्याहं यतः प्रत्यक्षतां गतः ॥ ७२ ॥
ह्षीकेश इति ख्यातो नाम्ना तत्रैव संस्थितः ।
सा मां यदैव नापश्यदुन्मील्य नयने ततः ॥ ७३ ॥
तामहं देवि सुभगे प्रोवोचं पुनरेव हि ।
तीर्थानां परमं तीर्थ तव देहोभवत्वयम् ॥ ८२ ॥
एतत्ते कथितं देवि रुरुमाहात्म्यमुत्तमम् ।
रुरुक्षेत्रस्य प्रभवमेतद्गुह्यं परं मम ॥ ८७ ॥

पुराणमा बताइएअनुसार पृथ्वीले भनिन् –प्रभो ! हजुरले जो शालग्राम–क्षेत्रको धेरै अद्भुत माहात्म्यको वर्णन गर्नुभयो, त्यो श्रवण गरेपछि मेरो चिन्ता शान्त भयो । अब म यो जान्न चाहन्छु कि 'रुरु'–खण्डको प्रसिद्धि कसरी भयो र त्यो उत्तम क्षेत्र हजुरको शुभ आश्रम कसरी बन्यो ? जगन्नाथ ! हजुर मलाई यो बताउने कृपा गर्नुहोस् ।

भगवान् वराह भन्नुहुन्छ – देवि ! यस विषयमा एक प्राचीन इतिहास प्रसिद्ध छ, हिमालय पर्वतको रमणीय स्थलमा देवताहरू निवास गर्छन् । धेरै पहिले जगत्को हित–सम्पादनको विचारले भगवान् विष्णु त्यहीं तपस्या गर्न लागे । केही समयपछि उनको श्रीविग्रहबाट एक अत्यन्त दिव्य तेज प्रकट भयो, जसबाट चर र अचर–सम्पूर्ण संसार जल्न लाग्यो र विष्णुको गण्डस्थल (गाला) पसीनाले भिज्यो र त्यहींबाट दिव्य नदी गङ्गा प्रवाहित भइन् । यो अद्भुत घटनाले जनमहलोक प्रभृति सबै आश्चर्यमा परे र गङ्गाको प्रादुर्भावस्थल पत्ता लगाउन गए, तर पत्ता लाग्न सकेन । अन्तमा ब्रह्मासहित सबै देवता भगवान् शङ्करकहाँ पुगे र उनलाई प्रणाम गरेर एकातिर उभिएर उनीसँग गङ्गाको उद्गमको स्थान सोधे । यसमा भगवान् शङ्कर केही क्षण ध्यानस्थ भएर भने – 'तपाईंहरूलाई यसको उत्पत्तिस्थल देखाउँछु ।' यति भनेर उमादेवी, आफ्नो गण तथा देवताहरूसहित अर्कोतिर प्रस्थित भए, जहाँ भगवान् विष्णु तपस्यामा स्थित थिए । त्यहाँ पुगेर उनले भने – 'भगवन् ! हजुर सर्वसमर्थ हुनुहुन्छ । पूरा जगत् हजुरबाट बनेको हो । हजुरको मनमा के अभिलाषा उत्पन्न भयो र आफै तप गर्न लाग्नु भयो?हजुर सबैको अधिष्ठाता हुनुहुन्छ । अनि हजुरको लागि कुन दुर्लभ पदार्थ छ, जसको लागि हजुर यो कठोर तप गरिहनुभएको छ?

यसमा जगत्प्रभु विष्णुले उनलाई प्रणाम गर्दै उत्तर दिनुभयो – 'म संसारको हितकामनाले तप गर्नको लागि उद्यत भएको हुँ । हजुरको दर्शन गर्नको लागि पनि मनमा ठूलो उत्सुकता थियो । जगत्प्रभो ! यस समयमा हजुरको दर्शन पाएर मेरो मनोरथ सफल भयो ।'

भगवान् शङ्करले भन्नुभयो – भगवन् ! यो मुक्तिक्षेत्र हो । यसको दर्शन गर्दा नै मनुष्य मुक्ति पाउने अधिकारी हुन जान्छ, किनकि यहाँ हजुरको गण्डस्थल (गाला)–बाट प्रकट भएकी 'गण्डकी' नदी नदीहरूमाश्रेष्ठ हुनेछिन्, जसको गर्भमा (नदीभित्र) हजुर सुशोभित हुनुहुनेछ, यसमा कुनै संशय छैन । हजुर जगत्को स्वामी हुनुहुन्छ ! जब हजुरको यहाँ निवास होला, केशव ! हजुरको सम्पर्कलेम शिव, ब्रह्मा, समस्त देवता, ऋषि, यज्ञ एवं तीर्थ – प्रायः सबै यस गण्डकी नदीमा सदा निवास गर्नेछौं । प्रभो ! जो मनुष्य पूरा कार्तिक मासमा यहाँ स्नान गर्ला, उसका सम्पूर्ण पाप नष्ट हुनेछन् र त्यो निश्चय नै मुक्तिको भागी हुनेछ । यो तीर्थहरूमा परम तीर्थ तथा मङ्गलहरूमा परम मङ्गल छ । यहाँ स्नान गरेमा मानव गङ्गास्नानको फलको भागी हुनेछ । यसको स्मरण गर्ने, देख्ने तथा स्पर्श गर्ने गरेमा मनुष्य पापबाट छुट्न सक्छ । यसको समता गर्ने अर्को कुनै नदी छैन । केवल गङ्गा यसभन्दा श्रेष्ठ हो । यहाँबाट केही पर पुलस्त्य मुनि र पुलह मुनि आश्रम बनाएर सृष्टिको विधान सम्पन्न हुनको लागि महान् तपस्या गरिरहेका थिए । त्यस महान् पवित्र नदीको सङ्गमको नाम त्रिवेणी रहन गयो, जो देवताहरूको लागि पनि दुर्लभ हो । (अध्याय १४५)

भगवान् वराह भन्नुहुन्छ – देवि ! पहिले भृगुवंशमा देवदत्त नामका एक वेद–वेदाङ्गपारगामी विद्वान् ब्राह्मण रहन्थे । उनी आफ्नो पवित्र आश्रममा बसेर दस हजार वर्षसम्म कठोर तपस्या गरिरहे । यसबाट इन्द्रको मनमा महान् चिन्ता उत्पन्न भयो । अतः उनले कामदेव, वसन्त–ऋतु तथा गन्धर्वहरूसँग प्रलोम्चा नामकी अप्सरालाई बोलाएर उनको तपस्यामा विघ्न पार्न पठाए रती अप्सरा यिनीहरूलाई लिएर मुनिवर देवदत्तको आश्रममा आइन् । त्यहाँ अनेक प्रकारका लताहरू र वृक्ष पहिलेदेखि नै उनको आश्रमको शोभा बढाइरहेका थिए तथा कोकिलहरूका समूह मधुर गुञ्जन गरिरहेका थिए । आँपका मञ्जरीहरू, भँवराहरूको गुञ्जन, गन्धर्वहरूको सङ्गीत, शीतल–मन्द–सुगन्धित वायु, एक–भन्दा–एक रागोद्दीपक थिए । अत्यन्त स्वच्छ सुगन्धित र मधुर जलले सरोवर भरिएको थियो, जसमा कमलहरू फुलिरहेका थिए ।

यसै समयमा उस परम सुन्दरी अप्सराले अत्यन्त मधुर सङ्गीतको तान छेडिन् । उता कामदेवले पनि आफ्नो पुण्यमय धनुष खिँचे र त्यसमा बाणहरूको संधान गरेर शान्त चित्तका मुनिवर देवदत्तलाई आफ्नो लक्ष्य बनाए । रम्य आलापबाट सम्पन्न त्यस सुमधुर सङ्गीत सुनेर ती उत्तम व्रती मुनिवर देवदत्तको चित्त विक्षुब्ध भयो । अब उनी यता–उताहेर्दै आश्रममा घुम्न लागे । यसै बीच सुन्दर अङ्गहरूको शोभा पाएकी ती प्रलोम्चा पनि देखा परिन् । त्यस समयमा उनी भकुण्डो उफारिरहेकी थिइन् । उनको दृष्टि पर्दैमा मुनिवर देवदत्त कामदेवको

बाणले घाइते भए । त्यसै समयमा प्रलोम्चाको अङ्गहरूमा मलय वायुको झोंका लाग्यो, जसले गर्दा उनका वस्त्र पनि खस्किए । अब मुनि आफूलाई सँभाल्न सकेनन् । उनले तिनीलाई सोधे – 'सुभगे ! तिमी को हौ र यस उपवनमा कसरी आयौ? अन्तमा उनका सम्मतिले उनीसँग रहेर उनले आफ्नो तपको प्रभावले अनेक मनोहर भोगहरू गरे । सुख–भोगमा आसक्त भएर दिन–रात पनि सुत्दैनथे । यस प्रकार धेरै दिन व्यतीत भए । एक दिनको कुरा हो, उनको विवेक जाग्रत् भयो र ती अज्ञानरूपी नींदबाट सहसा जागे । तिनले भन्न लागे – "अहो ! भगवान् श्रीहरिको माया कस्तो प्रबल छ, जसको प्रभावले म पनि मोहको खाडलमा डुब्न गएँ । यो जान्दाजान्दै पनि कि यसबाट मेरो तपस्या नष्ट हुन जान्छ, प्रबल दैवको अधीन भएको कारण मैले यो कुत्सित कार्य गरें । 'सुभाषित'को नामले यो प्रवाद प्रसिद्ध छ कि नारी अग्निको कुण्ड–समान र पुरुष घिउको घडा–समान, तर मेरो विचारमा त यो मूर्खहरूको प्रवादमात्र हो । विचारको दृष्टिले हेऱ्यो भने वस्तुतः यसमा ठूलो अन्तर छ । किनकि घिउको घडा त आगोमा राखेपछि पग्लिन्छ, हेर्दैमा त पग्लिदैन । तर पुरुष त स्त्रीलाई देखेरै पग्लिन्छ । तथापि यी स्त्रीको यहाँ कुनै अपराध छैन, किनकि म स्वयं आफ्नो इन्द्रियहरूमा विजय प्राप्त गर्न असमर्थ थिएँ ।"

यस प्रकार पश्चात्ताप गर्दै उनले प्रम्लोचालाई त्यहाँबाट बिदा गरे । अनि ती सोच्न लागे – 'यो स्थानमा यो विघ्न भयो, अतः म अब यो आश्रम परित्याग गरेर कहीं अन्यत्र जान्छु र त्यहाँ तीव्र तपस्याको आश्रय लिएर यो शरीरलाई सुकाउँछु । यस प्रकार निश्चय गरेर ती भृगुमुनिको आश्रममा गए र त्यहाँ गण्डकी नदीको सङ्गममा स्नान गरेर देवताहरू र पितृहरूलाई उनले तर्पण दिएर भगवान् विष्णु तथा शिवको राम्रोसँग पूजा गरे । अनि ती भगवान् शङ्करको दर्शनको अभिलाषाले गण्डकीको तटमा स्थित भृगुतुङ्ग (श्रीनन्दलाल दे आदि अनुसार यो गण्डकीको पूर्वोत्तर तटमा नेपालका 'मुक्तिनाथ' पर्वत नै हो । 'महाभारत' १ । ७५ ५७, २१६ । २, ३ । ९४ । ५०, ८५ । ९१–९२, ९० । २३, १३ । २५ । १८–१९ मा पनि यस भृगुतुङ्गको उल्लेख छ । टीकाकार पं. नीलकण्ठका अनुसार यो 'तुङ्गनाथ' हो । (Geog Dic . of Anc . & Med India, p . 34) मा कठोर तपस्या गर्न लागे ।

यस प्रकार धेरै दिन बितेपछि भगवान् शङ्कर ती मुनिमा सन्तुष्ट भए । उनको लिङ्गरूपमा सहसा माथि र तलबाट जलको तेर्छा धाराहरू निक्लन लागे । अनि तिनीले भने – 'मुने ! यता मलाई हेर, म शिव हुँ । तिमीले जान्नुपऱ्यो कि विष्णु पनि म नै हुँ । हामी दुबैमा तत्वतः कुनै भेद छैन । यसभन्दा पहिलेको तपमा तिम्रो ममा र विष्णुमा भेद–दृष्टि थियो, अतः तिमीलाई विघ्नको सामना गर्न पऱ्यो र तिम्रो महान् तपस्या क्षीण हुन गयो । अब तिमी हामी दुबैलाई समान

भावले नै हेर । यसबाट तिमीलाई फेरि शीघ्र नै सिद्धि सुलभ हुन जानेछ । जहाँ तिमीले तपस्या गरेका हौ र अनेकौं शिवलिङ्गहरूको प्राकट्य भएको हो, यो स्थान 'सङ्गम'–नामले प्रसिद्ध हुनेछ । यस गण्डकी–तीर्थमा स्नान गरेर जो यहाँ मेरा यी लिङ्गहरूको पूजा गर्ला, उसलाई सम्यक् प्रकारले योगको उत्तम फल प्राप्त हुनेछ, यसमा कुनै संदेह छैन । 'मुनिलाई वर दिएर भगवान् शङ्कर त्यहीँ अन्तर्धान भए र उनले भगवान्ले बताएको मार्ग अनुसरण गर्न लागे र परम सायुज्य–पदलाई प्राप्त गरे ।

यता मुनिको सम्पर्कबाट प्रलोम्चा पनि गर्भवती भएकी थिइन् । आश्रम नगिचै उनले एक कन्या उत्पन्न गरिन् र तिनलाई त्यहीं छोडेर स्वर्गलोकमा फर्किइन् । उनीबाट उत्पन्न भएकी कन्या पनि 'रुरु' नामक मृगद्वारा पालित भएर बिस्तारै बढदै गइन् । उनको नाम पनि (स्वल्पान्तरले यो कथा श्रीमद्भागवत ४ । ३० । १३ तथा 'विष्णुपुराण'को प्रथम अंशको १५ औं अध्यायमा पनि छ । )भयो । तिनी आफ्नो पिता देवदत्तको आश्रममा नै बस्थिन् । अनेक युवक उनलाई आफ्नो पत्नी बनाउन चाहन्थे, किन्तु उनले कसैको कुरा मानिनन् र भगवान् विष्णुको प्रसन्नताको लागि तपस्या गर्न लागिन् । ती कठोर तप गर्दै केवल सुकेका पात खाएर र पछि पात पनि खान छोडेर वायुको आहारमा रहँदै भगवान् श्रीहरिको आराधनामा तत्पर भइरहिन् । यस प्रकार सय वर्षसम्म द्वन्द्वहरू सहँदै निश्चलभावले भगवद्ध्यानमा समाधिस्थ भएर स्थाणु (ठूँटो)–समान निश्चल भएर रहिन् । अब उनको शरीरको दिव्य प्रकाशले सारा संसार व्याप्त हुन गयो ।

अब म उनको सामुन्ने प्रत्यक्ष भएँ । नियन्त्रित इन्द्रियहरू भएकी यी कन्याको सामुन्ने स्वयं म नियन्त्रित रूपले प्रकट भएँ, अतः त्यसबेलादेखि म 'हृषीकेश' नामले यहाँ स्थित भएँ । अनि मैले उनीसँगभनें –'बाले ! तिम्रो यस उत्तम तपस्याबाट म पूर्ण संतुष्ट छु । तिम्रो मनमा कुनै कुरा छ भने मसँग वररूपमा माग । अन्य कुनै व्यक्तिहरूको लागि जो अत्यन्त दुर्लभ छ,त्यस्तो अदेय वर पनि म तिमीलाई यस समयमा दिन तत्पर छु ।'

तब 'रुरु' नामकी ती दिव्य कन्याले म श्रीहरिलाई बारम्बार प्रणाम–स्तुति गरिन् र भनिन् – 'जगत्पते ! हजुर यदि मलाई वरदान दिन चाहनुहुन्छ भने देवाधिदेव ! हजुर यसै रूपमा यहाँ विराजमान हुने कृपा गर्नुहोस् ।' त्यसपछि मैले उनलाई भनें – 'बाले ! तिम्रो कल्याण होस् । म त यहीं छु, अब तिमी मसँग कुनै अन्य वर पनि माग । ' यसमा उनले मलाई प्रणाम गरेर भनिन् – 'देवेश ! हजुर यदि ममा प्रसन्न हुनुहुन्छ भने हजुरले यस्तो कृपा गर्नेहोस् कि यो क्षेत्र मेरै नामले प्रसिद्ध होस् –यस अतिरिक्त मेरो अन्य कुनै अभिलाषा छैन । ' तब मैले भनें – 'देवि ! तथास्तु, यस्तै हुनेछ । तिम्रो यो शरीर सर्वोत्तम तीर्थ हुनेछ र यो समस्त क्षेत्र पनि तम्रै नामले विख्यात हुनेछ । साथै जो मनुष्य यस

तीर्थमा तीन रातसम्म निवास एवं स्नान गर्ला, त्यो मेरो दर्शनले पवित्र हुन जानेछ – यसमा कुनै संशय छैन । उसका जानेर वा अनजानमा गरेका सबै पाप नष्ट हुनेछन् । ' देवि ! यस प्रकार 'रुरु'लाई वर दिएर म त्यहीं अन्तर्धान भएँ र त्यो स्थान पनि समयानुसार पवित्र तीर्थ बन्न गयो । (अध्याय १४६)

***पद्म पुराण – पातालखण्ड अध्याय २०***

गण्डकीयं नदी राजन्सुरासुरनिषेविता ।
पुण्योदकपरीवाहहतपातकसञ्चया ॥ १२ ॥
अस्या भवा ये चाश्मानश्चक्रचिन्हैरलङ्कृताः ।
ते साक्षाद्भगवन्तो हि स्वस्वरूपधराः पराः ॥ १६ ॥

गण्डकी अर्थात् नारायणी नदीको एक प्रदेशमा शालग्रामस्थल नामको एक महत्त्वपूर्ण स्थान छ, त्यहाँबाट निक्लने पत्थरलाई शालग्राम भनिन्छ । (पेज ५६३, सं.पं.पु.२० पाताल खण्ड)

क्षत्रियो वाऽथ वैश्यो वा शूद्रो वा सुरसुते ।
भक्तिं कुर्वन् विशेषण मुक्तिं याति नसंशय ॥ (१२६/१९)

ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्र गृहस्थले पनि शालग्रामको पूजा गरेर मोक्ष प्राप्त गर्न सक्छन् । हिन्दू धर्मावलम्बीहरूले घरघरमा समेत दैनिक पूजा गर्ने परम्परा रहिआएको छ । त्यसैले काली गण्डकी नदी आसपासका नेपालका अनेकौं स्थानहरू 'शालग्राम वा शालिग्राम' नामका हुन सक्छन् ।

## रुरुक्षेत्रका केही गतिविधिहरू

### मानव कल्याण वृद्धाश्रम

मानवजीवनमा जन्मेपछि बुढो हुनुपर्छ र एक दिन मानव चोला त्याग्नु पर्छ भन्ने यथार्थतालाई आत्मसात गरी मानव कल्याण वृद्धाश्रम सस्थाले गरेको यो एउटा प्रारम्भिक प्रयास हो । २०५८ सालमा गुल्मी जिल्लाका समाजसेवीहरू मिली सदरमुकाम तम्घासमा गैरसरकारी संस्थाको रूपमा संस्थापक–अध्यक्ष स्व. टेक बहादुर कुँवरको अगुवाइमा यो मानव कल्याण वृद्धाश्रम सस्था नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, तम्घास, गुल्मीमा दर्ता भई सञ्चालनमा रहेको छ ।

### पुरानो भवन जीर्णोद्धार तथा सञ्चालन

यो मानव कल्याण वृद्धाश्रम गुल्मी जिल्लाको रुरुक्षेत्र गाउँपालिका–१, रिडी बजारमा अवस्थित छ । यस संस्थाले रिडी रुरु पवित्र धाममा स्थानीय दाता (श्रद्धेय वरिष्ठ समाजसेवी श्री पशुपतिप्रसाद अमात्य) बाट प्राप्त पुरानो भवनलाई

तत्कालीन जिल्ला विकास समिति गुल्मी र अन्य व्यक्तिगत सहयोगबाट जीर्णोद्धार गरी वृद्धाश्रम (करिब १५ जना क्षमता) सञ्चालन गरेको छ । यस भवनको माथिल्लो तला र सो जोडिएको भागलाई व्यवस्थापन गरी २ वटा कीर्तन तथा सत्सङ्ग कक्षहरू (करीब २०० जना क्षमता)तयार गरी माघे सङ्क्रान्ति लगायतका विभिन्न पावन अवसरहरूमा कीर्तन तथा सत्सङ्ग हुने गरेको छ । त्यस्तै यस भवनमा आवश्यकताअनुसार तीर्थालु भक्तजनहरूलाई रात्रीवासको व्यवस्था पनि गरिएको छ । रिडी तीर्थ स्थलमा कल्पवासको लागि वृद्धाश्रममा आश्रय लिने कुरा धार्मिक तथा आध्यात्मिक दृष्टिकोणबाट समेत महत्त्वपूर्ण हुन सक्छ ।

## ज्येष्ठ नागरिकलाई समुदायमै घुलमिल गराउन दिवा सत्संग कार्यक्रम

ज्येष्ठ नागरिकलाई दिवा सत्सङ्गको लागि पुरानो भवनको ठीक अगाडि स्थानीय दाताहरू (श्री प्रकाशलाल श्रेष्ठ र श्री महेशलाल श्रेष्ठ)बाट प्राप्त जग्गामा जनसहयोगका साथै नेपाल सरकारबाट समेत प्राप्त रकमबाट एक भवन निर्माण गरिएको छ । वृद्ध अवस्था भएपछि सबैले जेसुकै कारणबाट घर छोडेर वृद्धाश्रममा बस्न सम्भव छैन । घरपरिवारमा रहेको अवस्थामा पनि सानो कुरामा समेत मनोमालिन्य हुने, उमेरले गर्दा काम पनि गर्न नसकिने, अपहेलित महसुस गर्ने, बदलिँदो समयको बाध्यता र जटिलतालाई बुझ्न नसकेको र बुझाउन नसकेको अवस्था पनि छ । आफ्नो उमेरका दौंतरीहरूसंग समय बिताउँदा आपसमा नै समस्याको समाधान खोज्न, औषधी उपचार सरसल्लाह गर्न र सहिष्णुतासहित रमाइलो र आत्मसम्मानसहित परिवारमा रमाउन ज्येष्ठ नागरिकहरूका लागि दिँउसोको भेटघाट उपयोगी हुने पाइएको छ ।

## रुरु उपत्यका धार्मिक तथा पर्यटन विकास गुरु योजनाको संक्षिप्त अवधारणापत्र

काली गण्डकीको मिर्मीमा निर्मित जलविद्युत् परियोजनाले काली गण्डकी जस्तो पवित्र गङ्गाको जल प्रवाहलाई रोकेको र गिट्टीबालुवाको ठेक्काद्वारा गरेको दोहनले पवित्र शालिग्राम समेतको क्षति भई खण्डहर बन्न लागेको विकास–पीडित (victim of development) रुरुक्षेत्रलाई भारतको हरिद्वारमा रूपान्तरण गर्ने महत्त्वाकांक्षा र सोँच अनुसार २०६८ मा यस पंक्तिकारले वृद्धाश्रमको तर्फबाट रुरु उपत्यका धार्मिक तथा पर्यटन विकास गुरु योजनाको संक्षिप्त अवधारणापत्र (Ruru Valley Religious and Tourism Development Concept Note) तयार गरी नेपाल सरकारका विभिन्न निकायहरूमा प्रस्तुत गरको थियो । सबैको सत्प्रयासबाट क्रमशः नेपाल सरकार, प्राज्ञवर्ग र नीति–निर्माताहरूको ध्यान आकर्षित भई केही निर्माणका कामहरू हुन थाले ।

## रुरुक्षेत्र नदी कटान नियन्त्रण तथा मठमन्दिर, पाटीपौवा, धर्मशालाको जीर्णोद्धार

नेपाल सरकारको पन्ध्रौं योजना (२०७६/७७ –२०८०/८१) मा रुरु धार्मिक तथा पर्याटकीय क्षेत्र व्यवस्थापन आयोजना समावेश भई निर्माण कार्य भइरहेको छ । आ.व. २०७७/७८ देखि २०८५/८६ सम्ममा सालबसाली रकम निकासा हुने क्रमागत कूल बजेट रू. १३७ करोड विनियोजन भएको सो आयोजनाका मुख्य कार्यहरू (क) मौजुदा मठमन्दिर, पाटीपौवा, धर्मशालाको जीर्णोद्धार, (ख) रुरु धार्मिक क्षेत्रका नदी किनारमा कटान नियन्त्रण, र (ग) पर्यटकका लागि आवश्यक पूर्वाधार निर्माण पर्दछन् । यस आयोजनाले पावन रुरुक्षेत्रमा दुई किसिमका (१) एकातिर – ऋचा वाचन गरिरहेका वटुकहरू, धार्मिक कार्यक्रमहरू भएको शाकाहारी वातावरण, र (२) अर्कोतिर – धार्मिक पर्यटनका मनोरञ्जनात्मक वातावरणसहितका प्राथमिकताहरूको छनौट तथा पारदर्शी ढङ्गले बजेट उपयोग हुनको लागि स्थानीय पालिकाहरू चनाखो र समन्वय हुन जरूरी भएको विषय वृद्धाश्रमद्वारा मिति २०७८ । ०१ । ०५ मा रुरुक्षेत्र गाउँपालिका, गुल्मी लगायतलाई अनुरोध गरिएको थियो ।

## तीनखम्बे झोलुंगे पुल

यसै बीचमा गुल्मी, पाल्पा र स्याङ्जा जोडने तीन खम्बे झोलुंगे पुल निर्माण भएकोले यात्रुहरूलाई सुविधाका साथै धार्मिक पर्यटनलाई टेवा पुगेको छ ।

## धार्मिक बस्तीमा दिगो विकास पद्धतिको माग

पौराणिक तीर्थस्थल रुरुक्षेत्र गाउँपालिका वडा नं. १ मा मानव कल्याण वृद्धाश्रममा जाने तीनसय वर्षभन्दा बढी पुरानो कलात्मक ढुङ्गे–सिढी भत्काई ठाडो भिरालो हुने गरी वृद्धाश्रमअगाडिको भित्री सडक निर्माण गरी वृद्धवृद्धाहरू अस्पताल, मन्दिर, गङ्गास्नान जान नसक्ने स्थिति बनिरहेकै अवस्थामा सुधार गर्न शहरी विकास कार्यालय, तानसेनलाई अनुरोध गरिएको थियो । तर कुनै सुधार भएन । यो जनताको कुरा नसुन्ने ज्येष्ठ नागरिक–अमैत्री जडसूत्रवादी तथाकथित विकासको नमूना हो ।

धार्मिक तथा ऐतिहासिक स्थलहरूको संरचना भत्काउने, नास्ने, पुर्ने कार्य दण्डनीय भएकोले संघीय, प्रादेशिक तथा स्थानीय तीनै तहका सरकारहरूबाट हुने निर्माण कार्यको आचार संहिता तथा नीतिमा मापदण्ड समावेश गर्न मिति २०७९ । ०३ । २२ मा श्री नेपाल सरकार शहरी विकास मन्त्रालय, काठमाडौंमा अनुरोध गरिएको थियो ।

## तत्कालीन "५ नं. प्रदेशको विकास सम्भाव्यता तथा नीति प्राथमिकता सम्बन्धी कार्यपत्र प्रस्तुत

यस पंक्तिकारलाई जिम्मेवारी दिएअनुसार मिति २०७४।१२।११ मा नेपालगञ्जमा त्यतिबेला नवनिर्वाचत मुख्यमन्त्रीज्यू, तथा सांसदज्यूहरूको उपस्थितिमा भएको कार्याशालामा एकल कार्यपत्र तत्कालीन "५ नं. प्रदेशको विकास सम्भाव्यता तथा नीति प्राथमिकता सम्बन्धी कार्यपत्र (Working Paper on Development Potential and Policy Priorityof Province 5) प्रस्तुत गरिएको थियो । सो कार्यपत्रमा गुल्मी, पाल्पा, अर्घाखाँचीलगायतका पहाडी जिल्लाहरूमा तुलनात्मक लाभ हुने बेमौसमी ताजा तरकारी, अदुवालगायतका मसलाबालीहरू उत्पादन गरी भारत निकासी गर्ने, पाल्पाली घरबुना, उँघोखोलाको राडीपाखी, थोर्गा र दिगामको गुण प्रवर्द्धनलगायतका विकासका प्राथमिकता उल्लेख गरिएको थियो ।

गुल्मीसहित ३ जिल्लाको सङ्गम–त्रिवेणीमा संसारको सबभन्दा ठूलो शालिग्राम शिला रहेको तर नेपालमा 'शालिग्राम' नामका तत्कालीन गाउँ पञ्चायत/गाउँ विकास समिति गणतन्त्रपछि 'पालिका' नामकरण हुँदा छुटाएकोले यो पंक्तिकारले काली गण्डकी गाउँपालिकालाई "काली गण्डकी–शालिग्राम गाउँपालिका" मा रूपान्तरण गर्न मिति २०७८ । ०६ । ०१ मा प्रस्ताव उपलब्ध गराएको छ ।

## पाल्पा कुसेनी (हृषीकेश मन्दिर पाखामा) गोशाला

रुरुक्षेत्रमा बेवारिसी गाईगोरुहरू छाडा भई दुःख पाइरहेकोमा स्थानीय समाजसेवीहरूको सक्रियतामा पाल्पा कुसेनी (हृषीकेश मन्दिर पाखामा) गोशाला सञ्चालनमा आएकोले गोरक्षा हुन पुगेको छ । गोशालाका गाईहरू गुल्मी तथा पाल्पाका वनमा चर्न जाँदा खरघाँस क्षति हुने कारण देखाई चरन गर्न नदिएको गुनासो रहेको छ । सृष्टिकालदेखि गाईवस्तुहरू वनमा चर्न जाने, गौचरन र नूनथलासमेतको व्यवस्था रहने सनातन धर्मको विशिष्टता हो । तर हाल गौचरनलाई नै थुनछेक गरी वनमा गाईलाईनै चर्न नदिने सामुदायिक वन समूहहरू र वन कार्यालयहरूको व्यवहार, सरकारी नीति सार्वजनिक हित विपरीत रहेकोले तत्कालै सरकारले नीति परिमार्जन गर्नुपर्ने देखिएको छ ।

## काली गण्डकी रुद्रवेणी संगममा शालिग्राम संग्रहालयसम्बन्धी प्रस्ताव

पावन काली गण्डकी नदी र रुद्रावती नदी (बडीघाट)को सङ्गममा रहेका शालिग्राम शिला समीपमा रहेको तपस्थल क्षेत्रको संरक्षण गरी आउँदो पुस्तालाई सनातन धर्मको जगेर्ना र जलवायु परिवर्तनको प्रभावलाई अनुकूलन हुने शालिग्राम शिला संग्रहालय तथा जलक्रीडा तीर्थस्थल कायम गरी आध्यात्मिक तथा दिगो विकास गर्नको लागि यस पंक्तिकारद्वारा संक्षिप्त अवधारणापत्रको

प्राथमिक खाका तयार गरी २०७९ माघमा रुद्रवेणी शिवालयका महन्तज्यू तथा स्थानीय समाजसेवी बलराम अधिकारीलाई उपलब्ध गराइएको छ ।

## गुल्मी र पाल्पाबीचको ठूलो बजार रेरीघाट (रिडी?)

काली गण्डकी नदीमा कुनै पुलपुलेसा नभएको बेला वारिपारि गर्न काठका डुँगाहरू प्रयोग हुने गरेका थिए । फ्यांकिस् ह्यामिल्टनले सन् १८०३ तिर नेपालको भ्रमणको सिलसिलामा तत्कालीन पाल्पा र गुल्मीको बीचमा पर्ने रिडी बजारको समेत उल्लेख गरेका छन् । गुल्मी र पाल्पाबीचको ठूलो बजार भनेको रेरीघाट (रिडी?) लाई पाल्पातिर हिसाब गरिएको छ, यो गुल्मीका राजासंग सम्बद्ध छ । (A part of the great mart, called Rerighat, mentioned in the account of Palpa, belonged to the chief of Gulmi . Fancis Buchanan Hamilton, An Account of The Kingdom of Nepal,1819) अर्को ठाउँमा छ –रिडीघाटमा हिउँदमा तीन चार महिनासम्म मेला लाग्थ्यो र सबैजसो पहाडी क्षेत्रका धेरै व्यापारीहरू यहाँ मेलामा आउँथे । During the cold season there is at Rerighat a fair , mela, which lasts for three or four months, and is frequented by a great number of traders from all parts of the mountains . )

## विकासबाट पीडित रिडी (Ridi -Victim of Development)

काली गण्डकी नदीको मुहान दामोदर कुण्ड र मुक्तिनाथ क्षेत्रबाट बग्दै आएका शालिग्रामहरू रुरुक्षेत्र (काली गण्डकी नदी र रिडी खोलाको सङ्गममा) मा फेला पर्थे । आजभोलि अव्यवस्थित रूपमा डोजर लगाई बालुवा गिट्टी निकाल्ने गरेबाट नदीको बगर कुरूप बनेको छ र अमूल्य पवित्र शालिग्राम दुर्लभ हुन लागेका छन् ।

काली गण्डकी विद्युत् परियोजनाले पर्यावरणीय र धार्मिक पक्षलाई समेत ध्यानमा राखी भारतको गङ्गानदीको तटमा रहेको हरिद्वार जस्तो संरचना बनाउनु पर्नेमा त्यसको ठीक उल्टो प्राकृत रूपमा रिडीमा बगेर आउने काली गण्डकी नदीको बहाव रोकी मिर्मीबाट सुरूङद्वारा भित्रभित्रै पानी लगेको कारणबाट हिउँदमा रिडीमा बढीगाड खोलाको मात्र पानी बग्ने गरेको छ । पवित्र शालिग्रामयुक्त नदी सङ्गम बालुवागिट्टी खानीको रूपमा बीभत्स र विकृत बनेकोले रुरुक्षेत्र विकासबाट पीडित भएको छ । हालका वर्षहरूमा केही कामहरू हुन थालेका छन् । तर आध्यात्मिक, वातावरणीय र परम्परागत कुराहरूप्रति अझै पनि विकास र जनता खासगरी चेतनशील वर्गमै असंवेदनशीलता पाइन्छ । उदाहरणको लागि पौराणिक महत्त्वको हृषीकेश मन्दिरको हातामा हालै जिर्णोद्धार गरिएको धर्मशाला र अन्य घरहरूले भगवान् हृषीकेशको मूल मन्दिर त के गजुरसम्म कतैबाट देख्न

नसकिने गरी ओझेलमा (संघीय सरकारबाट भएको धर्मशालाको कस्तो आर्किटेक्ट डिजाइन विज्ञता होला !) पारिएको छ ।

विकासबाट प्रभावित परिवारहरू नयाँ गरीबमा रूपान्तरित भएका छन् । जबकि यसै प्रकारको योजना भारतको हरिद्वारमा पनि छ र त्यहाँ विकास, पर्यावरण, धार्मिक स्थल र स्थानीय जनजीवनको सामाजिक तथा आर्थिक पक्षको समन्वय गरी परियोजना संचालन गरिएकोले विकास प्रारूपले सकारात्मक योगदान पुऱ्याएको छ । यस दिशामा नेपालमा हाल निर्माणाधीन विद्युत् परियोजनाहरू पनि चुकेका छन् र नियम पुऱ्याउन मात्र गरिएका तथाकथित वातावरणीय तथा सामाजिक अध्ययनहरूले हरिद्वार जलविकास प्रारूपलाई पछ्याउन सकेका छैनन् । (नेपालमा गरीबी र ग्रामीण विकास, कृष्णबहादुर कुँवर, २०५६)

वातावरणीय र पौराणिक महत्त्वको स्थानलाई तहसनहस पारिएको विषयलाई संसार प्रसिद्ध द बिट्रिश लाइब्रेरी, लण्डनमा पनि रहेको "द हिमालयन पुभर्टी" पुस्तकमा पनि उल्लेख गरिएको छ । For instance, the Kali Gandaki Hydel Project (144MW) in Nepal blocked the river and diverted through an underground canal leaving a local holy place, Ridi (ancient name Ruru as written in bedas and purans of Hindu) without water of the holy river. Finding no river water for taking bath and felt humiliated, the local people residing for religious purpose are moving from Ridi towards uncertain future. The local rural mountain area market, Ridi is also affected increasing the number of poor. It is surprising to note that on the one hand the local people could not get any direct benefits from the project in construction phase as being far from the construction site and on the other they blame the project not being able to replicate the method of construction and socio-cultural aspect as developed in Haridwar, famous hill pilgrimage area in India. Every one could notice the project-friendly environment in Haridwar and project-unfriendly feelings in Ridi, Nepal. — Dr. Tika Ram Panthi, Kantipur; July 19, 2003. (The Himalayan Poverty, 2002)

## रुरुक्षेत्रको शालिग्राम संरक्षण, काली गण्डकी नदीको जलप्रवाहसम्बन्धमा

नेपाल सरकार राष्ट्रिय योजना आयोगको यो पंक्तिकार संलग्न रहेको ग्रामीण सडक निर्माणमा भारी उपकरणको प्रयोगबाट उत्पन्न विपद्सम्बन्धी अध्ययन २०७८ (Study on Heavy Equipment Induced Disaster in Rural Road

Construction) मा तालिका १९ मा विद्यमान विकास नीति परिमार्जनसहितको कार्ययोजनामा निम्न अनुसार उल्लेख भएको दिगो विकास (sustainable development) सम्बन्धित दफाहरू यहाँ उल्लेख गर्नु सान्दर्भिक हुनेछ ।

३.८. धार्मिक तपोभूमियुक्त पौराणिक तथा पुरातात्त्विक स्थानको चुचुरोमा व्यापारिक प्रयोजनको लागि निर्मित फलामे टावरले आध्यात्मिक तपमा अवरोध पुऱ्याएकोले त्यस्ता फलामे टावरहरू अन्यत्र स्थानान्तरण गर्ने र स्थान उपयोग गरेको हालसम्मको भाडा स्थानीय संरक्षण निकायलाई बुझाउने । यस किसिमका धार्मिक वनभित्र उद्देश्य विपरीत मदिराजन्य पदार्थसमेत उपभोग गर्ने गरी वातावरणीय स्वीकृतिसमेत नलिई सञ्चालन गरिएका होटेल व्यवसायलाई सात्विक धर्मशालामा परिणत गर्ने । सम्बन्धित निकाय – भौतिक विकास तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, सूचना प्रविधि तथा सञ्चार मन्त्रालय, प्रादेशिक भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय पालिका । कार्यान्वयन अवधि – ६ महिना ।

३.९. पुराणहरूमा वर्णित काली गण्डकीको पवित्रता र शालिग्रामको महत्त्वलाई उपेक्षा गरी काली गण्डकीको अमृतजललाई विदेश निर्यातको लक्ष्यले डाइभर्सन गरी संस्कृति, पौराणिक तथा परम्परामा आघात नगर्ने । सम्बन्धित निकाय – राष्ट्रिय योजना आयोग, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिञ्चाइ मन्त्रालय, स्थानीय पालिका ।

रुरुक्षेत्रमा अनेकौं मठमन्दिर, धर्मशाला, पाटीपौवा, बगैंचा, घाट, गङ्गा–आरती स्थल आदि छन् । प्रख्यात हृषीकेश मन्दिर, सत्येश्वर महादेव, त्रिमूर्ति महादेव, कृष्ण मन्दिर, राम मन्दिर, कालिका मन्दिर, भगवती मन्दिर, गणेश भैरव, रुरुकन्या मन्दिर, सुगन्ध विहार, मणिमुकुन्दसेन शिवालय, लक्ष्मीनारायण मन्दिर, विष्णु मन्दिर, गोपेश्वर, भृगुतुङ्गेश्वर, हनुमान थान आदि मन्दिरहरू छन् । रुरुक्षेत्रमा रुरु अद्वैत संस्था, ब्रह्मचर्य गायत्री गुरुकुल, महर्षि फाउन्डेसन, फ्रेन्डस् क्लब रिडी आदि संस्थाहरू कार्यरत छन् । त्यस्तै महत्त्वपूर्ण निकायहरूमा रुरुक्षेत्र गाउँपालिका १ नं. वडा कार्यालय, इलाका हुलाक, इलाका प्रहरी कार्यालय, रुरु प्राथमिक स्वास्थ्य केन्द्र, रिडी आयुर्वेद औषधालय, रुरु सँस्कृत विद्यापीठ, रिडी बहुमुखी क्याम्पस, रिडी उद्योग वाणिज्य संघ आदि प्रमुख हुन् । अन्तमा, विशेष गरी गुल्मी, पाल्पा र स्याङ्जा जिल्लामा मूल थातथलो भएका वुद्धिजीवीवर्ग, व्यवसायीहरू र जनसाधारण तथा संघीय, प्रादेशिक र स्थानीय पालिकाहरूको चासो र मायाले रुरुक्षेत्रको दिगो विकास हुने कुरामा आशावादी हुने ठाउँ छ ।

## सन्दर्भ–सूची


- Wikipedia, the free encyclopedia, 2021
- शिव पुराण, श्रीमद्‌देवीभागवत पुराण, ब्रह्मवैवर्त पुराण, वराह पुराण, स्कन्द पुराण, पद्म पुराण समेत । (Retrived from www)
- डा. टीकाराम पन्थी, केही जनश्रुतिहरू, किरण पुस्तकालय, गुल्मी २०४२
- कृष्णबहादुर कुँवर, गुल्मी ६ राज्यमा हाम्रा बाआँबै, मानव कल्याण वृद्धाश्रम, गुल्मी, २०७८
- कृष्णबहादुर कुँवर, पवित्र रमणीय रेसुङ्गा, मानव कल्याण वृद्धाश्रम, गुल्मी, २०७६
- कृष्णबहादुर कुँवर,नेपालमा गरीबी र ग्रामीण विकास, मीना प्रकाशन, काठमाडौं, २०५६
- Krishna Bahadur Kunwar, The Himalayan Poverty, Meena Prakashan, Kathmandu, 2002
- ग्रामीण सडक निर्माणमा भारी उपकरणको प्रयोगबाट उत्पन्न विपद्‌सम्बन्धी अध्ययन २०७८ (Study on Heavy Equipment Induced Disaster in Rural Road Construction), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, काठमाडौं । (www . npc . gov . np/other major reports)


## केही फोटाहरू

(१) रुरु उपत्यका धार्मिक तथा पर्यटन विकास गुरु योजनाको संक्षिप्त अवधारणापत्र २०६८ को बेला प्रस्तुत तीनखम्बे झोलुंगे पुलको प्रस्तावित स्केच नक्सा ।



(२) २०७८ सालमा निर्मित गुल्मी, पाल्पा र स्याङ्जा जोडिएका तीनखम्बे झोलुंगे पुल (तस्वीरहरू : कृष्णबहादुर कुँवर)



(३) मानव कल्याण वृद्धाश्रमको दिवा सेवा भवन, रिडी



(४) तीर्थालुहरू गङ्गा स्नान गर्न जाने तीनसय वर्ष पुरानो कलात्मक सिँढी



(५) शालिग्राम शिलाहरू – हृषीकेश मन्दिर, रिडी र शिवालय मन्दिर, रुद्रवेणी






(६) नेपालको पर्वत, गुल्मी र स्याङ्जा जिल्लाको सङ्गम सेतीबेनीमा संसारको सबभन्दा ठूलो शालिग्राम शिला





(७) काठमाडौं–रेसुंगा विमानबाट रुरुक्षेत्रको दृश्यावलोकन



ooo

# म मेरै रुरुमा झरी

✍ **प्रा.डा. रामप्रसाद ज्ञवाली**
**काठमाडौं**

कक्षा पाँच पढूँ भन्दै म झरें रुरुमा जब
अँगालो रुरुले हाल्यो बाबाले झैं सगौरव
ढुङ्गामाटो बने साथी झारपात बने मित
रुरुले छर्कियो ज्ञान चेतनामा अहर्निश ।

म झर्थें गाउँको बाटो रुरुको मृत्तिका छुन
चाहन्थें अकलाबाट कलाकार-कला हुन
मजस्तो अकलालाई कला बनाउने गरी
रुरुले कविले जस्तै सुम्सुम्यायो कला छरी ।

म कोर्थें पातमा बुट्टा कलाको रागिनी लिई
सूर्यको तापमा तप्दै चन्द्रको चाँदनी पिई
आकाश हाँस्तथ्यो माथि गण्डकी नाँच्तथिन् तल
कल्पनाको थियो बत्ती चाहनाको थियो बल ।

कहिले घाममा सुक्थें तातो बगरमा झरी
कहिले जलमा डुब्थें छचल्किन्थें म बेसरी
गण्डकी भन्दथिन् बग्दै चेतना छर्नुपर्दछ
गति हो जिन्दगी भन्नु जिन्दगी बग्नुपर्दछ ।

म बग्थें उनका साथ हेलिन्थें जलधारमा
कतै म सारभैं बन्थें कतै बन्थें असार म
कालीको जलको नाद मेरो निनाद बन्दथ्यो
शिक्षाक्षेत्र कलक्षेत्र ज्ञान-संवाद भन्दथ्यो ।

आँखा बन्द गरी हेर्थें हजारौं दृश्य सुन्दर
कान बन्द गरी सुन्थें पचासौं मधुरा स्वर
नाक बन्द गरी सुँघ्थें मन्दमन्द सुगन्ध म
ओठ बन्द गरी बोल्थें गुन्गुनाएर छन्द म ।

कालीको बालुवाभित्र शालिग्राम म खोज्दथें
वासन्ती पालुवाभित्र रामनाम म खोप्दथें
आज छैन त्यहाँ मेरो शारीरिक उपस्थिति
फेरियो जिन्दगी मेरो फेरिनाले परिस्थिति ।

जहाँ जन्में जहाँ हुर्कें जहाँ खेलें जहाँ बढें
पवित्र भूमि टेकेर जिन्दगी यो जहाँ पढें
म बिर्सूं कसरी मेरी प्रणादाता वसुन्धरा ?
र बिर्सूं कसरी पाखापखेरा मलिला गरा ?

बिर्सेको छैन है मैले मेरो अतीतका जरा
मेरा मातापिता मेरा गुरु मेरी वसुन्धरा
अतीत बिर्सनै हुन्न जो बिर्सन्छ कृतघ्न हो
जति माथि पुगोस् मान्छे बस्ने ता पिंधमा न हो ।

मेरो अन्तरले भन्छ नबन् कृतघ्न हे कवि !
प्रकाश नछरी बन्न को सक्छ विश्वको रवि ?
नबली ज्ञानको ज्योति बन्न सक्दछ को गुरु ?
टेकेको धरती बिर्से अन्त्य हुन्छ त्यहीं सुरू !

अग्लियोस् जति नै माथि फैलियोस् जति नै पर
फलाम्मे जति नै होओस् होओस् न जति सुन्दर
जरा सुके भने सुक्छन् जराको साथमा तरु
म सानो तरुको पोथ्रो मेरो जरा त हो रुरु ।

गहिरा जति नै होऊन्, बगून् न जति नै पर
फैलेका जति नै होऊन्, होऊन् न जति उर्वर
सुके मुहान ता सुक्छन् झर्ना खोला नदीहरू
म सानो तुर्तुरे खोलो मेरो मुहान हो रुरु ।

कमाओस् जति नै नाम मनाओस् जति उत्सव
बनाओस् जति नै भव्य दरबार र वैभव
मर्नु नै पर्छ मान्छेले कोही छैन अजम्मरी
नमरी मर्न चाहन्छु म मेरै रुरुमा झरी ॥

ooo

// लेख //

# गण्डकीका कविता एवं काव्यहरूका सापेक्षतामा काली गण्डकी खण्डकाव्य एक परिशीलन

✍ **डा. लक्ष्मीकान्त पन्थी**
**रामहिटी, बौद्ध, काठमाडौं**

## १. गण्डकीक्षेत्र

नेपालको मध्यभाग हिमालयदेखि दक्षिणतर्फ धवलागिरि र लुम्बिनी अञ्चलको सीमा रेखाकै रूपमा प्रवहमाना शालग्रामगर्भा नदी काली गण्डकी हुन् । जसरी भागीरथी गङ्गालाई विष्णुपदी अर्थात् भगवान् विष्णुका पाउबाट उत्पन्न भएकी भन्ने पुराण प्रसिद्धि छ त्यसैगरी काली गण्डकीलाई धवलागिरि हिमालभन्दा उत्तरतिर अवस्थित मुक्तिनाथ तीर्थभन्दा पनि उत्तरतिर रहेको दामोदर पर्वतमा बसेर तपस्या गदागर्दै भगवान् विष्णुका गण्डस्थल अर्थात् गालाबाट पसिनाका रूपले उत्पन्न भई दामोदर कुण्ड बनी त्यहींदेखि दक्षिणतिर बगेकी हुनाले र यिनको जल कृष्ण वर्णको देखिने हुँदा काली गण्डकी भन्ने नामले प्रसिद्ध छन् । यो कथा विशेषगरी वराह महापुराणमा र आंशिक रूपमा अन्य पुराणहरूमा पनि पाइन्छ । यिनले उत्तरी भागमा विशेषगरी धवलागिरि र गण्डकी अञ्चलको सीमा छुट्याएकी छन् भने दक्षिणी भागमा लुम्बिनी अञ्चल र नारायणी अञ्चलको सीमा छुट्याउने नारायणी नदी बनेर बग्दै त्रिवेणीसम्म पुगेकी छन् । त्यसपछि भारतमा यिनी गण्डक नामले प्रसिद्ध नदीका रूपमा प्रवाहित छन् । विहार राज्यको राजधानी पटना नपुग्दै हरिहरक्षेत्रमा यिनी भागीरथीमा मिसिन्छिन् र महानदीको रूप लिन्छिन् ।

यता नेपालका पूर्वोक्त चारै अञ्चलहरूलाई आफ्नो दाहिने र बायाँ तटवर्ती क्षेत्रका हिसाबले पवित्र बनाएकी छन् साथै नेपालकै गौरव बनेर प्रवाहशील छन् । यहाँ उल्लेख गरिएका धवलागिरि, गण्डकी, लुम्बिनी र नारायणी अञ्चलका सबै भूभागहरू गण्डकी भनौं नारायणी नदीका स्रोतक्षेत्रहरू हुनाले पवित्र भूभाग अथवा पुण्यक्षेत्र हुन् साथै धवलागिरि हिमालदेखि पूर्ववर्ती गोसाइँकुण्डसम्मका सबै क्षेत्रबाट काली गण्डकीलगायत सातै गण्डकीहरूको उत्पत्ति भएको छ । केवल विशेषण मात्र भिन्न छन् । जस्तो कि काली गण्डकी, सेती गण्डकी, मादी गण्डकी, दरौंदी गण्डकी, मर्स्याङ्दी गण्डकी, बूढी गण्डकी, त्रिशूली गण्डकी यिनै सप्त गण्डकी हुन् । विशेष गरी गोसाइँकुण्डबाटै त्रिशूली गण्डकीको उत्पत्ति भएको छ र यी सातै गण्डकीहरू देवघाटमा मिसिनुभन्दा अघि एउटै नारायणी

नदीका स्रोतका रूपमा रहेका छन् । त्यसैले यो सबै भूभागलाई 'गण्डकीक्षेत्र वा हरिहरक्षेत्र' भन्ने प्रचलन पनि रहेको छ । किनभने काली गण्डकीबाहेक अन्य छओटी गण्डकी शिवको त्रिशूलबाट उत्पन्न भएका अथवा कालीमा मिसिनुभन्दा पहिले नै त्रिशूलीका सहायक नदीका रूपमा प्रवाहशील छन्, प्रसिद्ध छन् र प्रत्यक्ष छन् । देवघाटमा त्रिशूलीलगायत छओटी गण्डकीहरू काली गण्डकीमा मिसिन पुग्छन् र नारायणी नदी बनेर प्रवाहित भएकी छन् ।

गण्डकी काव्य यस्ती पुण्यसलिला नारायणी नदीका स्रोतका रूपमा सप्तगण्डकीहरू रहेका छन् र देवघाटक्षेत्र पनि हरिहरक्षेत्रका रूपमा मानिएको छ । देवघाट त वास्तविक रूपमा देवाट हो । किनकि 'देवा अटन्ति यत्र स देवाटः' यस्तो हुनुपर्छ । अहिलेका मानिसहरूले तीर्थपर्यटन गरे जस्तै उहिले पनि देवताहरू यो समग्र हरिहरक्षेत्रमा पर्यटन गर्दथे । यो कुरा देवाटले हामीलाई संकेत गरिरहेको छ । यी गण्डकीहरूमध्ये 'कृष्णा गण्डकी त अन्य छओटी गण्डकीहरूकी दिदीका रूपमा रहेकी छन् । अरू छओटी बहिनीको स्थानमा रहेका छन् । किनकि कृष्णा गण्डकी दामोदर कुण्डदेखि उत्पन्न भएर मुक्तिक्षेत्र हुँदै प्रवाहित भएकी र उनको जलमय गर्भमा हरिहरादि देवताहरू शालग्राम शिला बनेर विहार गरेका हुनाले एवं अन्य बहिनीहरूभन्दा दाहिनेतिर प्रतिष्ठित भएकीले विशेष गरी यिनलाई र अरूलाई पनि विषय बनाएर गण्डकीको उत्पत्ति, गति, प्रवाहशीलता, महिमा, अथवा गौरवगान गर्दै यिनका तटवर्ती पवित्र तीर्थस्थल एवं देवस्थलहरूका विशेषताहरूलाई साहित्यमा प्रस्तुत गर्ने काम नेपालका स्वनामधन्य, प्रतिभाशाली विद्वान् कविहरूबाट भएको छ । यसरी गण्डकीको गौरव तथा गण्डकी तटक्षेत्रीय तीर्थस्थलहरूको गौरव बढाउने कविहरू एवं उहाँका काव्य कृतिहरू तथा गण्डकी, काली गण्डकी अथवा हृषीकेश स्तोत्र शालग्रामशिलामहिमा, हिमाद्रिमहिमा, देवघाटवैभव र हिमवद्देशकै विषयमा लेखिएका साना-ठूला फुटकर कविताहरू यस प्रकार छन् । जसले उक्त विषयलाई मुक्तकण्ठले प्रस्तुत गर्दछन् । ती हुन् -

१) काली गण्डकी (कविता) माधवप्रसाद घिमिरे (नेपालीमा)

२) काली गण्डकी (कविता) कृष्णप्रसाद ज्ञवाली (नेपालीमा)

३) गङ्गा (कविता) रामबाबु सुवेदी (नेपालीमा)

४) हृषीकेशाष्टकम् (कविता) पं. उमानाथ पन्थी - (संस्कृतमा )

५) शालग्राम शिलाष्टकम् (कविता) पं. भीमकान्त पन्थी (संस्कृतमा )

६) देवघट्टवैभवम् (काव्य) प्रा. खेमराज केशवशरण (संस्कृतमा)

७) धन्यो हिमवद्देशः (काव्य) प्रा. डा. विष्णुराज आत्रेय (संस्कृतमा )

८) गण्डकी गौरवम्, स्तवकाव्य पं. उमानाथ पन्थी (संस्कृतमा )

९) गण्डकी स्तोत्रम् (१) र गण्डकी स्तोत्रम् (२) पं. दधिराम मरासिनी

१०) हृषीकेशाष्टकम् पं. दधिराम मरासिनी (संस्कृतमा )
११) रुरुवृत्तम्, खण्डकाव्य पं. डा. टीकाराम पन्थी (संस्कृतमा)
१२) रुरुगौरव खण्डकाव्य पं. माधवप्रसाद देवकोटा (नेपालीमा)
१३) गण्डकीमहात्म्यम् - काशीरामसूरि विरचितम् (नेपाली भाषानुवादसहितम्) - संस्कृतमा,
१४) पन्नगा परिकथा, खण्डकाव्य पं. नीलाम्बर पन्थी - (नेपालीमा)
१५) प्राकृत पोखरा (खण्डकाव्य) पं. मुकुन्दशरण उपाध्याय (नेपालीमा)
१६) गोसाइँकुण्ड, खण्डकाव्य - श्री प्रह्लाद पोखरेल (नेपालीमा) छन्।
१७) काली गण्डकी, खण्डकाव्य पं. युवराज गौतम - (नेपालीमा)

## ३. संक्षिप्त विवरण

गण्डकीका विषयमा लेखिएका उक्त कृतिहरूमध्ये पहिले फुटकर कविताहरूको चर्चा गर्दछु ।

काली गण्डकी तथा अन्य गण्डकीहरूका विषयमा लेखिएका फुटकर कविताहरूको खोजी गर्दा सर्वप्रथम कवि माधवप्रसाद घिमिरेको 'काली गण्डकी' शीर्षक कविता फेला पर्दछ । यो २०२८ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट छापिएको 'आधुनिक नेपाली कविता' भन्ने पुस्तकको दुई सय बाइसौं र तेइसौं पृष्ठमा प्रकाशित छ । यस कवितामा मन्दाक्रान्ता छन्दमा लेखिएका ११ श्लोकहरू छन् । यी कविताहरूमा कवि घिमिरेले मुक्तिनाथक्षेत्रबाट बग्ने काली गण्डकीको जन्मस्थल पहिलो ज्योतिको दिव्यधाम हो भनेर बताएका छन् र काली गण्डकीले शालिग्रामशिला कुँदेर त्यहाँ रेखासमेत खिंचेकोमा आश्चर्य प्रकट गर्छन्। जस्तै :

**माछापुच्छ्रे गिरि शिखरको पारमा मुक्तिक्षेत्र**
**बल्छन् बत्ती झलमल जहाँ भुल्भुले मूलभित्र ॥**
**तिम्रो जन्मस्थल छ पहिलो ज्योतिको दिव्य धाम ।**
**काली गंगा ! भनन कसरी कुँद्दछ्यौ शालिग्राम ॥१॥**

आधुनिक नेपाली कविताको शिल्पविधानको प्रेरक मानिएको यस कवितामा कवि घिमिरे काली गण्डकीका तर्फबाट बोल्छन् :

**"फोरी अग्ला शिखर यसरी दूरसम्मन् घुमेथें**
**खस्रोमस्रो पनि सरसतासाथ मैले चुमेथें ।"**
**लेख्छ्यौ क्यारे यति भनि तिमी चिह्न के-के शिलामा**
**मैलाई नै प्रकट कसरी गर्नु मैले कलामा ॥४॥**

नेपाली साहित्यको कविता क्षेत्रमा थोरै लेखेर पनि धेरै प्रसिद्धि कमाएका, हालसम्म 'राष्ट्रकवि नै भनेर सरकारी मान्यतासमेत पाएका कवि माधव घिमिरेले यस कुराको पूर्व सूचना 'काली गण्डकी' कवितामा त्यसैबेला दिएका छन् । यसरी–

**"यो मट्टीमा अकुशल कलाकारको मूर्ति रुन्छ**
**हाँसी हिंड्छन् पथिक, अरूको दर्द को आज सुन्छ ।**
**मेरो शिल्पी यस शकलमा स्वस्थ आकार देऊ ।**
**यौटै सानो सरल कृतिमा पूर्ण संसार देऊ ।।६।।"**

यसरी काली गण्डकीले शालिग्राम शिला कुँदेर देखाए झैं आधुनिक नेपाली कविताको शिल्पविधानमा पनि 'काली गण्डकी' कविताले प्रेरणा दिएको देखिन्छ। साथै कवि घिमिरेले पनि काली गण्डकी सानो कृतिमा राम्रो कुरा लेख्ने प्रेरणा काली गण्डकीबाटै लिएको देखिन्छ । संक्षेपमा यस काली गण्डकी कविताको परिवेष मुक्तिनाथ क्षेत्र रहेको छ ।

यसपछि गुल्मी जिल्लाकै थोर्गा निवासी कवि कृष्णप्रसाद ज्ञवालीको 'काली गण्डकीको तीरमा' भन्ने कविता देखापर्छ । यो २०३४ सालमा साझा प्रकाशनबाट चूडामणि बन्धुको सम्पादनमा प्रकाशित 'साझा कविता' का २२३ देखि २२५ सम्मका पृष्ठहरूमा प्रकाशित छ ।

**हामी बसौं पर्वत भीर या वन गुराँस झैं पाउनु पर्छ फक्रन ।**
**हामी झरौं निर्झर झैं निरन्तर नदी सरी सङ्लनु पर्छ है तर ।।**

भन्ने मान्यता राख्ने कवि कृष्णप्रसाद ज्ञवालीद्वारा शार्दूलविक्रीडित छन्दमा लेखिएको यो कवितामा अति सुन्दर नौ श्लोकहरू छन् । कवि कृष्णप्रसाद ज्ञवाली २०१८ सालको वर्षा ऋतुमा काली गण्डकीले उग्ररूप लिई रिडी बजारको एक अंश बगाएर बगर बनाइदिएकी हुँदा आश्चर्यचकित हुँदै यो कविता लेख्नुहुन्छ । अनि रिडी बजारका प्राचीन वैभव, पौवा, पाटी, पाठशाला र बस्ने चौतारीहरू बगाइदिएकी भए पनि जीवनको अन्तिम घडीमा आफू पनि कालीकै किनारमा बास बस्न पाउँला कि भन्ने आशा व्यक्त गर्नुहुन्छ । जस्तै-

**"बग्छ्यौ सल्ल हिमालबाट हिउँको पानी समेटीकन**
**घुम्दै आउँदछ्यौ रमाइ रिडिमा के खोज्नलाई भन ?**
**सानै थें, जब लौ म त्यो बखतमा यै बालुवामा बसी**
**हेर्थें विस्मयसाथ भेल जलको ल्याएर नौलो खुशी ।।१।। —**

**आएँ लौ परदेशबाट घरमा बर्सौं बिताई जब**
**आजै ज्ञात भयो मलाई रिडिको हुत्याइछौ वैभव ।।२।।—**

**जोगी नित्य धुनी जगाइ तिरमा सानन्द बस्थे यतै**
**तिन्को सञ्चित त्यो खरानि र मुदा, चिम्टा लगीछौ कतै ।**
**छैनन् देखिन्न आज फेरि किन हो ? तिम्रो किनारामहाँ**
**चिल्ला पत्थर ती जहाँ म उहिल्यै बस्थें गए हुन् कहाँ ।।५।।**

**पल्टेछन् बहुतै उँचा घर जहाँ आराम गर्थे धनी**
**पौवा पाटि र ठाँटिको त अहिले अस्तित्व नै छैन नि !**
**भत्केछन् मठ ती कला उ जुगको साक्षी थियो मेटियो**
**साना ती टहरा त के गरि बचून् त्यो पाठशालै गयो ।।७।।**

यस किसिमले कवि कृष्णप्रसाद ज्ञवालीको यो कविता 'रिडी बजार'को प्राचीन वैभव साधु सन्त भक्तिनी बस्ने आश्रयस्थल काली गण्डकीले बगाइदिएकीमा दुःख मान्दै त्यही सम्झनामा लेखिएको छ । त्यसैले यो पनि काली गण्डकीको एकदेशीय वर्णनमा मात्र केन्द्रित देखिन्छ ।

काली गण्डकीका कविताको सन्दर्भमा हेर्दा सेती गण्डकीका कविता पनि देखिन्छन्। 'गङ्गा' भन्ने शीर्षक दिएर सेती गण्डकीका कविता लेख्ने कविहरूमा कवि रामबाबु सुवेदी प्रमुख छन्। 'गङ्गा' नामको कवि रामबाबु सुवेदीका ४० ओटा फुटकर कविताहरूको एक संग्रह २०४४ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित छ । सेती गण्डकीलाई वनिताकै रूपमा देख्ने कवि रामबाबुले सेतीलाई कौमार्यको डिलबाट हेर्छन् र यस्ती देख्छन् -

**"आकांक्षा दुलही बनेर दिलमै खोज्दैछ राम्रो वर**
**कैले लत्पत हुन्छ खै ? सिंदुरले मेरो हिमाली शिर ।**
**मेरो शान्त प्रशान्त सागर छिटै यै धर्तिमा भेट्छु म**
**धर्तीकै अनमोल विन्दु वनिता हुँ धर्तिमै लेट्छु म ।।**

यसो भन्दै 'पोखरा' पुग्ने कवि रामबाबुले कवितामा

**"माछापुच्छ्रे खुस किन नहोस् मुस्कुराई रहन्छ ।**
**'बग्छिन् सेती' कुलबुल जहाँ दूध मात्रै बहन्छ ।"** भनेका छन् ।

सेती गण्डकीलाई 'गङ्गा' भनेर सम्बोधन गर्ने कवि रामबाबुले उनलाई अति निकटवर्ती प्रियतमालाई जस्तै सम्बोधन गर्छन्, अनि भन्छन् -

**फोर्दै चुच्चे बगर सुकिला बालुवामा रुँदै जा**
**तेरै 'स्वाँहाँ' फगत नमिठा नाद हुत्याउँदै जा ।।**
**"फोर्दै अग्ला विकट चुचुरा फाँट सम्याउँदै जा**
**पुर्दै खाल्टा जगत रचना माधुरीमा फुँदै जा ।**

**यौटा सानो अबुभ्क खहरे मत्त भै आउँदै छ**
**कालो कैलो कलुषित कला साथमा ल्याउँदै छ ।**
**पाई तेरो सहृदयपना त्यो तँमै अल्पिदै छ**
**गङ्गा ज्योतिर्मय जगतको जिन्दगानी रहेछ ॥**

**तेरो जन्मस्थल हिमचुलीनेर नेपालभित्र**
**तेरो बालापन चुलबुले लेक कैलाशभित्र ।**
**तेरो सङ्लो हृदय रसिलो प्रात जस्तै पवित्र**
**पाएँ तेरै चपल जलमा जिन्दगानी विचित्र ॥**

यसरी मन्दाक्रान्ता छन्दमा सेतीको वर्णन गर्दै लेखिएका २१ श्लोकहरूमा कवि रामबाबुले आत्मप्रकाशन पनि गरेका छन् । उनी भन्छन् -

**'पाई तेरो रसमय सुधा लोककल्याणकारी**
**बन्ला मेरो जब जगत यो स्वर्गको फूलबारी ।**
**त्यै बारीका कुसुम तनमा लालुपाते हुनेछु ।**
**प्यूँदै तेरो सुमधुर सुधा स्वर्गमै ब्यूँभनेछु ॥**

त्यसैगरी सेती गङ्गाको किनारामा नागरिक सभ्यताको विकास भएको देखेर कवि भन्छन् -

**'मेरै गङ्गासँग सहरको सभ्यता बारबार**
**मेरै गङ्गासँग डगरका छन् रसीला किनार ।**
**त्यै बेलीमा पुलकित भए जिन्दगीका परेली ॥'**
**मेरै गङ्गासँग लहरिदै खेल्दथे नागवेली**

यस्तै सुमधुर कविता लेख्ने कविहरूमा अर्घाखाँची जिल्लाको खिदीम निवासी पं. दधिराम मरासिनी प्रमुख देखिनु हुन्छ । महेन्द्र संस्कृत विश्वविद्यालयको अष्टम प्रकाशन भनिएको २०५० सालमा छापिएको दधिराम मरासिनीद्वारा लिखित फुटकर कविताहरूको संग्रह 'स्तवमाला' नामक पुस्तकमा संकलित उहाँका गण्डकी स्तोत्रम् (१) गण्डकी स्तोत्रम् (२) र हृषीकेशाष्टकम्' नामका संस्कृतमा लेखिएका तीनवटा कविता देखिन्छन् । यिनमा पहिलो गण्डकी स्तोत्रम्' मा शार्दूल विक्रीडित छन्दमा लेखिएका १५ श्लोकहरू छन् भने दोस्रो गण्डकीस्तोत्रम्मा द्रुतविलम्बित छन्दमा १५ श्लोकहरू तथा शिखरिणी छन्दमा छ श्लोक अत्यन्त प्रौढ संस्कृत पदावलीमा रचना गरिएका छन् । यी दुबै कवितामा महत्त्वशालिनी, पुण्यसलिला, शालग्रामगर्भा काली गण्डकीको मुक्तकण्ठले स्तुति गरिएको छ । उदाहरणका लागि १।२ पद्य यहाँ उद्धरण गर्दछु -

**'तव जलाचमनाच्च मनागपि**
**व्रजति मुक्तिपदं यदि मानवः ।**
**व्रत तपःसु च यः कुरूते श्रमं**
**किमिह वेद स वेदविचारतः ॥**

**(गण्डकी स्तोत्र (१) श्लोक :४)**

**दिविचरोऽपि नरोऽपि खरोऽपि वा**
**वनचरो वृषभाऽपि हयोऽथवा ।**
**तव तटे यदि गच्छति पञ्चतां ।**
**भवति तत्क्षणमेव चतुर्भुजः ॥**

**(गण्डकी स्तोत्र (१/श्लोक ७)**

यी दुबै गण्डकी स्तोत्रमध्ये पहिलो कविताको अन्तिम १५ औं श्लोकमा शंखचक्र गदा पद्मधारी भगवान् विष्णुको शालग्राम शिलामयी पीताम्बरधारी सुन्दर मूर्ति हृषीकेश भगवान्लाई आफ्नो रुरुक्षेत्रको नजिकमा राखेकी गण्डकीलाई नमस्कार गरिएको छ भने पछिल्लो गण्डकी स्तोत्रको अन्तिम २१ औं श्लोकमा भने यहाँ सबैले छाडेर अकिञ्चन भएको यो दधिरामलाई हे माता गण्डकी हजुरले शरणमा लिनुहोस् भनी प्रार्थना गरिएको छ । यसरी -

**या शंखारिगदाब्जभूषितचतुर्बाहुर्घनश्यामला**
**शालग्रामशिलामयी मणिमयालङ्कारवृन्दाज्वला ।**
**मूर्तिः श्रीरमणस्य गण्डकि ! हृषीकेशाभिधाना रुरु**
**क्षेत्रे त्वन्निकटेऽस्ति पीतवसना तस्यै नमोऽहर्निशम् ॥**

**(गण्डकीस्तोत्रम् (१) १५)**

**त्यक्तं देवि ! सुरैरनर्चकतया विप्रैरदातृत्वतो**
**दारिद्रयात् स्वजनैर्बुधैः खलतया. स्त्रीभिः कुरूपत्वतः ।**
**संसारर्णवमग्नमाकुलधियं दीनं निरालम्बनं**
**निष्प्रज्ञं दधिराममेनमधुना मातस्त्वमङ्गीकुरू ॥**

**(गण्डकीस्तोत्रम् (२) २१)**

यसैगरी कवि दधिराम मरासिनीले रुरुक्षेत्रमा रहेका हृषीकेश भगवान्का स्तुति भएको हृषीकेशाष्टकम्' भन्ने कविता पनि रचना गर्नुभएको देखिन्छ । यस कवितामा शिखरिणी छन्दमा आठ श्लोकहरू छन् भने अन्तिम नवौं श्लोक मालिनी छन्दमा कविको आत्मनिवेदन छ । जसमा भगवान् हृषीकेशको एकमात्र भक्तिको चाहना गरिएको छ । जस्तैः-

**'रुरुक्षेत्रे चित्रे कृतवसतिमत्यन्तरुचिरे
स्वगण्डोत्पन्नायास्तटभुवि शुभे चक्रसरितः ।
चतुर्बाहुं चारूल्लसितमणिभूषाविलसितं
हृषीकेशं वन्दे नवघननिभं देवमनिशम् ।।४।।**

**नरकगति विभीतः स्तौमि नाहं मुरारे !
न पुनरमरनारी सङ्चारी बुभूषुः ।
इह किल सुखहेतौ भूरिवित्ते न चित्तं
तव चरणसरोजे भक्तिमिच्छामि नित्यम् ।।९।।**

यस्तै गण्डकीगौरवम् नामको स्तव काव्य छ । यस काव्यका लेखक पं. उमानाथ पन्थी हुनुहुन्छ । यो काव्य २००७ सालमा कविकी धर्मपत्नी हरिकला देवीद्वारा बनारसबाट प्रकाशित भयो र फेरि २०५४ सालमा महेन्द्र संस्कृत विश्व विद्यालयबाट १९ सौं पुष्पका रूपमा प्रकाशित भएको छ । यस काव्यमा लेखक कवि उमानाथ पन्थीको 'हृषीकेशाष्टकम्' संस्कृतमा लिखित कविता पनि गण्डकीकै गौरव 'हृषीकेश' भगवान्को स्तोत्र भनौं स्तुति प्रकाशित छ । यसलाई 'हृषीकेशाष्टकम्' भनिएको भए पनि उपसंहार श्लोकसमेत यसमा शिखरिणी छन्दमा आठ श्लोकमा स्तुति गरिएको र अन्तिम एक अनुष्टुप् छन्दमा आत्मनिवेदन प्रस्तुत छ । एक नमूना यस्तो छ -

**'हृषीकेशा ऽऽलोला सुरवर ! मदीयेन्द्रियगण
द्विरेफा दुर्वृत्ता विषयरसलुब्धा अविरतम् ।
कदा ताँस्त्वत्पादाम्बुजयुगमरन्देषु मिलितान्
विधाय त्वां ध्यायन् सफलजनिरत्रास्मि जगति ।।४।।**

त्यसैगरी काली गण्डकीका तीरमा बसेर स्नान, जप, पाठ गर्न र हृषीकेश भगवान्को भजनकीर्तन गर्न नपाएको समस्यालाई लिएर समस्यापूर्ति गरी चित्त बुझाउने कवि हुनुहुन्छ - पं भीमकान्त पन्थी । उहाँलाई परेको समस्या र त्यसको पूर्ति यस्तो छ-

**कदा श्रीगण्डक्यास्तटभुवि रुरुक्षेत्रवसतिः
करे मालां भाले कृतविमलपुण्ड्रो जपरतः ।
हृषीकेश ! श्रीश ! त्रिभुवनपते ! कल्मषहर !
प्रसीदेत्याक्रोशन् निमिषमिव नेष्यामि दिवसान् ।।**

**रुरुक्षेत्रे स्नात्वाऽमलपयसि कृष्णातटभुवि
दधानो रुद्राक्षान् प्रणवमनिशं नाम च जपन् ।**

**कदा कृष्ण ! श्रीशाऽच्युत !! भव ! हृषीकेश ! सुरप !**
**प्रसीदेत्याक्रोशन् निमिषमिव नेष्यामि दिवसान् ॥**

कवि भीमकान्त पन्थीको 'शालग्रामशिलाष्टकम्' नामक कवितामा काली गण्डकीमा पाइने शालग्रामशिलाको महत्त्व र भक्तिभाव प्रस्तुत छन् । स्रग्धरा छन्दको यस कविताका एक-दुई नमूना यस्ता छन् -

**ये मूढाः केवलं त्वां विदुरूपलतया ग्रावरुपास्त एव**
**नाऽहं जाने तदीयां गतिमथ तव ये पूजनं सञ्चरन्ति ।**
**तेषां वक्तुं फलं कः प्रभवति यदि वा शारदा वाप्यनन्तः**
**का वार्ताऽस्मादृशानां क्वचिदपि मशको मेरूमुत्थापयेत ॥३॥**

**शालग्राम ! त्वमेको न यदि भुवि भवेर्ग्रावरूपं विधाय**
**भक्ताः कं पूजयेरन् कलिकलुषहरं दर्शनं कस्य साक्षात् ।**
**मादृक्षाः प्राप्नुयुश्चाखिलजनसहितो धन्य एष प्रदेशो**
**धन्या वै भारतीयाऽवनिरपि निखिला त्वत्कृपालेशमात्रात् ॥६॥**

२०५७ सालमा प्रकाशित 'विविधपद्यावलिः' मा उहाँका यी कविताहरू संकलित छन् ।

यस सन्दर्भमा 'देवघट्टवैभवम्' नामको अर्को कविता पनि गण्डकीक्षेत्र देवघाटको वैभव वर्णनमा केन्द्रित छ । २०६१ सालमा प्रकाशित 'प्रकीर्णभाव कुसुमाञ्जलिः' नामको संस्कृत कविता-संग्रहमा संकलित आचार्य खेमराज केशवशरणद्वारा स्रग्धरा छन्दमा लिखित यस कवितामा अत्यन्त प्रौढ शैलीमा ५२ श्लोकहरू छन्। यस कविताका केही नमूना यस्ता छन् -

**'एका गोस्वामिकुण्डाद् वहति भगवतः शङ्करस्य त्रिशूला-**
**दन्या श्रीमुक्तिनारायणचरणतलाद् दृश्यते स्यन्दमाना ।**
**इत्थं नघोस्तयोर्यः प्रकृतिसुघटितः सङ्गमोऽसौ प्रसिद्धो**
**देवानामप्यमीष्टोऽभवदिति सकलैः कथ्यते देवघट्टः ॥१॥**

**मार्गे मार्गे यतीनां प्रथित सुयशसामाश्रमाः ख्यातरूपाः**
**कोणे कोणे च यज्ञस्थलगतिविधयो भान्ति धूमैर्नभोगैः ।**
**स्थाने स्थाने श्रुतीनां श्रवण सुखकराः कर्णमायान्ति मन्त्राः**
**सोऽसावादि प्रयागः क्षितितलतिलको राजते देवघट्टः॥७॥**

**यज्ञान् सम्पादयन्तः सरसहरिकथावाचनं कारयन्तः**
**पानीयं दापयन्तः पथिकजनकृते भोजयन्तश्व साधून् ।**

इत्थं सत्कर्मलग्नाः पथि पथि सूजना दृष्टिमायान्ति यत्र
सोऽसौ सद्भावपूर्णो विलसति सुकृतोद्दीपको देवघट्टः ।।१३।।

वेदे वेदाङ्ग शास्त्रे सुविततविषये दर्शनेऽनेकभेदे
काव्ये कोषे च नित्यं प्रचलति पठनं यत्र नानाश्रमेषु ।
दक्षैर्गीवाणवाण्यां प्रखरमतियुतैः स्नातकैः सञ्चरद्भिः
सन्दीप्ता यस्य लक्ष्मीः स जयति विदुषामाश्रयो देवघट्टः ।।१७।।

यसरी देवघाट क्षेत्रको वैभव वर्णन गर्दागर्दै कवि खेमराज केशवशरण कविताको अन्तिमतिर तीर्थराज देवघाटमा प्रवहमाना काली गण्डकीमा स्नान गर्दै बस्ने इच्छाले यस्तो प्रार्थना गर्नुहुन्छ -

त्वसान्निध्ये निवासो हरिपदकमले निश्छलानन्यभक्तिः
कृष्णातोयेऽवगाहः कलिकलुषहरा सङ्गतिः सज्जनानाम् ।
एतत् सर्वं प्रदातुं प्रभवसि नितरां तीर्थराजो यतस्त्वम्
न स्याद् विच्छिन्नमेतत् क्वचिदिति विनतः प्रार्थये देवघट्ट ।।४२।।

प्रारब्धं मेऽवशिष्टं घटयति भुवने जन्मलाभं पुनश्चेत्
सेवा सर्वस्वभूता भवतु मम सदा पुण्यनेपालभूमेः ।
भक्तिः सन्दीप्तरूपा विलसतु विमला कृष्णपादारविन्दे
त्वत्सम्पर्को न चस्यान्मम दुरधिगमः कर्हिचिद् देवघट्ट ।।४३।।

नैयून्यं यन्ममास्मिन् जनुषि समभवद् भक्तियोगप्रकर्षे
ऽन्यस्मिन् जन्मन्यशेषं तव शुभकृपया सर्वतः पूर्तिमेतु ।
संबद्धत्वं प्रपञ्चे समजनि यदिदं भाग्ययोगाद् भवेऽस्मिन्
अस्तं तत्सर्वमीयादिति नतशिरसाऽभ्यर्थये देवघट्ट ! ।।४४।।

यस्तै अर्को एउटा संस्कृत खण्डकाव्य छ- हिमाद्रिमहिमा । २०६१ सालमा प्रकाशित यस खण्डकाव्यमा इन्द्रवज्रा - उपेन्द्रवज्रामिश्रित उपजाति छन्दमा भारविशैलीमा लेखिएका २२० श्लोकहरू छन् । यस काव्यका लेखक हुनुहुन्छ - कवि गोपाल वैद्य किञ्जल्क । यो काव्यले पूरै नेपालका र उत्तरराञ्चल भारतका समेत हिमशृङ्खलाहरूको वर्णन गरेको भए पनि यसमा विशेष रूपमा गण्डकी क्षेत्रकै हिमालहरू वर्णित छन् । गोसाइँकुण्डदेखि लिएर धौलागिरिसम्मका हिमशृङ्खला वर्णनका केही अंश यस्ता छन् । जुन हिमशृङ्खलाहरू गण्डकीका शिरोभाग हुन् ।

**असौ महाकाशविकासचुम्बी हिमालयो भव्यवपुर्विशालः ।**
**नेपालराष्ट्रोज्वलकीर्तिकेतुरादर्श आलोकमयो वरेण्यः ॥१॥**

**विराजते मुक्तिदमुक्तिनाथो दामोदरो यत्र ह्रदः पवित्रः ।**
**गोसाइँतीर्थं विशदं सरश्च रारा- तिरी - रिग्ममनोऽभिरामम् ॥६३॥**

यस काव्यको अन्तिम श्लोकमा छन्द परिवर्तन गरिएको छ–

**स जयति धवलिमधामा शौर्यौदार्यधौर्यधुर्योदेशः ।**
**तमसो मा ज्योतिरिति निर्दिशन् हिमालयो धन्यः ॥२२॥**

यस्तै किसिमको अर्को पनि एउटा संस्कृत गीतिकाव्य छ– धन्यो हिमवद्देशः । यो काव्य देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्बाट प्रकाशित पत्रिका 'देववाणी' वर्ष १ अङ्क १ मा छापिएको छ । गीति छन्दका १०३ गेयात्मक कविता भएको यसको १०४ औं कवितामा यसका लेखक कवि विष्णुराज आत्रेयको परिचय प्रस्तुत छ । यस काव्यमा गाइएको पहिलो मंगलाचरणगीतबाटै थाहा हुन्छ कि यो काव्य देशभक्तिले गर्दा लेखिएको हो। जस्तै :-

**"उमा मुमाजानिमुमातनयं हनूमन्तमापि नत्वा ।**
**आत्रेयो विष्णुर्विरचयति गीतिकाव्यमथ भक्त्या ॥१॥**

**प्रथमं प्रणमति जननभूमिमिह सुखदां नेपालाख्याम् ।**
**प्रकृति समृद्धां राष्ट्रमातरं लोकवन्दितां शान्ताम् ॥२॥**

**मेची प्रवहति पूर्वस्यां स्यन्दति प्रतीच्यां काली ।**
**मध्ये नारायणी प्रसरति देशो हि भाग्यशाली ॥१७॥**

**अथोत्तरस्यां शिरो मुकुटमिव हिमालयो नगराजः ।**
**जनक - विराट- कपिलनगरीभिर्विलसति दक्षिणभागः ॥१८॥**

यस गीतिकाव्यमा कवि विष्णुराज आत्रेयद्वारा गरिएको गण्डकीक्षेत्रको वर्णन अत्यन्त सुन्दर भाकामा प्रस्तुत छ–

**भक्तजनानां कल्मषहन्त्री सरिद् गण्डकी काली ।**
**शालग्रामविग्रहं धत्ते यस्यामिह वनमाली ॥७७॥**

**शैलगण्डतः प्रवहत्येषा यतो गण्डकी जाता ।**
**वासुदेवमनुकुरूते वर्णेन कृष्णेति विख्याता ॥ ७८ ॥**

**कनकी भवन्ति यस्यां सिक्ताः ग्रावा हिरण्यगर्भः ।**
**मुमुक्षुभिः क्रियते यत्तीरे स्वीयो देहविसर्गः ॥ ७९ ॥**

यसैगरी हिमाल विषयमा लघु कविता लेख्ने अन्य कविहरूमा कविशिरोमणि लेखनाथ पौड्याल तथा कवि गणेश विषम प्रमुख छन् । प्रत्येक श्लोकका अन्त्यमा 'धन्य हाम्रो हिमाल' भन्ने वाक्यांश राखी पादपूर्ति गरिएको लेखनाथको कवितामा स्रग्धरा छन्दका ५ श्लोकहरू छन् भने कवि गणेश विषमको 'हिमाल' कवितामा उपजाति छन्दका १४ श्लोकहरू छन् । त्यस्तै गण्डकीका विषयमा लघु कविता लेख्ने अन्य कविहरूमा कवि भरतराज पन्तको अनुष्टुप् छन्दको एउटै प्रसिद्ध श्लोक यस्तो छ–

**'बगेकी गण्डकी हेर ! बाङ्गी टिङ्गी गरी गरी ।**
**नयाँ सडकमा साँझ हरिभक्त हिँडेसरी ॥**

उक्त श्लोकमा उपमेय गण्डकीको गतिमा भन्दा उपमान कवि हरिभक्त कटुवालको गतिमा पाठक वा श्रोताको विशेष ध्यान आकर्षण हुन्छ । त्यसैगरी कवि दैवज्ञराजको पनि लघु कवितामा काली गण्डकीको र त्यहाँ पाइने शालिग्राम शिलाको सम्झना गरिएको छ । साथै प्रस्तुत पुस्तक काली गण्डकी खण्डकाव्य नै काली गण्डकी जत्तिकै रसिलो र सुमधुर छ भन्ने भाव पनि व्यक्त गरिएको छ । यो कविता यसै खण्डकाव्यको सम्मतिमा प्रस्तुत छ ।

यीबाहेक काली गण्डकीका नाममा लेखिएका र छापिएका अन्य पुस्तक पत्रिकाहरू पनि छन् । तिनमा शोभाकर ब्राह्मणको गण्डकी माहात्म्य अप्रकाशित छ र प्रकाशित पत्रिकामा फ्रेण्डस् क्लबको रिडीको 'रुरु किरण ' रिडी हाई स्कूलको पत्रिका 'रुरु' २०२५ तथा रिडी संस्कृत प्रधान पाठशालाको 'काली गण्डकी' २०२१ मुख्य हुन् । उक्त पत्रिकाहरूमा पनि तात्कालिक विद्यार्थीहरूका काली गण्डकीसम्बन्धी कविताहरू प्रकाशित भएका छन् । जस्तै– 'काली गण्डकीले बढौं अघि बढौं भन्दै थिइन् शानले' (विष्णुप्रसाद ज्ञवाली, पाल्पा कुसेनी) जीवनका छ दशकसम्म निरन्तर कविता लेखिरहेका कविशिरोमणि लेखनाथले ८० वर्षको उमेरमा जन्मभूमिको स्मृतिमा ६ श्लोक कविता लेखेका छन्। त्यसमा पनि गण्डकीको उल्लेख गरेका छन् । यसरी–

**धर्ती भित्र लुकी कतैतिर कतै जुर्लुङ्ग निस्कीकन**
**हाँस्तै मस्त भई नचाइ लहरी गर्दै मिठो गायन ।**
**शुक्ला शीतल गण्डकी अझ पनी होलिन् बगेकी त्यहाँ**
**मेरो कोमल पुष्प - बाल्य वयको पैले बगेथ्यो जहाँ ॥१॥**

**त्यो शुक्ला जल– सिक्त शीतल हवा, त्यो फाँट, ती पाटन**
**ती झर्ना सब, ताल ती टिलपिले, त्यो शैलमाला, वन ।**
**त्यो जन्मस्थल अर्चलें चहकिलो, त्यो गोठ गोपालन**
**सम्झी गद्गद हुन्छ कुन्नि किन हो अद्यापि मेरो मन ॥२॥**

उपर्युक्त कविहरूद्वारा विरचित कृतिहरूमध्ये पं. उमानाथ पन्थीको 'गण्डकीगौरवम्' ७१ श्लोकी संस्कृत स्तव काव्य हो, यसमा विशेषतः गण्डकीको गौरवलाई प्रस्तुत गरिएको छ । गण्डकीप्रति कविको भावपूर्ण भक्ति नै यस काव्यको मुख्य विषय हो । यस काव्यको प्रथम श्लोक यस्तो छ -

**जय गण्डकि पापनाशिनि । जय नारायणि! मोक्षदायिनि !**
**जय देवकदम्बधारिणि । जय मातर्विमले नमोऽस्तुते ।।१।।**

यसरी गण्डकीको प्रार्थनापूर्वक प्रारम्भ गरिएको यस काव्यमा अलिकति तल पुगेर गण्डकीको महिमा बताउने क्रममा कवि उमानाथ पन्थीले लेख्नुहुन्छ

**उपलस्य गनेषणे कृत उपलब्धाः सहसैव देवताः**
**इति लौकिकवाद तथ्यकृत् तव तीरं वरिवर्ति गण्डकि ! ।।१८।।**

यस पक्तिमा "ढुङ्गो खोज्दा देवता मिले" भन्ने लौकिक उखान हजुरका तीरमा सार्थक बनेको छ भने वाक्यको सुन्दर प्रस्तुतीकरण भएको देखिन्छ ।

अर्को पं. टीकाराम पन्थीको 'रुरुवृत्तम्' संस्कृत खण्डकाव्य हो । यसको प्रथम भागमा ७९ श्लोकहरू छन् भने द्वितीय भागमा १०१ श्लोक छन् । एक रूपैयाँ मूल्य भएको यो पुस्तक भेषराज उपाध्यायद्वारा २०२१ सालमा बनारसबाट प्रकाशित छ । यस काव्यमा देवदत्त मुनि र प्रम्लोचा अप्सराबाट रुरुक्षेत्रमा रुरुकन्याको उत्पत्ति, उनले गरेको तपस्याबाट भगवान् विष्णु प्रसन्न भएर उनलाई वरदान दिंदै हृषीकेश स्वरूपमा भगवान् त्यहाँ रहेको वराह पुराणान्तर्गतको कथा विस्तारपूर्वक लेखिएको छ । रुरुवृत्तम् काव्यको पहिलो श्लोक यस्तो छ-

**आसीत् काश्चिद् भृगुकुलजनिः स्नेहसौजन्यमूर्ति-**
**र्विप्रो भूमौ सुरगुरुसमः सर्वभूतोपजीव्यः ।**
**अत्रत्यानामवनविधये प्राणिनां दुःखभाजां**
**देवैर्दत्तोऽयमिति यमिहाचख्यिरे देवदत्तम् ।।**

यस काव्यको अन्त्यमा भगवान् विष्णुबाट वरदान पाएकी रुरुकन्याले, काली गण्डकी नदीको प्रार्थना गरेकी छन् । एकदुई नमूना यस्ता छन्-

**मज्जन्तु सर्वे खलु चक्रनद्यां जपन्तु सर्वे हरिनाम पूतम् ।**
**चिन्ता - चिता रोदितु भग्न- वासा भवन्तु लोकाः सुसमृद्धिभाजः।।१।७८।।**

**"पवित्रतां तावकदर्शनादियात् शरीरवाङ्मानस दोषदूषितः ।**
**अघौघमुक्ता अपुनर्भवाश्च ते सकृत् त्वदीयाम्बुकणं पिबन्ति ये ।।२।९६।।**

यसपछि पं. माधवप्रसाद देवकोटाको 'रुरुगौरव' खण्डकाव्य देखा पर्दछ । यो काव्य २०३० सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको साहित्य विभागबाट प्रकाशित छ । यस खण्डकाव्यमा पाँच सर्ग छन् र सबैमा गरी जम्म ३११ श्लोकहरू छन् । यसमा क्रमशः गण्डकी नदीको उत्पत्ति, रुरुक्षेत्रमा देवदत्तमुनिको तपस्या, उनी र प्रम्लोचा नामकी अप्सराबाट रुरुकन्याको उत्पत्ति, तिनलाई रुरु मृगले पालन गरेका हुनाले रुरु नाम भएको, यसरी बढेकी रुरुकन्या भोगेच्छातिर नलागेर तपस्या गर्नमा लागेको, भगवान् विष्णु प्रसन्न भएर उनलाई वरदान दिएको कथापूर्वक अन्त्यमा गण्डकीको प्रार्थना गर्दै काव्य समापन गरिएको छ। यसका पनि आदि मध्य र अन्त्यका कविता हेरौं ।

**शुक्लै भए उन्नत रम्य हुन्छ भनेर शिक्षा दिन विश्वलाई ।**
**प्रख्यात धौलागिरिका नजीक छ शान्त यौटा रुचिरप्रदेश ॥११॥**

प्रम्लोचा अप्सराले छोडेर हिंडेपछि 'रुरु' नामक एक मृगले बालिकालाई दूध चुसाउन लाग्दा कवि भन्छन् -

**'जुन हाँस सफेद पार्दछ, हरिया पारि सुगा सिंगार्दछ ।**
**अनि पार्छ मजूर छिर्बिरे सहसा वृत्ति उही उमार्दछ ॥२।३१॥**

उक्त कवितामा - **येन शुक्लीकृता हंसाः शुकाश्च हरितीकृताः । मयूराश्चित्रिता येन स ते वृत्तिं विधास्यति** भन्ने नीतिश्लोकको अर्थ सुन्दर एवं मौलिकताका साथ सन्निवेश भएको देखिन्छ । त्यसैगरी काव्यको अन्त्यमा कविद्वारा गरिएको गण्डकीको प्रार्थना यस्तो छ-

**अये ! शालग्रामी जय शुचिजला गण्डकनदी**
**तपो योग ख्याता जय रुरु हरिस्थापन करी ।**
**रुरुक्षेत्र ! श्रेयस्कर ! रुरुतनू तीर्थ जय हे**
**कृपा सिन्धो ! बन्धो ! जयजय हृषीकेश ! भगवन् ॥ (५।६७)**

**काव्यको समापन यसरी भएको छ -**

**'अतिशय महिमाका तीर्थ छन् गण्डकीका-**
**तटबीच अतिथोरै पापतापापहारी ।'**
**बुध जन ! तिनमा यो हो रुरुक्षेत्र एक**
**यस किसिम पहाडी तीर्थको होस् विवेक ॥५।६८॥**

गण्डकी (काली गण्डकी) का बारेमा पौराणिक साहित्यकै शैलीमा धेरै पहिले शकसम्वत् १६३६ तदनुसार विक्रम संवत् १७७१ आषाढ पञ्चमी तिथि सोमबारका दिन लेखिसकिएको तर प्रकाशनका हिसाबले हालैमात्र देखापरेको कृति हो-

गण्डकी महात्म्यम् । यसका लेखक भनौं या वक्ता श्री काशीराम सूरि हुन् । महेन्द्रसंस्कृत विश्ववद्यालयबाट २०५५ सालमा प्रकाशित यस ग्रन्थका नेपाली भाषानुवादक हुनुहुन्छ - डा. टीकाराम अधिकारी । यस ग्रन्थको ५० पृष्ठको भूमिका भाग पनि अनुवादक डा. अधिकारीद्वारा नै लेखिएको छ । यसको प्रकाशकीयमा बताएअनुसार गण्डकीक्षेत्र निवासी तात्कालिक विद्वान् काशीराम शर्माद्वारा विरचित यो ग्रन्थका श्रोता भगवच्छर्मा हुन् । यसमा ११ अध्यायमा ८०९ श्लोकहरू अनुष्टुप् छन्दमा अति सरल भाषामा प्रस्तुत गरिएका छन् । यो ऐतिहासिक गण्डकी प्रदेशको धार्मिक परिचय हो । यसको प्रारम्भ यसरी भएको छ - 'श्री भगवच्छर्मोवाच-

**ब्रह्मन् केन प्रकारेण कर्तव्यं हरिमन्दिरम् ।**
**कस्मिन् स्थाने कदा केन किं फलं सर्वमुच्यताम् ।**

**श्री काशीराम उवाच**
**सुतीर्थे सुमुहूर्ते च कर्तव्यं हरिमन्दिरम् ।**
**अनन्तफलमुक्तञ्च पुराणेषु द्विजोत्तम । (अध्याय १ श्लोक १-२)**

यसरी प्रारम्भ भएको यस गण्डकी माहात्म्यमा वराहमहापुराणीय हिमवत्खण्डको कथालाई सविस्तार वर्णन गरिएको छ । यसको ११ रौं अध्यायका ५३, ५४ र ५५ श्लोकहरूमा समापन यसरी गरिएको छ-

**"ये पठन्ति नरा भक्त्या शृण्वन्ति च सदा द्विजाः ।**
**तेषां सर्वाणि पापानि क्षयं यान्ति न संशयः ।।**
**माहात्म्यं चक्रनद्या यः शृणोति पठतीति वा ।**
**कपिलादानजनितं पुण्यं प्राप्नोति स ध्रुवम् ।।**
**षट्त्रिभूपगते शाक आषाढे पञ्चमी तिथौ ।**
**अर्यम्णि सोमबारे च ग्रन्थोऽयं पूर्णतां गतः ।।**

यस ग्रन्थको अध्यायका अन्त्यमा लेखिएको पुष्पिका वाक्य यस्तो छ - (इति श्री कश्यपचरणोपासक कश्यप गोत्रीय श्रीकाशीराम विरचिते पृथ्वीवराह संवादे श्रीगण्डकी माहात्म्ये एकादशोऽध्यायः ।)

यसपछि २०६० सालमा प्रकाशित नेपाली खण्डकाव्य हो- "पन्नगापरिकथा" । यसमा प्रकाशित लेखकीय अनुसार ६० सालभन्दा चालीस वर्षअघि यो लेखिएको थियो । यसका लेखक हुनुहुन्छ - कवि नीलाम्बर पन्थी । त्यस बेला उहाँलाई राजनीतिक कारणले जेलमा बस्नुपरेको हुँदा फुर्सदको समयमा आफ्नो जन्मस्थल गुल्मी जिल्लाको वाग्ला बडाचौर गाउँमा बग्ने 'पन्नगा' नदी र यसको वरिपरि देखिने परिवेषको अत्यन्त सुन्दर कवितामा चित्रण गरिएको छ । यस काव्यमा

पाँच खण्डहरू छन् र २३२ श्लोकहरू छन् । यसमा लेखकद्वारा आफू घर छोडेर बनारसमा पढ्न जानुभन्दा पहिले गाउँघर, खेतखर्क, वनपाखा र खोलामा डुलेका, पौडी खेलेका गाई चराएका घटनाहरूको संस्मरण गरिएको छ । यसमा काली गण्डकीको मुख्य सहायक नदी रुद्रावती (जसलाई बडीगाड भनिन्छ) को स्रोतोभूता पन्नगा नदी र त्यहाँको गाउँ वस्तीको सुमधुर वर्णन छ। यसमा कविको जन्मभूमिको ममता प्रस्फुटित भएको छ । गण्डकी प्रदेशकै एकदेशीय भागको वर्णन गरिएको हुनाले यो पनि गण्डकी काव्य नै हो भन्नलाई संकोच मान्नुपर्दैन । उदाहरणका लागि 'पन्नगा परिकथा' मा प्रस्तुत पन्नगा नदीको स्वरूप यस्तो छ :-

**"मधाने कैलाशी शिखरतल पैदा भइकन**
**झरी दक्षिण् पन्थी छलल छल छाँगा तलतिर ।**
**झरेकी झर्नाले छरर छर छर्की जलकण**
**पठाइन् आनन्दी पवन घर-गाउँ रन-वन ॥**

**सिंढी ओर्ले जस्तै अलिअलि गरी श्रेणि परदै**
**घटेका लेखैका पनि तल बहेकी छलकिदै ।**
**बनी बांगी टिंगी ढलिमलि गरी सल्सल परी**
**अहो ! सर्पाकारा चपल लतिका झैँ लघुनदी ॥**

**पुगी बेंसी फेंदी अनि त पथ पाई समतल**
**बनी केही शान्ता सलल गुदुदू कल्कल कल ।**
**गरी गाना मीठो कलरव फिंजाई वरिपरि**
**दगुर्दी छन् सङ्ली स्फटिकमय गंगाजल भरी ॥**

**किनारा द्वितर्फी हरित वनशोभा भरिहुँदा**
**लताले झुम्मेका तरू शिखर न्यूरी परिदिंदा ।**
**यिनैको सेवामा तन मन लगाई वन - परी**
**झुके झैँ देखिन्छिन् हरित नववर्षी शिर घरी ॥**

**(खण्ड १ श्लोक १२-१४)**

अब यसपछि गण्डकी काव्यको लहरमा आउने बेजोड काव्य हो- प्राकृत पोखरा । यसका कवि हुनुहुन्छ - प्रा. मुकुन्दशरण उपाध्याय । यसको प्रथम प्रकाशन २०२१ सालमा भएको हो । २०३० र २०५२ सालमा क्रमशः दोस्रो र तेस्रो संस्करण साझा प्रकाशनबाट पनि प्रकाशित छ । यो काव्यले कवि उपाध्यायज्यूलाई मदन पुरस्कार पनि दिलाएको छ। यसमा क्रमशः नेपाल, पोखरा, माछापुच्छ्रे, पाखापखेरा, शुक्लागण्डकी, ताल, कमलपोखरी, सुन्तला, अन्त्यमा र पुनश्च भन्ने नामका दश सर्ग छन् । यसमा नेपाल र पोखराको माछापुच्छेदेखि लिएर त्यहाँका

रनवन पाखापखेरा, ताल, सुन्तला आदिको मुक्तकण्ठले वर्णन गरिएको छ । शुक्ला गण्डकीको वर्णन त सिंगै पाँचौ सर्गभरि नै गरिएको छ। यसो भनौं यस काव्यमा १००० श्लोक पुष्पहरूले पोखरा अथवा सेती गण्डकी रूपी प्रकृतिको पूजा गरिएको छ । यो काव्य पढेपछि पोखरा घुम्नै पर्दैन, माछापुच्छे आफै देखिन्छ, तालहरूको सौन्दर्य आँखाअगाडि आउँछ । सेती गण्डकीले गीत गाएको र नाचेको सुनिन्छ र देखिन्छ । धेरै के भन्नु पोखराका सुन्तला भन्दा पनि अझ मीठो छ यो प्राकृत पोखरा काव्य । यसका - पनि केही नमूना हेरौं - -

**नेपाल नामको टीकी पैह्रिन्छिन् जो वसुन्धरा ।**
**त्यै टीकीको पनि टीकी हो यो सुन्दर पोखरा ॥ (पोखरा-१)**

**देवता स्वर्ग हो भन्छन् बगैंचा भन्दछन् चरा ।**
**मान्छे यो देश हो भन्छन् टीकी हो भन्दछिन् धंरा ॥ (नेपाल-४)**

**घुमी यो पोखरा हेर्न पाएनन् कालिदासले ।**
**नत्र यौटा महाकाव्य उहिल्यै लेखिने थियो ॥ (पोखरा- ९)**

**नाम हो यिनको सेती सेतै छ यिनको जल ।**
**नेपाली जनता राख्छन् कामले नाम गौरव ॥ ( शुक्ला - ३)**

**अथवा पार्वती - आमा हामी पुत्रहरूकन ।**
**बगाई दूधका धारा गर्दछिन् नित्य पालन ।**
**हाँहाँ गर्ने सधै भोका छोराछोरी मनुष्य हुन् ।**
**सेती हुन् दूधकी धारा सधै पग्लेर बग्दछिन् ॥**

**उठ्दो होला निकै रीस इन्द्रका मनमा पनि ।**
**स्वर्ग रानी 'शची' भन्दा शुक्ला गोरी भइन् भनी ॥**
**यसैले हो कि सालिन्दा धमिल्याउँ भनीकन ।**
**जल वर्षाउँदै इन्द्र भल हुन्छन् टनाटन ॥**

**गड्याङ् आकाशमा हुन्छ गुडुङ् हुन्छ नदीमहाँ ।**
**गड्याङ् गुडुङ् दुबै हुन्छन् मान्छेका मनका यहाँ ॥**
**फोर्दछिन् पहरा ठेकी कमेरो दहि पोख्दछिन् ।**
**कृष्णावतारको लीला शुक्ला भैपनि गर्दछिन् ॥**

**पिता हिमाल हो, छोरी लक्ष्मी हुन्, पति सागर ।**
**ज्वाञी विष्णु भनी होला शुक्लाको यति जाँगर ।**
**धन्य छन् पोखरावासी शुक्लाका तटले गरी ।**
**मर्नाको हुन्न है चिन्ता पोखरामा कुनै घरी ॥**

**मरेमा पनि गंगामा बग्न पाइन्छ सल्सली ।**
**बाँचेमा पनि गंगाको पानी पिइन्छ कल्कली ॥**
**अपार जल पाएर यति सौन्दर्य पाउनु ।**
**शुक्ला अर्को कहीं छैन उपमा कसको दिनु ॥**

**ठूलो सम्मान पाएकी हुन् काली गण्डकी दिदी ।**
**दिदी भन्दा म गोरी छु दिदी भन्दा म छु छिटी ॥**
**दिदी छन् गहिरी किन्तु सबैले पार पाउँछन् ।**
**म उस्ती गहिरी छैन तर सप्पै डराउँछन् ।**

**भनेको हो कि भैं लाग्छ शुक्लाका मृदु गानले ।**
**तर यो तथ्य हो हैन ? भनेको अनुमानले ॥**
**यी शुक्ला स्वर्गगंगा हुन् वन नन्दन वाग हो ।**
**सुमेरू हो सगर्माथा नेपाल स्वर्गभूमि हो । (शुक्लागण्डकी)**

यस काव्यको अन्तिम सर्गमा कविले पोखरा - प्रकृतिलाई अति सुन्दरी नव वधू बनाई सिंगारेर अन्माउनुभएको छ । अहिलेसम्म पोखरा - वधूले के कति सन्तान बढाइन् । हेर्न बाँकी नै छ । यो त भयो -सेती गण्डकी काव्य- प्राकृत पोखराको संक्षिप्त चर्चा । यस्ता महत्त्वपूर्ण एवं श्रुतिमधुर कविता यसमा थुप्रै छन् खोज्दै जानुपर्छ । अब अरू पनि खोजौं ।

सेती गण्डकीको महिमा बताए जस्तै त्रिशूली गण्डकीको पनि महिमा बताउने अर्को खण्डकाव्य छ- गोसाइँकुण्ड । वास्तवमा यो एउटा सुन्दर यात्रा काव्य हो गासाइँकुण्डको यात्रा । यसका लेखक हुनुहुन्छ - कवि प्रह्लाद पोखरेल । यसमा १. प्रस्थानयात्रा थालनी, २. आरोहरणयात्रा - धुन्चेमुकाम, ३. आरोहण यात्रा-चन्दनवारीमुकाम, ४. आरोहणयात्रा - गोसाइँकुण्ड मुकाम, ५. परिभ्रमणयात्रा-कुण्डदर्शन, ६. अवरोहण यात्रा - धुन्चे वास, ७. आगमन यात्रा - समापन समेत गरी सात सोपानहरू छन् । यी सातै सोपानमा जम्मा २२६ सुन्दर कविता छन् । यो यात्रामा प्रस्तुत वक्ता पनि सामेल भएको हुनाले अहिले त्यसको संस्मरण पनि ताजा बनेको छ। यस काव्यको आरोहणयात्राको क्रममा चन्दनबारी मुकाममा पुग्दाको अनुभवलाई कवि प्रह्लाद पोखरेल भन्नुहुन्छ -

**'साढे तीन हजार फीट चढियो अग्लाइ नापौं भने**
**साढे नौ जतिको उचाइ पुगियो सम्पूर्ण आँकौं भने ।**
**फेदीबाट हिंड्यौं समग्र दिन यो ठाडो उकालो फगत्**
**मानौं तीर्थ-नदी उँभोतिर बग्यो सम्पूर्ण यात्री जगत् ॥३।१०॥**

यहाँ यात्री समुदायलाई नदीका रूपमा मास्तिर चढेको वर्णनात्मक उत्प्रेक्षा कति सुन्दर छ । गोसाइँकुण्ड मुकाममा पुगेपछि त्यहाँ कुण्डको पानी देखेर त्यसको उत्पत्ति र महत्त्व बताउँदै कवि प्रह्लाद पोखेल पनि पानी जस्तै सङ्ला कविता यसरी पोख्नुहुन्छ -

**पानी जीवन हो चराचर सबै पानी विना मर्दछन्**
**पानी नै नभए समग्र जनता दुर्भिक्षमा पर्दछन् ।**
**हामी आज गरीब वर्ग दरियौं पानी भएरै पनि**
**पानीको उपयोग गर्न नसकी हाम्रो गयो जीवनी ॥२॥१७॥**

**पानी जीवन हो समस्त रचना हुर्कन्न पानीविना**
**आँखामात्र भएर हुन्न जसरी देखिन्न नानीविना ।**
**आँखा हुन्छ भने चराचर जगत् पानी त नानी न हो**
**पानी नै नभए बँचिन्छ कसरी आधार पानी त हो ॥४॥२६॥**

गोसाइँकुण्ड काव्यको उपसंहार गर्दै कवि प्रह्लाद पोखरेल भन्नुहुन्छ-

**यात्रा नै हो त्रिशूली सरि गतिमय भै स्वच्छ पार्ने जवानी**
**यात्रा यस्तै अनेकौं सुखसित गरिने पाइयोस् जिन्दगानी ॥७॥३९॥**

कवि प्रह्लाद पोख्रेल खोटाङ जिल्ला निवासी नवयुवक हुनुहुन्छ । उहाँको गोसाइँकुण्ड काव्यपछि जन्मभूमिप्रति माया बर्साउने, 'खोटाङ डायरी' नामको खण्डकाव्य २०६१ मा प्रकाशित छ ।

उपचर्चित 'गण्डकीका कविता एवं काव्यहरू' को परिशीलन गर्दा हाम्रो मनमा कविताको सुमधुर परिभाषा पनि जागृत हुन्छ । कविता कोमल भाव र भाषामा सहज प्रस्तुत हुनुपर्छ, जो श्रुतिमधुर एवं हितकर पनि हुन्छ । मेरा विचारमा

**कविता छन्दसा व्यक्ताऽलङ्कृता हितकारिणी ।**
**गुण-भाव-रसैराढ्या नारीव मधुरा भवेत् ॥**
**(भाकामा रचियून् राम्री बनून् हाम्री हितैषिणी।**
**कविता-रमणी होऊन् रसीली गुण - वर्षिणी ॥)**

उक्त परिभाषाअनुसार यहाँ गण्डकी काव्यहरूको संक्षिप्त चर्चा र केही दृष्टान्त मात्र प्रस्तुत गरिएको छ ।

यस क्रममा माथि गण्डकीकाव्य भनेर नाम नलिइएको तर काव्यको ध्वनिगत अर्थ र भावबाट गण्डकीकाव्यका रूपमा रहेको अर्को एउटा बेजोड काव्य छ । त्यो हो- कविशिरोमणि लेखनाथ पौड्यालको ऋतुविचार । ऋतुविचार काव्यमा छओटै ऋतुहरूको यथाक्रम परिवर्तनलाई प्रस्तुत गरिएको सर्वविदितै छ। त्यो ऋतु

परिवर्तन पनि प्रकृतिमा नै हुन्छ । त्यो प्रकृति हो - गण्डकी प्रदेश अथवा उपचर्चित हरिहरक्षेत्र । कवि लेखनाथले -

**'हिमालमा गयो जाडो लोक सानन्द देखियो ।**
**उदायो रसिलो राम्रो ऋतुराज वसन्त यो ॥**

भनेर यो काव्यको प्रारम्भ गर्दा- जाडो हराएपछि सानन्द देखिएको लोक गण्डकीक्षेत्र हो । अनि रसिलो राम्रो वसन्त ऋतुराज उदाएको पनि यही गण्डकीक्षेत्रमा नै हो । किनभने लेखनाथ पौडेलको जन्मस्थल अर्घौ अर्चले सेती गण्डकीकै काख हो । गण्डकीक्षेत्रमा ग्रीष्म ऋतुको गर्मी आउँदा कवि लेखनाथ पौड्याल बताउनुहुन्छ -

**'गम्भीर जलको भित्री तहमा न डुबीकन ।**
**संसारभर पायिन्न आनन्दी शीतलोपन । २।८५**

**क्षणिकाऽऽनन्दमा लुब्ध जीवझैं मोहजालमा ।**
**जलमा मग्न भै गोता लिन्छन् रसिक हालमा । २२८६॥**

यसरी रसिक जनहरूलाई मोहित बनाउने प्राकृत पुरुष कविशिरोमणि लेखनाथका शब्दमा मानौं परब्रह्म नै हो । वर्षा ऋतुमा जल बर्साइरहने मेघलाई देखेर कवि लेखनाथ भन्नुहुन्छ -

**न स्थान मान चाहन्छ, जाति-पाति न गन्दछ ।**
**जल वर्षाउँदा मेघ मानूँ ब्रह्मज्ञ बन्दछ ॥३।३३**

**यता उता कतै कत्ति डग्दैन घन मण्डल ।**
**लब्धभूमि महात्माको चित्त झैँ अति निश्चल ॥३॥४१॥**

**वर्षाउँदा अहो । यौटा मेघले जल - सम्पत्ति । !**
**कुवा, खोला, नदी, नाला सबैमा छ समुन्नति ॥३।४४**

**लोक भन्छ पुग्यो पानी किन्तु मेघ खन्याउँछ ।**
**यस्तै व्यक्ति महादानी लोकमा कहलाउँछ ॥३।४५**

**घुमाई लहरी - हात दौडन्छन् नाँचदै नदी ।**
**दानी पयोदको दिव्य झल्काई कीर्तिकौमुदी ॥३।५५**

यत्ति मात्र होइन, वर्षाऋतुको प्रभाव नेपाली कविमा पनि राम्रो परेको कुरालाई लेखनाथले यसरी प्रस्तुत गर्नुहुन्छ-

**हेरी नसकनु पारी परखाल बडे बडे ।**
**नेपाली कविले खुट्टा काटेका वर्ण झैँ लडे ॥ ३९७**

यहाँ कवि लेखनाथले 'नेपाली कवि' भन्ने विशेषण दिएको शायद कवि शिखरनाथ सुवेदीलाई हो । शरद् लाग्नासाथ वर्षाको धमिलो हराउँछ र कविको कल्पना पनि यसरी मौलाउँछ -

**गयो बहाड वर्षाको खडा भो रसिलो शरद् ।**
**अर्कै स्वरूपमा निस्क्यो कविको कल्पना जगत् ॥**

यसप्रकार गण्डकीक्षेत्रको ऋतुपरिवर्तनका साथमा उपर्युक्त परिभाषा अनुकूल - सुन्दर, हितकारी, गुण, भाव एवं रस परिपूर्ण काव्यलाई प्रस्तुत गर्ने कवि - शिरामणि लेखनाथ पौड्याल गण्डकीकै कवि हुन् ।

त्यसैगरी गण्डकीका लोक भाकाहरूलाई टिपेर 'गण्डकीका सुसेली' प्रस्तुत गर्ने जनकवि केसरी धर्मराज थापा पनि पूर्णरूपमा गण्डकीकै कवि हुन् । जनकवि केसरी थापाले गाएका गीत भाकाहरू यति धेरै लोकप्रिय छन् भन्ने कुरा मैले यहाँ बताइरहन आवश्यकै छैन । उनका गीतहरूमा लोकजीवन छ, गण्डकी सुसाएकी छन्, पाखा पखेरा बोलेका छन्, चरा चुरूङ्गी नाचेका छन् । प्रकृति हाँसेकी छन् - गीतमा, भाकामा, गण्डकीका. सुसेलीमा र कालीका लहरहरूमा ।

यसरी काली गण्डकीरूपिणी प्रकृतिरमणीलाई मानवीकरण गरी २ खण्डमा लेखिएको 'हिमबाला' नामको कवि मुकुन्द शर्मा चालिसेको खण्डकाव्य पनि यस क्षेत्रको सुन्दर प्राप्ति हो । यस काव्यको पूर्वार्धमा ८४ र उत्तरार्धमा ११५ श्लोकहरू छन् । यसका पनि एक दुई नमूना हेरौं ।

**कवि काव्य जपेर जीवन लय पारोस् सयवर्ष सम्मन ।**
**उसको खुसको छ माधुरी हिमबाला कविता बनी झरी ॥१।१०॥**

**मणिको कि गुँरास गुच्छको झुलना भित्र भुलेर स्वच्छको ।**
**हरमा हरियो लुगा भिरी रहँदी शैल समीप सुन्दरी ॥११५॥**

**हिमबाट सुटुक्क नै गली हिमगङ्गा जसरी उँधो चली ।**
**उसरी बहकाउमा बगी हिमपुत्री परदेशमा पुगी ॥२३४॥**

**झरना परदेशमा झरी नुनिलो सागरमा पुगे सरी ।**
**गतिली गिरिनन्दिनी भई हिमबाला पुरवन्दिनी भई ॥२३५॥**

त्यसैगरी अर्को एउटा महत्त्वपूर्ण काव्य छ, जो गण्डकीका विषयमा लेखिएको होइन र पनि त्यसमा गण्डकी क्षेत्रको वर्णन गरिएको छ । त्यो हो- कवि लाटो

साथीद्वारा रचित 'नयाँ मेघदूत' काव्य । तीन सोपानमा विभक्त यस गीति काव्यमा पूर्वमेघ, मध्यमेघ र उत्तरमेघसमेत गरी जम्मा १७८ गीति कविताहरू छन् ।

कवि प्रह्लाद पोखरेलको 'गोसाइँकुण्ड' काव्यमा तलबाट माथितिर हिँड्दै गरेको यात्रीहरूको लस्करलाई 'मानू तीर्थ नदी उँभोतिर बग्यो सम्पूर्ण यात्री - जगत्' भने झैँ लाटो साथीको नयाँ मेघदूतमा पनि यक्षको सन्देश बोकेको मेघ उनकी प्रियतमालाई भेट्नका लागि त्रिवेणी सङ्गम (वाल्मीकि आश्रम) देखि तमसा नदी (कृष्णा गण्डकी) को किनारै किनार हुँदै उँभोतिर लाग्दछ । मेघले देखेका गण्डकी क्षेत्रहरूको वर्णन नयाँ मेघदूतमा कवि लाटो साथीद्वारा यसरी गरिएको छ -

**कहिले पुग्छु रेसुङ्गा लेख कहिले भृगु थुम्**
**कहिले पुग्छु नर्तनाचल पर्णेना कहिले झन् ।**
**काट्तो छु कैद चारै र तिर खडा छन् दाह्रे भीर**
**निसासिन्छ तन बतासिन्छ मन तमसा तीरै-तीर ॥**

यस अघि नै 'कपिलवस्तु' खण्डकाव्य लेखेर आफ्नो जन्मभूमि कपिलवस्तुको गाथा गाउने कवि लाटो साथीले नयाँ मेघदूत काव्यमा प्रस्तुत गरेको कुबेरको अलकापुरी सायद मुक्तिनाथक्षेत्र नै हो । त्यसैले यस काव्यमा यक्षले नयाँ मेघलाई बिदा गर्दा रामदीघाट (तमसा) बाट उठाएको जल र शालिग्राम शिला पठाएर आफ्नी प्रियतमालाई दिनू भन्दै मेघलाई अह्राएको छ । यसरी-

**झोलीमा राख तमसा जल शिरमा शालिग्राम**
**नगर बेर लाग्नु छ बाटो डाँडामा लागे घाम ।**
**जल - पर्साद दिनू मुखले भन्नू यो चिनु खसमको**
**नमान्नू पीर आउने छु म यो बोली कसमको ॥**

यसरी त्रिवेणीबाट उकालो लाग्दै मुक्तिनाथ पुगेर होस् अथवा दामोदरकुण्डबाट ओह्रालो लाग्दै त्रिवेणीसम्म पुगेर होस् गण्डकी काव्यका कविहरूले गण्डकीको सेरोफेरोलाई छोडेका छैनन् र काली गण्डकीको घेरोलाई तोडेका छैनन् ।

## ४. काली गण्डकी खण्डकाव्यको परिशीलन

यहाँ गण्डकी काव्यहरूको संक्षिप्त विवरण दिइएको हो । अब प्रकृत काली गण्डकी खण्डकाव्यको चर्चा अघि सार्दछु । माथि प्रस्तुत गरिएका गण्डकी विषयका काव्यहरूले काली गण्डकी र अन्य गण्डकीहरूका पनि एक देशीय क्षेत्रहरूको अथवा काली गण्डकीको तटमा रहेको प्रसिद्ध तीर्थ 'रुरुक्षेत्र' को महिमालाई सविस्तार वर्णन गरेका छन् । परन्तु प्रस्तुत काली गण्डकी खण्डकाव्यले क्रमशः दामोदर हिमालमा पर्ने काली गण्डकीको उत्पत्तिदेखि लिएर,

मुक्तिक्षेत्र, रुरुक्षेत्र, देवघाट, त्रिवेणी आदि काली गण्डकीका तटप्रदेशमा रहेका प्रसिद्ध तीर्थहरूको वर्णन गरेको छ । यस दृष्टिले विचार गर्दा यो खण्डकाव्यले एकदेशीय, वा कुनै ठाउँको चर्चामामात्र केन्द्रित नभई काली गण्डकीको सम्पूर्ण कथा – गाथाका साथै पवित्र तीर्थहरूको महिमालाई पनि प्रस्तुत गरेको देखिन्छ । यो काव्य २०६२ सालमा श्रीमती शोभा गौतमद्वारा प्रकाशित भएको छ । यसमा १५७ श्लोकहरू छन् । यीबाहेक अरू ४ श्लोक पनि काली गण्डकीको तटवर्ती प्रसिद्ध तीर्थस्थल रुरुक्षेत्रको समीपमा रहेको, गुल्मी जिल्लावर्ती थोर्गा गाउँमा जन्मेका, हुर्केका, बढेका, पढेका र सरकारी सेवामा रही राम्रो अनुभव संगालेका युवराज शर्मा गौतमज्यू काली गण्डकीलाई आफ्नो बाल्यजीवनदेखि नै देखेका, जानेका बुझेका व्यक्ति हुनुहुन्छ । यस काव्यको प्रणयन गर्नुभन्दा पहिले उहाँले हाम्रो नेपालका र भारतका पनि धेरै जसो तीर्थक्षेत्रहरूका बारेमा जानकारी लिएर 'तीर्थपर्यटन' भन्ने गौरवपूर्ण पुस्तक लेखी प्रकाशन गर्नुभएको छ । त्यसमा काली गण्डकी नदी र रुरुक्षेत्र आदि तीर्थहरूका बारेमा जति जानकारी दिनुभएको छ, त्यो पनि पर्याप्त नै छ । तथापि आफ्नो बाल्यजीवनदेखि नै प्रेरणाको स्रोत बनेकी काली गण्डकीका विषयमा यो सुन्दर कवितात्मक खण्डकाव्य लेखेर उहाँले अत्युत्तम रूपमा सरस्वतीको सेवा गर्नुभएको छ र जन्मभूमिको ऋण पनि तिर्न समर्थ हुनुभएको छ ।

यस काव्यमा पाँच सर्गहरू छन् । काव्यलक्षणशास्त्रअनुसार- **'खण्डकाव्यं भवेत् काव्यस्यैकदेशानुसारि च'** भनिएको हुँदा 'महाकाव्यको एकदेशीय विषयलाई प्रस्तुत गरेमा खण्डकाव्य हुन्छ' भन्ने अर्थ बुझिन्छ । यस काव्यकी नायिका प्रकृतिदेवी – 'काली गण्डकी' नै हुन् । यहाँ यिनको उत्पत्ति, गति, महिमा र वर्तमान स्थितिलाई समेत प्रस्तुत गरिएको छ । जम्मा १५७ श्लोक भएको यस काव्यमा प्रत्येक सर्गका प्रारम्भमा १।१ गरी उपजाति छन्दका ५ श्लोक र प्रत्येक सर्गका अन्त्यमा १।१ गरी स्रग्धरा छन्दका ५ श्लोकहरू छन् भने बाँकी श्लोकहरू शार्दूल विक्रीडित छन्दमा रहेका छन् । प्रथम सर्गमा जम्मा २८ श्लोकहरू छन् । तिनमा प्रारम्भ देखिका ११ श्लोकहरूमा दामोदर गिरिमा तपस्या गर्न बसेका भगवान् विष्णुका गालाबाट काली गण्डकीको उत्पत्ति भएको कुरा प्रस्तुत गरिएको छ। जस्तै–

**काली समुद्भूत भएर आइन् हिमालका काखमहाँ रसाइन् ।**
**यी विष्णुगण्डस्थलकी निशानी पीयूष गङ्गाजलतुल्य खानी ।।' ।।१।**

**यो प्राचीन कुरा छ, सत्य युगको त्यो आदिसंसारको**
**हो दामोदरशृङ्खला गिरि महान् त्यो हैमवत्खण्डको ।**
**ती सेता हिमशैलमा तप गरी बस्थे स्वयं श्रीहरि**
**सारा सृष्टि बढाउनाकन भनी ध्यानी बनी बेसरी ।।१२।।**

**बस्दा यी तपमा, उठेछ नभमा ज्वालाग्नि झिल्कासरि**
**गाला लाल दुबै भएर हरिका निक्ल्यो पसीना भरी ।**
**आएथ्यो हरिगण्डमा भलभली उर्ली पसीना भल**
**बग्दा त्यै भल गण्डकी हुन गइन् पीयूषतुल्या जल ॥१४॥**

यसरी भगवान् विष्णु स्वयं तपस्या गर्न बसेको र उहाँका गालाबाट गण्डकी नदी बगेको देखेर आत्तिएका ब्रह्मादि देवताहरूले यता गोसाइँ कुण्डमा आराम गरेर बसेका महादेवसँग आएर सबै कुरा बताउँछन् । अनि महादेव पनि दगुर्दै गएर भगवान् विष्णुलाई किन यसरी तपस्या गर्न बस्नु परेको हो र यसरी गालाबाट किन पसिना चुहाउनु परेको हो' भनेर प्रश्न गर्दछन् । त्यस प्रश्नको उत्तरमा विष्णुभगवान् यसो भन्नुहुन्छ -

**'यो हो शुद्ध पवित्र भूमि र यहाँ प्राणीदयाले गरी**
**आएँ ध्यान तपादि कृत्य गरूँला भन्ने इरादा घरी ।**
**मौका यो तपको परेछ र ममा त्यो ताप बढ्दै गरी**
**यी गण्डस्थलबाट निस्कन गयो तातो पसीना झरी ॥१७॥**

**उर्ली वेगवती भएर सहजै बग्दै यहाँ दिव्य ती**
**हे गौरीश्वर ! देखिइन् जल-सुधा कालीनदी गण्डकी ।**
**श्रीनारायणका सुनी सब कुरा सन्तुष्ट भै हर्षले**
**लागे ती शिव भन्न यी नदी हुनिन् पूज्या सबै वर्गले ॥१८॥**

**सारा पाप पखालि भक्तजनका बाधा सबै हर्दिने**
**स्नानादि व्रत धर्म कर्म गरिंदा कल्याणकारी हुने ।**
**पायौं पावन जाह्नवी सरि नदी श्रीविष्णुका स्नेहले**
**गालाबाट झरेर निर्झर बनी आइन् बडो वेगले ॥१९॥**

**हे नारायण ! गण्डकी सकलकी आराध्य पूज्या यिनी**
**ब्रह्मा, विष्णु, शिवादि देवगणकी ध्येया र गेया पनि ।**
**होला त्यो कलिमा बढेर महिमा काली हुँदा गण्डकी**
**ती सम्पूर्ण नदी नदादि जतिमा ठूली हुनिन् यी नदी ॥१।१०॥**

यसरी भगवान् विष्णुका गालाबाट गण्डकी नदीको उत्पत्ति भएको र त्यसको कारण समेत बुझेपछि भगवान् शिवले पनि काली गण्डकीको महत्त्व र उपयोगिता बताउनुभएको कुरालाई सरल भाषामा सहजतासाथ प्रस्तुत गर्नुभएको देखिन्छ। त्यसैगरी प्रथम सर्गमा १२ देखि २८ सम्मका पद्यहरूमा काली गण्डकीको उत्पत्ति भगवती गौरीका पादकमलबाट भएको भन्ने अर्को कथांश पनि प्रस्तुत छ।

जे होस्, यो प्राचीन कुरा छ, सत्य युगको त्यो आदि संसारको .भनेर प्राचीन संसारको कुरालाई आजको वर्तमान संसारमा प्रस्तुत गर्दै काव्य लेख्ने कवि युवराज गौतमज्यूले आजका युवावर्गले प्राचीन संसारको गौरवमय कथावस्तुलाई पढ्नु पर्ने, जान्नु पर्ने र बुझ्नु पर्ने कुरा महसुस गर्नुभएको अनुभव हुन्छ । साथै 'मातृदेवो भव, पितृदेवो भव' भन्ने पाठ पढेर शिक्षा आर्जन गरेका कवि गौतमज्यूले सर्गको आदि र अन्त्यमा भगवान् विष्णुको र गण्डकी माताको प्रार्थनापूर्वक वन्दना पनि गर्नुभएको छ । यो कविको विनम्र भावलाई पनि आजको युवा पुस्ताले हृदयङ्गम गर्न आवश्यकै छ ।

यस काव्यको द्वितीय सर्गमा दामोदर पर्वत शृङ्खलामा रहेका जल कुण्डहरू (जसलाई दामोदर कुण्ड भन्ने गरिन्छ) को वर्णन गरिएको छ । त्यहाँ स्नानादि धर्मकर्म गर्नाले ठूलो पुण्य मिल्ने कुराको पनि उल्लेख गरिएको छ । त्यहाँ ब्रह्मादि देवताहरू आएर यज्ञ गरेका र यस कार्यले ब्रह्मालाई सृष्टिकार्य गर्नमा सजिलो भएको कुरा पनि वर्णन गरिएको छ ।

भगवान् विष्णुले यस दामोदर पर्वतलाई आफ्नो तपोभूमि रोज्नाको पनि विशेष कारण छ । सृष्टिकर्ता ब्रह्माजीलाई आफ्नो सृष्टि बढाउन सजिलो होस् भन्ने उद्देश्यले यज्ञ गर्ने स्थलको खोजी गरेछन् र त्यस्तो यज्ञयोग्य भूमि दामोदर गिरि भेट्टाएछन् । अनि त्यहाँ बसेर अग्नि र जलको आवाहनगरी विराट् यज्ञ गर्न थालेछन् । त्यो यज्ञस्थल एवं यज्ञविधिको वर्णन यस काव्यको दोस्रो सर्गमा कवि युवराज शर्मा गौतमले यसरी गर्नुहुन्छ-

**दैवी यज्ञ यहाँ विराट् हुन गयो कर्ता स्वयंभू भए**
**दिक्पालादि दशै उपस्थित जहाँ इन्द्रादि सारा थिए ।**
**गर्थे होम विशेष मन्त्र विधिले होता ऋषि ब्राह्मण**
**चारै वेद पढी सुवाचन गरी 'ओंकार' उच्चारण ॥ (२३९)**

**घन्की शङ्ख मृदङ्ग ताल सुरमा स्वाहा स्वधा गुञ्जन**
**हुन्थ्यो पूजन देवता - पितरको श्राद्ध क्रिया तर्पण ।**
**प्राणी मात्र खुशी र भूत लहरा पर्जन्य वर्षी जल**
**यो यज्ञाश्रम रम्य नन्दन सरी आनन्ददायी स्थल ॥ (२१०)**

**ठूलो यज्ञ हुँदा उपस्थित यहाँ द्यौताहरूका गण**
**श्रीनारायण शङ्करादिक थिए श्रोता र वक्ता जन ।**
**पाए शक्ति अमोघ यज्ञ फलले ब्रह्मा भए मोदित**
**यस्तो यज्ञ भयो 'न भूत भविता' संसार नै नन्दित ॥ (२११)**

यसरी कवि युवराज गौतमज्यूले सृष्टिको उषाकाल देखि नै यज्ञ गरेर अमोघशक्ति प्राप्त गर्ने परम्परा रहेको र यस्तो यज्ञकर्ता सर्वप्रथम सृष्टिकर्ता प्रजापति नै भएको देखाएर यस काव्यलाई हाम्रो सांस्कृतिक वैभवले सुसम्पन्न गराउनुभएको छ।

यसपछि मुक्तिनाथ तीर्थको वर्णन गर्ने क्रममा त्यहाँका विशाल हिम शृङ्खलाहरू, प्राकृतिक सौन्दर्य, जडीबुटी एवं वनौषधिहरू आदिको वर्णन मनोरम रूपमा गरिएको छ । जस्तै-

**कुण्डै कुण्ड जताततै वरिपरि प्रख्यात यी कुण्ड हुन्**
**रुद्र ब्रह्म अनन्त कुण्ड सबका साझा महाकुण्ड छन् ।**
**हेर्दा रूप समष्टिमा हुन गयो त्यो कुण्ड दामोदर**
**यो भण्डार रहेछ तीर्थ जलको मुस्ताङ भन्दा पर ॥ (२३)**

**यो सर्वेश्वर तीर्थको जल सुधा श्रीविष्णुपादोदक**
**यो हो पावन कुण्ड पूर्ण जलको भण्डार सत्योदक ।**
**श्रीदामोदर कृष्णको प्रियथली उत्कृष्ट तीर्थस्थल**
**गर्दा स्नान यहाँ परं गति भई पाइन्छ देवस्थल ॥ (२६)**

**घुम्टो चादरको हटी हिमचुली खुल्ला भई टल्किने**
**तारा पिल्पिल चाँदनी टहटहै आकाशमा झल्किने ।**
**सङ्लो त्यो जलवायु स्वच्छ छहरा वृक्षादि हुन्छन् यहाँ**
**पृथ्वीकै शिरमा प्रभाव रविले सिन्दूर छर्छन् जहाँ ॥ (२२०)**

उक्त कवितामा मुक्तिक्षेत्रको प्रकृति वर्णनका साथसाथै प्रातः कालीन सूर्यले पृथ्वीका शिरमा सिन्दूर छरेर विवाहोत्सव मनाएको चारुचित्रको उत्प्रेक्षा

अत्यन्त सुन्दर एवं उत्कृष्ट किसिमको छ । यहाँ अति सूक्ष्मरूपले भक्तिरसका साथ शृंगाररसको पनि सुमधुर सन्निवेश भएको छ । यही त हो- कविताको माधुर्य ।

मुक्तिक्षेत्रभन्दा उत्तरतिरका हिमशृंखलाहरूको वर्णन गर्दा कवि गौतमजीले त्यहाँको सौन्दर्य एवं महत्त्वलाई प्रस्तुत गर्नुका साथै अहिलेको डरलाग्दो परिस्थितिमा नेपाल देशको सुरक्षाको व्यवस्था पनि बताउनु हुन्छ- चाँदीका पर्खाल बनाएर । जस्तै-

**"चाँदीका परखाल झैं चहकिला सेताम्य चारैतिर**
**छन् दामोदर शृंखला गिरि, उता नीलाद्रिका छन् शिर ।**

**मध्ये ताहिं रहेर मुक्ति गिरिमा यो क्षेत्र मुक्तिस्थल**
**पानी भुल्भुल बीच दन्दनबली ज्योति त्यहाँ झल्मल ।। (२२३)**

**मुक्तिक्षेत्र सुरम्य नाम यसको यो मुक्तिदायी स्थल**
**ती देवादि समस्त विष्णु शिव औ ब्रह्मादि बस्ने स्थल ।**
**यो पुण्यस्थलको अनन्त महिमा यो मुक्तिकै द्वार. हो**
**श्रीदेवस्थल मुक्तिनाथ भवमा विख्यात यो धाम हो । (२।२९)**

यसरी कवि गौतमज्यूले प्राचीन संसारको कथामा नवीनता र सौन्दर्य पनि मिलाएर कलात्मक कविता प्रस्तुत गर्नुभएको छ । यो पढ्ने र सुन्ने जनहरू मुक्तिक्षेत्रको तीर्थ पर्यटन गर्न अवश्य आकर्षित हुन्छन् भन्ने मेरो विश्वास छ। यस काव्यको तृतीय सर्गमा शालिग्राम शिलाको वर्णनसहित उत्पत्तिको कथा छ। वास्तवमा यो काली गण्डकीको शिरदेखि मुक्तिनाथसम्म तथा यसका किनारमा र गर्भमा समेत शालिग्राम (चक्रशिला) हरूको वास हुन्छ । खोज्दै जाँदा देवघाटसम्म पनि शालिग्राम भेट्टाउन सकिन्छ । काली गण्डकीमा बाहेक अन्यत्र संसारभर कतै पनि शालिग्राम पाइन्नन् । जहाँ छन् ती पनि काली गण्डकीबाटै लगिएका हुन् । यो पुराणप्रसिद्ध प्रत्यक्ष इतिहास हो । काली गण्डकीको वैभव एवं महत्त्व भनेकै शालिग्राम शिला हुन् । जुन ठाउँमा काली गण्डकीको नामको अस्तित्व हराउँछ । त्यसपछि शालिग्राम शिला पनि भेट्टिदैनन् । दामोदर कुण्डमा शालिग्राम शिलाको पहिरो नै चल्छ । चक्रशिला अथवा हिरण्यगर्भ पनि शालिग्रामशिला नैं हुन् । विष्णु, शिव आदि देवताहरू शालिग्राम बनेर गण्डकीमा बस्दछन् । यही कुराको वर्णन कवि गौतमजीका कवितामा हेरौं -

**'हे गङ्गे ! कसरी तिमी भन यहाँ कुँद्छ्यौ शिला पत्थर**
**शालिग्राम विचित्र रूप रङ्का देख्दा बडो सुन्दर ।**
**साना वर्तुल छन् कुनै अलि ठुला आवर्त रेखा जति**
**हुन् यी पुण्यशिला विभिन्न तहमा काला र चिल्ला कति ।।३।३।।**

**कालीका तट मात्र यो जल शिला अन्यत्र पाइन्न रे ।**
**गंगा वा यमुनादिका जल कतै यो हुन्न भेटिन्न रे ।**
**तस्मात् विष्णुशिला विचित्र छ कला श्रीगण्डकी उद्भव**
**हुन् यी ब्रह्म परं स्वरूप महिमा पुज्दा दिने वैभव ।।३।।४।।**

**कालीका तटका सबै बगर नै यी तीर्थका रूप हुन् ।**
**शालिग्राम शिला बनेर हरिले बस्ने यहाँ गर्दछन् ।**
**कृष्णाका जलमा सबै किसिमका हड्डी र ढुङ्गा पनि**
**टुक्रा-टाक्रि र पत्थरादि जति छन् द्यौता शिला हुन् यिनी ।।३।८।।**

कवि गौतमजीका उक्त कविताहरूका आशयलाई कवि शिरोमणि लेखनाथले आफ्नो नैतिक दृष्टान्त कवितामा पनि "योग्यस्थान विषे मान सानाले पनि पाउँछ । कृष्णाका तटको ढुङ्गो देवता कहलाउँछ ।" भनेर उहिल्यै पुष्टि गरेको देखिन्छ ।

यसरी पवित्र शालिग्राम शिलाको वर्णन गरेपछि कवि गौतमजी काली गण्डकीका तटवर्ती क्षेत्रहरूको वर्णन गर्दै त्यहाँ मुस्ताङ गुम्बा, वेणी, कार्यालय, कृषिफर्म आदि प्रकृतिसुन्दर स्थलहरूको वर्णन गर्दै बाग्लुङ, गलेश्वर, एवं रुद्रवेणी र पुलहाश्रमसम्म आउनुभएको छ । यसपछि काली गण्डकीमा बाँध बाँधेर बिजुली निकालेको र त्यसबाट बिजुली झलमल्ल भएको वर्णन गरेर प्राचीन कथाका साथमा आधुनिक विकासको कथालाई पनि जोड्दै तेस्रो सर्ग समाप्त गरिएको छ ।

यसबाट काली गण्डकी खण्डकाव्यमा कवि गौतमज्यूले अध्यात्मवाद र भौतिकवादलाई एकै सर्गमा जोडेर आफू समन्वयवादी भएको कुरा पनि ध्वन्यात्मक रूपबाट संकेत गर्नुभएको छ । यसकाव्यको चतुर्थसर्गमा काली गण्डकीको तटवर्ती रुरुक्षेत्र तीर्थको उत्पत्तिको कथा वर्णन गरिएको छ । यस कथाले पूर्वोक्त अन्य कविहरूका काव्यहरूमा पनि विशेष ठाउँ पाएको छ ।

कथाअनुसार भगृवंशी एक देवदत्त नाम भएका मुनिले यही रिडीक्षेत्रमा आएर तपस्या गर्न बस्छन् । उनको तपस्याबाट डराएका इन्द्रले तपस्या भङ्ग गराउनका लागि मलयपवन, वसन्तऋतु र गन्धर्वहरूका साथ प्रम्लोचा अप्सरालाई त्यहाँ पठाउँछन् । उनको हावभाव र कटाक्षमा आकर्षित भएका देवदत्त मुनिले प्रम्लोचाबाट एक बालिका जन्मिएपछि आफ्नो तपोभङ्ग भएको र गृहस्थ जीवन चलेको होस् पाउँछन् । अनि प्रम्लोचालाई र बालिकालाई त्याग गरेर काली गण्डकीका पूर्वपट्टिको भृगुतुङ्गेश्वर नामको गुफामा पुगी त्यहीं बसेर शिवजीको तपस्यामा संलग्न हुन्छन् । पछि तपस्याबाट प्रसन्न भएका शिवजीले उनलाई यथेष्ट वरदान दिन्छन् । यता प्रम्लोचा पनि देवदत्त मुनिको तपोभङ्ग गर्न सफल भएपछि बालिकालाई त्यहीं छोडेर आफ्नो बाटो लाग्छिन् । अनाथिनी बालिकालाई 'रुरु' नामका मृगहरूले आफ्नो दूध चुसाएर लालन पालन गर्छन् । त्यसैले यी बालिकाको नाम पनि 'रुरु' रहन्छ । पछि उमेर पुगेपछि ती रुरु नामकी बालिका भोगेच्छापट्टि नलागी गण्डकीका जलमा नित्यस्नान गरी भगवान् विष्णुको तपस्यामा संलग्न हुन्छिन् । आफ्नो तपोबलले भगवान् विष्णुलाई प्रसन्न पारेकी 'रुरु' कन्याले उहाँलाई शंख, चक्र, गदा, पद्मसहित यसक्षेत्रमा विराजमान भइरहन प्रार्थना गर्छिन् । विष्णु भगवान्ले रुरुकन्याको इच्छानुसार आफू त्यहाँ विराजमान भई बस्ने र यो क्षेत्र पनि रुरुकन्याको नामबाट प्रसिद्ध भइरहने आशीर्वाद दिएर अन्तर्ध्यान हुनुहुन्छ । त्यसपछि रुरुकन्याले विष्णुको स्तुति गर्छिन् ।

यता कालान्तरमा काली गण्डकीमा स्नान गर्न पुगेका पाल्पाली राजा मुकुन्द सेनले नदीमा हृषीकेश भगवान्को दर्शन पाउँछन् र मूर्ति बाहिर निकालेर रुरुक्षेत्रमा स्थापना गर्दछन् । यही कथालाई सुन्दर कवितात्मक रूपमा कवि युवराज शर्माजीले चतुर्थ सर्गमा प्रस्तुत गर्नुभएको छ । साथै आफूले त्यहाँ बाल्यजीवनमा अनुभव गरेका संस्मरणसहित त्यहाँको परिवेष एवं २०१८ सालमा काली गण्डकीको बाढीले रिडी बजारमा पुऱ्याएको क्षतिको पनि सम्झना गरेर त्यहाँ एकादशी तथा माघे सङ्क्रान्ति पर्वमा रमाइलो मेला लाग्ने गरेको वर्णन पनि गर्नुभएको छ। जस्तै–

**'लामो तपस्या रुरुले गरेर श्री विष्णुसन्तुष्ट जहाँ भएर ।**
**गर्भस्थ कालीजलमा लुकेका द्यौता हृषीकेश यिनै भएका ।।४१।।**

**नामी ती ऋषि देवदत्त अधिका विद्वान् बडा साहसी**
**गर्थे श्री हरिको सदा तप यिनी काली किनारा बसी ।**
**हुन्थ्यो धेर कठोर नित्य तपले धर्ती यहाँ कम्पन**
**राजा स्वर्ग समेतमा डर भई गर्थे बडो चिन्तन ।।४।।३।।**

**कालीका तटमा रही रुरु सदा हुन्थिन् तपस्या रत**
**खान्थिन् शुष्क तृणादि पात र जरा ध्यानी बनी पूर्णतः ।**
**चिम्ली लोचन नित्य 'चिन्मय परं तत्त्वं महाभास्वरम्'**
**जप्तै काल बिताउँथिन् हरघडी भज्दै 'परेशं हरिम्' ।।४।८।।**

सयवर्षसम्म भगवान् विष्णुको तपस्या गर्दा सबै इन्द्रियहरू शिथिल भैसकेकी 'रुरु' कन्याका गालामा छोएर भगवान् विष्णुले उनका सबै इन्द्रियहरूलाई जाग्रत गराउनुभएकोले 'रुरु' कन्याले 'हृषीकेश' भगवान्को त्यस ठाउँमा अवस्थितिको अनुरोध गरेको कारण खुलाउँदै कवि गौतम लेख्नुहुन्छ –

**नित्यस्नान छ गण्डकी जल डुबी हर्दम् रही निर्मल**
**गर्थिन् आखिरमा कडा तप यहाँ सम्मन् नखाई जल ।**
**मूढा झैं हुनगो शरीर यिनको वर्षै बितेछन् सय**
**कन्याका जति इन्द्रियादि पनि छन् सारा भए निष्क्रिय ।।४।९।।**

**त्यो जानी हरिले त्यहीं नजिक गै गाला मुसारीकन**
**सारा इन्द्रियमा गराउनु भयो सञ्चार शक्तिक्रम ।**
**देखिन् ती रुरुले स्वरूप हरिको साकार विश्वम्भर**
**गर्थिन् दण्डवतादि-दर्शन उठी जाग्रत् हुँदा इन्द्रिय ।।४।१०।।**

**कन्याको सय वर्षको तपपछि श्री विष्णु सन्तुष्ट भै**
**दिन्थे दर्शन, भन्दथे- 'म रहुँला बाले हृषीकेश भै ।**

**नामी क्षेत्र हुनेछ दिव्यथल यो तिम्रै महान् नामले**
**होला श्रीरुरुतीर्थ धाम जगमा मान्ने सबै लोकले ।।४।।११।।**

**बाला ती रुरुले कठोर तपले पाएर ठूलो वर**
**कालीका जलगर्भबाट भगवान् श्रीविष्णु योगेश्वर ।**
**आए आयुध शंख, चक्र र गदा पद्मादिले युक्त भै ।।**
**साक्षात् मूर्ति सुरूप धारण गरी द्यौता हृषीकेश भै ।।४।।१२।।**

यसैगरी २०१८ सालको वर्षा ऋतुमा रिसाएर आफ्नो उग्ररूप देखाएकी गण्डकीलाई कवि युवराज शर्मा गौतम यसरी प्रार्थना गर्दै प्रसन्न पार्नुहुन्छ -

**"गङ्गे रूप नहोस् प्रचण्ड कहिले हाम्रो यही प्रार्थना**
**बिन्ती यो छ, रहू प्रसन्न जननी ! तिम्रो सधैं सम्झना ।**
**गर्छौं स्नान र पूजनादि जलमा हे कालि ! हे गण्डकी !**
**तिम्रै काखमहाँ समर्पण सदा हाम्रो छ यो जिन्दगी ।।४।।२७।।**

यस्तो प्रार्थना गरेपछि बाल्यजीवनमा आफू काली गण्डकीमा आई पौडी खेल्दै नुहाएको, खेलेको, दौडेको इत्यादि संस्मरणपूर्वक रिडी बजारमा लाग्ने ठूली एकादशी र माघे सङ्क्रान्तिमा लाग्ने मेलाको गहकिलो सम्झना साथ रामदीघाट एवं रामपुर भन्ने ठाउँमा उहिलेका राजा राम र रानी जानकी आएर वास बसेको सम्झदै सर्गको अन्त्यमा स्रग्धरा छन्दमा गण्डकीको स्तुति गर्दै चौंथो सर्ग समापन गरिएको छ ।

यस काव्यको पाँचौ सर्ग काली गण्डकीको पुछार भनौं देवघाटदेखि त्रिवेणीसम्म केन्द्रित छ । जब देवघाट क्षेत्रमा त्रिशूलीसहितका अन्य छओटी गण्डकी आएर कालीमा मिसिन्छन् अनि सप्त गण्डकीहरूको एउटै रूप नारायणी नाम चल्दछ। देवघाट जो हरिहर क्षेत्र हो र यसको नाम पनि देवाटः हो भनेर माथि पनि चर्चा गरिएको छ । यस क्षेत्रलाई काव्यमा विशेष महत्त्वका साथ प्रस्तुत गरिइएको छ र त्यहाँ भएका मन्दिर, तपस्थली, आश्रम, गुफा एवं पाठशाला र विद्यार्थीहरू बस्ने छात्रवास आदिको उल्लेखपूर्वक यस्ता पवित्र गुफाहरू भएका ठाउँमा पहिले पनि ऋषिवृन्दले धर्मशास्त्र एवं पुराणादि ग्रन्थ लेखेका थिए भन्ने कुराको सम्झना गरिएको छ ।

अर्वाचीन समयमा पाल्पाली राजा मुकुन्दसेन पनि यहाँ आएर तपस्या गरी बसेका, शालिग्राम शिला जसलाई ओङ्कारेश्वर अथवा शिवशिला भन्ने नाम दिइएको छ तिनको पूजा गरेकाले यो देवघाट तीर्थ काशी र प्रयाग तीर्थसरी महत्त्वशाली एवं दिव्य धाम छ भन्दै क्रमशः वाल्मीकि आश्रम र त्रिवेणीधामका विशिष्ट स्थलहरूको पनि वर्णन गरेर यो काव्यको समाप्ति गरिएको छ । केही नमूना हामी पनि हेरौं -

'ठूला नदी संगम देवघाट नारायणी पुण्य नदी र घाट ।
ओंकार देवेश शिला तमाम प्रयाग काशीसरि दिव्य धाम ॥५।१॥

कालीका जलसाथ सङ्गम हुने गङ्गा त्रिशूली भइन्
यी गंगा दुइको यहाँ मिलनले नारायणी बन्दछिन् ।
गंगामा यमुना मिलेसरि हुँदा यो तीर्थ पुण्यस्थल
द्यौता तेत्तिस कोटिको प्रियथली हो देवघाट स्थल ॥५।२।

कृष्णाभा जल साँवलो अनि उता सेतो त्रिशूली जल
मिल्दासंगम भो र नील जलको नारायणी उज्वल ।
साँच्चै तीर्थ विशेषको स्थल हुँदा द्यौता स्वयं स्वर्गतः
आई स्नान जपादि कृत्य गरिने यै तीर्थ हो मुख्यतः ॥५।३॥

राजा सेन मुकुन्दजी अघि यहाँ बस्थे तपस्या गरी
गंगा स्नान गरेर पूजित शिला थाप्ने व्यवस्था गरी ।
ओंकारेश्वर नामका शिवशिला प्राचीन यो मन्दिर
त्यस्तै अन्य मठादि मूर्ति कति हुन् द्यौताहरूका घर ॥५।७॥

धेरै मन्दिर देवमूर्ति गतिला संस्था प्रतिष्ठान ती
विद्वान्, सन्त, महन्त, पण्डितहरू, व्याख्यानकर्ता जती ।
गर्छन् नित्य विचार मन्थन यहाँ अध्यात्मकै छल्फल
गंगा संगमले प्रयागसरि यो द्यौघाट पुण्यस्थल ॥५।८॥

आस्थाका स्थल यज्ञ - मन्दिर जहाँ होमाग्निशालाहरू
पढ्ने वेद - - पुराण छात्र गणले छन् पाठशालाहरू ।
हर्दम् गुञ्जन वेदको ध्वनि विराट् अध्यात्मको राज्य यो
हो धर्मस्थल देवघाट जगमा कैवल्यको धाम यो ॥५।९॥

गंगाकै तटपूर्व जंगलविषे वाल्मीकिको आश्रम
ताहीं ती तमसा नदी तटसँगै यो तीर्थ पुण्याश्रम ।
श्री वाल्मीकि महर्षि तापस बडा श्रीरामका भक्त हुन् ।
यी रामायण काव्यका रचयिता पैला कवि प्राज्ञ हुन् ॥५।१२॥

यो हो तीर्थ पवित्र धार्मिक जगत् सिद्धस्थली आश्रम
ऐले मात्र हुँदो छ जंगल फगत् प्राचीन तीर्थाश्रम ।
देखिन्छन् अवशेष वस्तु कविता यी हुन् पुरातात्त्विक
छिट्टै खोज विकास रक्षण यहाँ गर्नू छ आवश्यक ॥५॥१७॥

त्यसैगरी यही नारायणी नदीको त्रिवेणीमा पहिले कुनैबेला इन्द्रद्युम्न नाम गरेका राजा गजेन्द्र भएकाले र हुहु नामका गन्धर्व भएर रहँदा त्यहाँ गजेन्द्रलाई गोहीले समातेको कथा बताउँदै भगवान् विष्णुलाई सम्झनासाथ उहाँले गजेन्द्र र गोही दुबैलाई मोक्ष दिएको प्रसंग पनि यहाँ विशेष उल्लेखनीय छ। जस्तै-

**यो हो धाम पवित्र संगम नदी मिल्ने त्रिवेणीस्थल**
**त्यस्तै तीर्थ 'गजेन्द्रमोक्ष' हुनगो द्यौताहरूको स्थल ।**
**यज्ञस्नान जपादि कृत्य गरिने उत्कृष्ट पुण्यस्थल**
**बस्ने ईश गजेन्द्र मोक्ष हरि नै वैकुण्ठ जस्तै स्थल ॥५।२२॥**

यस्ता सुन्दर कविताहरूका साथ यो पाँचौं सर्गको अन्तिममा उपसंहार गर्नुहुन्छ कवि युवराज शर्मा गौतमज्यू- अरू पाँच श्लोक कविताहरू थपेर । ती पाँच श्लोक अझ विशेष महत्त्वपूर्ण छन् किनभने तिनले हाम्रो धर्मसंस्कृति सभ्यता र आर्षपरम्पराको वैभव बताएका छन् ।

यी उपसंहारमा प्रस्तुत पाँच श्लोकहरूले यो काली गण्डकी काव्य लेख्नाको उद्देश्य एवं लेखकको आफ्नो आशयसमेत बताउँछन् । साथै यी सबै काली गण्डकीका महिमा, वैभव, गौरव अथवा वैशिष्ट्यहरू सबै स्कन्दपुराण एवं वराहपुराण आदि शास्त्रहरूमा वर्णित छन्, तिनैलाई जम्मा गरेर प्रस्तुत गरिएको हो भन्ने विनम्रता प्रदर्शन गर्दै गण्डकीको स्तुति गरेर काव्य समापन भएको छ । यसरी -

**"हाम्रो देश महान् सती र शिवको यो विश्वकै मस्तक**
**सीता शील र बुद्ध - शान्ति समता आदर्शका द्योतक ।**
**सारा धर्ति भई सुगन्धित नयाँ बास्ना सुसञ्चारित**
**गर्दै राष्ट्र हुँदो छ सुन्दर हरा श्रीगण्डकी सिञ्चित ॥५।२४॥**

**गंगा संस्कृति गण्डकी प्रकृतिको प्राचीन हो सभ्यता -**
**लेकाली जलवायु रम्य गिरि छन् शालीनता, भव्यता**
**कालीफाँट जमीन उर्वर यिनै पाखापखेरा भरी**
**बढ्थ्यो आर्यपरम्परा बगरमा यै लेक-बेसी गरी ॥५।२५॥**

**हाम्रो धर्म फराकिलो जगतमा भ्रातृत्व सन्देश हो**
**सेवाकर्म समस्त विश्व धरती आफन्त आत्मीय हो ।**
**प्राणीमात्र दया विवेक ममता - 'सत्यं शिवं सुन्दरम्'**
**हिन्दू बौद्ध समान वैदिक महान् आदर्श हाम्रो छ 'ओम्' ॥५॥२६॥**

हाम्रा हुन् शिव इष्ट देव र यहाँ काली नदी गण्डकी ।
हुर्क्यो शाश्वत धर्म मानव जगत् सम्मानको संस्कृति ।
भेटिन्छन् अवशेष तत्त्व यिनकै कोल्टा किनारा यहाँ
पाएथ्यौं शिवशक्ति ऐक्य, समता, आदर्श आभा जहाँ ॥५।२७॥

काली उद्‌गम सङ्गमादि थलका संक्षेपमा गन्थन
हुन् यी स्कन्दपुराण शास्त्र सबमा उल्लेख छन् वर्णन ।
आफ्नै संस्कृति गण्डकी प्रकृतिका झाँकीहरू आँकिए
लागेका मनमा कुरा जुन थिए लेखी यहाँ राखिए ॥५२८॥

## (५) काली गण्डकी खण्डकाव्य - एक निष्कर्ष

गण्डकीका कविता एवं काव्यहरूको सापेक्षतामा विचार गर्दा श्री युवराज शर्मा गौतमज्यूको काली गण्डकी खण्डकाव्य प्रकृतिरमणी काली गण्डकीरूपिणी मातृशक्तिप्रतिको समर्पणमय भक्तिभावले पूर्ण छ । प्रत्येक सर्गका अन्त्यमा स्रग्धरा छन्दमा लेखिएका गण्डकीका स्तुतिपद्यहरूले कवि गौतमजीलाई भक्त कविका रूपमा पनि प्रस्तुत गर्दछन् । साथै श्रीमद्‌भागवत महापुराणमा निर्देश गरिएको

**'मृषागिरस्ता ह्यसतीरसत्कथा न कथ्यते यद् भगवानधोक्षजः '**
**(बेकारका हुन् सब काव्य गन्थन श्रीविष्णुको हुन्न भने त मन्थन)**

भन्ने वाक्यअनुसार यस काव्यमा प्राकृतपुरुष श्रीमुक्तिनाथको, शालिग्रामशिलाको एवं हृषीकेश भगवान्‌को महनीय मूर्तिलाई रुरुक्षेत्रमा स्थापना गरिएको कुराको समेत सुन्दर वर्णन गरिएको हुनाले यो काली गण्डकी सत्काव्य बन्न पुगेको छ किनकि यसमा मातृपितृभक्ति दुबै प्रकट गरिएको छ ।

शार्दूलविक्रीडित जस्तो भानुभक्तको रामायणदेखि प्रसिद्ध हुँदै आएको छन्द र शैलीले खण्डकाव्यको रचना लयात्मक रूपले सहज संवेद्य एवं अनुभूतिशील हुन पुगेको छ । फेरि यसमा आर्यसंस्कृतिका साथै प्रकृति देवीका पुत्रहरूले प्रकृतिको पूजा गर्ने परम्परा एवं संस्कार प्रस्तुत गरिएको छ । जुन आजको नयाँ पुस्ताका लागि अत्यन्त अनुकरणीय विषय हो ।

यो खण्डकाव्य साहित्यिक दृष्टिले विचार गर्न सकिने पूर्वोक्त लक्षणसँग ठ्याक्कै मिलेको छ । यसमा प्रकृतिदेवी अर्थात् काली गण्डकी नायिका छन् । कुनै प्रकारको ग्राम्य, श्रुतिकटुत्व आदि दोष छैनन् । हितकुराको उपदेश छ । रसको कुरा गर्ने हो भने यसमा आदिदेखि अन्त्यसम्म भक्तिरस भरिपूर्ण छ । गुणका हिसाबले यसमा प्रसादगुण सर्वत्र देखिन्छ । यस काव्यमा अनुप्रास, उपमा, उत्प्रेक्षा, स्वभावोक्ति आदि अलङ्कार पनि प्रशस्त परेका छन् । भाव भनेको विचार

हो । यो खण्डकाव्य राष्ट्रिय भावनाले ओतप्रोत छ । कविले आफ्नो राष्ट्रको गौरवमयी पुण्यसलिला, शालिग्रामगर्भा काली गण्डकीको वैभवलाई प्रस्तुत गर्नुका साथै जन्मभूमि अर्थात् स्वदेशको पनि गौरवगान गर्नुभएको छ । यही नैं यस खण्डकाव्यको मुख्य भाव हो । अतिसरल भाषामा सहजतापूर्वक मिठासपूर्ण छन्दमा प्रस्तुत गरिएको हुनाले कवितामा सौन्दर्य भरिएको छ । सर्गका आदि र अन्त्यमा भएको छन्दको परिवर्तनले माधुर्य पनि थपिएको छ । यसमा कवि गौतमजीले करीब ३ सर्ग थपेर गण्डकीलाई गंगासागर संगमसम्म पुऱ्याई समुद्रमेलन गराउनुभएको भए त यसले सहजै सुन्दर महाकाव्यको रूपलिन सक्ने थियो । अहिले १५७ श्लोक भएको यस खण्डकाव्यमा नै पनि कविताले शिल्प, परिष्कार एवं भावगाम्भीर्यको उचाइलाई छोएकै छन् ।

अन्त्यमा यहीं होस् अथवा अर्कै होस्, कवि युवराज शर्मा गौतमबाट महाकाव्यको सिर्जना हुन सकोस् भन्ने शुभकामना प्रकट गर्दछु ।

## ६. गण्डकी काव्य- एक मूल्याङ्कन

उपचर्चित गण्डकी काव्यहरूको परिशीलन गर्दा हाम्रो सांस्कृतिक एवं सामाजिक मान्यता र परम्पराअनुसार प्राप्त संस्कारअनुरूप दुई प्रकारका गण्डकी काव्यहरू देखापर्छन् । तीमध्ये गण्डकी क्षेत्रको प्राकृतपुरुष प्रधान काव्यको नेतृत्व कविशिरोमणि लेखनाथको 'ऋतुविचार' खण्डकाव्यले गरेको छ। अर्को शब्दमा - गण्डकीक्षेत्ररूपी प्राकृतपुरुष-जो दिगम्बरतुल्य थियो- त्यसलाई षड्ऋतुवर्णनात्मक साहित्यिक परिधान पहिराउने काम कवि लेखनाथबाट भएको छ । हिमाद्रि महिमा काव्यलाई शिरोभाग नै मान्न सकिन्छ । त्यसमा मूल्यवान् शिरपेच पहिराउने काम कवि प्रह्लाद पोखे्रलको गोसाइँकुण्ड काव्यबाट भएको छ ।

देवघट्टवैभवम् कविता र धन्यो हिमवद्देश : कविता उक्त प्राकृत पुरुषका कोटका दुबैतर्फका गोजी तुल्य छन् । जहाँ महत्त्वपूर्ण वस्तुलाई सुरक्षा दिएर राखिएको हुन्छ। त्यस्तै हृषीकेशाष्टकम्, शालग्रामशिलाष्टकम् जस्ता कविताहरू उक्त कोटको गोजीभित्रै राखिने सामग्री भनौं वैभव हुन् । 'अनि 'रुरुवृत्तम् र रुरु गौरव' काव्यहरू घाँटीमा लगाउने सुन्दर माला हुन् ।

त्यसैगरी गण्डकी क्षेत्ररूपिणी प्रकृतिरमणी काव्यको नेतृत्व कवि मुकुन्दशरण उपाध्यायको प्राकृत पोखरा काव्यले गरेको छ । यसमा उहाँले प्रकृति रमणीलाई नुहाइ-धुवाइ गरी पारदर्शी रेशमी वस्त्रको परिधान - जो मूल्यवान् मानिन्छन् - पहिराउनु भएको छ । पोखराका सुन्तलाहरू त तोला सुनकै गहना बनेका छन्। प्राकृत पोखरा काव्यका दश सर्ग पढ्दा प्रकृतिरमणी नववधू बनेकी देखिन्छन् । अनि कवि माधवप्रसाद घिमिरे र कवि कृष्णप्रसाद ज्ञवालीका काली गण्डकी

कविताहरू उक्त नव बधूका हातमा लगाउन सुहाउने सुनका बालातुल्य बनेका छन् । कवि रामबाबुका 'गंगा' कविता पाउजेब बनेर मधुर आवाज निकाल्छन् । त्यसपछि कवि नीलम्बर पन्थीको 'पन्नगा परिकथा' काव्य तथा कवि देवेन्द्र लम्सालको 'ज्याग्दी र म' जस्ता काव्यहरू नववधूका दुबै हातका औंलामा लगाइने नङ पालिसतुल्य छन् । जसले हातका औंलालाई टलक्क टल्काएका छन् । कवि मुकुन्द शर्मा चालिसेको हिमबाला खण्डकाव्यले गण्डकी प्रकृतिलाई पङ्खा हम्किने काम गरेको छ भने कवि लाटो साथीको नयाँ मेघदूत खण्डकाव्यले झल्लरी छाता ओढाएको छ ।

यस सन्दर्भमा कवि युवराज शर्मा गौतमज्यूको प्रस्तुत 'काली गण्डकी ' खण्डकाव्य गण्डकीरूपिणी प्रकृति- रमणी नववधूका घाँटीमा लगाउन सुहाउने बहुमूल्य 'मुक्ताहार' बनेको छ । यसलाई श्रद्धाभक्ति प्रकट गर्ने सयपत्री फूलको सुनौलो माला पनि मान्न सकिन्छ अथवा सिद्धि - बुद्धिदायक मन्त्र जप गर्ने रुद्राक्षको माला भने पनि हुन्छ । मेरो दृष्टिमा त यो खण्डकाव्य प्रकृतिमाताको कण्ठहार स्वरूप मुक्ताहार नै हो । यसको परिधानले प्रकृतिरमणी काली गण्डकीको शोभा-सुषमा बढेको छ । अर्को एकै शब्दमा भन्ने हो भने गण्डकी काव्यहरूमा युवराज शर्मा गौतमजीको 'काली गण्डकी' खण्डकाव्य अहिलेसम्मको मूल्यवान् प्राप्ति हो । यस्तो महत्त्वपूर्ण खण्डकाव्य लेख्नुहुने कवि युवराज शर्मा गौतम विशेष धन्यवादको बहुमूल्य पगरी गुथाउन योग्य हुनुहुन्छ ।

प्रस्तुत वक्ता पनि गण्डकी प्रस्रवण क्षेत्रको सन्तति भएको र २।४ पटक काली गण्डकीका निर्मल जलमा स्नान गर्ने सौभाग्य पाएको हुनाले त्यसैको पुण्यफलस्वरूप आज काली गण्डकीका कविताहरू आचमन गर्ने सौभाग्य मिलेकोमा अत्यन्त प्रसन्न भएको छ ।

यसरी काली गण्डकीका कवितारूपी जल आचमन गर्ने सिंढीहरूको संरचना गरिदिनुभएकोमा श्रीयुवराज शर्मा गौतमज्यूप्रति आभार व्यक्त गर्दछु । अन्त्यमा-

**काली सेति र मादितुल्य दरिली अर्को दरौंदी अनि**
**मर्स्यांदीसँगमा बुढी पनि भइन् फेरि त्रिशूली पनि ।**
**सातै गण्डकीका प्रवाह जसरी नारायणीभित्र छन्**
**तिम्रा काव्यकला विचित्र लहरी यस्तै गरी बग्दछन् ।।१।।**

**भागीरथी तुल्य जहाँ त्रिशूली**
**छन्, श्यामवर्णा यमुना त काली ।**
**सरस्वती - सेति समान भेटौं**
**प्रयागमा जीवन - पाठ मेटौं ।।२।।**

**ooo**

# गण्डकी–गाथा

✍ **दीन पन्थी**
**तम्घास, गुल्मी**

## १. विषयप्रवेश

मान्छेको सामाजिक, आर्थिक एवं साँस्कृतिक अभ्युदयमा नदीहरूको ठुलो योगदान रहेको छ । सभ्यता, संस्कृति र साहित्यमा समेत नदीहरूको प्रभाव परेको देखिन्छ । नदीहरू श्रद्धेय छन् । अझ हिन्दुसमाजमा त नदीहरू श्रद्धा, सम्मान र विश्वासका प्रतीक मानिन्छन् । सके पवित्र नदीहरूमा डुबुल्की लगाएर स्नान गर्ने, नसके घरमै स्नान गर्दा 'हरहर! गंगे' 'गंगे च यमुने चैव' भन्दै पवित्र नदीका नामोच्चारण गर्ने हाम्रो जीवनशैली हो । हिन्दुसमाजमा नदीहरू जलस्रोत मात्र होइनन् साक्षात् देवी हुन् भन्ने विश्वास गरिन्छ । देवीको रूपमा पूजा, स्तुति र आरतीसमेत गरिन्छ । हाम्रा पुराणहरूमा विभिन्न नदीहरूका उत्पत्तिका अलौकिक कथाहरू छन् ।

नेपाल नदीहरूको देश हो । एउटा सानो भूखण्डभित्र यति धेरै नदीहरू भएका अरू देश छैनन् । कोशी, गण्डकी, कर्णाली एवम् यिनका दर्जनौ सहायक नदीहरूको प्रस्रवण क्षेत्र हो नेपाल । पुरानो संरचनामा नेपाल चौंध अञ्चलमा विभाजित थियो । चौंधमा दश अञ्चलका नामहरू नदीका नाममा थिए । वर्तमान संरचनामा पनि सात प्रान्तमध्ये चार प्रान्तको नामकरण नदीहरूको नाममा गरिएको छ । यसबाट पनि हाम्रो समाजमा नदीहरूको महत्वको पुष्टि हुन्छ ।

यस संक्षिप्त आलेखमा नेपालको मध्यभागमा भएर बग्ने गण्डकी नदीको परिचर्चा गर्ने प्रयास गरिने छ । गण्डकीमध्ये मुख्य काली गण्डकी नदीको धार्मिक महिमाको विशेष चर्चा गर्ने प्रयास गरिने छ ।

## २. 'गण्डकीका उत्पत्तिका कथा'

नेपालको मध्यभागमा बग्ने नदीलाई गण्डकी भनिन्छ । मूलतः मुक्तिनाथ हुँदै बग्ने काली नदीलाईनै गण्डकी भनिए पनि सप्त गण्डकीको समुच्चयलाई गण्डकी भन्ने चलन छ । स्कन्द पुराणको हिमत्वखण्डमा वर्णन भए अनुसार नीलकूट पर्वतको छेउछाउमा पार्वतीका सात अंगबाट पसिनाको रूपमा सात धाराहरू बगे । तिनमा सर्वप्रथम गण्ड नामक ऋषिले स्नान गरे । पार्वतीको वरदानले ती धाराहरूको नाम गण्ड ऋषिको नाममा गण्डकी रह्यो । यसै अनुसार पार्वतीको बायाँ पाउबाट उत्पन्न भएकी धर्मधारा (त्रिशुली) माहेश्वरी देवीकी प्रतीक हुन् । पार्वतीको चिउँडोबाट उत्पन्न भएकी यशोधारा (बुढीगण्डकी) ब्राह्मी देवीकी प्रतीक हुन् । पार्वतीको बायाँ ओँठबाट उत्पन्न भएकी विश्वधारा (मर्स्याङ्दी)

नारसिंही देवीकी प्रतीक हुन् । पार्वतीको गालाबाट प्रकट भएकी सितप्रभा (मादी) देवी वैष्णवीकी प्रतीक हुन् । पार्वतीको केशराशिबाट प्रकट भएकी रत्नधारा (दरौंदी) देवी कौमारीकी प्रतीक हुन् । पार्वतीको शिरबाट प्रकट भएकी सुवर्णधारा (सेती) देवी कालीकाकी प्रतीक हुन् । पार्वतीको आँखाँको कुनाबाट प्रकट भएकी कृष्णाभा (काली गण्डकी) देवी गंगाकी प्रतीक हुन् । त्यसैले यिनलाई काली गंगा पनि भनिएको छ ।[१]

गण्डकीका सातै धाराहरू पवित्र मानिन्छन् । यी मध्ये काली गण्डकीको महिमा सर्वाधिक छ । काली गण्डकी अर्थात् कृष्णाभाको जलको आभा कालो भएकोले यिनी कृष्णा भनिन्छिन् । विश्वमै शालग्राम पाइने एकमात्र नदी भएकीले यिनी शालग्रामी या चक्रनदी पनि भनिन्छिन् । सदा जलले परिपूर्ण हुने हुँदा यिनलाई सदानीरा पनि भनिन्छ । दामोदर कुण्डदेखि हरिक्षेत्रमा गंगाजीमा विलय नहुँदासम्म यिनको नाम गण्डकी या गण्डक रहेकोले गण्डकी नदी समुच्चयकी मूल नदी काली नै भएको पुष्टि हुन्छ ।

अर्को तर्कअनुसार "भगवान् विष्णुले धेरै वर्षसम्म हिमालयको चुचुरामा बसी तपस्या गरे । उनको तपस्याबाट संसारलाई आश्चर्यमा पार्ने तेज प्रकट भएछ । त्यही तीब्र तेजको बाफस्वरूप तपस्वी विष्णुका दुबै गालाबाट पसिना उत्पन्न भए । गाला अर्थात् गण्डबाट पसिनाको रूपमा बगेकीले यिनको नाम गण्डकी भयो ।

पसिनाबाट कुण्डरूपमा प्रकट भएकी यी नदी गण्डकीको नाममा प्रख्यात छन् । यिनको गर्भमा स्वयं विष्णु चक्राकार शालग्रामको रूपमा रहन्छन् । महेश आदि सकल देवताहरू शिलारूपमै यिनको गर्भमा रहन्छन् । शालग्राम गर्भमा राख्ने यी गण्डकी विश्वविख्यात छन् । आफु बग्ने क्षेत्रलाई पवित्र तीर्थ बनाउँदै बग्ने यी नदी ज्यादै पवित्र छन् ।"[२]

श्रीकृष्ण गण्डकीको उत्पत्तिको अर्को कथा यस्तो छ - 'शङ्खचूड दानवकी पत्नी तुलसी पतिव्रता थिइन् । यिनको सतित्व र विष्णुद्वारा प्रदत्त सवार्थसिद्धि' कवचका कारण शङ्खचूड अजेय बनेका थिए । उनले देवताहरूलाई जिते । पराजित देवताहरू विष्णुको शरणमा पुगे । विष्णुको आश्वासन पाएका देवताहरू शिवलाई सेनापति बनाएर युद्धमा अग्रसर भए । विष्णु पनि भिक्षुक बनेर शङ्खचूडसँग कवच माग्न पुगे । दानव भए पनि दानी र धर्मात्मा शङ्खचूडले भिक्षुकरूप विष्णुलाई कवच दिए । कवचहीन शङ्खचूड युद्ध गर्न गए । यता शङ्खचूडको भेषमा विष्णु तुलसीको सतित्वहरण गर्न पुगे । कवचहीन भएका शङ्खचूड तुलसीको सतित्व भंग हुन बित्तिकै युद्धमा शिवजीको हातबाट मारिए । शङ्खचूड मारिएपछि विष्णुलोक गए । उनको मृतदेहबाट शंखको उत्पत्ति भयो जो विष्णुको प्रिय भयो । विष्णुद्वारा छलपूर्वक सतित्वहरण भएकी तुलसीले विष्णुलाई 'ढुङ्गो भएर रहनू' भन्ने श्राप दिइन् । त्यसपछि भगवान् विष्णुले भने - "हो अब तिम्रो

यो शरीर नदी बन्नेछ, त्यो नदी गण्डकी भनेर प्रख्यात हुनेछ । त्यो गण्डकी नदी पवित्र र पुण्यदायी बन्नेछ । तिम्रा यी केशराशि पनि पुन्यदायी वृक्ष बन्नेछन् । तुलसीको केशबाट उत्पन्न भएकाले ती तुलसी भनेर विख्यात हुनेछन् । देवपूजनका लागि तीनै लोकमा तुलसीका फूल र पात सर्वश्रेष्ठ मानिने छन् ।" भगवान् विष्णुले यति भन्नबित्तिकै - तुलसी गण्डकी नदी बनिन् । भगवान् विष्णु पनि मनुष्यहरूलाई पुन्य प्रदान गरी कल्याण गर्न गण्डकीकै तटमा शिला भएर बसे ।[३] त्यो गण्डकी तट भनेको रुरुक्षेत्र हो । भगवान् स्वयं शिला बनेर हृषीकेशको रूपमा यहाँ बसेको यस प्रसंगले पुष्टि गर्छ । गण्डकी नदी र हृषीकेशको सम्बन्ध अटूट छ । गण्डकी र हृषीकेशलाई अलग्याउन हुँदैन ।

## २. काली गण्डकीको महिमा

भगवान् विष्णुले भनेका छन् - "धर्मक्षेत्रहरूमा श्रेष्ठ मुक्तिक्षेत्र हो पर्वतहरूमा श्रेष्ठ हिमालय हो नदीहरूमा श्रेष्ठ गण्डकी हुन् यी तीनै मेरा परम प्रिय रहेका छन् ।[४] त्यसैले यी कृष्णा गण्डकी नदी परम पवित्र छन् । यस नदीमा भगवान् विष्णु सपरिवार सदा निवास गर्दछन् ।[५] विष्णु भगवान् देवताका पनि देवता हुन यी गण्डकी पनि तीर्थकी पनि तीर्थ हुन् । गौरी देवीको पसिनाबाट प्रकट भएकी पवित्र गण्डकीमा स्नानमात्र गर्नाले कोटि तीर्थमा स्नान गरेको फल मिल्दछ । प्रयाग, कुरूक्षेत्र र नैमिषक्षेत्रमा सय पल्ट स्नान गर्नाले त्यतिनै फल मिल्दछ ।"[६]

गण्डकी देवमाता हुन् । तेत्तीसकोटि देवताहरूलाई यिनले आफ्नो गर्भमा राखेकी छन् । भगवान् विष्णुसमेत गण्डकीको गर्भमा रहेका छन् त्यसैले भगवान् विष्णुसमेत गण्डकीका पुत्र हुन् । गण्डकी विष्णुमाता हुन् । एउटा कथा छ - "कुनै जमानामा नदीहरू देवीको स्वरूपमा पनि हिड्थे । गंगाजीले शन्तनु राजासँग बिहे गरेको सन्तानसमेत पाएको दृष्टान्त छ । कुनै बेला कुनै ठाउँमा नदीहरूको सम्मेलन भएछ । त्यस सम्मेलनमा गंगा, यमुना, सरस्वती, सिन्धु, नर्मदा, कावेरी, कौशिकी आदि धेरै प्रख्यात नदीहरू जम्मा भएका रहेछन् । गण्डकी उपस्थित भएकी थिइनन् । केही समय पछि उनी उपस्थित भइन् । उनलाई देख्नबित्तिकै गंगाजी जुरूक्क उठेर सादर प्रणाम गरिन् । यो देखेर यमुना लगायत नदीहरूले आश्चर्य मान्दै सोधे - तपाईं त सर्वश्रेष्ठ नदी हो, किन गण्डकीलाई उठेर सादर प्रणाम गर्नुभयो ? गंगाले भनिन् - हामी नदीहरू देवपत्नी हौं, गण्डकी भने देवमाता हुनुहुन्छ । भगवान् विष्णुकी पनि माता हुनुहुन्छ उहाँ । त्यसैले उहाँ हाम्री सासूआमा हुनुहुन्छ । त्यसपछि गण्डकीलाई सबैले सादर प्रणाम गरे ।"

गण्डकी नदीमा स्नानमात्र गर्नाले सम्पूर्ण पापहरू नाश हुने, रोग-शोक हट्ने र पूर्वजन्मका वृतान्तहरूको स्मरण समेत हुन्छ भन्ने जनविश्वास छ । "देवीको बायाँ

पाउबाट निर्मल पसिना बग्यो । त्यो पसिना एउटा गुफामा पुगेर तलाउ बन्यो । त्यस तलाउमा अत्यन्त बुढा र कमजोर गण्ड ऋषिले सभक्ति डुबुल्की लगाए । स्नान गरेर बाहिर निस्कँदा उनी पच्चीस वर्षका नवयुवक बने । उनका सबै पापहरू नास भएर उनले पूर्वजन्मका सबै कर्महरू सम्झे । उनले सर्वप्रथम नुहाएको त्यही तलाउबाट नदी बग्यो । गण्ड ऋषिकै नामबाट त्यस नदीको नाम गण्डकी भयो ।"[७] "गण्डकी सबै देवताकी जन्मभूमि र निवासस्थान हुन् । उनी सदा आनन्दकरी र नित्य मुक्तिदायिनी छन् । " "जसले कृष्णा गण्डकीको तटमा बसेर श्राद्ध गर्छ, त्यसले आफ्ना सबै पितृहरूको उद्धार गर्छ । गया तीर्थमा पिण्डदान गर्दा कर्तालाई जुन फल प्राप्त हुन्छ, कृष्णा गण्डकीको तटमा एक पल्टमात्र श्राद्ध गर्दा त्यो भन्दा सय गुणा बढी फल पाउँछ ।"[८]

जगत्गुरू आद्य शंकराचार्य हिन्दुजगत्का सर्वमान्य र प्रतिभासम्पन्न धर्मगुरू हुन् । यिनी धर्मका दिग्विजयी महापुरुष हुन् । शंकाराचार्यको जन्म आजभन्दा १२३५ वर्ष पहिले दक्षिण भारतमा भएको थियो । उनका स्तुतिकविताको शैली आकर्षक छ । उनको शैलीको मौलिकता विज्ञ पाठकहरूलाई बोध भइहाल्छ । दक्षिण भारतमा जन्मेका ३२ वर्षकै उमेरमा दिवंगत भएका शंकराचार्यले हिमालयवाहिनी श्रीकृष्ण गण्डकीको स्तुति रचना गर्नु आफैमा महत्वपूर्ण छ । यसले श्रीकृष्ण गण्डकीको प्रख्याति र महिमालाई उजागर गर्दछ ।' 'उनको गण्डकी स्तोत्रम्' मा भुजङ्गप्रयात छन्दका एघार श्लोकहरू रहेका छन् । यहाँ चारवटा श्लोकको सारसंक्षेप प्रस्तुत गरिएको छ –

"समस्त पाप हरण गर्न सक्ने भगवान् विष्णुको गालाबाट स्वेदरूपमा बगेकी हे गण्डकी ! तिम्रो सर्वोत्तम जल जसले छुन्छन् ती प्राणी धन्य छन् । " 'मान्छे होस् या वानर होस्, हात्ती होस्, गधा होस्, अथवा चर होस्, स्थावर होस्, भूचर होस् वा खेचर होस् । हे गण्डकी ! तिम्रो तटमा जो मर्छ त्यो वैकुण्ठलोकमा जान्छ । त्यससँग चतुर्बाहु, पीताम्बरधारी भगवान् विष्णु सदा प्रसन्न रहन्छन् ।'

'आहा ! देवी गण्डकी तिमी धन्य छौ । तिम्रो गर्भमा शिलाचक्ररूपमा स्वयं वैकुण्ठनाथ रहनुहुन्छ । शिलाचक्ररूपमा रहने शाक्षात् मुरारि नै हुनुहुन्छ । यसमा अविश्वास गर्नु हुदैन ।'

'हे गण्डकी ! तिम्रो तटमा गोल -गोल, गाजलझै काला, सुन्दर चक्राकार शालग्रामहरू हुन्छन् । भाग्यवान्ले मात्र ती प्राप्त गर्दछन् । तिनमा शिव, विष्णु वा देवीका स्वरूपहरू हुन्छन् । जसले भेटाउँछन् ती भाग्यमानीहरू कृतार्थ बनून् ।'

'हे गण्डकी ! तिमी सूर्यचन्द्रग्रहणको बेला कुरूक्षेत्रझैं पुण्यदायी छौ । माघ महीनामा तिमी प्रयागझैं पवित्र छौ । पितृश्राद्धको समयमा तिमी गयाझैं पुण्यदात्री छौ । मृत्यु हुँदा तिमी काशीझैं प्रसिद्ध मुक्तिदात्री छौ ।'

## ४. गण्डकीका धर्मक्षेत्रहरू

दामोदर कुण्डदेखि हरिक्षेत्रसम्म गण्डकी नदीको अस्तित्व छ । पवित्र नदीहरूमा विशेष ठाउँहरूमा धर्मक्षेत्रहरू हुन्छन् । हरेक संगमहरूमा नदीका पवित्र क्षेत्रहरू हुन्छन् । गण्डकी नदीका मुख्यतःपाँच धर्मक्षेत्रहरू छन् । ती हुन् - "पहिलो हिमाललयमा रहेको मुक्तिक्षेत्र, दोस्रो शालग्रामक्षेत्रको बीचमा रहेको रुरुक्षेत्र, तेस्रो सप्तगण्डकीको मिलन हुने हरिहरक्षेत्र (देवघाट) चौथो त्रिवेणीक्षेत्र, पाँचौं गंगाको संगम हरिक्षेत्र" :

## ४. (क) मुक्तिक्षेत्र

"मुक्तिक्षेत्र कृष्णाभा अर्थात् काली गण्डकीको सर्वोच्च क्षेत्र हो । यस क्षेत्रमा सर्वप्रथम ब्रह्माले तपस्या गरेका थिए । त्यहाँ पानीमा अग्निको आह्वान गरेर ब्रह्मा आफै होता भई हवन गरेका थिए । यद्यपि अग्नि र पानीको परस्परमा वैरभाव छ । त्यहाँ ब्रह्मा, विष्णु र शिव तिनैको उपस्थिति छ । विष्णुको मूर्ति जल हो, शिवको मूर्ति अग्नि हो भन्ने बुझ्नू । हवनमा संलग्न भएका ब्रह्माले ती दुबै जलरूप विष्णु र अग्निरूप शिवको आह्वान गरेर हवन गरे अर्थात् पानीभित्र रहेको ज्योतिस्वरूपमा हवन गरे"[९]

यस मुक्तिक्षेत्रमा स्नान गरेमा वा त्यहाँ देहत्याग गरेमा सम्पूर्ण प्राणीहरूले मुक्ति प्राप्त गर्दछन् त्यसैले यस क्षेत्रलाई मुक्तिक्षेत्र भनिन्छ । यस क्षेत्रमा भक्तिभावले तर्पण, श्राद्ध गरेमा सम्पूर्ण पितृहरू स्वर्गमा जान्छन् ।[१०]

भगवान् विष्णुले स्वयम् 'क्षेत्राणां मुक्तिक्षेत्रञ्च' भनेर मुक्तिक्षेत्रको महिमा बताएका छन् । "काली गण्डकीको गर्भमा रहेका सम्पूर्ण देवताहरू शालग्रामस्वरूपमा यही मुक्तिक्षेत्रमा आएर बसेका छन् ।" मुक्तिक्षेत्र भन्नाले माथि मुक्तिनाथ मन्दिर क्षेत्र, तल कागवेनीसंगम र त्यसको सेरोफेरोलाई बुझ्नुपर्छ । "माथि मुक्तिनाथबाट एकसय आठ धारा हुँदै बग्ने नदी मुक्तिधारा हो । मुक्तिधारा र कृष्णाभा अर्थात् काली गण्डकीको संगम भएको स्थान सम्पूर्ण तीर्थहरूमा सर्वोत्तम तीर्थ हो । यसको चाहना देवलोकले पनि गर्छ ।"[११]

स्नान र श्राद्धको लागि यो भन्दा उत्तम स्थल कतै पनि छैन । यस ठाउँलाई कागवेनी पनि भनिन्छ । "यो सबै क्षेत्र मुक्तिक्षेत्र हो, जहाँ भगवान् विष्णुको गालाको पसिनाबाट उत्पन्न भएकी नदीहरूमा श्रेष्ठ गण्डकी छन् । यस क्षेत्रको दर्शनमात्रले पनि मुक्ति प्रदान गर्दछ ।[१२]

## ४. (ख) रुरुक्षेत्र

काली गण्डकीमा रहेका धर्मक्षेत्रहरूमा मुक्तिक्षेत्रपछि रुरुक्षेत्रको नाम आउँछ । 'मुक्तिक्षेत्रदेखि तल बाह्र योजनसम्मको काली गंगाको क्षेत्रलाई शालग्राम क्षेत्र भनिन्छ । यस क्षेत्रमा भगवान् विष्णु शालग्रामको रूपमा नित्य निवास गर्छन् ।' रुरुक्षेत्रमा काली गण्डकी र रिणीको संगम भएको छ । काली गण्डकी र भगवान् हृषिकेशको उपस्थितिले रुरुक्षेत्र नेपालकै पवित्रतम धाम भएको छ । शालग्राम क्षेत्रमा पर्ने यो धाम प्रख्यात तपोभूमि पनि हो । यहाँ गोनिष्क्रमण तीर्थ, और्वाश्रम र भृगुतुङ्गेश्वरजस्ता पवित्र धार्मिक स्थलहरू पनि छन् । स्नान, पूजा, व्रत, श्राद्धका लागि यो स्थान ज्यादै पवित्र मानिन्छ । पुराणहरूमा वर्णन गरिएअनुसार गण्डकी र हृषीकेशको सम्बन्ध जननी र पुत्रको छ । दक्षिणतिर बगिरहेकी गण्डकी अकस्मात् पश्चिम बगेर रुरुक्षेत्रमा आउँछिन् आफ्नो पुत्रलाई भेट्छिन् र पुनः फर्केर पूर्वतर्फ लाग्छिन् । अहिले माता र पुत्रको प्रायः बिछोड परिरहेको छ ।

रुरुक्षेत्रको नामकरण देवदत्त ऋषि र प्रम्लोचा अप्सराकी पुत्री तपस्विनी रुरुकन्याको नामबाट भएको छ । रुरुकन्याको तपस्याबाट भगवान् प्रसन्न भई उनका इच्छाहरू भगवान्ले पूरा गरिदिएका थिए । रुरुका इच्छानुसार भगवान् विष्णु हृषीकेशको रूपमा यस क्षेत्रमा सदा निवास गर्ने भए । रुरुकन्याको नाममा यस क्षेत्रको नाम रुरुक्षेत्र रहने भयो । पुराणवर्णित यस धार्मिक क्षेत्रको ऐतिहासिक, सांस्कृतिक, धार्मिक महत्त्व ठूलो छ । जनआस्था विस्वास र प्रचलनले पनि यो क्षेत्र यस भू-खण्डकै चर्चित क्षेत्र हो । वर्तमान विकासले यस क्षेत्रलाई शुष्क र अनाकर्षक बनाएको छ । गण्डकी नहुँदा आस्था, विश्वासमा समेत कमी आएको छ । गण्डकीको एउटा धारा अनवरत आइरहने व्यवस्था गर्ने र तल बाँध बाँधी जलाशय निर्माण गर्ने हो भने रुरुक्षेत्रको प्राचीन भव्यता, धार्मिक विश्वास र सांस्कृतिक धरोहरको पुनरुत्थान हुनेछ । भौतिक निर्माणका काम भइरहेका छन् आस्था विस्वास र संस्कृतिका चुँडिएका तन्तुहरू जोड्ने प्रयास पनि गर्नुपर्ला । दामोदर कुण्ड र मुक्तिनाथबाट बगेको जलले नित्य हृषीकेशको अभिषेक गर्ने व्यवस्था नभै त्यो तन्तु जोडिने छैन । जनआस्था र विश्वास साना कुरा होइनन् ।

## ४.(ग) हरिहरक्षेत्र/देवघाट

'संयोगो गण्डकी नद्योस्तृतीय परिकीर्तितम्' सप्त गण्डकी नदीहरूको संयोग हुने क्षेत्र हरिहरक्षेत्र अर्थात् देवघाट हो । यहाँ हरिस्वरूप काली गंगा र हरस्वरूप त्रिशुली नदीको समागम हुन्छ । त्यसैले यो हरिहरक्षेत्र हो । यस क्षेत्रमा स्नान गर्दा पटक - पटक सात गण्डकीमा स्नान गर्दा मिल्ने फल एकैचोटि प्राप्त

हुन्छ । यस क्षेत्रमा गौरीका अंगबाट उत्पन्न भएका सबै पवित्र नदीहरू/गण्डकीहरू जम्मा भएका छन् । त्यसैले यो क्षेत्र पवित्र छ ।' यस क्षेत्रमा अर्थात् गण्डकीहरूको संगममा जसले स्नान गर्छन् तिनले यमालय देख्न पर्दैन । सबै पापहरूबाट मुक्त भएर ती परम गतिमा जान्छन् ।

हरिहरक्षेत्रभन्दा तल गण्डकीका दुई धर्मक्षेत्र छन् । त्रिवेणी क्षेत्र नेपालमा पर्छ । हरिक्षेत्र भने गण्डकी र गंगाको संगममा भारतमा पर्छ । ती दुबै क्षेत्रहरू पनि परम पवित्र र मुक्तिदायी मानिएका छन् ।

**प्रमाण–खण्ड**

१. *धर्मधारा यशोधारा विश्वधारा सितप्रभा*
*रत्नधारा सुवर्णाभा कृष्णाभाख्या च सप्तकाः*
*माहेश्वरी ततो ब्राह्मी नारसिंही च वैष्णवी*
*कौमारी कालिका गंगा गण्डक्यः क्रमशो मम ।*

२. *स्वेदस्तु कुण्डरूपेण जातस्ततो विनिः सृता*
*प्रवहन्ती गण्डकीति नाम्ना भुवि प्रचारिता*
*यस्यागर्भे स्वयं विष्णु चक्ररूपेण तिष्ठति*
*महेशाद्याः सर्वदेवा शिलारूपेण संस्थिता*
*शालिग्रामशिला भुत्वा विश्वविख्यातिमागताः*
*तीर्थीकुर्वन्ती वहति पवित्रा निर्मला सरित् ।*

३. *इयं तनुर्नदीरूपा गण्डकीति च विश्रुता*
*पूतां सुपुण्यदां नृणां पुण्ये भवतु भारते*
*तब केशसमूहाश्च पुण्यवृक्षो भविष्यति*
*तुलसी केशसम्भूता तुलसीति च विश्रुता*
*त्रिषु लोकेषु पुष्पाणां पत्रानां देवपूजने*
*प्रधानरूपा तुलसी भविष्यति वरानने ॥*
*अहञ्च शैलरूपेण गण्डकीतीर सन्निधौ*
*अधिष्ठानं करिष्यामि भारते तव शापतः ॥*
*सद्यस्तद्देहजाता च बभूव गण्डकी नदी*
*ईश्वरः सोऽपि शैलश्च तत्तीरे पुण्यदो नृणाम् ।*
***श्रीमद्देवीभागवत, नवमस्कन्ध– २४/३१,३२,३३,५६,९९***

४. *क्षेत्राणां मुक्तिक्षेत्रञ्च श्रेष्ठं गिरिषु शैलराट्*
*नदीषु गण्डकी श्रेष्ठा त्रयो मे परम प्रियाः ॥*
***हिमवत्खण्ड, परिशिष्टाङ्क गण्डकीक्षेत्र महात्म्यम्, प्रथमोध्याय/२२***

५. *तस्मादेव नदी श्रेष्ठा कृष्णाभा सा घटोद्‌भव*
*परिवारै समं सांशैर्विष्णुना नित्यसेविता ॥*
***हिमवत्खण्ड, ५५/७४***

६. *सर्वदेवमयो विष्णु सर्वतीर्थमयी च सा*
*गौरीस्वेदोद्‌भवांस्नानात्कोटितीर्थगुणं फलम् ।*
*प्रयागे शतधा स्नात्वा कुरुक्षेत्रे च नैमिषे*
*कृष्णाभायां सकृत् स्नात्वा फलं तुल्यभवेदिह ।*
***हिमवत्‌खण्ड-५५/७५, ७६***

७. ***हिमवत्‌खण्ड ४४ औं अध्याय/५,६,७,८,९,३३***

८. *गण्डकी सर्वदेवानां जननी जन्मभूमिका*
*नित्यानन्दकरी नित्या नित्यमुक्ता तनुप्रदा*
***हिमवत्खण्ड, गण्डकीक्षेत्र महात्म्यम् परिशिष्ट (क) १/१३***
*श्राद्धंकरोति यस्तस्यां पितृन्सर्वान् समुद्धरेत्*
*दत्ताच्छतगुणं लब्ध्वा गयायां स्वर्व्रजन्ति ते ।*
***हिमवत्खण्ड, ५५/७७***

९. *मुक्तिभूभृ-मध्यभागे धात्रा तप्तं पुरामुने*
*समावाह्य जले वन्हिं हुतवाँस्तत्र हव्यकम् ॥*
*विष्णोर्मूर्तिं जलं विद्याद् रुद्रमूर्तिं तथानलम्*
*तयोश्च हुतवान् ब्रह्मा चाऽऽवाह्य हविषा च तौ ॥*
*प्रत्यक्षं यत्र रुद्रोऽसौ चाऽग्निमूर्तिस्तथापरः*
*विष्णुश्चामृत मूर्तिश्च होताऽजस्तत्र किं पुनः ॥*
***हिमवत्खण्ड, ५६/३, ७, ११***

१०. *लोकाश्चतुर्विधोद्‌भूता स्नात्वा तत्र कलेवरम्*
*त्यक्त्वा मुक्तिं प्राप्नुवन्ति मुक्तिक्षेत्रं ततःस्मृतम् ।*
*श्राद्धं करोति यस्तत्र तर्पणैर्भक्तिभिर्मुदा*
*स्वर्गे तत्पितरो यान्ति चाऽधस्थाश्च हृतैनसः ।*
***हिमवत्खण्ड, ५६/१३, २०***

११. *मुक्तिधारा च कृष्णाभा तयोश्च संगमे जलम्*
*सर्वतीर्थोत्तमं विद्धि देवलोकैश्च वाञ्छितम् ।*
***हिमवत्खण्ड, ५६/८२***

१२. *मुक्तिक्षेत्रमिदं देव ! दर्शनादेव मुक्तिदम्*
*गण्डस्वेदोद्‌भवा यत्र गण्डकी सरितां वरा ॥*
***वराहपुराण***

०००

# रुरुक्षेत्र (रिडीधाम)

✍ **तेजनिधि पौडेल**
**अर्घाखाँची (हाल : बुटवल-८, रूपन्देही)**

रुरुकन्याको नामबाट परिचित रुरुक्षेत्रमा देवदत्त नाम गरेका ऋषिले तपस्या गरिरहेको बेला स्वर्गवाट इन्द्रले ऋषिको तपस्या भङ्ग गर्न प्रम्लोचा नामकी अप्सरा पठाएका थिए । फलस्वरूप तपको प्रभाव र अप्सराको माध्यमबाट एक सुन्दर कन्याको जन्म भयो । ऋषिले तप भंग भएको ठानी त्यहाँबाट पारिपट्टि भृगुतुङ्गेश्वर भन्ने ठाउँमा गई तपस्या गर्न थाले । त्यहाँ शिवजी प्रकट भई दर्शन दिनुभयो र भन्नुभयो शिव र विष्णुमा तिमीले भेद गरेकोमा यस्तो हुन गएको हो । त्यसैले शिव र विष्णुमा भेद गर्न हुँदैन । वास्तवमा यस क्षेत्रमा भगवान्का भक्तहरूको आगमन गराउन यस्तो रचना परमात्माबाट नै रचिएको थियो । यता अप्सरा पनि ती कन्यालाई त्यही छाडी स्वर्गतिर गएकी थिइन् । यसै क्रममा परमात्माको कृपाले ती कन्याको पालन, पोषण गर्न रुरु नाम गरेकी मृगिणीको उत्पत्ति गरी बालिकालाई दूध खुवाई हुर्काएकीले तिनको नाम पनि रुरु रहन गयो । उनी सानैदेखि परमात्माप्रति श्रद्धाभाव राख्दथिन् । भगवान् नारायण प्रकट भई उनलाई वर माग्न भन्दा उनले यही स्थितिमा रुरुक्षेत्र कायम रहने गरी श्रीनारायणरूप हृषीकेशको सधैं मलाई साथ रहोस् भनी वर मागिन् । भगवान् नारायणले त्यसैअनुरूप आफू पनि त्यही रहने गरी वरदान दिनुभयो । रुरुकन्याले हृषीकेशबाट दर्शन पाएकीले हृषीकेश भन्न थालियो ।

यस कलिकालमा अनेकौं भक्तहरूको कल्याण गर्नको निम्ति यस्तो लीला गर्दै भगवान् गण्डकी माताको गर्भमा प्रवेश गर्नुभएको थियो र समयअनुसार पाल्पाली राजा मणिमुकुन्द सेन जो धार्मिक र साहसी भएको कारण उनलाई माध्यम बनाई हालको हृषीकेश मन्दिरमा देख्न सकिने मूर्तिको रूपमा अवतरित हुनुभयो । एकादशीमा गण्डकी स्नान गर्न आएका राजालाई यो मूर्ति दृष्टिगत भयो । आफ्ना सेवकहरूका सहयोगबाट यो मूर्ति तानसेन लान खोज्दा हाल रहेको ठाउँमा ल्याइपुर्‍याउँदा अगाडि लान सकेनन् । मूर्ति सेनाले त्यहीं बिसाएका थिए । राजालाई रात्रिमा यही ठाउँमा मन्दिर बनाउने सपना भयो । त्यसपछि राजाले त्यहीं ठाउँमा मन्दिर बनाई स्थापना गरेका हुन् । एकै शिलामा शंख, चक्र, जय, विजयसहित सम्पूर्ण चिह्न भएको यस्तो स्वयम् प्रकट मूर्ति दुर्लभ दर्शन गर्न पाइन्छ । साथै पुराणहरूमा पनि बताइएको छ । कलियुगमा मुक्ति प्रदान गर्नको लागि नै हृषीकेश यो रूपमा प्रकट हुनुभएको हो ।

"कलौ मुक्ति प्रदानाय राजते ध्यायातां तम" । जहाँ गण्डकी नदीसँगै रिडी नदीको संगम छ त्यो नै हृषीकेशभूमि हो । तसर्थ भारतको भन्दा यो नेपाल भूमिको तीर्थधाम नै वास्तविक हृषीकेशधाम हो । यस्तो प्रमाण वराहपुराण, स्कन्द पुराणमा पाइन्छ । गण्डकी नदीलाई विश्वमा एक मात्र शालिग्राम जन्माउने सर्वश्रेष्ठ पवित्र नदी मानिन्छ । यहाँ स्नान गर्नाले सम्पूर्ण पापहरू नष्ट भएर

जान्छन् । यहाँ पिण्डदान गर्नाले पितृहरू पनि प्रसन्न हुने र अस्थि (अस्तु) गाड्नाले वा सेलाउनाले पनि मानिसको आत्मा परमात्मासँग मिलन हुन्छ भन्ने विश्वास गरिन्छ । यो नदी विश्वकै सर्वश्रेष्ठ मानिन्छ ।

यो विषयमा शास्त्रहरूमा पनि उल्लेख छ । जसमा प्रकट हुने शालग्राम भगवान् विष्णुको अवतार मानिन्छ । विष्णुको गण्ड (गला) बाट प्रकट भएकी र गण्डक नामक ऋषिबाट तपस्या गरी प्रसन्न गराएकोले पनि उनको नाम गण्डकी रहन गएको हो । श्रीमद्भागवत को सप्तमस्कन्दमा भनिएको छ, आफ्नो कल्याण चाहानेले यस गण्डकी तटमा निवास गरोस् भनिएको छ । कलियुगमा अरू गण्डकीको महत्त्व घटेर जान्छ तर कृष्णा गण्डकीको महत्त्व घट्दैन भनिएको छ।

***(स्रोत : सत्संग जागरण रिडी केन्द्रीय कार्यालय काठमाडौंको बुलेटिन)***

यसै सन्दर्भमा यस धामको पिठाधीशमा स्थानीयको चाहनाअनुसार स्वामी श्री पर्शुरामाचार्य (जगदीश प्रपन्नज्यू) जसलाई जगत्गुरु मोहनशरण देवाचार्यज्यूबाट समेत पिठाधीश घोषित हुनुहुन्छ उहाँप्रति हार्दिक सम्मान राख्दछु ।

प्रसङ्ग रुरुक्षेत्रको महत्त्वको बारेमा सानै उमेरमा बुबाआमाको साथ लागी गण्डकी स्नान र हृषीकेश भगवान्को दर्शनार्थ आउने गरेको अनुभव छ । रिडी खोलाको तटमा विशाल स्वामीको रुखमुनि सयौ तीथ यात्री त्यहीं छहारीमा बस्ने व्यवस्था हुन्थ्यो । तीर्थयात्रीले आफैले ल्याएका कपडा बिछाई सुत्ने, जागरण बस्ने, हरिकीर्तन गर्ने प्रचलन थियो । आज त्यो अवस्था देखिदैन । कृष्णा गण्डकीको अथाह जलप्रवाह देख्दा एउटा नौलो अनुभूति हुन्थ्यो तर आजका मानिस र सरकारको अदूरर्शिताको कारण त्यस्तो तीर्थक्षेत्रलाई जलरहित बनाइएको छ । नदीमा जलको स्रोत छैन । काली गण्डकी जलविद्युत्को उत्पादनले पानीको स्रोत घट्न गएकोले गण्डकी उराठलाग्दी देखिन्छिन् । रिडी बजारमा आज भक्त र भक्तिनीहरूको पुरानो रमझम र समर्पण भाव आज शून्य प्रायः छ । गण्डकी आफै तर्न सकिने उराठलाग्दो अवस्था छ । अतः यसको अवस्था सुधार गर्न, रिडीलाई तीर्थमय बनाउनु हाम्रो दायित्व हो । तीर्थको स्वरूप परिवर्तन भएकोले हामी अध्यात्मवादीलाई दुःख लाग्नु स्वाभाविक हो । मुक्तिनाथ र दामोदर कुण्डदेखि बगीआएकी दुई नदी मुक्तिनाथको कागवेणीमा समावेश भएकी कृष्णा गण्डकीको पुरानो अवस्था आज रहेन । जलविद्युत्को विकासको नाममा तीर्थस्थलको महिमा घटाउनु, शालिग्रामको प्रकट क्षेत्रलाई विनाश गर्नु उपयुक्त होइन । यसले अध्यात्मको क्षेत्रमा लाग्नेको मुटु अवश्य घोचेको छ । दूरदर्शिताको कमीले गर्दा तीर्थस्थल ओझेलमा पर्न गएको छ । अतः उल्लिखित गुल्मी, पाल्पा र स्याङ्जाको संगम तीर्थस्थललाई कसरी पुनः स्थापित गर्न सकिन्छ, यसमा सरकारको ध्यान जान जरूरी छ । तीनवटा जिल्ला जोड्ने पुलले मात्र सार्थकता पाउँदैन । गण्डकीको महिमा र हृषीकेश भगवान्को आस्था कायम राख्न हामी पनि सरिक होऊँ । अस्तु ।

०००

*// लेख //*

# रुरुक्षेत्र गाउँपालिको परिचय

✍ **चन्द्रप्रकाश उपाध्याय**
**(रुरुक्षेत्र गाउँपालिका, गुल्मीको सहयोगमा)**

लुम्बिनी प्रदेशअन्तर्गत गुल्मी जिल्लाको पूर्वी भेगमा पवित्र काली गण्डकीको तटीय क्षेत्रमा रुरुक्षेत्र गाउँपालिका अवस्थित छ । २०७२ साल असोज ३ मा जारी संघीय संविधानअनुसार नेपाल सरकारबाट २०७३ फाल्गुन २७ मा स्थानीय तहको रूपमा रुरुक्षेत्र गाउँपालिकाको घोषणा भएको हो । संघीय संरचनाअघि यस क्षेत्रमा रुरु, थानपति, ग्वादी, बलेटक्सार, बम्घा र रिमुवा गरी ६ वटा गा.वि.स. हरू रहेका थिए । उक्त ६ वटा गा.वि.स.हरू जोडेर एउटै रुरुक्षेत्र गाउँपालिकाको जन्म भएको हो । नेपालका प्रसिद्ध चार धाम मुक्तिक्षेत्र, रुरुक्षेत्र, पशुपतिक्षेत्र र वराहक्षेत्रमध्येको रुरुक्षेत्रधाम यसै गाउँपालिकामा रहेको र त्यसैको नामबाट यस गाउँपालिकाको नामकरण भएको छ ।

२०७४ साल आषाढ १४ मा सम्पन्न भएको स्थानीय तहको पहिलो निर्वाचनमार्फत अध्यक्ष श्री नीलकण्ठ गौतम र उपाध्यक्ष श्री लक्ष्मीदेवी पन्थसहित १४ सदस्यीय कार्यपालिका र ३२ सदस्यीय गाउँ सभाको गठन भएको थियो ।

यो गाउँपालिका २७.९९२६४६ डिग्री अक्षांश तथा ८३.३८७५२६ डिग्री देशान्तरमा रहेको छ । यसको सबैभन्दा होंचो भाग रिडीबजार समुद्र सतहदेखि ५०० मिटर र सबैभन्दा अग्लो भाग बम्घाकोट १६३८ मिटर उचाइमा रहेका छन् । जम्मा क्षेत्रफल ६७.३७ वर्ग कि.मी. भएको यो गाउँपालिकाका गुल्मी जिल्लाका १२ वटा स्थानीय तहमध्ये क्षेत्रफलको हिसाबले सबैभन्दा सानो गाउँपालिकाअन्तर्गत पर्दछ । ६ वटा वडामा विभाजित यो गाउँपालिकाको केन्द्र घ्युबेसी कायम भएको र उक्त स्थानमा भौतिक संरचना निर्माण नभैसकेकोले हाल बलेटक्सारबाट यसको कार्य सम्पादन भैरहेको छ ।

यस गाउँपालिकाको धेरै जसो भाग भिराला पहाडहरूबाट बनेको भए पनि ग्वादीको बोहा, बेलचौर तथा याङ्ुंग, रिडीको बिरूवा, बम्घा तथा रिमुवामा समथरको साथै नदी किनाराहरूमा उत्पादनशील जग्गाहरू रहेका छन् । यस गाउँपालिकाको पूर्वमा काली गण्डकी, उत्तरमा रुद्रावती नदी, दक्षिणतर्फ रिडी खोला पर्दछन् । यसरी तीनतिरबाट ठूला नदी तथा खोलाहरूले सीमाना निर्धारण गरेका छन् भने पश्चिमतर्फ छत्रकोट गाउँपालिका पर्दछ । साथै साना खोलाहरूमा तालखोला, जौखोला, ठाडोखोला, उल्लीखोला र काहुले खोलाले सिंचाइको साथै खानेपानीको लागि समेत सहयोग पुर्‍याइरहेका छन् ।

रिडीदेखि धरमपोखरासम्म १७ कि.मी. पक्की मोटरबाटो रहेको छ । रिडीदेखि रुद्रवेणी र रिडीदेखि सातमुरे खण्डको मोटरबाटो पक्की हुने अवस्थामा रहेको

छ । गाउँपालिकाका सबै ठाउँ र बस्तीहरू कच्ची मोटर बाटोले जोडिएका छन् । लामो दूरीका कच्ची मोटरबाटो तथा रिंग रोडहरू स्तरविकासको क्रममा रहेका छन् । रुरुक्षेत्र ३ वटा जिल्लाको संगम स्थलको रूपमा रहेको छ ।

यो गाउँपालिका धेरै पहिलेदेखि नै राजनीतिक, सामाजिक र शैक्षिक क्षेत्रमा अगाडि रहेको देखिन्छ । राणाविरोधी "जयतु संस्कृतम्" आन्दोलनदेखि निरकुंश निर्दलीय पंचायत विरोधी २०४६ सालको जनआन्दोलन तथा २०६२/०६३ को गणतन्त्रात्मक आन्दोलनमा समेत यस क्षेत्रको महत्त्वपूर्ण सहभागिता भएको पाइन्छ । पंचायती कालको राष्ट्रिय पंचायतदेखि बहुदलीय व्यवस्थाको प्रतिनिधि सभासम्म यस गाउँपालिकाबाट विभिन्न व्यक्तिहरूले प्रतिनिधित्व गरेका छन् । वि.सं.१९५९ मा रिडीमा संस्कृत पाठशालाको स्थापना भएको थियो भने २००७ सालको प्रजातन्त्रको आगमनसँगै हाई स्कुल, थोर्गा मिडिल स्कुल, चौतारा प्राइमरी स्कुलहरू खुलेको र त्यसपछि क्रमशः सबै ठाउँहरूमा स्कुल पुगेको देखिन्छ । यसरी राजनीतिक, सामाजिक र शैक्षिक क्षेत्रमा अग्रणी रहेकै कारण थुप्रै राजनैतिक नेतृत्वदेखि लिएर प्रशासनतर्फ धेरै जना प्रमुख जिल्ला अधिकारी, मन्त्रालयका सह-सचिव, सचिव, मुख्य सचिवदेखि राजदूतसम्मको प्रशासनिक नेतृत्व यस गाउँपालिकाबाट भएको छ ।

यस गाउँपालिकामा महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक स्थलहरू रहेका छन् । स्नानबाट नै मोक्ष प्राप्त गर्न सकिने पवित्र काली गण्डकी नदी, हृषीकेश मन्दिर, भृगुतुङ्गेश्वर मन्दिर, देवदत्त पार्कलगायत प्रशस्त मठमन्दिर रहेको रुरुक्षेत्रमा माघे सङ्क्रान्ति, कार्तिकको ठूली एकादशी, वैशाखे सङ्क्रान्तिलगायतका पर्वहरूमा श्रद्धालु भक्तजनहरूको भीड लाग्ने गर्दछ । ऋषि शृङ्गले तपस्या गरेको लेक गुफा भनेर चिनिने शृङ्गीश्वर तपोभूमिधाम पनि धार्मिक तथा पर्यटकीय स्थलको रूपमा रहेको छ । बम्घा कोटमा रहेको मन्दिर र रानीले काटेको भनेर चिनिने ढुङ्गा महत्त्वपूर्ण रहेका छन् । यो स्थान दृश्यावलोकनका लागि अत्यन्तै महत्त्वपूर्ण मानिन्छ । ग्वादीमा सिद्धबाबा, अचम्मेश्वरको मन्दिर तथा कृष्ण डाँडा गन्तव्य स्थलका रूपमा रहेका छन् । थोर्गाको ऐतिहासिक थानपति मन्दिर रहेको स्थानबाट आसपासको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । यसै गरी बलेटक्सारको भैरव मन्दिर, बम्घाको मालिका मन्दिर, रुद्रवेणी आदि यसपालिकाभित्र रहेका महत्त्वपूर्ण दर्शनीय स्थल छन् ।

यस गाउँपालिकामा रिडीक्षेत्र, ग्वादीको रुद्रवेणी तथा बम्घाको बगाउनीलगायतका ठाउँहरू बालुवा, गिट्टी, ढुंगाका लागि महत्त्वपूर्ण स्रोतका रूपमा रहेका छन् । विभिन्न वार्डहरूमा ढुंगा खानी रहेका छन् । रिडी र बलेटक्सार मुख्य बजार केन्द्रका रूपमा रहेका छन् । थोर्गाको खुदो र गुँड, च्युरेकको लिची, बम्घाको दूध र आलु यस पालिकाका मुख्य उत्पादन हुन् । कुखुराको अण्डा, दूध, मकै र

धानको उन्नत बीउ, घाँसको बीउ, उत्पादनमा गाउँपालिका आत्मनिर्भर छ । गाई, भैंसी, बंगुर, कुखुराका फर्महरू क्रमशः विकसित हुँदै छन् । बम्घा र थानपतिको खुत्कामा व्यावसायिक मत्स्यपालन पोखरीहरू रहेका छन् । तरकारी, विभिन्न जातको मकै र धानको बीउसमेत उत्पादन हुने गरेको छ । काष्ठ र स्टिलका फर्निचर उद्योगहरू, पैंचो पसल प्रा.लि.द्वारा सञ्चालित अचार तथा जाम जेली उद्योगका साथै सानातिना घरेलु उद्योगहरू छन् । रिडीमा हाइड्रोपावर कम्पनी रहेको छ । राष्ट्रकै एकमात्र कफी अनुसन्धान केन्द्रसमेत यसै गाउँपालिकाको भण्डारीडाँडामा रहेको छ । हालसम्म रिडी र बलेटक्सारमा गरी ५ वटा बैंक तथा प्रशस्त सहकारी संस्थाहरू क्रियाशील रहेका छन् । रानीवासमा रहेको स्नातक तहको अध्यापन हुने शृङ्गीश्वर बहुमुखी क्याम्पस तथा रिडीमा रहेको संस्कृत विद्यापीठ तथा रिडी बहुमुखी क्याम्पस गरी ३ वटा क्याम्पसहरू छन् । माध्यमिक तहका ७ वटा, आधारभूत तहअन्र्तगत (कक्षा ८ सम्म संचालित) ७ वटा र कक्षा ५ मा सोभन्दा तल संचालित २९ वटा गरी ४३ वटा विद्यालयहरू छन् । रिडीमा प्राथमिक स्वास्थ्य केन्द्र, भट्कुवा र अन्य वार्डमा गरी ६ वटा स्वास्थ्य चौकी, २ वटा आयुर्वेद औषधालयका साथै निजी स्तरका क्लिनिक तथा मेडिकलहरूले स्वास्थ्यसेवा प्रदान गरिरहेका छन् । रुरुक्षेत्र गाउँपालिकाअन्तर्गत स्वास्थ्य, शिक्षा, महिला विकास, कृषि, पशुका कार्यालयहरू स्थापना भै संचालन भइरहेका छन् । इलाका वन कार्यालय, इलाका प्रहरी कार्यालय, विद्युत् प्राधिकरणको शाखा कार्यालय रिडीमा संचालित छन् ।

यस गाउँपालिकामा सामुदायिक, सरकारी र निजी वनहरू प्रशस्त मात्रमा रहेका छन् । साल, सल्ला, खयर सिमल आदि काठ बिक्रीबाट आम्दानी हुने गरेको छ । सल्ला र खयर ठूलो परिमाणमा निकासी हुने गर्दछ ।

यस गाउँपालिकामा ४२७६ घरधुरीमा २३,१५५ जनसङ्ख्या रहेको छ । जातिगत हिसाबले ब्राह्मण, आदिवासी जनजाति र दलित रहेको पाइन्छ । धार्मिक हिसाबले हिन्दुहरूको सङ्ख्या अत्यधिक रहेको र अन्य धर्मावलम्बीहरूमा क्रिस्चियन, मुस्लिम र बौद्धहरू रहेका छन् । नेवार, मगर समुदायको संस्कृति, भेषभूषा तथा विभिन्न चाडपर्वहरूले सांस्कृतिक विकासमा टेवा पुर्‍याएका छन् । रिडी, बलेटक्सार, बलेचौर तथा टाहाटिममा नेवार जातिको बस्ती रहेको र उक्त स्थानका लाखे नाच, गाईजात्रा, रोपाइँजात्रा, घोडेजात्रा आदि प्रसिद्ध छन् ।

## रुरुक्षेत्रको ऐतिहासिक पृष्ठभूमि

रुरुक्षेत्र कृष्णा गण्डकी र रिडीको संगमस्थल हो । यस स्थानलाई रिडी भनेर चिन्ने गरिन्छ । गण्डकी नामले पनि यो क्षेत्र चिनिन्छ । गण्डकीको महिमाका कारण विभिन्न ऋषिमुनिहरूले यसका तटीय क्षेत्रमा तपस्या गरेका थिए । रुरुकन्या, हृषीकेश, भृगुतुङ्गेश्वर आदि यसै धाममा रहेका छन् । विष्णु भगवान्को

गाला (गण्ड) देखि पसिनाको रूपमा बगेर आएकी हुनाले यी नदीको नाम गण्डकी रहेको हो । त्यस्तै "गण्डक" ऋषिको तपस्याद्वारा प्रसन्न गरिएकी हुनाले यिनको नाम गण्डकी रहेको पनि मानिएको छ । यी नदी कृष्णा वर्णाकी हुनाले कृष्णा गण्डकी वा काली गण्डकी पनि भनिन्छ । काली गण्डकीको माहात्म्य पुराणहरूमा उल्लेख भएकोले ऋषिमुनिहरू तप (ध्यान) गर्न यहाँ आएको देखिन्छ । वराह पुराणमा कुरुक्षेत्रलगायतका अन्य तीर्थस्थलमा गरेको तीर्थ र स्नानभन्दा काली गण्डकीमा स्नान गर्दा सय गुना बढी पुण्य प्राप्त हुने कुरा उल्लेख छ । धेरै प्रकारका चक्रहरू भएका शालिग्रामहरू यी नदीमा पाइने भएकोले यिनलाई चक्रनदी पनि भनिन्छ । गौरीशंकर हिमालयको दामोदर कुण्डको काखबाट निस्किएर मुक्तिक्षेत्र हुँदै देवघाटधाम, त्रिवेणी हुँदै भारतको सोनपुरको हरिहरक्षेत्रमा गएर काली गण्डकी गंगा नदीमा मिसिन्छिन् । यसरी गण्डकी नदीको शिर मुक्तिक्षेत्र, मुटु रुरुक्षेत्र र पाउ हरिहरक्षेत्र हो ।

शालिग्राम पाइने एकमात्र नदी काली गण्डकी हुन् । यिनै नदीमा गजेन्द्र हात्तीलाई ग्राहले पक्रेको र उक्त ग्राहलाई भगवान् विष्णुले आफ्नो सुदर्शन चक्रले मार्दा चक्रले घोटिएका शिला नै पछि शालिग्राम बन्न गएको कुरा कार्तिक माहात्म्यमा लेखिएको छ । गण्डकी नदीभित्र पाइने चक्र चिह्न भएको शालिग्रामलाई देवताको रूपमा पुज्दा प्राणप्रतिष्ठा गर्नु पर्दैन । भृगु, देवदत्त, रुरुकन्या आदिले तपस्या गरेको र भगवान् विष्णुको वरदानबाट रुरुक्षेत्र बन्न गएको यो ठाउँलाई यसको ऐतिहासिक पृष्ठभूमिलाई जीवन्त बनाइराख्ने उद्देश्यले यस गाउँपालिकाको नाम रुरुक्षेत्र राखिएको हो ।

रुरुक्षेत्र गाउँपालिका संस्कृतिको हिसाबले धनी गाउँपालिका हो । ब्राह्मण, क्षत्री, नेवार, मगरलगायत जातजातिहरूका आफ्नै परम्परा, रीतिरिवाज, धर्म, भाषा, भेषभूषा, रहनसहन, खानपिन, जात्रापर्वहरू छन् । गाउँपालिकामा मनाइने प्रमुख चाड दशैं, तिहार, माघेसङ्क्रान्ति, जनैपूर्णिमा, तीज, स्वस्थानी पूर्णिमा, मातातीर्थ औंशी आदि पर्दछन् ।

सांस्कृतिक पर्यटनको दृष्टिकोणबाट रिडी बजार अनुपम रहेको छ । अधिकांश नेवार समुदाय रहेको बजारमा परम्परागत रीतिरिवाज, धर्म, भाषा, भेषभूषा, रहन-सहन, खानपिन, जात्रा पर्वहरूसहित यहाँको स्थानीय मौलिक संस्कृति देख्न सकिन्छ । सनातनदेखि नित्यपूजा र पर्वअनुसारको पूजा धार्मिक विधि विधानअनुसार गरिन्छ ।

## जनसङ्ख्या विवरण

गुल्मीको रुरु गाउँपालिकामा जम्मा ६ ओटा वडा रहेका छन्, जसमा ४,२७६ घरपरिवारको सङ्ख्या रहेको छ । जसमध्ये महिलाहरूको सङ्ख्या ११,९९१ र पुरुषहरूको सङ्ख्या ११,१६४ गरी जम्मा २३,१५५ जनसङ्ख्या रहेको छ ।

सबैभन्दा बढी अर्थात् ५१९५ जनसङ्ख्या वडा नम्बर ४ मा रहेको छ भने सबैभन्दा कम अर्थात् ३२४० जना वडा नम्बर ६ मा रहेको देखिएको छ ।

## जातिगत आधारमा जनसङ्ख्याको विवरण

जातिगत जनसङ्ख्याको आधारमा रुरुक्षेत्र गाउँपालिकामा सबैभन्दा बढी ब्राह्मणको सङ्ख्या रहेको छ भने सबैभन्दा कम गुरुङ्गको सङ्ख्या रहेको छ । ब्राह्मणको सङ्ख्या ८६५९ रहेको छ, जसमध्ये वडा नम्बर ४ मा सबैभन्दा बढी अर्थात् २७३५ रहेका छन् । त्यस्तै सबैभन्दा कम रहेका गुरुङ्गहरूको सङ्ख्या ६० रहेको छ र सबै नै वडा नम्बर १ मा बसोबास गर्ने गरेका छन् । सबैभन्दा बढी सङ्ख्या रहनेमा ब्राह्मणपछि मगर ४४६७, त्यसपछि तेस्रो नम्बरमा दलित ४१४६, चौथोमा क्षत्री २३४१, पाचौँमा नेवार १५५९ रहेका छन् । सबैभन्दा कम सङ्ख्या हुने जातिमा गुरुङ्गपछि आदिवासी, बोटेमाझी रहेका छन्, उनीहरूको जम्मा सङ्ख्या ३९८ रहेको छ । अन्यअन्तर्गत विभिन्न जातजातिका १४७ जना रहेका छन् ।

## धर्मअनुसार जनसङ्ख्याको विवरण

यस गाउँपालिकामा ९९ प्रतिशतभन्दा बढी जनसङ्ख्याले हिन्दु धर्म मान्ने गरेका छन् । जम्मा जनसङ्ख्या २३,१५५ मध्ये २२,९३० जनाले हिन्दु धर्म मान्ने गरेका छन् । हिन्दु धर्मपछि बौद्ध धर्म मान्नेको सङ्ख्या ८५ जना रहेको छ भने त्यसपछि ६४ जनाले क्रिस्चियन, ६३ जनाले अन्य विभिन्न धर्म, ८ जनाले इस्लाम र सबैभन्दा कम जम्मा ५ जनाले गन्धर्भ धर्म मान्ने गरेका छन् । हिन्दु धर्म मान्नेको सङ्ख्या सबैभन्दा बढी वडा नम्बर ४ मा ५१४२ र सबैभन्दा कम वडा नम्बर ६ मा ३,२३२ रहेको छ ।

## घरधुरीको सङ्ख्या र छाना प्रकार

रुरुक्षेत्र गाउँपालिकामा सबैभन्दा धेरै अर्थात् ३१६७ टिनका छाना रहेका छन् भने सबैभन्दा कम अर्थात् १०६ काठका छाना रहेका छन् ।

## बाह्य रोजगारीको अवस्था (खाडी र अन्य मुलुकहरूमा)

रुरुक्षेत्र गाउँपालिकामा रोजगारीका लागि सबैभन्दा बढी परिवारका सदस्य भारत गएका छन् । ९१५ परिवार सदस्य वैदेशिक रोजगारीका लागि भारत गएका छन् । त्यस्तै दोस्रोमा ७८० परिवारका सदस्य खाडी मुलुक गएका छन् । रोजगारीका लागि कुनै पनि सदस्य विदेश नै नगएको परिवारको सङ्ख्या २,३५९ रहेको छ भने २२२ परिवारका सदस्य भने रोजगारीका लागि अन्य विभिन्न मुलुक गएको देखिएको छ ।

## वैदेशिक रोजगारीमा जानेहरूको मासिक आम्दानी विवरण

रुरुक्षेत्र गाउँपालिकाबाट वैदेशिक रोजगारीमा गएर २०,००० देखि ५०,००० रूपैँया सम्म आम्दानी गर्नेको सङ्ख्या सबैभन्दा बढी अर्थात् ८७७ जना रहेको पाइएको छ । त्यस्तै सबैभन्दा कम अर्थात् ११४ जनाको मासिक आम्दानी १ लाखभन्दा बढी रहेको छ । त्यस्तै ४३१ जनाको मासिक आम्दानी १०,००० देखि २०,००० सम्म २५१ जनाको ५०,००० देखि १,००,००० सम्म र १८५ जनाको १०,००० सम्म मासिक आम्दानी रहेको देखिएको छ ।

## भाषागत जनसङ्ख्याको विवरण

यस गाउँपालिकामा लगभग सबैले नै नेपाली भाषा बोल्ने गरेको पाइएको छ । रुरुक्षेत्र गाउँपालिकामा रहेका जम्मा २३,१५५ जनसङ्ख्यामध्ये २२,४०० जनाले नेपाली भाषा बोल्ने गरेका छन् भने जम्मा ७५५ जनाले नेवारी भाषाको प्रयोग गर्ने गरेका छन् । यसरी हेर्दा यस गाउँपालिकामा नेपालीबाहेक अन्य भाषा बोल्नेको सङ्ख्या अत्यन्तै न्यून रहेको देखिएको छ ।

## पेशागत रूपमा जनसङ्ख्याको विवरण

रुरुक्षेत्र गाउँपालिकामा बसोबास गर्नेहरूलाई पेशाको आधारमा उद्योग, कृषि तथा पशुपालन, कृषि-पशुपालन-वैदेशिक रोजगार, कृषि पशुपालन-व्यापार, कृषि-पशुपालन-जागिर, कृषि-पशुपालन-सरकारी नोकरी (अवकाश प्राप्तलाई पनि), वैदेशिक रोजगार, जागिर-अन्य-ज्याला मजदुर, वैदेशिक रोजगार, व्यापार, सरकारी नोकरी (अवकाश प्राप्तलाई पनि उल्लेख गरेर) जसमध्ये सबैभन्दा बढी अर्थात् १२२३ परिवार कृषि-पशुपालन-वैदेशिक रोजगारमा रहेको पाइयो भने सबैभन्दा कम अर्थात् १२ परिवार उद्योग पेशामा संलग्न रहेको पाइयो । त्यस्तैगरी ६३४ परिवार कृषि-पशुपालनमा, ५१६ परिवार कृषि-पशुपालन-जागिर र अन्य पेशामा संलग्न रहेको अध्ययनले देखाएको छ । यसमा पनि सबैभन्दा बढी वडा नम्बर ४ मा नै बढी परिवार पेशागत रूपमा संलग्न रहेको देखिएको छ ।

## बसाइसराइको अवस्था

गत ५ वर्षको अवधिमा यस गाउँपालिकामा रहेका ४,२७६ परिवारमध्ये जम्मा ९३ परिवारमात्र अन्य स्थानबाट रुरुक्षेत्रमा बसाइसराइ गरी आएको पाइएको छ भने बाँकी ४१८३ परिवार कतै बसाइसराइ गरेको पाइएन । यसरी हेर्दा यस गाउँपालिकामा बसाइसराइको अवस्था खासै नरहेको देखिएको छ ।

## महिला र पुरुषको साक्षरता विवरण

गुल्मी जिल्लाको रुरुक्षेत्र गाउँपालिकामा जम्मा २३,१५५ जनसङ्ख्यामध्ये अधिकांश जनसङ्ख्या अर्थात् १९५०५ साक्षर रहेको पाइएको छ । जसमा १०५५६

पुरुष र ८९४९ महिला रहेका छन् । ३,६५० जना भने निरक्षर रहेको देखिएको छ ।

## अशक्तहरूको विवरण

यस गाउँपालिकामा शारीरिक तथा मानसिक रूपमा अपाङ्गता भएका जम्मा परिवारको सङ्ख्या २७१ रहेको छ । अर्थात् यति परिवारका कुनै एक वा सोभन्दा बढी सदस्यमा कुनै न कुनै किसिमको अपाङ्गता रहेको देखिएको छ । २७१ परिवारका ३३२ जना सदस्य अपाङ्गता भएका छन् । जसमा सबैभन्दा बढी अर्थात् १६६ जना शारीरिक, त्यसपछि दोस्रोमा ५० जना सुस्तश्रवण, ५० जना बोल्न नसक्ने, ३८ जना दृष्टिविहीन र २५ जना मानसिक रूपमा अशक्त रहेको पाइएको छ ।

## सरसफाइको अवस्था

यस गाउँपालिकामा रहेका ४२७६ परिवारमध्ये सबैभन्दा बढी अर्थात् १५०१ परिवारको साधरण शौचालय रहेको पाइएको छ । त्यस्तै ९७९ को फ्लस भएको सेफ्टी ट्याङ्की, ७८५ को साधरण शौचालय र बाथरूम, ७६२ परिवारको बाथरूम, १७७ परिवारको फ्लस भएको शौचालय र बाथरूम रहेको पाइएको छ । सबैभन्दा कम ७२ परिवारको भने चर्पी नै नभएको देखिएको छ ।

## इन्धनको स्रोतका आधारमा घरपरिवार सङ्ख्या

यस गाउँपालिकामा रहेका आधाभन्दा केही बढी परिवारले इन्धनको स्रोतका रूपमा दाउरा र एलपी ग्याँस दुबै प्रयोग गर्ने गरेको पाइएको छ । अर्थात् २,२४५ परिवारले दाउरा र एलपी ग्याँस प्रयोग गर्छन् भने १,०६८ परिवारले दाउराले नै पकाउने गरेका छन् । त्यस्तै ६४६ परिवारले खाना बनाउनका लागि अर्थात् ईन्धनको स्रोतको रूपमा एलपी ग्याँस प्रयोग गर्ने गरेको पाइएको छ । समग्रमा भन्दा यस गाउँपालिकाका बासिन्दाको इन्धनको प्रमुख स्रोत दाउरा नै रहेको देखिएको छ ।

## इन्धनका स्रोतका आधारमा घरपरिवार सङ्ख्या (बत्ती बाल्नका लागि)

गाउँपालिकाभित्र बसोबास गर्ने ४,२७६ परिवारमध्ये सबैभन्दा बढी परिवारले बत्ती बाल्नका लागि बिजुलीको प्रयोग गर्ने गरेको पाइएको छ । ३,५७३ परिवारले बत्ती बाल्नका लागि बिजुलीको प्रयोग गर्ने गरेका छन् भने ५३१ परिवारले बिजुली र मट्टीतेल दुबै प्रयोग गर्ने गरेका छन् । त्यस्तै सबैभन्दा कम २८ परिवारले अन्य विभिन्न स्रोतको प्रयोग गरेर बत्ती बाल्ने गरेको तथा ५८ परिवार भने बत्तीका लागि अझै मट्टीतेलमा निर्भर रहेको पाइएको छ ।

## सञ्चारका साधनका आधारमा घरपरिवार सङ्ख्या

यस गाउँपालिकामा सबैभन्दा बढी अर्थात् १७३७ परिवारले सञ्चारको साधनका रूपमा रेडियो/टेलिभिजन/टेलिफोन/ मोबाइल र इन्टरनेटको प्रयोग गर्ने गरेका छन् भने सबैभन्दा कम ४४ परिवारले टेलिभिजन मात्र प्रयोग गर्ने गरेका छन् । त्यस्तै ११४३ परिवारले टेलिभिजन/टेलिफोन र मोबाइल, ५२७ परिवारले रेडियो/टेलिफोन र मोबाइल, ४८३ परिवारले टेलिफोन/मोबाइल, १२६ परिवारले रेडियो, ११५ परिवारले रेडियो र टेलिभिजन तथा ११३ परिवारले टेलिफोन र मोबाइल प्रयोग गर्ने गरेको पाइएको छ ।

## खानेपानीको स्रोत

यस गाउँपालिकामा सबैभन्दा बढी पाइप/धाराको पानीको सङ्ख्या रहेको छ । यसको सङ्ख्या ४०५१ रहेको छ भने सबैभन्दा कम ३१ ओटा मात्र इनार रहेको पाइएको छ । त्यस्तै १४१८ आकाशेपानी भर्नका लागि ट्याङ्कीको सङ्ख्या, ५६३ ओटा ट्युबेल/ह्याण्डपाइप, २३५ मूलपानी, १०८ खोलाको पानी रहेको पाइएको छ ।

## वनक्षेत्र/नर्सरीसम्बन्धी विवरण

गुल्मी जिल्लाको रुरुक्षेत्र गाउँपालिकामा जम्मा वनको सङ्ख्या २१ ओटा रहेको छ जसमा १७ ओटा सामुदायिक वन, १ ओटा धार्मिक वन र ३ ओटा सरकारी वन रहेको पाइएको छ जसमा सबैभन्दा बढी क्षेत्रफल सामुदायिक वनको रहको देखिन्छ ।

| विवरण | सङ्ख्या | क्षेत्रफल | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| सामुदायिक वन | ३ | १८ हेक्टर | | झ्वालेपाखो, थोर्गा |
| | ३ | ७१ रोपनी | | |
| | ११ | | | |
| कबुलियती वन | - | | | |
| धार्मिक वन | १ | | | |
| सरकारी संरक्षित वन | ३ | ५५ रोपनी | | |
| अन्य | - | | | |
| जम्मा | २१ | | | |

२०७९ साल वैशाख ३० गते गणतन्त्रात्मक संविधानअनुसारको दोस्रो पटकको स्थानीय निर्वाचन सम्पन्न भयो । यस निर्वाचनबाट १४ सदस्यीय कार्यपालिका र

३४ सदस्यीय गाउँसभाको गठन भएको छ । यस निर्वाचनमा निर्वाचित रुरुक्षेत्र गाउँपालिकाका पदाधिकारी तथा सदस्यहरू :

| नाम | ठेगना | फो.नं. |
|---|---|---|
| यदु झवाली | अध्यक्ष | ९८५७०६४२६० |
| मीना देवी गौतम | उपाध्यक्ष | ९८६७१९०५१६ |
| नवराज वि.क. | अध्यक्ष : वडा नं.-१, रुरु | ९८५७०६२७७७ |
| घनश्याम अर्याल | अध्यक्ष : वडा नं.-२, ग्वादी | ९८५७०६४५५० |
| शेषनारायण पौडेल | अध्यक्ष : वडा नं.-३, थानपती | ९८५७०६७४३९ |
| मोतीप्रसाद श्रेष्ठ | अध्यक्ष : वडा नं.-४, बलेटक्सार | ९८५७०६४४१९ |
| हरिप्रसाद झवाली | अध्यक्ष : वडा नं.-५, बम्घा/प्रवक्ता | ९८५७०६४८३६ |
| रोमनाथ पौड्याल | अध्यक्ष : वडा नं.-६, रिमुवा | ९८६७४३४१४९ |
| लक्ष्मी भट्टराई | सदस्य | ९८४७२६९०१९ |
| हरिकला बराल क्षत्री | सदस्य | ९८४७१७७४०७ |
| राजकुमारी शाही | सदस्य | ९८६७५३५२३६ |
| बुद्धिमती लामिछाने | सदस्य | ९८४९९३२६२५५ |
| दुर्गा विश्वकर्मा | सदस्य | ९८४७३२७४९८ |
| मीनकुमारी नेपाली | सदस्य | ९८६७००७९९४ |
| मधुकृष्ण पौड्याल | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६७९१६ |

माथिको विवरण रुरुक्षेत्र गाउँपालिकाको कार्यालयबाट २०८० ज्येष्ठ मसान्तभित्र उपलब्ध गराइएको विवरणका आधारमा प्रस्तुत गरिएको हो । यसै गाउँपालिकाको वडा नं. ४ निवासी शङ्कर गौतमले तथ्याङ्क कार्यालय, पाल्पाको स्रोतको आधारमा सङ्कलन गरेको रुरुक्षेत्र गाउँपालिकाको २०७८ को जनसांख्यिक विवरण निम्नानुसार रहेको छ :-

| | |
|---|---|
| परिवार सङ्ख्या | ४६०७ |
| जम्मा जनसङ्ख्या | १६५९७ |
| पुरुष जनसङ्ख्या | ७६०७ |

| | |
|---|---|
| महिला जनसङ्ख्या | ८९९० |
| परिवारको औसत आकार | ३.६० |
| लैङ्गिक अनुपात | ८४.६२ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर | -१.०८ |
| जनघनत्व | २४६ |
| जम्मा साक्षरता दर (%) | ८२.७३ |
| पुरुष | ९०.२६ |
| महिला | ७६.४४ |


यस पालिकाअन्तर्गतका ६ वटा वडाको जनसांख्यिक स्थिति यस्तो छ :-

| **वडा नं. १** | |
|---|---|
| परिवार सङ्ख्या | ८७४ |
| जम्मा जनसङ्ख्या | ३०२४ |
| पुरुष जनसङ्ख्या | १४७० |
| महिला जनसङ्ख्या | १५५४ |
| **वडा नं. २** | |
| परिवार सङ्ख्या | ६३० |
| जम्मा जनसङ्ख्या | २२४४ |
| पुरुष जनसङ्ख्या | ९६८ |
| महिला जनसङ्ख्या | १२७६ |
| **वडा नं. ३** | |
| परिवार सङ्ख्या | ६३३ |
| जम्मा जनसङ्ख्या | २२१३ |
| पुरुष जनसङ्ख्या | ९६२ |
| महिला जनसङ्ख्या | १२५१ |

| **वडा नं. ४** | |
|---|---|
| परिवार सङ्ख्या | १०८६ |
| जम्मा जनसङ्ख्या | ३९३९ |
| पुरुष जनसङ्ख्या | १८६४ |
| महिला जनसङ्ख्या | २०७५ |
| **वडा नं. ५** | |
| परिवार सङ्ख्या | ८०१ |
| जम्मा जनसङ्ख्या | ३०२९ |
| पुरुष जनसङ्ख्या | १३८४ |
| महिला जनसङ्ख्या | १६४५ |
| **वडा नं. ६** | |
| परिवार सङ्ख्या | ५८३ |
| जम्मा जनसङ्ख्या | २१४८ |
| पुरुष जनसङ्ख्या | ९५९ |
| महिला जनसङ्ख्या | ११८९ |

०००

# शिक्षकमा गुरुत्व भयो भने मात्रै विद्यार्थीमा शिष्यत्व जाग्रत हुन्छ ।



**✍ देवेश्वर सरस्वती**

*(अनुभव/अनुभूति स्तम्भअन्तर्गत हाम्रो पुरुषार्थले विशेष गरेर पाका पुस्ताका अनुभव र विचारहरू नयाँ पुस्तालाई जानकारी दिने उद्देश्यले प्रस्तुत गर्दै आइरहेको छ । यसमा निरक्षर, साक्षर, शिक्षित र अनुभवी सबै प्रकारका व्यक्तिहरूलाई स्थान दिने गरिएको छ । यसपटक रुरुक्षेत्रमा जन्मेर अध्यात्मचिन्तनमा जीवन समर्पित गर्ने ९० वर्षीय वयोवृद्ध र ज्ञानवृद्ध अद्वैत संस्था रिडी आचार्यपीठका पीठाधीश देवेश्वर सरस्वतीसँग हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीले राखेका जिज्ञासाहरूको प्रत्युत्तरलाई यहाँ प्रस्तुत गरिएको छ । देवेश्वरज्यूले दिनुभएको प्रत्युत्तरलाई लिपिबद्ध गर्ने कार्यमा उहाँका सुपुत्र कृष्ण ज्ञवालीज्यूको सहयोग यसमा लिइएको छ । - सम्पादक)*

**१. यहाँको जन्म, बाल्यकाल र प्रारम्भिक शिक्षा-दीक्षा सम्बन्धमा जान्ने-बुझ्ने इच्छा छ । स्पष्ट पार्न सकिन्छ कि गुरु ?**

❑ मेरो जन्म विक्रम सम्वत् १९८९ भदौ १ गते (भाद्रकृष्ण प्रतिपदा) का दिन गुल्मीको तल्लाग्वादी, देउरालीमा एउटा निम्न-मध्यमवर्गीय कृषक परिवारमा भएको हो । अहिले म नब्बेमा हिंड्दैछु । मेरा पिताजी स्व. दधिराम ज्ञवाली सामान्य पढालेखा, खरो तर दयालु स्वभावका हुनुहुन्थ्यो । उहाँका दुईटी पत्नीमध्ये कान्छी पत्नी स्व. जमुनादेवीका चार भाइ छोरामा म माहिलो हुं । मेरा बहिनी भएनन्, सहोदर दिदी मेनका गौतमको केही वर्षअघि निधन भयो । जेठी आमापट्टिका दाइ मणिराममलाई हिसाब गर्दा चाहिं म साहिंलो हुं र परिवारमा मलाई त्यही नामले पुकारिन्थ्यो तबसम्म, जबसम्म म संस्कृत पढेर पण्डित भइनँ । त्यसपछि भने सबैले मलाई गर्ने नाताको सम्बोधनमा 'पण्डित' पदवी मिसाएर 'पण्डित बाबू', 'पण्डित बा', 'पण्डित दाइ' वा 'पण्डित भाइ' आदिले बोलाउन थाले । पछि मणिराम दाइको

देहान्त भयो र आमाको पनि स्वर्गारोहण भयो । मेरा सहोदर दाजु दीननाथ र भाइहरू ढुण्ढिराज र दामोदर पनि बिते । आमा जमुनादेवी आफ्नो जीवनकालभरि ग्वादीमा काहिँला भाइ ढुण्डिराजसँग बस्नुभयो । भाइले आमाको सर्वप्रकारले अशेष सेवा गर्ने सौभाग्य प्राप्त गरेर मातृसेवाको पुण्य बटुले । कान्छा भाइ दामोदर आमाका अत्यन्त प्रिय थिए, तर उनी वृन्दावनमा वैष्णव भएर जीवनभर अविवाहित बसे । पछि घर त फर्के तर बाँचुञ्जेल वानप्रस्थ जीवन बिताए । आमासँग सधैं सँगै बस्न नपाए पनि मैले आमालाई हरतरहले प्रसन्न राख्ने चेष्टा गरें । फलस्वरूप आमाको आशीर्वाद मलाई हरदम प्राप्त भइरह्यो । म अद्वैत संस्थामा प्रवेश गरिसकेपछि आमा पनि संस्थाको सदस्य बन्नुभयो । श्रीगुरुदेवकी शिष्या बन्नुभयो । पछि आमालाई गुरुदेवले "कृतार्थ जननी" भन्ने आशीर्वाद पनि प्रदान गर्नुभयो । यसरी मेरो पैतृक परिवारमा म अहिले एक्लो छु, र पनि एक्लो छैन, किनभने मसँग आफ्नो परिवारका सदस्यहरू (पत्नी, छोरा-छोरी, ज्वाइँ, बुहारी, नाति-नातिना, पनातिनीहरू) भौतिक वा अभौतिक रूप र आयाममा त छँदैछन्, तर सर्वोपरि कुरा, मसँग ईश्वर हुनुहुन्छ जसले मलाई हरदम, प्रतिक्षण, निर्निमेष सहारा दिइरहनुभएको छ । तब न यो उमेरमा पनि म रिडी आचार्यपीठमा मेरो परिवारले व्यवस्था गरिदिएका एक जना सहयोगीका साथमा ढुक्क, निश्चिन्त र निर्भय भएर बसिरहेको छु । वास्तवमा ईश्वर हामी सबैका भित्र हाम्रो अन्तरात्मा, हाम्रो मन, बुद्धि, चित्त, अहंकार (जसलाई अन्तःकरणचतुष्टय भनिन्छ) को साक्षीका रूपमा विराजमान हुनुहुन्छ । गीतामा भगवान् कृष्णले त्यही त भन्नुभयो– **"ईश्वरः सर्वभूतानांहृद्देशेऽर्जुन तिष्ठति । भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया"** (१८/६१) ।

शास्त्रअनुसार आठ वर्षमा मेरो व्रतबन्ध भयो । व्रतबन्ध बाल्यकालमै गर्नू, गराउनू भन्ने शास्त्रवचन छ । अहिले किशोर वा युवा वयमा पुगेपछि व्रतबन्ध गर्ने प्रचलन बढेको छ, जुन अशास्त्रीय हो । बाल्यकालमा जानेर वा नजानेर गरेको कर्मको संस्कार अमिट र अभेद्य हुन्छ, जीवनपर्यन्त कायम रहन्छ (**"यन्नवे भाजने लग्नः संस्कारो नान्यथा भवेत्"**–नीतिश्लोक) । यहीं मान्यतामा अडेकै कारण मेरा तीनै भाइ छोरा र नातिहरूको समेत आठ वर्ष ननघाई व्रतबन्ध भयो र सबैलाई गायत्री मन्त्र मैले नै सुनाएँ । व्रतबन्ध गरेको केही वर्षमै पिताजीको निधन भयो, र व्रतबन्ध गरेकै कारण पिताजीको आशौचादि कार्यमा सहभागी हुने सौभाग्य मलाई मिल्यो ।

प्रारम्भिक शिक्षा मलाई पिताजीले घरमै दिलाउनुभएको थियो । धुलौटे पाटीमा बांसको भिंजोले कोरेर अक्षर चिनेको हुं मैले । त्यसताक श्रीपञ्चमी वा वसन्तपन्चमीका दिन सरस्वतीको पूजा गरेर अक्षरारम्भ गराउने प्रचलन

व्यापक थियो, जुन अंशतः अद्यापि जीवित छ । मेरो अक्षरारम्भ पनि त्यसैगरी भएको जस्तो लाग्छ । अक्षर र अङ्क चिनेपछि पिताजीको अभिभावकत्वमा घरमै संस्कृत र नेपालीका किताब (चण्डी, रुद्री) अलि-अलि पढेको सम्झना छ मलाई ।

**२. प्रारम्भिक शिक्षा घरमा लिएपछि थप शिक्षा कहाँबाट कसरी लिनुभयो ?**

पिताजीको देहावसानपछि भने मलाई थप शिक्षा दिलाउनका लागि रिडी ल्याइयो । त्यहाँ मेरी ठूली फुपू हुनुहुन्थ्यो–कुन्तादेवी । मलाई हुरुक्कै गर्ने, प्राणभन्दा प्यारो म उहाँको । उहाँको मप्रतिको यो अनुपम, अप्रतिम, निश्छल र निःस्वार्थ माया जीवनपर्यन्त कायम रह्यो । मलाई लाग्छ– आमापछि मलाई र मैले सबभन्दा माया गर्ने व्यक्ति उहाँ नै हुनुहुन्थ्यो । उहाँकै पालन-पोषण र अभिभावकत्वमा उहाँसँगै बसेर म पढ्न थालें-संस्कृत प्रधान पाठशालामा । यो विद्यालय नेपालकै सबभन्दा पुराना विद्यालयमध्ये पर्दछ । वि.सं. १९५९ मा स्थापना भएको भनिएको यो विद्यालय अहिले परिवर्तित रूपमा भए पनि येनकेन संचालित छ, र केही वर्षपहिले मात्र यसले आफ्नो शताब्दी महोत्सव पनि मनाएको थियो । समारोहमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमुख आतिथ्य गर्नुभएको थियो । अहिले गुरुकुलको संचालनले गर्दा यसको रौनक र प्रसिद्धि बढेको छ ।

त्यतिबेला संस्कृत कक्षाको वर्गीकरण अहिलेको जस्तो एक-दुई-तीनका हिसाबले आंकिक थिएन । अक्षर चिनिसकेको अनि शुद्ध र स्पष्ट लेख्न, पढ्न र बोल्न (पुस्तकका पंक्ति वा श्लोक वाचन गर्न) जान्ने विद्यार्थीलाई प्रथमा प्रथम वर्षमा भर्ना गर्ने चलन थियो । म त्यसैमा भर्ना भएको थिएँ जस्तो लाग्छ ।

गुरुहरू भन्नुहुन्थ्यो–मेरो बुद्धि तीक्ष्ण थियो । एकचोटि पढेपछि कण्ठस्थ भइहाल्ने र सोध्दा मुखाग्र भन्नसक्थें रे म । वास्तवमा सक्थें पनि । मलाई पढाउने गुरुहरूमा धुर्कोट, गुल्मीका विद्वद्वर पं. उमानाथ पन्थी र उहाँका भाइ पं. भोजराज पन्थी हुनुहुन्थ्यो । उहाँहरूका पिताजी धुरन्धर विद्वान् पं. ढुण्डिराज पन्थीले पनि उक्त पाठशालामा पढाउनुभयो, तर मैले भने उहाँसँग पढ्न पाइनँ । उमानाथ गुरुले रिडी (रुरुक्षेत्र) भएर बग्ने कृष्णा गण्डकीको महत्त्व र महिमागायन गर्दै लेख्नुभएको लघुकाव्य "गण्डकीगौरवम्" अति सुन्दर र सुललित छ । सम्भवतः त्यसलाई नेपाल संस्कृत विश्वविद्यालयले आफ्नो कुनै शैक्षिक तहको पाठ्यग्रन्थमा राखेको छ, र नराखेको भए राखोस् भन्ने मेरो सुझाव छ । उहाँका समकालीन खिदिम, अर्घाखाँचीका पण्डितप्रवर स्व. दधिराम मरासिनी गुरुका ग्रन्थहरू (खास गरी "श्रीरामचरितामृतम्" काव्य), त्यसैगरी खस्यौली, पाल्पाका

प्रकाण्ड विद्वान् वेदान्त दर्शनका ज्ञाता स्व. मीनप्रसाद नेपालका कृतिहरू ("ब्रह्मसूत्रशांकरभाष्यम्" एउटा संस्कृत ग्रन्थ छ उहाँको), विद्वद्वर कुलचन्द्र गौतम जस्ता नेपाली संस्कृत विद्वान्का कृतिहरूले उच्च संस्कृत पाठ्यक्रममा स्थान पाउनुपर्छ, नपाएको भए भन्ने मेरो धारणा छ ।

उमानाथ गुरुका भाइ भोजराज गुरुले मलाई पढाउनु भए पनि उहाँ मेरा समवयस्क वा समकालीन सदृश हुनुहुन्थ्यो । उमानाथ गुरुको शरीर छुटेपछि पनि भोजराजजीले सोही विद्यालयमा पछिसम्म पढाएर प्रधानाध्यापकसम्म भई त्यहींबाट अवकाश लिनुभयो । मेरा ज्येष्ठ सुपुत्र कृष्ण र सुपुत्री सीता दुबैले उहाँसँग पढे । कृष्णलाई त उहाँले संस्कृत मात्र नभएर विज्ञान, भूगोल पनि पढाउनुभयो रे । किनभने त्यो बेला पर्याप्त सङ्ख्यामा विषयशिक्षक उपलब्ध हुँदैनथे । त्यही भएर पाठ्यक्रममा भएका सबै विषय पढाउने जिम्मेवारी प्रधानाध्यापकको हुन्थ्यो । त्यो विषयको खास ज्ञान नभए पनि पाठ्यपुस्तक हेरेर जानेसम्म अर्थ लगाउँदै पढाउनुपर्थ्यो । उहाँले त्यही गर्नुभयो होला जस्तो लाग्छ ।

रिडीमा संस्कृत पढ्दै गर्दा कर्मकाण्ड त भइहाल्यो, कथा, पुराणादि भन्न पनि म प्रवीण भइसकेको थिएँ । मलाई त्यसबेला "बालव्यास", "सानो पण्डित", "ज्ञानु पण्डित" भनेर पनि बोलाउने गर्थे । म कथावाचन र प्रवचनमा औधि लोकप्रिय थिएँ । पाठशालामा भोजन र छात्रवृत्तिको व्यवस्था थियो । त्यो पनि पाउने र यता कथा-पुराणादिबाट पनि आय हुने हुँदा मेरो आम्दानी राम्रो हुन्थ्यो । तर म त्यो सब फुपूलाई लगेर बुझाउँथें । फुपूले पछि मलाई आवश्यक पर्दा दिनुहुन्थ्यो । त्यो बेला अहिलेजस्तो पाकेटखर्च माग्ने र मास्ने चलन थिएन । बजारमा जे पायो त्यो हामी खान्नथ्यौं । पाइँदा पनि पाइन्थेन । त्यही भएर पैसा बच्थ्यो ।

यसरी म त्यहाँ पढ्दै गएँ । आधुनिक विषय, अंग्रेजी आदिको पढाइ हुँदैनथ्यो । अंग्रेजी त मलाई पढ्नै मन लागेन । म्लेच्छ भाषा भन्ने धारणा थियो । यसले कतै न कतै हानि गर्छ, संस्कार बिगार्छ र मान्छेलाई नास्तिक, भौतिकवादी र अनीश्वरवादी बनाउँछ भन्ने विश्वास थियो । कतिपयको उदाहरणबाट त्यो पुष्टि पनि भएको देखिन्थ्यो । तर मलाई अंग्रेजी नपढेको वा पढ्न नपाएकोमा कुनै खेद छैन ।

**३. रिडीमा कुन कक्षा वा तहसम्म पढ्नुभयो ?**

❑ रिडीमा पढ्दै गर्दा म प्रथमा (अहिलेको आठ कक्षा) सकेर पूर्वमध्यमा (अहिलेको दश कक्षा) को पढाइ शुरू गर्ने चरणमा पुगिसकेको थिएँ । तर त्यहीं बसेर पढिरहन मेरो मनले मानेन । किनभने रिडीको पढाइले मलाई

पुगेन । उच्च र स्तरीय संस्कृत शिक्षा प्राप्तिको मेरो लालसा बढ्दै गयो । अनि म मेरा अग्रज मित्रवर स्व. पं. रूक्मांगद ज्ञवालीको साथ लागेर जनकपुर नजीकै महोत्तरी जिल्लाको मटिहानीस्थित नेपालको अर्को सर्वाधिक प्राचीन संस्कृत विद्यालयमा पढ्न आइपुगें । मटिहानीमा त्यसबखत संस्कृतको राम्रो पढाइ हुन्थ्यो । मैथिल झा, मिश्र आदि थरका गुरुहरूले पढाउनुहुन्थ्यो । त्यो बेला यातायात सहज थिएन, बुटवलसम्म पैदल आई भैरहवा, गोरखपुर हुँदै सीतामढी विहारको बाटो भएर मटिहानी पुगेको सम्झना छ । त्यति बेला म सम्भवतः १३-१४ वर्षको थिएँ । यो करीब २००३-४ सालतिरको कुरा हो ।

मटिहानीमा पढ्न त गएँ, तर प्रारब्धले साथ दिएन । मलाई औलो लाग्यो र बेस्सरी बिरामी भएँ । केही महीना बसें, पढें पनि । तर स्वास्थ्यले साथ नदिएपछि म सन्चो नभई-नभई घर फर्किएँ । त्यति बेला मेरा दाजु दीननाथ भारतको इलाहावादमा नोकरी गर्नुहुन्थ्यो । उहाँले मलाई त्यहीं लैजानुभयो र सँगै राखेर उपचार गराउनुभयो । म निको भएँ । दाजुले त्यसरी उपचार नगराएको भए मेरो स्थिति के हुन्थ्यो भन्न सक्दिनँ । दाजुको यो भ्रातृप्रेमप्रति म सधै नतमस्तक छु । पछिसम्म पनि दाजुले मलाई त्यसैगरी स्नेह र वात्सल्य दिनुभयो, यद्यपि उहाँको स्वभाव खरो, कडा र झनक्क रिसाउने खालको थियो । तर भनिन्छ नि–

**"नारिकेलसमाकारा दृश्यन्ते हि सुहृज्जनाः ।**
**अन्ये बदरिकाकारा बहिरेव मनोहराः ॥ "**

अर्थात् सज्जनहरूको स्वभाव नरिवलको जस्तो हुन्छ जो बाहिरबाट कडा, फुटाउन गाह्रो हुन्छ, तर भित्र कमलो गुदी हुन्छ । जो बाहिरबाट मीठो बोल्ने तर भित्रबाट सदाशय नराख्ने गर्छन् तिनीहरू बयर जस्ता हुन् जसको बाहिर गुदी हुन्छ तर भित्र निल्न र चबाउन नसकिने साह्रो गेडा हुन्छ । दाजु दीननाथको स्वभाव त्यस्तै थियो । पछि मसँगै उहाँ पनि अद्वैत संस्थामा आबद्ध भई श्रीगुरुदेवको शरणमा जानुभयो र आजीवन सत्संग गर्नुभयो । श्री गुरुदेवले उहाँलाई "तुरून्त ज्ञानी" उपाधि प्रदान गर्नुभएको थियो ।

## ४. उच्चशिक्षा कसरी आर्जन गर्नुभयो ?

❑ इलाहावादबाट स्वस्थ भई फर्केपछि मेरो पढाइप्रतिको हुटहुटी पुनः आरम्भ भयो । मेरो पूर्वमध्यमा पूरा भएको थिएन । मलाई वृन्दावन जाने इच्छा भयो र मेरा माहिला भानिजदाइ ऋषिराम आचार्यज्यूले सँगै लिएर जानुभयो । त्यतिबेला उहाँ वृन्दावनमै बसेर पढ्दै हुनुहुन्थ्यो । उहाँ निम्बार्क सम्प्रदायको वैष्णव हुनुहुन्थ्यो । म पनि त्यहाँ पुगेपछि वैष्णव दीक्षा लिएँ, र

पछि अद्वैत संस्थामा प्रवेश नगरून्जेल म वैष्णव रहें । मेरा वैष्णव गुरु राधिकादासजी महाराज हुनुहुन्थ्यो । उहाँ मलाई पढाउनु पनि हुन्थ्यो । म उहाँको अत्यन्त प्रिय थिएँ । एकचोटि मैले संस्कृतमा लेखेर पठाएको एउटा पत्र-पद्यको उहाँले अत्यन्त सुललित र प्रौढ शैलीमा पद्यबाटै प्रत्युत्तर पठाउनुभएको थियो ।

म वैष्णव बनेपछि मेरो नाम ज्ञानेश्वर शरण भएको थियो । वैष्णव बनेपछि शरण मध्यनाम जोडिन्थ्यो । मेरा त्यो बेलाका सहपाठी अभिन्न मित्र हरिशरणजी हुनुहुन्थ्यो, जो अद्यापि हुनुहुन्छ । उहाँ व्याकरण र वेदान्त विषयका उद्‌भट विद्वान् निम्बार्क वैष्णव हुनुहुन्छ । त्यसबेलाका मेरा परिचित मित्रहरूमा सुप्रसिद्ध लेखक, भाषाविद् प्रा. मुकुन्दशरण उपाध्याय (जसले "प्राकृत पोखरा" खण्डकाव्यमा मदन पुरस्कार प्राप्त गर्नुभयो), प्रखर वक्ता एवं विद्वान् स्व. प्रा. खेमराज केशवशरणजी आदि हुनुहुन्थ्यो ।

वृन्दावन पुगेपछि कहिले गोवर्धन संस्कृत विद्यापीठ, कहिले मथुरा गभर्नमेण्ट कलेज हुँदै मैले पूर्वमध्यमा परीक्षा उत्तीर्ण गरें । त्यसैगरी उत्तरमध्यमा र शास्त्री पनि उत्तीर्ण गरें । मेरो विषय संस्कृतको नव्य व्याकरण थियो । मैले निम्बार्क संस्कृत महाविद्यालयबाट उच्च शिक्षा सम्पन्न गरेको थिएँ । यो महाविद्यालय (कलेज) वाराणसेय (सम्पूर्णानन्द) संस्कृत विश्वविद्यालयसँग आबद्ध थियो ।

उत्तरमध्यमा परीक्षामा त सर्वप्रथम नै भई भारत सरकारको प्रान्तीय छात्रवृत्ति पाएको थिएँ । पछि कलकत्ताबाट दिइने साहित्यको विशिष्टीकृत उपाधि काव्यतीर्थ पनि प्राप्त गरें । आचार्य (स्नातकोत्तर) चाहिं शुरू गरेर एक वर्षको परीक्षा दिएर पनि पूरा गर्न पाइनँ, किनकि त्यही बीचमा म घर फर्कें र संस्कृत प्रधान पाठशालामा पढाउन थालें । विवाह पनि गरें ।

मेरो विवाह गुल्मी तोस चित्रेडाँडाका प्रसिद्ध पण्डित रविलाल अर्यालकी राइँली पुत्री हिमकुमारीसँग भएको थियो । हाम्रो उमेरमा करीब १० वर्षको अन्तर होला, तर उनको चिना नभेटिएकाले यकिन छैन । उनले मलाई एक छोरी सीता र तीन भाइ छोरा कृष्ण, बुद्धि र विनोद दिइन् । परिवारको पालनपोषण मात्र नभई जीवनका अनेकन आरोह–अवरोहमा हरतरहले साथ दिने उनमा मभन्दा बढी सुझबुझ, धैर्य, विवेक र सन्तोषको संस्कार र स्वभाव छ । मेरो आध्यात्मिक उन्नयनमा मेरी सहधर्मिणीको सहयोगात्मक भूमिका सर्वोपरि छ ।

आचार्यको कोर्स तीन वर्षको हुन्थ्यो । म पुनः वृन्दावन फर्केर त्यो पूरा गर्न भ्याइनँ र तत्कालीन त्यो अपेक्षा त्यत्तिकै रह्यो ।

## ५. रिडीमा अध्यापन कार्य कति वर्ष गर्नुभयो ?

❑ शास्त्री पूरा गरेपछि रिडी फर्केर दुई पटक गरी मैले संस्कृत प्रधान पाठशालामा करीब ९-१० वर्ष (२०१६-२०२५) पढाएँ । मैले प्रधानतः व्याकरण (लघु, मध्य र सिद्धान्त कौमुदी तथा अमरकोष) पढाउँथें, तर आवश्यकतानुसार साहित्य, न्याय (तर्कशास्त्र) र नीतिशास्त्र विषयका पाठ्यग्रन्थ पनि पढाएँ । आधुनिक विषय भने मैले पढिनँ पनि, पढाइनँ पनि । मेरो अध्यापन राम्रो थियो भनेर विद्यार्थीहरू र सहकर्मी अध्यापकहरू भन्ने गर्थे । मसँगै पढाउने अन्य अग्रज शिक्षकहरूमा पं. भोजराज गुरु, पं. भानुभक्त ज्ञवाली, पं. रूक्मांगद ज्ञवाली आदि हुनुहुन्थ्यो । अरूको नाम मलाई सम्झना छैन । छात्रहरू त धेरै भए, नाम लिएर साध्य छैन । कति पछि शिक्षक, प्राध्यापक बने, कति राजनीति र समाजसेवामा लागे, कति सामान्य गृहस्थ जीवन बिताएर बसे । तर अझै पनि भेट हुँदा वा टाढा बसेर पनि उनीहरू मलाई सम्झन्छन्, आदर गर्छन्, सम्मानभावले सम्बोधन गर्छन् । त्यो बेला विद्यालयमा पढाउने गुरुहरूलाई नमस्कार मात्र गर्ने हैन, खुट्टामै ढोग्ने चलन थियो । मैले पनि ढोगें, मलाई पनि ढोगे । त्यस्तो मर्यादा र श्रद्धा हुने गर्थ्यो गुरुहरू उपर त्यो बेला । फेरि त्यो श्रद्धा र सम्मान स्वस्फुर्त, अन्तःप्रेरित, संस्कार-सम्पुष्ट रूपमा अभिव्यक्त हुने गर्थ्यो, त्यसमा कुनै करकाप र बाध्यता हुँदैनथ्यो । एक प्रकारले सत्ययुग नै थियो त्यो । अहिले गुरु (शिक्षक, अध्यापक) हरूको गरिमा स्खलित भएको थाहा पाउँदा, देख्दा, सुन्दा, पढ्दा दुःख लाग्छ । यसमा विद्यार्थीहरूको मात्र हैन, शिक्षकहरूकै पनि दोष छ जस्तो लाग्छ । शिक्षकमा गुरु अनुकूलको योग्यता र आचरण भएन भने विद्यार्थीहरूले टेर्दैनन् । शिक्षकमा गुरुत्व भयो भने मात्रै विद्यार्थीमा शिष्यत्व जाग्रत हुने हो । यो कुरा शिक्षकहरूले बुझ्नुपर्छ । अनुशासन र मर्यादा सिकाउने दायित्व सर्वप्रथम शिक्षकहरूकै हो भन्ने मेरो प्रवल धारणा छ ।

## ६. रिडी पाठशालामा पढाउँदा यहाँले गरेको स्मरणीय कार्य केही छ कि ?

❑ रिडी पाठशालामा भर्खर पढाउन शुरू गरेको थिएँ होला, २०१६ सालतिरको कुरो हो । म र रूक्मांगदजी पाठशालासँग सम्बन्धित केही शैक्षिक माग र मुद्दा लिएर काठमाडौं आएर छ महीना डेरा गरेर बस्यौं । काठमाडौं आउने मोटरबाटो नेपालमै खुलेको थिएन, त्यसैले भारत भएर रक्सौल वीरगंज हुँदै त्रिभुवन राजपथबाट आएका थियौं । हाम्रा मागमा स्वीकृत दरबन्दीअनुसार शिक्षकको पूर्ति हुनुपर्ने मात्र हैन दरबन्दी नै न्यून भएको हुँदा थप्न पर्ने, विद्यार्थीहरूले पाउँदै आएको छात्रवृत्ति रोकिएकोमा त्यो फुकुवा गर्नुपर्ने आदि प्रमुख थिए । त्योबेला हामी बागबजारमा एउटा कोठा भाडामा लिएर बस्थ्यौं र हरेक दिन शिक्षा मन्त्रालय जाने गर्थ्यौं । त्यो बेला कांग्रेसको सरकार थियो । शिक्षा मन्त्री परशुनारायण चौधरी हुनुहुन्थ्यो । हामी उहाँलाई भेटेर

संस्कृत शिक्षाको महत्त्व र उपादेयताबारे बेलीविस्तार लगाउँथ्यौ । उहाँले धैर्यपूर्वक सहमति जनाउनुहुन्थ्यो, तर बजेट निकासाको प्रक्रिया पुऱ्याउन समय लाग्छ भन्नुहुन्थ्यो । निर्णय हुन सकेको थिएन । अनि हामीले स्वास्थ्य मन्त्री काशीनाथ गौतमको सहारा लियौं । उहाँ संस्कृत छात्रावासमा बसेर संस्कृत पढेका मात्र नभई जयतु संस्कृतम् आन्दोलनका अगुवा अभियन्ता पनि हुनुहुन्थ्यो । फेरि उतै अर्घाखांची खिदिमका हुनुहुन्थ्यो । उहाँलाई सबै कुरा सुनाएपछि उहाँले मद्दत गर्नुभयो र पछि हाम्रो काम बन्यो । शिक्षक दरबन्दी पनि थपियो र रोकिएको छात्रवृत्ति रकम पनि निकासा भयो । उहाँलाई धन्यवाद टक्र्याउँदै हामी सहर्ष रिडी फर्क्यौं ।

## ७. अद्वैत संस्थामा कसरी प्रवेश गर्नुभयो ?

❑ म सानैदेखि धार्मिक स्वभावको थिएँ । आस्तिक्य संस्कार विरासतमै आएको थियो, संस्कृत पढेपछि, सन्त प्रकृतिका गुरुहरूको सामीप्यमा पुगेपछि झन् सुदृढ बन्यो । आध्यात्मिक उत्कर्षमा पुग्ने चाहना प्रबल बन्यो । स्वभाव सात्विक थियो । केटाकेटी र किशोर वयमा माछामासु खाएको भए पनि वृन्दावन गएर वैष्णव बनेपछि मेरो मांसाहार पूरै छुट्यो । धूमपान गर्थें यदाकदा । एकदिन गुरुले देख्नुभएछ, सहपाठीहरू कसैले गर्दैनथे, उनीहरूले पनि थाहा पाएछन् । अनि त मलाई खुबै शाब्दिक ताडना र तिरस्कार मिल्यो । त्यसबाट आहत भएर मैले तत्क्षण त्यो त्यागिदिएँ । मदिरा त मेरो मुखमै परेन मात्र हैन, त्यसको गन्ध पनि मेरो समीपमा आएन । किनकि मदिरापायी भन्ने थाहा पाएपछि म छेउमै पर्दैनथें, जुक्तिले बहाना बनाएर पर भागिहाल्थें ।

निम्बार्कीय वैष्णव दीक्षा लिएपछि म भक्तिमार्गमा प्रवृत्त भएँ । निम्बार्कीय मत द्वैताद्वैतवाद थियो । वैष्णव मतका मुख्य तीन प्रकारमा यो सिद्धान्त आद्य जगद्गुरु शंकराचार्यद्वारा प्रतिपादित अद्वैतवादको अलि नजीक लाग्दथ्यो । अरू सिद्धान्तमा रामानुजाचार्य (श्रीवैष्णव) को विशिष्टाद्वैत, मध्वाचार्यको द्वैत र वल्लभाचार्यको शुद्धाद्वैत थिए । म राधाकृष्णको भक्ति गर्दथें–शुरूमा सकाम र सगुण, पछि निष्काम र निर्गुण । हरिकीर्तन गर्थें, गराउँथें । स्वर पनि मीठो थियो, हार्मोनियम, बाँसुरी पनि बजाउँथें । वास्तवमा हरिकीर्तन त हामीले रिडी र वरपरका गाउँमा (विशेष गरी अर्गली, कुँडापानी, अस्लेवा, रुद्रवेणी, रूपाकोट, आँपचौर आदि गाउँमा) अभियानकै रूपमा संचालन गरेका थियौं । यस कार्यमा भक्तिमती, धर्मप्राण, अति श्रद्धालु कल्पवासिनी लक्ष्मी दिदी, अर्गलीका पुष्करनाथ भट्टराई, आंपचौरका पारसनाथ खराल आदिको विशेष योगदान थियो । हामीहरू कीर्तनका लागि मुष्टिदान संकलन गर्न हिंड्थ्यौं । यसकार्यमा पूज्य १०८ दण्डी स्वामी कृष्णबोधाश्रमजी महाराजको अतुलनीय प्रेरणादायी अग्रसरता रहने गर्थ्यो ।

श्रीमद्भागवत महापुराण मेरो प्रिय आराधनाग्रन्थ थियो र यसको कथावाचनमा मेरो राम्रो दखल थियो । सप्ताह भन्थें, र खास गरी दशमस्कन्धको उत्तरार्धको सहारा लिएर कृष्णचरित्रको मर्म र आशयको निर्गुण व्याख्या गर्न खोज्थें । एकादश र द्वादश स्कन्धमा मेरो बढी रुचि थियो, किनकि यसमा अद्वैतवेदान्त भरिभराउ भएको पाउँथें । यसरी प्रत्यक्ष रूपमा म भक्तिमार्गमा निमग्न देखिए पनि मेरो मानसपटलमा अद्वैत सिद्धान्तको बीजारोपण भइसकेको थियो र त्यो विस्तारै अङ्कुरित हुँदै थियो । मलाई कथापुराणका हल्काफुल्का प्रसंग र आख्यानभन्दा पनि वेदान्त दर्शनका रहस्यात्मक सूक्ष्म र मसिना गुत्थीहरू–जीव, ईश्वर, ब्रह्म, अविद्या, ब्रह्मज्ञान, मोक्ष, कर्म, भक्ति, ज्ञान, ध्यान,समाधि, आदि–का बारेमा उत्तरोत्तर रुचि र जिज्ञासा जाग्न थाल्यो ।

यसैबीच रिडी आयुर्वेद औषधालयको प्रमुख भएर आदरणीय कविराज कृष्णकान्त अधिकारीज्यू आउनुभयो । उहाँको अद्वैत वेदान्तमा गहिरो अभिरुचि र प्रवेश रहेछ । उहाँकी अर्धांगिनी शारदा अधिकारीको पनि वेदान्तमा श्रद्धा र निष्ठा रहेछ । उहाँहरू दुबै जना अद्वैत वेदान्तका प्रतिमूर्ति प्रातःस्मरणीय ब्रह्मज्ञानी श्रीगुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूका शिष्य पनि हुनुहुँदो रहेछ । त्यसकारण मेरो वेदान्तप्रतिको प्रेम र यत्किञ्चित् विद्वत्ता देखेर कविराजजीले नै मलाई नारायणगढमा लगेर श्रीगुरुदेवसँग परिचय गराइदिनुभयो । त्यसपछि त के भन्नु र खै, मेरो जीवनमा कायापलट नै भयो । पारमार्थिक र व्यावहारिक दुबै दृष्टिबाट मैले पुनर्जीवन प्राप्त गरें ।

श्रीगुरुदेवसँगको मेरो पहिलो दर्शनभेट बडो रोचक छ । दर्शनभेट गराउँदा कविराजजीले मलाई संस्कृतका विद्वान्, प्रखर भागवत कथावाचक र वैष्णव भनेर चिनाउनुभएको थियो । तर श्रीगुरुदेवले मेरो त्यो प्रशंसालाई खास महत्त्व दिइबक्सेन, बरू आज्ञा भयो–"त्यसोभए यिनमा अहंकार र अभिमान छ । पहिले त्यसलाई जित्नुपर्छ अनिमात्र वेदान्त बुझ्न सक्छन् यिनले । " त्यो सुनेर मेरो अहं अति नै आहत भयो, मेरो मन छियाछिया भयो । एक मनले सोंचें – "यस्तो अनादर सहेर के बस्नु ! होस्, म फर्कन्छु" । तर फेरि सोंचें – "हैन, भर्खर त आएको छु । अहिले नै के फर्कनु ! हुनसक्छ, गुरुदेवले भनेका कुरामा कुनै रहस्य छ । मेरो परीक्षा पनि लिइबक्सेको हुनसक्छ । ईश्वरले त सब हेरिराख्नुभएको छ । त्यसैले बसौं न एक-दुई दिन" । म बसें र कुरा सुन्दै गएँ । कुरामा रस बस्यो, चित्त बुझ्यो, मन आनन्दित भयो, हृदय आल्हादित भयो । अनि त के थियो, श्रीगुरुदेवलाई मनले छोड्नै मानेन । गुरुदेवका त्यतिखेर निस्किसकेका नेपाली ग्रन्थ (जुन अहिले सयौंको सङ्ख्यामा प्रकाशित छन् र नेपाली वेद वा उपनिषद्का

रूपमा समादृत छन्, किनकि यी ग्रन्थ स्वयं ब्रह्मज्ञानीबाट लेखिएका शास्त्र, युक्ति र अनुभूतिमा आधारित प्रमाण र प्रमेयपरक ग्रन्थ भएकाले यिनमा वेदमा जस्तै प्रमाद, विप्रलिप्सा र करणापाटवजस्ता दोषको अभाव छ) पढ्न थालें, गुरुदेवबाट श्रद्धापूर्वक शिष्यत्व ग्रहण गरें र वेदान्तको आलोडन-विलोडनमा चुर्लुम्म डुब्न थालें ।

यो त्यही २०२०-२१ सालतिरको कुरा हो । त्यो बेला अद्वैतसंस्थाको स्थापना भइसकेको थिएन । श्रीगुरुदेव आफ्ना भक्त र शिष्यहरूको आग्रहमा काठमाडौं, नारायणगढ (क्षेत्रपुर), लमजुंगको खुदी, तनहूँको बन्दीपुर आदि ठाउँमा सवारी हुन्थ्यो र वेदान्तको प्रवचन, उपदेश दिइराख्नुहुन्थ्यो ।

वि.सं. २०२३ साल असार २६ गते नारायणगढमा नेपालको एकमात्र विचारप्रधान आध्यात्मिक प्रतिष्ठानका रूपमा विधिवत् अद्वैत संस्थाको स्थापना भयो । म संस्थाको आजीवन, पूर्णकालीन, सक्रिय र समर्पित सदस्य बनें । यो महायज्ञमा यसरी निमग्न हुन मलाई धेरैले साथ दिए, तर मेरो छायासदृश भई अविराम तन, मन, धनले सेवा र सहयोग गर्ने, नाताले मेरा भतिजा, मेरा अत्यन्त प्रिय श्रीगुरुदेवका आज्ञानुवर्ती शिष्य धर्मनिष्ठ डिल्लीराज सरस्वतीको भूमिका अद्वितीय एवं अविस्मरणीय छ । यसैबीच गुरुदेवको आज्ञालाई शिरोपर गर्दै ईश्वर र प्रारब्धको भर परेर संस्थाको सेवामा पूरै समय दिनका लागि र मूलतः आफ्नै पारमार्थिक कल्याणका निम्ति विद्यालयशिक्षकको नोकरी पनि छोडिदिएँ । यो निर्णयबाट शुरूमा मेरा परिवार र इष्टमित्र सबै विस्मित बने । नभन्दै ईश्वरले मेरो परिवारको सर्वविध रक्षा र कल्याण गर्नुभयो । पत्नी, पुत्रपुत्रीको भरणपोषण र पठन-पाठनमा कुनै कमी हुन पाएन, झन् प्रगति हुँदै गयो । व्यावहारिक दृष्टिले ईश्वरनिर्भरताजन्य सन्तानसुखको अनुभूति गर्न पाउँदा म गुरु र ईश्वरप्रति धन्य छु ।

उता अद्वैत संस्थाको सांगठनिक विस्तार हुँदै गयो । सयौं शाखा खुले । हजारौं सदस्य बने । साक्षात्कार त्रैमासिकको नियमित प्रकाशन शुरू भयो । श्रीगुरुदेवले मलाई पहिले संस्थाको सचिव र पछि सभापति बनाइबक्स्यो । तारक अद्वैत विश्वविद्यालय, गुल्मी थोर्गाको उपकुलपति पनि बनें म । त्यसैगरी देशिकोत्तम, नवरत्नको अन्यतम रत्न, अद्वैत मार्तण्ड, वेदान्तकेशरी, सुष्ठु ज्ञानप्रदाता जस्ता अनेकौं उपाधिहरूद्वारा कृपापूर्वक विभूषित गरी ज्ञानमार्गमा मेरो उत्साह र मनोबल बढाइबक्स्यो । अन्ततोगत्वा रुरुक्षेत्र रिडीमा आचार्यपीठको स्थापना गरिदिइबक्सेर मलाई त्यहाँको पीठाधीशमा नियुक्त गरी प्रधान जगद्गुरु देवेश्वर सरस्वतीका हैसियतमा परिचित र सुस्थापित गराइबक्स्यो । यो २०३६ सालको कुरा हो । त्यो दिनदेखि म यही पीठमा छु र श्रीगुरुदेवको आज्ञा शिरोपर गरी आजीवन, आमरण यहीं

बसेर शेष जीवन सत्संग सञ्चालन, नेपाली उपनिषद्को पारायण र पठन–पाठन, शंका–समाधान गर्दै बिताउन कटिबद्ध छु । यसमा मलाई मेरी पत्नी, छोरी र छोराहरूसहित सम्पूर्ण परिवारले हरप्रकारले सहयोग र सुविधा उपलब्ध गराएका छन् । तिनीहरू सबैलाई म हृदयतः आशीर्वाद दिन्छु र प्राथना गर्छु – उनीहरूमाथि राष्ट्रदेव भगवान् पशुपतिनाथ, इष्टदेव भगवान् हृषीकेश र श्रीगुरुदेवको कृपा सदा प्राप्त भइरहोस् । श्रीगुरुदेव २०४१ सालमा ब्रह्मलीन होइबक्सेपछि गुरुदेवकै घोषणामुताविक उहाँका कान्छा सुपुत्र श्रीमान् प्रताप चक्रवर्तीज्यूले संस्थाको कुलपतिको कार्यभार सम्हालिबक्सेको छ र कुलपति श्रीगुरुदेवको कुशल नेतृत्व र अभिभावकत्वमा संस्थाले सङ्ख्यात्मक र गुणात्मक दुबैकोणबाट चतुर्मुखी प्रगति गरिराखेको छ । संस्थालाई भगवान् श्रीपशुपतिनाथको कृपा प्राप्त छ र यो संस्था पृथ्वीमा सूर्य-चन्द्र रहेसम्म जीवित रहनेछ भन्ने हाम्रो पूरा विश्वास छ ।

**९. यहाँको जीवन-दर्शनका केही लोकोपयोगी मान्यताहरू के-कस्ता छन् ? संक्षेपमा बताउन सक्नुहुन्छ कि ?**

- **सत्य बोल्नू :** बाल्यकाल र किशोरकालमा घटेका मेरो जीवनका तीन प्रमुख घटनाले मलाई सत्य बोल्नबाट विमुख नहुने कुरा सिकाएका छन् । बाल्यकालमा व्रतबन्ध पनि नहुँदैको घटना एउटा छ । ग्वादीमा थिएँ म । मेरी दिदी र म वनमा गाई चराएर घाँसको भारीसहित घर फर्किंदै थियौं । अचाक्ली गर्मी भयो र लुगैसित डम्बर पोखरा भन्ने पोखरीमा पस्यौं र पौडी खेल्यौं । धमिलो पानीमा लुगैसँग त्यसरी पौडिनु राम्रो मानिंदैनथ्यो । घर फर्किंदा दिदीले मलाई त्यो कुरा नभन्न भन्नुभयो र आफूले अर्कै केही बहाना बनाउनुभयो, तर मैले डराई-डराई जे हो त्यही कुरा भनिदिएँ । आमा शुरूमा रिसाउनुभयो र गालामा पिट्नुभयो, तर पछि मायाले सुम्सुम्याएर काखमा राख्दै "ठीक गर्‍यौ बाबू, सत्य बोलेर । अबदेखि यस्तै सत्य बोल्नू है" भन्नुभयो । यो घटना अहिलेसम्म मेरो मनमा अमिट छ ।

यसैगरी दोस्रो घटनामा पनि बुबाको पिटाइ खाएँ मैले सत्य बोलेर । तर पछि बुबाले पनि माया गर्दै "ठीक भन्यौ बाबू, सत्य नै बोल्नू है सधैं" भन्नुभयो । मैले बुबालाई श्राद्ध गर्न ठिक्क परेका बेला कसैले मलाई सुनाएको आधारमा हाम्रो नजीकै कतै सूतक परेको खबर सुनाएको थिएँ । "सुनी सूतक देखी ग्रहण" भन्ने लोकोक्ति रहेकाले "नसुनाउँदा र नसुन्दासम्म सूतक लाग्दैन भन्ने मान्यता छ, तैंले नसुनाएको भए पनि त भइहाल्थ्यो नि यस्तो अन्तिम घडीमा" भनेर बुबा शुरूमा झोंक्किनुभयो र गालामा हल्का थप्पड हान्नुभयो, तर पछि "ठिक गरिस् बाबू, थाहा पाएपछि जानीजानी सूचना लुकाउनु हुँदैनथ्यो" भनेर धन्यवाद दिनुभयो ।

अन्तिम घटना वृन्दावनमा पढ्न बस्दा हो । म र एकजना सहपाठी रेलमा कतै जाँदै थियौं । तर साथमा टिकटको पैसा थिएन । जब टिकट जाँच गर्ने निरीक्षक आयो, हाम्रो सातोपुत्लो उड्यो । मेरो साथीले टिकट हरायो वा कता पर्‍यो यस्तै भनेर झूठ बोल्यो । निरीक्षकले पत्याएन र थुन्नका लागि उसलाई नियन्त्रणमा लिन खोज्यो । तर मैले जे हो त्यही भनिदिएँ । हिन्दीमा मैले भनें–" देखिए भाइ साहब ! हम नेपाल से आए हुए हैं और संस्कृत के छात्र हैं । हम बहुत गरीब हैं । हमें एक बहुत जरूरी काम से कहीं जाना था, लेकिन हमारे पास पैसा नहीं था । फिर भी हम रेल में बैठ गए, क्योंकि हमें जाना बडा जरूरी था । अब हम से भूल या अपराध तो हो चुकी है, इसलिये आप को जो दण्ड देना है, दे दीजिए, हम भुगतेंगे । क्योंकि इसके सिवा और कोही चारा भी तो नहीं है हमारे पास" । मेरो यो सत्य वचन सुनेपछि निरीक्षकको मन पग्ल्यो र मलाई धन्यवादसहित चेतावनी दिंदै भन्यो–"हमें लगा कि तुम ने सच बोला । इसलिए हम तुमें छोड देते हैं । लेकिन फिर कभी ऐसा विना टिकट के यात्रा मत करना । यह गुनाह है ।" तर उसले मेरो साथीतिर फर्केर भन्यो –"तुम ने तो झूठ बोला है ना, इसलिए तुम को तो हम नहीं छोडेंगे" । अनि फेरि अनुनय-विनय गरेपछि भैगो त भनेर उसले मेरो साथीलाई पनि छोडिदियो र भन्यो-"देखो, तुम्हारे यह सत्यवादी दोस्त ने आज तुम्हे बचाया" ।

हेर्दा सामान्य लाग्ने यी घटनाले मेरो जीवनमा ठूलो छाप छोडेका छन् । म यी घटनालाई प्रेरक सन्देशका रूपमा लिन्छु र सबैलाई सत्य बोल्न आग्रह गर्दछु ।

**आहार-विहार र व्यवहार सात्विक गर्नू** : उपनिषद्मा एउटा मन्त्र छ – **'आहार शुद्धौ सत्वशुद्धिः । सत्वशुद्धौ वा स्मृतिः'** । अर्थात् खानपान शुद्ध, सात्विक र शास्त्रसम्मत भयो भने मात्र मन पनि शुद्ध हुन्छ । अनि मन शुद्ध भयो भने मात्र मान्छे ज्ञानको अधिकारी हुन्छ । ब्रह्मज्ञानी श्रीगुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूले नेपाली उपनिषद्मा यसबारे विशद व्याख्या गरिबक्सेको छ । सात्विक र शुद्ध आहार मोक्षको पहिलो सिंढी हो, किनभने चित्तशुद्धि नभई ज्ञानमार्गमा अघि बढ्न सकिंदैन । संस्कार बन्दैन, उल्टो मान्छे भ्रष्ट हुन्छ । स्वामी सच्चिदानन्द सरस्वती (खप्तड बाबा) को चर्चित पुस्तक "विचारविज्ञान" मा पनि यसको उल्लेख छ । तर आहार मात्र शुद्ध भएर हुँदैन, विचार, चिन्तन, व्यवहार र आचरण पनि शुद्ध, सात्विक, शास्त्रानुकूल, नैतिकतापूर्ण र सदाचारी हुनुपर्छ । गीता, मनुस्मृतिलगायत स्मृतिशास्त्रमा बताएका **'अद्वेष्टा सर्वभूतानां–', 'अहिंसा सत्यमस्तेयः** – "लगायतका सात्विक गुणावलीहरूको अवलम्बनविना चित्त शुद्ध हुँदैन । पछि

त सत्वगुणलाई पनि छोड्नुपर्छ भनेर शास्त्रमा बताएको छ, किनकि ब्रह्म गुणातीत छ ।

**जीवनयापनका लागि ईश्वर र प्रारब्धको भर पर्नू र मोक्षका लागि पुरुषार्थ गर्नू :** यसमा त मेरो आफ्नै जीवन एउटा प्रयोजनीय दृष्टान्त हो जस्तो मलाई लाग्छ । सजिलो छैन यो गर्न, मन विचलित पनि हुन्छ, अरूले कुरा पनि काट्लान्, तर धैर्य, संयम र अटल आत्मनिर्णयका साथ भगवान्को भर पर्नुपर्छ । यसको अर्थ व्यवहार चटक्कै छोडेर संयासी हुनु, वन जानु भनेको पनि होइन । गृहस्थ भएरै यथोचित कर्तव्य र दायित्वको पालना गर्नु, कर्म पनि गर्नु, तर त्यो र त्यसको फलप्रति आसक्त नहुनु, कर्मगर्दा निष्काम भावले, ईश्वरार्पणबुद्धिले, अहंमम भाव खडा नगरीकन गर्नु भनेको हो । गीताको प्रथम षट्कको सारसन्देश यही हो ।

**श्रीगुरुदेवमा निष्कपट श्रद्धा र भक्ति गर्नु** : सद्गुरु र सच्छास्त्रविना ज्ञान मिल्दैन, यो अकाट्य छ । तर गुरु चिन्ने कसरी ? यसको उत्तर हो–जो ब्रह्मज्ञानी हो ऊ मात्र गुरु हुन योग्य ठहर्छ । **"ईश्वरो गुरुरात्मेतिभेदत्रयविवर्जितः"** भन्ने शास्त्रवचन छ । गुरु र ईश्वर आफ्नै अन्तरात्मा साक्षीरूपले अवस्थित हुनुहुन्छ । तर त्यसको साक्षात्कार गराइदिनुहुन्छ भौतिक शरीरधारी गुरुले । ब्रह्मज्ञानी श्रीगुरुदेव डा. क्षितीशचन्द्रचक्रवर्ती ब्रम्हलीन हुनुभएपछि उहाँका प्रतिमूर्ति अद्वैत संस्थाका कुलपति श्रीगुरुदेव श्रीमान् प्रतापचक्रवर्ती अहिले मेरा र हामी सबैका गुरु हुनुहुन्छ । उहाँको समीपमा बसेर उहाँको आज्ञापालन गर्दा असीम आनन्दको अनुभूति हुन्छ । किनभने उहाँमा ब्रह्मज्ञानी श्रीगुरुदेवको स्वरूप छ ।

**१०. यहाँ रुरुक्षेत्रमै बसेर शेष जीवन बिताउने कटिबद्धता व्यक्त गर्नुभएको छ । रुरुकन्या र रुरुक्षेत्रको खास विशेषता के हो नि ?**

❑ महापुरुषको यत्किन्चित् गुणगान गरे पनि पुण्यार्जन हुन्छ", यो शास्त्रोक्ति छ । रुरुकन्या नाम किन ? रुरु नाम गरेको मृगले दूध पिलाएकी र आजीवन विवाह नगरेकी हुँदा रुरुकन्या नाम रहेको प्रसङ्ग वराहपुराणमा वर्णित छ ।

महर्षि देवदत्तकी सुपुत्री बनी प्रबल तपरूप पुण्यार्जन गरेकी हुनाले रुरुकन्या प्रसिद्ध भइन् । उनकै तपस्याको फलस्वरूप भगवान् हृषीकेशले वरदान दिएर उनकै नाममा रुरुक्षेत्र प्रसिद्ध भयो ।

रुरुक्षेत्रको प्रसिद्धिमा पवित्र कृष्णा गण्डकीले महिमामय योगदान गरेकी छिन् । यी शालिग्रामी नदी जसको गर्भमा स्वयं भगवान् विष्णु साक्षात्

शालिग्राम शिलारूपले विराजमान हुनुहुन्छ यही रुरुक्षेत्र भएर प्रवाहित भएकी छिन् । रुरुक्षेत्रको पूर्वोत्तर भागमा गण्डकीतटमा आशुतोष शिवका अवतार भृगुतुङ्गेश्वर महादेव अवस्थित हुनुहुन्छ । पूर्ववाहिनी गण्डकीतटमा और्व नामक ऋषिको तपस्थल और्वाश्रम अर्थात् अर्गली अवस्थित छ ।

नेपालका चार धाममध्येको एक धाम रुरुक्षेत्र रिडी भगवान् विष्णुको वरदानस्थल मात्र नभई प्रकटस्थलसमेत भएकाले यसको असाधारण महत्त्व छ ।

रुरुक्षेत्रको कुरा गर्दा मेरो अद्वैत वासना यसै पवित्र स्थलमा उद्‌बुद्ध भएको हो । म मात्र हैन, अगणित भक्त-भक्तिनीहरूको अद्वैत वासना जाग्रत भएको क्षेत्र हो यो । अद्वैत संस्थाका संस्थापक प्राच्य-पाश्चात्य सर्वविद्याकुशल प्रातःस्मरणीय ब्रह्मज्ञानी श्रीगुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूले यो रुरुक्षेत्रलाई "साक्षात्कार क्षेत्र" भनी घोषणा गर्नुभएको थियो । अद्वैत संस्था र अद्वैत सिद्धान्तको प्रचार-प्रसारमा रुरुक्षेत्रको अप्रतिम योगदान छ । पूर्व मेचीदेखि पश्चिम महाकाली र विदेशमा समेत प्रख्यात भएको यस क्षेत्रको महत्त्वका सम्बन्धमा श्रीगुरुदेव आज्ञा हुन्छ – "विश्वनाथको नगरी काशी जस्तो अविमुक्त क्षेत्र हो, किनकि त्यो काशी नगरीलाई उत्तम मुमुक्षु पुरुष र भगवान् विश्वनाथले कहिल्यै परित्याग गर्नुहुन्न र जस्तो कुरुक्षेत्र प्रसिद्ध धर्मक्षेत्र हो, ठीक त्यस्तै रुरुक्षेत्र पनि हो आफ्नो स्वरूपको साक्षात्कार क्षेत्र । भगवान् हृषीकेशको यो पुण्यक्षेत्र हो । भगवान्को अनन्य भक्तिको शास्त्रप्रसिद्ध अति उत्तम पुण्यभूमि ।

## ११. मानव-जीवनको सबैभन्दा ठूलो अभीष्ट के मान्नुहुन्छ ?

❑ मानव-जीवनको एकमात्र अभीष्ट हो ब्रह्मज्ञान : **'ज्ञानादेव तु कैवल्यम्', 'ऋते ज्ञानान्न मुक्तिः'** यी कैयन् शास्त्रवचनले जीवनको परम लक्ष्य मुक्ति वा कैवल्य र त्यसको साधन ज्ञानलाई इंगित गरेका छन् । त्यसैले व्यावहारिक जीवनमा बसेर पनि अनात्म संस्कारलाई संचित हुन नदिई, अनात्म वासनालाई नबढाई, सत्वगुणको अभिवृद्धि गर्दै निष्काम कर्म र भक्ति अवलम्बन गरी चित्तशुद्धि, चित्तको विशुद्धि र चित्तको नाश गर्दै ब्रह्मस्वरूपको साक्षात्कार गरेर जीवनलाई धन्य, कृतकृत्य र प्राप्तप्राप्तव्य बनाउनुपर्छ भन्ने मेरो अन्तिम सन्देश हो ।

इत्यलम् ! शुभमस्तु !

०००

# जनजागरण पुस्तकालय, इटहरी

✍ **भैरवप्रसाद सापकोटा**
**अध्यक्ष**
**जनजागरण पुस्तकालय, इटहरी**




इटहरी उपमहानगरपालिका वडा नं. ५ मा ५ वटा रुखहरू भएको पचरुखी (पञ्चरुखी) भन्ने थारू समुदायको एउटा बस्ती छ । यस ठाउँमा घरहरू बन्दै गई बस्ती विस्तार हुँदैछ । २०५३ सालको तिहारमा रमाइलोका लागि देउसी खेल्ने व्यक्तिहरूबाट जम्मा भएको रू.२,१००/- खर्च नगरी केही सिर्जनात्मक कार्य गर्ने सोंच पलायो । पुस्तक र पत्र-पत्रिकाका माध्यमबाट समाजको चेतना जगाउन सकिन्छ भन्ने सोंचका साथ २०५३/०८/०१ मा पचरूखी चोकमा एउटा भेला बोलाइयो । ३८ जनाको उपस्थितिमा भेलाले गोपालप्रसाद दुलालको संयोजकत्वमा १० सदस्यीय पुस्तकालय तदर्थ समिति गठन गर्‍यो । यो भेलाले १३ सदस्यीय सल्लाहकार समूह पनि गठन गर्‍यो ।

तदर्थ समिति र सल्लाहकार समितिबाट पुस्तकालय भवन निर्माण गर्नको लागि जग्गाको खोजी गर्दा स्थान प्राप्त नहुन्जेलसम्म पत्रपत्रिका चिया दोकान

सार्वजनिक स्थलमा पढ्ने, छलफल गर्ने कार्य गरियो । २०५४ साल कार्तिक १२ गतेको तिहारमा पुनः देउसी खेल्ने र लक्ष्मीनारायण मन्दिर समितिसँग कोठा मागी पुस्ताकालय संचालन गर्ने निर्णय भयो । पुस्तकालयले कानुनी मान्यता नपाएको हुँदा पुस्तकालय समितिले अध्यक्ष गोपालप्रसाद दुलालको सक्रियतामा विधान बनाई सुनसरी जिल्ला प्रशासन कार्यालयमा २०५४ साल चैत्र ५ गते दर्ता गर्ने कार्य गऱ्यो । मिति २०५५ साल वैशाख १२ गते शनिबार पुस्तकालय समितिको बैठक बसी भवननिर्माणस्थलको जग्गाको सीमाङ्कन गरी पुस्तकालयको नाम भएको बोर्ड राख्ने निर्णय गरियो । आर्थिक संकलन, पुस्तक संकलन एवं सामाजिक सहजीकरण गर्ने कार्य गरियो । २०५५ साल ज्येष्ठ ९ गते शनिबार बैठक बसी सुकुमारी खोलाको पश्चिमपट्टिको भागमा पुस्तकालयको भवन निर्माण गर्न सीमाङ्कन गरियो । यसै बैठकले पुस्तकालय बहुआयामिक भएको हुँदा खेलकुद, सभा, सेमिनार, सांस्कृतिक कार्यक्रम, साहित्य गोष्ठी, रक्तदान आदि कार्यसमेत अगाडि बढाउने निर्णय गर्नुका साथै ४५ जना युवाहरूले आँखा दान गर्ने भन्ने निर्णय पनि गरियो । उक्त रक्तदान कार्यक्रममा ३३ पिन्ट रगत जम्मा भएको थियो ।

२०५५ मंसीरमा पुस्तकालयको जग्गा सुकुम्बासी समाधान आयोगमा दर्ता गर्न प्रक्रिया अगाडि बढाई यो भवन निर्माण गर्न कर्णबहादुर कार्कीको संयोजकत्वमा ५ सदस्यीय भवन निर्माण समिति गठन गरियो ।

२०६० माघ १० गते स्थानीय वयोवृद्ध नन्दिकेशर दुलालको अध्यक्षतामा पहिलो साधारणसभा बसी उमाकान्त शर्मा भण्डारीको अध्यक्षतामा ११ सदस्यीय नयाँ समिति गठन गऱ्यो ।

विभिन्न चरणमा बैठकहरू बसी, स्रोत खोजी दुई तले पक्की भवन निर्माण कार्य सम्पन्न भएको छ । २०७१ साल फाल्गुन ३० गते तेस्रो साधारण सभाबाट श्री भैरवप्रसाद सापकोटाको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्य समिति गठन गरिएको छ ।

यस पुस्तकालयले २०७४ सालको असार १७ गतेदेखि हरेक महिनाको तेस्रो शनिबार पुस्तकालय समितिका सह–सचिव टीकाराम घिमिरे (टीका मिलन)को संयोजकत्वमा नियमित रूपमा साहित्यिक कार्यक्रम गर्न थालेको छ । यसरी सृजनात्मक कार्यक्रम गर्दै आएको यस पुस्तकालयको साहित्यिक कार्यक्रमले हालसम्ममा यस्ता ४०औँ शृङ्खला संचालन गरिसकेको छ । विभिन्न काल खण्डमा भएका उतार-चढाव र कोरोनाको महामारीमा पनि आफ्ना कार्यहरू भइरहे ।

हरेक वर्ष भदौ १५ गते राष्ट्रिय पुस्तकालय दिवस मनाउँने काम हुँदै आएको छ । २०७२ साल चैत्र ११ गतेको बैठकले यसै संस्थाको सहसचिव टीकाराम घिमिरेलाई त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको केन्द्रीय पुस्तकालयमा ३५ दिने पुस्तकालय व्यवस्थापन तालिममा सहभागी गराई तालिम प्राप्त योग्य पुस्तकालय संचालक व्यक्ति तयार गरिएको छ । विभिन्न व्यक्तिहरूको सहयोग र सौजन्यबाट पुस्तकालयमा सुविधाहरू जुटाउने र पुस्तकालयकै आन्तरिक खर्चबाट शौचालय, विद्युत् वायरिङ्, धारा पानीको मिटर जडान गर्ने कार्य सम्पन्न भएको छ ।

शिक्षा विकास निर्देशनालयमा प्रस्ताव पेश गरी उक्त प्रस्तावनापत्रका आधारमा अनुदानस्वरूप रू. ५०,०००/- प्राप्त गरी पुस्तक र्‍याक, फलामको दराज र ४ वटा कुर्सी खरिद गर्ने कार्य गरिएको छ ।

२०७८ वैशाख २३ गतेको बैठकबाट शिक्षा विकास निर्देशनालयसँग अनुदान रकम माग गर्ने निर्णय गरी हाल संचालन भएको पुस्तकालयभन्दा दक्षिणपट्टि २२ फिट चौडाई ४५ फिट लम्बाइको तीन तला भवनको फाउन्डेशन गर्ने गरी नक्सा बनाई इटहरी उप–महानगरपालिकाबाट प्रमाणित गरी पेश गरियो र उक्त नक्सा सहितको प्रस्तावनापत्र स्वीकृत भई २०७८ साल ज्येष्ठ ११ गतेको बैठकले श्री कर्णबहादुर कार्कीको संयोजकत्वमा निर्माण समिति गठन गरेको छ ।

यस समितिले निर्माणकार्यका सम्पूर्ण प्रक्रिया पूरा गरी सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ शिक्षा विकास निर्देशनालय धनकुटाबाट प्राप्त अनुदान रकम रू.३,००,०००/- र पुस्तकालयको आन्तरिक स्रोत एवं लक्ष्मीनारायण मन्दिरसँग रू.२,००,०००/- सापटी लिएको समेत गरी जम्मा रकम रू.५,२३,५५०.१३/- पैसा खर्च गरी २२/४५ क्षेत्रफलमा १० वटा पिलर राखी भवनको फाउण्डेशनसम्मको कार्य पूरा गरिएको छ । उक्त भवनको भुइँतलामा जीमखाना, बीचको तला इन्डोर व्यायामशाला, बालबालिकाहरूको लागि खेल सामग्री र दोस्रो तलामा कम्प्युटरसहितको ई-लाइब्रेरी र सभाहल समेत रहने गरी निर्माण गर्ने योजना अगाडि बढाइएको छ । आगामी वर्षमा विभिन्न संघ संस्था, व्यक्ति चन्दादाता एवं स्थानीय तह, सामाजिक विकास मन्त्रालय, १ नं. प्रदेश शिक्षा विकास निर्देशनालय, राष्ट्रिय योजना आयोगमा पेश गरेको प्रस्तावना-पत्र स्वीकृत हुने अवस्थामा छ । उल्लिखित निकायहरूद्वारा प्राप्त रकमबाट बाँकी निर्माण कार्य पूरा गर्ने र पुस्तकालयको उद्देश्य अनुसार आधुनिक पुस्तकालय निर्माण गरी संचालन गर्नेसमेत योजना रहेको छ ।

ooo

# यस वर्षका काम

किरण पुस्तकालयले आफ्ना नियमित वार्षिक कार्यक्रमका अतिरिक्त यस आर्थिक वर्ष २०७९/०८० मा गरेका थप र फरक प्रकृतिका निम्न कार्यहरू सम्पन्न भएका छन् :

- लोकवार्ता परिषद् नेपालको आयोजना र किरण पुस्तकालय, गुल्मीको संयोजनमा विभिन्न गाउँ/नगरपालिका, संघ/संस्था, क्लब आदिको सहयोगबाट ११ औं लोकवार्ता सम्मेलन २०७९ फागुन ८ र ९ गते तम्घासमा सम्पन्न भयो । हाम्रो लोकसाहित्य र संस्कृतिको संरक्षणार्थ यसले भविष्यका लागि एउटा ऐतिहासिक सन्देश दिएर छाडेको छ ।

- किरण पुस्तकालयको कुनै पनि नियमित स्थायी स्रोत नभएको अवस्थामा यस पुस्तकालयले नबिल बैङ्कलाई आफ्नो भवनको भुइँ तला मासिक रू. ५० हजार (करसहित)मा बहालमा दिएको हुनाले पुस्तकालयको दैनिक सञ्चालन एवं मरम्मत-सुधारका कार्यमा केही न केही राहत पुग्न गएको छ ।

- यस वर्ष किरण पुस्तकालयबाट प्रकाशित हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ९८ लाई रुरुक्षेत्र विशेषाङ्कको रूपमा प्रकाशनमा ल्याइएको छ । यस विशेषाङ्कले रुरुक्षेत्रलाई चिनाउन रुरुक्षेत्र, रिडीको प्राचीन ऐतिहासिक, पौराणिक, धार्मिक, सांस्कृतिक महत्त्वलाई प्रचार-प्रसार गर्न, तीर्थस्थलको रूपमा पर्यटन प्रवर्धन गर्न सघाउ पुऱ्याउनेछ । रिडीको बारेमा जान्न बुझ्न चाहनेहरूका लागि यो अत्यन्त उपयोगी कृति हुनेछ भन्ने हाम्रो विश्वास छ ।


- २०८० सालको देवकोटा जयन्तीमा 'हाम्रो पुरुषार्थ'ले ५० वर्षको वय पार गरी ५१ वर्षमा प्रवेश गर्दैछ । अर्थात् यसले आफ्नो स्वर्ण-जयन्ती मनाउँदै छ । स्वर्ण-जयन्ती वर्षमा यसका सय अङ्क प्रकाशनमा आउँदैछन् । यस शताङ्कलाई हामीले 'हाम्रो पुरुषार्थ'कै विशेष अङ्कको रूपमा प्रकाशमा ल्याउने लक्ष्य छ । अतः यसका लागि 'हाम्रो पुरुषार्थ'का कवि, लेखक, समीक्षक, पाठक सबैले 'हाम्रो पुरुषार्थ'ले विगत ५० वर्षमा नेपाली भाषा र साहित्यको क्षेत्रमा पुऱ्याएको योगदान, यसमा भएका कमी कमजोरी र आगामी दिनको यात्राको लागि सुझावसहितका विश्लेषणमूलक, बहुमूल्य समीक्षात्मक लेख-रचना २०८० श्रावण महिनाभित्र पठाई सहयोग गर्न हामी सबैलाई सादर अनुरोध गर्दछौं ।

**- सचिव**

०००

# नौलो सृष्टि : सानो दृष्टि

## १. मातृमहिमा




नेपाली र संस्कृत विषयमा स्नातकोत्तर, धर्मशास्त्र र शाङ्कर वेदान्तमा आचार्य गर्नुका साथै हिन्दु संस्कार विषयको विद्यावारिधि गर्ने प्रखर विद्वान् डा. लक्ष्मीकान्त पन्थी नेपाली र संस्कृत दुबै विषयमा उत्तिकै कलम चलाउन सक्ने सिद्धहस्त स्रष्टा हुन् । बृहत्काय मौलिक काव्यसङ्ग्रह काव्यमालिका जस्तो कृतिका साथै संस्कृतका महत्त्वपूर्ण कृतिहरूको नेपाली पद्यानुवाद, लेखनाथ पौडेलको मानककृति ऋतुविचारको संस्कृत पद्यानुवादका अतिरिक्त अन्य कृतिहरूको पनि पद्यानुवाद गर्ने डा.पन्थीले आफ्नी ममतामयी जननीको स्तुतिग्रन्थ मातृमहिमा उहाँकै ९० वर्षका जन्म महिनाको पावन अवसर पारेर उपहारस्वरूप अर्पण गर्नुभएको छ । प्रह्लाद पोखरेलको परिचयात्मक पृष्ठभूमि र आफ्नो कविता (संस्कृत/नेपाली) का साथै बाँकी तीन भाइ चन्द्रकान्त, विष्णुकान्त र कृष्णकान्तसमेतको सम्मति प्रस्तुत गरिएको यो कृतिमा ४० पृष्ठभित्र ५७ श्लोकहरू समावेश छन् ।

विध्नविनाशक गणेशको स्तुति गर्दै थालिएको प्रस्तुत काव्यमा मातापिता दुबैमा सास्टाङ्ग दण्डवत् गर्दै आमाको काव्य क्षमताको प्रसङ्ग पनि अगाडि सारिएको छ । इस्मा राज्यअन्तर्गत आत्रेय गोत्रमा जन्मिएकी ममतामयी माताको वंशवृतान्त र विवाहको प्रसङ्ग पनि यसै काव्यमा प्रस्तुत गरिएको छ । यसभित्र कविले आफ्ना शरीरमा व्याधिले सताउँदै लगेकोमा अत्यन्त व्याकुल बन्दै आमाका बहुमुखी प्रतिभाको यशोगान यसरी गरेका छन् :

**मेरी आमा जगतभरकी लोकमाता समान**
**मेरी आमा जलधितनया सत्यवक्तृत्व सान**
**मेरी आमा सुकवि-कविता शारदातुल्य नित्य**
**मेरी आमा शिवसहचरी पार्वतीतुल्य सत्य**

***(मातृमहिमा:३७)***

५२ श्लोकसम्म नेपाली भाषामा मातृमहिमा/स्तुति गाएका कविले बाँकी श्लोक संस्कृतमा प्रस्तुत गरेर आफ्नो विज्ञताको खुलासा गरेका छन् । एकै बसाइमा

पढेर सकिने यस कीर्तिमा एउटा सच्चा सपूतले आफ्नी ममतामयी माताका सन्दर्भमा गाउनुपर्ने गुणगानको नमुना प्रस्तुत गरेको अनुभव गर्न सकिन्छ । आवरण पृष्ठमा काव्यनायिका पूज्यनीय माता नीलमाया पन्थीको आकर्षक फोटो र अन्त्यमा काव्यस्रष्टाको तस्वीर राखिएको प्रस्तुत काव्यको अन्त्यमा मातासँग सम्बद्ध पारिवारिक तस्वीर समावेश गरिएको छ ।

## २. डा. माधवराज पन्थी स्मृति-ग्रन्थ





युवराज पन्थी माधव स्मृति-प्रतिष्ठानले वि.सं. २०७९ मा डा. माधवराज पन्थी डा. रामराज पन्थी र कार्यकारी सम्पादक बहीनारायण पन्थी रहनुभएको प्रस्तुत स्मृति-ग्रन्थको आरम्भ कोशराज न्यौपानेको श्रद्धाञ्जलि अर्पण र श्रीमती कमला पन्थीको संस्मरणमूलक लेखबाट गरिएको छ । यसभित्र विभिन्न थरीका ७१ वटा लेख रचना समावेश छन् ।

यस ग्रन्थको अन्त्यमा डा. माधव पन्थीको राजनीतिक सम्बद्धता र क्रियाशीलता, शैक्षिक एवं प्रशासनिक कार्य र तस्वीरमा माधवराज पन्थी राखेर विभिन्न अवसरका आकर्षक तस्वीरहरू समावेश छन् ।

वि.सं. २०१४ सालमा जन्मिएका पन्थी वि.सं.२०३० अर्थात् १६ वर्षकै उमेरमा नेपालको वाम राजनीतिमा क्रियाशील व्यक्तित्व हुन् । वि.सं.२०३९ सालमा स्वर्गद्वारी क्याम्पस प्यूठानबाट प्राध्यापन सेवामा प्रवेश गरेका डा.पन्थी राजनीतिकै क्रियाशीलतासँगै नेपालका विभिन्न क्याम्पसमा प्राध्यापन गर्दै बुटवल बहुमुखी क्याम्पसको प्रमुखसमेत बनेका हुन् ।

आफ्नो परिवारभित्रका सदस्य साथी-भाइ, इष्टमित्रहरूबाट डा. माधवराज पन्थीको व्यक्तिगत जीवन, राजनीतिक यात्रा अध्ययन-अध्यापन, समाजसेवालगायतका विभिन्न संस्मरणात्मक लेखहरूले ग्रन्थनायकको बहुआयमिक व्यक्तित्वलाई उजागर गरेका छन् । राजनीति, समाज र शिक्षासेवामा क्रियाशील रहँदै गर्दा विश्वव्यापी कोरोना महामारीको चपेटामा जेलिएर इहलीला समाप्त गर्ने डा.माधवराज पन्थी राष्ट्रले स्मरण र सम्मान गर्नलायक व्यक्तित्व हुन् । स्मृति-ग्रन्थ सम्पादक र प्रकाशक समूहलाई साधुवाद ।

### ३. गणेश घिमिरे स्मृति-ग्रन्थ




गुल्मी जिल्लाको तत्कालीन अजमिरमा जन्मी केही समय त्यही क्षेत्रको सेवा गरेर नवलपरासी जिल्लाको नवलपुर धारापानीमा आफ्नो जीवनका अधिकांश समय बिताएर ७९ वर्षको उमेरमा परमधाम जानुभएका गणेश घिमिरेको स्मृतिमा उहाँका छोरा यादव घिमिरेले गणेश घिमिरे स्मृतिग्रन्थ सम्पदान गर्नुभएको छ । प्रकाशक उहाँकै श्रीमती तिलकुमारी घिमिरे रहनुभएको यो ग्रन्थ ३९६+४० पृष्ठअन्तर्गत तीन खण्डमा तयार गरिएको छ ।

यस ग्रन्थको पहिलो खण्डलाई 'परिचय' शीर्षक दिएर पाँचवटा परिचयात्मक पृष्ठभूमिसहितका लेखहरू राखिएका छन् । यी लेखहरूले गणेश घिमिरेको परिचयसहित कुलपरम्पराका सन्दर्भहरूलाई उजागर गरेका छन् । खण्ड दुईमा 'स्मरण लेख-रचना' शीर्षक राखिएको छ । यस खण्डभित्र रहेका ६३ वटा रचनाभित्र आफन्तजन, परिवारका सदस्य, साथीभाइ सहकर्मीलगायतका विभिन्न व्यक्तित्वहरूद्वारा स्मरण गर्दै घिमिरेको व्यक्तित्वका विविध पाटाहरूलाई चिनाउने प्रयास गरिएको छ । कतै मित्रताका भावनाहरू प्रस्तुत भएका छन् भने कतै परिवारका सदस्यहरूले आफ्ना एउटा आस्थाका धरोहर अभिभावक गुमाउँदाको पीडा व्यक्त गरेका छन् । एउटा आदर्श समाजसेवी, परिवारका सदस्य, शिक्षक र प्रेरक व्यक्तित्वको मृत्युबाट समाजले अभावको महसुस गरेको यथार्थ यस ग्रन्थमा प्रस्तुत गरिएको छ ।

### ४. गायत्री गंगा

गायत्री परिवार बुटवल (गायत्री शक्तिपीठ) का संस्थापक अमृतलाल श्रेष्ठले गायत्रीसम्बन्धी आफ्नै लेखहरूको सङ्गालो 'गायत्री गंगा'को दोस्रो संस्करण २०७९ तयार गरी उहाँकी श्रीमती र छोराहरूको सक्रियतामा प्रकाशित गर्नुभएको छ । 'सुन्दर सुखी बन्ने छ जीवन गायत्रीको जय गर' भन्ने आज्ञार्थक वाक्यका शीर्षकबाट प्रस्तुत कृतिको शुभारम्भ गरिएको छ । यसभित्र वेदमूर्ति तपोनिष्ठ पं. श्रीराम शर्मा आचार्यको संक्षिप्त परिचय, गायत्रीका चौबीस देवता, गायत्री महाशक्ति, गायत्री मन्त्र : एक दैवी महाविज्ञानलगायत अन्य महत्त्वपूर्ण शीर्षक राखेर गायत्रीसम्बन्धी ४३ वटा लेखहरूको गंगा सिर्जना गरिएको छ ।


यसभित्र गायत्रीका हरेक लेखले गायत्रीका सन्दर्भमा प्रकाश पारेको पाइन्छ । महामन्त्र गायत्रीलाई अमृत, पारस र कल्पवृक्षका रूपमा प्रस्तुत गरिएको छ । यसभित्र यस मन्त्रबाट हुने फाइदा, साधना अनि समाधान, महिमा र युग

परिवर्तनमा गायत्रीको महत्त्वलाई समेत प्रस्तुत गरिएको छ । यस कृतिभित्र गायत्रीलाई हिन्दु धर्मको सर्वश्रेष्ठ आधार मन्त्रका रूपमा प्रस्तुत गरिएको छ ।




विलक्षण मन्त्रका रूपमा रहेको गायत्री मन्त्रको महत्त्व बुझ्न चाहने र गायत्रीको मन्त्रानुष्ठान गर्न चाहने सबैका लागि गायत्री गंगाले पोषिलो खुराक दिन्छ । जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पाको बिंड भनेजस्तै गायत्री मन्त्रको महत्त्व बुझ्न सके यसले अमृतमय ज्ञानधारा प्रवाह गर्न सक्ने तथ्य बुझ्न प्रस्तुत पावन कृति सहयोगी छ । यस्तो अमूल्य ग्रन्थ संरचना गर्ने अमृतलाल श्रेष्ठ वेदमाता, देवमाता, विश्वमाता गायत्रीका कृपाले अमर बनून् यही शुभेच्छा ।

## ५. काला बादलमा उज्याला पाइला (कविता-किस्ती)




समकालीन नेपाली राजनीति र परिवेशलाई आधार बनाएर पुरुषोत्तम दाहालले काला बादलमा उज्याला पाइला शीर्षकको कविता किस्ती पाठकसामू टक्र्याएका छन् । हजारौं सोझा जनतालाई बलीका बोका बनाएर, रगतको खोलो बगाएर सत्तामा पुगेका नेताहरूले जनतालाई उपहास गरेका सन्दर्भहरूलाई टिपेर ४० वटा कविताले भरिपूर्ण किस्ती हो - 'काला बादलमा उज्याला पाइला ।' अर्कै भूगोलमा मुस्कुराइरहेको नाति श्रीयमप्रति समर्पित प्रस्तुत किस्तीका कवितामा कवि युग जीवनका विविध विकृति र विसंगतिप्रति आजित बनेर तीब्र आक्रोश व्यक्त गर्न पुगेका छन् ।

किस्तीमा जम्मा पारिएका कविताहरूको शीर्षक प्रायः साङ्केतिक राखिएको छ । हरेक कवितामा तीब्र आक्रोश र व्यङ्ग्यका स्वर गुञ्जिएका छन् । विशेष गरी लगनगाँठो, मुर्दाहरू आफ्ना लास आफै जलाऊ, मदारी नृत्यकलामा निपुण छौं प्रभु ! डनडन डमरू धनधन भकारी कवितामा व्यक्त भएको कविको आक्रोश बेजोड छ । बढ्दो विकृति र विसङ्गतिको विष शमन गर्न, बेथितिले सञ्चालन गरेको दक्ष यज्ञको खरानी पार्न कविले रुद्रको आमन्त्रण गरेका छन् । सबै प्रकृतिका नेताको कुरीतिलाई लक्ष्यित गर्दै कवि लेख्दछन् ।

**नयाँ हुन् कि पुराना हुन् वयको अर्थ हुन्न क्यै**
**समान पापका कुण्ड निशुम्भ शुम्भ हुन् सबै ।**
**दक्ष यज्ञ गरी होम राग बुद्धि यी हुन् सबै**
**यौटा रुद्र यहाँ आऊ खरानी पार यी सबै ॥**
***(यौटा रुद्र यहाँ आऊ-१४)***

त्यस्तै नेताहरूले मिलीजुली देश लुट्नका लागि गरेको अपवित्र गठबन्धनलाई लक्ष्यित गर्दै लगनगाँठोमा कवि लेख्दछन् ।

**सर्प**
**बिच्छी**
**र भ्यागुतोले**
**पसल खोलेर गठबन्धनको**
**व्यापार सुरु गरेछन् ।**

त्यस्तै प्रस्तुत शीर्षककै अर्का ठाउँ गठबन्धनलाई कवि यसरी चिनाउँछन् :-


**समलिङ्गी लगन गाँठोको**
**नाम बनेछ : गठबन्धन**
**गर्भमा नै**
**सिद्धान्त मरेछ**
**नीति मरेछ**
**र ती सबै तुहिएपछि**
**सत्ता**
**र स्वार्थको अधमरो**
**लिङ्गविहीन**
**बहुलिङ्गीहरूको**
**जन्म भएछ ...**

कविका भावना बेजोडसँग व्यक्त भएका छन् । गणतन्त्रपछिका जनताका अपेक्षाहरू नेताहरूले व्यक्तिगत स्वार्थमा बगाइदिएपछि कवि काला बादलमा उज्याला आशा बोकी किस्तीभरि कविता उपहार लिएर पाठकसामू प्रस्तुत भएका छन् । नेपाली जनजीवनका तीता यथार्थ पस्कने कवि पुरुषोत्तम दाहालको प्रतिभालाई हार्दिक धन्यवाद !

### ६. निबन्धावली

रामप्रसाद पन्त कवि, उपन्यासकार, नियात्राकार कथाकार, सम्पादक र निबन्धकारसमेत हुन् । उनले नेपाल, नेपाली भाषा, साहित्य, संस्कृति, प्राकृतिक

परिवेशलगायत धेरै समसामयिक विषय सन्दर्भलाई समेटेर २५ वटा निबन्धको संग्रह तयार पारेका छन् । प्रकाशक दायित्व वाङ्मय प्रतिष्ठान रहेको प्रस्तुत निबन्धावलीमा विभिन्न २५ वटा निबन्धहरू नेपाल आमामा समर्पण गर्दै रचना गरिएको छ । यस कृतिको सुरूवात 'तपोभूमि नेपाल'बाट गरिएको छ ।





यस निबन्धावलीभित्रका निबन्धहरू अत्यन्त बौद्धिक र स्तरीय छन् । विषयवस्तुलाई स्पष्ट पार्न इतिहास, पुराणलगायतका पूर्वीय ग्रन्थहरू धर्म, दर्शन, लोकजीवन आदिबाट सन्दर्भहरू र उदाहरणहरू जोडिएका छन् । स्रष्टाका धेरैजसो शीर्षकहरू नेपालसँग सम्बद्ध भाषा, साहित्य, संस्कृति, परिवेश लोकजीवन र समसामयिक सन्दर्भमा आधारित छन् । कतिपय ठाउँमा निबन्धकारका जीवन भोगाइका तीता अनुभवहरू ओकेल्न पुगेका छन् भने कतिपय सन्दर्भमा अन्तर्राष्ट्रिय परिवेशसम्म पनि विचरण गर्न पुगेका छन् । निबन्धकारमा राष्ट्र र राष्ट्रियताको भावना ओतप्रोत भएको सन्दर्भ टड्कारै बुझ्न सकिन्छ । भाषा साहित्य संस्कृति, नेपाली परिवेशलाई आत्मसात् गरेर लेखिएका पन्तका निबन्धहरू अत्यन्त स्तरीय र बौद्धिक पनि छन् । हरेक विषय सन्दर्भलाई साहित्य, इतिहास, पुराण, आदिबाट उदाहरण ल्याएर पुष्टि गर्नुले सबै निबन्ध ओजिला बनेका छन् । सिद्धहस्त पन्तको कलम अन्यान्य विद्यामा पनि क्रियाशील बन्दै जाओस् । शुभकामना ।

### ७. पर्दाभित्र लुकेका अर्घाखाँचीका आमाहरू

दया, माया, प्रेम, सहानुभूति, करुणा, त्याग, संघर्षका प्रतिमूर्ति हरेक आमाको कथा आफैमा सङ्कलन र प्रकाशनयोग्य हुन्छ । पितृसत्तात्मक संस्कारभित्रको पुरातन मान्यताभित्र कलिलै उमेरमा विवाह बन्धनमा बाँधिएर सन्तानको लालनपालन गर्दै गृहस्थी जीवनका धेरै उतारचढाव ब्योरेर परिवार र समाजसँग संघर्ष गर्दै आफ्ना सन्तान र कुटुम्बको कल्याणमा निःस्वार्थ भावले लाग्ने आमाहरू साँच्चै आदर्शका प्रतिमूर्ति हुन् । यिनै आमाहरूका नलेखिएका कथाहरू सङ्कलन गरेर नारायण भट्टराईको संयोजकत्वमा डा. युवराज पाण्डे, ई. चन्द्रकान्त आचार्य र हेमराज पाण्डेले "पर्दाभित्र लुकेका अर्घाखाँचीका आमाहरू" संस्मरण ग्रन्थ २०७८ सम्पादन गर्नुभएको छ ।

यस ग्रन्थको आवरण पृष्ठमा पर्दाभित्र लुकेका आमाहरूका तस्वीरहरू सजाइएको छ । पछिल्लो आवरण भागमा सुन्दर हिमशृङ्खलाका काखमा अवस्थित उल्क, छत्रमहाराजको दरबार (मन्दिर) सजाइएको छ । यसभित्र ४१ वटा लेखमा

पर्दाभित्र लुकेका आमाहरूका कथा-व्यथाहरू छन् । यी कथाहरू उहाँका छोरी, छोरा, बुहारी, नाति, नातिनी, ज्वाइँ तथा छरछिमेकीले समेत तयार गरिदिनुभएको छ । शान्ता मानवीले त आफूसँग कुनै सम्बन्ध नभएकी तर साहसी, दृढ, निरक्षर भएर पनि आफ्नो जीवन संघर्षमा होमिएर नाम कमाएकी मनकला भुसालको कथा कोरेर ग्रन्थको आरम्भ गर्नुभएको छ । अन्य स्रष्टाले आफूसँग कुनै न कुनै रूपमा सम्बन्ध राख्ने ममतामयी माताहरूलाई पर्दा खोलेर चिनाउनुभएको छ । धेरै स्रष्टाले आफ्नै सङ्घर्षशील आमाहरूलाई नै चिनाउनुभएको छ । हरेक आमाका कथा-व्यथा अत्यन्तै रोचक छन् । त्यो जमानाको सङ्घर्ष, त्यागले हरेक परिवार र समाजको इतिहास कसरी रचिएको थियो भन्ने सन्दर्भ यस संस्मरण ग्रन्थबाट सजिलै अध्ययन गर्न सकिन्छ ।




पर्दाभित्रका सबै आमाहरू पूर्वीय धर्म, दर्शन, संस्कार र अनुशासनका प्रतिमूर्ति हुनुहुन्छ । सबै आमाहरूका दैनिक व्यवहार र गतिविधि सबै स्रष्टाले अत्यन्त रोचक ढङ्गबाट प्रस्तुत गर्नुभएको छ । यस संस्मरण ग्रन्थमा ४१ वटा लेख भए पनि आमाहरू भने ४२ वटी देखिनुभएको छ । ई. चिरञ्जीवी भट्टराईले आफ्ना परिवारभित्रकै आफ्नी आमा र अर्की सौतेनी आमालाई पर्दाबाहिर ल्याउनुभएको छ । यसैले यस ग्रन्थभित्र ४२ वटी आमाहरूलाई स्रष्टाले अमर बनाउनुभएको छ । ४४९ पृष्ठभित्र आमाहरूका रोचक कथाहरू छन् । ४५० र ४५१ पृष्ठमा यस कृतिको प्रकाशनार्थ आर्थिक योगदान गर्नुहुने महानुभावहरू र नाता सम्बन्ध प्रस्तुत गरिएको छ । बाँकी पाँच पृष्ठमा क्रमशः केरुङ्गा कोट, वाङ्ला, मथुराबेसीको राधाकृष्ण मन्दिर, हंसपुर स्थित नरसिंह अवतार मन्दिर र भगवती मन्दिर, हरिहर साधारण तथा संस्कृत उच्च मा.वि., बल्कोट पौवा, खाँचीको कालिका मन्दिर, अर्घाको ऐतिहासिक दरबार र अर्घा भगवती मन्दिर, वाङ्लाको कोटफेरा भगवती मन्दिर, पणेनाको महर्षि पाणिनिको मूर्ति तथा धैरेनीको नारायणस्थान मन्दिर र दरबारसमेत राखिएको छ । लुकेका आमाहरूको प्रतिभालाई बाहिर प्रकट गर्ने अथक प्रयास गर्ने सम्पादक समूह धन्यवादका पात्र छन् । उनीहरूको प्रयासलाई सम्मान छ ।

**- अकिञ्चन**

ooo

## व्यक्तिको उचाइ कर्मले तय गर्छ ।

उमेरले होइन, कर्मले मानिस ठूला बन्छन्, गुरु बन्छन् भन्ने मेरो मान्यता हो । यस अर्थमा मेरा अग्रज श्री भोलानाथ शर्मा–जसले २०१६ सालमा फलेबास, पर्वतमा मोती पुस्तकालय स्थापना गरेर निरन्तरता दिइरहेका छन् । उमेरले भाइहरू श्री शशि पन्थी - जसले २०२५ सालदेखि तम्घासमा किरण पुस्तकालय स्थापना गरेर निर्वाध सञ्चालन गरिरहेका छन् र यो भोला श्रेष्ठ एक गाउँ एक पुस्तकालय, एक विद्यालय एक पुस्तकालय जस्तो र यस्तै श्रीमती इन्दिरा हली जस्ता अनवरत नेपालमा पुस्तकालयको विकासमा लागि पर्ने अन्यान्य विद्वान्/विदुषी/महानुभावहरू सबै मेरा पुस्तकालय क्षेत्रका गुरुहरू हुन् ।

**– मुरारिविनोद पोखरेल** ***'पुस्तकालयसँगको जीवन-यात्रा'*** बाट साभार

---

## ५० वर्ष पहिलेको समाचार

# गुल्मी इन्टर कलेज मरणाशन्न अवस्थामा,

पत्र-पत्रिका पढ्न बाधा, सरकारी भवन भूत बंगलामा परिणत !

***अर्पण सम्वाददाताबाट*** - गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा स्थित एकमात्र 'गुल्मी इन्टर कलेज' जिम्मेदार व्यक्तिहरू तथा प्रशासनको लापर्वाहीले हाल मरणासन्न हालतमा पुगको समाचार छ । उक्त कलेजको निम्ति विभिन्न व्यक्तिबाट चन्दा तथा अन्य स्रोतहरूबाट संकलित रकम रू. ६० हजारको बैंक खाता खोलिएको थियो । तर हालसम्म सो रकम पनि समाप्त भएको र अरू व्यवस्था गरी सुचारू रूपले चलाउनेतर्फ सम्बन्धित क्षेत्र विल्कुलै मौन रहेको छ । हाल फाराम भर्ने र नयाँ प्रवेश लिने काम ठप्प छ, एक प्राध्यापकले बिग्रदो हालत देखी छाडेर गएका छन् ।

**त्यस्तै गरी यहाँको एकमात्र किरण पुस्तकालयमा हाल प्रशासनले अनावश्यक बाधा दिने र धम्की दिने गरिरहेको छ भन्ने कुरा पनि अर्को समाचारमा जनाइएको छ । जिल्लाको चिठी छापिने रजिष्टर्ड भएका पत्रपत्रिकाहरू पुस्तकालयमा राख्न बाधा गरिन्छ । प्रशासन यन्त्रको खुकुलो पनलाई जनसमक्ष प्रकाशित गरिएकोले आफ्नो कमजोरी लुकाउन यसरी बाधा गरिएको र थुन्ने आदि धम्की दिएको पनि समाचार छ ।**

यहाँका सरकारी भवनहरू, जुन जनताको रगत पसिनाका प्रतीक हुन्, हाल सम्बन्धित विभागको लापर्वाहीले "भूत बङ्ला" नामले प्रसिद्ध भएका छन् । पर्खालहरू अश्लील शब्दले भरिएका छन् र चुहुने भई ध्वस्त हुन थालेको समाचार छ ।

स्मरणीय छ, जिल्लाको केन्द्रमा यस प्रकारको लापर्वाही र विकास कार्यमा सम्बन्धित विभाग र पंचायतले पटक्कै ध्यान दिएको छैन । खाली मुद्दा मामिला मिलाउने र भोज उडाउने कार्यमा मात्र सक्रिय रहेको समाचार छ ।

साभार - ***'अर्पण'*** साप्ताहिक, वर्ष : ७, अङ्क : २४, २०२८ मार्ग २४, गते शुक्रबार, पृष्ठ ७ बाट ।

ooo

# १. थोरै समयमा हाम्रो पुरुषार्थ हेर्दा

श्री सम्पादकज्यू,
"हाम्रो पुरुषार्थ" त्रैमासिक
किरण पुस्तकालय, तम्घास गुल्मी ।

गुल्मी जिल्लाको तम्घासमा स्थायी बसोबास गर्दै आउनुभएका साहित्यप्रेमी, ज्ञान, विवेकका अब्बल व्यक्तित्व श्री शशि पन्थी र श्री दीन पन्थीको अनमोल योगदान, चिन्तन, रुचि र प्रेरणाबाट किरण पुस्तकालयको स्थापना भएको ५ वर्षमा २०३० सालदेखि "हाम्रो पुरुषार्थ" नामक पत्रिका गुल्मी जिल्लाबाट निस्कन शुरू भएको थियो । शुरूमा वार्षिक मुखपत्र, २०३६ सालदेखि अर्धवार्षिक र २०७० सालदेखि त्रैमासिक रूपमा प्रकाशनमा आउन थालेको साहित्यिक पत्रिका "हाम्रो पुरुषार्थ"का हालसम्म ९७ अङ्क प्रकाशित भइसकेका छन् । यसले आफूलाई ५० वर्ष प्रौढ बनाएको छ ।

"हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिकाले साहित्यका विविध विधा र मानविकी विषयहरूलाई छानबीन गरी प्रकाशित गर्नुको साथै गाउँ-बेसी र विकट क्षेत्रमा लुकेर बसेका उत्कृष्ट व्यक्तित्वहरूलाई प्रोत्साहित गर्दै साहित्यिक क्षेत्रमा आफ्नो छुट्टै स्थान बनाएर आफूलाई अमर राख्ने प्रयास गरेको देख्दा अत्यन्तै खुसी लाग्छ । देशभित्र मात्र नभई देशबाहिरका अन्य विकसित राष्ट्रहरूमा पनि यसको गुण-गान र छवि उत्तिकै व्यापक छ ।

यस साहित्यिक पत्रिकामा प्रकाशित गरेका अन्तर्वार्ता, लेख, निबन्ध, समीक्षा, टिप्पणी, कथा, लघुकथा, गीत, कविता, गजल, मुक्तक, हास्य-व्यङ्ग्य र स्थायी स्तम्भहरूले गर्दा यसका विषयवस्तुहरूमा निकै व्यापकता छ । लेखहरूको मुख्य उद्देश्य सामाजिक परिवर्तन, मानवीय प्रगति, साहित्यिक उत्कृष्टता र साहित्यिक स्वतन्त्रताको समर्थन र संरक्षण गर्नु रहेछ । मैले पनि "हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिकाको ९७ अङ्कभित्र शंकरप्रसाद गौतमद्वारा लेखिएको "पारितोषिक" नामक कथा पढ्ने मौका पाएँ । उक्त कथा अति रोचक र सान्दर्भिक रहेछ । मैले पढ्दै जादा एउटा अन्दाजी साठी-बैसठ्ठी वर्ष उमेरको व्यक्तिले सोधेको प्रश्न-सिडियो साप महिला आइछन् । सिडियो साप भन्ने होला कि, सिडियोनी साप ? दोस्रो प्रश्न-घरको काम गर्ने महिलालाई गृहिणी भन्दछन् भने घरको काम गर्ने पुरुषलाई के भन्दछन् भन्ने प्रश्नले मेरो मनमा पनि कुतुहलता उत्पन्न गरायो ।

मेरो थोरै समयको अध्ययनमा "हाम्रो पुरुषार्थ" को ९७ अङ्कभित्र कविता १३, गद्य-कविता २, हास्यव्यङ्ग्य १, संस्मरण १, टिप्पणी १, गीत १, लेख २, कथा १, समीक्षा २, लघुकथा ४, गजल १, आलेख १, झ्याउरे कविता १, निबन्ध १ का अतिरिक्त स्थायी स्तम्भमा अनुभव/अनुभूति, सम्पादकीय, भेटघाट, पुस्तकालय परिचय, नैलो सृष्टि : सानो दृष्टि, किरण पुस्तकालयको पातो, यताउताबाट, पाठक-प्रतिक्रिया, किरण पुस्तकालयका आजीवन/विशिष्ट सदस्यको परिचय, "हाम्रो पुरुषार्थ"का आजीवन ग्राहकहरूको नामावली आदि छापिने गरेको पाएँ । विशिष्ट विद्वान्को अन्तर्वार्ता छापिने गर्दो रहेछ । यस पटक लिइएको अन्तर्वार्तामा शिवगोपाल रिसालको अन्तर्वार्ता प्रकाशित भएको रहेछ । प्राचार्य प्रा. शिवगोपाल रिसालले धार्मिक, नैतिक, चारित्रिक, आध्यात्मिक, सांस्कृतिक पुनर्जागरणको युग चाहिएको कुरा उद्घोष गर्नुभएको छ । किरण पुस्तकालयको पातोभित्र एघारौं लोकवार्ता सम्मेलनको विवरण लेखिएको रहेछ । उक्त लेखमा "हाम्रो परम्परा, हाम्रो पहिचान" भन्ने मूल मन्त्रलाई स्वीकार गरी नेपालभित्रका संस्कृति, लोक साहित्य, मौखिक इतिहास, किंवदन्ती, पुरातात्त्विक सम्पदा जस्ता पुर्खाले आर्जन गरेका ज्ञानको अध्ययन, अनुसन्धान गर्दै यिनको संरक्षण र संवर्धनार्थ मिति २०७९ फागुन ८ र ९ गते रिडी र तम्घासमा लोकवार्ता सम्मेलन भव्य रूपमा सम्पन्न भएका कुराहरूको संक्षिप्त परिचय दिइएको रहेछ । यस्तो गरिनु भोलिको लागि ज्यादै उपयोगी काम हो । यस्ता कामहरू जुनसुकै नेतृत्व र जहाँसुकैबाट सम्भव हुँदैन ।

अहिलेको समयमा प्रविधि-सञ्जाललाई मुख्य विन्दु बनाई अगाडि बढ्न सके यस पत्रिकाको भविष्य अझ उज्ज्वल हुनेछ ।

"हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिकाले अनुसन्धानका क्षेत्रमा रुचि राख्ने पाठकहरूलाई सधैं मार्गदर्शन गर्नुका साथै सकारात्मक र मूल्यवान् विचारहरू प्रवाह गर्ने गरेको छ । साहित्यिक पत्रिका "हाम्रो पुरुषार्थ" त्रैमासिक रूपमा प्रकाशित हुने भएकोले हामीले यसलाई तन, मन, धनले सहयोग गरेर गुल्मीको शान र मानलाई सदैव उच्च राख्न आ-आफ्नो स्थानबाट प्रयत्न गर्नुपर्दछ ।

धन्यवाद तथा शुभकामनासहित !

**- झवीन्द्र पन्थी**

रेसुङ्गा नगरपालिका-२, तम्घास, गुल्मी ।

## २. हाम्रो पुरुषार्थको ९७ औं अङ्क (माघ-चैत्र) २०७९ सरसर्ती विचरण गर्दा

एक सय चालीस पृष्ठ (१३०+१०) को सदा झैं विविध प्रकारका पाठ्यवस्तु संगालेको हाम्रो पुरुषार्थ ९७ औं अङ्क अर्थात् माघ-चैत २०७९ लाई सररर पढन पाइयो । आध्यात्मिकताका प्रतीक बनिसकेका प्राध्यापक शिवगोपाल रिसालको 'धार्मिक, नैतिक, चारित्रिक, आध्यात्मिक, सांस्कृतिक पुनर्जागरणको युग चाहिएको छ' अन्तर्वार्ता अनुभवले खारिएको गुदी वस्तु हो । यस अङ्कमा व्यापक विविधता छ । लुम्बिनी यहीं छ । बानेश्वर यहीं छ । देहरादून यहीं छ । गुल्मीलगायत लुम्बिनी प्रदेशका कुराहरू त पर्ने नै भए । कविता 'मन' त शङ्खको आकारकै बनेछ (९८) ।

पुस्तकका बारेमा चर्चा त अनगिन्ती छन् - निबन्ध 'आधी घण्टा'; 'सुन्तलीटार' कथासङ्ग्रह र 'शान्ति' उपन्यास; तेल भिसा; छोरीले जन्माएका आमाहरू; सेतो सुनखानी; प्रिय दुश्मन; टाइम पास; पिण्ड; संवेदनाको आकार; मेघबहादुर के.सी. स्मृति ग्रन्थ; ॐ; अनुभूतिको इन्द्रेनी ।

लेखनीका बेजोड बलहरू हेरौं- 'सबैका ओठमा हाँसो, हातमा काम भइदियोस्' (३४); मृत्युको समाचार सुन्दा पनि ऊ स्तब्ध देखिंदैन आखिर मान्छे साँच्चै स्वार्थी छ (३५); 'दैलो पोतो तिम्रै जिम्मा मेलापात सारा, आधारात गाग्री बोकी धायौ कुवा धारा' (३७); '...सद्भावना, सहानुभूति र सहयोगको सम्बल ... देहरादून । अनेक जाति, संस्कृति, संस्कार, भाषा, आचार विचार ... देहरादून । यहां ... धेरै गोर्खाली पनि छन् । यहाँको माटो मत्याउने गोर्खाली भाषा नेपाली खुबै प्रचलित छ । यो देहरादून उठेको छ । गोर्खाली उठेको छ । बलियो छ' (३८); शासनसत्ताले ल्याएको निराशामा एक व्यक्ति 'यसपटक भोट हाल्दिन आमा' (११९) भन्न पुग्छन् । 'कलम समाउने हातमा बन्दुक छ, बुद्धको तपोभूमिमा बम जो छ' (११९-२०) । ...

पढदै जाऊँ रमाइलो छ । "म शिवराज बुर्लाकोटी, सी.डी.ओ.को श्रीमान् ... घरको काम गर्ने महिलालाई गृहिणी भन्छन् भने घरको काम गर्ने पुरुषलाई के भन्छन् ? 'गृहणो' भन्दै हाँस्नुभयो (४४)" । परिवार सञ्चालनको लागि अग्रिम सम्झौता 'हामी दुईमध्ये एक जनाले मात्र जागिर गर्ने' (४७) भनेर सी.डी.ओ.को श्रीमान् बनेको यथार्थ गज्जब छ ।

पाकाले समस्यालाई निराकरण गराउन सक्छन् । चुनावको कारणले विभाजित भएका परिवारका सदस्यहरूलाई भोज गराई बोली बाराबारबाट उन्मुक्त गराउने (६०) सुवेदारलाई नमन छ ।

२०७५ मा किरण पुस्तकालयले आयोजना गरेको प्रदेशस्तरीय पुस्तकालय सम्मेलनको प्रेरणास्वरूप कसैलाई लुम्बिनी प्रदेशका पुस्तकालयहरूको विवरण खोतल्न मन लागेछ (६७-७७) । पुस्तकालय सञ्चालन गर्न कति कठिन छ (११०-१२) पढौं 'ज्ञानज्योति पुस्तकालय, बुटवल' शीर्षक ।

अनुभव/अनुभूतिमा गुल्मीबाट बटौली जाऊ आऊ गर्न ८/९ दिन हिंड्नुपर्थ्यो (१०९) भन्दा आजका युवाले के पत्याउलान् ? आजकाल मोटरबाट दिनभरमै तम्घास-काठमाडौं नाप्न सकिन्छ । यसभित्र उस जमानाका थुप्रै अनौठा कुराहरू पढन पाइन्छ ।

पुस्तकालयले के पुस्तक लेन-देन मात्र गर्ने हो र ? समुदायले गर्ने प्रायः सबै क्रियाकलापहरू पुस्तकालय क्षेत्रमा समाविष्ट हुन्छन् । किरण पुस्तकालय, गुल्मीले समग्र देशको 'एघारौं लोकवार्ता सम्मेलन' २०७९ फागुन ८ र ९ गते गुल्मीको रिडी र तम्घासमा सम्पन्न गरायो (११५) ।

'तेल भिसा'मा लेखिएको 'आखिर माया र पानी तलतलै बग्छन् नि' (११७) ले, उमेर बढ्दै गएर हो कि मन कुटुक्क बनायो ! आमाका सङ्कट, निःश्वार्थ सेवा बलिदान समेटेर छोरीहरूले लेखेका 'छोरीले जन्माएका आमाहरू' (११८) नियाल्दा शीर्षक अनौठो तरिकाले पनि लेख्न सकिंदो रहेछ भन्ने सिकियो । यसै प्रकाशनमा पचास वर्ष पहिलेको समाचार (१२७) पनि पढ्न पाइयो ।

ल है पाठकवर्गहरू किरण पुस्तकालयको वेव साइटमा छिरेर, हाम्रा प्रकाशनहरूमा घुसेर हाम्रो पुरुषार्थका अनेकन अङ्क मजाले पढ्नुहोस्, पढाइमा मिठास भेट्टाउनुहोस् !

- **मुरारिविनोद पोखरेल**,
महालक्ष्मी नगरपालिका-४, इमाडोल, ललितपुर

०००


**उपभोक्तावर्गमा अनुरोध**

**पानी जीवन हो, यसको उचित सदुपयोग गरौं ।**
**अरूलाई पनि पानीको आवश्यकता पर्दछ-त्यसैले थोपा पनि खेर नफालौं ।**
**पानी जम्मा गरेर प्रयोग गर्ने बानी बसालौं ।**
**पानीको चुहावट नियन्त्रणमा समितिलाई सहयोग गरौं ।**

**तम्घास बृहत् खानेपानी उपभोक्ता समिति**

**रेसुङ्गा नगरपालिका-१, तम्घास, गुल्मी**

# किरण पुस्तकालयका संरक्षक सदस्यको परिचय



**संरक्षक सदस्य**

नाम : **गोकर्णराज बिष्ट**
जन्म मिति : २०२२/०३/१७
ठेगाना : इस्मा गाउँपालिका-४, दोहली, गुल्मी
शिक्षा : कानूनमा स्नातक, व्यवस्थापनमा स्नातकोत्तर अध्ययन
पिता/माता : भीमबहादुर/चिन्ताकुमारी बिष्ट
पत्नी : प्रतिमा श्रेष्ठ
पेशा : राजनीति
ई-मेल : gokarnabitsa471@gmail.com
संलग्नता : सचिव - नेकपा (एमाले) केन्द्रीय कमिटी (१० औं महाधिवेशन २०७८ मंसिर र ९ औं महाधिवेशन २०७१ असार)

सदस्य - नेकपा (एमाले) केन्द्रीय कमिटी (८ औं महाधिवेशन २०६५ फागुन, ७ औं महाधिवेशन २०५९ माघ)

सदस्य - राष्ट्रिय प्रतिनिधि परिषद्, नेकपा (एमाले), उपत्यका लिडिङ वाई एल् (२०४३)

अध्यक्ष - प्रजातान्त्रिक राष्ट्रिय युवा संघ (चौंथो र पाँचौं राष्ट्रिय सम्मेलन), महासचिव - प्रजातान्त्रिक राष्ट्रिय युवा संघ (तेस्रो राष्ट्रिय सम्मेलन), संगठन विभाग प्रमुख - प्रजातान्त्रिक राष्ट्रिय युवा संघ (दोस्रो सम्मेलन)

अनेरास्ववियु, केन्द्रीय कमिटीमा अतिरिक्त क्रियाकलाप विभाग, शैक्षिक विभाग, संगठन विभाग, प्रचार तथा प्रकाशन विभागको प्रमुख भई जिम्मेवारी पूरा गरेको ।

सदस्य - प्रतिनिधिसभा, गुल्मी क्षेत्र नं. ३ (२०५६), अन्तरिम व्यवस्थापिका संसद् (२०६३), संविधानसभा, गुल्मी क्षेत्र नं. ३, प्रतिनिधिसभा - गुल्मी क्षेत्र नं. २, (२०७४, २०७९)

सदस्य - संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति, सदस्य - सार्वजनिक लेखा समिति, अर्थ समिति, भौतिक पूर्वाधार समिति । पञ्चायतविरुद्धको आन्दोलन गर्दा राजकाज, सार्वजनिक अपराध, सामाजिक सुरक्षालगायत विभिन्न मुद्दाहरूमा दर्जनौं पटक जेल र प्रहरी हिरासतमा बसेको ।

मन्त्री - ऊर्जा मन्त्रालय (२०६७/१०/२३-२०६८/०५/१२),

मन्त्री - श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (२०७४/१२/०१-२०७६/०८/०४) ।

| | | |
|---|---|---|
| नाम | : | **डिल्लीराज भुसाल** |
| जन्म मिति | : | २०१०/०२/०७ |
| जन्मस्थान | : | मरेङ-४, सातपाटा, अर्घाखाँची |
| स्थायी ठेगाना | : | रेसुङ्गा-१, तम्घास, गुल्मी |
| पिता/माता | : | चिन्तामणि/निमकला भुसाल |
| पत्नी | : | धनमाया भुसाल |
| सन्तान | : | वीरेन्द्र, दीपेन्द्र, सुरेन्द्र, निरोज भुसाल |
| पेशा | : | राजनीति |
| सम्पर्क | : | ९८५७०२५०१५ |
| संलग्नता | : | २०४२ सालमा तम्घास गाउँ पञ्चायत वडा नं. १ को वडा अध्यक्ष निर्वाचित, २०४४ सालमा उद्योग वाणिज्य संघ, गुल्मीको अध्यक्ष, रेसुङ्गा बहुमुखी क्याम्पसको संस्थापक सदस्य, २४ वर्ष क्याम्पस सञ्चालक समितिको सदस्य, तम्घास अस्पताल विकास समितिको अध्यक्ष (२०५२), नेपाल नेत्रज्योति संघ, गुल्मीको संस्थापक सदस्य, त्यसपछि उप-सभापति; जिल्ला बाल संगठन, गुल्मी । नेपाल रेडक्रस सोसाइटी, हृदयरोग निवारण संस्था, क्षयरोग निवारण संस्थाको संस्थापक सदस्य, तम्घास बृहत् खानेपानीको अध्यक्ष; रेसुङ्गा नगरपालिकाको नगरप्रमुखमा निर्वाचित (२०७४), लुम्बिनी प्रदेशसभा सदस्यमा निर्वाचित (२०७९), किरण पुस्तकालयको संरक्षक सदस्य (२०८०) । पुस्तकालयको प्रत्येक वार्षिकोत्सवका दिन जीवनभर रू. एक लाखका दरले पुस्तकालय सञ्चालनार्थ सहयोग गर्ने प्रतिबद्धता व्यक्त । |



ooo


## सिर्जनशील सामुदायिक विकास केन्द्र, गुल्मीको
### प्रगति विवरण

यस संस्थाको सामाजिक तथा प्राविधिक सहयोगमा गुल्मी जिल्लामा ९ वटा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भई ११ वटा पुलको **DPR** तैयार भएको छ । यस संस्थाको सहयोगमा हालसम्म १८१ वटा पुलको निर्माण कार्य पूरा भएको छ ।



रुरुक्षेत्र गाउँपालिकाको केन्द्र : घिउबेसी



रुरुक्षेत्र गाउँपालिकाको निर्माणाधीन प्रशासनिक भवन



गुल्मी, पाल्पा र स्याङ्जा जोड्ने तीनमुखे पुलको रात्रिकालीन दृश्य

 जि.का., गुल्मी द.नं.: ०१/२०३५/०३६


# विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगले :

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने
- झिज्याहट हुने,
- साथीहरूसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

**बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं।**

नेपाल सरकार

## विज्ञापन बोर्ड


सुशिला प्रिन्टर्स, गुल्मी (५३०४५०)